वर्ष १३/ पूर्णाङ्क ६६/ असोज-कार्तिक २०६६

(त्रैमासिक)

दायित्व

महाकवि लक्ष्मीप्रसाद देवकोटा विशेषाङ्क २०६६

प्रधान सम्पादक

रामप्रसाद पन्त

फोन नं. ४-४८६४७६

सम्पादक सल्लाहकार

ठाकुर शर्मा

फोन नं. ४-४२०६१०

सह-सम्पादक

यादव भट्टराई

फोन नं. ४-७८३२६४

सम्पादन सहयोगी

केशवराज पन्त

कमल ज्ञवाली

विष्णु ज्ञवाली

आवरण तस्वीर: साभार- अनुवाद
लक्ष्मीप्रसाद गुलार लक्ष्मीप्रसाद देवकोटा

सहयोग रु. १००/-

व्यवस्थापक

लक्ष्मी पन्त

फोन नं. ४-४८६४७६

कार्यालय

घ-२७२/७०, चाबहिल-७, काठमाडौं

फोन ४-४७४९८३, पो.ब.नं. ६७६६, काठमाडौं

e-mail: dayitwa@hotmail.com

मुद्रक: सूर्योदय छापाखाना, फोन नं. ४४३४९७९, पोखरी, काठमाडौं

दायित्वको सम्झना

सारा मानिसले विसर्जन गरे जातित्व ससारमा
मानिन्छन् महिला तथा पुरुषका अस्तित्व औ धारणा
आफ्ना देश निमित्त जुट्छ जन-ता संयुक्त पारी बल
नेपाली विपरीत चल्छ नबुझी दायित्व के अब्बल ?

(१)

पुर्खाका इतिहास सङ्ग्रह हुंदा सन्तोष मान्छन् उता
त्यै प्राचीनकला विखण्डन गरी नौली नयाँ रे घता
भत्काई जग नै नयाँ महलको होला र सम्भावना
कैले जाग्दछ देश उन्नति हुने दायित्वको सम्झना ?

(२)

भाषाको जनजातिको दलितको साझा समस्या भनौं
नेपाली नभुलौं निराकरणका सङ्कल्प हामी गरौं
सल्काई घर अग्निमा चयनको त्यो राफ ताप्दौं भने
ताम्रा सम्पति मूल्यवान् सुरक्षा सारा खरानी भने ।

(३)

माटो पछ्ड़ खराप यो प्रकृतिले धिक्कार गर्छिन् अति
आगामी युग सोध्न पाउँछ सधैं खै देश मेरो भनी
जाई चांप सभी र पीपल घना हुर्काउने याम यो
हांगाहीन ठुटो भए मुलुक यो कस्तो बगैंचा भयो ?

(४)

माटो एक मुठी सिएर शिरमा राखी गरौं चिन्तन
आफैं प्रश्न गरौं कहाँ छ कसको दायित्व सीमाङ्कन
आत्माले जब दिन्छ यो हृदयमा सीधा सफा उत्तर
कोही ज्योतिष चाहिँदैन युगको फेरिन्छ सम्वत्सर ।

(५)

- भुवनहरि सिग्देल

भूतात्मा देहमाई असल हृदयले ढाक्न सक्ने गराई
तिखांले आँत सुम्ढा मधुररस भरी आँत भर्ने बनाई ।
अर्थैला ज्यादतीका कुटिल जग हले न्यायका शब्द पाई
जरी टरों बनेको कलुषित मनको तुच्छता नै हटाई ॥६॥

राम्रा आदर्श शाकुन्तलसरि रचिए शब्दराएया विचित्र
मर्यादासाथ रोपी बनकुसुमहरू देश पार्‍यो पवित्र ।
रम्क्यो जन्मधर्ती अनुरजन अकै सुन्दछौं आज हामी
छन् तिम्रा पाइलाका अनुसरणमुखी गर्विला चिह्न नामी ॥७॥

नेपाली सिर्जनाका अगम पुरुष हे ! शीर्ष साहित्यकार !
पाई तिम्रा तपस्या-फल सफल बनून् देशका कर्णधार ।
लीलाजस्तै छ तिम्रो अनुभव भवको स्वच्छ साहित्यधर्म
कस्तो राम्रो बनायौ अनुपम रचना सिर्जना काव्यकर्म ॥८॥

विश्वासी भावनाका अनुकरणमुखी वाङ्मिन्ता वाक्यबाट
चम्क्यौ सूर्यजस्तै किरण उजिलियो आज साहित्यघाट ।
हल्की शार्दूल मन्दाक्षरसित बहने सीकगामी छ छन्द
कस्तूरी-वास आएसरि वरिपरि नै घुम्छ तिम्रो सुगन्ध ॥९॥

हामी उत्कृष्ट नामी कृति अनिरुचिले गर्दछौं काव्यपाठ
रम्छौं साहित्यगङ्गा अवतरित हुंदा देशका गर्भबाट ।
रम्प्यो राम्रा बगैंचा विविध विषयका ज्ञानका बीज हामी
विद्वान् साहित्यमूर्ति ! प्रखर कवि ! महान् देशका काव्यमानी ! ॥१०॥

❖❖❖

काव्यमाली

✍ प्रह्लाद पोखरेल

मर्मस्पर्शी छ बोली अनुपम जसको लेखनी शौर्यशाली
हासी साहित्यलाई शिखरतिर लग्यो काव्यकन्हा उघाली ।
कस्तै क्रोड़ कष्ट पीडा विचलित नभई खोजियो काव्यधर्ती
विद्याको बीज रोपी अमृतरस छर्‍यो उर्वरा फाट-पर्ती ॥१॥

लक्ष्मीका पुत्रनन्दा साहजसित बनी शारदापुत्र ख्याती
प्रज्ञावान् ख्यातनामा अमर कवि ! छन्यो चेतना अग्रगामी ।
सानो नेपाललाई बहुगुणगरिमा गर्व गर्ने बनाई
इन्द्रायो दिव्य अग्नि प्रखर जगतमा ज्योतिले जग्मगाई ! ॥२॥

देखी विस्तीर्ण छाती हृदय छ गहिरो कल्पनातीत भाव
वक्ता जादूगरी भैं अपरिचित कलासाथ पार्ने प्रभाव ।
कोसीमा छाम छाम्केसरि सलस बगी छुल्किने काव्यधारा
टाङाटाङा बगाई रसमय रचना भेट्न सबने किनारा ॥३॥

नेपाली इन्द्रुकीमा अनवरत कला-संस्कृति प्राण हाल्ने
पाश्चात्यिता चतारी चहक किरणले चम्किलो ज्योति बाल्ने ।
लक्ष्मी ! हे काव्यकर्मी ! करुण हृदयका चेतनावीर योद्धा !
कालो जालो चढ्नें कठिन समयका अग्रणी वीर योद्धा ! ॥४॥

अघो दुर्भावनाको अनुसरण गरी उफ्रिंदा माइनाइ
मर्यादा विष्टताका सरल विधि दिएर लेखनीले सजाई ।
रक्षा होस् सभ्यताको असुरपन हटोस् चेतना चल्मलाई
विद्याको दिव्य आभा हृदयपटलमा झल्कोस् झल्मलाई ॥५॥

सम्पादकको कलम.....

■ यो वर्ष (२०६५ कार्तिक-२०६६कार्तिक) महाकवि देवकोटाको शतवार्षिकी मनाइयो । यस अवधिभर देवकोटा शतवार्षिकी समारोह समितिबाट देवकोटामारे विभिन्न कार्यक्रमहरू सम्पन्न भए । यसैगरी अन्य धेरै साहित्यिक संस्था र बौद्धिक क्षेत्रहरूबाट पनि देवकोटालाई सम्झने काम भयो ।

■ विगतमा सरकारीस्तरबाट भाषा, साहित्य, संस्कृति एवम् कलाको क्षेत्रमा देखाइएको रवैया र उदासिनतालाई दृष्टिगत गर्दा देवकोटाप्रति यति नै भए पनि न्याय होला भन्ने सोचिएको थिएन । तर बिल र कसरी खुले सरकारका आँखा ? देवकोटा शतवार्षिकी समारोह समिति गठन भयो र समितिलाई यथेष्ट रकम पनि सुम्पियो ।

■ जीवित छँदा जति सम्मान कविशिरोमणि लेखनाथ पौड्याल, राष्ट्रकवि माधव घिमिरे र लेखक भीमनिधि तिवारीको भयो, त्यति सम्मान साथद अरू साहित्यसेवीको भएन । इतिहास पल्टाएर हेर्दा मृत्युपश्चात् शतवार्षिकी मनाउने सन्दर्भमा महाकवि देवकोटाको जति चर्चा भयो, साथद यति चर्चा अरूको भएको थिएन । यसै वर्ष आख्यानकार भक्तनी भिक्षुको पनि शतवार्षिकी परेको थियो तर कतैबाट कसैबाट पनि उनको नाम अगाडि सारिएन । बसरी तुलनात्मक रूपमा हेर्दा देवकोटालाई सम्झने काम कम भएको हो भन्न मिल्दैन, तथापि महाकविप्रति समुपर्न अरू धेरै कर्तव्यहरूमा हामी ध्यान अझ पुग्न सकेको छैन । यो हामीले स्वीकार गर्नैपर्छ ।

■ देवकोटा त नेपाली साहित्यजगत्‌का विराट् प्रतिभा हुन् । उचाइमा उनी सगरमाथा हुन्, गहिराइमा उनी प्रशान्त महासागर हुन् र व्यापकतामा उनी ब्रह्माण्ड हुन् । उनी नेपालका मात्र महाकवि होइनन्, विश्वकै महाकवि हुन् । उनी वर्डस्वर्थ, कीटस, शेली र कलरिज सबै हुन् । उनी पन्त, प्रसाद र निराला एकमुष्ट हुन् । उनी अप्रोषित शक्तिपुञ्ज विभूति हुन् । उनले पाश्चात्य संस्कृतिमा आधारित अङ्ग्रेजी भाषाको महाकाव्य प्रमिथस र मायाविनी सर्सीलाई पूर्वीय समाजमा चिनाए । पश्चिमाहरूको शैली 'सनेट' प्रयोग गरेर अङ्ग्रेजीमा कविता लेखे । पूर्वीय संस्कृतिमा आधारित संस्कृत महाकाव्य शाकुन्तललाई अनुवाद गरेर पाश्चात्य जगत्‌मा परिचित गराए । महाराणा प्रताप र पृथ्वीराज चौहानजस्ता भारतीय इतिहासका नायकहरूलाई पात्र बनाएर काव्यहरू लेखे । 'बापु' लाई कवितामा सम्झे । यसैगरी नेपाली जनसमाजका विभिन्न पात्रहरूलाई नायक बनाएर काव्यहरू लेखी वैविध्यपूर्ण जाति र संस्कृतिको रूपमा रहेकी नेपाली समाजलाई एकताको सूत्रमा बाँध्ने प्रयास गरे ।

■ यसकारण हामीले यो भन्न हिचकिचाउनु पर्दैन कि देवकोटा मानवमनका चेतना र समाजहुँदै अन्तर्राष्ट्रिय क्षेत्रसम्म पुगेका विराट् शक्ति हुन् र समयलाई उछिन्नेर अति अगाडि बढेका युगद्रष्टा पनि हुन् । अझै अर्थमा उनी धरती नछाडेका तर धरतीभन्दा अलिकति माथि उठेका महामानव हुन् । यसै भएर त उनी राँची पुग्न बाध्य भए, पागल कविता लेख्न बाध्य भए । यस्ता असाधारण प्रतिभाशाली युगसम्बाहक कवीलाई कसैले साँघुरो घेराभा राखेर वर्गीय रंग पोतिदिने काम गरेका छन् । हो, महाराज जुद्धको प्रशंसा सुन्नेहरू देवकोटालाई राणाकै मतियार ठान्दछन् । प्राज्ञ भएको

देश्नेहरू शाह शासकहरूकै कृपापात्र भान्नान्, युगवाणी सम्पादन गरेको बाहा पाउनेहरू देवकोटालाई काठ्ठेसीहरूको पञ्चार ठान्नान् र भृगिभाला, प्रमिथस र पहाडीपुकारजस्ता रचना भद्दनेहरू देवकोटालाई कम्युनिष्टको माला पहिराइदेनान्। तर जसले जेसुकै भने पनि उनी ती सबै केही पनि होइनन्। उनी त एउटा निस्पृह सन्त हुन्। जोसुकै आए जेजस्तो सहयोग माग्ने पनि उनलाई निराश बनाएर नपठाउने सबैका सहृदयी मित्र हुन्। अनि हुन् मानवतावादी, कर्मवादी एवम् इमानदार साहित्यकार।

■ देवकोटा आफ्नो जीवनकालमा मन्त्री पनि भए भनेर उनले प्राप्त गरेको उचाइलाई घटाउने काम गरेको पाइन्छ बढाकदा। 'महाकवि' पदवीको अगाडि मन्त्री पद तुच्छ चीज हो। देवकोटा मन्त्री पनि भए भन्नु उनको अपमान गर्नु हो। तसर्थ महाकविको उपाधिलाई मन्त्रीसंग जोड्नेर उनको अपमान नगरौं भन्ने अनुरोध गर्दछौं हामी। यसैगरी देवकोटा गरीब थिए, चुरोट पनि मासेर खान्थे भनेर लेख्ने समालोचकहरूको ठालमघाट निस्किरहन्छ। तर उनी गरीब छैन थिएनन्। मैतीदेवीको घरजग्गा र मनोहराधिकारको खेत समेतगरी धुरु जग्गा जमिन हुने र अध्यापन, ट्युसनघाट प्रसस्त कमाइ हुने मानिस कसरी गरीब हुनसक्छ? यसकारण उनी गरीब थिएनन्, व्यवस्थापन पक्ष भात कमजोर थियो। यस तथ्यलाई बुझेर लेखकहरूले आफ्नो लेखन शैलीमा तदनुरूप परिवर्तन ल्याउनुपर्छ भन्ने अनुरोध छ हाम्रो।

■ देवकोटा पागल भए भनेर राँची पुऱ्याईदा र परीक्षण गरिंदा पागलपनका कुनै लक्षणहरू नदेखिएपछि डाक्टर बर्कलेले भने-'देवकोटा पागल होइनन्, देवकोटालाई पागल भनेर यहाँ ल्याउनेहरू नै पागल हुन्।' र, उनले संगसंगै भने-'देवकोटा नेपालमा जन्मनु जोग्राफिकल मिस्टेक हो।' यसै कुरालाई लिएर यहाँ केही विद्वानहरूले बर्कलेको भनाइ आधा दोहोऱ्याउन थाले। तर त्यसो होइन। हामीले बुझ्नुपर्ने कुरा बेग्लै छ। हामीले देवकोटालाई भिन्न नबनु हाम्रो कमजोरी हो, तर देवकोटा नेपालमा जन्मनु जोग्राफिकल मिस्टेक होइन। यदि त्यसो हो भने त सगरमाथा नेपालमा चुलिनु र गौतम बुद्ध नेपालमा जन्मनु पनि भौगोलिक महागल्ती भन्नुपर्छ। यसर्थ आजका यस्ता विवादास्पद कुराहरू उठाएर देवकोटाको बारेमा भ्रम फैलाउनु सर्वथा अनुचित हो भन्ने हाम्रो सोचाइ छ।

■ देवकोटाले नेपाली साहित्यका धामजस्ती सबै विधाहरूमा छोएर साहित्य सृजना गरे पनि अन्ततः उनी निबन्धकार र प्रबन्धकार रूपमा चर्चित भए। कविता त उनले कति लेखे, त्यसको कुनै लेखाजोखा नै छैन। कति कविता पेट पाल्नका लागि बिक्री गरे, कति चोरिए, कति हराए, कति जलाइए, कति कसैको दराजमा फाइलमा होलान्! वसन्तकुमार शर्मा नेपालले देखेको अङ्ग्रेजी भाषामा लेखिएको ३१ वटा निबन्धहरूको संगालो कहाँ छ? नेपाली भाषा प्रकाशिनी समितिले अधिकृत कर्मचारी खटाएर देवकोटाबाट टिप्पणी गराइएको शाकुन्तलको खण्ड गद्यव्याख्या कहाँ छ? अङ्ग्रेजी भाषामा लेखेर छापाउने तयारीमा रहेको 'शाकुन्तला' को परिमार्जित पाण्डुलिपि कहाँ छ? देवकोटाका भान्जा रविन्द्रनाथ पौडेलसँ देखेको 'सुन्दरीजल' काव्यको पाण्डुलिपि कहाँ छ? यी सबैको खोजी हुन बाँकी नै छ। कुमारबहादुर जोशीका शब्दमा कम्तिमा २१ वटा अप्रकाशित कृति हुन् सबै सामग्रीहरू कहाँ कहाँ छन्? सङ्कलन हुन बाँकी नै छ।

■ थोतमाथ होइन देवकोटा जन्मेको थलो कुन हो? देवकोटाको कर्मथलो कुन हो? यसबारे सर्वसाधारणमा पूर्ण जानकारी गराउनका लागि साहित्य तीर्थस्थलको अवधारणा अगाडि ल्याउनु जरुरी छ। पाश्चात्य मुलुकहरूमा यस्ता महान् साहित्यकारहरूलाई राष्ट्रका अमूल्य निधिका रूपमा

महामानव

✍ ठाकुर शर्मा

'लक्ष्मी' नाम लिंदा खुसी मन हुने उर्जा दिने मानव
आभा दिया छरी यसै धरतिमा तारा बन्यौ उज्ज्वल।
नेपाली मनका सुकर्म गतिका साहित्यका पारस
भाषा-संस्कृतिको विकास-पथमा लाग्ने महान् साधक ॥१॥

'कर्मैको सब खेल हो भुवनमा सत्कर्ममा लाग्नु नै
कल्याँकल्प छ कामना सुकृतिको सद्धर्मको मार्ग नै'
भन्दै मानवमा सुकार्यतिरको बाटो दिने मानव
भाषा-संस्कृतिको सुधार-पथमा लाग्ने महान् साधक ॥२॥

पौंटा सुन्दर दृश्यले मन छुँदा गम्भीर बन्छौं सधैं
आभा मानवकै कला प्रकृतिमा रम्ने त हौला कसै।
स्वस्थाधार मिले सुधा सुमनमा बाँच्ने कला मिल्दछ
भाषा-संस्कृतिको सुरम्य-पथमा लाग्ने महान् साधक ॥३॥

गङ्गाको जलझैं पवित्र मनले बाणी सुधा बर्सिंदा
स्वर्गानन्द सुलाउँदा सुजनमा सौन्दर्य नै भाल्किंदा।
आफ्नै आँगनमा प्रभा सुमनको ज्योत्स्ना बन्यौ निर्मल
भाषा-संस्कृतिको पवित्र-पथमा लाग्ने महान् साधक ॥४॥

सृष्टिनछन् नव-सिर्जना जब यहाँ स्वाधीनका कोपछन्
व्यक्तिनछन् शुभ वाक्यका धुन यहाँ प्राणी सबै मुग्दछन्।
मन्छन् मानव-ज्ञान हो गगनझैं व्यापी यही मानव
भाषा-संस्कृतिको सुकार्य-पथमा लाग्ने महान् साधक ॥५॥

तिम्रा शब्द थिए धनी गरिबका हृदकेन्द्रका बीजक
भेटिन्छन् हर क्षेत्रमा, प्रगतिमा, सत्कर्ममा सर्जक।
नौसो जीवन चाहना सब मिले सत्मार्गी हुन् मानव
भाषा-संस्कृतिको सुयोग्य-पथमा लाग्ने महान् साधक ॥६॥

'लक्ष्मी' हुन् नम्रता सुधा शरदका आनन्द बर्सांउने
वाक्याधार लिई सुशब्द धनले साहित्य नै मर्दिने।
स्रष्टाको मनमाझमा बसिदिने तत्पज्ञ हुन् पारक
भाषा-संस्कृतिको सुसभ्य-पथमा लाग्ने महान् साधक ॥७॥

मुनामदनः लेखाजोखा

✍ रामबाबु सुवेदी

मुनामुनाबाट मुना पलाई
श्रीदेवकोटासित सम्झनाई
गरी तपस्या मदनै मनेर
फर्कैन साथी हुनगो अबेर ।
॥१॥

अपूर्व सपना र अपूर्व यात्रा
आफन्तको किन्तु विरक्त जात्रा
बचाउने आखिर मानिसै भो
भोटे धराको धितिलो कसी हो ।
॥२॥

सुगन्ध भेटिन्छ न यो सुनैमा
आनन्द भेटिन्छ न यो सुनैमा
जहाँ म जाऊँ सुन यो विलाप
छन् पीतलका सुन आज चुप ।
॥३॥

मुना कलन्छे सुन बैगुनी छ
यो हेमको किन्तु महाखुनी छ
अपार लहका सुनले जलायो
माया हजारौं सुनले डलायो ।
॥४॥

अनन्त संसार, अनन्त भोक
बाटो बिराए समस्त शोक
धर्ती तँई छै मदनै रुनाले
मान्छे सुपिर्तीसित छुट्टिनाले ।
॥५॥

दिदी कतै छिन् मदनैहरूकी
बास्नामयी फूल नयाँ तरुकी
गएर सोधौं मदनै कहाँ छ ?
प्यारी जहाँ छे मदनै त्यहाँ छ ।
॥६॥

कहाँ छ भोटे ! उमलाई खोजौं
सेवीहरूका पदचिह्न रोजौं
थिनौं कुकर्मी जनताइ पैले
नैनीहरूलाइ धुकौं सबैले ।
॥७॥

मुना र पत्नी धरणाउँ छेडी
आफ्नै हिमाका रचना नयाँडी
नजा ! नजा ! चेत सुदूर देश
दाम्पत्यमाया छ यहाँ विशेष ।
॥८॥

पुगेर लासातक हेर पैले
के ! के ! कमाए मदनैहरूले ?
गरौं कि लेखा जब त्यो सबैले
के ! के ! गुमाए मदनैहरूले !
॥९॥

दुखान्त यो काव्य मुनाहरूको
भोटेहरूको, मदनैहरूको
पियौं बसैले रस प्रेम-प्याला
यो काव्यका सर्जक थ्या ! निराला !
॥१०॥

लिइन्छ र उनीहरूको पहिचान दिनेखालको साहित्य तीर्थस्थल, साहित्यग्राम, साहित्यिक सङ्ग्राहालय वा साहित्य माटिकाहरू निर्माण गरिन्छ । तर हामीकहाँ भने एकआध प्रतिमा ठड्याउने र सानातिना बाटोघाटोहरूको नामकरण गर्नेबाहेक उनीहरूको नामसँग जोडिएका संस्था, सहर वा महानगर पनि छैनन् र उनीहरूको जन्मदिन पनि राष्ट्रियस्तरमा जन्मोत्सव मनाउने र सार्वजनिक विदा दिने काम पनि गरिएको छैन । यी कुराहरूमा ध्यान दिनुको सट्टा अब त राजनीतिक परिप्रेरणाले उकुसमुकुसिएका नेताहरूको नेतृत्वमा यिनै अमर आत्माहरूका स्मृतिमा बनेका प्रतिमाहरूको टाउको छिनाउनेजस्तो निकृष्ट काम पो भैरहेको छ त !

- देवकोटा शतवार्षिकी समारोह समितिको कार्यक्षेत्र कति हो ? त्यस समितिले समेट्न सक्ने र बजेटले न्याउनसक्ने सीमारेखा कहाँसम्म छ ? यथार्थ जानकारी हामीलाई छैन । तर देवकोटाप्रति आस्था राख्ने र देवकोटालाई एउटा शतवार्षिकीमा मात्र नभएर सधैंसधैं कालान्तरसम्म जीवित भएको देख्न चाहनेहरूलाई एउटा जिज्ञासा र कुतूहलताको विषय भने जीवित भएर रहिरहेको छ कि देवकोटाको जन्मस्थल र कर्मस्थललाई समेट्ने गरी एउटा तीर्थस्थलको निर्माण हुनुपर्दछ । उनको नाममा एउटा साहित्यनगरीको परिकल्पना गरिनुपर्छ । यस अवस्थामा सम्भव भए यही समितिले केही गरोस् र सो सम्भव छैन भने समितिकै पहलमा वा परिवर्तित समितिबाट भए पनि पूर्वाधार तयार होओस् । सीमारेखा कोरियोस् र भविष्यमा देवकोटाप्रति आस्था राख्ने साहित्यानुरागीहरूका लागि देवकोटाका बारेमा जान्न/बुझ्न एउटा अध्ययन अनुसन्धान केन्द्र स्थापना होओस् । अनि त्यो छरिएर रहेका वा हराएका अप्रकाशित रचनाहरू खोजी गरियून् । छापियून् तेपाती भाषामा । अनुवाद गरियून् विभिन्न भाषामा र छरियून् विश्वभर ।
- गर्न गइहेन् भेलायतीहरू तीन कुरामा–संसदीय व्यवस्थामा, भाषामा र सेक्सपियरमा । अर्थात् उनीहरूले तीन कुरा दिए रे विश्वलाई ! एउटा, संसदीय प्रजातान्त्रिक व्यवस्था । अर्को, विश्व सम्पर्कभाषाको रूपमा अङ्ग्रेजी भाषा र तेस्रो, सेक्सपियर । हामीले पनि विश्वलाई अरू दिन नसके पनि देवकोटा त दिन सक्छौं नि ! उनका रचनाहरू भाषान्तरण गरी विश्वभर फिजाएर । यस अवस्थामा हामी ती महानुभावहरूसँग सबीनय अनुरोध गर्दछौं कि देवकोटालिखित कुनै पाण्डुलिपि लपाईहरूसमक्ष छन् भने बाहिर ल्याउनुस् । हामी खुसीर स्वागत गर्दछौं ।
- समयमा मन्दा देवकोटाले जीवनभर सधैं विद्रहे, कसैबाट केही लिएनन् । जे भोले, त्यसलाई व्यवहारमा उतारे । हरपल हरक्षण साहित्य सेवामै समर्पित भइरहे । उनको सोचाइ, बोलाइ र गराइमा सधैं एकरूपता रहिरह्यो । परनिन्दा वा अपहेलना उनबाट कहिल्ये कसैमाथि भएन । छोटो समयमा धेरै लेख्नु र परिमार्जन गर्नु, तथापि लेखिए जति प्राय: सबै उत्कृष्ट हुनु नै देवकोटाको मुख्य विशेषता हो । यसै असाधारण विद्वताका कारण उनी महान् भए/महाकवि भए ।
- महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मशताब्दीको समापन र १०५ औं जन्मजयन्तीको यस पुनीत घडीमा त्री महामानवप्रति दायित्व परिवार हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

दायित्व

(साहित्यिक द्वैमासिक)

विषयक्रम:

खण्ड	पेज नं.	सूचना
संस्मरण खण्ड		
१. प्रा.डा. तेल:केशरि उपाध्याय	१	सर्वतोमुखी प्रतिभावान् व्यक्तित्व
२. डायमन शमशेर	२५	देवकोटाको सम्बन्धमा
३. राष्ट्रकवि माधव घिमिरे	२७	अद्भुत प्रतिभाशाली व्यक्ति
४. हरि श्रेष्ठ	३४	देवकोटाका अन्तिम दिनहरु
५. वसन्तकुमार शर्मा 'नेपाल'	४६	केही अनुभूति
६. रामजीप्रसाद अर्याल	५४	देवकोटालाई सम्झना
७. हर्षनाथ भट्टराई	५९	देवकोट्टाको प्रायश्चित्त
८. रामहरि जोशी	६१	महाकवि लक्ष्मीप्रसाद देवकोटा : एउटा संस्मरण
९. माधवलाल कर्माचार्य	६३	देवकोटा मन्त्रीहुँदा
१०. कैलपुरे किसान	६६	हजारतका ती दिनहरु
११. वासुदेव उपाध्याय ढकाल	६८	महाकवि लक्ष्मीप्रसाद देवकोटा : एक नेपाली महात्मा
१२. कमलराज रेग्मी	७२	लक्ष्मीप्रसाद देवकोटासम्बन्धी केही सम्झना
१३. श्यामप्रसाद	७७	लक्ष्मीप्रसादको सम्झना
१४. भवानी घिमिरे	८०	देवकोटाको राजनीतिक भकुण्डो
१५. विशारद	८१	महाकवि देवकोटा तानसेनमा
१६. अनन्तराजी श्रीधर खनाल	८४	अवर्णनीय व्यक्तित्व देवकोटा
१७. महेश्वर शर्मा	९१	महाकवि देवकोटा: केही संस्मरण
१८. डा. तारानाथ शर्मा	९४	एउटा अविस्मरणीय संस्मरण
१९. विश्वराज पाण्डे	१००	म पुन: भाव विभोर भएको छु
२०. गोविन्द भट्ट	११०	हनुरजामाका देउकोटा कवि र मैले चिनेका महाकवि
२१. नगेन्द्रराज शर्मा	११७	म तानो एँडा देखेका देवकोटा
२२. रवीन्द्रनाथ पौडेल 'रवि'	१२०	देवकोटा र उहाँको 'सुन्दरीजल' काव्य
समालोचना खण्ड		
१. मदनमणि दीक्षित	३१	लक्ष्मीप्रसाद देवकोटा र पाइला मेरवा
२. श्यामदास वैष्णव	५२	सुधारवादी महाकवि
३. कृष्णचन्द्रसिंह प्रधान	५६	ग्राम नेपालीस्वभावका महान् विद्रोही कवि
४. नित्यराज पाण्डे	८६	समष्टिरूपमा देवकोटा
५. नैनेश्वरबाबु खग:	९६	गोरेटा मानुका, पाइला देवकोटाका

२. लक्ष्मीप्रसाद देवकोटाले 'शकुन्तला' Epic (महाकाव्य) को रचना गरे।

श्यामदास वैष्णवले भने "देवकोटाको अंग्रेजीमा लिखित यो मौलिक कृतिले देवकोटाको व्यक्तित्व उठाउने पूर्वीय संस्कृतिलाई पश्चिममा संस्कृति साहित्यमा पुऱ्याउछ। देवकोटाको सैद्धान्तिक व्यक्तित्व आफैंमा पूर्वीय संस्कृति र पाश्चात्य शिक्षाको प्रतीक हो भन्न सकिन्छ।

पूर्वीय दर्शन साहस, सत्यता र त्यागमा आधारित छ। यसको पदचाप नै जीवनको सुखभोग हो जुन बलिदान र सम्पूर्ण निर्भेदबाट प्राप्त गरिएको हुन्छ। यस कुरालाई शकुन्तलामा ऋषि विश्वामित्रले सुखभोगको क्षमतालाई प्रस्तुत गरेका छन्। जसलाई त्यागको माध्यमबाट पाउन सकिन्छ। यसैको परिणामस्वरूप सुन्दरी शकुन्तलाको राजा दुष्यन्तसँगको सहवासबाट भरतको जन्म भयो। पछि त्यही भरत भारतवर्ष एशिया उपमहाद्वीपमा आफ्नो गौरव प्रसार गर्दछ। मानव आवासको सम्पूर्ण इतिहास उद्धरण र पन्थको विवरणबाट अङ्गसी अवस्थाबाट आवासीय व्यवस्थातर्फ उन्मुख भएको पाइन्छ। यस तबरबाट शकुन्तला साहसी तपस्वी र सुखको सहसम्बन्ध बनेकी छन्।

आत्मीयतावाद आत्मज्ञान हो। यसले प्रथम अनौठो सृजना पत्ता लगाई भगवान्को विरुवासी बनाउँछ। यसको कारण सम्पूर्ण प्रणाली दर्शनका साथसाथै ज्ञानमा आधारित छ। दर्शनले जुन स्पष्ट विचारद्वारा सिर्जित र निर्देशित हुन्छ। भौतिकवादले मानवलाई असन्तुष्टि छलकपटतर्फ उन्मुख गराउँछ, जबकि आत्मीयतावादले मानवलाई जीवनमा सावधानी, सहयोग र त्यागको माध्यमबाट यस संसारलाई उर्वर कायम राख्न सिकाउँछ।"

यस्ता उद्धरण शकुन्तलामा पाउन सकिन्छ कि असत्य कहिल्यै सफल हुँदैन र सत्य कहिल्यै मासिँदैन भन्ने सन्देश आकर्षक, आत्मीय र रोचक ढङ्गबाट पाइन्छ हुन्छ।

(वैष्णवभूमिका, शकुन्तला इंपिका १९९१)

पूर्वीय कथानक, आदर्श, दर्शनको यस कथ्यलाई देवकोटाले विश्व/पाश्चात्य जगतमा पुऱ्याउन शकुन्तला लेखे, जुन पूर्वीय संस्कृति बढ्ने काममा महत्वपूर्ण छ।

देवकोटाको पूर्व प्रकाशित शाकुन्तल, नेपाली महाकाव्य ४४ सर्गको छ।

Conto one–विश्वामित्र दे टेरोर अफ हेभेन (१-३३)
Conto two–विश्वामित्र एण्ड्रामेनका (१४–३२)
Conto three–शकुन्तलाज् चाइल्डहुड (३३–४३)
Conto four –दुष्यन्तज् हण्ट (Hu0nt) (४४–५८)
Conto five –शकुन्तला पिनस् Pines (५९–७४)
Conto six –दुर्वासाज् कार्स curse (७५–८२)
Conto seven–शकुन्तला विन्स हरफेलस् प्रेम (८३-९२)
Conto eight–शकुन्तला इज रेजेक्स्टेड (९३–१०३)
Conto nine–स्ट्रिप Strife एण्ड युनिटि (१०४-११४)

यसरी जम्मा ९ खण्डमा यो कृति लिखित छ। सरदर प्रत्येक खण्डमा १५ पृष्ठ छन्।

देवकोटाको पूर्ण शाकुन्तल तीन महिना अर्क उद्देश्यले लेखिएकोले प्रस्तुत छोटो टिपोट प्रसङ्गमा केवल सङ्केत मात्र गरिएको हो। विशालकाय नेपाली शाकुन्तल महाकाव्य प्रस्तुत प्रसङ्गमा तुलना गर्न असम्भव प्राय: छ।

३. अन्यथा शकुन्तला महाकाव्यमा झण्डै १० हजार पङ्क्ति छन्। विशालकाय कृतिको तुलनामा यो कृति निश्चय नै संक्षेपमा छ।

२४ सर्गको यो कृति पाँचसय भन्दा अधिक पृष्ठमा २४०० श्लोकमा छ। यो कृति नवीन सुन्दर शब्द संयोजन शिल्प, नूतन भावाभिव्यक्तिको निजी शैली र मनोहर प्रकृति चित्रण चातुरी राखेको छ।

तुलनात्मक रूपले यो कृतिले देवकोटाको कवितात्मक वैशिष्ट्यलाई जानकारी गराउन यथ सहायीत पुऱ्याएको छ। शाकुन्तल स्वच्छन्दतावादी कृति हो, जो प्रबन्धविधान दुर्बलता भए पनि यो वेगमय प्रवाहमय विराट एवं उच्चस्तरीय कृति हो।

मदनमणि दीक्षितले यो कृतिको प्रस्तुति र शैलीलाई उच्च मान्छन्।

यी दुई कृतिको तुलनात्मक अध्ययन निःसन्देह देवकोटाको विकासशील व्यक्तित्व अध्ययन गर्न कममा उपयोगी हुने विश्वास लिन सकिन्छ।

❖❖❖

देवकोटा : अङ्ग्रेजी स्रष्टाका रूपमा

✍ डा. खेमनाथ कोइराला 'बन्धु'

क) आज शतवार्षिकीको सन्दर्भमा देवकोटा शतवार्षिकीलाई मानदण्ड मान्दै देवकोटाका अप्रकाशित रचनाहरू प्रकाशन गर्ने, असङ्कलित छरिएका कृतिलाई सङ्कलन गर्ने, उनका कृतिहरू विदेशी भाषामा प्रकाशन गर्ने देवकोटा स्मारक विश्वविद्यालय स्थापना गर्ने, राष्ट्रिय तहको देवकोटा अध्ययन प्रतिष्ठान संस्थापना गर्नेगरी नेपाली वाङ्मयमा देवकोटाले दिएको योगदानलाई चीर सम्स्करणीय तुल्याउँदै नेपाली माथको संस्कृति, सभ्यता, अनुभव, अनुभूति र मौलिकतालाई चीरस्थायी तुल्याउनु आवश्यक छ।

आफ्नो युगका र पछिको युगलाई बाटो देखाउन र नेपालीहरूको मर्म स्पर्श गर्न र बुझ्न नेपाली समाजलाई परिसंशोधनका साथ नवनिर्माणमा अग्रसर हुनका लागि उत्प्रेरित तुल्याउन सकोस् अतः युगका सर्वश्रेष्ठ महान् कवि हुन्।

ख) यसै सन्दर्भमा देवकोटाको शतवार्षिकी क्रममा देवकोटाका कृतिहरूको अध्ययन प्रस्तुत छ। वास्तवमा देवकोटाका नेपाली बाहेक अंग्रेजी संस्कृत भाषामा कृतिहरू प्रकाशित छन्। तिनको छुट्टै अध्ययन गर्न आवश्यक छदैछ।

ग) देवकोटाको संस्कृतमा लिखित अपूर्णकाव्य सिकन्दर कवि कल्पना प्राचुर्य रोमाण्टिक कविको स्वतन्त्र भावना छ, जसका आधारमा एक अद्वितीय प्रतिभाशाली, कल्पनाशील र आशुकवि तथा महाकवि भन्न सकिन्छ।

१. पृष्ठभूमि

लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) भुनाभदन, लक्ष्मी निबन्धसङ्ग्रह, प्रतिभाका लेखक हुन् र सयौं फुटकर कविताका सर्जक पनि। उनको व्यक्तित्व स्रष्टा र द्रष्टा व्यक्तित्वमा रहेको छ। मौलिक र अनुवादक व्यक्तित्व भएका देवकोटाका कृतिहरू अमर छन्। उनी कृतिकार मात्र नभएर साहित्यिक पत्रकार ओनि संपादकका रूपमा पनि ख्यातिप्राप्त छन्। मूलतः राजनीतिक व्यक्तित्व नभएर पनि राजनीतिमा होमिएका देवकोटा शुरुमा राष्ट्रिय कांग्रेससँग, आबद्ध भए पनि कहिले के आई सिंहसँग त कहिले टङ्कप्रसादसँग सम्बन्धित भएर अघि बढ्न पुगे। नेपाल एकेडमीको स्थापना र त्रि.वि.को स्थापनामा पनि उनको ठूलो भूमिका छदैछ। राजनीतिमा मूर्धाग्र नभएका देवकोटा उत्तरार्द्धमा साम्यवादी विचारधारासँग सम्बन्धित थिए। देवकोटा मूलतः मानवतावादी हुन्, उनी विद्रोह र क्रान्तिका सचेतक हुन्, विस्फोटक हुन्। देवकोटालाई समकालीन क्रान्तिकारी प्रगतिवादी विद्रोही साहित्यकारको सापेक्षतामा उनी झन् उच्च पुरुष भन्ने जीवित सत्य हो। देवकोटालाई उनको व्यक्तित्वको बहुमुखी भाषाको दृष्टिले आ–आफ्नै दृष्टिले हेर्न सकिन्छ, तापनि मूलतः उनी साहित्यकार कवि नै हुन्। नेपालको साहित्यलाई अन्तर्राष्ट्रिय आयामसा उठाने सबै देवकोटा नेपाली साहित्यको इतिहासमा युगीन तर सार्वभौम सत्य ओझल्ल सक्ने महान् व्यक्तित्व हुन्। (२००३–२००४ सालमा)

उपर्युक्त व्यक्तित्व ओझल्ल सक्ने देवकोटा नेपाली साहित्यका एक युग नै हुन्।

यस्ता देवकोटाले विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मेलनमा अभिव्यक्ति भाषण, प्रवचन, वाचा भ्रमणका सन्दर्भमा लेखिएका अङ्ग्रेजीका अवहरूको अध्ययन गर्नुपर्ने थप आवश्यकता त छदैछ।

प्रस्तुत सन्दर्भमा देवकोटाबाट मौलिक रूपमा लिखित "शकुन्तला" काव्यको संक्षेपमा टिप्पोट गरिएको छ। यद्यपि देवकोटाका यस्ता कैयौं कृतिहरूलाई अध्ययन गरी देवकोटाको अध्ययन अविरल साथ हुने स्पष्ट छ।

६. भैरवनाथ रिमाल 'कदम' १०३ महाकविको प्रकृति वर्णन र 'यात्री' कविताको दर्शन
७. आनन्ददेव भट्ट १०५ चिन्तनको आलोकमा महाकवि देवकोटा
८. प्रा. शिवगोपाल रिसाल १०८ महाकवि देवकोटाको आध्यात्मिक निष्ठा
९. रामशरण दर्नाल ११६ महाकवि देवकोटा: साङ्गीतिक दृष्टिमा
१०. प्रा.गोपीकृष्ण शर्मा १२१ वर्गद्वन्द्व र प्रगतिशीलताको गीतिनाट्य 'कृषिबाला'
११. प्रा. राजेन्द्र सुवेदी १२७ कविताका स्रष्टाहरू : देवकोटाको समीक्षात्मक व्याङ्ग्य कविताको कोपाघाट निरूपण
१२. प्रा.डा.कुलप्रसाद कोइराला १३० सन्ध्याका सन्दर्भमा : देवकोटाको चर्चा
१३. डा. नीलेन्द्रदेव गिरी १४३ देवकोटाको 'भागल' कविताको विश्लेषण
१४. प्रा. डा. जयराज पन्त १५१ 'यात्री' कविताका पर कुरा
१५. डा. विष्णुराज आचार्य १५४ काव्यशैलीमा देवकोटा
१६. डा. दुर्गाप्रसाद अर्याल १५८ देवकोटाका दृष्टिमा सत्य
१७. रमेश गोर्खाली १६६ देवकोटाकी नारीपरक काव्यिक सिर्जनाको उच्चता
१८. प्रकाशमणि ढकाल १६८ स्मृति र अनुभूतिमा प्रतिबिम्बित एउटा तस्वीर महाकविको
१९. माधव घिमिरे १७९ 'वीरहृदय'मा देवकोटा
२०. रामप्रसाद ढकाल १८१ 'खाड' कविताभित्र महाकवि देवकोटा
२१. माधव भट्टराई १८४ 'भुनाभदन'मा देवकोटा
२२. भागवत ढकाल १८८ देवकोटासँगै 'वन'मा विचरण गर्दा
२३. डा. खेमनाथ कोइराला 'बन्धु' १९० देवकोटा : अङ्ग्रेजी स्रष्टाका रूपमा

विविध

१. सत्यमोहन जोशी (कथा) २८ वि.वि.मा महाकवि देवकोटा
२. कृष्णचन्द्रराज क्षेत्राला (नाटक) ४२ महाकवि देवकोटा स्वर्गमा
३. कृष्णप्रसाद बस्याल (कविता) ६२ देवकोटा, भुनाभदन र आजका युवा
४. कुलु लामिछाने (कविता) ७१ महाकवि लक्ष्मीप्रति
५. शिव रेग्मी (खोज) १३५ महाकवि देवकोटाका सम्बन्धमा
६. डा. तुलसी भट्टराई (याथा) १४१ न्हासामा देवकोटाको शतवार्षिकी
७. नरेन्द्रराज प्रसाई (जीवनी) १७२ महाकवि देवकोटाका छोराछोरीको कथा
८. कलानिधि ढकाल (कविता) १८० प्रजातन्त्रको उज्ज्वल ज्योति !
९. राधा बास्कोटा (कविता) १८७ तिमी अमर छौ कवि !
१०. रामबाबु सुबेदी (कविता) १९२ भुनाभदन: नेत्रानोखा
११. ठाकुर शर्मा (कविता) १९३ महामानव
१२. प्रह्लाद पौडेल (कविता) १९४ बाध्यमाली
१३. ज्यो.रत्नसिंहि रेग्मी, 'शुक्लचार्य'(कविता) १९६ आर्यघाटबाट

साथमा :

दायित्वको सम्झना – भुवनहरि सिग्देल (ख)
सम्पादकीय- रामप्रसाद पन्त (ग, घ, ङ)
महाकविको जन्मपञ्जिका (ञ)

महाकवि देवकोटाज्यूको जन्मपत्रिकाबाट

...विक्रम १९६६ शालि बाहुना १८२१ अस्मिन्वर्षे षष्टि संवत्सराणां मध्ये नमंवोत्तर मासे ॥ पञ्चपञ्चाशत्संख्याक दुर्मतिनाम संवत्सरे । माघ्या-मने ॥ शरदर्तौ ॥ कार्तिकमासा दिनानि २७ गते शुक्रवासरे ॥ श्री सूर्यो-दयाद्गत घटय ३८ पलेषु २० रात्रिगत घटयः ११ पलेषु ३० अस्मिन् जन्मकाले ।। ग्रह लाग्नेब ॥ षष्ठाङ्गम्—कार्तिक कृष्णामातिथेर्गत घटय ३९।४० एष्य घटय २४ पलेषु ९ सौभाग्या योगस्य गत घटयः ४१।२३ एष्य घटय १८ पलेषु तैत करणे ॥ वम वैभत मुहूर्त—अय कर्कट लग्ने चन्द्र होरायाम् ॥ प्रथम दृष्काणे ॥ आकोकेरो सप्तांशके ॥ लेखन बाशके सिंह द्वादशांशके ।। ताबु रीत्रिशांशके ॥ एव त्रिधे ॥ सौम्य वैभत होरा-याम् ॥ भूगोल मध्य वर्ती जम्बु द्विपान्तर्गत कौमारो खण्डे नेपालराज धान्यां, कान्तिपुर नगर निवासिन. ॥ समस्त गुण गणालंकृतस्य विद्व-द्वरस ॥ समस्त दिग्विजयिन्द्र सूरिभि शिरो रत्ने दर्पणायित चरण द्वयस्य ॥ भारद्वाज गोत्रोत्पन्नः भारद्वाजाङ्गिरसबार्हस्पत्य त्रिप्रवर श्री देवकोटा इत्युपनाम कस्य ॥ शुक्लयजुर्वेदा ध्यायिनः ॥ तिलमाध्य शर्मण. विवाहित उभय कुलानन्द दायिनी, पतिव्रता लक्ष्मीरवती श्री-मती श्री... ... ...नाम्नीदेवी ॥ तस्या सुपुत्र दत्तकुतो ।। कुल त्रयो द्धारकम् ॥ पुमपत्यरत्नम् ॥ प्राप्तुत ॥ तस्य शिशोः ॥ शत पद्यकानु-सारेण ॥ लो० कारावधपत्रम् ॥ नाम्नोचित विरोहलापनकचितस्तक ।। श्री लक्ष्मी प्रसादन्तमर्भको ॥ देवकिद्याशोवंचनाद्विधाकर्देन ।। शत-नामु भूयात्.....

महाकविज्यूको जन्मकुण्डली

अवचेतन मनले प्रभाव पारेकै हुनुपर्छ भन्छन् । देवकोटाको मन पनि चेतन र सचेत भाव दिएन, असचेत पनि थियो । बाहिरी समाज घरायसी भाग एवम् वंशिरहेको पुर्खीन हावालाई देख्दा उनलाई पनि भौतिकतासम्म रमाऊँ कि, छोटो जीवनलाई कीर्ति यश र व्यक्तिगत सुखसयलको लागि खर्च गरुँ कि भन्ने भाव आउँथ्यो । त्यतिमात्र होइन, नोकरी गरेर हुन्छ या अन्य कुनै विकल्पबाट धेरै धन कमाउने, कृत्रिम र तड्कभड्क व्यवहारबाट नै भए पनि प्रसिद्ध बन्ने, मीठो खाने, राम्रो लाउने, स्वर्गको झोला उडाने, किलिमिली दरबारमा झरने, जस्ता आम सामान्य मानवेमा हुने रहरले देवकोटालाई पनि धकधकाइरहन्थे । परिवारबाट पनि साहिला छोराले धेरै कमाए हुन्थ्यो भन्ने चाह प्रकट भइरहन्थ्यो । यो अवस्थामा उनी योधारमा पर्थे कुन बाटो सत्य हो ? जीवनमा अगाडि कसरी बढ्ने ? कर्तव्य के हो ? सुख के हो ? जस्ता अनेकान प्रश्न जब उनीमाथि तेर्सिन्थे, तब आफ्नो सचेत मनलाई सोधेर उनी निर्णयमा पुग्थे ।

वास्तवमा देवकोटा विलासी जीवन त भोलि धुरो र खरानी हुन्छ, यस्तो अस्थिर बाटो किन समातुँ ? धन दौलत त कमाउन सकिन्छ तर अन्तरकरणको स्वतन्त्रता बेचेर पराधीन जीवन कसरी जीनुँ ? सत्यको घाटी रेटेर कसरी कृत्रिम र यान्त्रिक जीवनलाई पछ्याउनु, आफ्नो समाज र आफन्तहरू भोकै रहेको अवस्थामा आफूले माथ कसरी मिठो मेवा खानुँ ? माइहरू अन्धकारमा घरबारविहीन अवस्थामा रहेकाका आफू कसरी स्वर्गको झिलिमिलीमा रमाउनु ? भनी आफ्नो अन्तचेत मनलाई सम्झाउँथे । यिनै अन्तर्द्वन्द्वका जगमा देवकोटाको 'वन' कविता सिर्जना भएको हो ।

व्यक्तिले सामी उमेर भिएर माथ जीवन बुझ्दैन, जीवन बुझ्न त उसले अन्तरकरणलाई उघार्नैपर्छ । चेतना र ज्ञानको ढोका खोल्नैपर्छ । वास्तवमा देवकोटाले पनि जुन दिन जीवनलाई बुझे, त्यस दिन उनलाई यो जीवन 'वन' जस्तो लाग्यो । जहाँ आत्मीयता छैन जहाँ समूह छैन, जहाँ हत्या हिंसा परपीडा छ, जहाँ लोभ लालच छ, जहाँ मानवता छैन, त्यहाँ उनी रुँदै छन्, यस्तो जीवन ? कहाँकहाँबाट जीवनको पीर आज उनले प्रकट गरे, त्यो पीरलाई रोक्न र सत्यमार्गबाट विमुख तुल्याउन हामी भित्रका कमजोर मनोवृत्तिहरू जागृत बनेर बाटो छेक्ने लोभ लालच देखाउने, भोगविलासको सपना देखाउने गर्न थाले । अनि उनी आत्मज्ञानबाट विचलित र भन्न थाले- विश्व सबै मेरा लागि घर हो, हृदय नै सहर हुन् र आफूले गर्ने उद्यम मेरो साथी हो, आफूभित्रको साहस र सामर्थ्यका कारण विश्व जित्न सकिन्छ कर्तव्यबोध त भयो । तर समय अत्यन्त छोटो छ । गर्नुपर्ने दायित्व र निभाउनुपर्ने कर्तव्य धेरै छन् समयलाई जित्न सकिँदैन कि भनेर मेरा आँसु बगिरहेका छन्, व्यक्तिगत स्वार्थलिप्साका लागि मेरो अरण्यरोदन होइन भने, जीवन यदि रणमैदान हो भने म वीरगोद्दा बनेर मद्गद हुन्छु । जीवनयात्रा यदि समस्याको पाइप हो भने त्यसको शिरलाई नाप्छु । आफ्नो विचार र लक्ष्य पवित्र छ भने अवश्य सफल भइन्छ । राइका उपराइका गर्नु व्यर्थ छ, माइहरूको घरबार बनेको र उज्यालो बनेको हेरेर स्वस्थ समाजको स्थापना गर्ने यस यात्रामा अन्य कुनै बाधाले मेरो बाटो रोक्न सक्दैनन् । कुनै धर्म, जातजाति भाषा भाषीको सङ्कीर्णतावाट माथि उठेर विश्व बन्धुत्व र कल्याणका लागि आँप बढ्न छ र यसक्रममा आफू भित्रका थोरी, धार्मिक वा अन्य मानवलाई समेत फराकिलो तुल्याएर हेर्नुपर्छ भन्दै वीरहरू बलिदान भएको स्थान नै सबैभन्दा ठूलो तीर्थ हो र अतल मानव नै वास्तविक ईश्वर हो भन्ने भाव कवि देवकोटाले यहाँ उजागर गरेका छन् ।

समग्रमा प्रश्नोत्तर शैलीमा आफ्नै अन्तरकरणलाई प्रस्तुत गरिएको 'वन' कविताले जीवनलाई उन्नत र गतिशील तुल्याउन, वैयक्तिक स्वार्थलोलुपताबाट माथि उठ, विश्व र विश्ववासीलाई आफ्नो ठान, कर्तव्य पथका तगारामा मजबुतिका, कर्मशील जीवनमा फुल फुलाऊ, विचारको मूल स्वरूप छ भने समस्याको पहाडलाई अवश्य जित्न सकिन्छ भन्दै भावी पुस्तालाई गतिलो सन्देश दिएको छ ।

❖❖❖

देवकोटासँगै 'वन' मा विचरण गर्दा

✍ भागवत ढकाल

व्यक्ति सम्पन्नतामा रमाउँछ, सम्पन्नताको चाह आजका बहुसङ्ख्यक मानवको मानवीय प्रवृत्ति बनेको छ। भोगविलास, भौतिक सुखसम्पन्नता, यान्त्रिक व्यवहार, अविश्वास, ईश्वरप्रति अनास्था, मान्यजनप्रति अनुदार भाव, स्वार्थलिप्सा, नितान्त वैयक्तिक वा पारिवारिक अभीष्ट पूर्ति, स्वरोजगारी वा पेशा व्यवसाय... आदि आदि आजको मान्छेका परिचायक बनेका छन्। व्यक्ति र समाजबाट सदाचार आस्तिकता मानवता, इमानदारी, दया, धर्म, त्याग, सहिष्णुताजस्ता भावहरु लोपोन्मुख अवस्थामा छन्। यो सामाजिक परिदृश्य हामीले आजमात्र एकाएक भेटे/पाएका होइनौं, दसकौं जन्म र विकास त विगतदेखि नै भइसकेको थियो, जसलाई सामान्य मान्छेले देख्न र अनुभव गर्न नसके पनि समयको गतिभन्दा प्रतिभाशाली सचेत कवि व्यक्तित्व देवकोटाले महसुस गर्न नसक्ने कुरै भएन। यसैले लोभलालच, घृणा, द्वेष, अहङ्कार, दानवीय स्वभाव, स्वार्थलोलुपताजस्ता जङ्गली प्रवृत्तिबाट घेरिएका तथाकथित हामी मानवप्रति र असहिष्णु, भगडालु, हिंसक हाम्रो समाजलाई 'वन'को सज्जा दिएर हामी वनवासी (जङ्गली) व्यक्तिका स्वभाव र चिन्तनलाई आफ्नै रोदनका रूपमा कविले यस कवितामार्फत् स्थान दिएका छन्।

देवकोटा नैपाली साहित्यका स्तम्भ हुन्। परम्परागत परिष्कृत लेखनभन्दा अन्तःकरणको साज स्वतस्फूर्त प्राकृत लेखन अर्थात् स्वच्छन्दतावादी लेखनको परिधिमा रहेर, प्रकृति मानव, समाजको विविधरूपको चित्रण, विश्वबन्धुत्व, मानवता, राष्ट्रप्रेम र नैतिक मूल्य मान्यताको स्थापनाप्रतिको वैचारिक सन्देशसँगै अघि बढेका उनका रचनाहरू लोकलय मुक्तलयहुँदै बहुलयका विविध रूपसँग एकाकार भनी प्रस्तुत भएका हुन्छन्। प्रकृति, मानव र ईश्वरको विश्वाभिक समन्वय देखाउँदै प्रकृतिको तन्मय र मन्मयरूपको सजीव चित्रण उनको वैशिष्ट्य हो। साहित्यका सबैजसो विधामा कलम चलाउने बहुमुखी प्रतिभा देवकोटाका रचनाले सामाजिक विलासिता शक्ति र उन्मादको अन्त्य गरी सामाजिक सद्भाव, अहिंसा र विश्वमानवताको कामना गरेका छन्। निरन्तर सिर्जनशील स्वभावले आशुकवित्व र संख्यात्मक एवं गुणात्मक दृष्टिले उत्कृष्ट महाकाव्य लेखेकाले महाकविका रूपमा नैपाली मानसमा स्थापित देवकोटा साहित्यका सबैजसो विधामा कलम चलाउने हुँदा बहुमुखी प्रतिभाका रूपमा स्थापित छन्। कुटकर कविताको उनको अथाह भण्डारमा 'भिखारी' कवितासङ्ग्रहभित्रको एउटा रचना हो 'वन' शीर्षक कविता।

हुन त देवकोटाका रचनाका बारेमा विगतमा प्रशस्त टीका टिप्पणी, समीक्षा, विश्लेषण भएका छन् र भविष्यमा पनि भइरहने छन्। यो लेख 'वन' कवितासम्बन्धी रहेकाले र उक्त कविता पाठ्यक्रममा समेत समावेश भएकाले विभिन्न कृतिकारहरूले यस कवितामाथि धेरै भोर समीक्षा गरेकै छन्। तर पनि यहाँ परम्परागत बाँधामन्दा अलिक पृथक् सोचका साथ यो समीक्षाको धृष्टता गरिएको छ।

हो, व्यक्ति मनबाट सञ्चालित छ भन्ने कुरामा अब विवाद रहेन। सिर्जनामा मनोविज्ञान विभिन्न विधामार्फत् प्रकट भएकै छन्। व्यक्ति बाहिरबाट जे देखिन्छ जस्तो व्यवहार गर्छ, देखाउँछ त्यस्तो आन्तरिक रूपमा नहुन सक्छ। यसैले मनोवैज्ञानिकहरू, चेतन र अचेतन मनको खुसेर विश्लेषण गर्छन्। हाम्रा हरेक सचेत कर्ममा उसको

सर्वतोमुखी प्रतिभावान् व्यक्तित्व

✍ प्रा.डा. तेजःकेशरि उपाध्याय

स्वनामधन्य महाकवि लक्ष्मीप्रसाद देवकोटाज्यू जस्तो सर्वतोमुखी प्रतिभा सम्पन्न अवर्णनीय आशुकवि मातृभूमि नेपालको मात्र नभएर विश्वभरकै उत्कृष्ट साहित्य आकाशका अति उज्ज्वल धुमतारा समान विशाल महासागर झैं अतलस्पर्शी अगाध अलङ्घ्य व्यक्तित्व बारे विस्तृत एवम् निर्णायकरूपमा केही भन्नु र लेख्नु अति कठिन र असम्भवजस्तै अनुभव भए पनि उहाँको अपराजय तथा उन्मुक्त उत्तुङ्ग योगदानको कृतज्ञातास्वरूप यो सानो तुच्छ पुष्पाञ्जली समर्पण गर्ने धृष्टता गर्ने तम्सेयोमा क्षमाप्रार्थी हुनुबाहेक गर्ने नै के सक्नेरहेछ र!

महाकविज्यूसँग मेरो परिचय बारे सन्दर्भ पहिलो कुरा त हामी दुवैजनाको घर ढिलीबजारमै भएको र मेरो पुस्तौंदी जन्मघर त्यहीं अवस्थित जन्मा ज्यामस्थाको उत्तरपट्टि ठीक सडक पारी भएको र महाकविज्यूको घर अलिलसीतर पोखीधारामा सडकको उत्तरतिरकै साढुले घरमैंको गोरेटोभित्र अन्दाजी १२५ पाइला गएपछि गोरेटोको पूर्वपट्टि नै भएकोले गाढी सङ्गत भएको र साहित्यिक प्रसङ्ग कविता/लेखबारे नै कुरायनी हुनेभएको र उहाँसे अमूल्य सल्लाह परामर्श दिनुहुनेभएकोले नै हो।

त्यसबाहेक मुख्य कुरा त महाकविज्यूसँग मेरो दोहोरो पारिवारिक सम्बन्ध गाँसिएकोले पनि हो।

यसबारे यसै लेखको यथास्थानमा उल्लेख गर्ने आशा पाइन्छ। अब महाकविज्यूकै परिवारबारे चर्चा गर्नु उपयुक्त होला।

श्री महाकविज्यूका आदरणीय पिता श्री पण्डित तिलमाधव देवकोटाका ९ नाइ छोरा र पाँचवटी छोरी हुनुहुन्थ्यो। उहाँहरूको नाम यस प्रकार छ-

१ जेठा छोरा श्री लेख (माधव) नाथ देवकोटा। उहाँ सरकारी सेवा अन्तरगत सुब्बा पदमा हुनुहुन्थ्यो।

२ माहिला छोरा श्री दैवीमाधव देवकोटा। तर उहाँ 'सिपाही माहिला' को नामबाट नै बढी प्रसिद्ध हुनुहुन्थ्यो। किनभने उहाँ सौजसी विहान बेलुका दिउँसै पनि सिपाहीको टुकडीसँगै सदर दुँढिखेल वा अन्य ठाउँमा पनि सिपाहीसँगै छवाज खेल्नमै संलग्न हुने गर्नुहुन्थ्यो।

३ साइला छोरा-स्वयम् महाकविज्यू श्री लक्ष्मीप्रसाद देवकोटा। तर उहाँको चिनाको नाम भने तीर्थमाधव देवकोटा हो। उहाँको जन्म प्रमपत्रका अर्थात् तिहारको तेस्रो दिन गाईतिहारको बेसुकी पर्ने लक्ष्मीपूजाको दिन भएकोले लक्ष्मीप्रसाद भन्ने नामबाटै प्रसिद्ध हुनुभयो।

४ कहिला छोरा-श्री मित्र (माधव) नाथ देवकोटा। उहाँ गणितशास्त्रमा स्नातकोत्तर परीक्षा उत्तीर्ण हुनुभएकोले उहाँ त्रिभुवन विद्यालय महाविद्यालय विश्वविद्यालयहरूमा गणित विषयको प्राध्यापन गर्नुहुन्थ्यो।

५ मधु (माधव) सुदन देवकोटा उहाँ ठाइला छोरा हुनुहुन्थ्यो। अनि उहाँ बित्तीय संस्था बैंकहरूमा र सञ्चार संस्था रेडियो नेपालमा पनि सेवा गर्नुहुन्थ्यो।

६ कान्छा छोरा श्री गोपीमाधव देवकोटा। उहाँ नेपाल तुलाको सानो वित्तीय संस्था बैंकहरूमा अधिकृत पदमा सेवा गर्नुहुन्थ्यो।

त्यसमध्ये महाकविज्यूका जेठा छोरा प्रकाश देवकोटाले महाकविज्यूका कविता निबन्ध आदिमा उपयुक्त चित्र तैयारिदिने गर्नुहुन्थ्यो । तर उहाँको शिशोर अवस्थामै निधन भएकोले महाकविज्यूलाई अप्रत्याशित रूपले पुत्रशोकको पीडा खप्नुपर्‍यो ।

महाकविज्यूका ठूलाकान्छा छोरा डा. पद्मप्रसाद देवकोटा । उहाँ अङ्ग्रेजी साहित्यका स्नातकोत्तर र विद्यावारिधि गर्नका साथै फ्रेञ्च भाषा-साहित्यमा विशेष उपाधि प्राप्त हुनाले वि.वि. अन्तर्गत विश्वभाषा क्याम्पसमा प्राध्यापन गर्नुहुन्छ । साथै उहाँ मैतीदेवी टोलको आफ्नै निवासमा बस्नुहुन्छ ।

अब थोरै महाकविज्यूतिर नै लागौं । महाकविज्यूको शालजयी जनर अमर अलौकिक साहित्य सिर्जना तथा अविश्रान्त अविरल लेखन-क्रमताबारे चर्चा गर्ने कममा के के लेख्ने ? कति लेख्ने ! अनि शुरु ठाउँबाट थोरै गणेश अथवा उठाम गर्ने र कुन ठाउँमा पुगेर इतिश्री अथवा बेठान गर्ने जस्ता असमञ्जस स्थिति बराबर हरेक लामा छोटा दूरी तथा धुम्हीहरूमा अनुभव गर्नुपर्ने भए पनि उहाँप्रति कृतज्ञता प्रकट गर्दै भए आफ्नो अल्पबुद्धिले नै किन नहोस् यथामति तथा गति कस्तम चलाउने प्रयास अथवा दुःसाहस गर्न अघि सरेकोमा क्षमाप्रार्थी छु ।

महाकविज्यूका सबै रचना बेजोड भए पनि अति अति लोकप्रिय कालजयकृति, स्वयम् महाकविज्यूको पनि 'मुनामदन' लाई पनि कोही छिन पर सारेर उहाँको विराट् रचना अथवा पुण्य शाकुन्तल महाकाव्यको बारेमा नै चर्चा गर्नु बेस होला । महाकविज्यूको विश्वविख्यात कृति शाकुन्तल महाकाव्य हाल प्रकाशित रूपमा देखापरेको भन्दा पनि धेरै ठूलो तीन खण्डभन्दा पनि विशाल काव्यको थियो रे । स्वयम् महाकविज्यूले उल्लेख गर्नुभएको पनि देखिएको छ ।

फेरि अघिको तथ्यको चर्चा गर्नु पनि आवश्यक देखिन्छ । महाकविज्यूलाई आफ्नो भावप्रकट गर्नका निमित्त नेपाली भाषाबाहेक संस्कृतका प्रचलित शब्द तत्सम र तद्भव शब्द पर्याप्त हुँदैनथे रे । त्यसैले गर्दा उहाँ आवश्यकता अनुसार नयाँ नयाँ शब्द पनि कुँदेर अथवा निर्माण गर्नुहुन्थ्यो रे । उदाहरणको रूपमा २, ४ शब्दको नमूना हेरौं: मान्द्रिलो, उफर, शावके आदि आदि ।

यदि वान्कीचाट 'वान्किलो' हुन सक्छ भने 'मान्द्रो' बाट 'मान्द्रिलो' किन हुन नसक्ने ? त्यस्तै 'उफ्रन्' बाट 'उफर' र 'शावक' बाट 'शावके' किन हुन नसक्ने ? हुन त संस्कृत भाषामा 'मृगशावक' जस्तो शब्द प्रसिद्ध नै छ । तर यो शावक भन्ने संस्कृत शब्द नेपाली भाषामा भने बच्चाको अर्थ दिनेमा प्रचलित छैन र बच्चाको अर्थ बुझाउन सक्षम पनि छैन । यर संस्कृतमा प्रचलित 'गोवत्स' भन्ने शब्दमा आएको 'वत्स' शब्द प्राकृत व्याकरणको नियम अनुसार 'त्स' को ठाउँमा 'छ' आदेश भएर 'बाछो' हुन पुगेर नेपाली पनि प्रचलित भैसकेको देखिन्छ । त्यस्तै 'त्स' को छ भएर नेपालीमा पनि प्रचलित भएको अर्को शब्द हो 'मत्स्य' बाट बनेको 'माछो' पनि हो ।

महाकविज्यूले आफ्नो विविध भाव प्रकट गर्नका लागि नेपाली भाषाका साथै संस्कृत प्राकृत र अरू अरू भाषाबाट आएर तत्सम तद्भव रूपमा नेपाली भाषामा थपिन आएका शब्दले मात्र पर्याप्त नहुने देखेर आफैले आविष्कार गरेका र परिमार्जन गरेका शब्दको प्रचुरता एवम् उस्तै उस्तै भावको पुनरावृत्तिको बाहुल्य भएकोले नै हो कि त्यति बेरको 'नेपाली भाषा प्रकाशिनी एवम् नेपाली भाषानुवाद परिषद्का तत्कालीन अनुभवहीन तथा ईर्ष्यालु युवुरु उभयुकुकहरूले अनावश्यक चिरफार गरी अङ्गभङ्ग गरी धेरै अंश छुट्याएर फालिदिएकोले त्यही ठूलो ग्रन्थ शाकुन्तल महाकाव्य यति सानो रूपमा प्रकाशित हुनपुगेको हो रे ।

भाषा त प्रवहमान नदीजस्तै निरन्तर प्रवाहित हुन्छ । छुनै पोखरी वा तालजस्तै सङ्कुचित हुँदैन ।

१०. मनको बली तनको बली स्वर्ग छ प्रसाद
छमभै गुरु ईश्वर भन्छ यो लक्ष्मीप्रसाद ।

यसरी आकारमा सानो भए पनि मुनामदन नेपाली साहित्य-भण्डारको विशिष्ट र अद्वितीय कृति बन्नपुगेको छ । जन्म- शताब्दीका अवसरमा महाकवि देवकोटापति हार्दिक श्रद्धा अर्पण गर्दछु ।

सन्दर्भग्रन्थ सूची

१. देवकोटा लक्ष्मीप्रसाद, मुनामदन, पञ्चौंसौं संस्करण, साझा प्रकाशन, २०५४ ।
२. लामिछाने कपिल, नेपाली साहित्यको सेरोफेरो, प्रथम सं., झला सदन, सिद्धार्थनगर, २०५८ ।
३. शर्मा मोहनराज र डा. खगेन्द्रप्रसाद लुइटेल, नेपाली कविता र आख्यान, नवीन प्रकाशन, काठमाडौं २०५४ ।
४. सम बालकृष्ण, भानु (सरस्वतीप्रसाद देवकोटा), महाकवि देवकोटा विशेषाङ्क, वर्ष ५ किरण १२, फागुन, २०२५ ।
५. सांकृत्यायन राहुल, आजकल (नेपाली महाकवि देवकोटा हिन्दी मासिक, वर्ष ९, सं. १, मई १९५३ बाट साभार अनूदित भई रचना (लक्ष्मीप्रसाद देवकोटा अङ्क), २०३३ पुस-माघ, वर्ष १४, अङ्क ४ ।

भैरहवा
हाल नर्वाबातेश्वर,

तिमी अमर छौ कवि

✍ राधा बास्कोटा

चेतना जोरेर चुलोमा
ज्ञान फलाउने कुती भैं
तिमी
साँच्चै रसिली स्वाद
बनेर आयौ
घर आँगनका बस्तीमा
बस्ती बस्तीका गस्तीमा
मुनामदनको बिहान
साहित्य पोतेर पाखा पाखामा
साहित्य सङ्गीत
छरेर भाखा भाखामा
जनमनका खाका खाकामा
सिमिरे सुनौलो सूर्य भैं
अक्षरको सुनसान शून्यमा
तिमी
नसङ्ख्या पहलिकसैंग
किरण छिरण्को लहर बनेर
फैलियौ
बन्दिहरू आँखा हेरेर मरिरहेछन्
तर तिमीले सधैं
अमर पताका फहरायौ
समुद्रको सुनसान लहर भैं
छताछुल्ल पोखिरै भरिंदै
उठेको छालनिजको तरङ्ग भैं
शाकुन्तल
आफैं साक्षी छ ,
सुलोचना
आफैं सौन्दर्य छ ,
प्रमिचस
आफैं अनुपम ऊर्जा छ ,
गुलाफको फूल भैं
पत्रपत्र जन्माएर रमैको
निधी परागको राग भैं
ज्वरसमना
तिमी अमरता बोलिरहेछ
शाहजहाँ
यमुनाको मुहान खोलिरहेछ
यात्राका
असङ्ख्य टापुहरूमा
सुस्ताएर तिम्रा यात्रीहरू
मन्दिर गुम्बाको
ढोका नखोली
दीनहीनका बस्तीमा
गाउँ गल्लीका गस्तीमा
आफ्ने पुकार खोजेर
मानवताको मन बाँधून
हिँडिरहेछन्
तिमी नेतृत्व अंगालेर
बाँचिले पनि साँच्चै सौन्दर्यका
ओठ चुम्न खोजिरहेछन्
बन्दिहरू
आँखा हेरेर मरिरहेछन्
सधैं तिमीले सधैं
अमर पताका फहरायौ
समुद्रको सुनसान लहर भैं
स्वच्छन्दताका
छताछुल्ल छाल फुँयाएर
अमरतरङ्ग लहरायौ ।

भाषा, हाल काठमाडौं

आग्रह गरेकी हुन्छे। उता मदनले धनी सामाको दमको रोग निको पारेको हुनाले आफूले चिताएभन्दा बढी सुख प्राप्त गर्छ। साथीहरूसँग घर फर्कने क्रममा उसलाई बाटामा हैजा लाग्छ। साथीहरूले उसलाई त्यसै छोडेर हिँड्छन्। जङ्गलमा एक्लै छटपटाइरहेको मदनलाई एक दयालु भोटे आई घरमा लगेर उसलाई सेवा गर्छ र रोग निको पार्छ। भोटेका घरबाट बिदा माग्दै हिँड्नुअघि आफूलाई सहयोग गरेको भनी मदनले भोटेलाई एक पोका सुन दिन खोजा भोटेले उपकारको बदला सुन माँगेमा जलाएर्छि मदन त्यो सुन मोकेर घर फर्कन्छ। यता गुण्डाले षड्यन्त्र गरी मुनालाई मदन मरेको झुट्टो चिठी पठाउँदा मुना मूर्च्छित भई बसिएर मर्छे। मदन घर आइपुग्दा मरणासन्न अवस्थामा आमाको पनि मृत्यु हुन्छ। आमा र पत्नीको वियोगले बिरामी परेको मदन आफ्नी दिदीलाई सबै सुम्पेर चिर निद्रामा सुत्छ।

मुनामदन खण्डकाव्यले प्रकृतिवादी अभिव्यञ्जनालाई जीवनदर्शनका रूपमा प्रस्तुत गरेको छ। मदनलाई साथीहरूले जङ्गलमै छोडेर जानु, भोटेले सरेर जडिबुटिद्वारा उपचार गरी स्वस्थ तुल्याउनुजस्ता प्रसङ्गले मानिस र प्रकृतिबीचको अन्तर्सम्बन्धलाई भल्काएको पाइन्छ। यसैगरी प्रस्तुत खण्डकाव्यमा मदनले ठाउँ-ठाउँमा ईश्वरको स्मरण गर्नु, मानिस खाली हात जन्मिन्छ र खाली हात जान्छ भन्ने आशय व्यक्त गर्नुले देवकोटाको अध्यात्मवादी जीवन-दर्शनसमेत महत्त्वपूर्ण देखा पर्दछ। मानवतावादी-कर्मवादी जीवनदृष्टि प्रस्तुत गर्नु यस कृतिको अर्को महत्त्वपूर्ण पक्ष हो। भोटे र मदनका बीच भएको व्यवहार र संवाद योजनाले मानवतावादको उच्च महत्त्वलाई उजागर गरेको छ। यसका साथै भोटे एक इमान्दार, कर्तव्यनिष्ठ र कर्मनिष्ठ भई मानिस-मानिसबीचको सत्-सम्बन्धलाई शिरोधार्य गर्ने पात्रका रूपमा चित्रित छ। जातिभेदका चरम व्यवहार र अभिव्यक्तिलाई भोटेको उदार भावले निस्तेज पारेको छ। यस सन्दर्भमा 'मानिसले मानिसको आँसु पुछ्नु नै धर्म हो' भनिएको छ। श्रम र पसिनाको महत्त्व दर्साउँदै कवितै कर्मशील हुन आह्वान गरेका छन्। यसरी मदन र भोटेका प्रसङ्गमा कर्मवादलाई प्रथम दिने अभिव्यक्तिले मानव-जीवनको यस महत्त्वपूर्ण पक्षको उद्घाटन गरेको छ। मुनामदन मुना र मदनबीचको आदर्श दाम्पत्य प्रेमको प्रतीक पनि हो। मिलीहरूबीच स्वच्छ र आत्मिक प्रेम भएको देखाइएको छ। मुना र मदनको प्रेममा समर्पण र बलिदानको भाव निहित छ।

अत्यन्त सरल, सहज र प्रवाहपूर्ण भाषाशैली, विभिन्न अलङ्कारहरूको प्रयोग र भयाङ्रे लयमा आबद्ध कृतिको रचनाले मुनामदन विशिष्ट बनेको छ। घटना र परिवेशको सुन्दर चित्रण, मार्मिक संवाद योजना र समयसापेक्ष विषयवस्तुको प्रस्तुतिले कृतिको महत्ता झन् बढेको छ। नेपाली खण्डकाव्यका निम्न पङ्क्तिहरूले उपर्युल्लिखित सन्दर्भहरूलाई समेट्न सफल छन्-

१. हातका मैला सुनको मैला के गर्नु धनले ?
साग र सिस्नु खाएको बेस आनन्दी मनले !

२. मासुको फूल बैलेर जान्छ महीमा मिन्दछ
अरू नै फूल पृथ्वीपारि स्वर्गमा फुन्दछ !

३. पृथ्वीतिर नोर्दर मुना ! म पनि आउँछु
आँखामा आँसु लिएर बिनी म भेट्न आउँछु !

४. ईश्वर मैंले रचेर फेरि कसरी बिसारिस् ?
सृष्टिको फूल रचेर त्यस्तो कसरी लतारिस् ?

५. पृथिवीभित्र रोपेको बीउ स्वर्गमा फान्दछ
दिएको जति पृथिवीभित्र साथि नै मिन्दछ ,

६. क्षेत्रीको छोरो यो पाउ छुन्छ, धिनले छुँदैन,
मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।

७. म बीसै दिन बसुँला स्नाला, बाटामा बीसै दिन
अघेका फेरि आउँछ उहीं बिहान झुनै दिन ।

८. आफैंले खन्छ आफैंले खान्छ, सितैमा छुँदिन
क्या दिन्छ तिम्रो ? क्या मिन्छ मैले ? माग्दिन दिँदिन ।

९. रोपेर सुन उम्रन्न क्यार ! के गर्छ सुनसे ?
रोपेर राख्यो, पछि पो खान्छ यो तिसो गुनले ।

निरन्तर प्रवाहित हुने नदीले नयाँ नयाँ प्रदेश टेक्दै गएजस्तै भाषा पनि नयाँ प्रदेश र परिवेशमा फैलिँदै जान्छ। नयाँ नयाँ शब्द टिप्दै जान्छ र आफ्नो शब्दभण्डार भर्दै गर्दै जान्छ। यो त प्राकृतिक नियम नै हो। तर के गर्नु ! इतिहासको गति नबुझेका उपबुद्धकहरूकै हाली मुहाली भएपछि कसको के लाग्दो रहेछ र ! भनी महाकविज्यूले साढे चित्त दुखाएर असन्तोष प्रकट गर्नुहुन्थ्यो रे !

अब महाकविज्यूको लेखनप्रणालीबारे चर्चा गरौं- उहाँको लेखन-गति पहाडको टाकुराबाट ठाडो तल झरेको छाँगोजस्तै अति छिटो बेगले कुद्ने छहराजस्तै अविराम गतिले अघि बढ्थ्यो। विनारोकटोक रेशमा दौडेको अरबी घोडाजस्तै आफ्नो लक्ष्यमा लघुगोलन बीचमा तरोकिने कुनै हालतमा पनि बीचमा जस्तै व्यवधान आओस्। शाकुन्तल महाकाव्यको लेखन-गतिको कुरा चल्या महाकविले भन्ने गर्नु भएअनुसार एक पङ्क्तिमा मात्र १९ अक्षरमै ४ पङ्क्तिमा जम्मा गर्दा ७६ अक्षर हुने शार्दूलविक्रीडित छन्दमा र त्यसले एक पङ्क्तिमा २१ अक्षरमै चार पङ्क्तिमा ८४ अक्षर हुने लामा लामा स्रग्धराजस्ता छन्दमा पनि १ घण्टाको ६० मिनेटभित्र ३४ देखि ४० श्लोकसम्म लेख्न भ्याएँ भनी बताउनुहुन्थ्यो। अरू अरू १ हरफमा ८ अक्षर हुने र चारै हरफ मिलाउँदा एक श्लोकमा ३२ अक्षर हुने अनुष्टुप्जस्ता छन्दमा त दुईगुना बढी लेख्नुपर्नेको कुरा गर्नुहुन्थ्यो।

महाकविज्यूले कति लेख्नुभयो त्यसको लेखाजोखा नै छैन। कति हो कति ! महाकविज्यूले लेखेका र प्रकाशित भैसकेका कृतिहरूको सङ्ख्या नै पाँच दर्जन नाघिसकेका छन्। उहाँका अप्रकाशित रचनाको त किसाबै छैन।

अति बलवन्त विचार र अरू पर्वहरूका निम्ति र शुभकामना आदिका लागि लेखिदिएका लेख कविताहरूको गन्ती नै छैन। हजारौं हजारौं भए हून्। अझ बढी नै।

त्यस्ता ठूलाठालू महानुभावहरूले महाकविज्यूलाई लेख्न लगाएर आ-आफ्ना नाममा छपाएका कृतिको पनि गन्ती नै छैन।

यस्को त के कुरा गर्ने र ! अति बचम्मको कुरा त तत्कालीन कवि म.वि.वि. शाहले समेत महाकविज्यूलाई केही मलेखेको कागज पठाएर दिएर कविज्यू यो कविता संशोधन गरिदिन अनुरोध गर्ने गर्थे रे। अनि महाकविले पनि सो कुरा कागजमा नयाँ कविता उतिसकै लेखेर उनलाई फर्काइदिनुहुन्थ्यो रे। मैले यो कुरा धेरै व्यक्तिका मुखबाट सुनेको छु।

यो कुराको प्रसङ्ग मैंगे महाकविज्यूसँग दुई/चारपटक उठाएको पनि हो। उहाँले केही भन्नुहुनेछ। केवल हाँसेर समर्थन मात्र प्रकट गर्नुहुन्थ्यो।

एक ताकाको कुरा हो, एकतन्त्री शासनको उत्पीडन खप्न नसकेर महाकविज्यूमा पनि विद्रोहको भावना आइरहन्थ्यो रे। त्यसैले गर्दा उहाँ पनि राजनैतिक विचारधारापट्टि लाग्नुभयो रे। अनि त्यसै विद्रोही भावनासँगै गर्दा अवसर बोकेर भारतको बनारसमा प्रवासी हुन पुग्नुभयो रे। अनि जीवन गुजारा गर्नका लागि धनको आवश्यकता अनिवार्य पर्दा कुनै प्रकाशकबाट गएर श्लोकको चार आनाका दरले कविता लेख्न थाल्नुभयो रे। अनि त दिनको ४०-५० श्लोकसम्म लेख्न थालेपछि त्यति धेरै कविताबाट श्लोकहरूको दक्षिणा अथवा पारिश्रमिक दिन असमर्थता प्रकट गर्दै दिनको बढीमा ८-१० वटा मात्र श्लोक लेख्न आग्रह गर्न थाले रे।

अब प्रसङ्ग बदलौं :-

महाकविज्यू भारतको प्रवासमा जानुभएकै बेला उहाँ विरोधमा लागेको आशङ्कामा तत्कालीन शासकवर्गले उहाँको घरमा खानतलास गर्दा अरू केही नभेटिएर केवल कविता कथा लिखित लेखिएका कागजमा पुग्नामात्र देखेर डाकोमा हाली दिल्लीबजार कालीकास्थानबाट नरको रथ पीपा गोश्वारहुँदै

सिंहदरबारतिर जाने बाटा मुखैमा पश्चिमपट्टि भिरालो बाँसघारी बीचमा पर्ने खोंचमा एउटा ठूलो धाप। पोखरी। थियो, त्यसैको छेउमा फालिंदिएछन् रे। औंसले त्यस ठाउँमा भोखरी छैन। एउटा इनारमात्र बाँकी छ। अनि त्यही पिपा गोश्वाराहरूको भिरालोमा सिढी बनेको र त्यो गौरीटोजस्तो हैन, राम्रो बाटो बनेर बाटाका दुतैतिर बस्ती बसेर बढेबढे महल खडा भएको त्यो बाटो पुतलीसडकमा निस्कने ठाउँ बन्नाघुमेको र सडकपारीको शंकरदेव क्याम्पस देखिने भएको छ। अनि त्यो ढोकमा फालिएका महाकविज्यूका कविता/निबन्ध इत्यादि बेवारिसे अवस्थामा रहेकाले त्यताबाट हिंड्ने र मोर बसुन पढे लेखेकाले पनि लगेर आ-आफ्ना नामका छपाउने पनि गये रे। अनि त्यसै बाटो ओहोर-दोहोर गर्ने एकजना हवल्दारले निकै नै कागजहरू लगेछन् र छमाथम आफ्ना नामबाट छपाएछन् रे।

महाकविज्यू प्रकाशबाट नेपाल फर्किनुभएपछि त्यो छपिएका पुस्तकहरू महाकविज्यूका हातमा पनि परेछन् रे। महाकविज्यूले पढ्नुभएछ रे। यद्यपि जाँदा उहाँलाई ती पुस्तकका सेस कविता त आफैले लेखेका हुन् भन्ने लागेर खोजी गर्दा निज हवल्दार पनि भेटिएर खोजेजस्तो गर्दा बेवारिसे फालिएको अवस्थामा भेटेका ती रचनाहरूमा लेखक अथवा रचनाकारको नाम ठेगाना भलेखिएकाले आफ्नो नाममा छपाएर प्रचार गरेको हुँ भनजानमा गल्ती भयो भनी क्षमा पनि माग्नेछन् रे। अनि महाकविले क्षमा दिनुभयो रे। स्वयम् महाकविज्यूले क्षमा दिनुभएपछिलेले उक्त हवल्दारले नाम गरी गर्दा उल्लेख निजको अपमान गर्नु मनासिब लागेन। प्रकाशित भइसकेका कृतिहरू पढ्ने महानुभावले स्वयम् थाहा पाउनु हुने नै छ। यसरी बिचार गर्दा महाकविज्यूले लेख्नुभएका रचनाहरूबाट साना ठूला गरी ३०० गरी ३००, ४०० थान पुस्तक एवम् ग्रन्थहरू तयार हुन सक्ने प्रबल सम्भावना देखिन्छ। के गर्नु, यसलाई नेपालीहरूको ठूलो दुर्भाग्य एवम् अपूरणीय क्षति भन्नु बाहेक के गर्न सकिन्छ र।

अब अर्को प्रसङ्गतिर लागौं:-

महाकविज्यूलाई बराबर आर्थिक सङ्कट परिरहन्थ्यो रे। 'रे' के भनौं र अरूले भनेको कुरामात्र भएको भए पो। आफूले पनि धेरै पटक देखे-बुझेकै कुरा हो। तर त्यो पनि अधम्मको कुरा छ। आमदानी नभएर वा आर्थिक स्रोत केही नभएर होइन। उहाँ आफ्ना घरमा साँझ बिहान र बाहिर पनि प्रशस्त ट्युसन पढाउनुहुन्थ्यो। त्यताबाट पनि प्रशस्त कमाउनुहुन्थ्यो। जाँगरे हुँदा जाँगरबाट पैसा कमाउनुहुन्थ्यो। तै पनि कविज्यूलाई बारम्बार पैसाको खाँचो परिरहन्छभन्दा घोर अधम्मको कुरा भएन र? त्यसको कारण के हो त भन्ने प्रश्न उठ्ल ठीक होइन र? त्यसको पनि आफ्नै किसिमको अनौठो र अपत्यारिलो कारण अवश्य छ। एउटा मात्र होइन, दुईवटा बलिया कारण छन्। पहिलो कारण त महाकविज्यूको आफ्नै कारण छ भने दोस्रो उहाँको परिवारका सदस्यको।

महाकविज्यू प्रशस्त पैसा कमाउनु त हुन्थ्यो नै, तर व्यवस्थित किसिमले खर्च गर्ने र बचत गर्नितर्फ भने पटकै ध्यान दिनुहुन्नथ्यो। त्यसैले गर्दा उहाँलाई बराबर पैसाको खाँचो पर्थ्यो। ट्युशनको फिस लिएर आएको बेला र जाँगरको तालक लिएर आएको बेला उहाँ बढी प्रसन्न मुद्रामा देखिनुहुन्थ्यो। एकपटी टाठाबाठा धुर्तहरूले घात पाइहाल्ने र यहि लाभिहाल्ने अनि धुरिबाटीको मिठाइ खाउने प्रस्ताव राखिहाल्थे। कविज्यू सरल स्वभावको भएको हुनाले नाईनास्ति गर्न सक्नुहुन्नथ्यो। अनि कविज्यूको घर जाने बाटोमा पर्ने र अति परबै पनि हरेक हलुवाईपसलमा गएर मिठाई खान्थे। पैसा तिर्ने बेलामा कविज्यू फोरिसे पनि 'कति पैसा लाग्यो? कति दिनुपर्ने?' भनी सोध्ने गर्नुहुन्नथ्यो। खर्लीमा भएभरको पैसा भिकेर साहुजीका अगाडि राखिदिनुहुन्थ्यो। अनि साहुले

पृष्ठमा सरीचित मुनामदन स्वयम् देवकोटाकै पनि प्रिय कृति हो। देहावसान हुनुभन्दा केही दिनअघि शान्तभवन अस्पतालमा देवकोटाले "मुनामदन बाहेक मेरा अरू सबै कृति जलाइदिए पनि हुन्छ" भन्नुले पनि त्यस कुराको पुष्टि हुन्छ। नेपाली काव्यजगत्मा स्वच्छन्दतावादी भावधारामाई प्रकाशन गर्ने र स्थापित गर्ने पहिलो सशक्त कृति मुनामदन नै हो भन्दा अत्युक्ति हुनेछैन। यस कृतिमा स्वच्छन्दतावादी मान्यताअनुरूपकै विशेषतः अध्यात्मवादी विचार, प्रकृतिवादी अभिव्यञ्जना, मानवतावादी-कर्मवादी भावना र राम्रलाई प्रेमको प्रस्तुति पाइन्छन्।

प्रस्तुत खण्डकाव्यमा मुना र मदन मूल पात्रका रूपमा चित्रित छन् भने आमा भोटे, नैनी, दिदी, गुन्डो आदि अन्य पात्रहरू रहेका छन्। धन कमाएर परिवारको इच्छा पूर्ण गरी सुखी तुल्याउन चाहने मदन पत्नीलाई असाध्य माया गर्ने र आफ्नी आमालाई श्रद्धा गर्ने काठमाडौंसी निम्नमध्यमवर्गीय व्यापारीका साथै जिम्मेवार र उत्तरदायी युवावर्गको प्रतिनिधि पात्र हो। समग्रमा मदनलाई 'मुनामदन' कृतिको प्रमुख पुरुष पात्रका साथै भौतिकवादी र अनुकूल चरित्र एवम् आर्थिक स्थिति कमजोर भई ऋणमा डुबेको वर्गीय पात्रका रूपमा चित्रण गरिएको छ।

मुना प्रमुख नारी पात्र हो। मदनकी पत्नी हो, मुना। धनलाई भन्दा बढी आत्मिक प्रेमलाई महत्व दिने आदर्शवादी एवम् अध्यात्मवादी मुना दृढ चरित्र भएकी पतिव्रता नारी हो। निष्ठावान् एवम् स्थिर चरित्र मुना वर्गीय परिवेशका साथै आदर्शनारी तथा सत् गृहिणीको प्रतिनिधित्व गर्न अनुकूल पात्र हो।

भोटे प्रस्तुत कृतिको सहायक पुरुष पात्र हो। उसलाई मानवतावादी, आदर्शवादी, उदारवादी र अनुकूल पात्रका रूपमा चित्रण गरिएको छ। धनमुखीभन्दा सेवामुखी भोटेलाई कवीको मूलपात्रका रूपमा प्रस्तुत गरिएको छ।

आख्यान र अनुभूतिको सुन्दर समीकरण भएको 'मुनामदन' देवकोटाका अन्य काव्यकृतिभन्दा श्रेष्ठ ठहरिएको छ। यस कृतिमा तत्कालीन शासनव्यवस्थाका कारण शोषित-पीडित नेपाली समाजको निम्न आर्थिक अवस्थाको चित्रण गरिएको छ। परिवारको सुखका निम्ति धन कमाउन मदन भोट गएको प्रसङ्ग उल्लेख्य छ। आजकी परिस्थितिमा नेपालीहरू धन कमाउन अरब र अन्य मुलुकतर्फ उन्मुख भएका छन्। मुनामदन खण्डकाव्य काठमाडौंदेखि भोट इलाका सम्मको परिवेशमा विस्तारित भएको छ। यात्राका क्रममा देखापर्ने बाटाको विकटता, हिमाली क्षेत्रको सौन्दर्य र इलाकाको भव्यता आदिको वर्णनका साथै भोटेहरूको सांस्कृतिकताको चित्रणले कृतिमा आकर्षक काव्य-परिवेश प्राप्त गरेको अनुभूत हुन्छ। निम्न र निम्नमध्यमवर्गीय सामाजिकतालाई लाक्षाउने यस खण्डकाव्यले निम्न आर्थिक अवस्था भोगेकी परिवारको अवस्थिति दर्साउँछ भने परिवारको आकाङ्क्षा पूरा गर्न असमर्थ भई धन कमाउन प्रवासतिर लागुपर्ने बाध्यतालाई दृष्टान्तका रूपमा प्रस्तुत गरेको छ। समाजमा महिलाहरूलाई दुःख दिने गुण्डापवृत्तिको चित्रणले नेपाली सामाजिकताको एक पक्षलाई देखाएको छ भने अरूका निम्ति पाटी, धारा बनाइदिने भावनाको अभिव्यञ्जना पनि कृतिमा पाइन्छ। भोटेका माध्यमबाट साथीभो र सद्भावनापूर्ण मानसिकताको अभिव्यक्ति दिने यस खण्डकाव्यले भोटको सामाजिकतालाई समेत प्रस्तुत गर्न सफल भएको छ।

धरमा तरुनी पत्नी र साठी वर्ष बुढी आमालाई छोडेर मदन पैसा कमाउन इलाका जान्छ। आमालाई मीठो खुवाउन, पाटी र धारा बनाई उनको इच्छा पूरा गर्न, पत्नीका निम्ति सुनका गहना कमाउन र साहुको ऋण तिर्न एक महिनाको विकट यात्रा पार गरी मदन इलाका पुग्छ। छ-सात महिनासम्म पनि मदन घर नफर्कंदा मुनाकी अवस्था चिन्ताजनक हुन्छ अर्कोतिर गैनीले उसलाई फकाउन थाल्नु र गुन्डाहरू उसका बरिपरि डुल्न थाल्नु असह्य हुन्छ। यात्राको आरम्भमा नै मुनाले मदनलाई भोट नजान

'मुनामदन' मा देवकोटा

✍ यादव भट्टराई

लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६९-२०१६) नेपाली साहित्यका सर्वोच्च प्रतिभा हुन् । पचास वर्ष जीवनकालमा सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले महत्वपूर्ण कृति रचना गर्ने देवकोटा विलक्षण प्रतिभाका धनी थिए । प्रचुर कल्पनाशीलता, चिन्तनको गहिराइ, आशुलेखन, धाराप्रवाहलेखन र नवीनताजस्ता विशेषताले युक्त देवकोटाका रचनाहरू सामाजिक, सांस्कृतिक, मानवीय, राष्ट्रिय वा जातीय (नेपाली) दृष्टिले उच्च महत्वका साबित भएका छन् । अङ्ग्रेजीका प्राध्यापक भएर पनि देवकोटाले नेपाली भाषामा साहित्य रचना गरिरहे । अङ्ग्रेजी कविताको रचनामा समेत प्रवृत्त देवकोटाले शाकुन्तल महाकाव्यको अङ्ग्रेजी संस्करण Shakuntal, Epic समेतको रचना गरेका छन् । भारतीय विख्यात साहित्यकार महापण्डित राहुल साङ्कृत्यायनले 'देवकोटामा हामी हाम्रा हिन्दीका पन्त, प्रसाद, निराला हरूलाई सम्पूर्ण रूपमा पाउने मात्र होइन, बरु हामी उनमा प्रिय-प्रवास का कवि हरिऔधलाई विकसित रूपमा पाउँछौं भने अर्कोतिर अर्को महाकवि पनि पाउँछौं, जो आलोचनाम्य हिन्दीमा जन्मेकै छैन । देवकोटा जनताको सरल र सुललित भाषामा मुनामदन कृतिजीवन महान् गायक हुन् भनेबाट लक्ष्मीप्रसाद देवकोटाको विराट् साहित्यिक व्यक्तित्वको आँकलन गर्न सकिन्छ । साहित्यकार बालकृष्ण समले 'महाकवि देवकोटा तीनचोटी जन्मे : मुनामदन लिए, शाकुन्तल लिए अनि पागलसित, तर एकचोटि पनि मरेनन् । उनी नेपाली साहित्यसित सदैव जीवित रहनेछन्' भनी उनका कविता-कृतिको जुन मूल्याङ्कन गरेका छन्, त्यो गलपकमम्म यथार्थ प्रमाणित भएको छ ।

देवकोटाद्वारा रचना गरिएका काव्यकृतिमध्ये मुनामदन (खण्डकाव्य), शाकुन्तल (महाकाव्य) र पागल (फुटकर गद्य कविताले सर्वाधिक चर्चा प्राप्त गरेका छन् ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकीको यस अवसरमा देशभित्र एवम् नेपाली भाषी र नेपाली जाति बसोबास गर्ने सर्वैतर देवकोटालाई विशेष रूपले सम्झना गरिएको छ । उनको व्यक्तित्व र कृतित्वबारे धेरै कार्यहरू सम्पन्न गरिँदै छन् । स्रष्टालाई अमर तुल्याउने तिनका महत महत्वपूर्ण कृतिहरू नै हुन् । वास्तवमा देवकोटा उनका कृतिहरूबाट नै बढी चिनिएका र अर्चित भएका हुन् । तत्कालीन समाजलाई असाधारण लाग्ने उनको व्यवहार र अद्भुत लाग्ने उनको साहित्यिक जीवनले देवकोटालाई असाधारण व्यक्तित्वका रूपमा स्थापित गरेको मान्न सकिन्छ । यस्ता महान् र असाधारण व्यक्तित्वका बारेमा कलम चलाउनु भो पढ्तिकारका निमित एउटा धृष्टतामात्र हो, तथापि उनको जन्म-शताब्दीको यस क्षणमा महान् स्रष्टाको सम्झना गर्ने यो एक अवसर पनि हो भने सागर देवकोटारचित मुनामदन बारे सङ्क्षिप्तमा चर्चा गर्ने प्रयास गरिएको छ ।

मुनामदन देवकोटाको अत्यन्त चर्चित र लोकप्रिय खण्डकाव्य हो । नेपाली भाषाहरू मध्ये सर्वप्रथम उच्च सफल प्रयोग भएको यो कृति विभिन्न उपशीर्षक र चित्ताकर्षक साथ जम्माजम्मी पन्ध्र घटनाहरूलाई अठ्ठाइ भाग वा खण्डमा समेटेर रचना गरिएको छ । प्रकाशकीय, समर्पण र सज्जनवर्गको प्रतिक्रिया पृष्ठबाहेक जम्माजम्मी चालिस

जति पैसा फिर्ता दिन्थ्यो, सो रकम नगनी खुरुक्क खल्तीमा हाल्नुहुन्थ्यो । यसरी रोलले दुई/तीन पसलमा जोडा कहिलेकाहीँ त धेरै पैसा सकिन्थ्यो । अनि अतिजति पैसाले चाङ्गु र पुष्टकारी किनेर घरमा सगैर सबै छोराछोरीलाई दामासाहीले बाँडिदिनुहुन्थ्यो । कहिलेकाहीँ त सबै पैसा सकेर रित्ते घर फर्कनुहुन्थ्यो रे ! त्यसरी धुतहरूका मण्डलीसँग हलुवाइका पसलमा बसेको १/२ पटकमात्र होइन धेरै पटक मैले आफ्नै आँखाले देखेकी पनि छु । त्यसबारे कुरा गर्दा भुल सकारेर अब त्यसो नगर्ने भन्नुहुन्थ्यो रे ! तर त्यसरी पोकटमा खुटाउने बानीमा भने सुधार भएन रे !

अब अर्को कारण चाहिँ यस्तो छ :-

महाकविज्यूलाई एकछोपा पनि घरी नमिसाएको निखरा दूध खान मन पर्थ्यो । त्यसैकारण उहाँले धेरै आफ्नो घरमा गाई भैंसी पाल्ने पनि गर्नुहुन्थ्यो । खर्चनका खर्चन काउली गाईलाई खुवाउने पनि गर्नुहुन्थ्यो । गाई भैंसीको स्याहार-सुसार गर्नको लागि एउटा गोठाली पनि राख्नुभएको थियो । तर त्यो गोठाली बढो धूर्त र बेइमान पनि थियो । त्यसले गाई भैंसी चराउन खाँदा सिजाने गर्थ्यो र गाई भैंसी बेच्न गर्थ्यो । पैसा आफै खान्थ्यो । तर घर आएर भने गाई भैंसी हराएर भनेर झूटो कुरा भन्ने गर्थ्यो । घरका जहानले कविज्यूलाई त्यो धूर्त गोठालालाई निकाल्ने कुरा गर्थे । तर महाकवि घरका परिवारले भनेको पत्याउनुहुँदैनथ्यो । अरू उल्टै त्यही गोठालोको पक्ष लिनुहुन्थ्यो । त्यस गोठालोसँगै सीताईडी अर्थात् गुप्तचरी गरी सबै घरका परिवारको बारेमा नराम्रो र झूटो कुरा लाउँथ्यो । त्यति मात्र कहाँ हो र ? महाकविज्यूकी श्रीमतीलाई पनि साढे छक्की भरपेट खान पनि नदिने बेवकूफमा पनि गाली मात्र गर्ने भनी धुक्की लाउनेगर्थ्यो । त्यसले अरूको आँखा छल्न पायो भनी महाकविको कान भरिहाल्थ्यो । यस्तै यस्तै हुँदै जाँदा महाकविज्यूकी श्रीमती मनदेवीको मन भाँचिदै गयो र उहाँ हरेराम-कीर्तनभजन मण्डलीका एवम् भागवतकुञ्जका गुरु कविप्रसादका सङ्गतमा लाग्न थाल्नुभो र कविज्यूको आँखा छलेर कविज्यूले कमाएको पैसा बराबर गुरुको पोल्टामा हालिदिने गर्न लाग्नुभो । यसरी घरमा भगडा कविद्वारा हुन थाल्यो रे ! अनि एकपल्ट त जिन्दगीभर कहिल्यै घर नफर्किने भनी माइत जानुभयो रे ! तर सधैं माइतमा के बस्न सकिन्थ्यो र ? घरको माया लागे फर्केर त आउनुभयो, तर कविज्यूको आँखा छलेर गुरुलाई पोल्ने उहाँको बानी छुटेन ।

धेरै पछि गोठालोलाई निकालियो, तर कविज्यूलाई भने सबैले त्रास्ता गर्न छोडिदिए । उहाँले बेलामा भातसम्म खान पनि नपाउने हुनथाल्यो । अनि प्रति पटक त उहाँले पाल्तैगरेको भात पुलोबाट भैंसा ओराली माड फालेर काँचै खाएर ट्युशन एवम् जागिर खान जानुपर्ने अवस्था पनि आउन थाल्यो रे ।

हुन त उहाँले हरेक महिना भितेर अर्को महिनाको तीन/चार दिनपछि तलब पाउनुहुन्थ्यो । तर पनि घरको नभासिइ्ग चालले गर्दा उहाँलाई सधैं पैसाको खोजी गर्न पाल्थ्यो रे ! अनि हरेक महिनाको १५, २० दिनमै कार्यालयमा गएर कहिले तलब आउँछ ? भनी तहसीलदार एवम् तलब दिने कर्मचारीसँग सोध्ने गर्नुहुन्थ्यो रे ! अनि उसले पनि यो महिना भितेर अर्को महिना सागेपछि ४, ५ गतेतिर पो यो महिनाको तलब पाइन्छ । महिना नभित्रैमा बीचैमा कहाँ पाइन्छ त ! भनेर जवाफ दिन्थ्यो रे ! अनि कसैजी पनि हो त नि भनेर फर्किनुहुन्थ्यो रे !

पहिले पहिले त महाकविज्यू चुरोट छुनु पनि हुन्नथ्यो रे ! अरू कसैले चुरोट खाएको देख्नुभयो भने हातबाट, मुखैबाट धुतेर फालिदिनुहुन्थ्यो रे ! तर पछि पछि भने उहाँले चुरोट खान थाल्नुभयो रे ! अनि त अनि अनि गर्दै उहाँलाई चुरोट नभइनहुने भयो रे ! उहाँलाई त राम्रोसँग चुरोटको लत बस्न गयो रे ! छोड्नै सक्नुभएन रे ! भनिन्छ, वास्तवमा कुनै मानिस पनि कुनै कुराको लतमा सकेसम्म

लाग्न र त्यसमा फस्न चाहँदैन रे ! तर परिस्थितिले गर्दा नै फस्न पुग्छ रे !

प्रायः मानिसहरू घरबाहिरको वातावरण दौडधूप वारिवरिका व्यक्तिहरूसंगको राम्रो नराम्रो व्यवहार सहज असहज स्थितिले गर्दा असन्तुष्ट एवम् पीडित भएर वेनुका घरभित्र पसी त्यहाँको शान्त वातावरणमा घरका जहानसंग सुख दुःखका कुरा गर्दै आनन्द मनाउन खोज्छ रे !

तर जसलाई घरभित्र पनि शान्ति मिल्दैन, कसैले सहयोग गर्दैन, आफ्नो वास्ता गर्दैन, सधैं 'बात भात ढुकू' कै समस्या सुल्झिंदैन भने उसले त्यो सब बिसंनको लागि अर्को विकल्प खोज्न बाध्य हुन्छ रे । अनि कसैले जुवातासको सहारा लिन्छ रे । कसैले मद्यपान रोज्छ रे । अनि कसैले धूमपानको बाटो रोज्छ रे । त्यसमा अरू लतमा धेरै पैसा खर्च हुने, उस्तैउस्तको मण्डली बनाउनुपर्ने भएकोले मलाईं त्यस्तो मनपर्ने पनि हुन्छ रे । धूमपानमा मण्डली बनाउन पनि नपर्ने, पैसा पनि धेरै नपर्ने मद्यपानमा जस्तो मात पनि नलाग्ने । एकै पनि रमाउन सीक्ने भएकोले धेरै मानिस त चुरोटतर्फ नै बढी लाग्छन् रे । त्यसैले होला हाम्रा महाकविज्यू पनि चुरोटमै रमाउन पुग्नुभयो रे !

महाकविमा चुरोटको मोह यति साह्रो थियो कि उहाँलाई भेट्न आउने सबैजसोले चुरोट लिएरै आउनुपर्थ्यो रे । भेट्न आउने सबैसंग उहाँले 'चुरोट छ कि' भनेर सोधिहाल्नुहुन्थ्यो रे । उहाँको एक हातमा चुरोट र अर्को हातमा कलम हुन्थ्यो रे । महाकविज्यू पहिले पहिले घरमा छँदा तमाखु पनि खानुहुन्थ्यो रे । तर तमाखु खानका लागि हुक्का, तर्सी, चिलम गोलको भर्भराउँदो आगोको आवश्यक पर्ने जोर्जोर्जो मिलाउन् पर्ने नै भएकोले पछि पछि भने महाकविज्यूले चुरोटमात्र खाने गर्नुभयो रे !

चुरोट सादासादा सल्किंदै गएर सानो ठुटो भएपछि हात पोल्ने डरले निभाएर राख्दा ठुटो राख्ने भाँडा नै भरिन्थ्यो रे । अनि कहिले कहीं चुरोट नभएको बेलामा फर्याक्क सकेका ती ठुटा नै फेरि सल्काएर खाने गर्नुहुन्थ्यो रे । महाकविज्यूका चुरोटको लत अतिसम्म बढ्यो रे । भोक प्यास निद्रा र पीर आदि पनि उहाँले चुरोट खाएरै बिर्सिंदिन थाल्नुभयो रे । उहाँले चुरोट त के खानुभयो र बरु चुरोटले उहाँलाई नै खाइदियो रे । त्यही चुरोटको नराम्रो लतले गर्दा नै केवल आधा शताब्दी अर्थात् ५० वर्षको उमेरमै उहाँको असामयिक निधन हुनपुग्यो भयानक अर्बुद (क्यान्सर) रोगले । यसरी त्यही चुरोटको निर्माता हाम्रोसारा नेपाली र प्रबुद्ध विश्वका साहित्यिक समाज तथा सर्वसाधारण शिक्षित अशिक्षित जनतालाई एउटा सोचनीय महाकविलाई गुमाएर शोकमग्न हुनुपर्यो ।

अब अर्को प्रसङ्गतर्फ लागौं :-

महाकविज्यूले लाँक बिहान आफ्नो घरमा र अन्त गएर ट्यूशन पढाउने गर्नका साथै केही वर्ष विभिन्न महाविद्यालय विश्वविद्यालयमा पनि प्राध्यापन अथवा विशेष किसिमले पढाउने सेवा गर्नुहुन्थ्यो । त्यसै सिलसिलामा नै त्रिभुवनराजको दरबार हाइस्कूलमा (जो अहिले भानु माध्यमिक विद्यालयका नाममा परिणत भएको छ) राम्रो माध्यमिक र कलेज स्थापना भएपछि प्राध्यापन सेवा गर्नुभयो । त्यसैगरी ठमेल लेनचौरको सरस्वती कलेजमा केही वर्ष सेवा गर्नुभयो ।

सेवाकै प्रसङ्गको चर्चा गर्दा, नेपाल काठमाण्डूको प्रसिद्ध घण्टाघरको छत्रछाँया भनी स्थापित विश्वेन्द्र कलेजको मूलसडक पारी पश्चिमतिर र प्रसिद्ध रानीपोखरीको पूर्व-उत्तर कुनामा रहेको सरस्वती सदनको तल्लोतलामा स्थापित नेपाली भाषा प्रकाशिनी समितिमा त्यतिबेला र (पछि सिंहदरबार भवनकै पछाडि पूर्वपट्टिको पोकला अवस्थित भवनमा सरेको) त्यही नेपाली भाषा प्रकाशिनी समिति र नेपाली भाषानुवाद परिषद्मा

उद्वेलित तुल्याएजस्तै कविका कविताले एउटी सम्पूर्ण चारुलाई चिनाउने कोशिश गरेको देखिन्छ ।

कविले प्रकृतिबाट अनेक कुराको खोजी गर्दछन् ठाउँठाउँमा इन्द्रियसंवेद्य प्रकृति पनि देखाउँछन् । आँखालाई रूप जगतलाई सङ्गीत, नाकलाई गन्ध र मनलाई तृप्ति प्रदान गर्ने बर्णन कुशलता कविमा रहन्छ । कविता पढ्दै जाँदा प्रकृतिको छविचित्र हाम्रो आँखासामु नाच्न थाल्दछ । लेखनाथ पौडेलको ऋतु विचारका यी पङ्क्तिहरू पनि 'चारु' कविताका पङ्क्तिजस्तै देखिन्छन् प्रकृति वर्णनमा -

"बेली, जाई, जुही, चम्पा, चमेली, मधुमालती
सबैमा भरिएको छ भरिलो मोहनी छवि ।"

महाकवि देवकोटाले 'पागल' कवितामा पनि 'चारु' सम्झँदै आफ्ना मनाइ राख्जस्तो लाग्दछ -
गुलाबको फूल फूलमाथ मभएर हेर्तेन र पद्मिनी भएर नाँचेको देख्छन् । ली हेरेन र पद्मिनी नेपाली प्रकृतिकी बाला 'चारु' हो होइनन् र ? किनकि देवकोटाका धेरै रचनामा निजी अनुभूति, आशुलेखन, र प्रकृति प्रेम, विशेषताकै रूपमा मुखर रहेका हुन्छन् ।

"साहित्य भनेको जीवनको समालोचना हो, कविता भनेको गद्य मिलाएको संरचना हो अनि सङ्गीतमय विचार हो, कल्पनाको अभिव्यक्ति हो" भनेर धेरै विद्वान्ले भने पनि वर्डस्वर्थले स्पष्ट पारे- "कविता भनेको सशक्त अनुभूतिको स्वस्फूर्त अभिव्यक्ति हो" यो स्वस्फूर्त अभिव्यक्तिको बान्सीमा बाँधिएका देवकोटाको 'चारु' सौन्दर्यको लयात्मक संरचनाको उपलब्धि हो ।

सेवानीका क्रममा सम्झना हुन्छ- त्यस्तो फुलको नामका जुन झैरपछि माथ टिप्न सकिन्छ । यौवन अवस्थामा हुनै पाइनन्... भनेजस्तै रसास्वादन र आस्वादन नगरी बिताएकी यौवना हुन् कविकी कल्पनाकी चारु । खोपी पनि सुक्छ, रुख बूढो हुन्छ, लता पताका मुरझाउँछन् त्यस्तै क्षणभरमै चारु पनि विलीन हुन्छिन् भन्ने कुरा पनि कवितामा राम्रैसंग कविले पुष्टि गरेका छन् । सौन्दर्य र सहानुभूति एकैचोटि कवितामा सम्वगाएको छ । अनि सम्झना गराउँछिन् 'चारु' ले युवाकविहरूलाई -अस्तारे प्रेमीहरूलाई -

"हाँसो पनि लाज मान्छे बीचिन रे ! डस्तो
किन यस्तो रंग बढ्यो ? माटै लागेजस्तो
सपनाकी संसारले के न्याएछ आज ?
कताबाट आउन लाग्यो चेलीभित्र लाज ?"

समयमा भन्दा महाकवि देवकोटा सिद्धैं 'चारु' भित्र लुकेका छन् । देवकोटाको शाकुन्तलदेखि सुलोचनासम्म र मुनादेखि मेन्दुसम्मको सम्पूर्ण साहित्यिक कवित्वशक्ति र प्रकृतिको सार 'चारु' मा लुकेको छ अर्थात् यस्तो भनौं 'चारु' भित्र देवकोटा लुकेका छन् । देवकोटाले १० वटा कविताका टुकाभित्र 'चारु' भित्र उनी जुलले, जलले, प्रभावले स्वाभाविक रूपमा कवितामा पोखिएका छन् । 'चारु' को सरस, यौवनको उचाइमा प्रभावित देवकोटाले 'चारु'को विलयपछिको बिलीना गर्नुबाहेक अर्को उपलब्धि पनि महाकविले देख्नेनन् । देवकोटाको स्वच्छ मनलाई अन्तमा कवि देवशका यी कवितासंगै 'चारु' लाई समर्पित गर्न चाहन्छु -

"रूपभन्दा वैश राम्रो वैशभन्दा मन
मनभन्दा राम्रो के छ ? सम्झ्यौ भने भन
राजे ! सम्झ्यौ भने भन ।

अन्तमा देवकोटालाई 'चारु' को सम्झना आइ नै रोक्ने बेला थिनै कविताजस्तै भन्न मन लागेको छ-

"सपनीमा देखी कतै आँखामित्र बस्यौ कि त ?
मनको ढोका खुली भित्रो मनैभित्र पस्यौ कि त ?
एकै भन्यो हेराइमा मनको तार बज्यो किन ?
नबोलेरै पनि यती बोलेजस्तै लाग्यो किन ?

साँच्चै भन्छु -'चारु' तिमीलाई चिनेजस्तै लाग्यो किन, आफ्नै जस्तो लाग्यो किन ?

❖❖❖

"घाम खेल्ने तरेलीको सम्मगाउने छायाँ
अति उभाउँ अंजुलीमा पोखिएको मायाँ ?
मायाँ पनि भिज्दो रैछ परेपछि शीत
आफैं पनि पोखिएँ कि ? यही पानी सित ।"

'चारु' एउटी प्रकृति बालिका हुन् । पहाडमा जन्मी-हुर्केकी सरल बालिका 'चारु' खोसानाना हरियालीले हुर्कंदै अगाडि बढाएकी बालिका हुन् । एकान्त प्रेमी, प्रकृति प्रेमी, मान्छेको चहलपहल र भीडभाड मन नपराउने खोलाको पानीजस्तै जता आएको पायो त्यतै बग्ने त्यो पहाडी चन्चले शृङ्गारपटार गराएर हुर्कंएकी 'चारु' विशेष आकर्षक त छँदैछिन्, प्रकृतिकी सुन्दरी भएर पनि देखापरेकी छन् । वास्तवमा महाकविले चारुलाई सुन्दरीको रूपमा चित्रण गरेका छन् जस्तै:-

राम्री चित्रन् अधिक सुन्दर मै नचर्की
राम्री भइन् मधुर मोति हुने सहर्की
गौटा किसान घरकी सुकुमारी फूल
पौटे भएर रसिली हँसिली अमोल ।

'चारु' कोमल फूलको रूपमा रहेको र उनी चन्द्रमाजस्तै चम्किली रहेकी छन् । 'चारु'को अमिट छाप देवकोटालाई परेको देखिन्छ ।

प्रस्तुत चारु कवितामित्र देवकोटाको मन पनि स्थिर देखिँदैन । उनको 'चारु' अस्तित्वलाई क्षणिक रूपमा देखाइएको छ । महाकवि देवकोटाले प्रष्ट नै सुन्दरीको सम्कनामा भनेका छन् -

"छैनन् तिनी अब यहाँ अरू गाउँमा छन्
उस्मारमा कुन-कुना सुर गाउँमा छन्
जो देखिँदैन उहाँ सम्कनुको विषाद
आनन्द बन्दछ मिठो यसको छ स्वाद ।"

वास्तवमा 'चारु' कोपिला चित्रन्, फक्न नपाउँदै बिलाएर गइन् । साँझ सूर्यास्तमा महाकविलाई 'चारु'को सम्कना आउने, तर के गर्ने ! आफूसँग बिलौना गरेर जीवन बिताउनुबाहेक अर्को उपाय केही छैन भन्ने गुनासो पनि कवितामा तिब्बर रूपमा रहेको छ । उहाँ भन्नुहुन्छ -

"एकान्तमा दिन बिदा जब मिल्छ लाख
आएर शैल शिरमा दुई हात भाल
सम्कन्छ चीति चित्र छाति अटाउँदैनन्
आँसु सिवाय रसिलो अरू आउँदैनन्"

प्रकृतिप्रति भागल हुने र प्राचीन सभ्यताप्रति मोह राख्ने महाकविले नदेखिने वस्तुलाई सम्कन पुग्दा लुकेर लाएको मायाजस्तै भएको छ । सम्कंदा पनि आनन्द दिंदो रहेछ । तिनी मेरो नभए पनि सम्कनाभित्रै बाँधिएको छ भन्दै देवकोटाले चारुलाई सम्झँदा बोसिसमेत फुटून नसकेको भाव व्यक्त गरेका छन् जस्तै:-

"भित्रै बस्यो सकल प्रेम फुटेन बोली
त्यो कोपिला न त खुल्यो अति छाति खोली
आँखा र लास चित्र प्रेम त्यसै झुलाई
के दैवले पर लम्यो शिव 'चारु' लाई ।"

यसरी प्रकृतिपुत्री 'चारु' प्रति महाकवि देवकोटा हराएका छन् । उनले प्रकृति चारु र प्रेमलाई एकाकार गरी लेखिएको 'चारु' कविता पढ्दा सम्कना आउँछ । देवकोटा 'चारु' टाढा भएपछि प्रेम गाढा गराएर नै कवितामा बाँधिएका छन् र उनका धेरै रचनामा प्रकृति र प्रेमको व्याख्या भएको छ । उनी 'चारु'मा प्रष्ट नै भनिदिन्छन्-

"यी आँखा बिमल आँसु उडेर जाँदा
देखिन्न के झलक सुन्दर ज्योति सादा
यो एकलोपनविशे यस ठाउँमित्र
आनन्द छैन कुन आँसुबिशे पवित्र ।"

कविता अन्तर्हृदयको शाश्वत् अभिव्यक्ति मान्ने हो भने 'चारु' महाकवि देवकोटाको आस्था र अनुभूतिको दीर्घ तपस्यामा केन्द्रित रहेको देखिन्छ । यस कवितामा वास्तामा भन्दा, बाह्य आडम्बरमा भन्दा आन्तरिक सहज अभिव्यक्तिभित्र मूर्तिएको कला अझै सुन्दर शाश्वत् पक्षको रूपमा रहेको छ ।

महाकवि देवकोटालाई चित्र्न यी पङ्क्तिहरू पनि त्यतिकै महत्वपूर्ण लाग्छन्-

"राख्छन् प्रेमी शान्त सरोवर
वक्षस्थलमा मूर्ति मनोहर
कविको निर्मल हृदय उपरमा
प्रतिबिम्बित भैं शान्त र सुन्दर ।"

वास्तवमा महाकवि देवकोटाले सोचाइका तरङ्गलाई पूर्णिमाको पूर्णचन्द्रले सागरको लहरलाई

अमर महाकविज्यूले शाकुन्तल महाकाव्यको रचना संशोधन गर्नुभएको हो ।

नेपाली भाषा प्रकाशिनी समितितर्फ नाटकसम्राट बालकृष्ण सम ज्ञाकिम अथवा अध्यक्ष हुनुहुन्थ्यो भने त्यसको अर्को भागजस्तो भएको नेपाली भाषानुवाद परिषदमा भने समकालै दाजु पुष्करशम्शेर जनरा अध्यक्ष हुनुहुन्थ्यो । महाकविज्यू भने इकैसिर आउने जाने गर्नुहुन्थ्यो । त्यतिबेला (२००४-०५) नेपाली भाषानुवाद परिषदमा भने बृहत् नेपाली शब्दकोशको निर्माण भैरहेको थियो । जसमा प्रमुखका पदमा बद्रीनाथ भट्टराई पण्डितज्यू हुनुहुन्थ्यो भने अरू सदस्य लेखकहरूमा हरिचन्द्र त्रीपाठी, रामचन्द्र दुइमाना, ऋषिराज शिखचन्द्र त्रीपाठी, बसन्तकुमार शर्मा नेपाल, श्यामदास वैष्णव, बद्रानन्द बज्राचार्यहरू हुनुहुन्थ्यो । त्यसै प्रसङ्गमा मै विभिन्न मन्त्रालयबाट अङ्ग्रेजी भाषामा निस्केका विभिन्न गजेट तथा गजेट विषयका पत्र तथा परिपत्रहरूको तथा कागजपत्रहरूको नेपाली भाषामा रूपान्तर गर्ने भाषान्तरकार सदस्यको रूपमा मैले पनि ३ ४ महिना सेवा गर्ने मौका पाएको थिएँ । त्यसमध्ये बसन्तकुमार शर्मा नेपालज्यूलाई भने संस्कृत-नेपाली कोशमा त प्रधान सम्पादकको रूपमा नै नियुक्त गरिएको थियो । त्यस किसिमले सो बृहत् नेपाली शब्दकोश तयार भएर प्रकाशित हुने बेला भैसकेको बखत अचानक नेपाल सीमति र नेपाल अनुवाद परिषद् खारिज भएर त्यसको ठाउँमा साझा प्रकाशन संस्था खडा भई नेपाली भाषा प्रकाशिनी समिति र नेपाली भाषानुवाद परिषदको सम्पूर्ण सामान एवम् कागज पत्र साझा प्रकाशन मण्डारतर्फ सारिएपछि त्यहाँका ज्ञाकिम प्रमुखले त्यतिबेला नै सो बृहत् नेपाली शब्दकोश बेपत्ता पारी प्रकाशित हुन नदिएपछि, त्यतिका वर्ष सम्पादकको हैसियतले त्यति धेरै परिश्रम गर्नुभएका बसन्तकुमार शर्मा नेपालज्यूलाई ठूलो चोट पऱ्यो । मनमा असह्य पीडा परे पनि उहाँले क्रमैसित असन्तोष विद्रोह प्रकट गर्नु भएन । त्यो चोट त्यो पीडा मनमै राखेर उहाँले हार नखाई, त्यसको उल्टो नेपाल अधिराज्यका सबैजसो जिल्लामा आफूनैतर्फबाट भ्रमण गरी धेरै साहर गाउँ बस्तीहरूबाट अनुसन्धान खोजतलास गरी एक-एक शब्द टिपी झन्डै १२/१५ वर्ष निरन्तर परिश्रम गरी आफूले निजीखर्चमा त्यथो विशाल कलेवरको "नेपाली शब्दसागर" को प्रकाशन गरेरै छोड्नुभयो । जुन अद्भुत साहस र परिश्रमको अनुपम परिणाम हो । त्यसकारण पनि यहाँ त्यसको उल्लेख गर्नु आवश्यक ठानेको हुँ । यसैगरी क्षति लेखक ऋषिराज अध्यायमा पर्नेगरेका छन् । जसलाई चोट पऱ्यो, उसैले सहनुपऱ्यो । अरूलाई के वास्ता ?

अब फेरि महाकवितर्फ नै लागौं:-

कुनै कुनै उपमुद्रुसहरूले महाकविज्यूलाई अव्यावहारिक भनी दोष लाउने गरेको पनि देखिन्छ । तर त्यो कुरा सत्य होइन । सम्भव छ, उहाँहरूले सत्य-तथ्य नबुझेर अथवा भनौं महाकविज्यूको बढ्दो लोकप्रियताको कारणले कविज्यूलाई नीचा देखाउनका निम्ति र अथवा उहाँहरूको आफ्नै कमजोरी हीनता अकर्मण्यता ढाकछोप गरी लुकाउन पनि त्यस्तो जघन्य कर्म गर्नपुगेको देखिन्छ । छिलनले महाकवियले आफ्नो घरभित्रको व्यस्तता बाहिरको झामको चापाचाप भई नै रहने भए पनि परिवारप्रति क्रिन्दै पनि उपेक्षा अथवा उदासीनता हुन दिन् नभएन । आफ्नो परिवार नजिक टाढाका दृष्टिमित्र आगन्तुक महानुभावप्रति उहाँ सदैव सचेत रहनुहुन्थ्यो र उचित समय दिएर सहयोग गर्नुहुन्थ्यो ।

वास्तवमा सत्य कुरा मान्नैपर्ने हो भने भन्नु नै पऱ्यो । महाकविज्यू अतिशय सरल उदार एवम् स्वाभिमानी (अहंकारी होइन) हुनुहुन्थ्यो । तर विद्वता र सकुलकलामा उहाँलाई कसैले हराउन वा उछिल्न नसक्ने भएकोले हीला त्यसो भन्ने गरिएको । महाकविज्यू क्रीतसम्म सरल र स्वाभिमानी हुनुहुन्थ्यो भने के भन्नु छ ! बयान गरेर साध्य नै छैन ।

के कसयो प्रधानमन्त्रीत्वकालमा हो ! सम्भव छ, त्रा के आई.सिङ्ग्यूकै प्रधानमन्त्रित्वकालमा होला, महाकविज्यू एकपाट्ट ३ महिना अति सम्माननीय शिक्षा तथा स्वायत्त मन्त्री पनि बन्नुभएको थियो। सो सबैले जाने बुझेकै र देखेकै कुरा हो।

त्यसैताका एक दिन बिहान ९.३० को समयमा होला, महाकविज्यूलाई मैले पुतलीसडकको बाटोमा पदमोदय हाइस्कूलतर्फ जाने बाटो मोड्नन्दा अलिबरै दक्षिणतर्फ लम्केर जाँदै गरेको देखें। अनि अभिवादन गरें "कताको सवारी" भनी सोधें। उहाँले पनि अभिवादन फर्काएर सहज र प्रसन्नमुद्रामा जवाफ दिनुभयो "मन्त्रालयतर्फ।"

मलाई सुन्दा अचम्म लाग्यो। बिना बडीगार्ड (अङ्गरक्षक) अनि बिनासवारी साधन (मोटरकार)। अनि यसबारे उहाँसंग जिज्ञासा राख्दा उहाँले हाँसेर सहज रूपमा जवाफ दिनुभयो "के गर्ने ! यहाँ यस्तै व्यवस्था रहेछ कि ? मलाई कसैले बडीगार्ड र सवारी साधन दिएनन्। जेरि मैले आफैले मागेर कुरा पनि भएन। सरकारमा बस्नेहरूले व्यवस्था गर्नुपर्ने हो" भन्नुभयो र लम्किनुभयो। म त उहाँको त्यस्तो जवाफ सुनेर तीनछक्क परें। धेरैबेर त्यहीं टक्क अडेर उहाँलाई हेरी नै रहें। मलाई त अस्तो कस्तो लाग्यो, अनि नरामइलो पनि। यो दृश्य मेरो आफैले देखेको र अनुभव गरेको सत्य घटना हो, अरूसँग मनेर जानेको कुरा होइन।

नेपालको अत्यन्त गरिमामय एवम् सम्माननीय शिक्षा तथा स्वायत्त मन्त्रीको पदमा बहालमै रहेका हाम्रा आदरणीय महाकविज्यूप्रति ज-जसले यस्तो दुर्व्यवहार गरे, गराए -यो कस्तो मानसिकताको प्रदर्शन हो ?

अनि महाकविज्यूको यतिसम्म ठूलो सहनशीलता उदारपन तथा मानवताको प्रशंसा र कदर सम्मान गर्नुको सट्टा उल्टै उहाँलाई अव्यावहारिक भनेर दोष लाउने र बदनाम गर्न खोज्ने ?

लौन त त्यस्ता तथाकथित अकृतज्ञ मलादमीहरूले आ-आफ्नो छातीमा हात राखेर इमानदारीसित भनून् त। के त्यसरी व्यवहार अरू कसैले तिनीहरूसंग गरेको भए सहन सक्थे त ? केही प्रतिकार नगरी त्यसरी चुपचाप सागेर बस्न सक्थे त ? जवाफ दिऊन्। तर उनीहरूसंग "जवाफ देऊ" भनेर किन भन्नुपर्न्यो र ? जवाफ त स्पष्ट नै छ नि।

हाम्रा अति आदरणीय लोकप्रिय महाकविज्यू कुनै ठूलो पार्टीको नेता भइदिनुभएको भए कुनै ठूला बड़ा मलाउँदाहरूको ढोका कुनै पाकडी गर्न हुनुभएको भए, उहाँको मान सम्मान आदरण हुन्थ्यो होला ! उहाँलाई भनेर राम्रो महल बनाइदिइन्थ्यो होला ! ठूलो रकम भत्ताको रूपमा दिइन्थ्यो होला अवश्य ! तर उहाँ एउटा लेखक/कवि मात्र हुनुभयो नै न र ? त्यसैले कसले र किन वास्ता गरोस् विनोसित।

वास्तवमा भन्ने हो भने कारण स्पष्ट नै छ नि ! महाकविज्यू कहिल्ये झुठो बोल्न नसक्ने, धोका भाषण दिन नसक्ने, कसैलाई पनि बेइमानी र धोका दिन नसक्ने, त्यसको उल्टो अति सरल सच्चा व्यक्ति हुनुभएकोले उहाँमा प्रशस्त राजनैतिक चेतना भए पनि राजनीतिमा उहाँको काम थिएन। त्यसैले उहाँलाई राजनीति-क्षेत्र फाप्ने। फलस्वरूप उहाँ राजनीतिबाट पर हुँदै हुँदै स्वतः बाहिरनुभयो। महाकविज्यूको क्षेत्र मुख्य रूपमा साहित्य नै थियो, लेखनकला नै थियो। त्यसैमा आजीवन समर्पित हुनुभयो, त्यसैमा सफलता मिल्यो। अद्वितीय शीर्षस्थानमा आसीन हुनपुग्नुभयो। अनि त्यसैमा विलीन पनि हुनुभयो। अमर भनौं अजर अमर तथा मृत्युञ्जयी पनि हुनुभयो। महाकविज्यूको प्रसङ्गमा अर्को एउटा कुराको सम्झना भयो।

अब त्यसैतर्फ लागौं :-

महाकविज्यूले बनारसको प्रवासयात्रामा पशस्त सङ्ख्यामा कविता लेख्नुभएजस्तै १९९२ सालको

'चारु' कविताभित्र महाकवि देवकोटा

✍ रामप्रसाद दाहाल

हे सानी सुकुमारी ! हे हँसमुखी ! हे मानिस सुन्दरी ! सोली पुस्तक अस्तछुपी यति राती खाली करेर गरी गोधिनहन् सब शगट जानु उड़ लौ छुट्टी दिएँ आज त फोस्त छन् यी किताब ! हामी बिनमा बन्दै सबै बेपता।

बालकवालाई सम्झना गरेर कविता लेख्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाका उल्लिखित पङ्क्तिहरूले प्रकृतिको पुस्तकलाई बालकले पढेका हुन्छन्। उनीहरूलाई कृत्रिम र फोस्त पुस्तकहरूमा केन्द्रित गराएर खाली उपाधिका हुँदैन भन्ने महाकवि बालक बालको रमाइलो जीवनप्रति अति केन्द्रित छन्, त्यतिकै केन्द्रित छन् प्रकृति प्रेम र प्रकृतिबासकर प्रति।

महाकविका रचनाका कुन्जिनी, सुनी, मेन्दु, सुना सबै प्रकृति जतिकै सफा स्वच्छ र संवेदनशील छन्। 'चारु' भन् प्रकृतिकै सामिल्ले दर्जाको सीधो क्रिया र सरल व्यवहारको उपज मान्न सकिन्छ। 'चारु' भित्र देवकोटालाई खोज्ने हो भने सिद्धी देवकोटा अरू भनौं कवि देवकोटा टल्किन्छन् र चम्किन्छन्। प्रकृतिको स्वाभाविक पुस्तकको अध्ययन 'चारु' कविताहरूलाई सिन सकिन्छ। सन्तुलित स्वरूपमा आएको देवकोटाको प्रकृति प्रेम राम्रो वर्णन भएको छ चारु कवितामा।

'चारु' प्रसिद्ध कवि बङ्गेश्वरको 'जुनिरो' कविताको नकल वा प्रभावमा केन्द्रित कविता हो। यसमा सहमति र विमतिको प्रश्न उठ्दैन ? जसरी बङ्गेश्वर आफ्ना रचना सृजना गर्दा अजस भावकल्पन पहराघाट छहरा छुट्टैमा पोखे गर्दछन् र प्रकृतिलाई औंसाइ-पसाइ आदो सगाई सम्पन्न सुन्दरता प्रदान गर्दै कहिले प्रकृतिमै आफू एकाकार भइदिने वा यसूजन गरिदिने वा कहिले दाजिमै काम गर्दछन्। त्यस्तै देवकोटाको प्रकृतिमा पनि भेटिन्छ। बिम्ब प्रतीक र प्रयोगमा यत तब सर्वत्र भेटिन्छन् देवकोटा।

प्रकृतिवेगरका कविता बन्दैनन्, कहीं न कहीं कुनै न कुनै रूपमा कविताभित्र प्रकृतिले लुकामारी गरिहाल्छ मलाकुशारी खालिहाल्छ। नेपालमै पनि चर्चित कविका कविताहरू प्रकृतिमै सिराने लगाएर बसिरहेका छन्। राष्ट्रकवि माधव घिमिरेको झालिगण्डकी वा वैशाख मै किन नहोस्, प्रकृतिको उपजको रूपमा ती कविताहरू देखिन्छन्। कृष्णप्रसाद पराजुलीका यी पङ्क्तिहरूले प्रकृतिलाई कसरी बरण गरेको छ-

"बाल्यामुनि झुप्प-झुप्प प्याउली फुलिसक्यो
हाँगा-हाँगा को हो भन्दै कोइली भुलिसक्यो
सम्झनाको गीत गाउँदै पर बग्यो खोला
मेरो माया भने कुन डाँडापारि होला ?"

आफ्नो कवितामा प्रकृतिको रङ र बान्की मजाएसम्म त्यो सजीव हुँदैन र स्वाद र रसिलो निखारपन पनि देखिँदैन। भाव अभिव्यक्ति, प्रयोग र सीपमा प्रकृति कतै मल र कतै जीवनसाथी भएर पनि मनिदिन्छ। प्रत्येक कवि लेखकका प्राय: आफ्ना रचनामा छहारी र बिसौनी मनिदिन्छ। गति र धुन्तिमा कुदछ, अति सरलता र स्वरलहरीमा जीवन्त भइदिन्छ। अनि प्रत्येक पाठकको हृदयमा कविको प्रकृति सपनामा फुल्छन्, मिपनामा खुल्छन् अनन्त लहरले आउने खेल्छन् मुटुमा। देवकोटाको 'चारु' भित्रै सेरोफेरोमा अनन्त लहरीमझमै रम्यो हो, गुन्जाई र सुसाइको धुकधुकी र फम्यो हो। कवि देवज्ञका यी पङ्क्तिजस्तै-

उठन पनि सक्नैनौं । जालोबाट मुक्तिको प्रयास हाम्रो उद्देश्य हुन सकेन । फलस्वरूप यथिएरै जीवन व्यतित हुन्छ । तर यो घस्याबाट उठ्न सक्छ, सासारिक जालो भत्काउन सक्छ, त्यही नै महान् हो, 'वीर' हो । साहस र शौर्यको पखेटा लगाई मानवीय धर्म पालन गर्नै अमरत्व प्राप्त गर्छ । जो 'म' र 'मेरो' को स्वार्थबाट उम्कन सक्दैन, ऊ महान् र वीर कदापि हुन सक्दैन । त्यसैले 'म' र 'मेरो' लाई तिलाञ्जली दिन सक्छ त्यही नै 'वीर' 'महान्' हो । निबन्धको महत्वपूर्ण पक्ष के हो भने राष्ट्रिय भावनाले सम्पूर्ण निबन्ध ओतप्रोत भएको छ भने निबन्धकारले आफूमा रहेको कमजोरीलाई इमानदारीका साथ व्यक्त गर्नुभएको छ । हुनत यो कमजोरी हामी सबैमा विद्यमान छदैछ ।

यथार्थ के हो भने हामी धेरैजसो बाँचुञ्जेल आफ्नै सासारिक स्वार्थको जालोमा अल्झन्छौं । यसमा जो अल्झदैन र 'परस्वार्थ'का साथि त्यागको भाव राख्छ त्यही नै महान् हो, देवकोटाले यही भावलाई कवितामा यसरी व्यक्त गरेका छन् - 'आफू मिटाइ अरूलाई दिनु जहाँ छ ।'

महाकवि देवकोटाले आफ्ना असङ्ख्य कृतिहरूमा मानवतावादी र राष्ट्रिय भावनालाई महत्व दिए नै प्रस्तुत निबन्धमा पनि यही भावलाई सुन्दर ढङ्गले व्यक्त गरिएको छ ।

❖❖❖

प्रजातन्त्रको उज्ज्वल ज्योति !

✍ कलानिधि दाहाल

देवकोटा हे ! कल्पतरूका
शाखाजस्तै फैलिरहेछौ !
फैली फैली जनका मनमा
हिमगिरि झैं अग्लिरहेछौ !
कविहरूका कवि हौ तिमी नै
महाकवि हे ! दिनदिन राज्ञ !
गर्दै आयौ गरिरहने छौ
मानवताका हे शिरताज !
अग्लिअग्लि उठोऽ अग्लिकति तौली
सबको माथा माउनलाई !
गहन कलाको गम्भीर साना
गीत त्यसमै गाउनलाई !
सहर उघाली फेनाहरूका
फनफन भुमरी त्यसमै पीया !
कति लप्काले कति तप्काले
भरिए जगका जीवन डोका !
हिम अग्लोझैं भिर्ती कमाले
पग्ली पग्ली जीवनधार !
जगजग फ्याँकी सलिलशीतल
जनमन भर्ने प्रेमोपहार !
आफू धुलाका कणमा लेखौ
ज्योति उछ्याई दिव्य सम्राट !
लप्की कप्की उघर बेला
जगमग कणको काव्यिक फाँट !
अस्त नबन्ने उदयगिरि यो
सुदूर अग्लो बसियो आँट !
गरिब गाइका आँचल पक्री
सहज सहेली अङ्गुलि आँप्री !
दर्दहरूका दिव्य फोरी
प्रणयपताका पात बयेली !
फटफट फड्की पटपट पड्की
चाँच फिजाई उड्न तयार !
कलरव कलरव सुन्दर ध्वनिमा
गुञ्जिरहेको सङ्गीत धार !
अन्यायीका मुटुमै ताकी
हानिरहेको तीखो तरवार !
प्रजातन्त्रको उज्ज्वल ज्योति
ज्योतिहरूकै मोती कमाल !
नेपालीका हरिया मनमा
निरन्तर जिउँदो भर्ने नजाने !
गर्वित बस्ता आए जेही
मुडकी उजाड्ने त्यसमै हाले !
अन्यायीका नाश विरोधी
न्यायिक नभको एउटै सान !
सान सजेको गान बजेको
प्रजातन्त्रको एक निशान !
जे जे बोल्यो त्यसमै खोल्यो
दिलदिल पर्दै स्नेह हजार !
सीमा तोड्दी कालजयी भो
फैली विश्व चेतनज्वार !
रविरश्मिमा हिँड्छ सधैं ऊ
पदपद ज्योति राखी चाल !
शरीर सुतेको चिरनिद्रामा
चेतन ज्योति सुन्दर भाल !
प्रजातन्त्रको उज्ज्वल ज्योति
ज्योतिहरूकै मोती कमाल ।

ओखरढुङ्गा, बिगुहार

मासे साहित्यादेखि ऐ.ऐ. फाल्गुन महिनासम्मको कलपत्रायी प्रकाशकालमा गाना पनि लेख्नुभएको रहेछ । त्यतिमात्र कहाँ हो र ! सो गानाको रेकर्ड पनि त्यतै बेलाको चलनचल्तीको राम्रोफोनको चक्कामा भैसकेको अर्थात भरिएको ब्यहोरा समेत याहा हुन आएको छ ।

महाकविज्यूकै बारेमा अर्को प्रसङ्ग यस्तो छ :-

उहाँ कविता वा गाना लेख्ने साथ सोइन स्वयम् गाउने पनि गर्नुहुन्थ्यो । उहाँको स्वर पनि बडो मीठो मधुरो सुरिलो र अतिराम कर्णप्रिय थियो । त्यसका साथै उहाँ पुरुषपात्रको र स्त्रीपात्रको भूमिकामा पर्ने सम्वाद पनि कविता एवम् गानाको रूपमा अभिनय गरी अभिव्यक्त गर्न कुशल हुनुहुन्थ्यो ।

महाकविज्यूको प्रसङ्गमा फेरि अर्को कुरा पनि भन्ने छ । त्यो कुरा यस प्रकार छ : महाकविज्यूलाई धेरै भाषाहरूको राम्रो ज्ञान थियो । तो भाषाहरूमा पनि कविता लेख्न प्रवीण हुनुहुन्थ्यो । अहिले ठीक तिथिमितिको सम्झना भएन, तर पनि त्यो घटना १९९४/९५ सालतिरको होला "नवभाषीदरबार" भन्ने शीर्षक दिएर त्यतिबेलाको "सीमा पत्रमा" प्रकाशित गराउनु पनि भएको थियो, जस अनुसार त्यसमा उहाँले लेख्नुभएका, १ संस्कृत, २ नेपाली, ३ हिन्दी, ४ बङ्गाली, ५ उर्दू, ६ अङ्ग्रेजी, ७ फ्रेन्च, ८ ल्याटिन, ९ हिब्रू भाषाका अत्यन्त मार्मिक छोटा कविताहरू छापिएका थिए ।

महाकविज्यूबारे फेरि अर्को प्रसङ्ग यस्तो छ :-

महाकविज्यूको निरन्तरिएको रूपमा चल्ने कलमको अविरल अप्रतिहत गतिबाट प्रकट भएका रचना कृतिका हकमा चर्चा गर्दा वि.सं. २०५४ सालको महाकविको ८८ औं जन्म-जयन्तीको मितिसम्म नेपाली भाषामा लेखिएका र प्रकाशित भएका रचनाको सङ्ख्या ४६ र अङ्ग्रेजी भाषामा लेखी प्रकाशित रचनाको सङ्ख्या ३ समेत जम्मा गर्दा ४९ पुगेको देखिन्छ ।

त्यसबाहेक अङ्ग्रेजी भाषामा विभिन्न अनुवादकले अनुवाद गरेका एवम् विभिन्न प्रकाशन संस्थाबाट प्रकाशित मुनामदनका अङ्ग्रेजी संस्करणका सङ्ख्या ६ पुगेको र त्यसरी मैथिली भाषामा अनुवाद भएर जनकपुर चुरोटकारखानाबाट प्रकाशन गरिएको मुनामदन मैथिली संस्कृतकरण १ पनि याहा भएको छ ।

यति महाकविज्यूले स्वयम् अङ्ग्रेजी भाषामै रचना गर्नुभएका तर अप्रकाशित रूपमै रहेका रचनाको सङ्ख्या ५ पुगेको देखिन्छ । यस दृष्टिले हेर्दा महाकविले लेख्नुभएका र हालसम्म भेटिएको ग्रन्थहरूको सङ्ख्या ५ दर्जन नाघेको देखिन्छ ।

यसबाहेक उहाँले अरूका लिंति लेखिदिनुभएका र खानतलासको सिलसिलामा बेपता पारिएका जन्दाजी ३/४ डायरीमा पारिएका रचनाको सङ्ख्या हजारौंहजार पुगे देखिन्छन् । यदि ती सबैलाई पनि एकै ठाउँमा जम्मा गर्न सकिने अवस्था भएको भए..... !

अब फेरि महाकविज्यूकै रचनाका प्रसङ्गारे चर्चा गरौं :-

त्यो हो महाकविज्यूको त्रिकालजयी अजर अमर काव्यकृति एवम् सर्वश्रेष्ठ रचना "मुनामदन" ।

महाकविज्यूका रचनाद्वारा मात्र परिचित भएका सज्जन वर्गमात्र होइन, सँगै उठबस गर्ने एवम् निकट मै बसेर सङ्गत गर्ने महानुभावहरूलाई याहा भएकै कुरा हो, महाकविज्यूको महाकवि कल्पना एवम् अत्यन्त छिटो वेगले गतिशील भई बस्ने छाँगोजस्तो अविरल अद्भुत लेखन प्रवाहका कारण क्षण क्षण नयाँ नयाँ रचनाको नै प्रस्फुटन अथवा सृष्टि हुने भएकोले नै महाकविज्यूलाई कहिल्यै पनि आफ्ना पुराना सेल्फ रचना एवम् कृतिलाई पछाडि फर्केर हेर्न र दोहोऱ्याएर पढ्न वा अवलोकन गर्न

अलमर नै मिल्दैनरह्यो । जस्क अर्को शब्दमा भनौं भने म्याउनु नै हुँदैनथ्यो । त्यसैकारणले गर्दा नै जेजस्ता रूप-आकारमा लेखिन्थे, ठीक त्यही रूप वा आकारमा नै प्रकाशित हुन्थे वा अप्रकाशित नै रहन्थे । समयको यही प्रवाहमा प्रस्तुत 'मुनामदन' को प्रथम प्रकाशन वि.सं. १९९६ सालमा भएको, दोस्रो प्रकाशन वि.सं. १९९८ सालमा भएको तेस्रो संस्करण २००२ मा भएको नेपाएसबाट र पाँचौं संस्करणदेखि भने साझा प्रकाशनबाट प्रकाशनहुँदै, २०३५ सालसम्म पन्ध्रौं संस्करणसम्म प्रकाशित भइसकेको देखिन्छ ।

यसै समयको बीचमा सातौं संस्करणसमेत २०१६ सालमा प्रकाशित भइसकेको समयमा महाकविज्यूलाई अर्बुद (क्यान्सर) रोगले चापेर अशक्त हुनु भई उपचारार्थ शान्त भवन अस्पताल भनी गरिएपछि, र डाक्टरहरूको सल्लाह अनुसार पूर्ण आराम गर्नुपर्ने अवस्था उत्पन्न भएपछि, आफ्नो खुनै व्यस्तता नभै पुरा फुर्सद मिलेपछि त्यसा दिन बिताउन भनी अरुवा समय काट्न निम्ति पनि महाकविज्यूलाई आफ्ना अनन्त उत्कृष्टमध्ये अत्यन्त उत्कृष्ट ठानिको र अति लोकप्रिय भएकोमात्र होइन स्वयम् महाकविज्यूलाई समेत अति मन परेको कृति मुनामदनलाई दोहोऱ्याएर पढ्ने संयोग मिलेछ रे । अति उहाँले पनि बढी उत्सुकता एवम् बढी मनोयोगका साथ पढ्नुभएछ रे । हुन त सातौं संस्करणसम्म प्रकाशित भैसकेको उक्त कृतिमा कुनै कमी वा त्रुटि छैन । त्यो आफैमा सर्वोत्कृष्ट र परिपूर्ण नै थियो, सबै पाठकवर्गको दृष्टिमा ।

तर महाकविज्यूलाई भने उहाँ स्वयम् उक्त कृतिको जन्मदाता वा स्रष्टा नै हुनुभएका कारणले गर्दा नै त्यहाँ धेरै कुरा नपुगेझैं र भन्नपर्ने कुरा धेरै बाकी रहेछन्, भन्ने अनुभव हुन पुगेछ रे । ठाउँ ठाउँमा क्षेपकका रूपमा नयाँ नयाँ हरफ रचना गरेर थप्दै थप्दै जानुभएछ रे ।

त्यस किसिमले थप्दै थप्दै जाने क्रममा ठाउँ ठाउँमा गरी जम्माजम्मी ३०७ नयाँ हरफ थपिनपुगेछन् ।

वि.सं. २०१६ सालको उक्त आठौं संस्करणमा पहिले पहिले छापिएका मूलग्रन्थका ४५८ हरफका साथ क्षेपकरूपका नयाँ ३०७ साल हरफ समेत जोड्दा ४५८+३०७= ८७५ हरफ बन्न पुगेछन् र उक्त मुनामदन कृतिले मोटाएर बृहत् जिल्दासको बृहत् कलेवरको रूप लिन पुगेछ । त्यस दृष्टिले हेर्दा अथाई एवम् शुभकामना छ उक्त वि.सं. २०१६ सालसाई । तर अर्को दृष्टिले हेर्दा भने उक्त वि.सं. २०१६ साल बढी अशुभ र पीडादायी पनि रहेछ ।

किनभने त्यही वि.सं. २०१६ सालमा स्वयम् महाकविज्यू भने चिर समाधिमा लीन हुन पुगुभयो । अप्रत्याशित रूपमा भएको उक्त अति अप्रिय एवम् दुःखदायी घटनाले भने केवल नेपालसाई मात्र होइन, समस्त विश्वभरिका साहित्यानुरागी जनमानसलाई स्तब्ध पारिदिएछ । त्यसैले उक्त २०१६ वि.सं. लाई मसरी हेर्दा सर्वत्र एकैसाथ हर्ष र शोकको घटना बन्न पुगेछ । वास्तवमा भन्ने हो भने हर्षको उल्लासभन्दा अपूरणीय क्षतिको किस्मात नै बढी पर्न गएछ । हुन त महाकविज्यूका सबै कृतिहरू उत्कृष्ट नै भएकाले सबै नै हृदयग्राही छँदैछन्, यसमा कसैको पनि दुई मत छैन ।

तर पनि "मुनामदन" नै महाकविज्यूलाई अति उत्कृष्ट र अति प्रिय लागेछ । किनभने स्वयम् महाकविज्यूले आफ्नै मुखले भन्नुभए अनुसार "मेरा अरू सबै कृति जलाइदिए हुन्छ, केवल एउटै 'मुनामदन' लाई मात्र सुरक्षित राखिदिए हुन्छ" भन्ने उद्गार प्रकट गर्नुभएछ ।

हामीले त्यतिमै सन्तोष मान्यौं । अब स्वयम् महाकविज्यूलाई आफ्ना असङ्ख्य उत्कृष्ट कृतिमध्ये एउटै 'मुनामदन' मात्र सर्वोत्कृष्ट र अतिप्रिय लागेछ भने नै गयो नि ! कुरा टुङ्गिइ हाल्यो । हैन र ! यो सरस्वती हेर्दा कुरा ठीकै हो भन्ने देखिन्छ, तर

'वीरहरू'मा देवकोटा

✍ माधव घिमिरे

नेपाली साहित्याकाशमा तेजिलो सूर्य समान विद्यमान लक्ष्मीप्रसाद देवकोटालाई केवल 'महाकवि'को विशेषण दिएर मात्र पुग्दैन, किनकि उनी साहित्यका सबै विधामा सशक्त रूपमा कलम चलाउने विरलकै महान् व्यक्तित्व हुन् । उनको कृतित्व र व्यक्तित्व बारे धेरै-धेरै विद्वान्ले आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरिसकेका छन्, यो क्रम निरन्तर रूपमा चलिरहेकै छ । देवकोटा सर्वैझ हुन्, खुला पुस्तक हुन्, पुस्तकभाट आत लिने असङ्ख्य पिए, छन्, र रहने छन् । प्रस्तुत सन्दर्भमा देवकोटा बारे पुरानै कुरा दोहोऱ्याएर पृष्ठपोषण गर्न खोजिएको छैन । 'वीरहरू' निबन्धमा देवकोटाका वीरहरू बारे उनका सूक्ष्मतत्, महत्वपूर्ण विचारहरूको विश्लेषण गर्ने सामान्य प्रयास गर्न लागिएको हो । महाकविकै शब्द सापटी लिएर भन्नुपर्दा - 'के मण्डुप कराउनु प्रकृतिको पापीपना हुन्छ र ?' भने झैं यो केवल मण्डूपको टर्टराई मात्र हो ।

नेपाली निबन्धको क्षेत्रमा वि.सं. १९९३ को कार्तिक अङ्क 'शारदा'मा प्रकाशित 'आषाढको पन्ध्र' निबन्धभाट आधुनिकता भित्र्याउने देवकोटाको १९९८ वि.सं. मा १३ जना अङ्ग्रेजी निबन्धकारका निबन्धहरूले अनुवाद 'प्रसिद्ध प्रबन्धसङ्ग्रह' प्रकाशित भयो । यसपछि मात्र २००२ वि.सं. मा ३७ निबन्धहरूको संग्रह 'लक्ष्मी निबन्धसङ्ग्रह' प्रकाशित भएको थियो । यसको धेरै समयपछि २०३९ सालमा प्रा. राजेन्द्र सुवेदीको सम्पादनमा १८ निबन्धहरूको सङ्कलन 'दाडिमको रुखमेर' प्रकाशित भयो । यी सङ्ग्रहका निबन्धहरूको विषयमा विविधता पाइन्छ । अर्थात् संस्कृति, धर्म, शिक्षा, सामाजिक विकृति, देशभक्ति आदिजस्ता विषयवस्तुमा आधारित निबन्धहरु पाइन्छन् ।

'वीरहरु' निबन्ध देशभक्तिपूर्ण भावनाले भरिएको निबन्ध हो । आत्मपरक र भावपरक शैली मिसिएको अति आकारमा सानो भए तापनि भावमा व्यापकता हुनु निबन्धको महत्वपूर्ण पक्ष हो । निबन्धका प्रत्येक वाक्य सूचात्मक छन् । महर्षि बादरायणको 'ब्रह्मसूत्र' भिक्का प्रत्येक सूत्रको व्याख्या अनन्त भए झैं देवकोटाका 'वीरहरु' 'के नेपाल सानो छ ?' जस्ता निबन्धका प्रत्येक वाक्यका व्याख्याको पनि टुङ्गो लाग्न गाह्रो नै हुन्छ ।

'लक्ष्मी निबन्धसङ्ग्रह' मा सङ्कलित 'वीरहरु' निबन्धमा 'वीर'को परिभाषा गर्दै देशका लागि मरिमेट्ने वीरहरूप्रति श्रद्धाभाव व्यक्त गर्दै वीरहरु र सामान्यमा रहेको अन्तरलाई उत्कृष्ट ढङ्गले सूचात्मक रूपमा निबन्धकारले व्यक्त गरेका छन् । यस्ता केही सूचात्मक वाक्य हेरौं -

तिमीहरूका पङ्ख थिए । अरू मान्छे घसिएर बसे । स्वार्थनामेट नै वीरता हो । ठूल नाली गहिराइले अतासिनेहरु मोतीभाट वञ्चित छन् । हामी चुनमा बुझिरहेछौं । तुम्हले भारा तिर्न हिच्किचाउनु कातरता हो ! कि तिमी माटो होइनौ ? के अनन्त साठी वर्षको राल-सिंगान भन्दा पर छैन ? टाढाको नहुनु नै मेरो अन्धता हो ।

निबन्धभाट टिपिएका धेरै वाक्यहरु मध्येका यी वाक्यहरुभाट भावको विराटता, विषयको गाम्भीर्य र शैलीमा सूत्रात्मकता झल्कन्छ । हामी सामान्य मान्छे सांसारिक त्रास र आशको जालोले बेरिएका हुन्छौं, त्यसैले उड्न (स्वतन्त्र) हुन सक्तैनौं, अनि

त्यसपछि उनले अमृत साइन्स कलेजबाट आईएस्सी, त्रिचन्द्र कलेजबाट बीए र त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजीमा एम.ए. समुत्तीर्ण गरे। साथै उनले संयुक्तराज्य अमेरिकाको साउदर्न इलिनोई विश्वविद्यालयबाट विद्यावारिधि पनि गरे। त्यसपछि उनले नेपालकै विश्वभाषा क्याम्पसबाट फ्रेन्च भाषामा डिप्लोमा पनि पास गरे। उनी फ्रेन्च भाषा, साहित्य र संस्कृतिविषयक प्रशिक्षण लिन फ्रान्स पनि गए। त्यहीं क्रममा उनी जर्मनी र स्पेन पनि पुगे। भारत र बङ्गलादेशको पनि उनले भ्रमण गरे।

पद्मप्रसाद देवकोटाको विवाह २०३५ सालमा सुधा पौड्यालसंग भएको थियो। उनीहरूबाट दुई जना छोराहरू जन्मिएका छन् प्रज्ज्वल र प्रशान्त।

पद्मप्रसाद देवकोटाले प्राध्यापन पेशामा आफूलाई समर्पित गरेर त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कतमाडौं उपत्यकाभित्रका विभिन्न क्याम्पसहरूमा उनले अङ्ग्रेजी पढाए। अङ्ग्रेजी भाषाको प्राध्यापनका लागि उनी विभिन्न क्याम्पसमा पुगे। उनी विश्वभाषा क्याम्पसमा रहँदा विभागीय प्रमुख र क्याम्पस प्रमुख पनि भए। साथै उनी त्रिभुवन विश्वविद्यालयको केन्द्रीय अङ्ग्रेजी विभागका प्रमुखका रूपमा पनि कार्यरत रहे। प्राध्यापक भएपछि उनले २०६२ सालमा विश्वविद्यालयको सेवा छाडे। जागिरबाट छुटेपछि उनले अरू काम गर्ने मनसाय राखे। अनि आफ्ना बाबुको नाउँमा नै संस्था किन नखोल्ने ? भन्ने उनको भावनाको जागृतिले एउटा जरा हान्यो। जसअनुसार उनले 'महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र' खोले र त्यसको अध्यक्षता आफैंले ग्रहण गरे।

पद्मप्रसाद देवकोटा नेपाली भाषालाई अङ्ग्रेजीमा र अङ्ग्रेजी भाषालाई नेपालीमा अनुवाद गर्न कलामा निपुण मानिएका छन्। तर उनले आफ्ना बुबा अर्थात् महाकवि देवकोटाका कृति अनुवाद गरेका छैनन्। यसै प्रसङ्गमा गणेशकवि पं.श्यामदास वैष्णवदेखि हरि खेतुसम्मले भन्ने गरेका छन् "पैसा नकाउने कामका पद्मप्रसादको मन, वचन र कर्मले हाम फाल्नैन। बाबुका सम्पूर्ण कृतिको रोयल्टी पाएर पनि उनले आफ्ना बाबुको नाउँमा व्यापार गर्न छाडेनन् ?"

पद्मप्रसाद देवकोटाद्वारा अनूदित प्रख्यात कृति हो– माथव घिमिरेद्वारा नेपाली भाषामा लेखिएको गीतिनाटक 'अश्वत्थामा'। साथै लरेन हान्सबरीद्वारा अङ्ग्रेजी भाषामा लिखित 'A Raisin in sun पनि उनको अनुवादकृति हो। साथै उनले लेखेका कृतिहरू हुन्– नेपालीमा 'बालकथरी' (बालकाव्य, सन् १९९९) र अङ्ग्रेजीमा चारवटा कृति लेखे।

९. देवकोटाका कान्छा छोरा दीपकप्रसादको जन्म २०१४ साल फागुन १८ गते काठमाडौंमा भएको थियो। देवकोटाको निधनपछि उनलाई नेपाल सरकारले सेन्टजेभियर्स स्कुलमा पढाइदियो। त्यहाँबाटै उनले सिनियर क्याम्ब्रिज पास गरे। उनले कलेजको हक्मा त्रिचन्द्र कलेजबाट आईएस्सी पास गरे। त्यसपछि उनी सीमित रूपको छात्रवृत्तिमा एमबीबीएस पढ्न मास्को गए। उनको यस शैक्षिक दीक्षालाको प्रसङ्ग भन्ने हो भने उनले बाङ्गलादेशको ढाका विश्वविद्यालयमा बालचिकित्सा पनि पढे।

दीपकप्रसाद देवकोटा परिवारमा एउटा भद्र, मिलनसार र सहयोगी व्यक्तिका रूपमा चिनिन्छन्। उनले २०४१ साल पुस २१ गतेदेखि स्वास्थ्य मन्त्रालयमा स्वास्थ्य अधिकृतका रूपमा काम गर्न थाले। उनले पाल्पाको तानसेन अस्पताल, ललितपुरको मानसिक अस्पताल र हेटौंडा अस्पतालमा पनि काम गरे। त्यसपछि उनी महाराजगन्जको कान्ति बाल अस्पतालमा बालविशेषज्ञका रूपमा कार्यरत भए। उनको कर्मप्रतिभाले पदोन्नति पनि भयो। तर उनले २०४९ मङ्सिर २ गते राजीनामा दिए। त्यसपछि उनी विदेश पलायन भए। बास गरेर आफ्नी आमाको निधन भएपछि उनले नेपाल नबस्ने निर्णय गरेका थिए। हाल उनी न्यूजिलान्डमा आफ्नी पत्नी सीतासंग बसोबास गर्छन्।

❖❖❖

गाम्भिरियर विचार गर्दा कुरा कहाँ दुइगियो र ? महत्वपूर्ण कुरा त निस्कोको छैन भने कुरा कसरी टुङ्गो लाग्ने ?

महाकविज्यूलाई एउटै 'मुनामदन' माथ सर्वोत्कृष्ट लाग्यो, किन ज्यादै मन पर्यो ? अनि आफ्ना असङ्ख्य उत्कृष्ट रचनाहरू जलाई दिए पनि हुने ? तर मुनामदनलाई माथ किन सुरक्षित राखिदिए पुग्ने त ? त्यसको मुख्य कारण उहाँले के देख्नुभयो त ? मुनामदनमा महाकविज्यूले के कस्तो विशेषता देख्नुभयो त ? त्यसको अनुसन्धान गर्नु र खोज्नु पर्दाछउन् र अन्तिम खास निष्कर्ष र नियमसमेत जनसमक्ष प्रस्तुत गर्नु के आवश्यक नै छैन र ?

महाकविज्यूले त्यस्तो उद्गार व्यक्त गर्नु हुँदा त्यहाँ उपस्थित रही सुन्ने महानुभावहरूमध्ये कुनै एकजनाले पनि कारण सोध्ने वा जिज्ञासा राख्न सकेको भए कति राम्रो र उपयोगी हुन्थ्यो ? त्यसबारेमा उहाँको भित्री मनसाय के रहेछ थाहा पाउन कति सजिलो हुन्थ्यो होला ? तर के गर्नु र !

हामी नेपालीहरूको आलीबानी नै यस्तै छ। देशमा हाँस आउँदैन। उपयुक्त अवसरमा बुद्धि पनि आउँदैन। मौका चुकिहाल्यो। पछि पछुताएर के काम लाग्यो !

अब भने अरू अर्को कुनै उपाय नभएपछि जे जसरी सकिन्छ आफैंले अनुसन्धान गर्दा त्यसको भित्री रहस्य पत्ता लाउनुपर्ने नै भयो हैन त ? तर यस सम्बन्धमा टाउको खाने भयो। हप्ती दिन त्यसको ध्याउन्न मात्रै। एक किसिमले निरन्तर ध्यान र तपस्या नै गर्नुपर्ने मनिठाने पनि हुन्छ। त्यसका लागि धेरै पटक 'मुनामदन' को अध्ययन गर्नुपर्ने। विशेषगरी महाकविज्यूको अन्तर्हृदयको अव्यक्त परिदृश्य र त्यसबाट प्रतिबिम्बित अन्तर्मनको आभास र प्रभाव पहिल्याउन निकै गहन परिश्रम र प्रयास गर्नुपर्यो। निरन्तर चिन्तन, जिज्ञासा, अनुसन्धानद्वारा आखिर रहस्य फेला परिहाल्यो नि।

अन्तिम बिन्दु रहस्यको अभिव्यक्ति गरिहाल्नुभन्दा उक्त 'मुनामदन' को कथावस्तु वा कथाबीजको चर्चा गर्नु नै प्राथमिक अवस्था देखिन आयो।

'मुनामदन' को मुख्य केन्द्रबिन्दु, कथाबीज त मदनकी बुढीआमाले भाकल गरेका "पाटी र धारा" नै रहेछन्। होइन र ? त्यसैका लागि महाकविज्यूले उक्त 'मुनामदन' खण्डकव्य रचना गर्नु आवश्यक भएछ। खण्डकाव्य भए पनि त्यसका लागि पनि विभिन्न घटनाहरू र पात्रहरूको परिकल्पना गर्नु आवश्यक परेछ। त्यसमा पनि "पाटी र धारा" को परिकल्पना गर्न महाकविलाई प्रेरणा दिने स्रोत खोतल्ने जाँदा त, नेपाली साहित्यमा बहुचर्चित "घासीको कुवा र भानुभक्त कवि" कै प्रसङ्गलाई मुख्य प्रेरणाको रूपमा लिनुपर्ने देखिन्छ।

त्यसका निम्ति दृष्टान्तका रूपमा कवि भानुभक्तज्यूले सर्वप्रथम सेरुनुभएको भनी प्रख्यात भएको निम्न पद्यकै उदाहरण दिनु उपयुक्त होला।

> मर जन्म धारि तिर मन् दिई धन् कमायो
> क्यै कीर्ति हीर् पछि भनेर कुवा खनायो॥
> पानी हरिद घरको तर बुद्धि कस्तो
> सो भानुभक्त धनी भैकन आज थस्तो॥

यसरी घासीको त्यही कुवाले भानुभक्तलाई आफ्नो पनि कीर्ति रहोस् भन्ने इच्छा हुँदा र स्वयम् कवि भएको हुँदा कविताकै माध्यमले नेपाली जनतालीच उत्तम जीवनदर्शन र परोपकारको भावना जगाउन फुटकर कविताका साथै भानुभक्त रामायण लेख्न प्रेरणा दिएसरह महाकविज्यूले मुनामदनको माध्यमबाट पाटी र धारा निर्माण गराउने प्रेरणा र प्रयास गर्नुभएको बुझिन्छ।

त्यसमा पनि महाकविज्यूको उर्वर मस्तिष्क र कल्पनाशील मनले कुवाको सट्टा धाराको परिकल्पना गर्न पुगको देखिन्छ। किन भने कुवाको

स्वरूप र उपयोगको विचार गर्दा कुवा पाँडेरा हुने त्यसबाट पानी निकाल्न सोता वा पैंटो डुबाएर वा उठाएर पानी निकाल्न पर्ने भएर हो कि महाकविज्यूलाई जस्तो कस्तो असजिलो र अपठ्यारो लागेछ क्यारे !

"धारा" को चर्चा गर्दा त्यतिबेला प्रचलित डुङ्गाधारा नै हुनेगरेको र सो धारा बनाउँदा बनि अल्ली भई कमसेकम पनि ३ × ४ हात माथिघाट पानीको मुस्ली खुस्ने हुँदा कुकामाजस्तो निहुरिएर पैंटो डुबाउन नपर्ने, सोभी पानीको मुस्ली मुनितिर गाग्रो गाँथिदिए पुगिहाल्ने भएकोले पनि धाराको परिकल्पना गर्नुभएको बुझिन्छ । अझ बढी धाराको फाइदा त स्नान गर्न पनि सजिलो, शिरदेखि नै खलखल खाउन पाइन्ने । त्यसैले धाराको आवश्यकतामा ध्यान पुगेको देखिन्छ । उक्त प्रसिद्ध "भानुभक्तको घाँसी र कुवा" को माथ प्रसङ्ग भेटिएकोले हाम्रा महाकविज्यूलाई त्यतिले माथ चित्त नबुझेकोले उहाँको नयाँ नयाँ वस्तुको परिकल्पना गर्ने प्रतिभाले घाटीको पनि परिकल्पना गर्नुपुगेको देखिन्छ ।

महाकविज्यूलाई लागेछ क्यारे कुवाले त पानीको प्यास बुझाउँछ । त्यहाँ आफूले परिकल्पना गरेको धाराले पनि पानीको गर्जो मात्र टार्न सक्छ । त्यति मात्रै हो ।

अनि उहाँले आफ्नो उर्वर कल्पनाशक्तिद्वारा घाटी पनि परिकल्पना गर्न पुग्नुभएछ ।

त्यसको पनि कारण के थुरी खोजौं जाँदा उहानाई लागेछ क्यारे ! हो, बिहान र दिउँसो ओशिरतोशिर गर्ने बटुवा धाराको पानी खाएर बाटो लाग्लान् । तर यता गर्मी कामका केलिगरी मुनै बटुवा साँझ झमकक परेपछि, अथवा अँधेर रातमा सो कुवा वा धारामा आइपुगेछ भने के गर्ने ? फसाद परेन र ? त्यसठाउँमा पनि सानो ठूलोजस्तो होस् एउटा घाटी भइदिएको भए धाराको पानी खाएर तीन डुङ्गाको घुन्टो बनाएर सुकेका भोजा कपडा बटुलेर थाक्मकले आगोपारी छिटो-फाटो ओडालेर गुन्दुक उमालेर खाई सो घाटीमा रात बास बस्न पनि पाउँथ्यो भन्ने लागेर नै होला । परोपकारी स्वभाव भएका हाम्रा महाकविज्यूले घाटीसमेतको परिकल्पना गर्नुभएको । त्यो कुरा अति स्वाभाविक र आवश्यक पनि देखिन्छ ।

अब अर्को प्रसङ्ग कोट्याऊँ :-

"मुनामदन" खण्डकाव्यमा महाकविज्यूले परिकल्पना गर्नुभएका घटनाक्रम र पात्रबारे छोटकरी चर्चा गरौं ।

१) मदन भोट गएको ठन कमाउनको निम्ति
२) मुनाले परदेश जानुको सहा ब्यहोराने बसेर सन्तोष गर्ने कुरा गरेको
३) बाटामा मदनलाई हैजा लागेको
४) सार्थीले छोडेर गएको
५) चाहुवा भोटेले बोकेर घरसम्म ल्याइदिन गरेको
६) मदनले घर फर्कने बेलामा भोटेलाई आफूले कमाएको २ थाक्रमा दुवै पोका सुन दिन खोजेको
७ भोटेले त्यो सुन लिन नखोजेको
८) मदन घर फर्कन लागेको अनि यतातिर
९) मदन भोट भएको बेलामा गुम्बाले नैनीद्वारा मुनालाई फाकाउन खोजेको ।

मुनाले नजानेपछि गुम्बाले जीतेसिङ्गीद्वारा मदन मरेको झूठो खबर गरेको
१०) त्यो पीरले मुनाको स्वर्गवास भएको ।
११) मदन घर फर्केर आउँदा आमालाई अन्त्य अवस्थामा भेटेको
१२) छोरीको मुख हेर्न पर्खेर बसेकी आमाको छोराको मुख हेर्नैबित्तिकै स्वर्गवास भएको ।
१३) मुनालाई घरमा नदेखा मदनले सोधेको
१४) दिदीले पहिले बाइत गएको कुरा गरेको र पछि मुनाको स्वर्ग भएको कुरा बताएको ।

कृष्णप्रसाद भण्डारीको सल्लाहमा मुनाले राजा महेन्द्रलाई बिन्तीपत्र लेखिन् र राजाबाट त्यो बेहोरा सदर पनि भयो । अनि उनी सोभियत रूस गइन् ।

मास्कोको विमानस्थलमा नेपाली विद्यार्थीहरू मुनाको स्वागतमा उनिएका थिए । एकातिर उनी महाकवि देवकोटाकी जन्मदे छोरी थिइन् र अर्कातिर सोभियत रूसमा आफ्ने सरकारी बाटो लगाउने विद्यार्थी पनि उनै थिइन् । त्यसैले पनि त्यहाँ मुनाप्रतिको स्वागतका लागि विद्यार्थीहरूको भीड लागेको थियो । त्यही भीड चिरेर गोविन्दप्रसाद घिमिरे पनि त्यसै यही मुनासमक्ष उत्साहदक रूपमा प्रस्तुत भएका थिए । त्यसै बेलादेखि उनले मुना, मुना र मुनामा आफ्नो समय कटाउन थाले ।

त्यस बेलाकी किशोरी मुना यतीभैं राम्री थिइन् । मुनाको बोली पनि मीठो र रूप पनि कहकुत हुनुका कारण उनीसँग नजीकिने युवकहरू छेडि दिएनन् । त्यही परिवेशमा गोविन्दप्रसाद घिमिरेले एउटा रङ्गीन खाता त्यो दिनमा ठाउँमा मुनाको शिरमा सदैव उधिइराखी ।

मुनाले रूसमा पढ्नकारिता पढ्न रहर गरिन् । त्यसका लागि सर्वप्रथम उनले रूसी भाषा सिक्नैपर्थ्यो । त्यो भाषा सिक्नासित्तै उनको जीवनमा गोविन्दप्रसाद घिमिरेको घर जोडियो । वास्तवमा नै त्यस जोडीले जीवनजीवनान्तरसम्म जोडिएर नै बस्ने रहर गरे । त्यसैले रूसमा नै हिन्दूपरम्पराअनुसार नै उनीहरूको बिहे भयो । २०२९ वैशाख ३ गते ऊँचलिन बोकको पोखरामा होटलमा नेपालीहरू भेला भए । त्यस बेला नेपाली विद्यार्थीहरूले आआफ्नै ढङ्गबाट पैसा उठाएर पन्ध्र राम रुपैयाँको लागतमा राजिनीजको आयोजना गरेका थिए । यसै विषयमा मुना भन्छिन् "मेरो बिहे भव्य भयो । मास्कोमा अध्ययनरत पाँच सम्पूर्ण नेपालीहरूको उपस्थितिमा म दुलही बनेकी थिएँ ।"

गोविन्दप्रसाद घिमिरेको इन्जिनीयरिङ् विद्याअर्जन सकिएपछि मुनाहरू नेपाल फिर्किए । त्यसपछि घिमिरेले आगिरमा प्रवेश गरे । गोविन्द र मुनाको दाम्पत्य जीवन पनि सुमधुर रूपमा परिचालित भयो । घरमित्र र घरबाहिरका साथि पनि उनीहरूको दाम्पत्य जीवन अत्यन्नै अनुकरणीय मानिन्थ्यो । उनीहरूको एकअर्कासँगको प्रेमको चर्चापरिचर्चाले टोलछिमेकका महिलाहरूको समय रिसिन्थ्यो । उनीहरूबाट दुई जना छोरा सञ्जीव र राजीव पनि जन्मे ।

अन्ततः मुना र गोविन्दप्रसाद घिमिरेको जीवन पनि महाकवि देवकोटाले भनेझैं बिछोडमा परिणत भयो । कुरा के भयो भने २०५४ साल कार्तिक १९ गते बुटवल गइरहेको बखत उनीहरू चढेको मोटरसाथि एउटा ट्रक बढ्यो । घोरमारा भन्ने ठाउँले त्यसै दिन नेपालका एउटा सक्षम मेडिनकल इन्जिनियरको जीवनलीला समाप्त पारिदियो ।

मुना घिमिरे सधैं हरिकीर्तनमा प्राइरहन्थिन् । उनी पाँच वर्षकै उमेरमा आफ्नी आमाको हात समाएर हरिकीर्तनमा पुगेकी थिइन् । त्यस बेलादेखि उनी सदैव त्यसैमा मुग्ध भइन् । बाल्यकमा उनको जीवनमा तीन जना मान्छे महाकवि देवकोटा, कविप्रसाद गौतम र गोविन्दप्रसाद घिमिरेको प्रेरणा छाइरहेको छ ।

८. देवकोटाका साहिला छोरा पद्मप्रसाद देवकोटाको जन्म २००९ साल असार ७ गते भएको थियो । पद्मप्रसादका अनुसार उनी ६ वर्षको उमेरमा पदमोदयमा पाँच कक्षामा भर्ना भएका थिए । २०१६ सालमा महाकवि देवकोटाको निधन हुँदा उनी त्यहाँ ६ कक्षामा अध्ययन गरिरहेका थिए ।

देवकोटाको निधनपछि पद्मप्रसादलाई नेपाल सरकारबाट पढ्न छात्रवृत्तिस्वरूप मासिक एक सय रुपियाँ प्रदान गरिएको थियो । त्यसैले उनलाई गैन्टजेभियर्स स्कुल जावसाम्बेलमा भर्ना गरिएको थियो । ६ कक्षामा पढ्दै गरेका बालकको गैन्टजेभियर्स स्कुलमा दुई कक्षादेखि पढाइको प्रारम्भ हुन थाल्यो । उनले त्यही स्कुलबाट सिनियर क्याम्ब्रिज गरे ।

मानसिक चाहनामाई अभावको चोटले कच्याककुचुक पारिदियो । त्यही परिणतिले उनलाई डिप्रेसनको पोखरीमा हुत्याइदियो ।

मीराको स्वास्थ्यका कारणले उनी वैवाहिक जीवनमा पनि जान सकिनन् । उनको वैयक्तिक जीवन दिनानुदिन दया लाग्दो, माया लाग्दो र दिठ लाग्दो हुँदै जान थाल्यो । समयान्तरमा कुनै बस्तुतक उनैका प्रिय किताबकापी उनका लागि एकवदेशका दन्यकथा हुन थाले । डिप्रेसनको खाडलबाट बाहिर निस्कन नसकेकाले मीरा असहाय भइन्, जसले गर्दा उनको हेरविचार गर्न बलियो आफन्तको खाँचो भयो । उनकी आमा बाँचुन्जेल उनी आमाकै सरक्षणमा बाँचिन् । अनि आमाको शोपछि उनले आफ्नी दिदी अम्बिकादेवीको सहारामा दिनचर्या थान्न थालिन् । उनका भागमा पैतृक सम्पत्तिका नाउँमा उनलाई महाकवि देवकोटाले जोडेको कविकुन्ज र त्यसले चर्चैको जग्गा प्राप्त भएको छ । शास्त्रा श्रेष्ठका अनुसार "मीरा देवकोटा डिप्रेशनको गहिरो खाडलमा परेको दशकौं भइसक्यो । उनका नाउँमा घरजग्गा प्राप्त भए तापनि उनी शरणार्थीजस्तै जीवन बिताइरहेकी छिन् ।"

७. देवकोटाकी कान्छी छोरीको नाउँ हो मुना । उनलाई धरमा प्राय मुना भन्ने चलन थियो । उनको जन्म २००२ सालको असोजमा भएको थियो । देवकोटाको 'मुनामदन' मनदेखीलाई पनि अत्यन्तै मन परेको छ्रति हुनाले त्यही कृतिकै मोहमा डुबेर उनले आफ्नी कान्छी छोरीको नाउँ 'मुना' राखिन् । अनि देवकोटाले चाहिँ आफ्नी पत्नीलाई भनेका थिए "छोरीको निखोँड हुन्छ, त्यो नाउँ नराख बजै !" देवकोटाले त तिनको नाउँ 'पुष्पलता' राख्न खोजेका थिए ।

मुना सानामा रोगी थिइन् । बच्चादेखि नै घरबाट उनलाई पढ्न र खेल्न जान अनुमति दिएन । किनभने उनले शारीरिक परिश्रम गर्नेथिनकै उनलाई ज्वरो आउन थाल्थ्यो । उनी बाल्य कालमा धेरै पल्ट टाइफाइडसँग पनि जुझिन् । त्यसैले उनलाई स्कुल पठाउने काम पनि गरिएन । तर आफू सुकबुक राखे अवस्थामा पुगेपछि उनी साथीसंगीसँग लागेर स्कुल गइन् र पद्मकन्या विद्यालयमा पाँचौं कक्षामा भर्ना भइन् ।

देवकोटा शान्तभवनमा रहँदा बेला उनलाई हेर्न आतेमाथ्ये कमल शाह पनि एक थिइन् । त्यस बेला शाहले देवकोटासमक्ष एउटा वाचा गरेकी थिइन् "देवकोटाजी तपाईकी कान्छी छोरीलाई म मेरी छोरी बनाउँछु । उनको पढाइलेखाइको पनि म नै सम्पूर्ण व्यवस्था गर्छु ।" शाहको विचारले त्यति बेला देवकोटाका आँखाबाट खुसीका आँसु झरेका थिए ।

त्यसै सन्दर्भमा एकपटक अधिराजकुमारी प्रिन्सेप शाहले मुनालाई मुख सुम्सुम्याउँदै भनेकी थिइन् "देवकोटाजीकी छोरी कति राम्री ! मुना त आँखैमा टाँसुँजस्ती राम्री रहिछिन् ।" प्रिन्सेप शाहको कुराका प्रत्युत्तर दिँदै त्यहीँ छेउमा बसेकी कमल शाह फेरि बोलेकी थिइन् "मुना त मेरी छोरी मैसकिन्, सरकार ! देवकोटाजीसँग मैले मुना माँगेकी ।" तर त्यिनिको बोल अर्कै भइदियो । देवकोटाको शोपछि कृत्रिम आमाछोरीको भेट नै हुन छाड्यो । अन्ततः मुनाको पढाइलेखाइ पनि बराबिन थाल्यो । राजा महेन्द्रसँग सेन्ट मेरिज स्कुलमा राखेर मुनालाई पढाउने निर्णय गरेको बेहोरा पनि कमल शाहको जिद्दीका कारणले च्यातियो । वास्तवमा पूँजीपतिवर्गका मीठा र सस्ता कुराले मुनाको पढाइलेखाइ चलेन । यति हुँदाहुँदै पनि उनी आफ्नो भविष्यको डोँटेटो टेक्ने क्रममाथि विचलित भइनन् । उनको पढाइ उनकै बुताबाट नै दिल्लीबजारको पद्मकन्या विद्यालयमा सीमित भइरह्यो । त्यसैले मुनाले आफ्नी भिर्गी मन फुटाएर भनिन् "बुबाले हामीलाई छहोर गएपछि हामी अलपत्र पर्न्यौं ।"

मुनाले दुक्खसुक्खले एसएलसी पास गरिन् । त्यसपछि उनी रत्नराज्यलक्ष्मी कलेजमा आईए पढ्न थालिन् । त्यहाँ पढ्दापढ्दै उनले रूस जाने छात्रवृत्ति खोजिन् । तर त्यस बेला रूस जाने छात्रवृत्तिको नेपाल सरकारबाट कटौती भइराकेको थियो ।

१४. मुना र आमाको मृत्युको वेदनाले मदन थिरासी परेको

१५. वैद्यले अक्ष बेथाको औषधी उपचार गरे पनि मनका रोगको औषधी त भेटेको

१६. मदनले सो आफूले भोटजाँच पाएको एक पैसा सुन बिडीमाई दिएर आमाको भाकलमा पाटी-धारा बनाउने जिम्मा लिएको ।

१७. त्यसपछि मदन चिरनिद्रामा निदाएको

१८. महाकविज्यूले कुनै शोक नगरेर कर्मयोगी सम्म पाठकवर्गलाई आह्वान गरेपछि मुनामदन खण्डकाव्यको इतिश्री भएको । संक्षिप्त कथानक यही हो ।

पात्रहरूको विचार गर्दा :-

मदन- मदनको रूपमा महाकविज्यूले स्वयम् आफैंलाई प्रस्तुत गर्न भएको देखिन्छ ।

मुना- मुनाको रूपमा निष्कलङ्क चरित्रको नेपाली बेटी एवम् प्रकृतिदेवीको रूपमा प्रस्तुत गरिएकी छन् ।

ज्याइबा-प्राचीन अभिमुनि अथवा देवदूतको रूपमा प्रस्तुत गरिएको छ ।

ज्याइबाका छोराछोरी- देवपुत्र र देवकन्याका रूपमा प्रस्तुत गरिएका छन् ।

बूढी आमा- अनेक कुचक्रले आक्रान्त भएकी नेपाल भूमिकै रूपमा प्रस्तुत भएकी छन् ।

नैनी र गुण्डा- अरूको भलो देख्न नसक्ने शान्ति विरोधीहरू क्रन्तुत्ता र दुष्ट दानव हुन् भन्ने नै देखिन्छ ।

अब फेरि अर्को प्रसङ्ग छोट्याऊँ :-

महाकविज्यूको क्रान्तिकारी स्वरूप र क्रान्तिकारी अभियान । एउटा 'क्रान्तिकारी' मनोवृत्तिकै हो 'यथास्थितिवादी होइन' भन्ने स्पष्ट बुझिन्छ । त्यसो हो भने हामा महाकविज्यूलाई क्रान्तिकारी किन भनियो ? यसको कारण खोज्नु बढी उपयोगी होला । यसबारे बढी पक्ष-विपक्षमा वादविवाद गर्नुभन्दा पनि । महाकविज्यूले 'मुनामदन' खण्डकाव्य लेख्नुभएको बेला र धेरै पछिसम्म पनि हामो नेपालको परम्पराअनुसार पर्वतै बाहुन क्षेत्री होइन, त्यसको विपरीत नेवार जातिका बाजुभाइहरू नै भोट एवम् ल्हासा जाने प्रथा कायम थियो । त्यहाँ गएर व्यापार गर्ने, बसोबास गर्ने, आवतजावत गर्ने भएको हुनाले नै नेवारलाई नै "ल्हासा सेवा" भन्ने प्रचलित थियो ।

त्यसको ठीक उल्टो पर्वते बाहुन क्षेत्री गुरुङ मगरहरू भने तत्कालीन ब्रिटिस शासन अन्तर्गत इण्डियाको लाहुर प्रदेशमा ब्रिटिश-सेनामा सेवा गर्न जाने हुनाले लाहुरे भनी प्रसिद्ध भएका छन् । सो ब्रिटिस गोर्खा सैन्यमा सेवारारी सेवानिवृत्त भएका लाहुरे नेपालका विभिन्न स्थानमा घरबार गरी बसोबास गर्ने भए पनि विशेष गरेर धरानमा बस्ने गर्दथे । अहिले भने दशौंको सङ्घर्षबाट सफल भई बेलायतमै बस्ने अनुमति पाएपछि बेलायतमै बसोबास गर्न थालेका छन् ।

त्यसै पर्वते बाहुन लाहुर जाने चलन र परम्परा भएकै बखत महाकविज्यूले पर्वते क्षत्रीजातको मदनलाई भोट पठाउनु अवश्य नै क्रान्तिकारी कदम नभए अरू के हो त ? अवश्य नै ठूलो क्रान्तिकारी कदम हो भन्दा के आपत्ति हुन्छ ? त्यसको पनि धुरो कारणतत्त्व के रहेछ त ? भन्ने खोजी गर्दा त्यसको मूलजरो पनि भेटिइहालियो नि !

पूर्ण मनोयोगले ध्यान चिन्तन गर्दा परमेश्वर त भेटिन्छन् भने त्यो महत्वपूर्ण तथ्य अथवा कविज्यूको क्रान्तिकारी अभियानको मूलस्रोत के रहेछ भन्दा त हामै नेपालका पहाडी दिदी-बहिनीहरूले गाउँमै गरेको गीतमा प्रचलित "ल्हासामा सुन छ, मेरो कान बुझ्ये छ" भन्ने लोकगीत नै प्रमुख कारण हो भन्ने बुझिन्छ । त्यसै कारणले पनि हुनुपर्छ, हामा महाकविज्यूले मदनलाई लाहुर नपठाएर भोट (ल्हासा) नै पठाउने कदम चालेको ।

फलस्वरूप मदनले पनि सुन दुई पोका कमाएको कुरा स्वयम् महाकविज्यूले उल्लेख गर्नुभएकोले भोटमा प्रशस्त सुन उपलब्ध हुने सङ्केत गर्नुभएको बुझिन्छ। त्यसैले यो महाकविज्यूको क्रान्ति हो भन्दा कसलाई पो आपत्ति होला र ? अं त नि, अनि अकस्मात् मनमा लागेका कुरा कवि लेखक पाठक प्रबुद्ध वर्ग समक्ष किनी बिसाउनु पनि के कर्तव्य भित्रै पर्दैन र ?

तर पनि यस विषयमा अरू कुनै महानुभावले प्रश्न अथवा जिज्ञासा गरेको भेटिएन त भन्ने मेरो मनको खुलदुली मात्र हो। हुन त बस्तो प्रश्न अरू महानुभावका मनमा उठेनै होला नि। उठ्दै उठेनन् होला नै त भन्न सकिन्न। तर पनि लिखित र प्रकाशित रूपमै देख्न एवम् पढ्न नपाइएसम्म त पत्याउन र विश्वास मानिहाल्न पनि कुनै ठोस आधार हुन सक्दैन, होइन र ?

यसै प्रसङ्गमा अत्यन्त आदरका साथ नम्र निवेदन गर्ने अनुमतिको प्रार्थना साथ अनुरोध गर्नु पनि आफ्नो परमकर्तव्य ठानेको छु। अनि हामीजस्ता कचा कचा ठूला कवि/लेखक सहा छोराछुरे पनि यतिका समालोचकलाई देखादेखी पनि बढो जाने भएर लाकडे हानेर दौडन्ना डाँडिएर प्रथम भई जित्न खोज्ने भन्ने आशय नलागोस्। अनि मैले पनि जानी जानी भन्नै खोजेर भनेको त कहाँ हो र ?

अलाउति धेरै खोजेर हेर्दा पनि कसैले पनि लेखेको नदेखेर मात्रै ध्यानक भन्न पुगेको हो। अतएव यसलाई एउटा सामान्य सम्झेर पर्न गएको अथवा नाटाको खुट्टा काटामा परेको भन्ने सम्झेर क्षमा गरिदिनुहुन पनि सविनय आग्रह गर्दछु।

अब फेरि अर्को प्रसङ्गको चर्चा गरौं :-

महाकविज्यूका अरू अरू रचना तथा कृतिहरूमा उहाँको व्यापक तथा विस्तृत अध्ययन सर्वतोमुखी प्रतिभा अविरल अव्याहत लेखनशैली उदात्त कल्पनाशीलताले गर्दा विविध तर्कपरिता, नगण्य तुच्छ विषयलाई अति उच्च स्थानमा स्थापित पार्न सक्ने बौद्धिकताकै परिणाम र प्रचुरता देखेरहरूमा देखिने नै गरेको भेटिन्छ भने, त्यसको विपरीत मुनामदनमा भने विशुद्ध एवम् सहानभूति सम्पन्न हृदय पक्षकै प्रचुर मात्रामा प्रयोग र परिणाम भेटिएकोले पनि परदुःख कातर अरूको मानी पीडामा पनि बढी प्रभावित द्रवित हुने सरल निर्मल निश्छल हृदयका धनी महामानवका जीवित प्रतिमूर्ति हाम्रा महाकविज्यूलाई प्रस्तुत 'मुनामदन' अतिशय प्रिय रचना भएकोले त्यस कालजयी अजर अमर रचनालाई अनन्त आगामी समयसम्म सुरक्षित राख्नै राखिदिन अनुरोध एवम् आग्रह गर्नुभएको बुझिन्छ। कुन कुरा अति स्वाभाविक नै हुँदै हो नि, हैन र ?

हुन पनि 'मुनामदन' निजका प्रत्येक पात्रले बोलेका एवम् कर्ता कर्ता स्वयम् महाकविज्यू आफैले भन्नुभएका पङ्क्तिहरू अतिउत्कृष्ट नै देखिन्छन्। स्वयम् वेद उपनिषद् तथा मानव कर्तव्यबोध गराउने नीति नियम बुझाउने सूक्तिजस्ता अति उपयोगी र प्रशंसाका योग्य छन्। उदाहरणका रूपमा केही पङ्क्ति नमूना पेश गर्नु राम्रो र प्रासङ्गिक पनि हुनेछ।

मुनाको उद्गार-

"हातका मैला सुनका बेला के गर्नु धनले"
साग र सिस्नु खाएको मीठो आनन्दो मनमे"

मदनको उक्ति-

"धर्मको छोरो यो पाउ खुन्न पीनले धुँदैन
मानिस रूपी दिन्नले हुन्छ जातले हुँदैन।"

म्याङ्घाको उक्ति-

"भोटेपे मन्छ मौकासे पाखो न्यो गुन लाउन
गुलको लङ्गा लिँदैन झामी सम्झेर जाऊन।"

महाकविको उक्ति-

"रोएर हिँडे जङ्गल छेऊ अपङ्ग अजान
त्यो भोटेभित्र देखेर त्यस्तो मनको सुहान।"

मदनको उक्ति-

"हे मेरी मुना, हे मेरी मुना, छाडेर गयौ नि,

उनी शिक्षा मन्त्रालयबाट प्राप्त हुने छात्रवृत्तिमा खुल्ला प्रतियोगितामा संलग्न भइन्। प्रतियोगितामा सफल भएपछि उनी भारतको गुजरातमा गएर पढ्न थालिन्। गुजरातका महाराजा सयाजीराम एम्एस विश्वविद्यालयबाट उनले फाइन आर्टस्को स्पेशल म्युजिक मोकसमा डिग्री (एम् म्युज) गरिन्।

त्यसपछि अम्बिकादेवीले रेडियो नेपालमा भजेर धेरै काम गरिन्। त्यहाँ उनले गीत, सङ्गीतका साथि नयाँ सञ्चार स्थापन प्रयास गरिन्। उनी आफैं गीत गाउने, सङ्गीत गर्ने र रचना गर्ने प्रतिभामा स्थापित भइन्। जागिरको सन्दर्भमा उनले सञ्चार मन्त्रालयमा शाखा अधिकृतस्तरबाट जागिर आरम्भ गरेकी थिइन्।

अम्बिकादेवीको विवाह लोकेन्द्रनाथ रिमालसँग भयो। त्यति बेला उनी सोह्र वर्षकी थिइन्। चिहेपछि उनका दुई जना छोरा पनि जन्मे। तर उनीहरू शिशुकालमा नै दिवङ्गत भए।

अम्बिकादेवीको चिहेपछि उनले त्यति शान्तिपूर्ण समय भेट्न सकिनन्। उनको दाम्पत्य जीवनको आगमनसँगै घरभित्रबाटै डढेलोले आक्रमण गर्न थालेको थियो। उनले जति नै त्याग गरे तापनि उनका पति लोकेन्द्रनाथ रिमालको उनीप्रति सशङ्कापूर्ण धारणा बन्न नै सकेन। त्यति मात्र होइन, उनका पतिले घरव्यवहारका साथि एउटा सिन्को पनि भाँच्ने काम गरेनन्। घरमा उनका पतिले आनासूबी पनि ल्याउने काम नगरेपछि अम्बिका नै गर्जी टार्ने पनि जोतिने गर्थिन्। यस्तो हुँदाहुँदै उनका पति प्यारालाइसिस भएर घरमा नै ढले पनि। त्यसपछि अठार वर्षसम्म उनका पतिको दुःखद अवस्थामा अम्बिकादेवीले चाकरी गरिन्। अन्ततः २०४० सालमा लोकेन्द्रनाथ रिमालले थती छोडिए।

अम्बिकादेवीले आफ्नी आमा मनदेवी बाँधुञ्जेल उनकी पति मन, वचन र कर्मले सेवा गरिरहिन्। उनले आफ्नी बहिनी मीरालाई पनि सधैं साथ दिइरहिन्। उनी मीरा जस्ती एउटी अशक्त बहिनीकी एउटी सशक्त संरक्षकका रूपमा अघि बढिरहिन्। उनले मीरालाई सधैं आफ्नै काखे बच्चा झैं माया गरिरहिन्। त्यही कारण जोडेर पनि उनकी कान्छी बहिनी मुनाले अम्बिकालाई सधैं भनिरहिन् "मेरी अम्बिका दिदी करुणाकी देवी हुन्। मेरी दिदीजस्तो त्यागी मान्छे संसारमा विरलै पाइन्छन्।"

६. देवकोटाकी छोरी मीराको जन्म १९९८ सालमा भएको थियो। उनी सानैदेखि पढाइलेखाइमा होनहार थिइन्। त्यस बेलाका मान्छेहरू भन्थे "मीरा उनका बाबु जस्तै विद्वान् हुन्छे।" हुन पनि उनमा अजब प्रतिभा थियो। बाल्यकालदेखि नै उनी टाठीबाठीमा पनि स्थापित भइन्। उनी सानैदेखि मीठो बोली बोल्ने स्वभाव र निकै सुन्दरी रूपकी थिइन्।

मीराले पद्मकन्या विद्याश्रममा पढिन्। उनी स्कुले जीवनमा परीक्षा आउनुअगाडि आफ्ना सबै किताब कण्ठ गर्थिन्। परीक्षाका बेला पनि उनी सबै प्रश्नपत्रको जवाफ सोधेको भन्दा बढी दिन्थिन्। उनको पढाइको स्तर उनीभन्दा ठूलो थियो। उनको अध्ययन देखेर स्कुलका शिक्षकहरू छक्क पर्थे। वास्तवमा मीरा पहेंर अघ्राउँदिन थिइन्। स्कुलमा एक वर्ष पढ्ने किताब उनी एकै महिनामा कण्ठस्थ गर्थिन्। मीराका हातमा विविध रीप पनि खामिएका हुन्थे। उनी कहिले पनि हात बाँधिर बसिन थिइन्। उनको घरव्यवहार र पठनपाठनको जोगिर हेरेर महाकवि देवकोटा पनि मुग्ध हुन्थे।

मीराको धेरै बुद्धि भएका कारणले नै उनलाई बिनाशले निम्त्याएको। मन्नी मीराको मस्तिष्क अति मलजल परेको बालीनालीझैं भयो। त्यसैले फाटने क्रममा किताब हौसिन थाल्यो र उनी क्रमशः खस्दै जान थालिन्। उनको उच्च बौद्धिकता विस्फोटनतर्फ उन्मुख थाल्यो। खासमा उनी चिकित्साशास्त्र पढ्न चाहन्थिन्। त्यो विषय पढ्न नपाएपछि उनी रन्थनिन थालिन्। त्यो विषय पढ्न उनले गैरिफेरि पनि प्रयास गरिरहिन्। तर उनको

प्रतिबिम्बका रूपमा 'साथी गौर्यकला' कविता लेखेर त्यहाँ सुनाएपछि । पाल्पा बसुन्जेल उनी कङ्गमान सिहकर आश्रममा सिहरंगी त्यस ठाउँको ओरिपरि घुमे । साथै त्यहाँ पनि उनले कविता लेखेर आफ्नो सुनाउने बानीलाई कायम राखे ।

३. १९९२ सालमा महाकवि देवकोटाकी अर्की छोरी (अनाम) जन्मिन् । जन्मेको दुई महिनामा नै उनी दिवङ्गत भइन् ।

४. देवकोटाको माइलो छोरो कृष्णप्रसादको जन्म १९९३ सालमा भएको थियो । देवकोटा दम्पतीका सन्तानका रूपमा उनी चौथो सङ्ख्यामा पृथ्वीमा अवतरित भएका थिए ।

कृष्णप्रसाद बाल्यकालदेखि नै धुमधाम पढ्ने रहर गर्थे । त्यसैले महाकवि देवकोटाले उनलाई आफैले पढाई पनि रहे । कृष्णको व्रतबन्ध पनि २००२ सालमा भयो । कृष्ण प्रायः आफ्ना बुबासँग मात्र टाँसिइरहन्थे ।

एकपटक महाकवि देवकोटा बनारस जाने बेलामा कृष्णप्रसादले धेरै रोइकराई गरेर देवकोटालाई छेक्न खोजे । त्यति बेला कृष्णप्रसादले "घर छाडेर जनै नजानुस् बुबा !" भनेर देवकोटाको जुत्ता पनि लुकाइदिए । त्यतिखेर जुत्ता नभेटेपछि देवकोटा खाली खुट्टा नै भए पनि बनारस गए । किनभने देवकोटा त्यहाँ जान एकोहोरिइसकेका थिए । त्यसैले उनी स्वानी छोराछोरीलाई छाडेर साथीभाइहरूसँग बारतिर लागे ।

देवकोटा बिदेसिएपछि उनका छोरा कृष्णप्रसाद टाइफाइडले बलिए । त्यस घडी देवकोटाको खोजीमा उनका घरभरि राणाका सेना परिचालित थिए । त्यति मात्र होइन, उनका घरका सबै कोठामा साँचो मार्न पुलिस सक्रिय थियो । त्यस बेला कृष्णलाई लाती पानी खुवाउन पनि मनदेवी देवकोटाले छिमेकीको आश्रय लिनुपरेको थियो । त्यस बेला राणाका सेनाले 'घरमा बुढ बजारेको पदचाप सुनेर कृष्णप्रसादलाई आफ्ना बुबा घरमा आएको आभास हुन्थ्यो र बोल्थे "बुबा !" त्यतिखेर मनदेवीले आफ्ना छोरालाई फकाउँदै भन्थिन् "बुबा चाँडै आउनुहुन्छ बाबु कृष्ण !" त्यस बखत मनदेवीको एउटा हातले आँसु पुछ्ने गर्थ्यो र अर्को हातले छोरालाई सुम्सुम्याउने गर्थ्यो ।

देवकोटा सरकारको डोहमा मारेको हल्लाले टोलछिमेक पनि रुँगिएको थियो । त्यसैले छिमेकीहरू पनि राणाको डरले देवकोटा परिवारसँग पानी बाँड्न बाध्य भए । त्यस घडी मनदेवी देवकोटाले आफ्नो सङ्कटको सामना गर्नुपरेको थियो । साथै देवकोटा बनारस भुगेको दुई महिना नबित दिनमा अर्थात २००४ सालको असोज २० गते कृष्णको निधन पनि भयो । त्यसपछि देवकोटा परिवारलाई आँसुले डुबाएको थियो ।

कृष्णप्रसाद स्वर्गीय भए, तर यथोचित समयमा उनको शव पनि उठ्न सकेन । किनभने त्यस समय देवकोटाको घरमा एक पैसा पनि थिएन । धेरै बेरसम्म आँगनमा नै त्यो शव रहेपछि एक जना मनकारी मान्छेले बेसुकातिर आएर त्यो शव उठाउने खर्च दिए । अनि त्यहाँबाट शव पशुपति आर्यघाटमा पुऱ्याइयो । आफ्नो छोरो दिवङ्गत भएको खबर देवकोटाले परदेशमा नै सुनेका थिए । आफ्ना छोराको वियोगमा परेर देवकोटा बनारसमा नै डाँको छाडेर रोएका थिए ।

५. देवकोटाकी माइली छोरीका रूपमा अम्बिकादेवीलाई चिनिन्छ । अम्बिकामन्दा अगाडि जन्मेकी देवकोटाकी छोरी शिशुकालमा नै दिवङ्गत भएकाले उनको नाउँ प्रकाशनमा आउन सकेन । साथै देवकोटा परिवारले पनि उनलाई सङ्ख्यात्मक गन्तीमा राखेनन् । त्यसैले अम्बिकादेवी माइली छोरीका रूपमा प्रस्तुत भइन् ।

अम्बिकादेवीको जन्म १९९७ साल असारमा भएको थियो । उनले आफ्ने बुबाबाट ककहरा सिकिन् । त्यसपछि उनी ढिल्लीबजारको पद्मकन्या स्कुलमा भर्ना भइन् । एसएलसी पास गरेपछि उनी पद्मकन्या कलेजमा पुगिन् । त्यहाँबाट आईए पास गरेपछि

पूजाको मन्दिर प्राणको जन्जीर तिमी नै थियौ नि,
देवले हाल्यो शिरमा मेरो निठुरी घनले
यो गरी साहूँ के गरी रहूँ जिउँदो मनले ।"
दिदीको उक्ति-
"सहन नभी जन्मन आयौ हे बाबु सहन,
दुःखमा हामी सोधिन आयौं दुःखमा रहन ।"
मदनको विवीता-
"ईश्वर मैंसे रचेर फेरि कसरी बिगारिस्,
सृष्टिको फूल रचेर त्यस्तो कसरी सछारिस्,
त्यो फूल हर मसाई दिई कसरी पछारिस् ।"
महाकविको उक्ति-
"मैंसले हाल्यो बिद्याले बुझ्यो त्यो वैद्य आएन,
मनको व्यथा कता हो कता औषधि पाएन ।"
अनि अन्त्यमा-
"आँसाको झुलो पछ्याली हाल्यौ हे भाइ बहिनी
संसार हामी बुझ्नु नै पर्छ छोरि नबनी,
पृथिवी यसी स्वर्गमा हेर्ने छन् हाम्रा नजर
तल नै हेरी तल नै हेरी बिवीना नगर,
मनको बनी तनको डाली रहयो छ प्रसाद
जसमी एक ईश्वर मन्छ यो लक्ष्मीप्रसाद ।"

इत्यादि कति लेखे अनगिन्ती छन् यस्ता यस्ता अमर्मील सुभाषितहरू ।

मैले यसै लेखको सुरु ठाउँमा भनेको थिएँ- महाकविसँग दोहोरो पारिवारिक सम्बन्ध पर्छ भनेर । त्यसैले यहाँ त्यसको उल्लेख गर्नु उपयुक्त होला ।

हाम्रा महाकविका पूज्य पिताश्री तिलमाधव देवकोटाज्यू बडी रसिलो र रमाफिलो व्यक्ति हुनुहुन्थ्यो । उहाँ बराबर मेरा पितामह खरिदार महीनाथ शर्मा पण्डितज्यूसँग भेटघाट गर्न हाम्रो घर ढिल्लीबजार आउने गर्नुहुन्थ्यो । उहाँको घर र हामी घर ढिल्लीबजारमै नजिकै भए पनि त्यति बेलाको सवारी साधन लामडान अथवा जलिनघाटमा पर्दैन अर्थात् घर जवान डोलेद्वारा बोकिएर आउनुहुन्थ्यो । यसरी उहाँसँग मेरा पितामहकी दुइटी छोरीमध्ये जेठीसँग विवाह हुनपुगेको थियो । यसरी महाकविसँग मेरो पारिवारिक दोहोरो सम्बन्ध भएको थियो ।

त्यसैले गर्दा महाकविका छ जना दाजुभाइमध्ये महाकविज्यू लक्ष्मीप्रसाद देवकोटा र उहाँका भाई मिथनाथ देवकोटाज्यू चाडपर्व र विशेष अवसरमा हाम्रा घरमा निम्तो मान्न र भोजन गर्न समेत आउनुभएको मैले मेरो बाल्यकालमा देखेको छु । अनि पछिसम्म पनि दुबै जनासँग मेरो सङ्गत भइ नै रह्यो । यो मेरो र महाकविज्यूको एकोहोरो सम्बन्धको कुरा भयो । अब दोस्रो एवम् दोहोरो पारिवारिक सम्बन्धको व्यहोरा ।

मेरा पितामह पण्डित श्री वद्रीनाथज्यूका चार भाइ छोराभन्दा जेठा छोरा वैद्यराजकेशरीज्यू माहिला छोरा सरदार सौन्दर्यकेशरीज्यू, साइला छोरा चन्द्रकेशरीज्यू र कान्छा छोरा डा. नरेन्द्रकेशरीज्यू । सरदार सौन्दर्यकेशरी मेरा पिताश्री हुनुहुन्छ ।

तिनमध्ये मेरा जेठा बुबा श्री वैद्यराजकेशरीज्यूका तीनभाइ छोरा जेठा पुण्यकेशरी, माहिला अर्जुनकेशरी अनि कान्छा डा. जयनीभूषण उपाध्याय हुन् । अनि ललितकेशरीज्यूका तीनभाइ मध्ये जेठा छोरा पुण्यकेशरीका दुई भाइ छोरा दुई छोरीमध्ये कान्छी छोरी कृष्ण उपाध्यायको विवाह महाकविका कान्छा छोरा डा. पद्मप्रसाद देवकोटासँग भएकोले मेरो परिवारसँग महाकविज्यूका परिवारसँग दोहोरो पारिवारिक सम्बन्ध छ भनिएको हो । डा. पद्मप्रसाद देवोटाज्यू हालसाल ढिल्लीबजार मैतीदेवी टोलकै आफ्नै घरमा बस्नुहुन्छ ।

अब अर्को प्रसङ्ग यस प्रकारको छ-

महाकविज्यूको व्रतबन्ध ८वर्षको उमेरमा नै भएको र त्यसको एक वर्षपछि १९७५ सालको चैत्र शुक्लनवमीका दिन रातको ठीक १२ बजे उहाँलाईकुलदेवीले सपनामा दर्शन दिई तीन अक्षर भएको मन्त्रको दीक्षा दिनुभएको रे । तर बिहान ४ बजे अर्थात् भोलिपल्टको निद्रामाट व्यूँझदा तीन

अक्षरमाथि अखिल्ली जिसनुभएर बाँकी दुई अक्षर मात्रको मन्त्र जप्ने गर्नुभएछ रे । अनि त्यसरी दुई अक्षर मात्रको अपूरो मन्त्र जप्ने परिवारले धेरै मात्रामा भए तापनि पूर्णसिद्धि हुन नपाएकोले महाकविज्यूलाई धेरै पटक आर्थिक अभाव भैरहने, परिवारमा पनि कसो कसो पूर्ण सामञ्जस्य नहुने अवस्था परिरहने गरेको रे ।

यदि हाम्रा महाकविज्यूले उहाँको झुलदेखीले दीक्षारूपमा दिनुभएको तीन अक्षरको सो मन्त्र पूर्णरूपमा नै जप्न पाउनुभएको भए पूर्ण राजसुख समृद्धि भोग्न पाउनुहुन्थ्यो रे । यो कुरा मैले उहाँकै एक कक्षा पर्न र अर्का भानिज डाइ पर्ने महानुभावबाट थाहा पाएको हुँ । साँच दुवैजनाको निधन भैसकेको छ ।

लेखनुपर्ने त धेरै थियो, तर महाकविजस्तो महान् स्रष्टाका बारेमा कति लेख्ने ? के के लेख्ने ! लेखेर साध्य भए पो र । त्यसैले यतिमै बिट मार्ने अनुमति चाहन्छु ।

महाकवि श्री लक्ष्मीप्रसाद देवकोटाज्यूका हालसम्म प्राप्त रचनाहरू

(क) नेपालीमा रचना भई प्रकाशित पुस्तकहरू:

१) आँसु, २) आकाश बोल्छ, ३) फाटक, ४) कुञ्जिनी ५) कृषिबाला, ६), गाइने गीत अनाम्या, ८) चिल्ला पातहरू, ९) छहरा, १०) जन्मोत्सव मूकुल थोपा, ११) दाडिमको रुखनेर, १२) पञ्चतन्त्र, १३) दुष्यन्त शकुन्तलाको भेट, १४) पहाडी पुकार, १५) पुतली, १६) प्रसिद्ध प्रबन्ध सङ्ग्रह, १७) प्रभिवास, १८) भवना साङ्गीय, १९) भिखारी, २०) मनोरञ्जन, २१) महाराणा प्रताप, २२) मयाविनी मसी, २३) मुनामदन, २४) मैना, २५) म्याकबेथ, २६) मेघदू, २७) लक्ष्मी कथासङ्ग्रह, २८) लक्ष्मी कवितासङ्ग्रह, २९) लक्ष्मी गीतिसङ्ग्रह, ३०) लक्ष्मी निबन्धसङ्ग्रह, ३१) लुनी, ३२) राजकुमार प्रभाकर, ३३) रावण-जटायु युद्ध, ३४) वनकुसुम, ३५) वासन्ती, ३६) शाकुन्तल महाकाव्य, ३७) सावित्री सत्यवान, ३८) सीतात्तरण, ३९) सुनको विहान, ४०) सुसोचना, ४१) स्रष्टा देवकोटा: द्रष्टा परिवेशमा, ४२) फुल फुलेको बागमा ।

(ख) नेपालीमा रचिएका प्रकाशित कृति

१) तुषार वर्णन (खण्डकाव्य), २) मरुभूमि (काव्य), ३) निर्माणको मार्गमा (नाटक), ४) राजपूत रमणी (नाटक) ।

(ग) अङ्ग्रेजीमा रचित प्रकाशित कृति

1)The Ballad of Luny, 2)BAPU, 3)SHAKUNTALA EPIC.

(घ) अङ्ग्रेजी रचित अप्रकाशित कृति

1) DRAMA, 2)ENGLISH ESSAYS, 3)ENGLISH POEMIS, 4)THE MOTH, 5)SONNETS

(ङ) अङ्ग्रेजीमा अनुदित महाकविका कृति

1) MUNA MADAN- HUTT MISHAEL SAJHA PRAKASHAN PULCHOK. 2) MUNA MADAN-RAI GAIVGASINGHI WEST BESTGAL 1996, 3)THE PILGRIM-RANJAN PALLAV, 4) NEPALI VISONS NEPALI DREAMS-RUBENS DAVID COLUMBIA, 5) MUNA MADAN-ANANDA SHRESHTHA. 6)MUNNA MADAN-SYANDEN A.M SIDDHARTH. SUJATA PRAKASHANA.

(च) महाकवि देवकोटाका मैथिलीमा अनुदित कृति

१) मुनामदन-सुन्दर झा, शास्त्री, जनकपुर ।

भोकभोकी पनि बसे । साहित्य र चित्रकलामा पनि उनले रुचि राखेका थिए । उनी कुशल चित्रकार थिए । उनका चित्र प्रायः 'कविकुञ्ज'का कोठाहरूमा टाँसिन्थे । आफ्ना बुबाका लेखनमा उनले सधैं सहायकको रूपमा पनि भूमिका पूरा गरे । त्यति बेला उनी आफ्ना बुबाको छायाकै रूपमा आफन्तमाझ परिचित थिए । पछि उनले नै बुबाको दौराको फेर माछीकी देवकोटालाई बनारसघाट नेपाल ल्याए ।

प्रकाशको चित्रकलाबारे महाकवि देवकोटा गर्व मान्थे । एकपटक महाकवि देवकोटालाई भेट्न उनका घरमा श्यामप्रसाद शर्मा, रमेश विमल र फणीन्द्रराज खेतान गएका थिए । त्यति बेला उनीहरूलाई देवकोटाले आफ्ना छोरा प्रकाशले बनाएका चित्र हेर्न विशेष आग्रह गरेका थिए । यसै परिवेशमा देवकोटाबारेको एउटा चित्रण निकालेर गरेका छन्, "यो मेरो छोरो प्रकाशले बनाएको चित्र । कुन चित्रकारितामा सीख राख्छ ।' भित्तामा झुण्डिएको सरस्वतीको रङ्गीन चित्रलाई देखाउँदै कविजीले भने । यसै कोठाभित्र पसेका प्रकाशतिर उन्मुख भएर उनले भने 'बाबु ! तिमीले बनाएका चित्रहरू उहाँहरूलाई देखाऊ त !"

२००९ सालको जुरा हो, अचानक प्रकाशप्रसाद बिरामी भएर गला पर्न थाले । त्यस बेला उनको आई.ए. परीक्षा पनि मुखैमा थियो । त्यतिखेर महाकवि देवकोटा भ्रमणका क्रममा भारतमा पटना, दार्जिलिङ र सिक्किमको गान्तोक पुगेका थिए । देवकोटा भ्रमण सकेर काठमाडौं फर्कैपछि प्रकाशलाई ठूलो हौसला भएको थियो । त्यस अवस्थ देवकोटाले माङ्सिर ७ गते आफ्नो घरमा पाइला बिसाएका थिए ।

देवकोटा घरमा आएपछि सारा साहित्यकारले उनलाई घेर्न थाले । सबैले दार्जिलिङ र सिक्किमको खबर सोध्न थाले । उता प्रकाशप्रसाद भने मन्नु र बाँच्नुको दोसाँझमा ओछ्यानमा सङ्घिरलेका थिए । भोलिपल्ट प्रकाश भनी सारो बिरामी हुन थाले । त्यस घडी महाकवि देवकोटा आफ्नी पत्नीको आग्रहले डाक्टर सोज्न घरबाट बाहिर लागे । तर उनी बाहिरिए पनि उनको ध्यान साहित्यमै केन्द्रित हुन गयो । त्यस दिन उनी छोराको उपचारका लागि डाक्टर लिन गएको बेहोरा नै भिसेर राति घर फर्केका थिए । घरमा आएपछि उनले छोराको मुख हेरे र फेरि डाक्टर सोज्न निस्के । अनि उनी डा.यज्ञराज जोशीका घरमा सरासर पुगे । डाक्टरले 'म भोलि आउँछु भन्ने बचन दिएर टारेपछि देवकोटा सुरुसुर फेरि घर आए । भोलिपल्टबाटै डाक्टरलाई देखाउन नपाउँदै उनको छोरो उनकै सामु सदैका लागि बिदा भए । अर्थात् माङ्सिर १५ गते प्रकाशप्रसाद निष्प्राण भए ।

प्रकाशको निधनको घटनाले देवकोटा धुरुधुरु रोए । उक्त हृदयविदारक घटनापश्चात् उनी रातदिन छोराको पीडामा भौतारिन्थे । त्यस बेला उनको मनमा मात्र होइन, दिमागमा नै बज्र परेको थियो । त्यसपछि उनलाई परिवारबाट एकै हिँडुन पनि प्रतिबन्ध लगाइएको थियो । देवकोटा त्यति बेला प्रायः नजरबन्दीमा बसिएका थिए । वास्तवमा प्रकाशको निधनले देवकोटामाथि थप मानसिक आघात भएको थियो ।

देवकोटाको अत्यन्त दुखित मनस्थितिसँग त्यस बेला सिद्धिचरण श्रेष्ठले साँगी लगाएका थिए । त्यसैले उनले पनि प्रकाशको शोकमा एउटा कविता लेखेर पठाए :

प्राण पङ्खी तिम्रो पाउ पर्दिँ छ हरे के भन्नु त
साथ दुनियाँ चाहन्छ अर्को तिम्रो आत्मा पनि लुक्छ त

प्रकाशको निधनपछिको १०५ दिनका दिन मन परिवर्तन गर्न महाकवि देवकोटालाई पाल्पा लगियो । वास्तवमा केही दिनपूर्व उनलाई त्यहाँ आउन वैकुण्ठप्रसाद लाखीलले निमन्त्रणा पनि दिएका थिए । त्यति बेला उनलाई शाही परामर्शदाता खड्गमान सिङले आफैँसँग पाल्पा लिएर गएका थिए ।

देवकोटाको पाल्पा हाइस्कुलले खुबै ठूलो स्वागत गऱ्यो र उनले पनि त्यहाँ 'पाल्पा' शीर्षक कविता लेखेर सुनाए । उनले आफ्नो भाँड्भिएको मनका

महाकवि देवकोटाका छोराछोरीको कथा

✍ नरेन्द्रराज प्रसाई

महाकवि देवकोटा र मनदेवी देवकोटाको लगनगाँठो झन्सिएको चार वर्षपछि उनीहरू आमाबाबु भए। विद्यार्थीजीवनको सिरनी उकलने क्रमसँगसँगै देवकोटाले एकपछि अर्को सन्तानको पनि अनुहार हेर्दै जाने क्रम चालु थियो। विवाहपछिको ३४ वर्षसम्ममा देवकोटादम्पती ९ जना छोराछोरीका बाबुआमा भइसकेका थिए। उनका सन्तानहरूमाथि ५ छोरी र ४ छोरा भएका थिए :

१. देवकोटाकी जेठी छोरी सावित्रीको जन्म १९८५ साल पुस २० गते भएको थियो। उनी शिक्षा लिने क्रमबाट वञ्चित भइन्। त्यस बेला नारीशिक्षाको जग पनि बलियो नभएको सन्दर्भसँग उनी पनि जोडिएकी थिइन्। यति हुँदाहुँदै पनि उनी घरव्यवहारमा निपुण थिइन्। उनी भद्र, सौम्य र होनहार थिइन्। सावित्री भन्नु देवकोटा परिवारभित्रकै एउटी शिक्षित पनि थिइन्।

देवकोटाले आफ्नी छोरीको बिहे धुमधामका साथ गर्ने प्रबल इच्छा राखे। सौहाँबमोजिम उनले केही रकम ऋण पनि काढे। त्यस बेला उनले छोरैलाई सुपारी बाँडिर छोरीको बिहेको निम्तो दिएका थिए भने उनको मनले खाएका केही ठूलाबडाहरूका लागि रातो मसीले आफ्नै हस्ताक्षरमा निमन्त्रणापत्र लेखेका थिए। त्यस बेला उनले बालकृष्ण समसाई पनि आफ्नै हातले लेखेर निमन्त्रणापत्र दिएका थिए :

मे.क.बालकृष्ण शमशेर जङ्गबहादुर राणाज्यू हजुरमा

निमन्त्रणापत्र

यही २००१ साल वैशाख २५ गते रोज १ का दिन मेरी जेठी छोरीको शुभ विवाहोत्सवमा सबारी भई सेवकको इज्जत बढाइदिनुहोला जी निवेदन।

प्रार्थियता

लक्ष्मीप्रसाद देवकोटा

देवकोटाकी जेठी छोरी सावित्रीको बिहे भएपछि उनका पति कल्याणनाथ रेग्मी जागिर खाने मनसायमा बाँधिए। तदनुरूप उनी शिक्षा विभागमा शाखा अधिकृत भए। पछि देवकोटा मन्त्री हुँदा उनी देवकोटाका निजीसचिव पनि भए। त्यति मात्र होइन, रेग्मी त्योभन्दा अघि र पछि पनि देवकोटाका हर्ताकर्ता र सहयोगी भएर नै बसे। देवकोटा जाँजाँ जान्थे उनी पनि उतैउतै लाग्थे। यसै प्रसङ्गमा सावित्री रेग्मी भन्थिन् "मेरा बुबा र मेरा पति बाबुछोराजस्तिकै हुनुहुन्थ्यो।"

देवकोटाका छोरीज्वाई सावित्री र कल्याणनाथ नौ जना छोराछोरी जन्मे। तीमध्ये एउटी छोरीको बाल्यकालमा नै निधन भयो। रेग्मीदम्पतीको एउटा छोरी सरोज रेग्मी र सातघटी छोरी सुषमा, सगन, शशी, सभा, सुगीता, शान्ति, सविताले दाम्पत्य जीवनमा प्रवेश गरेर आआफ्नो घरव्यवहार चलाएका छन्। साँचै डेढ दर्जन नातिनातिना र नौ जना पनातिपनातिनीमाझ सावित्री रेग्मी गृहस्थी जीवनलाई परिचालित गरिरहेकी छन्। उनका पति कल्याणनाथ रेग्मीले चाहिँ दम र अन्सरको रोगले पीडित भएपछि २०४५ सालमा नै स्वर्गको दैलो इन्छ्याएका थिए।

२. देवकोटाका जेठा छोरा प्रकाशको जन्म १९८९ सालमा भएको थियो। सानैदेखि प्रकाश विलक्षण प्रतिभाका धनी थिए। उनी पढ्नमा खुबै मन दिन्थे। उनको असमय १९९७ सालमा गरिएको थियो।

देवकोटाका छोरा प्रकाशप्रसाद पितृभक्त थिए। देवकोटा क्रान्तिकालमा खाडी जाँदा उनी पनि बुबा खोजेर त्यहाँ गए। त्यहाँ उनी आफ्ना बुबासँग

महाकवि श्री ल.श्री प्रसाद देवकोटाज्यूका पद्य पुष्पाञ्जली

✍ डा. [illegible]

हाम्रा आदिकवि प्रणम्य सबका श्री भानुभक्तै थिए
तेस्रो रामचरित्र लोकलयमा नेपाललाई दिए
तिन्लाई पनि बाँसिले रचनि कुवा कस्तो दियो प्रेरणा
मूर्खैले पनि सक्छ रे दिन हुला विद्वान् कनै चेतना
(१)

काँचा हुन् अनगिन्ति पुस्तक पढी पाका बनेका हरू
पाका हुन् अनगिन्ति ठब्बर परी पाका बनेका हरू
काला अक्षर चिन्नु मात्र सकली शिक्षा कहाँ हुन्छ रे
भोगेका सुख दुःखका अनुभवै सच्चा सुशिक्षा छ रे
(२)

हाम्रा आदि महाकवि प्रवर श्री श्री देवकोटा थिए
लौसी काव्यकथा निबन्ध कविता नेपालताई दिए
त्यस्ता उत्तम तेस्रको त तुलना के हुन्छ नौ वर्णन
संक्षेपमा गुन ती महाकविलाई श्रद्धा गरौं अर्पण
(३)

गढ्दैलाइ त पद्यकै पन दिई गीतै सरी गाउने
पढ्दैलाइ त गद्यकै हृदयदी संवाद सेझाउने
तेस्रोनेमात्र त हैन गाउन पनि त्यस्ते मनाकी कला
त्यस्तै पुरुष पात्र फेरि महिला पात्रे सरीको गला
(४)

मन्दै मन्दक मध्य मन्दक हुँदै त्यो तारे नै मन्दक
सम्मै नै स्वर मन्द मन्दु गमके भै मूर्छना नै तक
मानौं नाटक नं० दिना अभिनये यो भै रहेको छ कि?
भन्ने भाव दिने प्रतीण कविको जोडा कतै चम्कै छ कि?
(५)

त्यस्तो उच्च कला कलाकृति महाकाव्यै त शाकुन्तल
संसारको अमूल्य रचना दृष्टान्त हो केवल "
तीनै खण्ड कुलो थियो नि कविले भन्ने भए त्यो पनि
दोस्रै खण्ड घटे हुने पनि अझै हुने अजुङ्गै छ नि
(६)

लो एकाइस अक्षरे हरफमा त्यस्तै त उन्नाइस
छन्दैमा पनि सुन्दरा सरि हुन्छ शार्दूल विक्रीडित
छन्दामा पनि एक मात्र सजिने छन्दीमना चानिस
श्लोकै सन्त त तेरछन्थ्यो कलमले निर्बाध बेगेसित
(७)

आठै अक्षरका त चार हरफैमा श्लोकपूर्ण हुने
दोहा छन्द अनुष्टुपै र अक्षर अझै थोरै छ चारै हुने
माना छन्दमहाँ अझी कि थाप ने श्लोकै बढी लेखिए
श्री सप्ताह कवि श्री महाकविजिका जादूगरी देखिए
(८)

अगला पर्वतका चुली मनि रमसी उल्लेरि दौडिदै आति
छाँटा बा हुहा नदी र रमहरे जस्ते कुदेका कति
घोडा भैं घुडदौडका त उरबी उक्काइ दौडाइका
लक्ष्यैना न पुगी कतो न अडिने अश्रान्त तेरबाइका
(९)

थोपामा पनि सागरै भरिदिने विस्तीर्ण शोचाइका
एकन्ना सिर्जनका महाकवि भए दुर्लेहु कैंचाइका
हावाकै गतिको उडान भरू लो औंठी हुरीको कडी
ती हुन् तर्क वितर्कका उपज झन् मस्तिष्क पर्दै बढी
(१०)

गर्दै पद्य निबन्ध नाटक कथा अर्थै समालोचना
गम्पु गीत र लेख भाषण बुँदा औ टिप्पणी योजना
ती अन्तर्मनका प्रबुद्ध पटना संघर्ष उत्तेजना
वारे के कति लेख्नु लो बित कुनै साक्षा कहन् योजना
(११)

उनी। सयपत्री, मुनाखरी, गुलाबहरूका बीचमा सातीगुरासजस्ते लागिथिन्छन्, किन होला ?

थाहा छैन यकिन, तर लाग्छ मानुभक्तले राष्ट्रिय एकताको साहसिक सञ्चाल जगाए। तर नेपालीलाई राष्ट्रिय चेतले भरिएका, मानवीय सद्भावसे र सबभन्दा ज्यादा स्वतन्त्र-स्वाभिमानी राष्ट्रिय जीवनको उत्थान र परिष्कारको वास्तविक नेपाली भागन हुने उदात्त भावनाले उद्वेलित पारिदिए देवकोटाले। उनले हरेक मानछेलाई झँझाए, जगाए, झकझकाए, बाबाज दिए-'पार्थ पार्थ, जाऊ र आतंकहरूका घाटबाट्टरोका घाउमा मलम लगाऊ' भनेर। उनले स्वर्ग जान इन्कार गरे, किनभने संसार औंयारै थियो। नहीं बसी मानु उनको प्राथमिकता रह्यो। सन्यास-समाधि उनलाई मञ्जुर भएन, किनकि मानुहरूको घरबार त्यसरी चलैनथ्यो। धर्मको नाममा मन्दिरमा पूजा गर्दैमा हुने उनलाई विश्वास भएन। भयो वीरहरूको बलिदानको पूजामा, उनीहरूका उत्सर्गको मुक्त कदरमा।

सबैभन्दा ठूलो कुरा त यस विश्वमा, यस दीप पृथ्वीतलमा, यस सम्पन्न नेपाली घरबारको चाहनामा उनी यसरी लागे, यसरी लागे, उनी त्यसैमा समाप्त भए। त्यसैमा शहीद भए। उनलाई धन, मान, पद, प्रतिष्ठा केहीको मतलब भएन। बस् उनी एउटा राँके भएर बल्दैरहे, बल्दैरहे जबसम्म पूरै समाप्त भएनन्।

उनले राजा, शैता, ढोंगी पण्डित, पाखण्डी समाज कसैलाई छोडेनन् जो जनहितका विपरीत थिए। एकलव्य भएर जीवनको अन्तकालसम्म उनी लढिरहे शरीरमा एक थोपा रगत रहुञ्जेल र लड्दालड्दै गए।

हो, उचाइमा अन्तरिक्ष पुगेका गहिराइमा सागर तल भेटेका उनका भावना चाहना पढेर हामी कहिल्ये छिचोलिसक्तौनौं, जसरी उनको ज्ञान तिरिसक्तौनौं, कल्पीमा जबसम्म आफै चन्द्रमा छुँदैनौं। तर अफसोस्! हामी सायद दिग्भ्रमित हुँदैछौं अझ। जबसम्म पिएर लोइन लिएरचाहिं सुख पाइने भ्रमबाट मुक्त हुनेछैनौं। आशा गरौं, त्यसैले, सालमा एकपन्ट उनका तस्वीरमा माला लगाउनुका अतिरिक्त, उनका नाममा भाषण गरेर, केही पर्चा छापेर कर्मकाण्ड पूरा गर्नुका अतिरिक्त हामी उनका सच्चा अनुयायी हुनेछौं -'मानिसको भोलु मानिसले पुछ्ने धर्म' लाई जीवनको यथार्थ धर्म बनाएर। शतवार्षिकीमा उनलाई हार्दिक श्रद्धाञ्जली।

मैत्रुपहाल, चाबहिल

"जब मानवले मानवलाई मानव छान्दैन साथी।
तब कङ्कालहरू बसीसवन्ते बहुगारा दुनै
जस्तो भीमसेनका दाँत
म वन खाने आगो भैं बाघुला तुम्बु बहुला साथी
आँधी निनु भैं लाग्छु विश्व विशाल
जहर साथी सन्के मगज छु सन्के
यस्तै छ मेरो हाल !"

(पागल)

"प्रभुजी ! प्रभुजी ! राम चिनैं
साधाजान चिनैं
धन्य छ प्रभुको दिव्य मुहार
विश्व-ज्योतिको दर्शन सार
मरण छुँदै भैं अति सुकुमार
मेरा नाथ चिनैं
अब मैले मेरा नाथ चिनें।"

(सीताहरण)

गरिरहने कुली, भरिया, सिपाहीभाव हीइनन् भन्ने छरा। उनको ठोको पुरा भयो अरे देवकोटाले अङ्ग्रेजीमा प्रवाहमा बोल्न थालेपछि। पूर्व र पश्चिमका बीच र इतिहासका, साहित्य र संस्कृतिका अनेकौं प्रसङ्ग उद्धृत गर्दै ओजपूर्ण शैलीमा अभिव्यक्ति पनि लक्षपक र अलमलबिना उनले बोलेको देखेर अङ्ग्रेजहरू हैरका हेन्दै भए अरे र त्यस थामिनसक्नु उमङ्गमा धरणीधर त नाच्न थालिसकेछन् अरे स्वयं आत्मविस्मृत भएर।

त्यो प्रसङ्ग सुनेपछि यो पङ्क्तिकारले निम्न कविता लेख्नुपर्छ :

When Spake the Gorkha

It was Devkota/Whose torrents of English
Dazzled the Goras/ then gliding in bliss

They took the Gorkhas/coolies and soldiers
Nothing other but pirters/and laughed at poor Dharnidhar.

But that day hearing one/refer the Greek and the Latin
The English and the Sanskrit / legend, myth and real truth

Astonished Goras when/ held their breath
Dharnidhar began to dance/ filled with great emotion

2045

यो पङ्क्तिकारलाई त्यतिमै सन्तोष भएन र अर्को कविता लेख्दियो :

'गोरे हुन् ठूला अर्थ सिखय भनयो फुली सिपाहिक
कला अघर छन् समान जसका भैंसी गरन् के अक ?'
भन्ने यो वदनाममा प्रथमतः आघात गर्ने फुली
नेपाली प्रतिभा थिए यदि भने हुन् देवकोटा उनै।

.....

.....नेपाल साप्ताहिक

यो किंवदन्ती धरैजसो पुष्टि पनि गए पछिपछि विभिन्न लेखक र उनका चिनारुरूका संस्मरणबाट। धेरैपछि -सायद २०६४ को अन्त वा ६५ को प्रारम्भतिर महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्रमा देवकोटाका समकालीन साहित्यकार जगदीशशमसेर राणाका शब्दबाट उनको एउटा चित्र बन्यो मनमनमा र जसलाई पूर्णता दियो शक्ति संसालपो यो भनाइले

"उनका विशिष्टताहरूमध्ये जसले एकैसाथ आफूतिर चुम्बकजैं तान्दथ्यो त्यो हो सरल र सादगीपन, सहृदयता, इमानदारी र सत्य-निष्ठा, विद्वान्देखि लिएर सर्वसाधारण व्यक्तिहरूप्रतिको सद्भावना र स्वाभाविकता। यी सब गुणहरूले उनका कट्टर शत्रुहरू पनि उनको इज्जत र श्रद्धा गर्नुमा आफूलाई भाग्यशाली सम्झन्थे।"

सगनखेल सातदोबाटो निस्किने बेलामा एक मित्रको घर आउँछ-जीवन सुखेदी। सपरिवार अत्यन्त साहित्यप्रेमी र स्वयं सुपरिचित कवि। उहाँका घरमा हरेक वर्ष देवकोटा जयन्ती मनाइन्छ विगत करिब २४ वर्षदेखि। यो पङ्क्तिकार सहरका विभिन्न ठाउँमा हुने कार्यक्रम छोडेर त्यहाँ गएको तीन वर्ष भयो। यहाँ निमन्त्रण गरिदैन, स्वयं जाने गरिन्छ। तीस/पैंतीस जनाको उपस्थितिमा देवकोटाको तस्वीरमा माल्यार्पण गरेर सबैले कविता सुनाउँछन् वा श्रद्धाञ्जलीका केही शब्द।

त्यो मलाई घरघरमा, व्यक्तिव्यक्तिमा छपनिएको देवकोटाप्रतिको श्रद्धाको स्वतः उच्चलन लाग्छ, निहायत अनौपचारिक र स्वप्रेरित। यस्तो अन्यत्र पनि हुँदो हो कुनै न कुनै रूपमा। सम्भवतः रूपमा त सबभन्दा बढी गतिविधि हुँदो हो उनका सम्झनामा-अनुमान हो यो यद्यपि।

साँच्चै देवकोटाप्रति यति धेरै आदर र श्रद्धा हुनुको कारण के होला ? के महाकाव्य लेख्नेकारले मा धेरै कृति सिर्जनाले मात्रै होला त ? मन जिज्ञासु भैदिन्छ उनका पूर्ववर्ती, समकालीन र उत्तरवर्ती यति धेरै कवि साहित्यकारहरूका बयानमा डाफेमुनासको बयानमा मधुरजस्तै लागिदिन्छन्

आफ्ना या अरूका निमित्त पनि त्यो लेख्नो दिएका कृति
त्यस्तै स्थान तल्लाशमा हुइन्य नै पारी दिएका कृति
जम्मा पार्न सके भए त सबनै हुन्थे हजारौं बढी
यो छोटो अनुमानले त सकलै सबथ्यो र कल्पे पढी
(७२)

लेख्ने लेख नभो नयाँ भहडले भैं नित्य बेफुर्सद,
के लिख्थ्यो र हरे महाकविकनै मौका तथा फुर्सद
ठोकाईकन पढ्नलेखरपढी फर्केर आफ्ना कृति
कस्ता छन् कति छन् प्रकाशित अरूके छन् प्रकाशोन्मुखी
(७३)

खाँसीले अगि भानुभक्त कन ता यानै कुवा भैं भयो
गर्नै पर्छ परोपकार कृति कयै त्यो कीर्ति राख्नै हुन्छो
भन्ने अर्ति दिएर, मैकन पनि त्यै अर्ति भो प्रेरणा
मैले नै पनि पर्छ गरन कृति कयै सेकी हुन्छो चेतना
(७४)

भन्ने भाव उठेकरे ए मनमा ओचेर हेर्दा तर
धेरै कारणले जैचेन नि कुवा पानी निना स्वाभिर
धेटोन्साइ हुनाउने कि त कुने लोटा कुवाईकने
पानी भिक्न हुने परन्तु त हुने धारा भरी भाइनै
(७५)

स्नानै गर्न अझै सरस्वत शिर नै चापेर नै खल्खली
धारा झैं त कुवा हुँदैन मजिलो के गर्नु लौ खल्बली
सारै कल्पन शील दक्ष कविको झाँसिएकने डुबेर
धारा ठीक भन्यो तथापि त्यसिले के चित्त बुझ्थ्यो तर
(७६)

लौ कोही नदुवा निकान दिऊँलो आरु त रामै भयो
पानी रमाइ प्रसन्न भै समयमै बाटो त लाग्ने थियो
साँझैमा कि कमस्कम रात तिर नै आई पुगे क्यै गरी
पानी स्नान त पाउँथ्यो तर हरे भस्ने त्यहीं के गरी
(७७)

पाटी नै पनि भै दिए कति भलो हुन्थ्यो भनी योगलिंदा
आमोर मनमा दयालु कविको पारी त थप्ने चुँ
ती ढोटे विषयै 'मुनामदन' की आमा बुढी-आकल
रूपैमा अरू बिन्दुतत्त्व र कथाबीजै भए केवल
(९८)

सोको बिन्दु गरीब हो मदन्मो सानै निकानै पनि
धौरै नै धनले त बन्द कसी धारा र पाटी पनि
त्यस्का तिम्रि धनै कमाउन भनी लहासा त जाने पर्यो
बाटामा ताजिले दुनै त सुनका पोका त फेला पर्यो
(९९)

त्यस्को कारक तत्त्व खोज गरिंदा त्यो बिन्दु नै भेटियो
लहासामै सुन खोजन जानु किन हो शंका सबै मेटियो
मेला पर्यो र धाँस पात बनका रुख्का भनी रुवाउने
हाम्रा पर्वतका दिदी र बहिनीले गीतमै गाइने
(१०)

लहासामा सुन खोजना जान यता यो कान खुल्यो छ नि
माथु ता रमसमै लुटा संग भने त्यो बिग्रि हुन्थे छ नि "
यैनै कारक तत्त्व भो अनि कथाबीजै हुनाले गरी
लहासा तर्फ पठाउने मदनका निम्ती भलो हो हरि
(१०१)

दो हजार त सोह्र साल अति नै बेला न राम्रो हुँदा
बेला क्यान्सरले महाकवि स्वयं सारै बिरामी हुँदा
भनी नै कन अस्पताल गतिको स्वास्थोपचारै गरी
त्यामै फुर्सदको सरक्य महिनो आराम गर्ने गरी
(१०२)

अल्छे रात बिताउने अरू निकै पटयार लाग्दा दिन
त्यो त्योकाखिय स्वै 'मुनामदन' नै फर्कोन हेर्ने बिन
भन्ने शोच उठी महाकवि स्वयं भर्को न मानीकन
झानी धेर रमाइलो हृदयले गर्दै स्व-भूल्ला हुन
(१०३)

समेत सरुवा भाउमै लगेर उनीहरूको प्रतिभालाई नजाइहरहन्छ र त्यसले पूर्वसीलाई नै कजाइरहन्छ ।

चौथो, लेख्न सक्ने-प्रति धेरै लेख्न सक्ने (करीब २५ वर्ष अरू करीब ९ वर्षमा) नै एउटा आश्चर्य हो भने रचना उतिकै लिएका, सजाइएका हुनु पाँचौं आश्चर्य हो र लेख्नैचाहिँ हो ती रचनामित्र गम्भीर भावनात्मक कालजयी सन्देश अन्तर्निहित हुनु । सातौं तिनीहरू एकै चोटीमा त्यसरी जेथिनु हो फेरि नवीनोन्मुख र अर्को (अन्तिम होइन) आश्चर्य हो ती सबै सिर्जना र सन्देश निरपेक्ष रूपमा 'मानवता' लागि समर्पित हुनु कुनै जात, धर्म, वर्ग, क्षेत्र नभएको मानवता लागि-नेपाली मार्फत् सबै मानवता लागि 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्ने मान्यतामा आधारित ।

देवकोटाका बारेमा अरू मान्छेले कुरा गरेको अलिअलि सम्झना आउँछ । कुरा २००९ सालको सोह्र करफोक सम्मेलनको । पहृतिकार (त्यसबेला ४ वर्षको) का पिता गोविन्दप्रसाद आफ्नो गाउँ गोदकबाट (त्यस सम्मेलनमा सरसहयोग गर्नेनिम्ति पर्नुहुन्थ्यो) । सम्मेलन अघि र पछि मूलबाटामा पर्ने हाम्रा घरमा पाहुनाहरू बसेको र त्यस दौरान छलफल-बातचितका कमना कुनै देवकोटा भन्ने मान्छेबाट चकित भएको उनीहरूको अनुभूतिको अभिव्यक्ति मेरो बालमनमा बसेको थियो किबयन्ति अनेर वीरबल, सेम्जिङ शेर्पा, जसबहादुर आदिको असेजस्तै ।

तर चिसिएछ हुर्किंने क्रममा बट्टिएका अनभूतिका अनेकौं चाङमुनि पुरिएजस्तै । त्यो पुनर्जीवित भयो नयाँ जानकारीजस्तै पछि आठ कक्षाको विद्यार्थी छँदा (२०१९ सालमा), अघ त्यस दिन श्याम सर (श्यामकृष्ण श्रेष्ठ) कक्षामा पसेर बोल्न थाल्नासाथ थ्वाँक्कै रुनुभयो । त्यही दिन मा अघिल्लो दिन देवकोटाको स्वर्गवास भएकोरहेछ । त्यो देख्नेचाहिँ म वास्तविक चकित भएको थिएँ । कवि भनेका कस्ता ठूला हुँदारहेछन् र देवकोटा झन् कति ठूला रहेछन् भन्ने महसुस गरेँ ।

त्यसपछि क्रमशः देवकोटासँग बढी परिचय हुँदै गयो उनका कृतिमार्फत् र उनीसँग सम्बन्धित किंवदन्तिमार्फत् । जुन झन् रसिलो कुतूहलताले भरिएको हुँदोरहेछ । 'देवकोटा त असाध्ये चुरोट खान्थे अरे ! चुरोटले नपुगेर ठूटा बटुलेर पनि खान्थे अरे ! चुरोट सकिएर औंला पोल्न लागेको पनि थाहा पाउँदैनथे अरे ! हुस्सु भिए अरे ! विहान चढेर गएको साइकल कहाँ बिर्सिएर भरे त्यस्तै आउँथे अरे ! बाटामा भाग्नेलाई खल्तीबाट झिक्ता मुठ्ठीमा आएको जस्मै दिएर हिँड्थे अरे ! पढाइको नोट सेल्फिमाग्न छोडेको कापी लिन जाँदा सबै कविताले भरिएको हुन्थ्यो अरे ! केटाकेटी डँडाल्नामा चढ्दै, कपाल तान्दै, खुट्टामा मच्चिँदै हुन्थे अरे ! तर उनीचाहिँ त्यो केटी थाहा नपाएजतिकै कविता लेख्दै हुन्थे अरे ! एक ठाउँमा जान हिँड्दैको अर्कै ठाउँमा पुग्थे अरे ! उनी आशुकवि थिए अरे ! कवितैमा बोल्न सक्थे अरे ! उनी एकै पनि बात मार्दै हिँड्थे अरे ! उनी अनेक भाषा बोल्थे अरे ! .....' यस्ता अनेकौं 'अरे' सुनिन्थ्यो उनका बारेमा केटाकेटी र अलिक ठूलै भएपछि पनि । तस्बीरमा देखिएकाबाहेक जीवित छँदै देख्न नपाएका हामीलाई उनी साँच्चै कस्ता थिए होलान् भनेर अनेकौं खुलदुली हुन्थ्यो र उनका स्वभावबारे अनेकौं कल्पना बिम्ब बन्दथे मनमा ।

एउटा थियो सुनैको, दार्जिलिङ यात्राबारे । त्यसमा लेखनाथ पौडयाल र बालकृष्ण सम पनि थिए अरे ! यी त्रिमूर्तिको सम्मानमा त्यहाँ सभा भयो अरे ! जसका उद्घोषक थिए अरे ! धरणीधर कोइराला । र, उनी त्यस दिन अलिक उत्ताउलिएका पनि थिए अरे -त्यस दिन उनी आफ्ना सहकर्मी र साथी अहरेज र भारतेलीहरूलाई देखाइदिन चाहन्थे अरे -नेपालीहरू उनीहरूले उपहास र अपमान

श्रुति र अनुभूतिमा प्रतिबिम्बित एउटा तस्वीर महाकविको

✍ प्रकाशमणि ढकाल

महाकवि देवकोटाका बारेमा सुन्दासुन्दै र उनका कृति पढ्दापढ्दै बूढो भइयो । होस सम्हालेका दिनदेखि सुरु गरेको यो यात्रा टुइगिएन, टुइगिएको छैन र लाग्न पालेको छ गतिकै जानेरहेछ । किनो (२०६६ आषाढ २०) नेपाल प्रज्ञा-प्रतिष्ठानमा "देवकोटाका भावभङ्गीहरू" शीर्षक साङ्गीतिक कार्यक्रममा देवकोटाका अक्लिलेसम्म प्रकाशमा नआएका भनेर भेटी कविता प्रस्तुत भए लयबद्ध बनेर । उनका अङ्ग्रेजी रचना पनि मनलगे निस्किरहेका छन् ।

त्यसो त करिब आधा दर्जन महाकाव्यसमेत करिब पचासभन्दा बढी उनका कृति सबैका सबै सबैका सबैले पढेकै हुन न सम्भव छ न जरुरी । उता उनी बितेको पचास वर्षपछि पनि उनका अप्रकाशित भनिने कृतिहरू भेटिँदै रहनुले एउटा बेग्लै अनुभूति गराउँछ विभिन्न भावमिश्रित । 'कति छैरे लेख्न सक्तारहेछन् वा !' भनेर आश्चर्य चकित हुनु एउटा कुरा हो भने दोस्रो हो, कृति प्रकाशनको कति कम सुविधा भएकी परिवेशमा रहेछन् उनी भन्ने । यसैबाट निष्कर्षको अर्को पाटो खुल्छ साथ देवकोटा समयभन्दा निकै अघि जन्मिएछन् । उनको क्षमता र भावनाको मूल्याङ्कन र कदर गर्न सक्ने सामर्थ्य थिएन त्यो कालसँग । उनी आफैले भनेझैं छन् औंलामा गन्न सकिनेले नै बुझिदिए पनि प्रशस्त हुने थियो । हुन पनि उनका रचनामा अन्तर्निहित भावको गहिराइमा पुग्ने पाठक आज पनि धेरै नहोलान् ।

अर्को, उनका उपचारक कुन थिकित्सकले भनेको भनेर प्रश्नसित थियो- 'उनको जन्म एउटा भौगोलिक त्रुटी थियो ।' अर्थात् उनी पूर्वमा-नेपालमा नभएर पश्चिममा छन् जन्मिनुपर्थ्यो अरे ! हुन त पश्चिमका बारेमा हामीलाई कमै थाहा छ । (पूर्वकै कति थाहा छ र ?) तर यति थाहा छ, पश्चिमले नै बाजको निश्चलाई थियेको, मियेको र जितेको छ भन्नु आरोप नभएर यथार्थ मात्रै हो । त्यसो त पश्चिमेली सभ्यता धेरै कान्छो हो पूर्वीभन्दा । मिथिलामा याज्ञवल्क्य आदिको शास्त्रार्थ भैरहंदा पश्चिम जङ्गलमै थियो-कन्दमूल खोज्दै, शिकार खेल्दै । तर उ सुरुसुर हिँड्यो अग्निकएपछि, धेरै सुरुसुर, जब कि पूर्वको भने खुब लान्लघाट कहिल्ली छुट्टी मिलेन ।

यहाँ त 'न भूतो न भविष्यति' जस्तै लागे एउटा महाकवि बीसौं शताब्दीका उत्तरार्द्धमा बीच्चली नपाएर, अक्क अघाउँजी खाने नपाएर पचास वर्षमै बिदा हुन्छ, त्यो पनि क्रान्ति-राजाका राज्यकालमा । ऊ विदेशी सम्मेलनमा नेपालीत्वको डङ्का बजाएर फर्किन्छ, अनि पाउँ तलब रोक्काका, बिनाआदेश गएको बहानामा । अर्थात् उसलाई उसको देशभक्ति र बहादुरीबापत स्याबासी होइन सजाय मिल्छ मालमाथि भुकम्प गर्पिदिएर । जसरी विजयको हर्ष अभिव्यक्त गर्न सोभै दरबार पुगेका भीम मल्ल ढोकैमा टुईटुक्का पारिन्छन् । आज पनि कयौं नेपाली युवा विमान बनाउँछन्, बिनाइन्जन चल्ने गाडी बनाउँछन् र त्यो आविष्कारमा लागेको कर्जा तिर्न नसकी बाबुआमालाई रुवाउँदै, दुनियाको हाँसोको पात्र बन्दै अँधारामा हराइरहन्छन् । जसरी छत्राको तोप बनाउने योद्धा पृथ्वीबाटै अन्तर्ध्यान भएका थिए । तर पश्चिम भेटेसम्म यी पूर्वेलीलाई

दोहोऱ्याइ कने प्रकाण्ड कविसे आफैं पढ्नेको कृति थोरै मात्र भयो 'मुनामदन' नै त्यो भन्याउँदैकै कृति मस्तिष्कै हु प्रधान यान अरुमा चर्को चुनौती स्वर हुन् तन्त्री ध्वनिको 'मुनामदन' नै रङ्गो बन्यो आखिर

(२४)

सातौं संस्करणै हुँदा तक' उ 'ता जस्तो हु उस्तै थियो
त्यसैं पाठकका मतैक्य मनमा त्यो पूर्ण पूर्णै थियो
मुख्य आफु स्वयं महाकवि हुँदा लगेछ के के कुरा
"पर्यो भन्न त, भन्न नै नसकिई धेरै छुटेका कुरा"

(२५)

थपूँदै जानु भयो, रे हरफ, भनें यो ठाँउमा ठाँउमा
तीनै सौ थप सात नै हरफ सौ जम्मा भए हुन्पर्छ
पौने सौ अरु सष्टि तीन शय सात् भूले तथा क्षेपकै
जोड्दा आठ शये बहत्तर बढी भो पङ्क्तिको पुलाकै

(२६)

आठौं संस्करणै प्रकाशित भयो सौ सोह्र नै साल्तमा
सौ अस्ताउनु भो महाकवि स्वयं त्यै सोह्रनै साल्तमा
एकै साल भए अभिन्त्य घटना सौ हर्ष बिस्मातका
हाँसो भो क्षणिकै त आँसु त बगे सर्गान्त बिस्मातका

(२७)

ऐन्कै भन्न भए मुनामदनका मुख्यै र मुख्यै बुँदा
थी भन्दा पनि मुख्य नै छ कविको कृत् क्रान्तिकारी बुँदा
नेपाली निज पर्वते जन हुन् क्षत्री राणा थाहुन
औं शेर्पा मगरै गुरुङ् खस थले भोटे र कोचे जन

(२८)

लड्दाता हैन नि ब्याहुरे तिर बढी जान्थे ननी लाहुरे
गोर्खा क्रीटिया सैनिकै बनि, नभे सौ दाउरे चाउरे
गुन्टो सौ त्यसको भने थाहरका नेवार आई हरु
लड्दामा गइ नौकरी अम गरी व्यापार गर्थे बरु

(२९)

ल्हासामा पनि बौद्धधर्म अघिकै चालु हुनाले जारी
वज्राचार्य उदास बौद्ध हुन् ने जान्थे नि धेरै थरि
प्रख्यातै त उस्तान ती अरनिको ल्हासा गएका थिए
धिक्कार र शिल्पकार त उता जान्थे यता आउँथे
(३०)

ह्रासो आदि परम्परा यहि थियो सेल्हे हुँ कोठे तिर
जान्थे ल्हासा पर्वते यदि भने नेवार ल्हासा तिर
यस्तो रीति थिति व्यवस्थित हुँदै लौ पर्वतेलाइ स
ल्हासातर्फ पठाउने कवि स्वयं नै क्रान्तिकारी भए
(३१)

धेरै पढ्नि थपी 'मुनामदन' मा नै पूर्णता ठीकन
भै सन्तुष्ट बडो महाकविजीले आनन्द मानीकन
आफैं भन्नु भएछ रे " कृति अरू मेरा जलाई दिनू
सर्वोत्कृष्ट यही 'मुना मदन' ने जीवन्त राखी दिनू '
(३२)

धोरै पुत्र सुपुत्र दोस् नि किन लौ दोस अरू चाहियो ?
धोरै होस् अजरामरे कृति यहाँ धेरै कहाँ चाहियो ?
धोरै हुन् नि जोचमा त माने पहिलो लक्ष्याङ् धेरै निने
धोरै हुन् नि दौडमा त पहिलो लक्ष्ये त पैल्हे हुने
(३३)

यो सुन्ने हरू जो थिए नि त्यतिमैं सन्तोष माने किन ?
एस्तो कारण के थियो नि ज्ञाहिरो त्यो नैनहो ग्रे किन " ?
बेलैमा किन हो नि होश न हुने भौका चुक्यो रो क्रमो
दुःखी भै अब धेरै धेरै पछुतो मानेर लौ के भयो ?
(३४)

दोषै टी अस्लाइ मात्र कहिले कस्को समस्या टर्यो ?
आफैं नै अगि सर्नु नै उचित हो एस्तै त इर्नै पर्यो
आफैं सामिपरों भयो अगि धरे स्पो विन्दु नै भेटियो
बाधा पन्हि गयो पथे खुलि गयो शङ्का सबै मेटियो
(३५)

मेडनावजस्ता कतिपय अमानवीय क्रूर सामाजिक रूढीलाई देवकोटाले जीवनकालमा अनुभूत गरेको परिस्थिति छ। सामन्तवाद र सामन्तीकरणले सीमान्त एवम् सीमांतित दुर्गतिर प्रकृतिएको ठूलो जनसङ्ख्याको मार्मिक वर्गीय स्वरूपलाई बुझेकोले देवकोटाले प्राकृतिक परिदृश्यले परिपूर्ण मानवीय बस्तीको शाश्वत् तस्वीरलाई चित्रित राखेका हुन्।

कृष्णिनी, मोन्दु, लूनी, शाकुन्तल, सुलोचनाका साथै मुनामदन, प्रमिथस र पृथ्वीराज चौहानजस्ता अन्य कृतिको विवेच्य सीरिसट काव्यात्मकतालाई नारीपरक समयसापेक्ष समाजशास्त्रीय दृष्टिकोणले पगैल्नुपर्छ। कृतिको शीर्षक छनोट र वैयक्तिक अभिव्यक्ति प्रणालीमा पनि पर्यावरणसूचक नुतनपथ भेटिन्छ। युरोपका विख्यात स्वच्छन्दतावादी साधक वर्डस्वर्थ कलरिज, शेली र किट्स प्रभृति भैं देवकोटालाई प्राकृतिक, प्रतीक र बिम्ब अत्यधिक प्रिय रहेको देखिन्छ। चारु र कृषिवाला लगायत धुपै नारीसम्बद्ध सिर्जनामा अकेली किशोरीको प्रतीकप्रियता यसका अनुकरणीय उदाहरण हुन्। ती युवती र सुन्दरीहरूको आत्मबोध, मनोविज्ञान र एकान्तिकताले परोक्ष रहस्यमयताको प्रदर्शनमा देवकोटा बेजोड रहेको देखा हुन्छ। स्वच्छन्दताको अवचेतनको विशाल परिवेशमा पीडक र पीडितको उद्वेलित मनोभूमिलाई अभिव्यञ्जित गर्न कतिपयको प्रयोग र भाषा शैलीमा एकरूपता फेला पर्दछ।

देवकोटा, सम, शिमिरे, सिद्धचरण, व्यथित, गुद्धप्रसाद मिश्र र रिमालजस्ता केहीको सिर्जना भिन्न व्याख्येय छ भने तिनमा मीठा आयाम पाइन्छ र ती विशेष्य छन्। विश्व जीवनको परिवर्तन र रूपान्तरणलाई आफ्नो समयमा देवकोटाले जसरी बुझेका थिए, वर्तमान समयमा तिनको गति तीव्र भए पनि मूलभूत अपेक्षाका मर्म यीटै छन्। विचार, दर्शन, सिद्धान्त र चिन्तनमा नवीनतम आस्था जाग्रत भएका छन्। तर प्रवृत्तिगत उदारता र पार्थक्य अल्प छन्। स्वच्छन्दतावादी धारा र सत्यात्मकता रोमान्टिक र मुभमेन्टलाई जुन केन्द्रीयता देवकोटाले प्रदान गरे, कालक्रममा त्यो अरूबाट त्यही रूपमा आउन पाएन। वस्तुतः स्वच्छन्दतावादी प्रगतिवाद, लोकतान्त्रिक समाजवाद, समतावाद र विश्वमानवतावादले देवकोटाबाटको आदर्शतावादीभन्दा मानो समय पछिसमेत साँटिक ढङ्गमा मानवीय समाजको आत्मराग र व्याप्तालाई विस्तेषणीय एवम् संप्रेषणीय ढङ्गमा सूचित गर्दछ। प्रयोगधर्मे बिम्बालङ्कार र स्वच्छन्दात्मक परिदर्शनले कविताको आधुनिकतम बान्कीको जानकारी दिन्छ।

कल्पना, भावना, शैली र शिल्पको यी उर्वर आद्रितीय सर्जकले बाह्य पर्यावरण र स्थानीय रहन फोहोर समष्टिगत काव्यात्मकतामा जसरी ग्रामीण संस्कृति एवम् प्रवृत्तिगत वैविध्यको चित्रण गरे, त्यसबाट महाकवि लक्ष्मीप्रसाद देवकोटा विश्वसाहित्यका एकजना अमर नायक बनेका छन्। जिनको शतवार्षिकी आधुनिक नेपाली बौद्धिक जगत्को पुनीत महोत्सव हो।

❖❖❖

"यी बिना नन्ता बखण्डर, कान्ति होला, ध्वंस होला, पृथ्वी रोला,
सभ्यताको के प्रथम जग ! हामी बेयार के लुर्दै ?
दास-भात-हुकू ! दास-भात-हुकू !"

(दास-भात-हुकू)

देवकोटाको नारीपरक काव्यिक सिर्जनाको उच्चता

✍ रमेश गौतमी

बौद्धिक विकासका दृष्टिले तेस्रो सहस्राब्दीले कतिपय मान्य र प्रशंसनीय, विशिष्ट मानकलाई अङ्गीकार गरेको छ र यसमा दिन प्रतिदिन विचारणीय विद्वता थपिँदै गएको र थपिँदै जाने स्थिति छ। आधुनिक नेपाली भाषा र साहित्यका अतुलनीय व्यक्तित्व महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको काव्यिक सिर्जनालाई बीसौं शताब्दीको आलेखन मानिए पनि देवकोटीय योगदानबाट एक्काइसौं शताब्दीको मानवीय बौद्धिकता ऋणी छ। सायै यो प्रभावान्वितिको सुवास क्रमशः झन् झन् बढ्दै जाने देखिन्छ।

देवकोटाको पचासवर्षीय जीवन र उत्तरकालीन पचास वर्षमा विश्वमा भूतपूर्व र अकल्पनीय परिवर्तन भएका छन्। र, अकल्पनीय परिवर्द्धन भएका छन्। उनको जीवनावधिलाई सवत् १९६६-२०१६ को प्रसङ्गमा समाकलन गर्दा उत्तरवर्ती कालावधि र यसको विस्तारित समग्र प्रवाहमा देवकोटीय रचना र कृतिको अनेकानेक किसिमले विश्लेषण गरिने निश्चित छ। यस्तो वस्तुविश्लेषणमा पनि थोरै महाप्रतिभामा उनी एक रहने छन्।

विशेषतया तात्कालीन दक्षिण एसियाली पृष्ठभूमि धेरथोर उपनिवेशवादी बेलायती बौद्धिकताको प्रभावले आच्छादित रहेको भेटिन्छ। यसको चरमावस्था र ह्रासोन्मुख दुवै पक्ष ठम्याएका देवकोटाले प्रवृत्तिगत दृष्टिले नेपालको मानवीय परिस्थितिलाई स्वच्छन्दतावादी प्रगतिवाद र सामाजिक यथार्थवादको अन्तर्बोधले रेखाङ्कन गरेका हुन्। सापेक्षतया कलुषवर्गीय असमानताको त्यो अवस्था राखो थिएन। आ-आफ्नो भावभूमिमा वर्गवादी दृष्टिले कतिपय स्रष्टाले आइमाईसम्बन्धी सर्वाङ्गीण तथ्य समेटेको हुने भए पनि मूलरूपमा राणाकाल र प्रजातन्त्रोत्तरकालमा महिलाको स्थिति दयनीय थियो र रह्यो।

कृष्णिनी, मेनका, सुनीजस्ता खण्डकाव्य तथा शाकुन्तल एवम् सुलोचना प्रभृति महाकाव्यको कथ्य र अन्तर्वस्तु अध्ययन गर्दा नेपालको भौगोलिक विविधता, सुन्दरता, बहुलता, यथार्थिकता र उत्पीडित नारीवादलाई अलले भन्दा देवकोटाले मानवोचित पृथक् ढङ्गमा प्रस्तुत गरेको नाप्दछ। परिधीय यथार्थको विशाचेत समविषम काव्यात्मक रन्को तिनमा पाइन्छ।

समाजार्थिक र पर्यावरणीय सन्दर्भमा राजनैतिक एवम् सास्कृतिक प्रभावको साहित्यिक विस्तारण देवकोटीय सिर्जनाको मौलिकता हो। स्वस्फूर्त आत्मनिष्ठ ढङ्गले नारीपात्र र तिनको मनस्थितिको चित्राङ्कन गर्नु देवकोटीय विशेषता हो।

ब्रिटिशकालीन र भारतीयकालीन बाध्यात्मक इतिहासले चिर्नेको र आफ्नो समयको अल्योलत सचार प्रविधिको अन्तर्विकास देखे पनि युरोप र अमेरिकाको विवेचनीय लैङ्गिक समानताको स्तर एवम् चाहनालाई उनको मनोवादले स्पर्श गरेको पाइन्छ।

बालविवाह, अनमेल विवाह, कमारा कमारीको बेचबिखन, जातीयता छुवाछूत, सतीप्रथा र लैङ्गिक

उत्साही र परिश्रमी कृषकको सच्चा गरीबी कथा
दैवी चक्र कुचक्र निर्मम कडा उल्का विशेषी व्यथा
निःस्वार्थी र परोपकार मनले देवत्व झल्काउने
आफ्नो दुःख भुली कहिँ व्यथितको सेवा गुजिल्याउने
(३६)

दुङ्गाको मन पग्लने अति कडा त्यो बज्र फुट्ने गरी
अत्याचारमा रुने कुने हृदयका ती सिन्धुमा खल्बली
यस्तै पक्ष त हुन् महाकविकने उत्कृष्ट स्रष्टि कुरा
तस्मात् भन्नु भयो मुनामदन नै जीवन्त रासनेकुरा
(३७)

चौतर्फी प्रतिभा उडान मनिना मस्तिष्कको स्पन्दन
हृत्तन्त्री ध्वनि भै मुनामदनले छेम्यो मनैको मन
उड्ने है अरू देखने त सगरै माया बुनी कैन्द्रमा
सर्वोत्कृष्ट कथा मुनामदनसे देख्यो उडी चन्द्रमा
(३८)

जानै हो त नि बेगुनी मनुजको धेरै त्यही हुन् सुनी
अर्काको गुन बिर्सने अति हिंसो आरोप जालो बुनी
लोकाको गति उन्नति प्रगतिको डाह र द्वेषै सिर
लाग्छन् धेर त मार्ग हैन बहुने हालेर हिंसी फिर
(३९)

शिक्षासे अनि ज्ञानले हुन गयो उत्पत्ति विज्ञानको
धेरै उन्नति औ विकास हुन गो नौनई विज्ञानको
कोहीमा नसि विश्व हेरन सकिने सैवाद भनैं पनि
यातायात हुने जनेर चलना आकाशमा नै पनि
(४०)

लौ टेली भिजनै र कम्प्युटर औ मोबाइलैले पनि
त्यसै मेशिनले राखेर्थरि कसै औ कारखाना पनि
मान्छेको व्यवहार भो नि सजिलो आराम भो जिन्दगी
यो हो बाह्य विकास किन्तु मनमा भित्रैबढ्यो गन्दगी
(४१)

बाटो खन्न विकाश गर्न कृषिमा उद्योग व्यापारमा
मान्छेको मन ने गएन किन हो उत्कर्ष आधारमा
आफै मात्र हुलो बनूँ अरु न हुन् यै होडबाजी चले
राखे राष्ट्र लई किसान निमुखा झाँचे बिरामी जले
(४२)

क्षेप्यास्त्रै बम बन्दुकै मसिन गन् गोला एकै ठमाठू हुन्
कोही हैन सुरक्षितै कुन कहाँ कैल्हे भुसुन्डकै हुनन्
राम्रो शासन न्याय हैन दिन हैं त्यै तस्करी ने बढ्यो
आमदानी दिन स्रोत हैन भँहगी लो रात रातै बढ्यो
(४३)

हैनन् मानिस दुख मात्र असले हुन् है कतै बयै भला
लौ वृद्धाश्रम पुस्तकालय कतै विद्यालयै हुन् रमुला
झन् निन्मा पनि गोप्य हुन् कति कुरा बेपारको लात हुन्
हाँसी के सरि भित्रि दाँत अनि बाँधे देखाउने दाँत हुन्
(४४)

ऐल्हे नीतिर राजनीति घुसि गो व्यस्कै छ है जग्जगी
कुर्सीको चलमेल मन्त्रिपदको नेता बिषे बिग् बिगी
त्यागी राष्ट्रिय बुद्धमा रत हुने ती राष्ट्रका सेवकै -
लाई नेतृ न बर्गाले भनि दिया लौ माफी खाजा 'तर्के
(४५)

बोले सम्मन ठोइ नै गरिरहे मर्दा भने क्षालिक
राखे जन्म जयन्ति उत्सव गरे आफैं बने मालिक
यस्ले को कि हुने महाकविकनै भव्यै 'ज्ञाता'द्वी भनी
माला सिन्दुरले सलामि दिइने एकै दिने लौ त्यहीं
(४६)

जे भो भो नहुगो परन्तु पहिले यस्तो न कैल्हे न होस्
यस्ता राष्ट्रिय व्यक्ति सम्पति हुनेको ने सुरक्षा हुओस्
झन्दै राष्ट्र समाजका सुजनमा गर्दै विनीता झुलि
गर्दू अर्पण श्री महाकवि नहीं श्री पद्मपुष्पा झुलि
(४७)

सत्य छन् गगनका रविचन्द
सत्य छन् जगतका जनतन्त्र
सत्य छन् समजका गुरुमन्त्र
सत्य छन् हृदयका स्वरतन्त्र ।

सत्य ईश चराचर ज्ञानी
सत्य ईश अजरामर दानी
रम्य छन् मधुर छन् सब प्राणी
सत्य सुन्दर महाकवि बाणी ।

सत्य धर्म सब सुन्दर देखे
नित्य सत्य दिलको नय लेखे
जात पात उच्च नीच नदेखे
सत्यव्रत जन जीवन देखे ।

शुद्ध सत्य जनता जगदीश
नित्य सत्य मन भित्र छ ईश
मान्दछन् प्रिय महाकवि वेस
आत्म सत्य कवि धर्म विशेष ।

सत्य भाव जब निश्चल हुन्छ
सत्य काव्य-कवि निर्मल हुन्छ
सत्यहीन सब गह्वर हुन्छ
सत्य सुन्दर सधा दिल हुन्छ ।

मान्य सत्य कविको दिलदार
शब्दचित्र महिमा छ अपार
मार्गचित्र छ मही युगाधार
नित्य नित्य नव जीवन सार ।

ईशवाद जनवाद समान
मान्दछन् कवि उदार महान
सत्य धर्म छ नि मानवतामा
भेद हैन उसको समतामा ।

उच्च तुच्छ जुन वस्तु अभिन्न
दृष्टिकोण अनुसार भिन्नछ
सत्यदृष्टि छ भने हुनहार
पाइने सबमाट विचार ।

सृष्टिदृष्टि उपहार अपार
मातयाम नाहुमे सुविचार
देन हो कवि कलाधर धर्म
मन्त्रमुग्ध दिलदार सुकर्म ।

सन्दर्भ सूची

१. अर्याल दुर्गाप्रसाद 'देवकोटाका निबन्धमा निहित दार्शनिक चिन्तन' विद्यावारीधि शोधप्रबन्ध । अप्रकाशित) तत्कालीन म.सं.वि.वि. २०५९ ।
२. आचार्य दीक्षित नरेन्द्रमणि 'अद्वैतजी नेपाली साभा संक्षिप्त शब्दकोष' (पाँचौं संस्करण) साझा प्रकाशन काठमाडौं नेपाल २०५७ ।
३. ए.पी.को.वि. (एडिटर) अक्सफोर्ड एडभान्सेड लर्नर्स डिक्सनरी' अक्सफोर्ड युनिभर्सेटी प्रेस कलकत्ता, १९९३ ।
४. जर्न टमस ह्राइट फाटक (अनुवादक उमेश्वरप्रसाद) 'दर्शनशास्त्रका परिचय' हरियाणा साहित्य अकादमी चण्डिगढ, सन् १९९० ।
५. देवकोटा लक्ष्मीप्रसाद 'लक्ष्मी निबन्धसङ्ग्रह साझा प्रकाशन काठमाडौं सन् १९९८ ।
६. " " 'दाडिमको सुनेर" " " २०४५ ।
७. " " 'शाकुन्तल" " " २०२५ ।
८. " " 'पृथ्वीराज चौहान" " " २०४९ ।
९. " (अनुवादक) प्रसिद्ध प्रबन्धसङ्ग्रह " " २०२५ ।
१०. पाठक आर सी 'भार्गव स्टयाण्डर्ड इन्स्टेड डिक्सनरी' भार्गव बुक डिपोट, चौक वाराणसी, २००७ ।
११. पाण्डे नित्यराज 'महाकवि देवकोटा मदनपुरस्कार गुठी, ललितपुर २०१७ ।
१२. महर्षि पतञ्जलिकृत 'योग दर्शन' गीता प्रेस गोरखपुर २०१७ ।
१३. मिश्र उमेश 'भारतीय दर्शन' हिन्दी समिति उत्तर प्रदेश, १९७५ ।
१४. सिंह वि. एन. 'धर्म-दर्शन' स्टुडेण्टस् फ्रेण्डस एण्ड कम्पनी वाराणसी, सन् १९९८ ।

❖❖❖

सत्यको जय उघारी न्यूला
धर्मको पथमा बलिदान हूला
जोश ठूली फिर्फोर ४ । सर्ग/२१ ।

यस्ता काव्य-कविताहरू, निबन्धगत विचार वाक्यहरू र आख्यान र नाट्यरचनामा निहित मार्मिक सत्यात्मक या सत्यपरक छन् । ती गुणात्मक छन् र तिनमा मात्रात्मक प्रशस्तता पनि उत्तिकै छ । संसारका सबैखाले मनुष्यले आफ्नो मूल्य, मान्यता र जीवन व्यवहारको आधार सत्य भएको दावा गरिरहेका छन् । ती सत्यका दावेदारहरूमा क्रति सत्यता छ, समय, समाज र स्थानविशेषका परिस्थितिका चापमा तिनको मूल्याङ्कन हुँदै जानेछ । जुन सत्यात्मक या सत्यपरक दृष्टिकोण छ, त्यो यथोचित मात्रामा पूर्वीय अध्यात्मवादी र पश्चिमी प्रत्ययवादी धरातलमा आधारित भए पनि पूर्णतः महाकविको उच्च र दृढ आत्मविश्वासी भावना र स्वतन्त्र कल्पनामा उत्पन्न भएर विभिन्न प्रसङ्गमा विकसित हुँदै अनेक स्वरूपमा बाह्य अर्थमा निरूपित भएको छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने देवकोटाका दृष्टिमा सत्य न्याय हो, सत्य धर्म हो, सत्य ईश्वर हो, सत्य जीवनको मानवसमाजत परमेश्वरसम्म अनुकूलताका साथ मिलन सञ्चालन र व्यवस्थापन भएको छ । सत्य काल्पनिक, दार्शनिक र व्यवहारिक जनुसुकै किन नहोस्, त्यो सापेक्षतामा आधारित हुन्छ । देवकोटा काल्पनिक सत्यमा विश्वस्त प्रफुल्ल र सृजनशील भएर शक्तिशाली साहित्यकार बनेको सङ्केत पनि यस प्रसङ्गमा उल्लेख्य हुन आउँछ । सरल सत्यमा निरापद जिन्दगी छ । असत्यमा अपराध पाप र गरलता छ । आफ्नो जीवनकालभर काल्पनिक सत्यमा अटल रहेर निरन्तर रूपमा भाषा-साहित्यको सेवामा समर्पित देवकोटाका दृष्टिमा सत्यको बाटो छोडेर नै समाजमा विकृति, विसङ्गति अनि क्षति बढिरहेको हो । त्यसैले उनी रमणीय साहित्यका सत्याग्रहका साथ विकराल एवम् विराटप्रान्तका शिशुतुल्य मानव संसारलाई सत्यतामा अड्न र यसैबाट अगाडि बढ्न सहानुभूतिपूर्वक आह्वान गर्दछन् ।

सत्यको स्वरूप र सन्दर्भ प्रस्तुत गर्ने क्रममा देवकोटाले यसको विपरीत तत्व असत्यको पनि वर्णन गरेका छन् । असत्यको वर्णन सत्यको कारण पोषणका लागि भएको देखिन्छ । सत्यलाई महिमामण्डित तुल्याउन र त्यसको विपरीत तत्व असत्यलाई खण्डित तुल्याउन अनेक प्रतीक, बिम्ब र उत्प्रेक्षा आदिको प्रयोग रोचक र हृदयस्पर्शी ढङ्गमा भएको छ । वास्तवमा महाकवि देवकोटाको स्वच्छन्दतावादी साहित्यिक प्रवृत्तिले उनको 'सत्य' विषयक विवेचनमा पनि प्रभाव पारेको देखिन्छ । त्यसैले देवकोटाका समस्त वाङ्मयमा निहित 'सत्य' बहुलमय छ । यो रहस्यमय, आदर्शमय र समग्र जीवन जगत्को मूलाधारका रूपमा समेत प्रतिपादित भएको छ ।

जसरी देवकोटाको साहित्य संसारमा उनको आफ्नो कल्पनाको सत्य प्रतिबिम्बित भएको छ । त्यसैगरी उनको सत्यसम्बन्धी मौलिक र स्वतन्त्र दृष्टिकोण पनि आदर्शमय वस्तुगत, भावात्मक स्वच्छन्द प्रौढ परिस्कृत र दार्शनिक कोटिको उच्चस्तरीय भएर सान्दर्भिक भएको देखिन्छ । सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशनलाई कला मान्ने साहित्यकलाधर तथा साहित्यकारमा महान् रचनाकार देवकोटाको दृष्टि 'सत्य' तीतो पिरो र ठूलो नभएर मधुर, सुन्दर, सबल, सरल, शान्त धीर अमर असमर छ । यो संसारका हरेक कुराको पारख गर्ने, विवेक गर्ने र मूल्याङ्कन गर्ने महान् आधार पनि । सत्यलाई नै सबै कुराको मूलाधार मानिन्छ । महर्षि व्यासले सङ्केत गरेको सत्य देवकोटाको साहित्यमा बिकीर्ण सत्य प्रकाशमय र निरन्तर छुरक छ । मूलतः देवकोटाले प्रथम र अन्तिम सत्यका रूपमा ईश्वरलाई मानेका छन् । उनका दृष्टिमा विश्वलाराध्य शाश्वत् सत्य नै ईश्वर हो । अन्यमा रूप साहित्यसाधक महाकविलाई अति सीमित कविताशका माध्यमले सम्झना गर्दै विश्राम लिन्छु ।

देवकोटाको सम्बन्धमा

© डाम्मन शमसेर

'म बकोटा अङ्ग्रेजीमा कविता लेख्नुहुन्छ भन्ने थाहा पाएर मैले उहाँलाई भेटेर प्रश्न गरें- के तपाई अङ्ग्रेजी कविता लेख्न सक्नुहुन्छ ? सक्नुहुन्छ भने लेख्नेको हेर्न पाउँ न ।'

त्यसपछि त उहाँले अङ्ग्रेजीमै कविता बोल्न पो थाल्नुभयो । त्यस्तो अद्भुत प्रतिभाशाली कविलाई त्यसबेला जुन रूपमा सम्झना गरिनुपर्थ्यो, त्यो गरिएन ।

बालजन्य सम र देवकोटा दुवैलाई आफ्नो विद्वत्ताप्रति अप्रकटनीय घमण्ड थियो । भाग्यमा विश्वास गर्ने एउटा र नगर्ने अर्काका बीचमा छलफल सम्वाद चलिरहन्थ्यो । तर देखाबटीरूपमा भने ती दुई साहित्यहस्तीबीच कहिल्यै मनमुटाव भएको पाइएन । जहाँ जहाँ जाँदा पनि सँगै जान्ने र एक अर्कप्रति आदरभाव राख्ने । देवकोटाको मृत्युमा त समले आँसु नै झारेका थिए ।

देवकोटालाई आर्थिक सङ्कट थियो । यो शब्द कृत्रिम थियो । तर विद्वत्ता र क्षमताको कुरा गर्ने हो भने उहाँ समयभन्दा धेरै अगाडि हुनुहुन्थ्यो । चुरोट खूब खाने गरेको मैले देखेको थिएँ र चुरोट नखान पनि अनुरोध गरेको थिएँ, तर मान्नु भएन ।

गणेशमानजी मन्त्री भएको बेला पनि देवकोटालाई भेट्न गइरहनुहुन्थ्यो र अत्यन्त आदरभाव राख्नुहुन्थ्यो देवकोटाप्रति । अस्पतालमा छँदा देवकोटालाई २१ हजार सहयोग पनि गर्नुभएको थियो । गणेशमानजी देवकोटाको सरल र निष्कपट स्वभावदेखि अत्यन्त प्रभावित हुनुहुन्थ्यो । त्यसै भएर गणेशमानजी देवकोटालाई हृदयदेखि नै माया गर्नुहुन्थ्यो । त्यसको सानो उदाहरण यहाँ प्रस्तुत गर्न सान्दर्भिक होला ।

म काठमाडौं, ललितपुर र भक्तपुरको उपत्यका -काङ्ग्रेसको चेयरमेन थिएँ । २०१६ साल भाद्र २७ गते उपत्यका काङ्ग्रेसको ३ दिने सम्मेलन सुरु भएको थियो । र, त्यसको उद्घाटन प्रधानमन्त्री विपी कोइरालाले गर्नुभएको थियो । त्यस सम्मेलनको समापन भाद्र २९ गते गणेशमानजीबाट हुने कार्यक्रम थियो । तर त्यस दिन देवकोटाको असामयिक निधन भयो र गणेशमानजी समापन कार्यक्रममा नआई आधाबाटितर नै अन्तर्धानिनुभयो । सम्मेलनको समाप्तिभन्दा देवकोटाको मृत्युलाई महत्व दिएर गणेशमानजी सम्मेलन समापनमा उपस्थित हुनुभएन । अरू कसैबाट समाप्ति गर्नु भनी खबर पठाउनुभयो । तर त्यो सम्मेलन अरू एक दिन लम्बाइयो र ३० गते गणेशमानजीबाटै समापन भयो । यसबाट स्पष्ट हुन्छ गणेशमानजी देवकोटालाई कति माया गर्नुहुन्थ्यो ?

कसैले विपी र देवकोटाकोबीच विद्वत्ताको टकराव थियो र देवकोटालाई अन्तिम समयमा पनि भेट गर्न जानुभएन भन्ने गरिन्छ । तर त्यस्तो बियोजस्तो मलाई घटको लाग्दैन । त्यस बेला वास्तवमा लेखक-साहित्यकारप्रति त्यति वास्ता गरिँदैन थियो । सेयको दृष्टिले हेरिन्थ्यो । कवि-लेखकलाई काम नपाएकी, एकोहोरी, बेसुरे र उडन्ते जस्तो गरी परिभाषा गरिन्थ्यो । साहित्यकारलाई हेर्ने दृष्टिकोण आजको र

त्यसबेलाकोमा खासै फरक थिएन । मरेपछि पछुताउने र त्यसको गुण सम्झने हाम्रो संस्कृति नै बनिसकेको छ । यसको सानो उदाहरण म यहाँ प्रस्तुत गर्दछु-

धनकुटा धपाइएका देवशमसेर इण्डिया गई बस्न थाले । नेपालमा बसेर अङ्ग्रेजी पढ्न नपाएका देव शमसेरका छोरा तीनै भाइले प्रिन्सेस कलेजमा पढेर ठूलै शैक्षिक प्रगति गरे ।

नेपालमा प्रजातन्त्र आएपछि म पनि मृत्युदण्डको सजायबाट मुक्त भएँ र काठ्मेण्डमा लागेर खुल्ला राजनीति गर्न थालें । त्यसै सिलसिलामा नेपालमा पहिलो पटक ठूलाआकारको साहित्य-सम्मेलन हुने भयो । देव शमसेरका छोराहरू पनि सम्मेलनमा भाग लिन नेपाल आए । म उनीहरूलाई काका भन्थें ।

त्यस बेला बाबाघरीमा एउटा 'चिये' भन्ने पागल थियो । उसाहिँ आफूलाई कवि भन्थ्यो र उट्पटाङ कविता गन्दै हिँड्थ्यो । देवशमसेरका छोराहरूले भने-'सम्मेलनमा त्यस चिये'लाई पनि सैजानुपर्छ ।' मैले उनीहरूको भनाइको विरोध गरें । तर उनीहरूले भने- 'यति भनेको त्यस्तै प्रवृत्तिको मानिस त हो ।'

यति भनेर उनीहरूले हिपी गरेर चिये'लाई संगै लिएर गइछाडे । त्यस चिये'ले यति ठूलो साहित्य-सम्मेलनमा कविताको नामला खेर्दै फलाक्यो के के । यसरी हामीले साहित्यलाई जुन स्थानमा राख्नुपर्ने हो, जति महत्व दिनुपर्ने हो, त्यो दिन सकेका छैनौं र साहित्यलाई हेर्ने दृष्टिकोण पनि हल्का बनाएका छौं । त्यसै भएर पनि हामीले साहित्यको स्तर र महत्वलाई उच्चस्थानमा स्थापित गरेर सम्मान दिन सकेका छैनौं । यसैकारण देवकोटाजस्तो नेपाली साहित्यको भीष्मपितामहले विनाओखती बस्नुपर्‍यो, अपमानित भएर बाच्नुपर्‍यो र समुचित औषधोपचारको अभावमा प्राण बिसर्जन गर्नुपर्‍यो ।

म उहाँलाई गुरुजस्तै ठान्थें । भेट हुँदा उहाँ पनि मलाई अत्यन्त माया गर्नुहुन्थ्यो । म कवि नभएकोले लेखनबारे त्यति छलफल भएन । उहाँ ज्यादै साधिलो स्तरको कवि हुनुहुन्थ्यो । म बामे सर्दैगरेको फुच्चे सिकार । उहाँ छँदा मेरो 'वसन्ती' मात्र प्रकाशित भएको थियो । त्यो २००२ सालको कुरा हो । त्यसको बीसौं वर्षपछि मात्र मेरोबाध प्रकाशित भएको थियो । त्यसपछि मात्र मेरो नाम कवीरूपमा साहित्यजगत्ले लिन गरेको हो ।

(वार्तामा आधारित- सम्पादक)

"रहेछ संसार निशासमान
आएन ज्यूँदै रहँदा नि ज्ञान
आखीर श्रीकृष्ण रहेछ एक
न भक्ति भो ज्ञान न भो विवेक ।"

(संसाररुपी.....)

"मनको सुन्दर सिंहासनमा
जगदीश्वरको राज !
चेतनको यो ज्योति हिरण्मय
उसको शिरको ताज !"

(यात्री)

"यहाँका वृक्ष छन् आर्य यहाँका गिरि आर्य छन्
वेदका ध्वनि भैं पन्छी वृक्षमा बास गर्दछन् ।"

(सुलोचना २-८५)

"धर्तीको यो मालिकलाई ठालुवाट खोस
एक आवाज गर किसान ! एकै झस्की धनी ।"

(कृषिबाला)

सत्य बोल्नु नृपको महिमा हो
न्याय नै नृपतिको सुषमा हो ।
बाचाले शरमले प्रभु गल्नु
धर्म छाड्नु कमजोरपना हो ॥ (सर्ग २१ श्लोक ५८) ॥

उक्त कविताशमा सत्यतामा नै राजमहिमा अडेको कुरा दर्शाइएको छ ।

त्यसैगरी राजसत्ता र राज्यलीमा पनि सत्यता अडेको कुरा यसरी उल्लेख गरिएको छ :

सत्यका प्रतिनिधि प्रभुवाट
सत्य छोड्नु बहुतै छ खराब
सत्यले मुकुटको मणि दिव्य
छाड साच्छ यसमा तल भर्दा ॥ (७४ सर्ग/ २१) ॥

सत्य शून्य नृप खासि हुँकार
तुल्य हुन् अनृत मेरा लिएका (७५ सर्ग/ २१)

एवम् कमले विश्व ब्रह्माण्ड सबै सत्यतामा अडेको कुरा यसरी वर्णन गरिएको छ :

सत्य शृङ्खल बनेर समस्त
विश्व अड्छ परस्पर मेल (७८ । सर्ग/ २१)

सत्यलाई जिन्दगीको बहुमूल्य विभूषण र सत्यवाट नै जीवन झलमल र रङ्गीन भएर खुल्ने र फुल्ने कुरालाई नवी सुन्दरताका साथ यसप्रकार वर्णन गरिएको छ :

सत्य हो हृदयमा बहुमूल्य
जिन्दगीकन विभूषण हीरा
सत्यवाट झलमल्ल खुलेर
फुल्छ जीवन रङ्गीन बनेर (८७ सर्ग/ २१)

यसरी सत्यलाई विभिन्न स्वरूप, गुण, भूमिका, परमतत्व तथा दार्शनिक पक्षका रूपमा प्रस्तुत गर्ने महाकवि यसलाई दार्शनिकस्तरको ईश्वरीय रूपमा पनि वर्णन गरेका छन् :

सत्य नै ईशको रूप सत्यतुल्य अगाध छ ।
विश्वेशको सत्यरूप सबले मात्र गम्य छ । ७१
स्वर्गको हो बगौटे नै सच्चिदानन्दको गुण ।
सत्याधारित सद्रूप अनश्वर अमञ्जन ।
(७२ सर्ग/ २३)

'शाकुन्तल महाकाव्य जस्तै 'पृथ्वीराज चौहान' महाकाव्यमा पनि महाकविले सत्यको प्रसङ्ग औंल्याएका छन् । पृथ्वीराज चौहान महाकाव्यको उदाहरणलाई यहाँ सीमित मात्रामा प्रस्तुत गरिएको छ । उक्त महाकाव्यको विषय पनि राजनीतिक इतिहास सम्बद्ध छ । यसमा पनि देवकोटाझाट सत्यताले नै राजा, राज्य र जनताको सीमा-शक्ति र सुख-सम्पत्तिको अभ्युदय र उन्नयन हुने सङ्केत गरिएको पाइन्छ ।

.....

न्याय र सत्य धर्ममा अड्छ
विश्वको दरबार ।
चाहन्छौं हामी
न्यायका नामी
सत्यका स्वामी
राजनाई धरबार ॥ सर्ग ३ ।

त्यसैगरी सत्यले राज्यको विस्तार हुन्छ । राज्यमा निहित गुण-गौरव विश्व जति नै फराकिलो हुनसक्ने आधार पनि सत्य नै हो भन्ने मर्मलाई यसरी प्रस्तुत गरिएको पाइन्छ :

हामी ता देख्छौं राज्यको विस्तार
चौडाइमा सत्यको ।
जतिको विश्व छ अन्तर्गत
तापमा नित्यको ... २२सर्ग ३ ।

महाकाव्यको परिसमाप्तितिर सत्यलाई यसरी सङ्केत गरिएको छ

.....

मिथ्यालाई छोडी सत्यमा हुँला
स्वर्गको बाटो यशमा लुँला ।

+ + +

अमरको आत्मा जगाई लुँला
सत्यका शिखर अर्पनमा छुँला
जीवनको जवाफ प्राणले छुँला
जनम्न अघि शिर उँचा हुँला
महम्मद जस्ता दुश्मन हटाई

काल्पनिक सत्यका विराट स्वरूपमा अनन्त सत्यको समावेश हुने र साहित्यको संसार काल्पनिक सत्यको आधार आडम्बरोसामा खडा हुने दृष्टिकोणमा देवकोटा निरवस्त छन्। देवकोटाले काल्पनिक सत्यमा आफ्नो बढी रुचि भएको कुरा उल्लेख गरेका छन्। उनको काल्पनिक सत्य कल्पना सिद्धान्तका आधारस्तम्भमा निर्मित सुन्दर दिव्य र भव्य महल हो। कल्पनाको सिद्धान्त उनको कल्पना निबन्धमा प्रतिपादन भएको छ। कलरिजको कल्पना सिद्धान्त, पूर्वीय संस्कृतिका काव्यशास्त्रीहरूले सङ्केत गरेका कारयित्री र भावयित्री प्रतिभा अति शक्ति र निपुणताका आधारभूत कुराहरूलाई संयोग गरिएको देवकोटाको कल्पना सिद्धान्त महत्वपूर्ण देन हो। यही काल्पनिक शक्तिमा आधारित सत्य नै उनको तीनघरी सत्य मध्येको एक सत्य हो।

काल्पनिक सत्यमा सृजनाको उर्जा हुन्छ। जीवनको रहन र (Rhythm) लय हुन्छ। कल्पनामा उत्साह उमङ्गमय भावहरू तरङ्गित बाल्दछन् र आनन्दको अविर्भाव हुन बाल्छ। कल्पनाको सघन विकासमा परमेश्वरको प्राप्ति र मुक्ति पाइन्छ। अनुभूति गर्ने अद्भुत कल्पना शक्ति भएका देवकोटाका दृष्टिमा काल्पनिक सत्य भनेको सरस्वतीलाई देखेर उहाँसँग कुरा गर्नु भन्ने भावनाको विश्वास र यथार्थ हो। काल्पनिक सत्यमा सृजनात्मक शक्ति निहित रहेको र सिर्जनात्मक क्रियाबाट साँझ कलाको सुन्दर संसार निर्माण हुने अभिमत पनि यस सन्दर्भमा देवकोटाले प्रस्तुत गरेका छन्। एक एक जोडे दुई हुन्छ भन्ने र सृष्टिको अस्तित्वमा स्रष्टाको अस्तित्व छ भन्ने कार्य कारणका आधारमा तर्क र अनुमानका माध्यमद्वारा स्रास निष्कर्ष र सिद्धान्त प्रतिपादन गरिने प्रक्रियाई दार्शनिक सत्यका रूपमा देवकोटाले अको विभाग गरेको पाइन्छ। दार्शनिक सत्य वैज्ञानिक र गणितीय सत्यभन्दा माथिको सत्य भएको सङ्केत हुन आउँछ। त्यसै व्यावहारिक सत्यका बारेमा देवकोटाले के भनेका छन् भने जीवन व्यवहारमा सत्यका धेरै स्वरूप हुन्छन्। इन्द्रियद्वारा (आनेन्द्रिय : दृश्य, श्रव्य, आस्वाद्य, स्पर्श्य, आघ्राणीय तत्व) दृश्यमान र अनुभूयमान जठार दृश्य वा क्षुद्रसत्यलाई म व्यावहारिक सत्य सम्झन्छु। संक्षेपमा काल्पनिक सत्यमा मनका सूक्ष्म चित्रणको प्रबल भूमिका हुन्छ। दार्शनिक सत्यमा विवेकको अन्वेषणद्वारा तथ्य प्राप्त गर्ने प्रक्रिया हुन्छ र व्यावहारिक सत्यमा सरासर भोगिने देखिने कुराहरूको प्रत्यक्ष अनुभव हुन्छ। यसरी देवकोटाले सत्यलाई सैद्धान्तिक स्तरमा दृष्टान्त, उदाहरणसहित वर्गीकरण गरेर आफ्ना रचनाहरूमा तीनैखाले सत्यको सुन्दर स्वरूप समाहित गरेर अमर, सरस र सर्वकालीन हृदयस्पर्शी साहित्यको नमूना प्रस्तुत गरेको पाइन्छ।

शाकुन्तल महाकाव्यमा पनि सत्यको प्रकटन मार्मिक एवम् रोचक ढङ्गमा प्रस्तुत भएको छ। सत्यलाई सत्यापर जीवनको उर्ध्व र अधोगति हुन सक्दैन भन्ने मतलाई शाकुन्तलमा अगाडि सारिएको देखिन्छ। अठारौं सर्गमा शाकुन्तलालाई आश्रमबाट परतिर पठाउँदा सत्यको मार्ग छाड्न नहुने उपदेश दिंदा सत्यको स्वरूप दर्शाइएको छ। जुन यसप्रकार छ :

झुटो नबोलू दिन एक खुलस्त हुन्छ।
छिर्दैन सत्य बरु ईश्वर नै भुतुन्छ॥

वाङ्मोपना संग विकारहरू बढाई।
झुटो नबन्नु गर आदर आफूलाई॥सर्ग ११॥

उक्त कवितामा सत्यका अगाडि ईश्वरीय शक्ति पनि नतमस्तक हुन्छ। सत्यलाई सदैव अँगाल्नु पर्दछ। यसका विपरीत झुटो अँगाल्दा विकार मात्र बढ्ने र वाङ्मोपना आउने हुन्छ भन्ने अभिप्रायलगायत अनेक अन्य अभिप्रायको पनि सङ्केत पाइन्छ। आफ्नो लालनपालन भएको आश्रमबाट बिदा भएर प्रिय पति राजा दुष्टान्तका दरबारमा पुग्दा शाकुन्तलाले मर्माहत हुनुपर्‍यो। राजा दुष्टान्तले आफ्नो पूर्वप्रणयलाई बिर्सेर शकुन्तलालाई छलखाडेर झुटो बोल्ने राजालाई सत्यको महत्व दर्शाएर यसरी सम्झाइएको छ

अद्भुत प्रतिभाशाली व्यक्ति

✍ राष्ट्रकवि माधव घिमिरे

मुनामदन पढेपछि म देवकोटाको लेखन शैलीबाट प्रभावित भएर उनलाई भेट्न गएको हुँ। त्यही नै मेरो पहिलो भेट हो। म देवकोटाको घरमा पुग्दा ढुंगी भुईतलामा सुकुलमाथि बसेर ट्युसन पढाउँदै थिए। घुँघुरिएको कपाल, तेजस्वी अनुहार र जोडेको सेतोवस्त्रले उनी एउटा ऋषि महात्माजस्ता देखिन्थे।

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका साँचै नै महाकवि हुन्। उनले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् र प्रायः सबै विधा उत्कृष्ट पनि छन्। यो धेरै पनि हुनु र सधैं पनि हुनु अद्भुत कुरा हो। त्यसमा पनि छोटो जीवनमा यो सबै हुनु भनी अद्भुत र अवचर्यको कुरा हो।

उनका रचनाहरू यति गरी समयमा यति धेरै हुनुमा उनी मनलागे लेख्ने, नलागे नलेख्ने कवि होइनन् भन्ने प्रमाण हो। साहित्यमा समर्पित भावले सिर्जना गरिरहने, भेट भयो कि कविताकै चर्चा गर्ने, खालि समय निस्किएमा कविता भन्न चालिहाल्ने, मीठो र चोटिलो कविता लेख्ने र ओजस्वी आवाजमा कविता सुनाउने उनी नेपाली साहित्य जगतका विशिष्ट प्रतिभा हुन्। उनीसँग मेरो यति सङ्गत भयो, ती सबै समयमा उनी साहित्य सिर्जना नै गरिरहेका हुन्थे। यस्तो समर्पणभाव भैले नेपाली साहित्यका अरू कविहरूमा देख्न पाइन्न।

एकजना एशियाली लेखक सम्मेलनमा भाग लिन देवकोटाको नेतृत्वमा नेपालको तर्फबाट म पनि जाने सौभाग्य पाएको थिएँ। रूसको ताशकन्दमा त्यो सम्मेलन प्रारम्भ भएको थियो। त्यसको दोस्रो वा तेस्रो दिन देवकोटाको भाषण सुनेपछि विभिन्न देशबाट भाग लिन पुगेका साहित्यकारहरू यति प्रभावित भए कि देवकोटाको पछि त लागे लागे, मेरो पिछा पनि छोडेनन्।

यसरी देवकोटाले दिएको धाराप्रवाह भाषणले विश्वसाहित्य सम्मेलनमा, त्यसमा पनि सर्वोपरि प्रतिष्ठा राख्ने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व अभूतपूर्व भएको अविस्मरणीय घटनालाई म आँखले पनि झलझली सम्झन्छु।

उनको मुड सधैं चलिरहेको हुन्थ्यो। कसैले कुनै विषयमा बीलिदिनुस् भन्यो भने बिनासोचाइ, बिनाअध्ययन धड्धड्याएर बोल्नसक्ने अद्भुतता उनमा थियो। एउटा घटीको विषयलाई लिएर देवकोटाले पूरै मानव जीवनदर्शन सुनाएको अनुभव मलाई छ।

आँखले देवकोटा रातवार्थिकी चलिरहेको छ। यस मौकाको सदुपयोग गरेर देवकोटाका बारेमा नयाँ नयाँ काम हुनुपर्छ। देवकोटाजस्ता विशिष्ट प्रतिभाबाट निस्केका सिर्जनाहरूमध्येका प्रतिनिधि सिर्जनाहरूलाई सङ्कलन गरेर विश्वका भाषाहरूमा प्रचार गर्नु आवश्यक छ।

कसैले ठूलो हुँ भनेर वा बनाएर माथि त्यो ठूलो हुँदैन। उसको सिर्जना सबैभन्दा ठूलो हुन्छ। यस्ता सिर्जनात्मक उपलब्धि नै विश्व साहित्यिक सम्पदाको रूपमा रहिरहने सम्पदा हुन सक्छन्। वास्तवमा कसैका बारेमा सत्य खोल्ने, शालीन बनाउने र प्रचार-प्रसार गर्ने भनेको गौण कुरा हुन्। मुख्य कुराचाहिँ सिर्जना नै हो। त्यसकारण सिर्जनाको कदर गर्ने परम्परा चलाउनुपर्छ।

यद्यपि हुँदै नभएको होइन, तथापि देवकोटा सम्बन्धी सामग्री एवम् रचनाहरू विदेशस्थित नेपाली राजदूतावासमा पठाएर राजदूतावासमार्फत् विदेशमा देवकोटाबारे व्यापक प्रचार-प्रसार हुनु जरुरी छ। देवकोटाको शताब्दी समारोह मनाइनु साँचो कुरा होइन। उनको प्रतिष्ठा भनेको नेपालकै प्रतिष्ठा हो। यसबाट हामे भाषा-साहित्यको उन्नति र नयाँ सम्भावनाहरूलाई प्रेरणा दिन बल मिल्दछ।

(वार्तामा आधारित-सम्पादक)

त्रि.वि.मा महाकवि देवकोटा

सत्यमोहन जोशी

सुनिराखेको भए पनि बिसिंदै गैसकेकी कुरो प्रसङ्गवश व्यूतेर आयो भने समय सापेक्ष भएर वर्णनात्मक कथा बन्दोरहेछ । कुरो तेति ज्यादै पुरानो पनि होइन, २०५०/२०६१ सालतिरको ।

कीर्तिपुरको माथमैरवको गगनचुम्बी मन्दिरकै छहारी मुनि सम्मुखमा अवस्थित त्रिभुवन विश्वविद्यालय क्याम्पसमा नेपाली केन्द्रीय विभाग अन्तर्गत नेपाली स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूको माझमा महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूका बारेमा चर्चा परिचर्चाको क्रम चलिरहेछ । एकचोटि एकजना दूरदर्शी विद्यार्थीले आफ्ना साथीहरूबाट अगिल्तिर एउटा जन्दाबन्दो प्रश्न तेर्स्याएर भने छन्-"महाकवि देवकोटाका कृतिहरू त हामी पढ्छौं, सिक्छौं, तो कृतिहरूसंग तादात्म्य भाव पनि राख्छौं तर हामीहरूमध्ये कसैले पनि महाकवि देवकोटालाई चिन्ने सौभाग्य पाएनौं, उनी त पचास वर्ष कै अल्पायुमा क्यान्सरबाट पीडित भएर बितिसके । अब त हामीहरू केवल उनका कागजी मुहारहरू मात्र नियान्छौं ।"

यसरी बोल्दै जांदा त्यस विद्यार्थीको बोली एकाएकी अवरुद्ध हुनपुग्यो । निस्तब्धताको वातावरण बन्यो । सबजना साथीहरू अकमकमा परे । पछिबाट, एकजना अर्को विद्यार्थीले बढो सोचपूर्वक प्रश्न गरिहाले-"हैन साथी, के मो तिमीलाई ? आखिर तिमीले भन्न खोजेको कुरो के हो ? खुलस्त गरी भन न ।"

वातावरण फेरि अनुकूल भएपछि, ती विद्यार्थीले हृदय खोलेर भनिहाले -"हामी नेपाली केन्द्रीय विभाग अन्तर्गतका नेपाली स्नातकोत्तर कक्षामा पढ्ने विद्यार्थीहरूले महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रतिमा बनाउन लाएर त्रिभुवन विश्वविद्यालय क्याम्पस भवनकै प्राङ्गणमा संस्थापन गर्ने सर्त महाकवि देवकोटालाई हामीले मात्र हैन, सबैले अझ हाम्रा भावी पुस्ताहरूले देख्ने र चिन्ने सौभाग्य पाउनै थिए । हामी त्रिभुवन विश्वविद्यालय क्याम्पसको नेपाली केन्द्रीय विभागको इतिहासमा एउटा सुनौलो अध्याय नै थपिने थियो ।"

यसरी बोल्दै जांदा उनको कुरो यो भन्दा अघि सहन नचाहंदै, त्यहां एकीकृत सबै विद्यार्थीहरूले हर्षोल्लासका साथ जोडतोडले ताली बजाउन थाले । आखिर त्यहां प्रस्तुत गरिएको प्रस्तावले सबैको हृदय छोयो । अनि त कुरैकुरा चल्दा र लेखापढी हुंदा महाकवि देवकोटाको प्रतिमा चिबिना राख्न पाउने सम्बन्धित निकायबाट स्वीकृत पनि प्राप्त भयो । "महाकवि देवकोटा स्मारक निर्माण समिति" ले सक्रिय भई कार्यरत हुन थाल्यो । एक समूह विद्यार्थीहरू स्मारक निर्माणका लागि आर्थिक सहयोगीहरू खोज्न दौडधुप गर्न थाले ।

यत्तिकैमा विद्यार्थीहरूका माझमा "बिहेको अलमलले केटी मारन" किसी भैं पनि भयो । प्रश्न उठ्यो-प्रतिमा कैबले बनाउने ? माटोको ? सिमेन्टको ? ढुङ्गाको ? धातुको ? फेरि अर्को प्रश्न उठ्यो "प्रतिमा बनाउन जान्ने सिपालु मूर्तिकार यहां खोज्न जाने ? भरसक प्रतिमा बनाउने मूर्तिकार साहित्यानुरागी भेट्टाउन सकियो भने महाकविको मुखाकृति र काव्यात्मक व्यक्तित्व जीवन्त हुनेछ ।"

एक समूह विद्यार्थीहरू भने कला, चित्र वा मूर्ति बनाउने कै बारेमा गोष्ठी गर्न थाले र उनीहरूले निष्कर्ष निकाले-

मानव जीवनको गालनी संगसंगै मानिसले आफ्नो आकाङ्क्षाअनुरूप गुफा युगमा गुफाभित्रकै

गरेर अध्यात्म दर्शनका साथै अनेक सगुण, साकार ईश्वरको तीसाको वर्णन गरेका छन् । निष्कोहमा देवकोटाले सङ्केत गरेको विकासाराध्य तत्वसत्य त्यो ईश्वरीय सत्य हो र त्यो ईश्वरीय आत्मसत्यसंग गासिएको छ, जसलाई मनोविज्ञानले All man for himself अर्थात् सबै मानिस आफ्नै लागि हुन् भनेको छ । सबैले आफैंका लागि पहिले विचार राख्छन् भन्दा स्वार्थको चिन्तन नै चिन्तन भएको स्पष्ट हुन्छ ।

सत्यको सम्बन्धमा सत्यको आभासद्वारा नै सुन्दर भन्ने वस्तुको चेत वा होश पाउंछौं भनिएको छ । देवकोटाको यो भनाइ किट्सजस्ता विख्यात अङ्ग्रेजी कविको अभिप्रायसंग मिल्दोजुल्दो छ । किट्सका अनुसार Truth is beauty, beauty is Truth अर्थात् सत्य नै सुन्दर हो, सुन्दर नै सत्य हो । वास्तवमा देवकोटाको सत्य अत्यन्त व्यापक अर्थमा अत्यन्त गम्भीर दार्शनिक स्तरमा प्रस्तुत भएको छ । यसमा धर्म, संस्कृति, कला र जीवन जगत्का अनेक पक्षलाई समेट्ने सविजयपूर्वक सत्प्रयास गरेको पाइन्छ । सत्यलाई कविता-काव्य र निबन्धहरूमा प्रासङ्गिक, आङ्गिक र अन्तरवस्तुका रूपमा चर्चा गर्ने देवकोटा आत्मसत्यका कलाधर र कलाकार दुवै हुन् । सत्यलाई उनले जटिल, कुटिल, कठोर, कुण्ठित, विवादित र अस्पष्ट रूपमा होइन कि सरल, सुन्दर, आराध्य र आत्मसन्तोष दिने उत्साहप्रद तत्वका रूपमा प्रस्तुत गरेकाछन् । सत्यको विषयलाई विवेचना गर्ने क्रममा उनले सत्यको विपरित तत्व असत्यको पनि परिचय दिएका छन् । असत्य झुट, मिथ्या, व्यर्थ अनर्थजस्ता कुराहरू वा व्यवहार सबै सत्यका विपरीत आत्मबन्धक तत्व हुन् । यिनमा क्षणिक मनोरञ्जन कथंकदाचित् भए पनि चिरकालीन दिव्यरञ्जना छैन । एक असत्यले अनेक अनर्थ उब्जाउंछ भन्ने देवकोटाको दृष्टिकोण रहेको पाइन्छ ।

सत्यका सम्बन्धमा उनको अर्को महत्वपूर्ण निबन्ध छ - 'सत्य सोझो हुन्छ' यसमा सत्यलाई प्रधान विषय बनाइएको छ । देवकोटाको यावत् साहित्य सामाजिक सुधार, समाज कल्याण र मानवको उद्धारको अभिप्रायले सृजित भएको मनोविनोदपूर्ण सरस साधन हो । सत्य मार्गमा मानवलाई अग्रसरित गर्ने अभिप्रायमा देवकोटेली साहित्य अभिसृजित भएको र यसमा हाम्रो देश नेपालको अनेक पक्षको युगौं युगसम्मको मार्गदर्शन पनि भएको वास्तविकता यस सन्दर्भमा अविस्मरणीय छ । सत्य र असत्यको द्वन्द्व सृष्टिको उषाकालदेखि नै चल्दै आएको छ । देवकोटा सत्यको सुन्दर संसारमा हाहाकार खेती गरेर इर्षेइस्त र निर्लैभिस्त वाली हुर्काएर भस्मासुर बन्ने मानवीय रूपका दानवप्रवृत्तिदेखि अत्यन्त त्रस्त देखिन्छन् । त्यसैले उनी सबैका शिशु हो ! सत्यमा लाग भन्ने साधानी, सतर्कता र सत्मार्गको निर्देश गर्दछन् । मानिसले संसारलाई झुटमुट, छलकपट र डांटडुंट गरेर फोको इज्जत र आत्मघाती वीरता हासिल गर्न सक्दछ तर आफ्नो आत्मालाई छक्याउन सकैन । असत्य पाप हो, यो जीतसुकै चालाकी गरेर छिपाउन खोजे पनि छिप्न सक्दैन, झर्क बुरीबाट कराउन सक्छ । सत्य युगदेखि वर्तमान विकराल कलिसम्म सत्यता, साधुता, सुन्दरता, स्थिरता, सौमनस्यता, सौजन्य, सदाशय, र सरलताको समृद्धिभन्दा असत्यता, अपराध, अमानवता, दानवता, नश्वरता, अनर्थता, अकर्मण्यता, र अविवेकिताको अभिवृद्धि भएरहेको सन्दर्भमा देवकोटा चिन्तित भएर संसरणीमा लाग्न समयका शिशु समान समस्त मनुष्यलाई हार्दिकतापूर्वक आग्रह आह्वान गर्दछन् । बस्तै सत्यको आह्वान र आमन्त्रणमा उनको लाक्षिणिक प्रयास सम्पन्न भएको पाइन्छ ।

सत्यका अनेक प्रकारहरूको उल्लेख पनि देवकोटेली साहित्यमा पाइन्छ । सबैभन्दा उपयुक्त वर्गीकरण भने 'कला र जीवन' मा गरिएको छ । यसमा सत्यलाई तीन किसिमले वर्गीकरण भएको छ । १. काल्पनिक, २. दार्शनिक ३ व्यवहारिक सत्य नै यसका प्रमुख वा आधारभूत स्वरूप हुन् ।

सत्यको प्रकाशन भनेको छन् । सत्यका बारेमा गहिरो चिन्तन गरेका छन् । यो चिन्तन दार्शनिक स्तरको देखिन्छ । सत्यका बारेमा अनेक परिभाषा, लक्षण र दृष्टान्त प्रस्तुत गरिएको "कला र जीवन" चिन्तनप्रधान दार्शनिक कोटिको निबन्ध हो । यसमा सत्यको पृष्ठभूमिमा कला र जीवनको स्वरूप प्रकार तथा प्रवृत्ति पनि देखाइएको छ । यस कममा सत्यलाई व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । सत्यको प्रकाशनमा केन्द्रित कलाको महत्व प्रस्तुत गर्ने सन्दर्भमा अन्तर्वस्तु र अवान्तर्वस्तु समेत बनेको सत्य सर्वत्र व्यापक छ । निराकार पनि भन्ने देवकोटाले सत्यको परिचय वा परिभाषा यसरी दिएका छन्

'जुन चीज विकासराध्य छ, त्यसलाई सत्य भनिन्छ र ईश्वर नै प्रथम र अन्तिम सत्य हुन् ।' यस परिभाषाबाट सत्यको अनेक स्वरूपको विश्लेषण गर्न सकिन्छ । संसारका सबै धर्म, दर्शन र चिन्तनका धाराले सत्यलाई नै मूल आधार मान्दै आएका छन् । भूत, भविष्यत र वर्तमान तीनै कममा आराधना गरिने वस्तु आत्मतत्व वा आफैं हो । सबैभन्दा पहिले मनुष्यले मात्र होइन सबै जीवजन्तुले आफैंलाई अँगाल्छ । आफ्नै आत्मकल्याणको भावना राख्दछ । त्यसमा सत्यता के छ भने आत्मा परमात्माको भाग छ । यसैलाई अध्यात्मदर्शन भनिन्छ । अध्यात्मदर्शन अनुसार आत्मा नै परमसत्य वा ईश्वर हो । यही परमसत्यलाई पश्चिमी दार्शनिक वर्कलेको प्रत्ययवादी (Idealogical Theory) सिद्धान्तले पनि पुष्टि गरेको पाइन्छ । पूर्व पश्चिम दुवै तिरका अध्यात्मवादी दार्शनिकहरूले परमसत्य मानिएको आत्मतत्वलाई ईश्वरका रूपमा वा परमात्माका रूपमा सर्वव्यापी (All-Pervasive) मानेका छन् । यही वास्तविकतालाई प्लेटोले पनि I deas. only are real अर्थात् विचार नै यथार्थ वा सत्य हो भन्ने दर्शनको प्रतिपादन गरे । सारा दृश्यमान भौतिक जगत् यही आत्मसत्य वा ईश्वरीय सत्यको प्रतिबिम्ब हो । यसको चिन्तन अनेक ढङ्गले गरेर नै अध्यात्मवादी वा आस्तिक दर्शनका भेदहरूको रूपरेखा तयार भएको हो भन्ने दृष्टिकोण दर्शनशास्त्रका व्याख्याताहरूको रहेको छ । देवकोटाले निरञ्जन सत्य हाम्रो जीवनका उपर छ र निराकारबाट आकारमा नआउञ्जेल हामीलाई इन्द्रिय गोचर हुँदैन भनेर ईश्वरको मूल्यवत्ता र सर्वसत्तालाई नै निरञ्जन सत्यका रूपमा सङ्केत गरेका हुन् । मानवजीवनले अनेक आस्था र आराधनाका प्रयासबाट मात्र यो निरञ्जन सत्यको पत्ता पाउन सक्छ भन्ने दृष्टीकोण पनि देवकोटाको रहेको छ ।

देवकोटाले सत्य कला र ईश्वरको विश्लेषणात्मक सम्बन्ध पनि प्रस्तुत गरेका छन् । देवकोटाका विचारमा सत्य निराकार छ, निरञ्जन छ । यसमा कार्य र कारणले स्फुरण हुँदा अनेक रूप वा आकार हुन आउँछ । यही नै कला हो । त्यसैले उनले निराकारमा स्फुरण छ तर साकारमा कला छ भनेका हुन् । सत्य ब्रह्म, सत्य ईश्वर, सत्य आत्मा वा सत्य परमात्मा एकबाट अनेक हुँदै गएको भन्ने चिन्तनमा सत्यवादी देवकोटा विश्वस्त भएर के भन्दछन् भने एकोहं बहुस्याम को स्फुरणमा विश्वकला लगी पेमको आधारमा जन्मिई जो ब्रह्मयामामा झलमलाउँदै उठेका अनेक जीवात्माहरूलाई माधाश्रयले विस्तारमा विलास दिन चाह्न्थ्यो । देवकोटाको यो सिद्धान्त वाक्यमा पूर्वीय र पाश्चात्य दर्शनको अध्यात्म सत्यको मूल रहस्य सङ्केत भएको छ ।

जसरी पश्चिमी दार्शनिकहरूले Mind Mood, Ego, Spirit, Consciousenss, Soul, Self अर्थात् मन, मनोभाव, अहं आत्मा, चेतन, परात्मा, आत्मिक आदि आन्तरिक तत्वको सङ्केत गर्न शब्दावलीबाट सत्य र ईश्वरको विवेचन गर्न कममा अनेक चिन्तनधारा प्रस्तुत गरेका छन् त्यसैगरी पूर्वीय जगत्का आसगरी संस्कृतवाङ्मयका माध्यमबाट विभिन्न तत्वदर्शी विद्वान्हरूले आत्मा, परमात्मा, जीवात्मा परब्रह्म, परमेश्वर, ईश्वर आदि सयौं हजारौं शब्दावलीका माध्यमबाट सत्यको अन्वेषण

भित्तामा चित्र बनाउने कला विकसित गरेको हो । पछि माटो, ढुङ्गा, काठका टुकाटुकीबाट मूर्ति बनाउने कला पनि विकसित गरेको हो । हुनत चित्र र मूर्तिको रचनाबाट मानिसको भोको पेट भरिने होइन तर आत्मसन्तोषकै निमित्त पनि चित्रकार वा मूर्तिकारका औंला कलाको सिर्जनामा खइरहेकी हुन्छ । अनि आज मानवसभ्यता र संस्कृतिको विकास कममा कलाकार, चित्रकार, मूर्तिकारले आफ्नो भौतिक आवश्यकताका लागि मात्र कला सिर्जना गर्दैन, उसले त आफ्ना कलाशैली र भाव विचारलाई पनि आफ्नो हातको सीपद्वारा मूर्तरूपमा परिणत गरेर प्रदर्शन गर्दछ ।

अन्तर्राष्ट्रगत्त्या महाकवि देवकोटाको प्रतिमा ढुङ्गाकै बनाउने भन्ने विषय निर्णय भएपछि, विद्यार्थीहरू मुङ्गरी र छिनी बनाउन सिपालु मूर्तिकारको खोजीमा लागे । र, खोजीकै कममा धनकुटा पुगेका विद्यार्थीहरूले त्यहाँ एकजना स्थानीय उदीयमान मूर्तिकार श्रीकृष्ण जोशीद्वारा निर्मित ढुङ्गा कलाकृति र मूर्तिहरू निरीक्षण गरेपछि उनीहरू निकै आशावादी भये । उनीहरूले मूर्तिकार श्रीकृष्ण जोशीलाई आफूहरूकै साथमा काठमाडौं ल्याए । झन त के, मूर्तिकार श्रीकृष्ण जोशी पनि आफ्नो सिर्जनशील प्रतिभा र हातको सीप देखाउने सौभाग्य पाएकोमा निकै प्रफुल्लित भए । र, उनी महाकवि देवकोटाको मूर्तिकृतिमा उनको वाङ्मयात्मक व्यक्तित्वलाई कसरी मूर्तरूप दिन सकिएला भनेर सोचमा डुब्न थाले ।

तर ढुङ्गामा महाकवि देवकोटाको सजीवतुल्य हुबहु आकृतिको प्रतिमा बनाउनु भनेको अत्यन्त कठिन काम थियो । एक त काठमाडौं उपत्यकामा भएजस्तो प्रतिमा बनाउन सकिने ढुङ्गा भेट्टाउन नै गाह्रो भैसकेको थियो । अन्ततः दृढ सङ्कल्पित विद्यार्थीहरूले विधि व्यायम्बसकै सेरोफेरोको पल्लोपर्साइको मच्छेगाउँमा काली ढुङ्गाको खानी छ भन्ने कुरो पता लगाए । उनीहरूले मूर्तिकार श्रीकृष्ण जोशीलाई मच्छेगाउँमा नै लगे र उनका लागि त्यहीं बस्न खानको राम्रो व्यवस्था गरिदिए ।

त्यसपछि बडो जतनपूर्वक खानीबाट बढेमाको काली ढुङ्गा निकालियो । तर मूर्तिकारले सकास त्यस ढुङ्गामा छिनी चलाउने साहस गरेनन् । उनले घडीघडी ढुङ्गा नियाल्दै, त्यसमा औंलाले भुरे चिनो लगाउँदै, रेखा कोर्दै, फेरि मेट्दै, फेरि कोर्दै शरीर विज्ञानको गणितीय क्रम गर्न लागे । फेरि उनले आफूलाई दिइएका महाकवि देवकोटाका कागजी तस्वीरहरू ओल्टाइपल्टाइ हेर्न थाले र आखिरमा उनले महाकवि देवकोटाको प्रतिमा आफ्नै शैलीमा सिर्जना गर्ने निधो गरे ।

अन्ततः महाकवि देवकोटाको प्रतिमा निर्माणको काम थाल्ने शुभमुहूर्तको दिन तोकियो । विधि व्यायम्बसका नेपाली केन्द्रीय विभागका प्राध्यापक र विद्यार्थीहरू मच्छेगाउँमा आइपुगे । तर त्यहाँ ती आइपुगे आगन्तुकहरू र गाउँघरका दर्शकहरू सबैजना छक्क परे, जसै मूर्तिकार श्रीकृष्णले ढुङ्गामा मुङ्गरी र छिनी नभलाई दुई हातले माटो मुछ्न थाले । त्यसबेला मूर्तिकारले आयोजकहरूलाई जानकारी दिँदै भने-"पहिले म माटोको प्रतिमा तयार पार्छु र गर्हाहरूबाट त्यो प्रतिमा स्वीकृत गरिएपछि मात्र म यो ढुङ्गामा छिनी चलाउँछु ।"

मूर्तिकारको भनाई रहेछ -माटोको प्रतिमा बनाउँदा कहीं माटो खुकेर फिक्न सकिने, त्यसै कहीं माटो धपेर टाँस्न सकिने अर्थात् माटोमा औंला र ज्यावल चलाउन ज्यादै सजिलो हुने तर ढुङ्गामा छिनीलाई मुङ्गरीले हानेपछि त्यसबाट भन्ने आकृतिमा कहीं कतै नाप मिलेन, आकृति विग्रिन लाग्यो भने त्यसमा माटोमा भैं माटो थप्न, खुर्चन, पुर्न, फिक्न सम्भव हुँदैन । बिग्रियो भने त्यो बिग्रियो, त्यसलाई माटोमा भैं सच्याउन नसकिने रहेछ ।

मूर्तिकार श्रीकृष्ण जोशी मच्छेगाउँबी एक खन्ना प्राङ्गणमा महाकवि देवकोटाको माटोको प्रतिमा बनाउनमा व्यस्त हुनथाले । भित्र सेलिनुपरेको भए त चेप्टो कागजमै आकृति बनाउँदै रङ्ग भर्न सकिन्थ्यो, तर माटोको प्रतिमाको आकृति बनाउँदा अघिल्तिर र पछिल्तिर, दायाँबायाँ र चारैतिरबाट आकृति मिलाउनुपर्ने भएकोले मूर्तिकार घडीघडी निर्माणाधीन प्रतिमाको वरिपरि निरीक्षण गर्दै हात चलाउँथे ।

अनि केही समय लागे तापनि अन्ततः मूर्तिकारले महाकवि देवकोटाको माटोबाट निर्मित प्रतिमा नमूनाका लागि तयार पारे। अर्धकदको गम्भीर मुद्राको त्यो प्रतिमा जीवन्त रेखापन्यो। प्रतिमा निर्माण भइरहेको हेर्न आउने विद्यार्थीहरू दङ्ग पर्दै मूर्तिकार श्रीकृष्ण जोशीको सिर्जनशील प्रतिभा, हातको सीप र कलाको प्रशंसा गर्न थाले। त्यसपछि विद्यार्थीहरूको सर्वसम्मतिबाट माटोबाट निर्मित महाकवि देवकोटाको त्यो प्रतिमा नमूनाको रूपमा स्वीकृत भयो।

पछुपरन्त माटोबाट निर्मित प्रतिमा अनुरूप नै त्यसैमा केन्द्रीत भई मूर्तिकार श्रीकृष्ण जोशी बायाँ हातले छिनो तथा दायाँ हातले मुङ्गरो समाई अगिल्तिर ठड्याइराखेको बडेमाको काली ढुङ्गालाई महाकवि देवकोटाको गम्भीर मुद्रामा काव्यात्मक व्यक्तित्व सिर्जना गर्नमा खलखली पसिना निकालै व्यस्त हुनथाले।

त्यसपछि त मञ्चे गाउँमा धनकुटाबाट झिकाइएका एकजना मूर्तिकारले एउटा बडेमाको काली ढुङ्गाबाट एउटा ठूलै सान्छेको मूर्ति बनाउन लागेको छ रे! भन्ने हल्ला चलेपछि मञ्चेगाउँको त्यो प्रतिमा निर्माणस्थल दर्शकहरूका लागि पुरुषोत्तम महिनामा मञ्चेनारायण स्नानमा मेला लागे झैं प्रदर्शनी भएको भन्यो। हेर्न आउने जति सबै छक्क पर्न थाले। सात गाउँका स्थानीय स्कूलका विद्यार्थीहरूलाई चाहिँ त्यो बल्ल लागेको ढुङ्गाको प्रतिमा नेपाली भाषा, साहित्य वाङ्मयका मूर्धन्य महाकवि लक्ष्मीप्रसाद देवकोटाको हो रे! भन्ने भएपछि, उनीहरू देवकोटाका अमरकृति 'मुनामदन' का लोकलयमा आबद्ध पङ्क्तिहरू गाउँदै हिँड्न थालेको दृश्य पनि देख्न पर्न थाल्यो -

हातका मैला सुनका थैला के गर्नु धनले?
माग र खिस्तु खाएको जेस आनन्दी मनले।
हे मेरी मुना .....!

यता भिभुवन विश्वविद्यालय क्याम्पस भवनको घन्टाघरको अगिल्तिरको प्राङ्गणमा चार/पाँच हात अग्लो स्तम्भ बनाउने काम पनि जोडतोडले चलिरहेको थियो। त्यस स्तम्भको एक प्रमुख भागमा महाकवि लक्ष्मीप्रसाद देवकोटाकै महान् वाणीको रूपमा उनबाटै रचित काव्यको एक उद्धृत श्लोक खोपिएको थियो।

शान्त र पिउनु जीवन भए
जिउनु हरे! के?
पछिको आशा नभए झठै!
मानिस हरे! के?

-महाकवि देवकोटा

अनि महिनौं दिनको परिश्रमपछि मूर्तिबाट श्रीकृष्ण जोशीले कोरा काली ढुङ्गालाई महाकवि लक्ष्मीप्रसाद देवकोटाको गम्भीर मुद्रामा काव्यात्मक व्यक्तित्व जीवन्त झैं देखिने त्यो भव्य प्रतिमा सफलतापूर्वक कुँदेर तयार पारेपछि, नेपाली केन्द्रीय विभाग अन्तर्गतका नेपाली स्नातकोत्तरका सबजना विद्यार्थीहरूमा हर्ष र सन्तोषको सीमा नै रहेन। त्यसपछि सबैजना महाकवि देवकोटाको त्यो भव्य प्रतिमालाई मञ्चेगाउँबाट उठाएर त्याई त्रिभुवन विश्वविद्यालय क्याम्पसको प्राङ्गणमा निर्मित स्तम्भमा प्रतिस्थापना गरी प्रतिमा अनावरण हुने प्रतीक्षामा दिन गन्न थाले।

अन्ततः वि.सं. २०६१ फागुन १२ गते बुधबारको शुभमुहूर्त पाध्यापक, विद्यार्थी, विभि कर्मचारी, आमन्त्रित साहित्यकार बन्धु र कलाकारहरूको विशाल समुपस्थितिमा महाकवि लक्ष्मीप्रसाद देवकोटाकै-

"शिक्षा म त्यसलाई भन्दछु,
जसले मानिसलाई पूरा मानिस बनाउँछ।"

भन्ने महान् वाणीबाट त्यो जीवन्त प्रतिमालाई औपचारिक रूपमा जीवन्यास गराई प्रतिमाको अनावरण समारोह भव्यताकासाथ सुसम्पन्न गराइयो। र, त्यसै बेलादेखि त्रिभुवन विश्वविद्यालय क्याम्पसको त्यो प्रतिमास्थल नेपाली वाङ्मयको एक प्रतिष्ठामूलक तीर्थस्थलमा परिणत भयो रे!

अब सुनिराख्नेको तर विश्वसकेको कुरोले रचेको यो वृत्तान्त पनि 'कथा' बनेर यहीं टुङ्गियो।

अन्तमा वैकुण्ठमा बस्ने महाकवि देवकोटालाई जसले यो कथा सुनाउन जाला उसलाई सुनको माला!

२०६६ कार्तिक १०

आराधना नै परम धर्म हो भन्ने तात्पर्य प्रस्तुत भएको पाइन्छ। संस्कृत वाङ्मयको परिचयात्मक अध्ययनबाट के स्पष्ट हुन्छ भने सत्य र धर्म एक अर्कोका पूरक हुन्। सत्यलाई छाडेर धर्म हुन सक्तैन, धर्मलाई छोडेर सत्यको निरूपण हुन सक्दैन। सत्य र धर्ममा नै विश्वकल्याण र जीवन सुख निहित रहेको कुरा संस्कृत वाङ्मयको मुख्य निरूपण वा टुङ्गो हो भन्नुमा अत्युक्ति नहोला। सत्य, तथ्य वा यथार्थ अत्यन्त सूक्ष्म र व्यापक विषय हो। यो स्थान, समय, व्यक्ति, जाति, धर्म र उद्देश्यका साथसाथमा निरूपण हुँदै आएको पाइन्छ। यही पृष्ठभूमिमा देवकोटाले आफ्ना विभिन्न रचनाहरूमा यसको चर्चा गरेका छन्। देवकोटाले कुन कुन कृतिहरूमा के प्रसङ्ग सन्दर्भमा कसरी के प्रयोजनले सत्यको चर्चा वा वर्णन गरेर त्यसका प्रकार तथा स्वरूपको निर्धारण गरेका छन्, त्यो विवाद अनुसन्धानको गम्भीर विषय हो। यहाँ सो विवाद अनुसन्धानको विस्तृत एवम् गम्भीर विषयलाई सीमित कृतिका आधारमा स्थानीपुलकन्यायका आडमा अर्थात् भात पाके नपाकेको पत्तो लगाउनका लागि दुई चार सिता चामल राखेर छामे पुगेझैं कसौटी भरिएको भात छाम्नु पर्दैन भन्ने मान्यताअनुसार प्रस्तुत लेख अगाडि सारिएको छ।

देवकोटाका साहित्यमा सत्य:

महान् साहित्यकार लक्ष्मीप्रसाद देवकोटाले आफ्ना साहित्यिक मूल विषय र त्यसका अन्तरनिष्पत्तिलाई समेटेर विचार, विवेक, कल्पना, अनुभूति र भावनाका महानताले अनि कलात्मक शिल्पशैलीका विशालताले रोचक, हार्दिक र रमणीय तुल्याएका छन्। यी उनको महत्त्व देन हो।... साहित्य र शिवाचमा हामी एक किसिमको अनिवार्य तथा घनिष्ठ सम्बन्ध रहेको स्पष्ट अनुभव गर्न सम्छौं भन्ने मान्यता अंगालेर देवकोटाको साहित्य हितकारिता र मनोहारितामा अभिलक्षित छ। त्यसैगरी सामाजिक कल्याण वा हितका लागि साहित्यको सृजना हुनुपर्ने अभिप्रायमा पनि महाकवि देवकोटाको क्षमानुभूति भएको छ। उनको आफ्नो विशाल हृदयअनुसार सत्यको अन्वेषण विश्लेषण र रागात्मक अभिव्यञ्जन समेत भएको अनुभव हुन्छ। साहित्यकारको सत्यले वस्तुगत, ठोस र बाह्य सत्यसँग तालमेल नखाने हुन सक्दछ। साहित्यकारको सत्य वास्तवमा विचारवाद वा प्रत्ययवाद (Idealism) सँग सम्बन्धित छ। यसलाई देवकोटाले "साहित्यमा शिवत्व" निबन्धमा सङ्केत गरेका छन्। उनको सङ्केत अनुसार साहित्यकारले आत्मसत्यलाई सत्य मान्न सक्दछ। त्यसैले हरेक साहित्यकारको आत्मगत वा मनोगत सत्य नै उसको साहित्यमा व्यक्त हुने सत्य हो। जतिसुकै यथार्थवादी वा वस्तुवादी भन्ने प्रयत्न गरे पनि साहित्यकार आत्मगत वा मनोगत सत्यताबाट नितान्त निरपेक्ष रहन सक्दैन। त्यसैले आफ्नो सृजनशक्ति र सौन्दर्यले सत्यभाषण विश्वसनीय र चित्ताकर्षक भएर हृदयस्पर्शिताको गुणगौरवलाई अंगाल्ने साहित्य आत्मिक विषय हो। साहित्यकार आध्यात्मिक र स्वतन्त्र मन-मस्तिष्क भएको प्राणी हो। साहित्यकार साहित्यिक विषयवस्तु र पाठकका सम्बन्धमा विज्ञानका, यान्त्रिक उपकरण तथा पदार्थका वस्तुतथ्यहरूको भूमिका भन्दा अन्तस्तत्व (Entelchy) को भूमिका प्रधान हुन्छ। तार्किक सत्यभन्दा हार्दिक सत्यको अवलम्बन गर्ने साहित्यकारको स्वभाव प्रधान रहँदै आएको छ। यही पृष्ठभूमिमा देवकोटाको साहित्यिक सत्य आश्रित हुन पुगेको छ।

सत्यका सम्बन्धमा देवकोटाको दोहोरो भूमिका देखिन्छ। एकतिर उनले आफ्नो काल्पनिक सत्यलाई अंगालेर प्रचुर साहित्यको सृजना गरेका छन् भने अर्कोतिर साहित्यको अन्तर्वस्तुका रूपमा सत्यलाई अनेक ढङ्गले औंल्याएको छन्। देवकोटाको सत्यका सम्बन्धमा प्रस्तुत विचार, व्याख्या र भाव नै उनको सत्यसम्बन्धी दृष्टिकोण हो। देवकोटाको सत्यसम्बन्धी दृष्टिकोण कला र जीवन निबन्धमा स्पष्ट भएको पाइन्छ। यसमा उनले कलालाई

देवकोटाका दृष्टिमा सत्य

✍ डा. दुर्गाप्रसाद अर्याल

पृष्ठभूमि:

सत्य के हो ? अथवा कुन कुरा सत्य हो ? यस सम्बन्धी अनेक विचार, दृष्टि र मान्यताहरू प्रस्तुत भएका छन् । सत्य अत्यन्तै गहिरो विषय हो । सत्यका पनि प्रकारहरू उल्लेख भएका छन् । सत्यलाई अङ्ग्रेजीमा Truth भनिन्छ । अङ्ग्रेजी शब्दकोश अनुसार Truth को अनेक परिचय पाइन्छ । सामान्य सत्यताको बोध हुने किसिमले आधि डिक्सनरीमा Quality or State of the being true Sincerity, fidelity, veracity, Reality, Virtue, Honesty, Constancy अर्थात् विश्वस्तता सत्यनिष्ठा, वास्तविकता, साधुता, इमानदारी, सच्चाइ, स्थिरता आदि अर्थमा यसको प्रयोग हुनेगरेको उल्लेख पाइन्छ । अङ्ग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोषमा Thuth को अर्थ सत्य, सत्यता, हकहित खरोखास, यथार्थ, धर्म वफादारी इमानदारी र सरलताको रूपमा उल्लेख गरिएको छ । प्रसिद्ध अङ्ग्रेजी शब्दकोश एड्भान्सेड लर्नर्स डिक्सनरीका अनुसार Whole Truth, Fact Fundamental Truth, Belief Miracle thuthin Naked thuth, अर्थात् सद्यहसत्य, तथ्य विश्वास, आधारभूत सत्य, जादुगरीसत्य, नाङ्गो सत्य आदि सत्यका प्रकारहरूको उल्लेख गरेको पाइन्छ । आधुनिक विज्ञानले सत्य सापेक्ष हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । सौन्दर्यशास्त्रीहरूले सुन्दरता नै सत्य हो भन्ने विश्वास राख्दछन् ।

संस्कृत वाङ्मयमा सत्यको अनेक किसिमबाट चर्चा गरिएको पाइन्छ । वैदिक र लौकिक दुवैखाले संस्कृतमा अनेक विषयमा सत्यका बारेमा व्यापक विश्लेषण र विवेचन भएको पाइन्छ । वेदले "सत्यं वद" अर्थात् साँचो बोल भनेर ज्ञान र आचारको अनुशासन बताएको पाइन्छ । पातञ्जल योगसूत्रका अनुसार अष्टाङ्ग योग मध्येको पहिलो योगको यम अन्तर्गत सत्यलाई उल्लेख गरेर वर्णन गरिएको छ । योगसूत्र अनुसार ज्ञानेन्द्रिय र मनले प्रत्यक्ष गरेर जे जस्तो अनुभव गरिन्छ ठीक त्यस्तै भाव प्रकट गर्नका लागि प्रिय र हितकारी अर्काको मनमा उद्वेग उत्पन्न नगर्ने खालको जुन बोली वचन हो, त्यही सत्य हो । दर्शनहरूमा सर्वोत्कृष्ट र चर्चित मानिएको वेदान्त दर्शनले ब्रह्म नै सत्य हो, त्यसबाहेक अरू असत्य हो भनेर विभिन्न उदाहरण र दृष्टान्तसहित व्याख्या गरेको पाइन्छ । वेदान्त दर्शनको प्रतिपाद्य विषय नै "ब्रह्म सत्यं जगन्मिथ्या" अर्थात् ब्रह्म नै सत्य हो, यो सारा जगत् ना संसार मिथ्या हो । जैन दर्शन र मीमांसा दर्शनका अनुसार धर्म अन्तर्गत सत्यलाई समावेश गरेर धर्मको आचरणमा लाग्न मानिसलाई आग्रह गरिएको छ ।

स्मृति कालमा पनि त्यसको व्यापक चर्चा भएको छ । संस्कृतिका स्मृतिग्रन्थहरू वास्तवमा सामाजिक, धार्मिक अनुशासनका आचार-विचार विधि-विधान र संहिता हुन् । यस कालमा आएर धर्मको सम्पूर्ण आधारभूत तत्व सत्य हो भन्ने मत प्रस्तुत गरिएको पाइन्छ । खासगरी दश प्रकारका धर्मका लक्षण मध्ये, सत्य एक तत्वका रूपमा स्मृतिहरूमा अगाडि सारिएको छ । सत्य, तथ्य, ऋत, सभ्यन् आदि कोशीय पर्यायवाची शब्दका रूपमा यावत् संस्कृत वाङ्मयमा सत्यलाई अगाडि सारे काम भएका छ । पुराणहरूमा सत्य भनेको आ-आफ्ना इष्टदेवको पूजा, आराधना र आस्था भएको कुरा उल्लेख गरिएको छ । निष्कर्षमा सत्यको

लक्ष्मीप्रसाद देवकोटा र पाब्लो नेरुदा

✍ मदनमणि दीक्षित

महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी मनाउनेमा यो वर्ष नेपालका साहित्यकारहरू सक्रिय देखापरेका छन् । दायित्व प्रकाशनका रामप्रसाद पन्तज्यूले देवकोटाबारे आफ्नो पत्रिकाका निम्ति सेस लेखिदिन मसित अनुरोध गर्नुभयो । सवत् २०४२ सालतिर होला, काठमाडौंका एक पुरस्कारदाताले लक्ष्मीप्रसाद जयन्तीको दिन बोल्दै "देवकोटाले सातो हतौडीले टुक टुक हान्दै सुनको पातामा गहनाको बनोट बनाउने सुनारले झैं काम गर्ने होइन कि कामीले झैं तातो फलाममा घनले हानेर बनाएको औजार झैं कवितामा शब्दहरू तयार पार्छन्" भनी रत्नराज्यलक्ष्मी क्याम्पसको प्राङ्गणमा भनेको मैले सुनेको थिएँ ।

आफूले ४० औं लाखभन्दा बढी शब्दहरू नेपाली भाषामा लेख्नसकेको भए तापनि संवत् २०४७ देखि वीरगञ्जमा बसेर साहित्य लेखनको क्रियालाई अघि बढाउनेमा प्रयत्नशील रहे तापनि मैले कविता भनेको के हो ? नेपाली भाषामा कविता कस्तो हुन्छ ? भन्ने कहिल्यै बुझेको थिइनँ । लेखनाथ देवकोटाका साहिला भाइ लक्ष्मीप्रसाद देवकोटा मेरी माइली दिदी विमलादेवीका साहिला जेठाजु पर्नुहुन्छ । देवकोटाका भाइ मित्रनाथ देवकोटा मेरा भिनाजु हुनुहुन्थ्यो । एकदिन मित्रनाथ देवकोटाको घरमा दिउँसो दुईजना बाजुभाइ पासा खेल्दै हुनुहुन्थ्यो । खेल्दाखेल्दै मेरा भिनाजुले आफ्ना साहिला दाजुको मसित परिचय गराउनुभयो "दाइ ! महिना दिन अगाडि मदनले हिन्दूदर्शन र धर्मशास्त्रबारे स्नातकोत्तर परीक्षा दिएर उत्तीर्ण भएछन् ।" लक्ष्मीप्रसाद देवकोटा पुलुक्क मतिर फर्किनुभयो चिलिम राखेको हुक्काबाट मुख फिरुकेर मतिर हेर्दै "मदन भेटा बन्छौ ?" भनी सोध्नुभयो । तेइस वर्षे जवान म उहाँको कुरा सुनेर छक्क परें ।

आफ्नो कवि व्यक्तित्वको प्रचण्ड विशालताबाट बाहिर मसित भेट्न बस्ने पक्षमा सोध्नुभएको रहेछ ।। अकैसम्म मसित उहाँको त्यो प्रश्नलाई उत्तर दिन सकेको छैन । तथापि त्यो प्रश्नले मलाई उहाँको व्यक्तित्व हामीले आज पनि रातभरी देखिरहेका "आकाश गङ्गा विहारीवत" भा रहेको मृगशिर्षा नक्षत्र रहेको तारामण्डलमा देखिने विशाल पुरुषजस्तै म लक्ष्मीप्रसाद देवकोटालाई देख्छु । म उहाँलाई म उहाँको कवितालाई नै देख्छु ।

त्यो मृगशीर्षा नक्षत्रको कम्मरबाट बस्तको एउटा लुङ्गजस्तो झरेको छ । त्यसमा ३ वटा तारा देखिन्छन् । मृगशीर्षाको शिरजस्तोमा चारवटा धमिला ताराहरू देखिन्छन् । मैले देखेको छु । लक्ष्मीप्रसाद देवकोटाको शिरजस्तै त्यो नक्षत्रका शिरका दुईवटा तारा अनन्त आकाशका सीमातिर हेर्दै केही विचार गर्दै सम्पूर्ण तारापुञ्ज अनन्त ब्रह्माण्डतिर मिनेटको दसौंहजार माइलको वेगले दौडिरहेछन् । हाम्रो यो सूर्यको चारैतिर घुम्ने पृथ्वी र नवग्रहयुक्त सौर्यमण्डलले आफ्ना सबै मित्रहरूलाई सँगै लिएर मृगशीर्षा नक्षत्रलाई पछ्याउँदै घण्टाको १२ हजार माइलको गतिवेगले त्यसको बीचको तारामा रहेको देखापर्ने निहारिकाको भ्रमण गरिरहेछ भनी गत शताब्दीका वैज्ञानिक ज्योतिषीहरू आफ्ना प्रकाण्ड दूरबिनले हेर्दै हामीलाई बताइरहेका छन् ।

महाकवि लक्ष्मीप्रसाद देवकोटालाई म त्यो मृगशीर्षा नक्षत्रसित जोडेर बुझ्ने चेष्टा गर्छु आज । जसरी यो संसारका ठूला ज्योतिष वैज्ञानिकहरूले

त्यो ताराराजाई जसरी बुझ्दैनन् र त्यसका १९ वटा देखिने चाँकिला ताराहरू तथा मृगालाई गह्रुगाउँदै दौडिरहेको त्यो शिकारी तारापुञ्जको खुट्टाबाट निकै टाढादेखि शिकारीलाई छुट्टै रहेजस्तो देखिने लुब्धक ताराजस्तै अघेलका विशिष्ट नेपाली साहित्यकारहरूलाई म देखिरहेको छु।

तर लक्ष्मीप्रसाद देवकोटालाई बाह्य ब्रह्माण्डको मृगशीर्षा नक्षत्रसित गाँसी जोडेर उपमा खोज्न् दैवीप्रयोजनको माग हो। लक्ष्मीप्रसाद देवकोटाको समकाल तामीले यही पृथ्वीमा खोज्नुपर्छ। पृथ्वीमा देवकोटासित मिल्ने कविहरू खोज्न मेरो दृष्टि पश्चिमा गोलार्धको भूमध्य रेखाभन्दा तल पूर्वमा प्रशान्त महासागर र पश्चिममा एटलान्टिक महासागर बीचमा रहेको फराकिलो माथिल्लोबाट तलतिर पातालेई सांघुरिँदै गएको तथा टेरा, डेल फुएगो (अग्नि ज्वालाको टापू) नजिक, भण्डै अन्टार्टिक किनाराहरूलाई छुन खोजेझैं स्थितिमा पुगेर रोकन खोजिन्छ, त्यो समुद्री किनारामा एसियाको हिमालय पर्वत शृङ्खलाजस्तै बस्नो भए तापनि पूरै तटलाई अस्मभक पर्वतमालाले घेरा, बोलिभिया र चिलेलाई छाडै तलसम्म गएको छ।

लक्ष्मीप्रसाद देवकोटासित किञ्चित् तुलना गर्न सकिने व्यक्ति त्यो चिलेका पाब्लो नरुदा छन्। सन् १९०४-८३ मा जन्मेका तिनको नाम Neftuli Rayes थियो। अवसानको केही वर्ष पहिले तिनगै साहित्यमा नोबेल पुरस्कार पाएका थिए। देवकोटासित नेरुदाको तुलना गर्ने म यही एउटा ठाउँ पनि पार्दछु। देवकोटा प्रज्ञा-प्रतिष्ठानका सदस्य रहँदा भारतको नयाँ दिल्लीमा हुन लागेको साहित्यिक सम्मेलनमा भाग लिन भारतीयहरूले उहाँलाई निम्ता दिएका थिए। त्यो निम्ता मानिसकेपछि रसियनहरूले रुसमा नेपाली शिष्टमण्डललाई पनि बोलाये। तर लक्ष्मीप्रसाद देवकोटासित रुस जाने राहदानी थिएन। त्यही पनि यहाँ जानुभयो सम्भवतः लामकन्दमा। परिणाम के भयो भने नेपाल फर्किएपछि उहाँलाई प्रज्ञा-प्रतिष्ठानबाट हटाइयो। पाब्लो नेरुदाले पनि कयौं पटक बिनाराहादानीकै विदेश भ्रमण गरेका थिए।

कविहरूका अर्थात् सृजनशील लेखकका प्रेरणा स्रोत र आचारसंहिता कस्ता हुने गर्छन्? पाब्लो नेरुदाले स्पेन फ्रान्स भियतनाम हिन्दु, चीन र श्रीलङ्कामा आफ्नो देशको वाणिज्यदूत भई काम गर्दा मुग्ध भएर ती कविको पछिल्लाले क्रयौं नारीसित रतीविलासमा संलग्न रहने गरे। लक्ष्मीप्रसाद देवकोटा त्यस्ता समागमलाई हिन्दु विवाहपद्धतिले दाम्पत्य निम्ति विवाह मण्डपमा नै निर्धारण गरेको दाम्पत्य व्रतको आचारसंहिता भन्दा बाहिरको प्रवृत्ति भनी इन्कार गर्न गरे।

मेरो दृष्टिमा लक्ष्मीप्रसाद देवकोटा र पाब्लो नेरुदा दुवै बीच विश्वकवि तथा आ-आफ्ना देशका राष्ट्रीय निधि धुपमा तुलना गर्न मिल्दछ। देवकोटाले मुनामदन खण्डकाव्य लेखे। तिनको ध्यान मदनको घर रहेको काठमाडौं केन्द्रित थियो। अतः मदनका सम्पूर्ण जीवन व्यवहार नेपाली हुनुमा थियो। त्यस्तै पाब्लो नेरुदाका पात्रहरू चिलेका उत्कृष्ट नागरिक हुन्। तिनीहरू Islu Negra मा जन्मिछन् र त्यहींको पुस्तिस एसनको शिकार हुन्छन्। देवकोटा लोकतन्त्रवादी लेखक थिए। देवकोटाले सवत २००४ पछि नेपाली काङ्ग्रेसको पछि लागेर बाराणसीमा गए र सहरको एउटा घरको चिसो भुइँतलामा बसे गरे। नेपाली काङ्ग्रेसले विशेष वास्ता गरेन। पछि तिनीलाई डा. के आई सिंहको संयुक्त प्रजातन्त्र पार्टीले बलजफ्ती चिसारेर मन्त्री पदमा बहाल गऱ्यो। चिलेका पाब्लो नेरुदा सुरुमा आफ्नो देशको महाबाणिज्यदूत भए। पछि निजको अवसान हुने बेलातिर आयन्डे राष्ट्रपतिहुँदा नेरुदालाई पहिले त्यो सम्मान अर्पित गर्न चेष्टा गरिएको थियो।

हो, पाब्लो नेरुदा र लक्ष्मीप्रसाद देवकोटाबीच राजनीतिक शिष्टाचारमा भने ठूलो भेद रहेको बारे अनुमान गर्न सकिन्छ। राजनीतिक विचारधाराले रुस पुगेको बेलामा नेरुदालाई विशिष्ट रुची शिष्टमण्डलसँग चीन पठाइयो। त्यहाँ भिनियाँ पछाडे राजीभोजको टेबुलमा बसेकाहरू निम्ति कृष्टल

साहित्यमा आफूलाई अति उत्तार्न सक्छ व्यक्ति अति महान् हुन्छ। परमात्मा भन्दा पहिले आफूलाई चिन्नु पर्दछ। परमात्मदर्शन भन्दा पहिला आत्मदर्शन गर्नुपर्दछ। पहिलेका ठूला ठूला ऋषि मुनी र सन्तिहरू त्यसै हुनाले सबका सब मन्त्रद्रष्टा भए। उपनिषदका उपदेष्टा भए। रामायण महाभारतका प्रणेता भए। पछिलेघेर कोही जानेका व्यक्तिले समाज, सभ्यता, संस्कृति र सामाजिक जनजीवनबारे कोही लेख्दैन भने त्यो मानव भन्न लायक हुँदैन, अर्को अर्थमा पशु हुन्छ। गीतिकारले भनेका छन् -

साहित्य-सङ्गीत-कला-विहीनः
साक्षात् पशुः पुच्छ-विषाणहीनः।

यसै भावलाई देवकोटाले आफ्नै उदाहरण दिँदै उत्तमपुरुषको सहजामा भन्छन् - "मैले लेखे बानी नगरेको भए म बिल्कुल बेकम्मा गधा हुने थिएँ। कल्पनले मलाई विकास गरेर लग्यो र अलि अलि देश, काल परिस्थिति बुझ्दै आएँ।"

देवकोटा स्वतन्त्र लेख्छन्, स्वच्छन्द लेख्छन्, निर्मुक्त भएर लेख्छन्। उनी न त अलङ्कारको बन्धनमा बाँधिन चाहन्छन्, न त पारम्परिक छन्दको गृङ्खलामा जकडिन। फुनै व्यक्तिविशेषको शैली पछ्याएर वा अनुकरण गरेर होइन, आफ्नो विचारले आफ्नै स्वतःस्फूर्त भावलाई साँचोरूपमा प्रकाशन गर्नको निमित्त लेख्छन्। देवकोटा स्वयं भन्छन् - "शैलीमा विश्वास गर्नेहरूसित मेरो किन्नी मति छ कि-म यूनै शैलीका निमित्त लेख्दिनँ। लेख्छु, लेख्नका निमित्त। आफ्ना विचार र भावनालाई सकभर सच्चा प्रकाशनका निमित्त। म स्वयं तीनभाषाको छैन, तीनतीनाको अलङ्कार लेख्ने के भनूँ? अलङ्कार चन्द्रोदयका नियमानुसार कविता लेखी सिगारिएर राख्ने भन्ने सर्वोत्त अनुकरणबाट सौन्दर्य निकाल्ने मेरो निमित्त रद्दी लेखनदास हुन्।"

देवकोटा चराहरूको पहाडा भै प्राकृतिक लयमा लेख्न चाहन्छन्, राग र रागको रगडाईमा होइन। र-रागको रगडाईमा लेख्ने लेखनदासहरूलाई उनी कसरती उस्तादको संज्ञा दिन्छन्। उनी शरीरले होइन, हृदयको सच्चा भावले कविता सिँगार्न चाहन्छन्। उनी स्पष्ट भन्छन् - "म चाहन्छु हृदय। कविको छन्द भुसभुलाबट नहोस् न त रागणको औंसा गन्धाई। कवि बनोस्, जसरी चराहरू बोल्छन्, न कि बस्तादहरू कसरत गर्दछन्। हृदयले हृदयलाई बोलाओस् कवितामा, न कि आडम्बरलाई।"

कवितामा जबर्जस्ती छन्द ल्याउने होइन, छन्द स्वतः पछि पछि दौडिन्छ। उहिले सानोछँदा बाबुले लयसाथ आवृत्ति गरेका श्लोकहरू सुन्दासुन्दै देवकोटालाई आफै छन्द फुर्दथ्यो। हृदयले लय वा छन्द समातिसकेपछि पुनः बाहिरी छन्दको अभ्यास गर्नु रराग तगणमा रगडिनु उचित लाग्दैनथ्यो उनमाई। ती भन्छन् - "साच्चै मैले अभ्यासम्म रगण-तगणको भेद छुट्याउन सकेको छैन। जहाँ हृदयले छन्द पक्रेर टिपिसक्यो, उहाँ रगणको व्यायाम गर्नु साना जानिसकेपछि सुरहस्का निमित्त सा.रे.ग.म स्फल गर्नुतुल्य थियो। मीठो कविताको बीजी चराको भै साम्दथ्यो। तर चराको प्याँख मैले कहिल्यै गनिनँ। कल्पनामा सुर चढेपछि त्यसै अक्षर मिल्दा रहेछन्। तैरा छन्द र लय छन्दोमञ्जरी र सङ्गीतपरिचयमा छैनन्। देवकोटा एउटा कवितालाई यथार्थमा कविता भन्न आठ तत्व चाहिन्छ भन्छन्। ती हुन् -माधुकता, सूचनात्मकता, हृदयस्पर्शिता, नवीनआविष्कार, माधुर्य, प्रकाश, सजीवअनुभूति र हृदयस्पन्दन।

देवकोटाको लेखन कला यस्तो विचित्र खालको र फरक ढाँचाको थियो। उनी संस्कृत साहित्यका महाकवि भारविजस्तै भावको गहिराईमा प्रवेश गर्थे। बाहिरी औंसा गन्ने छन्द र अक्षर मिलाउने शब्दालङ्कारमा कहिल्यै अल्मलिँदैनथे। जसले यो कुरा ठान्यो, त्यसैले देवकोटालाई जान्यो।

१०४ अरनिकोमार्ग, बसिसपुतली,

आजभोलि कवि लेखकहरू लटरपटर गरी कविता वा गद्य फोरेर हत्तपत्त छपाउँदै रातारात प्रसिद्ध, प्रचारकार र उपन्यासकार बन्न खोजेको देखिन्छ । यति मात्र होइन, स्थानले भी तारीफका हुइयाँ-हुइयाँ गर्ने समूह बनाएर अभिनन्दन, सम्मान वा पुरस्कार थान्न खोज्छन् । यस खालका कवि लेखकहरूमा कविमता हुन्छ, भनाबटीपन हुन्छ । भित्रबाट निस्केको ज्योति हुँदैन । भलादमी कविले मान प्रतिष्ठा कमाएजस्तै छल-छाम जाल-झेल भ्रष्टाचार दुराचार गरी रातारात धन कमाएर धनी हुन खोज्छ । भलादमी हुनखोज्छ मान्छे । यस्ता दुर्वेखाले प्रवृत्तिका विरुद्ध छन् देवकोटा । उनी भन्छन् "तिमी प्रसिद्ध हुन हत्पताउँदैछौ । पैसाजस्तै नाम पनि सच्चा तवरले कमाउनुपर्दछ । रङ्गीचङ्गी भड्कले आउँछौ तिमी, हृदयमा आसन जमाउँदैनौ, आँखामात्र तिरमिराउँछौ । भित्र हेर्न छोडेर बाहिरको बिचार गर्नासाथ तिमी गल्तीको थोकेभलादमी बनिहाल्छौ ।"

लेखकको व्यक्तित्व भनौं वा साहित्यकारको आदर्श, त्यो आत्मसत्यको निरीक्षण हो । त्यसै आत्मसत्यको विकास गर्ने खालको साहित्य नै सच्चा साहित्य हो । देवकोटा भन्छन्- "आत्मसत्यको सच्चा निरीक्षण र विकास प्रयत्नबिना कोही लेखक व्यक्तित्व प्रारण गर्न सक्दैन ।"

रंग-रोगन गरेको बाहिरी भित्रको वस्तुमा कृत्रिमता हुन्छ । आडम्बर मात्र हुन्छ । जो गजिन्छ बढी, त्यो बसिँदैन भन्ने उखानै छ । कविताका थोकेअक्षर र आनुप्रासिक वा आलङ्कारिक शब्दमा मोहनी हुँदैन । त्यो छामेर छामिँदैन । त्यो कुनै एक शब्द वा एक पङ्क्तिमा हुँदैन । त्यो मोहनी त भित्री भावनामा हुन्छ, समग्रमा हुन्छ । पुतलीको किनी वा सौन्दर्य कहाँ छ ! र के मा छ भन्दा तिनको कुन अङ्ग बताउने ? त्यो त उनका समग्र शरीरमा हुन्छ । त्यसै काव्यको सुन्दरता अलङ्कारविशेष, छन्दोविशेष र रसविशेषमा मात्र होइन, समग्रमा नै हुन्छ । ध्वनिविज्ञानका पूर्वीय विद्वान् आनन्दवर्धन र पाश्चात्य विद्वान् पोपले उसैगरी आफ्ना अभिव्यक्ति दिएका छन् । तिनीहरू भन्छन् -"

प्रतीयमान पुनरन्यदेव
वस्त्वस्ति वाणीषु महाकवीनाम् ।
यत्तत्त्व सिद्धावयवातिरिक्तं विभाति
लावण्यमिवाङ्गनासु ॥ (आनन्दवर्धन)

In wit an nature, What affects our heart
Is not the exactness of peculiar parts;
'T is not a lip or eye, we beauty call
But the joint force and full result of all.
(पोप एस्से अन क्रिटिसिजम् ।)

त्यसै भएर त सीतासे झल्कलाकार टिकिने हीराको हार हनुमानजीलाई बडो स्नेहपूर्वक दिनुभयो । हनुमानले त्यसमा बाहिरी सुन्दरता देख्नुभयो आन्तरिक मोहनी देख्नुभएन । अनि त त्यो बहुमूल्य हीराको हार छिनासेर त्यसका प्रत्येक दानाहरू टोकेर फुटाल्दै हेर्दै फाल्दै गर्नुभयो । देवकोटाले त्यसै कुरालाई यसरी भन्छन् - " चीजहरू बाहिरी रोगन र झलमल झुप्ताले राम्रो हुँदैनन्, जस्तो हनुमानले हीराको मालासाई टोकी टोकी मिल्काएर रामजीलाई बिन्ती गरेथे रे - त्यो भित्रको-टुक्रामा त राम कहीं पाइन्न ।" त्यसै कलाको भक्तलाई भित्री मोहनी नभई झुनै चीज राम्रो लाग्दैन र थोके बाह्यकुराहरूमा केही सौन्दर्य पाउन सक्दैन, जो भित्रको भित्रको खोज्दछ ।

हो लेखू सजिलो छ लेख्नुपर्नाउनु गाह्रो । गर्नु सजिलो छ गरिपुऱ्याउनु गाह्रो । यसो भन्दैमा लेख्नै छोड्नुपर्छ हुँदैन । पढित, भावुक र विवेकी व्यक्तिले केही न केही लेख्नैपर्छ, चाहे त्यो कविता होस् वा कथा, गीत होस् वा निबन्ध, उपन्यास होस् वा नाटक । अरू केही नभए आत्मकथामै भए पनि आफूलाई र आफ्ना भावनालाई लगतमा पोख्नु नानी गर्नुपर्छ । लेख्नु भनेको आफूभित्रका विकृति र दुष्कृतिको विरेचन पनि हो, शुद्धीकरण पनि हो । मेरो विचारमा त साहित्य समाजको मात्र होइन आफ्नै पनि ऐना हो ।

जलासमा माउवाद नामक रक्सी खाएकाहरूसित गम्भीर बातां गरिरहेका थिए । त्यसैमा नेरुदालाई शङ्का लागेर चिनियाँ पलजाई ऋुक्याएर प्रधानमन्त्रीको मसाबाट रक्सी खाई हेरे । त्यसैबेला पुराना राष्ट्रपतिकी पत्नीले आफूले राष्ट्रपतिबाट पाएको चिनो जीँडी हराइछन् र छेउमा बसेका नेरुदामाथि शङ्का गरिछन् । त्यो चिनो आखिर ती नारीकै हेण्डब्यागमा रहेको बेला परेछ । यस्ता सानातिना घटनाहरूलाई पाब्लो नेरुदाले आफ्नो स्वजीवनीमा लेख्नु अशिष्टता हो भन्ने म ठान्छु । लक्ष्मीप्रसाद देवकोटा त्यस्ता विशाल राजनीतिक अवसरहरूमा कहिल्यै पर्न पाएनन् । काठमाडौंमा जन्मिएका थिए तिनी । तर संवत् २०१६ मा अर्थात् आजभन्दा ५० वर्ष पहिलेको काठमाडौंलाई प्रायः गाउँजस्तै त भन्नु पर्दथ्यो ।

काव्यरचनाको क्षेत्रमा भने ती दुवै लेखक बीच धेरै समानता पाइन्छ । हो, देवकोटाले नेपाली भाषालाई अपग्याल ठानी आफ्ना शैलीका नेपाली शब्द र व्याकरणलाई समेत नयाँ प्रयोगमा उतारेका थिए । नेरुदाको भाषा स्पेनिस थियो, जुन भाषामा उच्चस्तरका परिस्कारहरू गर्नाले नै भइसकेका थिए । नेरुदाले आफ्ना पात्रहरूको सृष्टि गर्दा चिले र चिलेका जनतालाई कहिल्यै बिर्सनन् । लक्ष्मीप्रसादले पनि मुनामदन खण्डकाव्य लेख्दाका पात्रहरू सम्पूर्ण भागमा नेपाली उच्चानटुङ्गामा नेपाली तथा पोशाक पहिरनमा नेपाली थिए, परन्तु देवकोटाका सबै रचनामा पाब्लो नेरुदाका भौं पात्रहरूमा समान र एकरूपता पाइँदैन । देवकोटाले आफ्नो विख्यात शाकुन्तल महाकाव्यलाई महाभारतको शाकुन्तल कथाको नयाँ पुनरावृत्ति मात्र गराए ।

त्यसै हुँदाहुँदै पनि तिनको SHAKUNTALA EPIC मा देवकोटाले वैदिककालीन आर्यव्यवहार आदिलाई बोकोन्याउनुका साथै शाकुन्तलाको समाजका चिन्तन र व्यवहारलाई पछिल्लो युग सहाउँदो देखाउने चेष्टा गरेका छन् । पाब्लो नेरुदाको सामुन्ने यस्तो स्थिति नै थिएन । दक्षिण अफ्रिकाको समाजमा सन् १५०० पछि युरोपबाट गएकाहरूको विचार व्यवहारले आदिम समाजका ठूलो परिवर्तन ल्याइसकेको थियो ।

यी दुवैका कवितामा काल विभाजन पनि स्पष्ट छन् । देवकोटाको कविता वैदिक युगबाट दुध्यन्तबाट सुरु हुन्छ भने नेरुदाको कविताका ईश्वी सन् १७९० पछिको दक्षिण अमेरिकाली युगबाट । मैले 'एकासाप' भनेको त समालोचकहरूले उपन्यासिका भनेका 'मेरी निलिमा' लाई त्यहीं चिले नामक देशको नेपालीभन्दा उन्नत गाउँकी नीलो रङ्गको आँखा भएकी नारी युवतीबारे मैले गरेको कल्पनाबाट जन्मिएकी केटी हो । एक रुसी लेखकले पाब्लो नेरुदाको चिलेको भ्रमण गरेपछि त्यो देशको गाउँकी एउटी नीलो आँखा भएकी, देशभक्त केटीको वर्णन गरेका छन् आफ्नो पुस्तकमा । पुस्तकमा पाब्लो नेरुदा छैनन् तर तिनको काव्यले पुस्तक भरी छापिएको छ । मेरो "मेरी निलिमा" मा त्यसैगरी लक्ष्मीप्रसाद देवकोटाको छाप सबैतर छ ।

देवकोटाले लेखेका SHAKUNTALA EPIC को प्रकाशन हुँदा (सन् १९४७-४८) मा त्यसको परिचय मेरा मनाई प्रकाशकहरूले भनेका थिए तर मैले लेखिन । किनभने देवकोटाको उच्चतम काव्यात्मक व्यक्तित्वको मूल्याङ्कन गर्ने साहस मभा त्यो समयमा थिएन । अहिले पनि त्यो काव्यसमता मभा छैन तथापि "दायित्व" का प्रकाशक पन्त्याकको आग्रहमा मैले यो सानो सम्झना र नेरुदाबीचको तुलनालाई प्रस्तुत गरेको छु ।

सम्वत् २०१६ को बर्षायामभा अर्बुद रोगद्वारा पीडित भई मरणासन्न अवस्थामा उहाँलाई आर्यघाटको पश्चिम कोठामा पुऱ्याइयो । मैले यात्रा पाएं र आफ्नी पत्नी मित्र र छयमेरा लिएर देवकोटा छैउ हेर्न पुगें । बिहानको घटना थियो । साँझ उहाँको अवसान भयो । उहाँको अन्तिम अवस्थाको तस्वीर खिचेको जस मैले पाइनं । बरुवि "हामा पिताको अन्तिम तस्वीर खिंची बेचेर मदतमणिले निकै पैसा कमायो" भन्ने प्रशंसा भने मैले बर्ष दिनसम्म सुन्नुपरेको थियो ।

❖❖❖

देवकोटाका अन्तिम दिनहरु

– हरि घेष्ट

२०५६ साल भाद्र ४ गते बिहान कोही अपरिचित व्यक्ति मेरो घर सोधै आयो । उसको हातमा एउटा चिठ्ठी पनि रहेछ । शान्तभवन अस्पतालबाट आएको हुँ भनी चिठ्ठी छोडी उ गइ पनि हालेछ ।

कोठाभित्र पसी मैले खाम च्यातें । टाइप गरी राखेको देवकोटाको पत्र रहेछ । देवकोटा शान्तभवन अस्पतालमा बसी उपचार गराइरहेका । त्यति पनि मैले कसरी थाहा पाउन नसकेको हुँला ? उनी लेख्न पनि असमर्थ भइसके ? मलाई त्यसबेला पुरानी झुरा भान्योंस सम्झना हुन थाल्यो ।

कही महिना अगाडि देवकोटाकहाँ 'तिनलाई सम्झेर' वने भूमिका लेखाइमाग पुगेको थिएँ, तर त्यहाँ उनको अवस्था देखा मलाई साढै बेचैन भयो । कोठामा बान्ता गरिराखेको फोहर थियो । मैले सोधें- "यहाँले कसको उपचार गराइराख्नुभएको छ ?"

" कविराज शिवनाथको ।"

"होइन, अब एक पटक डा. भरतराज वैद्यलाई देखाऊँ कि ?"

मेरो उसबेला डाक्टरहरूसँग उतिसाह्रो चिनापर्ची थिएन । मेरी मुमा बिरामी हुँदा डा. भरतराज वैद्यलाई नै देखाएकै थिएँ । अहिले पनि उनैको सम्झना मलाई भयो ।

"हुन्छ, तपाई नै बोलाएर ल्याउनुस् न ।" मलाई देवकोटाले भन्नुभए ।

'हुन्छ' भनी फर्कें । तर फिरुको द्विधाले मैले डाक्टरलाई बोलाएर सैजान सकिनँ । यो मेरो ठूलो भूल थियो । म केही दिन बेपत्ता नै भएँ- त्यो पनि साह्र-तेह्र दिन । आफ्नु भूल सम्झेर मलाई अहिले पछुताउ हुन्छ । एक बिहान रेडियो स्टेशन जानुअगाडि उनको घरमा पसें र सोधें "के डाक्टर देखाइसक्नु भयो ?"

"देखाइसकें, तपाईले भन्नुभएको डाक्टरलाई नै । तर उनले राम्री औषधी गर्नुभयो भने केही महिना बाँच्न सकिहाल्नु हुन्छ नि, किन चिन्ता लिनुहुन्छ भने । जिन्दगीको त्यति लामो समय बिताइसकें, अब केही महिना बाँच्नको लागि ठूलो तर्खर गर्दैछु । तर उनले यहाँ उपचार गर्ने होइन, भारत जानुपर्छ भनी सल्लाह दिए, त्यसैले आज म भारत जाँदैछु ।"

एकैछिनको कुराकानीपछि उनले एउटा पत्र लेख्न मलाई अह्राए । त्यो पत्र मैले नै लेखेको भए, तापति विवरण बिर्सिसकें । साथद, आर्थिक सहयोगको याचना थियो कि ?

त्यो पत्र लिएर तत्कालीन मन्त्री गणेशमानकहाँ जान कल्याण रेग्मीलाई उनले अह्राए तर त्यसबेला रेग्मी जान अनकनाए । देवकोटाले फेरि भने - "तपाई यो पत्र लिएर मन्त्रीजीकहाँ जानुभएन भने म आज जान पाउँदिन । एउटा टेक्सी लिनुस् र चाँडै जानुस् ।"

यसपछि रेग्मी जान तयार भए । म पनि रेडियो स्टेशन जान हिँडें ।

धेरै समय अगाडिको कुरा: मन्त्रीबाट हटेपछि 'मधुसूदनको साथ म देवकोटालाई भेट्न घर गएको थिएँ । उनी त्यसबेला हारमोन बजाइरहेका थिए । उनको स्वरमा कुनै मिठास थिएन । हारमोन बजाउन फुर्स देखेर नाचुक भै हाले । उनी मनमनै भन्न थाले-"अहा ! यी सुनका पहेंला भैंसा चाँदीका बुट्टाकाटेका चीज ! स्वर्गका फूल कहाँ फुल्छन् तोला भन्दै थिए । अब थाप्ने , फुल्दारहेछन् हाँडीमा ।"

देवकोटाको विचारमा काव्य प्राकृतिक देन हो, वरदान हो । त्यहाँ प्रकृति छ, निर्मिति छैन । त्यो छरावाट छरछर गर्दै समयरमा कलकल गर्ने बाग्मगङ्गाको जलझैं स्वतःस्फूर्त र स्वयं प्रस्फुटित भावात्मक अभिव्यक्ति हो । त्यहाँ बनावटी पन छैन कृत्रिमता छैन, व्याकरण का व्यायाम छैनन् र विद्वताको जलप छैन । देवकोटा स्वयं भन्छन् -

"कविले अम्बा खानु र वैयाकरणले अम्बा खानुमा धेरै फरक छ । लघु (सिद्धान्तकौमुदी) देखि शेखर (लघुशब्देन्दुशेखर) सम्म मोलिन भएको मगज, मूलबद्ध पोकल्ती स्मृति, अक्षरको चिप्याटलाग्दो नुमाले तिर्मिराएका आँखा, नियम बाहिर चल्न नसक्ने पखेटा कुँजिएको वैयाकरणी व्यक्तिलाई अम्बा खाँदा अम्बे हुन्छ, जस्तो बङ्गस्वर्यले कसै कविसँग भनेथे - "उसलाई तरसिस तरसिस मात्रै थियो, त्यसभन्दा ज्यादा केही थिएन । यता अम्बा, एउटा बौर्यादार पहेंलो, स्वस्थ फलेको, रातोकोठी लागेको झल्ली फलविशेष गुलियो-गुलियो चीज सिवाय केही हुँदैन । उता कविको कल्पनामा अम्बा अम्बा हुँदैन तर एक अमृतफल हुन्छ, जसमा सिर्जनाको सबै माधुर्य भरिएको छ ।"

कविता स्वतः स्फूर्त हुन्छ स्वभाव निःसृत हुन्छ भन्छन् देवकोटा । उनका समयमा उहिले शारदा पत्रिका प्रकाशित हुन्थ्यो । त्यसमा विभिन्न कविका कविताहरू छापिन्थे । त्यसका धेरैजसो कविताहरू परिश्रमसाथ लेखिएका हुन्थे । विवेकको कर्कल लाएर सुध्याइएका सुधारिएका हुन्थे, कृत्रिम हुन्थे । देवकोटालाई यसका बुद्धिव्यापारी कविता राम्रा लाग्दैनथे ।

देवकोटा एकपल्ट आसार पन्ध्र गतेको रोपाई हेर्न एकजना मित्रसाथ सहर बाहिर ग्रामीण क्षेत्रमा जान्छन् । त्यहाँको प्राकृतिक नैसर्गिक दृश्यमा उनी मन्त्रमुग्ध हुन्छन् । रोपानीहरूका ती स्वतःस्फूर्त गीति सम्वाद सुनेर आश्चर्यचकित भएका देवकोटा यस्तो उद्गार व्यक्त गर्दछन् - "यहाँ गाना थियो, कविता थियो । आशुकविहरूको कलम त्यति छिटो चल्न सक्दैनथ्यो जतिको यिनका जिह्वाकी सरस्वती । एकतर्फ प्रश्न उठ्थ्यो, अर्कोतर्फ तत्काल उचित जवाफ आउथ्यो, फेरि लयदार सुरिलो छन्दमा । यस्तो विदित हुन्थ्यो मानौं शारदाका कविताहरू त छन्दका कठिन क्रमरतामात्र हुन् ।"यहाँ अटूट प्रवाह थियो, भूल-भुलावट थियो, जो त्यस पीठकामा पाइने जमेका साह्रा टुकाहरूमा देखिन्न । तिनको आवाज सुन्दा त अलङ्कार अनुप्रास उपमाका बोझाहरू कविताका गलफन्द मात्र हुन् भन्ने लाग्दथ्यो । यिनमा त्यो सरल माधुर्य जो भावको भाषामा मात्र हुन्छ, विचारका भाषामा पाइन्न ।"

माथिका पङ्क्तिहरूद्वारा देवकोटा, काव्यमा विचारको भाषाभन्दा भावको भाषा हुनुपर्दछ भन्दछन् । विचारको भाषा कृत्रिम हुन्छ कठोर हुन्छ । त्यसमा स्वाभाविकता भन्दा बौद्धिकता बढी हुन्छ । देवकोटाया दृष्टिमा कविता बनाउने जुरा होइन त्यो त भित्रबाट निकाल्ने जुरा हो । त्यो बनाइँदैन, आफैं नै निस्कन्छ । उनी भन्छन् - "हामी कविता बनाउन चाहन्छौं, निकाल्न चाहँदैनौं । यिनीहरू बनाउँदैनन् निकैबाट निकाल्छन् । हाम्रो शब्दको चातुरी छ यिनको भावको माधुरी ।"

समाजमा जो मानिस बोके हुन्छ, त्यो भलादमी देखिन खोज्छ । त्यो बढी ठस्सा देखाउन खोज्छ । कृत्रिमतामा रमाउन खोज्छ । त्यस्ता बोकामा रमाउन खोज्नेलाई देवकोटा भलादमी भन्न रुचाउँदैन । कवि पनि कृत्रिमताजटित कविता कोरेर भलादमी हुन खोज्दछन् । देवकोटाकै शब्दमा हेरौं- "साहित्यको क्षेत्रमा पनि यस्ता भलादमी हुन्छन् । जब तिमी लोकप्रियता र देखावटमा लाग्दछौ, तिमी बोकोतेरुक बन्दछौ । विचार आत्मा हो, शब्द शरीर हो । अलङ्कारादि वस्त्र-भूषाहरू हुन् । जब तिमी शब्द र अलङ्कार पछि दगुर्छौ, तब तिमी साहित्यिक भलादमी बन्दछौ ।"

काव्यशैलीमा देवकोटा

✍ डा. बिष्णुराज आत्रेय

आदिकवि भानुभक्तले काव्यको उद्देश्य लोकको हित भनेका छन्- "लोकको गर्न हित भनी । "यस पङ्क्तिका प्रायः सबैजसो नेपाली कवि-लेखकहरूले त्यही उद्देश्यलाई स्वीकार गरेको प्रतीति हुन्छ । महाकवि देवकोटा पनि लोक र राष्ट्र कल्याणाय रचना गर्छन् । नेपाल राष्ट्रको उच्चता, व्यापकता, महनीयता र मनोहारितालाई आफ्नो वाणीगत शीघ्रवद्वारा विश्वभर फिजाउँन साहित्य लेख्छन् उनी । "देवकोटा स्वदेश र स्वराष्ट्रका लागि मात्र होइन, समस्त विश्वकै कल्याण र समृद्धिका लागि चिन्तनशील विशिष्ट साहित्यकार हुन् ।" यो कुरा रसियाली लेखिका आगानिनाले पनि व्यक्त गरेकी थिइन् । वाणीप्रति शीर्षकमा उनी भन्छन् -

बेहाल मेरा बाह्रा र टिङ्गा जङ्गल-जित्या
कविता बन्छन् शीर्षक मेरा गरीब-गुल्मा
कोही छ फोर्नु कोही छ कोर्नु कहीं छ सिञ्चन
राष्ट्रको क्षेत्र सम्याउनु पार्न युगलाइ रचन ।

साधारण व्यक्तिद्वारा आफ्नो अभिप्राय व्यक्त गर्न बोलिने वा लेखिने शब्द-गुच्छालाई काव्य भनिन्छ भने कुनै सहृदय कविव्यक्तिले आफ्नो आन्तरिक भाव अभिव्यक्त गर्न बोल्ने वा लेख्ने शब्द-गुच्छा हो काव्य । उदाहरणका लागि-एउटा कुशल मालीले फुलबारीका रङ्ग-लहराहरूलाई काँट-छाँट गरी मिलाएर र आकर्षक पारेर प्रस्तुत गरेजस्तै एउटा कविले हृदयबाट निस्कने भावलाई छाँट-छाँट साट-फेर गर्दै सरस र हृदयाह्लादक बनाएर प्रस्तुत गर्दछ भने त्यो कविकर्म हो काव्य हो । एउटा मखण्डी वा नजान्ने व्यक्तिले कुनै फुलबारीका हाँगा-बिगाहरूमा जथाभावी कैंची चमाएर मोचमुँच पारेर तिनलाई विकृत र विरूप बनाइदिन्छ भने त्यो अपि कर्म हो काव्य । यसरी कवि-कवि काव्य-काव्य र वाक्य एवं काव्यमा जस्तै साहर र राक्षस शब्दमा पनि व्यञ्जनवर्णको साट-फेर छ । संस्कृतमा साधारण व्यक्ति र कविव्यक्तिले एउटा सुकेको सिको रुख अगाडि छ भन्नु पर्दा कसरी आफ्ना भाव व्यक्त गर्छन् भन्ने कुराको उदाहरण यसरी दिइने गरेको छ

(१) शुष्कं वृक्षस्तिष्ठत्यग्रे ।
(२) नीरस-तरुरिह विलसति पुरतः ।

महाकवि देवकोटा पनि सामान्य व्यक्ति र सहृदय कविव्यक्तिले बोलेको कुरालाई यसरी उदाहरणद्वारा छुट्याउँछन् कल्पना लिखनमा - हामी 'सूर्य उदायो' भन्छौं । तर ज्यापू भन्छ - "स्वः स्वः भगवान् कस्टो सुन जस्टो भएर उठायो !" किलो र महीलाई कुकुलुक गास लाउँदै गरीब भन्छ - "भद्रा ! माहिँली ! आजको झुरीनी त के भन्नुपर्यो रे । स्वर्गको गाईको दूधबाट बनाएको जस्तो पी छ !" देवकोटाको विचारमा कविता लेख्न र सफल कवि बन्न सरस, सरस, सौन्दर्य बोध भएको भावुक व्यक्ति नए पुग्छ । यसका लागि ठेरै ठूलो विद्वान् र उपाधिधारी व्यक्ति चाहिँदैन । उनी भन्छन् - "कविको हृदय अगाडि दुइता बोन्दछ र पातमा जिभ्रा हुन्छन् । कलम, चरो भएर गीत गाउँछ । दर्शन दुइता, फूलभौं फुलेर ओठ हान्दछ भागो बोल्ने प्रयासमा ।"

एकदिन देवकोटा कसैका घर गएछन् । गरीब घरपट्टिनीले भहँको चितले थालमा भकैका फुलेफुल ल्याएर खाजा टकारिछन् । देवकोटा त्यो भकैमा छोडेर उनले त्यसबेला मलाई भने -"श्रेष्ठजी, मैले अढाइ वर्षमा असी हजार रूपैयाँ कमाएको थिएँ, तर त्यही साल मलाई आठ हजारको साहु लाग्यो ।"

मैले के के सम्झें, के के ! उक्त पत्रपछि के कसो भयो हेर्न आज पनि मैले निर्सेछु । भारतबाट फर्केर आई शान्तभवन अस्पतालमा भर्ना भएकोसम्म पनि मैले थाहा पाउन सकिनँ । त म आफ्नू कुनै घरायसी काममा अलमलिन पुगें कि ! यसै भन्न सकिएन । महाकवि देवकोटाको पत्र पढ्न थालें-

"हरे श्रेष्ठजी,

मेरी अगाडि मृत्युको भयङ्कर रूप खडा भइसक्नेछ । अहिले कृत्रिम शरीर धारण गर्दैछु । आकाशका तारा भण्डल छन खोज्छु, सकिनँ । मैले आफूलाई शान्ति दिन सकिनँ । म उठ्न सके आफैं पनि आत्महत्या गर्न थिएँ, अनि मेरा बालबच्चालाई पनि ... । म यस दुनियाँलाई बोझ र चिन्ता दिन चाहन्न । अस्पले मलाई बुद्धिजीवी भने तापनि म आफ्नो निमित्त मूर्ख भएँ, अन्धो भएँ । म त्यो अतितिर डम्कन खोज्छु, तर अन्धकारले मलाई भेलाइरहन्छ । म यो असह्य वेदना खप्न सकिनँ । पोटासियम साइनेड कसैले दिए म उसलाई आफ्नो जीवनको सच्चा साथी सम्झने थिएँ । म अपराधी हुँ, त्यसैले म अपराध मेट्न चाहन्छु । कसैले सके मेरा प्रकाशनका नाम पनि..... । म विलीन हुन चाहन्छु, मरुभूमिमा एक अलकण झैं । अब कसैले मलाई सचिनून् ।"

एक साथी
लक्ष्मीप्रसाद

भोलिपल्ट बिहान सबेरै म शान्तभवन अस्पताल आम हिँडें । बाटोमा देवकोटाका सम्बन्धमा अनेकौं सम्झनाहरू आइरहे । महाकविका भाइ मधुसूदन पनि रहेछौ नेपालमा अङ्ग्रेजी समाचार प्रसारक थिए । यही कारण उनी पनि मेरा निकटम मित्र हुन आए ।

रबसी खानुपर्ने मधुसूदन मेरा घरमा रातको एघार/बाह्र बजेसम्म पनि बसिरहन्थे । रबसी खाएपछि यथायथ गर्नुपर्ने उनको स्वभाव मेरो परिवारको लागि बोझिलो लगएको होइन । रबसी खाएपछि न जाने हुन्, न सुत्ने हुन्, न चुप लागेर बस्ने हुन् । कहिलेकाहीँ त घर पुग्न नसकेर बाटोमै लडिरहन्थे, मधुसूदनले समाचार लेख्ने दिनमा आधा तलब त चुरोटमा सिध्याउँथे । चुरोट खानेमा डाबुगन्धा कम थिएनन् मधुसूदन । तर फरक यति थियो लक्ष्मीप्रसादलाई जुनसुकै चुरोट भए पनि हुने, मधुसूदनलाई काइभेन नै चाहीने ।

एक साँझ मधुसूदनले प्रसङ्गवश मलाई भनेका थिए-२०१४ सालतिरको कुरा हो । महाकविको जीवनमा एकाएक विपत्ति आयो । शरीर गलेँ गयो । डा.सिद्धिमणिले यसरी रक्तक्षमन बढ्ता भयो भने त्यसलाई रोक्न यहाँ अहिले कुनै साधन छैन । त्यसैले भारत लैजानू वेस हुन्छ भनी सल्लाह दिएका थिए ।

महाकविको हातबाट एउटा निवेदन लेखियो । त्यो निवेदन मधुसूदनले दाजु लेखनाथद्वारा श्री ५ महेन्द्र सरकारसमक्ष चढाउन लगाए । हसमानमार्फत् निवेदन चढाएको तेस्रो दिनमा सैनिकसचिव शेरबहादुर मल्लले भारत पाँच हजार महाकविको निवासस्थल मैतीदेवीमा आएर प्रदान गरे । यो हल्ला तुरुन्तै चारैतिर फिजियो । मधुसूदन महाकविसँग सोध्न पुगेछन् "सरकारबाट रूपैयाँ कति बक्सेको हो ?"

मधुसूदनको पछिल्तिर बसी श्रीमती देवकोटाले दुई औंला ठड्याइन् । त्यसैले महाकविले मधुसूदनलाई दुई हजार बक्सेको हो भने । यसपछि मित्रताबकहाँ गई भएको वृतान्त बताउन थाले । त्यहाँ भान्जी माधवीसँग पचास रूपैयाको बाजी पऱ्यो । गायत्री दुई हजार होइन भन्ने, मधुसूदन दुई हजारमा अड्डी लिने भए । फेरि मधुसूदन महाकविसँग सोध्न गएछन् । कवाकविले मधुसूदनलाई

त्यसबेला यसरी प्रत्युत्तर दिएका थिए-"बल्यैले दुई औंला ठड्याएर्जाले मैले दुई हजारको अर्थ लगाएको हुं। यस्तोको त पाँच हजार हो।"

मधुसूदनले महाकविलाई उपचार गराउन विमानद्वारा कलकत्ता लगे। तत्कालीन भारतीय सान्स्कृतिक सहचारी शिवमङ्गल सुमनले दुइटा प्लेनको टिकट आफ्ने तर्फबाट सिर्इदिएर सहयोगको निमित्त विहलालाई पनि एउटा पत्र लेखिदिएका थिए।

समुनको पत्र देखाएपछि कलकत्ता अस्पतालको एउटा न्यायिल सुन्दरी खाली महाकविलाई गर्ना गरियो। मधुसूदन जनरल रामशमशेरको निवासस्थान अलिपुरमा एउटा कोठामा बस्न गए। अस्पताल भर्ना भएको छेकी दिनपछि क्यान्सरको अप्रेसन भयो।

मधुसूदनको भनाइ अनुसार कलकत्ता तैंजादा उनीसंग भारतीय रुपैयां १३५०।- मात्र थियो। अप्रेसन गर्दा बाँकि रहेको ४५०।- पनि चोरियो। बाकस खोली रुपैयां नदेखेपछि मधुसूदनले माथाबिसंग सोधे- "रुपैयां कसले चोऱ्यो ?"

महाकविकै आँखाअगाडि रुपैयां चोरिएको थियो, तर आँखाबाट आंसु झरालेर उनले केही भनेनन्। चोरीको घटना त्यहाँकी एउटी नर्सले देखिरहेकी थिइन्। नर्सद्वारा सबै कुरा थाहा भयो। महाकविले केही नभनी चोरेको त्यसै हेरिरहेका थिए। चोर्ने चोर आफ्नै सम्बन्धित हुन् भन्ने कुरा थाहा भयो। अब पैसाले हाहाकार पाऱ्यो। यस्ती समयमा काठमाडौंबाट मा.रु. १०००।- को मनीअर्डर आइपुग्यो। यो रुपैयां काठमाडौंका विद्यार्थीहरूले देवकोटाको निम्ति चन्दा मागी उठाएको रकम थियो। विद्यार्थीहरूले गोल्टिनबट्टामा मागी उठाएको यो चन्दाको रुपैयाले महाकविको विकट आर्थिक अवस्थामा ठूलो सहयोग गऱ्यो।

मधुसूदनले बनारस बसेका आफ्ना भानिज केशवचन्द्र गौतमलाई कलकत्तामा बोलाए। उनी तुरुन्तै आइपुगे। अप्रेसन गरिएका नवौं दिनमा महाकविलाई अस्पतालबाट डिस्चार्ज गरिएको थियो। डिस्चार्ज रोक्न भरमग्दुर प्रयास गरियो, तर रोक्न सकिएन। अस्पतालको चार्ज मा.रु. ८०००।- भन्दा कम थिएन। देवकोटाले यो ठूलो रकम तिर्न सकेनन्। अन्तमा यो रकम भारतीय राजदूतावासमार्फत् असुलगर्ने भनी पत्र लेखिएको।

नेपालका राजमाताहरूको सवारी मेट्रो सिनेमाहलमा भएको मधुसूदनले थाहा पाए। अनि केशवचन्द्र गौतमले सवारी साथ आएका ईश्वरीमान थेप्टको हातमा महाकविको निवेदन दिए। मा.रु. १००।- का दशवटा नोट राखिएको साथा नेपाली खाम लिएर गौतम फर्के। बिदाबाट मा.रु. ५००।- चन्दा पाए। यही रुपैयांबाट तिनुपर्नेलाई तिरतार गरी मधुसूदन बिरामी देवकोटालाई लिएर ट्रेनद्वारा काठमाडौं फर्केका थिए। यस्ती पुराना कुरा सम्झंदै म शान्तभवन अस्पतालमा पुगें।

शान्तभवन अस्पताल भित्र-बाहिर देवकोटालाई खोजें। यताउति सोधें, भित्र गएं। देवकोटालाई मैले चिन्न सकिनं। उनको शरीर हाड छाला मात्रको जर्जर भैसकेको रहेछ। अनि मैले चिन्ने पनि कसरी ?

"ओहो देवकोटाजी, मैले त चिन्नै नसकेको !" मैले अफसोसपूर्वक भनें। देवकोटा त्यसबेला न बोले न हांसे। हामी दुईजना एकछिन मौन रह्यौं।

"मलाई लपाई पोटासियम साइनेड न्याइदिन सक्नुहुन्छ ?" देवकोटाले भर्सग एक्कासि सोधे। म फेरि एकछिन चुप लागें।

"मलाई कसैले पोटासियम साइनेड अथवा कडा मर्फिया न्याइदिए, म उसलाई जीवनको सच्चा साथी सम्झने थिएं" देवकोटाले निरुत्साहित मुद्रामा भर्सग भने। पोटासियम साइनेड के चीज हो मलाई थाहा थिएन, तर मलाई आशङ्का भयो- यो पक्कान कुनै जगुभकारी वस्तु हुनुपर्छ।

"किन देवकोटाजी ?" मैले देवकोटासंग सोधें।

पाषाणमूर्तिको सट्टा जीवन्त मानवको आँसु पुछ्न सके वास्तविक धर्म गरेको ठहरिने कुरामा बल दिइएको छ। यही भावका कारण प्रस्तुत कवितामा विचारको उच्चता र चेतनाको प्रखरता समेटिएको पनि छ।

नरलाई नारायण मानेर पुन्नुपर्ने, मानवमा नै ईश्वरीय शक्ति अन्तर्निहित छ भन्ने कुरामा विचार पुऱ्याउनुपर्ने ईश्वरको असली दर्शनका लागि अन्तर्मुखी र समाजमुखी बन्नुपर्ने, मानवका आर्तपुकार सुन्नुपर्ने र मनुष्यधर्मको परिपालना हुनुपर्ने कुरामा कविले एक स्वरले, उत्तम उपमा तथा रूपकको प्रयोगद्वारा पर्याप्त कलात्मक सौन्दर्य भर्दै भावलाई कल्पनाको रंगमा डुबाएर विचारलाई सर्वोच्च स्थानमा राखी आकर्षक ढङ्गबाट जोड दिने काम गरेका छन्। यसमा कवि सच्चा धार्मिक, विशुद्ध मानवतावादी, आडम्बर विहीन व्यवहारवादी, समाजसुधारक, सांस्कृतिक पुनर्जारणवादी, क्रान्तिकारी, अन्धपरम्पराका विरोधी, स्वस्थ र सभ्य समाजका पक्षपाती, कल्पनाशील र उच्च विचारका धनी व्यक्तिका रूपमा देखिएका छन्। प्राकृतिक सौन्दर्यका प्रेमी कविको रूप पनि यसबाट स्पष्टरूपमा प्रकट हुन्छ। शब्दलाई ललितकलाका विभिन्न विधामा रूपान्तर गर्न सकिने किसिमले प्रयोग गर्नु र भावलाई पनि कलात्मक बनाउनु यसको अर्को बेजोड उपलब्धि हो।

राजनीतिक वाद वा विचारका साथै सत्ताही भावलाई अघि सारेर यस कवितामा महाकवि देवकोटा नास्तिक देखिने कुरा पनि उठाएका छन्, तर यथार्थ त्यस्तो होइन। कविले यसमा कहीं कतै पनि ईश्वरीय सत्तामाथि अविश्वास व्यक्त गरेका छैनन्। बरु ईश्वरप्रति गहिरो आस्था राख्ने, सच्चा ईश्वरको पूजा गर्ने, मनुष्यमा नै ईश्वरीय शक्ति रहेको देख्ने, ईश्वरले आफ्ना असङ्ख्य सिर्जनामध्ये मनुष्यलाई नै प्रतिनिधिका रूपमा छानेको कुरा बुझ्ने र अन्तर्मुखी बनेर ईश्वरको चिन्तन गर्ने विशिष्ट भक्त कवि देखिन्छन्। कवि यसमा पाखण्डविहीन परम्परा मान्ने, स्वच्छ संस्कृति मान्ने, निर्विकार सामाजिक व्यवहार मान्ने र वास्तविक ईश्वर मान्ने धर्मवादी, ईश्वरवादी, अध्यात्मवादी, प्रकृतिवादी, समाजवादी र मानवतावादी व्यक्ति देखिन्छन्। घोडा चढेर पशुपतिनाथको दर्शन गर्न जाने तीर्थयात्री झैंकान् कि आवश्यकताभन्दा बढी फूलअक्षता वा पूजासामाग्रीको झोको सरेर घरका सदस्यको खानपान वा भरणपोषणको समेत ख्याल नगरी फजुल खर्च गर्नुलाई नै धार्मिक भाव व्यक्त गर्नुको माध्यम बनाउने आफ्नै परिवारका जुनसुकै व्यक्तिको आनीबानी नै किन नहोऊन् ती सबैलाई देवकोटा आडम्बर भन्दछन् र धर्मका नामको विकृति भन्दछन्।

भ्रमपूर्ण र नितान्त असत्य कुरालाई नै सत्यतथ्य मानेर त्यसकै अनुगमनमा लिप्त रहेको जनसमुदायमा व्यक्ति विशेष वा परिवारविशेषलाई सम्झाउनु बुझाउनु र परिवर्तनको चाहना गर्नु मनैको अरण्यरोदनबाहेक अरू केही होइन। यो कुरा बुझेर समष्टिमा खास लोकलाई नै यथार्थ ज्ञान दिन र वास्तविक कुरा बोध गराउन कविले यस कविताको रचना गरेका हुन्। खास किसिमको परिवेश खास खास कुराका लागि अधिक उपयोगी वा बढी अनुकूल हुने गर्दछ। महाशिवरात्रीको पर्वको वातावरणबाट ज्यादा प्रभावित बनेका कविले मनभित्रका ईश्वरविषयक तरङ्ग यस कवितामा घनीभूत गरेर राखेका छन्, नेपाली सांस्कृतिक धरातलमा सुहाउने शैलीमा।

❖❖❖

पूर्णविश्वस्त छन् । उनका विचारमा मान्छेको शरीर नै मन्दिर हो र उसका अन्तर्मनमा निवास गर्ने आत्मा नै ईश्वर हो । त्यस्तो ईश्वररूपी मान्छेको काधमा चढेर देवदर्शनका लागि मन्दिर भनिने ठाउँमा जान् भनेको ईश्वरको काँधमा चढेर शून्य वा मारहीन तत्वको खोजीमा भौंतारिनु मात्र हो । त्यसैले सच्चा ईश्वरको दर्शन गर्न चाहने हो भने भोक, रोग, चिन्ता, पीडा, दुःख, कष्ट, यातना, मर्छा, गाली, साँघुरो, अन्याय, अत्याचार, विभेदमिथो, गरिबी, अभाव, दरिद्रता, हीनता, बाध्यता, विवशता जस्ता अनेकौं विसङ्गतिले घेरिएका मान्छेको रोदन मनेर समस्याको समाधान गर्नुपर्दछ । दुःख कष्टबाट निस्किएको करुण ध्वनि नै ईश्वरको भाषा हो । त्यो भाषा बुझेर पीडितहरूको सेवा गर्नु नै सच्चा धर्म हो । मन्दिरमा फूलपाति चढाएर धर्म भएको ठान्नु त अज्ञमन्दर हो, भ्रम हो र अज्ञानता हो ।

धर्म आर्जन गर्न मन्दिर चाहनैहुन्छ के कुरा बुझ्न आवश्यक छ भने हाडरूपी खाँबा, मनुष्यशरीररूपी भित्ता, मस्तिष्करूपी नुनको छाना र इन्द्रियरूपी ढोकाले युक्त भएको असाधारण कारिगरीबाट निर्मित मनुष्यशरीररूपी मन्दिर नै मान्छेरूपी वास्तविक देवता निवास गर्ने मन्दिर हो । त्यसैगरी शरीरका नसानसा र त्यसमा प्रवाह हुने रगतरूपी मन्दिर परिसरमा बग्ने नदी हो । ईश्वर र धर्मका बारेको यो गहिरो तत्व नबुझेर मन्दिर मन्दिर चढाई ईश्वर खोज्नु र फूलबक्सता चढाएर पूजाअर्चना गरी धर्म कमाएको ठान्नु भनेको कस्तूरी मृगले आफैंमा रहेको कस्तुरीको बास्ना बारे थाहा नपाएर घाँस सुंघ्दै कस्तुरीको खोजीमा भौंतारिनु जस्तै हो भन्दै असली धर्म पनि त्यही हो भनेर मार्गनिर्देश गर्दछन् । ईश्वर भनेको मनुष्य हो र दीन दुःखीको सेवा गरेर उनीहरूका समस्याको समाधान गर्नु नै वास्तविक धर्म हो भन्ने कुरा सङ्क्षेपमा कविले यसमा बताएका छन् ।

यठार पुराणका रचनाकार व्यासका भनाइको अन्तिम निष्कर्ष पुण्य भनेको परोपकार गर्नु र पाप भनेको परपीडा पुऱ्याउनु हो भनेभैं महाकवि देवकोटाले पनि यस कवितामा पीडित मनुष्यको सेवा नै सही अर्थमा धर्म भनेका छन् । यस कविताको समीक्षा गर्ने क्रममा समीक्षकहरूको लगभग मिलोजुलो अभिमत पाइन्छ । स्वयम् महाकवि देवकोटाप्रतिको साक्षात्कारबाट प्राप्त जानकारीको हवाला दिँदै केही समीक्षकहरूले यसको रहस्योद्घाटन गर्ने क्रममा आफ्नो भूमिका निभाएका छन् भने कहिले श्रुति पाठको गहिराई तथा विश्लेषणको अन्तर्वार्ता एवम् पुस्तकीय आधार पैल्याएर आ-आफ्ना बुझाइ पस्कने काम गरेका छन् । जनकलाल शर्मा, चूडामणि बन्धु, ईश्वर बराल, कुमारबहादुर जोशी, वासुदेव त्रिपाठी, दमाराम श्रेष्ठ, मोहनराज शर्मा, ज्ञाना शर्मा, रत्नाकार देवकोटा, केशवप्रसाद उपाध्याय, मोहन हिमांशु थापा, ठाकुर पराजुलीलगायतका अनेकौं समीक्षकहरूले विविध कोणबाट देवकोटा र 'यात्री' प्रतिको विचार व्यक्त गरेका छन् । यस लेखलाई पनि सोही क्रममा एउटा थप प्रयास भन्न सकिन्छ ।

अधिकतर समालोचकहरू देवकोटाले भने मुताबिक के कुरामा सहमत छन् भने एकजना दर्शनार्थी शिवरातीतका पशुपतिनाथको दर्शन गर्न घोडामा चढेर आएको देख्दा मनमनै छटपटाएका महाकवि देवकोटाको भावना प्रस्तुति कविताका माध्यमबाट मुखरित भएको हो । निश्चय नै यसमा धर्मान्धताको विरोध गरिएको छ । समाजसुधारको चेतनालाई सशक्त तुल्याइएको छ र मानवतावादी चिन्तनलाई महत्व दिइएको छ । साथै सजिलो भाव र सजिलै भाषामा नेपाली संस्कृतिमा रहेको अन्धपरम्पराप्रति असन्तोष व्यक्त गर्दै मानवीय सेवाको अनिवार्यतामा जोड दिइएको पनि छ । अझ कल्पनाशील बनेर कविद्वारा जीवनशून्य

थेप्ठजी, मलाई बेदनाले असह्य तुल्याइराखेको छ । बेचैन, छटपट, पीडा । तसर्थ यसरी कष्ट भोगे र बाँचिरहनुभन्दा मर मर्नु नै बेस हुने थियो । भला समाज र परिवारलाई भोक त हुँदैन कि ?"

"यहाँले पनि यस्तो कुरा गर्नु योग्य हुन्छ ? उपचार हुँदैछ । किन यसरी आत्तिनुभएको ?" मैले भनें ।

श्रीमती देवकोटा त्यति व्याकुलको एक छेउमा थिइन । म उनैको पलङमा टाँसिएर बिपाइमा बसिरहेको थिएँ ।

"थेप्ठजी, मैले जीवनमा ठूलो पाप गरें, ठूलो अपराध गरें ।" देवकोटाले आफ्ना दुवै आँखाबाट आँसु झारे । मैले भनें-"किन देवकोटाजी ! यसरी आँसु झार्नुपर्ने त कुनै कारण देखिन्न । बिरामी हुनु प्राकृतिक नियम हो । यहाँ, त्यही नियमभित्र अडिने पर्नुभाएको छ, त्यही नियमभित्र भोली म पनि त पर्ने सक्छु । किन यस्तो अधिर ?"

"तर मैले आफ्ना छोराछोरीको निम्ति केही गर्न सकिनँ ।"देवकोटाको आँसु बोलिरहेको थियो ।

"यहाँजस्तो व्यक्तित्वले पनि यसरी चिन्ता लिइरहने ? यहाँलाई म जस्तो मान्छेले पनि सम्झाइरहनुपर्ने हो र ? मैले केही बुझ्न सकिन, देवकोटाजी ।"

"तपाई एउटा काम गर्नुस् । कलम कागज लिनुस् । म भन्दै जान्छु, तपाई लेख्दै जानुस् ।"

"हुन्छ"

मैले कागज-कलम लिएँ । उनले विश्वेश्वरप्रसादलाई सम्बोधन गरी एउटा पत्र लेख्न लगाए । सम्पूर्ण विवरण अडिले मलाई सम्झना नभए पनि त्यो पत्रमा आर्थिक सहयोगको याचना थियो ।

"श्रेष्ठजी, तपाई यो पत्र लिएर विश्वेश्वरप्रसादकहाँ जानुस् ।" देवकोटाले मलाई अड्काए ।

"देवकोटाजी, म गइहाल्छु नि । यहाँको निम्ति एउटा चिठ्ठी लिएर जानलाई पनि गाह्रो मानूँला त ? म अहिले रेडियो स्टेशनमा जाँदैछु । उताबाट फर्केर कोइरालाकहाँ जान्छु । आज क्रीमरी भेट हुन सकेन भनें भोलि यसको दुइगुणा लगाएर आउने छु ।"

देवकोटालाई मैले नमस्कार गरिनँ, मैले यसभन्दा अगाडि पनि छोरियै देवकोटालाई नमस्कार गरेको थिइनँ । नमस्कार गर्ने मेरा हात किन उठ्दैनथे, मलाई थाहा छैन । मैले देवकोटालाई आफ्नु ज्यानै नजिकको पाएको थिएँ, शायद यसैले ही कि ? देवकोटाको पत्र लिएर भोलिपल्ट बिहान त्रिपुरेश्वर गेष्टहाउससम्म गएँ । त्यहाँ कोइरालालाई दिन उक्त पत्र भुवनदत्तको हातमा दिएँ । दिउँसो मन्त्रालयमा आउनू भन्ने जवाफ पाएँ । मन्त्रालय गएँ । मलाई त्रिभु भोलाइएन । कुनै आर्थिक सहयोग पनि पाउन सकिनँ । भोलिपल्ट बिहान फेरि गेष्टहाउसमै गएँ । परिणाम राम्रो निस्केन । केवल तीनसय रुपैयाँ पाउने आश्वासन दिइयो । त्यति पनि भोलिपल्ट मात्र पाउन सक्ने ।

एक अपराहन म देवकोटालाई भेट्न अस्पताल गएँ । त्यहाँ जाँदा अडिले पनि उनको खाटनिरको एउटा चिपाई खाली रहिरहेको देखें । म त्यही चिपाईमा बसें । डा. मिलरले एकजना बिरामीको सम्बन्धमा पोखेको गुनासोलाई लिएर देवकोटा मलाई भन्न थाले-"काठमाडौंका एकजना धनी व्यक्तिलाई यसै अस्पतालमा केही समय अगाडि डा. मिलरले ढेलको सफल अपरेसन गरेका थिए । यो अपरेसन काठमाडौंमा सायद पहिलो प्रयोग थियो । केही दिनपछि बिरामी ठीक भयो । बिरामीलाई डिस्चार्ज गर्ने बेला आयो । फीस तिर्नुपर्ना भनेर उनी राती भगुवालघाट निस्केर भागेछन्, धन्यवादसम्म पनि नदिएर । त्यसरी भागेकोमा डा. मिलरले बढी चित्त दुखाएर मलाई भनेथे ।"

"देवकोटाले फेरि भने-"कमसेकम धन्यवादसम्म त दिएर जानुपर्ने थियो । नेपालीहरूको नैतिकतालाई नै गिराइदियो त्यो मान्छेले । कस्तो अफसोस !"

"मैले यस्तो एउटा कथा सुनेको थिएँ, देवकोटाजी" मैले भनें-"ब्रम्हाजीलाई के रहर चढ्छ कुनै आफ्नो सृष्टिका अनुपम गुण तथा सौन्दर्यलाई बटुलेर एउटा महान् जीवनको रचना गर्न खोजेछन् । तर निष्कर्षमा उल्टो, सबभन्दा महा कुरूप उँटको सृजना हुन पुगेछ । त्यस्तै ब्रह्माजीको रहर न हो -नैतिकता, उपकार, सहयोग, स्नेह, सद्भाव आदिले परिपूर्ण भएको मान्छे सृजना गर्न पुगेको हुनुपर्छ यही धर्तीमा, एउटा दृष्टान्त प्रस्तुत गर्न । तर यसको ठीक विपरीतको मान्छे सृजना भयो-नेपालीहरूको यावत् क्रियाकलापसँग मेल नखाने । ब्रह्माजी पनि त्यो मान्छे त्यसरी राती भागेको देखेर तिस्सिए होलान् ।

देवकोटा हाँसे, मेरो उक्ति सुनेर । शायद, उनले हाँस्न पनि बिर्सिसकेका थिए । जे होस्, देवकोटा हाँसे यसै धर्तीमा । यो हाँसो उनको अन्तिम थियो । देवकोटालाई मनोरञ्जन गर्न म पनि एकछिन हाँसें । मैले फेरि देवकोटालाई भनें-"कहिलेकाहीं हामी एकथोक बनाउन खोज्छौं, तर हुन आज्ञ बन्छ । कहिलेकाहीं मान्छेको चित्र लेख्ने इच्छा गर्छौं, तर कोर्न पुगिन्छ अर्को ।"

देवकोटा फेरि हाँसे । एकछिन भए पनि देवकोटाले आफ्नू अन्तर्वेदना बिर्सेको हुनुपर्छ त्यसबेला । मलाई धस्तै लाग्यो ।

"देवकोटालाई कस्तो छ ?" एक साँझ रेडियो स्टेशनबाट शान्तभवन अस्पतालमा फोन गरें ।

"उनलाई आर्यघाट लगिसकिएको एकैछिन भयो ।" मैले अचाक्क पाएँ ।

समाचार पढ्न सिध्याई पशुपति जान हिँडें । अबेर भइसकेको थियो । बनकालीको नङ्गर, बाटो, सुनसान थियो । बस्न आर्यघाट पुगें । त्यहाँ मताउति खोजें, देवकोटालाई भाउन सकिनँ । जयबारेश्वरतिर फेरि फर्के । देवकोटालाई हरिकुञ्जमा लगेर राखेको कुरा एकजना अपरिचित व्यक्तिबाट थाहा पाएँ । अनि म हरिकुञ्जभित्र पसें । सानी हिँडी, खाटमा टुकुक्क बसिरहेका देवकोटालाई मैले देखें ।

मलाई त्यसबेला देवकोटा पाटमा त्याइएका बिरामी जस्ता लागेनन् । एउटा लाल्टिन धिमधिम बलिरहेको थियो । गोलिलो सिरक ढकना केही थिएन । एउटा गरीब परिवार बसाई सर्न आएजस्तो मलाई लाग्यो । तीन/चारजना अपरिचित व्यक्ति थिए । देवकोटाको त्यो भव्य व्यक्तित्व, भव्य शरीर कहाँ लुक्यो ? कहाँ गयो ? कङ्कसल शरीर, विकृत चेहरा, के यही देवकोटा हो ? म उसबेला बोल्न सकिनँ । चुप लागेर उनैको खाटमुनि बसें । आफ्नू मनमा उब्जेको पीडालाई दबाएँ । तर देवकोटाको क्रन्दन त्यसबेला पनि बोलिरहेको थियो ।

'आवसाव ती झिलमिली टार्चको तारहरूलाई छुन खोज्छु सकिनँ, प्रयास गर्छु सब विफल हुन्छ ...।'

देवकोटाले त्यसबेला के के भने मेरो सानो मस्तिष्कले बुझ्न सकेन । त्यो ओजपूर्ण शब्दको अर्थ कसरी लगाउन सक्थें र ? चुप लागें केवल । व्यथा त मैले छिमाइराखेको थिएँ । एकछिनपछि घरानका गणेशमान श्रेष्ठ त्यहाँ आइपुगे । उनले आर्थिक सहयोग दिलाउने आश्वासन दिए, तर पाउन सकेको मलाई विश्वास छैन ।

भोलिपल्ट बिहान म फेरि त्यही हरिकुञ्जमा गएँ । चार/पाँचजना सिवाय त्यहाँ कोही थिएनन् । देवकोटाको खाट सुन्तिर बसें । मृत्युको घडी गनिरहेका देवकोटाको मुख हेरें । उनको मनोदशा विचार गरें । एक छिनपछि मैले देवकोटालाई आफूले उनको सम्बन्धमा रचेका कविता सुनाउने इच्छा व्यक्त गरें ।

देवकोटाले म प्रति स्नेह गरेर सुन्न चाहेपछि मैले १४५ पङ्क्तिको गद्य कविता सुनाएँ ।

देवकोटालाई पशुपति हरिकुञ्जबाट तीन दिनपछि फेरि शान्तभवन अस्पतालमा फर्काएर लगियो । उनलाई उपचार गर्ने डा. मिस्टर ज्यादै उदारहृदय तथा सेवाभावनाले प्रेरित व्यक्ति थिए । त्यसमाथि पनि उनको देवकोटाप्रति विशेष सद्भाव बस्न गएकोले रोगको सम्बन्धमा पनि देवकोटालाई उनले कुनै कुरा छिपाउन चाहेनन् । पशुपति हरिकुञ्जबाट

'यात्री' कविताका यप कुरा

प्रा. डा. जयराज पन्त

विक्रमीय सम्वत् १९९८ मा 'शारदा' ७२ मा प्रकाशित भएको 'यात्री' कविताले महाकवि लक्ष्मीप्रसाद देवकोटालाई वैचारिक तथा काव्यिक परिपाकको उँचाइमा स्थापित गर्ने काममा सघाउ पुऱ्याएको हो । यसको प्रकाशनबाट नेपाली समाजको परम्परागत धार्मिक चिन्तन र आध्यात्मिक मान्यतामाथि प्रश्नचिह्न पनि गम्भीररूपमा उठेको हो । त्यसो त यस कविताका जति नै संस्करण प्रकाशित भए पनि, जति नै समीक्षा जति नै अध्येताहरूबाट भए पनि, यसलाई दृश्यरूप, चित्ररूप, गेयरूप वा अभिनेय रूपमा परिवर्तित गरेर यप प्रभावकारी बनाउन जरूरी नै प्रस्तुत गरिए पनि मूर्तिपूजापद्धतिको नेपाली लोकविश्वासलाई खासै असर आएको देखिँदैन र जरूरी पनि मन्दिर पुगेर त्यहाँ स्थापित मूर्तिमा परम्परागत चलन अनुसार पूजा गर्ने चलनमा पनि खासै कमी आएको देखिँदैन । त्यति भएर पनि यस कविताको गायन, पठन, श्रवण, यसको सन्देशप्राप्तिको आकर्षणमा भने सामान्यदेखि विशिष्ट प्राज्ञिक स्तरका जनसमुदाय यथेष्ट मात्रामा लाँटठएकै देखिन्छन् । यसको प्रकाशनको लगभग सात दशक समय व्यतित भइसक्दा पनि नयाँ र नित्य नयाँ रचनाका रूपमा यसले लोकप्रियता हासिल गरिरहेकै छ ।

आफ्नो रुचाएको, सोचेको र राम्रो हो भन्ने लागेको बाटोमा हिँड्न आफैं अन्कनाएर्झै 'यात्री' कवितामा अधिक पाठकहरू यसको सन्देश त असाध्यै मन पराउँछन् । तर त्यसको अवलम्बनमा भने इमानदार हुन, हिम्मत गर्न र अग्रसर बनेर स्वयम् उदाहरणीय हुनचाहिँ डराउँछन् । त्यसैको परिणामस्वरूप यो कविता व्यक्तिगत अभिरुचिको छनोटमा सर्वोच्च स्थानमा राख्नेहरूले समेत परम्परागत व्यवहार अनुसार जरूरी भए पनि मन्दिरमा गएको र यथेष्ट खर्च गरेर किनिएको पूजासामग्री चढाएको देखिन्छ । गोठिरिएर हेर्ने नै हो भने यसका रचनाकार स्वयम् देवकोटा पनि सम्पूर्ण रूपमा यस कविताले दिएको सन्देशअनुसारको बाटो हिँड्न समर्थ रहेका देखिँदैनन् । चाहेको जस्तो बाटोमा हिँड्न नसक्नु एकातिर लाचारी हो भने अकातिर व्यवहारिक बन्नु वा सामाजिक व्यक्ति बन्नुको बाध्यता पनि हो । स्वयम् हिँड्न नसके पनि चाहँदाचाहँदै हिँड्न नसक्नेहरूको जमात ठूलै भेला पार्न समर्थ भए पनि चलमचल्तीको रिवाजमा यसले तर्कपूर्ण प्रश्न भने जनसमक्ष खडा गरेकै हो । त्यही प्रश्न यसको गुडी पनि हो ।

'यात्री' कविताको मुख्य प्राप्ति भनेको मानवतावादी सन्देश प्रवाह गर्नु हो । ईश्वर यथेष्ट धन खर्च गरेर निर्माण गरिएको मन्दिरको गर्भगृहमा विधिवत् स्थापना गरिएको मूर्तिमा होइन, दैनन्दिन जीवनमा हिँड्ने, डुल्ने, खाने, पिउने, हाँस्ने, रुने, नाच्ने, गाउने, सुखदुःखको अनुभव गर्ने र अघेरो यदा कदा चीत्कार गर्ने मनुष्य जातिका मर्मभित्रको पवित्र सिंहासनमा बस्ने गर्दछन् भन्ने कुरामा कवि

आगन्तुक शब्द हुन् । उनले यहाँ प्रयोग गरेका ऐँचालाना ठिङ्गुरा, पान्डियी, भाँच, बत्तीसेदन्तेजस्ता शब्दले जनजिब्रोका शब्दप्रतिको उनको मोहलाई भान्सबढ्छन् भने यहीँ प्रयुक्त चन्द्राहत (चन्द आहत) जस्तो तत्सेलालाई चन्द्राकार बनाइ लोप्या खुबाइएको अवस्था बुझाउने शब्द सजिनै अर्थ्याउन गाह्रो पर्छ । यसरी नै 'निश्वास' शब्दलाई उनले 'निशास' बनाएर नेपालीकरण गर्न खोजेको र नामधातुबाट क्रिया विशेषण बनाउने प्रक्रियालाई व्यापकता दिन खोजेको कुरा 'पचिएर', 'भर्मिएर', 'झल्लिएर' तथा 'बल्लिएर' को प्रयोगबाट देखिन्छ । टुकाहरूको प्रयोगमा पनि उनको विशेष रुची रहेको कुरा उनले प्रयोग गरेका लाल लाल आँखाका डल्ला, बत्तीसवन्ते बह्मरा, भँगेराटाउके छापा, मिथ्याका मन्च चढेका काला नटुवा, काँचै निर्नू भँ, रौं ठाडा हुनु, आगाका लप्काले भँ हेर्नु आदि टुकाबाट थाहा हुन्छ । उनले वाक्यगत र अर्थगत विचलनबाट पनि कवितालाई प्रभावोत्पादक बनाउने प्रयत्न गरेका छन् । ' म बोल्दछु तिनसँग, जस्तो बोल्दछन् ती मसँग' लाई व्याकरणगत सङ्गीत मिलाउँदा 'जस्तो ती मसँग बोल्दछन्, म (त्यस्तो) तिनसँग बोल्दछु' हुन जान्छ । देवकोटाले भने व्याकरणलाई नपछ्याई अघिल्तो खालको प्रयोग गरेका छन् । शब्दलाई देख्ने, दृश्यलाई सुन्ने, वास्नालाई स्वाद लिने र आकाशभन्दा पातला कुरालाई छुने देवकोटा अर्थगत विचलनतिर पनि तानिएका पाइन्छन् । त्यसैले उनको गणितमा एकबाट एक भिन्दा पनि एकै बाँकी रहन्छ । भावले भिजेको विलक्षण तार्किकता पनि देवकोटाको प्रस्तुत कविताको शैलीगत विशेषता बनेको छ । यसका साथै व्यापक मात्रामा सम्बोधन चिह्नको प्रयोग र उद्धरणमा अरूको भनाइ राख्ने प्रचारनलाई पनि यहाँ अँगालिएको छ ।

४. निष्कर्ष

स्वच्छन्दतावादको शिखर स्पर्श गरिसकेका र प्रगतिशीलतातिर आकर्षित रहेका देवकोटाको 'पागल' कविता उनको कवितायात्राको नवीन मोडको द्योतन गर्ने कविता हो । यसले स्पष्टत उनी नेपाली समाजको अग्रगतिका निम्ति छटपटाइरहेको अवस्थालाई प्रस्तुत गरेको छ । प्रतिभाको पहिचान गरी यथोचित सम्मान दिनुको साटो उनलाई पागल तुल्याउने प्रयत्न भएको, जनतालाई मुक्ति दिनाको साटो नेता नै कुबाटोतिर लागेको, बलियाले निर्बललाई सताएको अनि तपस्याका नाममा ढोंग गरिएको देखेपछि रम्भिएका देवकोटाले परिवर्तनको उत्कट अभिलाषा यहाँ व्यक्त गरेका छन् । सामाजिक जागरणका किरण छर्दै र नवीन मूल्य मान्यता स्थापित गर्दै अघि बढ्ने युगीन विचार बोकेका देवकोटाको प्रतिभा र शिल्पद्वारा परिपोषित यो कविता नेपाली साहित्यको विशिष्ट प्राप्ति हो । देवकोटाले नेपाली प्रगतिशील साहित्यमा गरेको योगदानका दृष्टिले पनि यसको आफ्नै प्रकारको महत्त्व रहेको छ ।

सन्दर्भ कृतिसूची

अवस्थी महादेव (२०४७), लक्ष्मीप्रसाद देवकोटाका जीवनी र कृतित्वको अन्तः सम्बन्धको विवेचना, काठमाडौं, एकता प्रकाशन ।

आचार्य, भागवत (२०५३), कविता सिद्धान्त र नेपाली कविता एवम् निबन्ध, काठमाडौं, नवीन प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४६), लक्ष्मी कवितासङ्ग्रह, चौथो संस्करण, ललितपुर, साझा प्रकाशन

पथित, मोदनाथ (२०४७), वैचारिक विकासको सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा, तेस्रो संस्करण, काठमाडौं, गुरिला प्रकाशन ।

❖❖❖

देवकोटालाई फर्कांएर लगेको रात चार पाँच बोतल मलाइन र औषधी दिएका थिए ।

म हरिकुञ्जबाट फर्कांएर लगेको मोलिपस्ट बिहान समेरै शान्तभवन अस्पताल पुगें । त्यहाँ पुग्दा त देवकोटाको रूप फेरिसकेको । जीउमा पनि धेरै फूर्ति तथा उत्साह भरिएको पाएँ । म पुग्दा उनले मस्को हस्पिटलबाट उपचारको लागि मर्ना हुन अङ्ग्रेजीमा एउटा लामो चिठ्ठी आफ्नै हातले लेखिरहेका र प्रायः सकौं लागेका थिए । म देवकोटाको सिटमुनि बिछाइमा बसें । त्यसैबेला श्रीमती देवकोटाले आएर भनिन्-"एकजना बाहुन पनि यहाँबाट साथै लिएर जानुपर्ला, तीन सिटको माग गरी लेख्नुस् ।"

"किन र बज्यै ?" देवकोटाले आफ्नी श्रीमतीलाई प्यार भरेको शब्दमा सोधे ।

"कम्युनिष्ट मुलुकमा कहीं केही भयो भने नि ... !"

श्रीमती देवकोटाका जस्ता कुरा सुनेर मलाई कस्तो कस्तो बेमजाका लाग्यो । तर देवकोटा नरम भएर बज्यैलाई यो सम्झाउन लागे ।

"कम्युनिष्टहरू पनि के मान्छे नै होइनन् र बज्यै ? मान्छेले मान्छेलाई छोएर पनि कहीं अगति हुन्छ ?"

श्रीमती देवकोटा चुप लागिन् । आह देवकोटा ! यस्तो अवस्थामा पनि यो महानता ! यो धैर्य ! धन्य तिम्रो विचार !" मैले मनमनै नमस्कार गरें ।

देवकोटा, तिमीजस्तै अरू पनि यो धरतीमा जन्मेका भए धरतीको स्वरूप नै बदलिने थियो । तिमी त शरदकालीन रातमा पूर्णचन्द्र झैं एक्लिएर घुमिरहेका छौ । तिम्रो विचार तथा भावनाअनुरूप अरू कोही जन्मन्छ कि पर्छ, अझैले मर्न नखोज । मृत्युलाई जसरी भए पनि ठेलिराख साहस गरेर । देवकोटा, अझैले मर्न नखोज । बाँच, जसरी भए पनि ।

उनको जीवनमा बाँच्ने प्रबल इच्छा भएको सायद यही एकघटक हो कि ! एक अक्षर लेख्न पनि हात उभ्याइसकेको देवकोटाले मस्को हस्पिटलबाट त्यति लामो चिठ्ठी लेख्न सकेको, अचम्म छ । तर के होस्, हिजो आर्यघाट लगेका देवकोटाचाहिँ अवश्य होइनन् । यी देवकोटा अर्कै हुन्, अर्कै ।

"खेप्ठजी एउटा अर्को कागज ल्याउनुस् त ।" देवकोटाले भनेर मैले पनि कागज अगाडि राखिदिएँ । उनलाई त्यति लामो चिठ्ठी लेखिसकेर पनि थकाइलागेको थिएन । त्यसैले म भन्दैछु यी हिजोका देवकोटा होइनन्-तथाइ विश्वास मान्नुस् ।

पहिले उनले नेपालीमा एउटा कविता लेखे-



यसपछि विश्वामै नलिइकन अङ्ग्रेजी कविता लेख्न शुरु गरे-

Life is the richest feast for man here born,
With all the richest Viands, served for sense;
The Sky Solazulite Studded with gems,
The Sun for day shedding congenial light
The moon illuming soft this lovely vale;
The mountains blue the verdant hills, the green,
The finest work of nature's arts of colour,
The Kaleidoscopic fancy and the mind of man;
Society, friendship, work, philosophy,
And all the fine immortal arts and poetry,
But when does death with grim jaws stares at you,

Your mind, your heart, your being sensitive,
All conflagrate with a contrary felling,
As burning and as full of torture as you have,
Lived rich intense in just the same proportion,
Contrarily, then all things burn you saw you realized
Your ideal still never attained; your soul,
A fish a live in a boiling cauldron and the sky,
With its wide dome kissing the horizon
Becomes for you a prison roof; and you
Find that this world material is all poison,
God is the only consolation, your last stay.

L.P.Devkota

देवकोटाका धरौटीको रूपमा रहेका यी दुई कवितासिवाय मसंग अरू कुनै कविता छैनन् । मैले चाहेको भए स्वस्थ अवस्थामा जति भने पनि लिन नसकेको होइन, तर मैले लिइनँ । न वसको निम्ति मैले उनलाई कहिल्यै अनुरोध नै गरें । न प्रयास नै गरें । मैले उनलाई कहिल्यै व्यक्तिगत स्वार्थको निम्ति तकलिफ दिए भै मलाई लाग्दैन । केवल एकपटक उनलाई लिएर, बालकृष्ण समकहाँ गएको थिएँ-मेरो व्यक्तिगत कामना ।

यी पनि त्यस्तै सजोग पर्न गयो । यति नगरेको भए मधुसूदनले मलाई बिगार्ने थिए । पछि मधुसूदनले मलाई भनेका थिए-"तपाईंले मेरा दाजु, लक्ष्मीप्रसादको नाम लिनुभयो, म चुप लागें । त्यसबेला तपाईंलाई मैले चिन्न पाएको थिइनँ ।"

पछि मधुसूदनसंग पनि मेरो घनिष्टता बढ्दै गयो । यद्यपि मधुसूदन पनि सर्वतोमुखी प्रतिभा नभएका व्यक्ति थिएनन्, तर उनलाई पनि यही दाल भात झुकुँ समस्याले पिरिरहेको हुन्थ्यो ।

एक दिनपछि म यी दुवै कविता लिएर गएँ । नयाँ समाजका सम्पादक बालमुकुन्दलाई महाकविको स्वास्थ्यसम्बन्धी समाचार दिन अनुरोध गरें । बालमुकुन्दले पनि यी दुईवटा कवितासहित स्वास्थ्यसम्बन्धी समाचार प्रकाशमा ल्याइदिए ।

समाचार प्रकाशनपछि महाकविप्रति के विद्यार्थी, के बुद्धिजीवी सबैको सहानुभूति उनीर आयो । साहित्यकार, कविहरू पनि त्यहाँ भेला हुन थाले । मानिसको घुइँचो बढ्दै गयो । महाकविप्रति जनताको स्नेह आस्था अचम्मले बढ्यो । उसबेला फाइनेंस सरकारले हाल्ला धिङको पैठारी गर्न खोजेको थियो । त्यसको विरोधमा जनता डटिरहेका थिए । अघ जनताको त्यो मोह देवकोटाप्रति आस्थाको रूपमा बदलिन थाल्यो । केही दिनपछि श्री ५ बड़ामहारानी राज्यलक्ष्मी देवी शाहबाट पाँच हजार बसेंको कुरा सुनें । मैले तीन दिनपछि शान्तभवन अस्पतालमा श्रीमती बजैसंग सोधें"बसेको रुपैया के गर्नुभयो बज्यै ?"

"यताउति तिरतार गरें, पाँच हजार रुपैयाँ के बाँकी रहन्छ र बाबु" बज्यैले मलाई जवाफ दिइन् ।

म चुप लागें । मनमा लागेको थियो-बस्तो अवस्थामा हतारिएर तिरतार गर्नुपर्ने कुनै कारण देखिनँ । यद्यपि साहु नै लागेको नए पनि के बिलेथियो र, बस्तो सङ्कटको समयमा ।

राजसंस्था-बुद्धिजीवी, विद्यार्थी तथा जनताको आस्था, सहयोग आदि हुँदाहुँदै पर्ना देवकोटाले निकै दुःख पाए ?

यहाँ एउटा बस्तो छेकबार पनि खड़ा भयो, जसबाट देवकोटा एकिएर बसेको हामीलाई अनुभव हुन्छ । त्यो छेकबार के हो त ?

देवकोटासम्बन्धी समाचार प्रकाश भएको केही दिन पनि बिल्न नपाउँदै एक साँझ रेडियो स्टेशनमा महाकविका भाइ गोपीमाधवको फोन आयो-'देवकोटाले लेखेको कविता फर्कंदिनु पर्‍यो ।'

"किन र ?" अचम्म लाग्यो र मैले फोनद्वारा सोधें ।

"कवितामा व्यापार गर्ने होइन ।" गोपीमाधवले कड़केर मलाई हप्पारे ।

मैले तात्पर्य केही बुझ्न सकिनँ । मलाई असह्य भयो । मैले पनि त्यसलेला कड़केर जवाफ दिएँ-"म तपाईंका दाजुको कविताको व्यापार गर्ने व्यापारी होइन, तपाईंले मलाई के सम्झनुभएको छ ? कवितामा मैले व्यापार गरेको तपाईंले कसरी थाहा पाउनुभयो ? अनि के सूबले मलाई यो आरोप लगाउनुभएको ? म भोलि बिहान त्यो कविता

समालोचित- कोमलाकार पाषण, चाँदनीमा,
स्वर्गको जादुगनी मलिर हाँस्दा !

प्रतीक प्रयोगका क्रममा देवकोटाले यहाँ अप्रस्तुतको व्यञ्जकताका निम्ति विभिन्न प्रयोग गरेका छन् । स्वर्गको जादुगनी, चकोर-फूल, समयको तुसारो, चन्द्राहल, स्वर्गाग्नि घोर, तुफान घुप मृगलाई खान आँटिको बाघ, साना माछालाई खान आँटिको ठूलो माछा आदि उनका त्यस्ता प्रयोग हुन् । यी प्रतीकमा विभिन्न कुराहाई सङ्केतित र ध्वनित गर्दै कवितालाई व्यञ्जनायुक्त तुल्याएका छन् ।

प्रस्तुत कवितामा कविले बिम्बहरूको प्रयोगद्वारा काव्यिक उचाइ उठाउने काम गरेका छन् । यहाँ पुराना र नयाँ अनेक बिम्बहरू प्रयुक्त छन् । पूर्वीय र पाश्चात्य मिथकहरूका साथै जीवन जगत् र प्रकृतिका विभिन्न क्षेत्र चहारेर 'पागल' लाई बिम्बयुक्त तुल्याइएको छ । गर्गनका सर्पकेश भै जिस्क्याइएका रौं, भीमसेनका जस्ता कड़कड़ाउने दाँत, दधीचिका मस्याएका हाड़को जस्तो आत्मबल, गोल भै राला राला, बिमाग बड़वानल भै बालु, गौरस रसनाको रड्डीको नाचरूपी निर्लज्ज नैतृत्व दुनियाँका अगुवाका रूपमा रहेका अन्धा, भगुवा गुफातपस्वी आदि अनेक बिम्बहरू यहाँ विद्यमान छन् । प्रस्तुत अर्थकर सहबर्ती वा सहापरक रूपमा बिम्बले कवितामा स्वाद भर्न निकै सघाउ पुऱ्याएका छन् ।

३.४ कथनकला

आत्मपरक मन्थन शिर्जनामा विशेष रुची राख्ने देवकोटा स्वयम् 'पागल' कवितामा 'म' पात्रका रूपमा उपस्थित भएका छन् र 'तिमी' का रूपमा अरूलाई सम्बोधन गर्दै आफ्ना भनाइ र दृष्टिकोण प्रस्तुत गरेका छन् । त्यसैले प्रथमपुरुष दृष्टिबिन्दुमा यो कविता लेखिएको छ । व्यञ्जना र शैचपेक्ष दुवैलाई बुझाउने व्यहरयता दुवै अर्थलाई यहाँ सार्थक तुल्याइएको छ । आफूलाई 'पागल' को संज्ञा दिनेहरूको बाध्य नै बन्द गराउने खालको व्यङ्ग्यात्मक प्रहार एकातिर र मनलाई विशेष आनन्दित तुल्याउने किसिमको व्यञ्जन पस्कने व्यञ्जनायुक्त खुराक अर्कातिर प्रदान गरेर कविले आफ्नो विशिष्ट कथनकलाको परिचय यहाँ दिएका छन् । गिसेली पुराकथाका गर्गन, स्वर्गाग्नि घोरदेखि पूर्वकी शास्त्रकार भीमसेन, दधीचि र तुफानपुञ्जका प्रसङ्गलाई गाँसेर आफ्नो अभिव्यक्तिलाई उनले सशक्त तुल्याएका छन् । आफ्नो भावमय प्रवाहमा साधुको गलाधन, निमुखामाथिको शोषण र खराब नेतृत्वको आलोचनाजस्तो दर्शन र राजनीतिसंग सम्बन्धित विषयलाई जोड़ने रसायन देवकोटाको कथनकलाले प्राप्त गरेको छ । आख्यानका सबाना कूर्पका रूपमा उनले आफ्ना बानीबेहोरा, आफ्ना जीवनमा र मुलुकमा घटेका घटना तथा उनले गरेको प्रतिवादलाई यहाँ समोजित गरेका छन् । त्यसैले फुटकर कविताको भावप्रधानता छोडाछोड़ै पनि रमरम आख्यानको अनुभूति यस कविताको कथनकलाको एक उल्लेख्य पक्ष हो ।

३.५ भाषाशैली

देवकोटाको आफ्नै प्रकारको काव्यभाषा छ र प्रस्तुत गद्य कवितामा पनि उनले त्यसको प्रयोग गरेका छन् । त्यसै अनुसार यस कवितामा उनले तद्भव शब्दहरूका साथै उल्लेख्य मात्रामा तत्सम शब्दको प्रयोग गरेका छन् । चाँदनी, सपना, पहाड़, फलाम, बाघ, कान, सन्के, बहुला, बसीस, साथी, मासु आदि तद्भव शब्द यहाँ प्रयुक्त छन् भने बड़वानल, नाचाल, पागल, कोकिल, महापण्डित, महामूर्ख, पाषाण, कोमलाकार, उन्नति, अवनति, गणित, सूत्र, भयङ्करजस्ता तत्सम शब्दहरू पनि यहाँ प्रयोग गरिएका छन् । यी शब्दहरू बोधगम्य नै छन् । उनले यस कवितामा अङ्ग्रेजी आगन्तुक शब्द प्रयोग नगरे पनि अरबी फारसी आगन्तुक शब्दको केही मात्रामा प्रयोग गरेका छन् । आसमान, नचाय, खून, बुढुग, नसा, दुनियाँ, तुफान, दिमाग, मगज आदि यहाँ प्रयुक्त अरबी फारसी स्रोतका

बुझ्न नसक्ने व्यक्ति, फर्कियच्युत नेता, होंगी महात्मा, अन्यायी शासक आदि कोही पनि सई मान्छे नभएको र तिनको नन्दा भिन्न बाटो हिंड्दा पागल झल्लाउनुपरेको कुरा पत्यारिलो ढङ्गले यहाँ सिद्ध गरिएको छ। कवितामा अनुच्छेदहरू पङ्क्ति सङ्ख्याका दृष्टिले असमान भए पनि तिनको उठान, सन्दर्भ सयोजन र वैठानका दृष्टिले प्रभावपरक छन् र अनुगूँजको प्रवाह नखलभजिने गरी अभिव्यक्तिलाई विस्तार गर्दै हरेक अनुच्छेदलाई 'यस्तै छ मेरो हाल' पङ्क्तिले टुङ्गयाइएको छ। देवकोटा आवेग, सवेग र भावको बेलगाम घोडदौडमा पनि उनी यहाँ आन्तरिक र बाह्य संरचनालाई कब्जाउन र नेपाली साहित्यलाई एक सुन्दर सिर्जना सुम्पन सक्षम भएका छन्।

३.२ लय विधान

महाकवि देवकोटाले यस कवितामा सोकछन्द र शास्त्रीय छन्दको मार्गलाई गद्यजाती गद्य लय वा स्वच्छ छन्दलाई चयन गरेका छन्। 'यस्तै छ मेरो हाल' को हरेक अनुच्छेदको आवृत्ति एवं त्यससँग अन्त्यानुप्रास मिलाउन प्रयोग गरिएका छ्यान', 'पागल', 'बाचाल', 'साल', 'वाल', 'लाल' आदि शब्दको समझन्यात्मकताले कविताको लय सिर्जनामा विशेष योगदान गरेको पाइन्छ। यसरी नै कविताका आदि, मध्य र अन्त्यमा पनि स्वर, व्यञ्जन र शब्दका समानान्तरताले कवितालाई लयात्मक र श्रुतिमधुर तुल्याएको पाइन्छ। यस्ता केही उदाहरण यहाँ प्रस्तुत छन्:-

या हुँला मै ऐँघाताना
या हुँला मै दिवाना
साथी ! मै दिवाना !

+ + +

मैले नबाबको मदिरालाई खून भनेको छु
छिमेकी रण्डीलाई खास भनेको छु।
राजालाई गरिब,
सिकन्दरलाई मैले गाली दिएको छु
महात्मा भन्दाको निन्दा गरेको छु।

माथिका पङ्क्तिहरूमा 'या हुँला मै' वाक्यांश 'जाना' एकै छ र 'लाई' शब्द शब्दांश दोहोरिनाले विशेष प्रकारको लय उत्पन्न भएको पाइन्छ। यसै कवितामा 'म सपनालाई समाल खोज्दछु' मा 'स' वर्णको र 'जस्तो तिमी, त्यो चिसो, मिठो अक्षर काटेको' 'पान्डिकोको बाटुलो सत्यलाई' मा 'ओ' वर्णको आवृत्ति भए भैं यसैका अन्य पङ्क्तिमा पनि समान अनुप्रासको आवृत्ति विद्यमान छ। नेपाली गद्य कविताका उत्कृष्ट नमुनाहरूमध्ये एक मानिने यस कवितामा देवकोटाको लय चेतना पनि उत्तिकै समृद्ध छ।

३.३ अलङ्कार, बिम्ब र प्रतीक योजना

'पागल' मा देवकोटाको अलङ्कार, बिम्ब र प्रतीकका माध्यमबाट अभिव्यक्तिलाई रसिलो र चमत्कारपूर्ण तुल्याएका छन्। शब्दालङ्कारका साथै अर्थालङ्कारको पनि उनले यहाँ प्रयोग गरेका छन्। अनुप्रासमय शब्दालङ्कारको विषयमा माथि ३.२ मा विभिन्न उदाहरण प्रस्तुत गरिसकिएका छन्। अर्थालङ्कारका रूपमा यहाँ उपमा, रूपक, अतिशयोक्ति, समासोक्ति, व्यतिरेक आदि विभिन्न आलङ्कारिक प्रयोग भएका छन्। तिनका केही उदाहरण तल प्रस्तुत छन्:-

उपमा– तब तुन्द्रान् ठाडा मेरा रौं, रौं गगनका सर्प केश भौं, मेरा निस्स्वाइएका रौं, रौं।

रूपक– म सुन्दर-चकोर, असुन्दर-फोर ! कोमल-क्रूर चिड़िया, स्वर्गान्तिर तुफान पुत्र।

अतिशयोक्ति:–म शब्दलाई देख्दछु दृश्यलाई सुन्दछु वास्नालाई स्वाद लिन्छु आकाशभन्दा पातला छुरालाई छुन्छु।

व्यतिरेक– तिम्रो महापण्डित, मेरो महामूर्ख तिम्रो स्वर्ग, मेरो नरक तिम्रो सुख, मेरो फलाम साथी ! तिम्रो धर्म, मेरो पाप।

फर्काउन आउने छ। मलाई त्यो कविता चाहिएको पनि छैन। म कविता लिन आइरहेको पनि होइन।"

भीसिपुट बिहान सबैरै शान्तनवन अस्पताल पुगें। उनी बाहिर उभिइरहेका थिए। मैंले भनें- "लौ, कविता लिनुस्, यही कविताको निम्ति होइन तपाई अनाहकमा कहकनु भएको ? फेरि तपाईले कविता फिर्ता लिएको छैन भन्नुहोला। मलाई त भरपाई चाहिन्छ।"

मसँग केही नबोली गोपीमाधव क्याबिनभित्र गए। उनका साथमा दुईजना अपरिचित व्यक्ति पनि थिए। साथद, उनकै भान्जा हुन् कि ? गोपीमाधवलाई रक्तचापको रोग थियो कि ? मन यसरी कहकनुपर्ने कुनै कारण थिएन। म पनि उनको पछि लागें। देवकोटाको ढेडमा बस्न पुगें, त्यहाँ एउटा विमाइ त छँदै थियो। मैले भनें- "देवकोटाजी, मैले एउटा ठुलो भूल गर्न पुगें। ती कविता यहीले मलाई दिनुभएको भन्ठानेको थिएँ, तर होइन रोछ।"

"त्यसो होइन श्रेष्ठजी, प्रतिलिपि राख्नलाई माथ तपाईसँग मागेको हो।"

"खै त, उहाँले मलाई के के भनी लान्छना पनि लगाउनुभयो।" म देवकोटासँग भन्दै थिएँ।

त्यसबेला गोपीमाधव त्यही क्याबिनको अर्को छेउको सिटमा बसी कापीमा कविता सार्दै थिए। गोपीमाधवलाई सम्बोधन गरी म पनि कहकिन्सकेको थिएँ-"मैले महाकविको हातबाट केही फाइदा उठाउनु थियो भने मन्त्री भएको समयमा आउने थिएँ हुँला। लौ, सोध्नुस् देवकोटा यहीं नै हुनुहुन्छ। म त्यसबेला उहाँको ढोकाको त कुरै नगरौं, उहाँले घरको आसपासको जग्गामा पनि कब्जा भएको छैन। सोध्नुस्, तपाईंको दाजु यही हुनुहुन्छ। मैले उहाँबाट के कति फाइदा उठाउने काम गर्न खोजें ? अथवा यो पनि सोध्नुस्, मेरो व्यक्तिगत फाइदा हुने काममा मैले के कति अनुरोध गरेको थिएँ।"

यतिकैमा प्रतिलिपि सारिसकेपछि ती दुवै कविता महाकविको अगाडि गोपीमाधवले राख्न ल्याए।

"श्रेष्ठजी, लिनुस्। यी कविता तपाईलाई स्नेहपूर्वक दिइसकेको, न रिसाउनुस्।" देवकोटाले मलाई नम्र भिजासले भने।

"मलाई अनाहकमा लान्छना लगाइएका कविता चाहिएन देवकोटाजी।"मैले फेरि लिन अस्वीकार गर्दै भनें। नजिकै श्रीमती देवकोटा पनि थिइन्।

"श्रेष्ठजी, यसरी नरिसाउनुस् न। यी कविता त मैले तपाईलाई दिइसकेकै थिएँ, केवल प्रतिलिपि राख्नलाई माथ उनले तपाईसँग मागेका हुन्, लिनुस्।"

तैपनि मैले ती कविता लिइनँ। गोपीमाधव चुप थिए। उनलाई त्यसबेला चुइक्कसम्म पनि बोल्ने साहस आएन। उनलाई पनि पछुताउ लागेको थियो होला। मन उनी एक्ला शब्द भए पनि बोल्न त सकुनुपर्ने थियो। कविता मैले लिंदै लिइनँ। आखिर देवकोटाले आँखाबाट आँसु काढ्दै रोएर भने-"श्रेष्ठजी, तपाईले यस्तो अवस्थामा मलाई अपमान गर्नुभयो, यिनै स्नेहवश प्रदान गरेको रचनालाई स्वीकार नगरेर।"

देवकोटाको आँखा आँसुले भरिएका थिए। मैले उनका आँसु देखें। मैले जीवनमा उनको आँखामा आँसु कहिल्यै देखेको थिइनँ। जस्तोसुकै दुःखमा पनि उनले यसरी आँसु खसालेको मलाई थाहा छैन। उनको अन्तरकरणमा ज्यादै चोट परेको मलाई अनुभव भयो। अनि म कविता लिएँ र फर्किहालें, केही नबोली।

यसपछि देवकोटाको अन्तिम दर्शन पशुपति आर्यघाटमा पाएँ। त्यहाँ भेला भएका मानिसहरूमा एकतमासको बेचैन थियो। महाकविले आफूलाई अन्तिम भेटघाट गर्न आउने सबैसँग दसऔंला जोड्दै क्षमा माँगिरहेका थिए। साथद, उनको अन्तर्भावना माँगिरहेको थियो।

जन्में म यी स्वर्ग विषे पस्ताएँ
आखीर भै खाक त्यसै बिलाएँ।

देवकोटाले फेरि एक पटक सबैसँग हात जोड्दै भने-"बिदा दिनुस्, मलाई बिदा.... ।

(साभार-अतीतका स्मृतिबाट)

महाकवि देवकोटा स्वर्गमा

© फणीन्द्रराज घेताला

केही पीतले- वि.सं. २०१६ भदौ २९ गते सोमबार महाकवि लक्ष्मीप्रसाद देवकोटाजीको स्वर्गवास भयो । उहाँको सम्झनामा एउटा एकाङ्की लेखी तात्पर्यलीन कल्पना दैनिक पत्रिकामा दिएको थिएं । उक्त एकाङ्की २०१६ असोज १२ गते सोमबारको अङ्कमा छापिएको थियो । त्यसको नाम मैले 'स्वर्गमा देवकोटाजी' भन्ने राखेकोमा सम्पादकको कलमले 'भानुभक्त र देवकोटाजी' भन्ने बनाएर प्रकाशित भएको थियो । धेरै लामो समयको अन्तरालपछि अर्थात् पचास वर्षपछि खोजी गर्दा अत्यन्तमा साहित्यिक अन्वेषक शिव रेग्मीको अनुक्रमाले मैले अघिल्लो भाग पाउन सकें । बाँकी उहाँले पनि भेट्नसक्नु भएन । मैले उक्त अधिल्लो भागलाई आधार लिई 'महाकवि देवकोटा स्वर्गमा' शीर्षक दिएर देवकोटा शतवार्षिकी अवसरमा दायित्व साहित्यिक पत्रिकामा प्रकाशित गराएको छु । प्रकाशित गरिदिएकोमा उक्त पत्रिकाका सम्पादक रामप्रसाद घन्टान्मूलाई धन्यवाद दिन्छु ।

नाटकका पात्र-

(क) आदिकवि भानुभक्त आचार्य
(ख) महाकवि लक्ष्मीप्रसाद देवकोटा
(ग) गुरुकवि मोतीराम भट्ट,
(घ) आशुकवि शम्भुप्रसाद उद्दगोम
(ङ) साहित्यमणिणी चक्रपाणि चालिसे,

स्थान- यहाँका हामी पृथ्वीवासीले कल्पना गरेको स्वर्ग वा अनन्तलोकको गेपाली बस्तीको एक भाग

समय- त्यहाँको वा उक्तलोकको समयसारिणी अनुसारको अपराह्नको पैसो भाग ।

यदा कुन्ता देखिने एउटा कोठाको दृश्यमा, साधारण तर त्यो गेपाली पुरानो पाराकै छ । कोठा साम्नो मेकल अलि ठुलै छ र सजावट पनि पुराने खालको छ । यति बेला एक्ला भानुभक्त भुई सोइयानको गोलो बालिष्टामा अडेस लाएर बसेका छन् । उनी दाहिने हातका औंला अघाएर बेकी गन्दै छन् । एकछिन यस्तै राम्रो, अलिपर मोतीराम भट्ट छन् ।

भानु- (अन्य मनस्कतामा) मोती,वाबु मोती ! !
(नजिकै बसिरहेका मोतीराम भट्ट तन्द्राबाट सजगहुँदै)

मोती- आज्ञा गरु ?

भानु- होइन, भता केही दिनदेखि हाम्रा अन्य कविजीहरूको दर्शन पाएको छैन । शम्भुप्रसादजी पनि आउनुभएन । कि भनै जानु भा' को छ ?

मोती- मैले पनि भेटेको छैन ।

भानु- आफ्ना बन्धुहरूलाई बराबर नभेट्दा र नदेख्दा अलि न्यासो लाग्छ र कुनै बेला त अलि उकुसमुकुस पनि हुँदोरहेछ । आज मलाई त्यस्तै भैरहेको छ ।

मोती- भरोतिर म भेटेर सुरुको आज्ञा सुनाउँला नि । अहिले नै केको चिन्ता !

भानु- कुरा चिन्ताको होइन, कुरा जिज्ञासा शान्त गर्ने मात्रै हो । देखेझाले फेरि देख्नु र नदेखेका र कुरा सुनेर मात्र देख्ने खोजनुमा धेरै अन्तर छ । तर शम्भुप्रसादजीको सारमा त्यो कुरा चाहिँ भनेको होइन । केही दिनदेखि देखिएन् र ।

उनको विचार स्वच्छन्दवादी भावुकतासँग घनिष्ट रहेको पुष्टि हुन्छ । यद्यपि उनी क्रमशः प्रगतिशीलतातिर आफ्ना पाइला सम्काइरहेका छन् । प्रगतिवादी मान्यताले प्रभुत्व र रहस्यमय ठानेर कतिपय कुरालाप्रतिको उनको मोहभङ्ग भइनसके पनि समाजको रूपान्तरण र कविताको सौन्दर्यप्रति उनी झुकेका देखिन्छन् ।

२.२.६ प्रकृति चित्रण

प्रकृति चित्रणमा हुरुक्क हुने देवकोटाको प्रकृतिलाइ 'पागल' कविताभा पनि देख सकिन्छ । उनले यस कवितामा आकाश, पहाड, जल किनार, छाम्र, तारा, वसन्त, ऊन्दी, तुसारो, तुफान, आगो, बडवानल, चट्टान, ज्वालामुखी, डुङ्गा, गुफा, चाँदनी, सुन, हीरा, फलाम, बाघ, मृग, कोइली, बकोर आदि अनेक प्राकृतिक वस्तु र जीवजन्तुलाई उपस्थित गराएका छन् । उनी गइगा किनारका चिप्ला बुङ्गा, त्यहाँ उठ्ने सुन्दर पानीका फोका देखेर पागल भैं नउठिएका छन् र प्रकृतिकै भाषामा छालसँग कुरा गरेको दावी गर्छन् । उनी गुलाफको फूलमा हेर्नेन र पद्मिनीलाई फेला पारेको अनुभव गर्छन् । प्रकृतिलाई आत्मसात् गर्ने क्रममा कतै उनी टोलाएका छन् भने कतै आँसु झार्ने पुरोहित छन् । यसै क्रममा कतै उनी नाचिरहेका र कतै उडिरहेका पनि भेटिन्छन् । उनी जीवनजगत्मा अनर्थ देखा कतै मुरमुरिएका, कतै आगो र बडवानल भनि कतै तुफानपुञ्ज पनि बन्न पुगेका भेटिन्छन् । प्रकृतिको शान्त र बाह्लादकारी रूपको माथ नभएर महाकारी र उग्ररूपको पनि चित्रण गरेर 'पागल' कवितालाई सशक्त र जीवन्त तुल्याउने प्रयत्न देवकोटाले गरेका छन् । प्रकृति चित्रणका क्रममा उनी तलका शब्दावलीमा असरी बोल्छन्:-

जब जल किनारका जल चिप्ला ती
कोमलान्वर पाषाण,
चाँदनीमा,
स्वर्गको जादुगनी मदिर हाँस्दा,

पखिएर, नाँचिएर, झलिएर,
बोलिएर उठ्दछन् मूक पागल भैं
फूल भैं एक किसिमका चकोर फूल !
म लोन्दछु, तिनसँग, जस्तो बोल्दछन् ती मसँग
एक भाषा, साथी !

\+ + +

बडवानल भैं बडवानल भैं
म वनस्थाने आगो भैं बहुला हुन्छु ।

स्वच्छन्दतावादी देवकोटा प्रकृतिको मन्मय चित्रणमा कति लम्पिस छन् भन्ने कुरा उपर्युक्त पङ्क्तिहरूमा देखिन्छ । उनले आफ्नो क्रान्तिकारी अभिव्यक्तिका निम्ति पनि प्रकृतिको यथेष्ट उपयोग गरेका छन् । प्रकृतिको शान्तरूपको चित्रण पहिलो श्लोकमा विद्यमान छ भने उग्ररूपको उपस्थिति दोस्रो श्लोकमा पाइन्छ ।

३. रूपगत विशेषता

देवकोटाको 'पागल' कविताको अन्तर्वस्तु यसको रूप पक्षबाट पनि उज्यालिएको छ । यसका संरचना, लय विधान, अलङ्कार बिम्ब र प्रतीक योजना, कथनकला एवम् भाषा प्रयोगका विशेषताले यसलाई शक्ति प्रदान गरेका छन् । रूपपक्षका यी विशेषताबारे अलग अलग शीर्षकमा विवेचना गर्नु उपयुक्त हुनेछ ।

३.१ संरचना

'पागल' कविता दुई पङ्क्तिदेखि अठ्ठचालीस पङ्क्तिसम्मका सात अनुच्छेदमा विभाजित लघु कविता हो । पङ्क्तिहरूमा एक शब्ददेखि सात शब्दसम्म विन्यस्त छन् । दुई जबर (पा-गल्) बाट निर्मित पाँच वर्ण (प् आ ग् अ ल्) को एक शब्दीय शीर्षकमा समग्र कविता सुसंयोजित छ । 'पागल' शीर्षक लाक्षणिक र व्यङ्ग्यात्मक दुवै अर्थको द्योतक बनेर यहाँ उपस्थित भएको छ । यसले एकातिर देवकोटालाई पागलको संज्ञा दिइएको सङ्केत गरेछ भने अर्कोतिर त्यस्तो संज्ञा दिनेतरू स्वयम् पागल भिए भन्ने कुरा जगाउँछ । अरूको मनको भाव

२.२.३. क्रान्तिकारिता

'पागल' कविता क्रान्तिकारी भावनासे ओतप्रोत छ। यसमा साहित्यिक मान्यताका साथै सामाजिक क्षेत्रमा पनि परिवर्तन ल्याउने ढङ्गले विचार प्रवाहित गरेको छ। यथास्थितिवादी साहित्यिक मान्यताका विपरीत नवीन दृष्टिकोण दिने प्रयत्न यहाँ भएको छ। मस्तिष्कलाई मुटुको ठाँक पनि यहाँ भेटिन्छ। देवकोटा नेपाली साहित्यमा स्वच्छन्दतावादका नायक हुन् र परिष्कारवादविरुद्ध क्रान्तिको झन्डा उचाल्ने साहित्यकार हुन्। त्यसैले यस कवितामा पनि उनको यो प्रवृत्ति विद्यमान छ। समाजमा विद्यमान अन्यायको पनि उनी उच्छेद गर्न तयार छन् भन्ने कुरा उनका कविताका हरफहरूले देखाउँछन्। उनका 'पागल' कविताका निम्नलिखित पङ्क्तिहरूमा उनको यस प्रवृत्तिलाई निगाल्न सकिन्छ-

तिसी पाँच इन्द्रियले क्रास गर्छौ,
म छैटौंले
तिसो गिदी छ साथी
मेरो मुटु।
+ + +
जब मानवले मानवलाई मानव ठान्दैन, साथी !
तब कडकडाउँछन् मेरा बतीसदन्तो बङ्गारा
दुवै।
जस्तो भीमसेनका दाँत।

२.२.४ प्रगतिशीलता

प्रस्तुत कवितामा देवकोटाको प्रगतिशील विचारधारा पनि अभिव्यक्त भएको छ। प्रगतिशील विचारधाराले कम्तीमा पनि सामन्तवाद र साम्राज्यवादको विरोध गर्छ र रुढी, अन्धविश्वास आदिका विपरीत उभिँदै दुःखी गरिब जनताको पक्ष लिन्छ। यस कवितामा देवकोटाले रक्तीमा डुबेको नबाब, जनतालाई सताउने सिकन्दर, तथाकथित महात्मा र गुफातपस्वी तथा मिथ्यावादी र ढोंगी नेताको विरोध गरेका छन् भने निमुखा र नगण्य व्यक्तिको पक्ष लिएका छन्। उनले यसै कवितामा बाघले मृगलाई तथा ठूलो माछाले सानो माछालाई खान खोजेको प्रसङ्ग झिकी शक्तिशाली वर्गले कमजोर वर्गलाई गर्ने शोषणका विपक्षमा आवाज उठाएका छन्। यसरी नै जनअधिकारको हँडाल्नी भचिएको छुर्गातर पनि उनले सबैको ध्यानाकर्षण गरेका छन्। उनी यस किसिमका विषमिमिचो र उत्पीडनको विरुद्ध कवितामा ठिङ्गा उभिएको कुराको साक्षी तलको श्लोक छ-

निर्लज्ज नेतृत्वको नीरस रसनाको
रण्डीको नाच हेर !
जनअधिकारको हँडाल्नीको भाँच हेर !
जब भँगेरटाउके छ्यापाको काली मिथ्याले
मेरो विवेक वीरलाई
जासी झुटले लत्तकाई,
तब हुन्छन् मेरा गाला राता, साथी !

उनले भूतप्रीतको अरूको विश्वासलाई पनि नकारेका छन् भने पाठकलाई वाचालको संज्ञा दिएर आफ्नो राष्ट्रियतप्रतिको ममता पनि प्रकट गरेका छन्। भावजगत्मा रम्ने प्रवृत्ति केही मात्रामा छँदाछँदै पनि समष्टिमा उनको यो कविता सामाजिक अयगतिसर्फ नै लक्षित छ।

२.२.५ सौन्दर्य चिन्तन

लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक सौन्दर्य चिन्तन यस कविताको अर्को महत्वपूर्ण पक्ष हो। उनी कस्तो साहित्य सिर्जना गर्न चाहन्छन् र कस्तो साहित्य उनका दृष्टिमा त्याज्य छ भन्ने कुराको छनक पनि यस कवितामा दिन्छ। उनी भावमा डुबुल्की लगाउन चाहन्छन् र भावजगत्का पक्षमा बेजोड तर्क प्रस्तुत गर्न अघि सर्छन् भन्ने कुरा यहाँ देखाएरेको छ। उनी अरूलाई थाँसियो गर्न र आफूलाई तरल पक्ष ठान्दछन्। यति मात्र नभई अरू झन्ने र आफू पग्लने, अरू सड्सने र आफू खसिसी धन्ने उनी अरूको संसार ठोस हुने र आफ्नो आफयुक्त हुने कुरा पनि उनले उल्लेख गरेका छन्। यसबाट

(दुईजना बीच यस्तै कुरा भैरहँदा, नेपथ्यमा भरेङ्घाट कोही माथि उक्लिएको सुनिन्छ। दुवैको शंका ढोकातिर पुग्छ। शम्भुप्रसादजी भित्र पस्छन्। भानुलाकाको मुहार उज्यालिन्छ।)

मोती- (उल्लासिएर) ऊ आयो.....।

भानु- हामी भर्खर तपाईंकै कुरा गर्दै थियौं। बस्नुहोस् न। यता धेरै दिनदेखि देखापर्नुभएन, किन हो ? केही घटना पो पर्‍यो कि भन्ने लाग्यो नि। पृथ्वीतलको केही खबर बोकेर आउनुभएको त छैन ? यता धेरै दिनदेखि केही सुन्न पाइएको छैन।

शम्भु- जी गन्, पृथ्वी होस् अथवा स्वर्ग वा नर्क, मैले आफ्ने/बुझे र अनुभव गरेअनुसार एकै जस्तो लाग्छ। एक न एक लघाउन्ती अचम्म व्यवहार परि नै रहँदोरहेछ। (एकैछिन अडिएर) एउटा खबर छ नयाँ, तर अघि भलाई विश्वासघाँहि लागेको छैन, तर नभैकन त....।

भानु- (बीचैमा) के हो त्यस्तो खबर ? सुनौं न ....भन्नुहोस् न, किन बढ्नुनु भो ? कतै भ्रम फैलाउने खबर त होइन ?

शम्भु- हामी नेपालका एक ठूला महाकविको पनि यतातिर आउने तरङ्गर गर्दैछन् रे। नभैकन त कसरी कुरा फैलियो होला ?

भानु- साधधेवि रे ! यो हुन् त्यस्ता ठूला साधधेवि ? मैले त अहिलेसम्म कतैबाट सुनेको थिइन। महाकविको नाम के नि ?

शम्भु-उनको पूर्वाश्रित नाम हो, लक्ष्मीप्रसाद देवकोटा। उनी तीर्थमाधव देवकोटाका जाँठिला छोरा, खास नाम तीर्थमाधव, तर लक्ष्मीपूजाको दिन जन्मिएकोले बाबुले लक्ष्मीप्रसाद नाम राखिदिए। हाल त्यही नामले उनी परिचित छन्।

भानु-हामी भाग्यमा पनि महाकवि निस्के भनेको सुन्दा मलाई त अति नै खुसी लागेको छ।

मोती- खुसीको त कुरै हो नि, भाषा, साहित्यको प्रगति अत्यन्त उपयोगी कुरा हो। मेरो विचारमा कुन जाति कति सभ्य छ (?) भनेर नाप्ने उर्स नै त भाषा हो। भाषाको परिचय उन्नत साहित्यले.....

भानु- यो खबर पक्कै हो भने त .....?

शम्भु- यस्तो कुरा पनि नभैकन यसले भन्नसक्छ। आउने त पक्कै हो, तर त्यस्तै त हो नि पुरानो बासस्थान छोडेर आउने, परिवार ल्याउन तपाइने, फेरि फर्किएर आने कुरा भएन, सबैतिरको विधि व्यवहार मिलाउनै पर्‍यो, तर मलाई भन्नेले त उताबाट लिँडेको त दश-बाह्र दिन भयो रे पनि भन्ने, आज साँझसम्म आइपुग्न पेर छैन।

मोती-(शम्भुप्रसादसँग) तपाईंले त देख्नु नै भयो होला महाकविलाई

शम्भु- म ४६ सालको, उनी ६६ सालका भए पनि कतै देखियो होला तर राम्रो याद भएन। मैले भूतल छोड्दा उनी बीस वर्षका जवान थिए, हुन सक्छ देखेको। तर याद भएन। त्यति बेला उनी साहित्यिक चर्चामा थिएनन्।

भानु- उहाँको बारेमा मलाई अलि धेरै भनेर, कालीदास र चक्रपाणिजीले पनि बताउनुभएको थियो। सारै ठूला र विद्वान् र मेधावि मान्छे होइन त ? त्यस्तो विद्वान् र मेधावि मान्छे, किन यति धेरै भूतलको रस-बस छोडेर यहाँ आउन खोज्नुभएछ (?) लगे चाहिँ बुझ्न सकिएन।

मोती-धोबीगरी आजै आउनुभयो यहाँ भने बासस्थानको व्यवस्था कहाँ र कसरी मिलाउने ?

शम्भु- (भानुभक्तातिर हेरेर) कतै स्थायी बासस्थानको व्यवस्था नमिलेसम्म यहीं गुरुकै बासस्थानमै व्यवस्था गर्नुपर्ला। आउन त उनी बराबर यहीं नै आउँछन्। किनभने गुरुको नामले

सोध्न सजिलो छ, अनि जसले पनि त बताइदिनसक्छ ।

भानु- सरासर यहीं आए त अरू उपाय नै छैन नि । पाहुना मान्छे यहीं नै त राख्नुपर्छ नि । त्यो पनि प्रतिष्ठित विद्वान् र एकमात्र नेपाली राष्ट्रमा महाकवि । त्यो त हामै सौभाग्य होइन र ? (कान थापेर सुन्दै) फेरि कोही आएजस्तो छ । अरू त को होला र सायद चालिसे नै हुन सक्छ ।

(ढोकी आफ्नो भेषमा चक्रपाणि चालीसेजी भित्र पस्छन् ।)

-आऔं चालिसेजी ! आज भने अचम्मै भो ।

चालिसे- (नमस्कार गर्दै) किन र ? म आउनेबित्तिकै यस्तो व्यङ्ग्य ? (हाँस्दछन्)

भानु- व्यङ्ग्य होइन, धेरै दिनमा आज हामी सबैजना भेला भयौं, धेरैपछि यस्तो दिन.....यो समागम.....।

शम्भु- (बीचैमा) मैले प्रणाम गरें चालिसेज्यू ।

चालिसे-मैले एउटा समाचार सुनें, तर मलाई भने हल्लाजस्तो मात्र लाग्यो । उनी त पचास पनि पुगेका छैनन् किन आउन लागेछन् । यस्तो कुराको नभैकन हल्ला त नहुनु पर्ने हो ।

भानु- होइन चालिसेज्यू, तपाई कसको कुरा गर्दै हुनुहुन्छ ? को हुन् ती आउने भनेका ?

चालिसे- अरू को हुन्थ्यो, यो मैले सुनेको हल्लाका मान्छे हुन् -महाकवि लक्ष्मीप्रसाद देवकोटा (सबैभेला नेपथ्यबाट.....।

नेपथ्य- होइन, यो घरमा को हुनुहुन्छ ? (एकछिनपछि कोही छैन कि भ्याहो सबैको ध्यान आवाजतिरको केन्द्रित हुन्छ, सबै एक आपसमा हेराहेर गर्छन् ।)

मौती- (उठेर भ्यालबाट हेर्दै) होइन, तपाई को ? अनि कसलाई खोज्नुभएको ?

आवाज- भानुभक्तजीको निवासस्थान यही हो ? म भूलोकबाट आउँदै आइपुगेको लक्ष्मीप्रसाद नामको व्यक्ति हुँ ।

सबै- (एकै स्वरमा) महाकवि लक्ष्मीप्रसाद देवकोटा ?

(मोतीराम आहिर निस्कन्छन् । र एकछिनपछि महाकवि देवकोटासँगै -भित्र पस्छन् । सबैजना उठेर महाकविको स्वागत गर्छन् ।)

भानु- यो स्वर्ग अनन्तलोकको नेपाली बस्तीमा महाकविलाई स्वागत छ । (सबै एकै स्वरमा) स्वागतम्, स्वागतम्, स्वागतम् !!

(देवकोटाले चक्रपाणि चालेक अरूलाई चिनेका हुँदैनन् तर अनसारले -सबभन्दा पैले भानुभक्तको पाउ छोएर नमस्कार गरेपछि सबैलाई नमस्कार गर्दछन् । भानुभक्त उनीलाई अँगाली मार्दछन् । सबैसँग यही क्रमको अभिवादनपछि भानुभक्त उनीलाई अँगालो मार्छन् । सबैसँग यही क्रमको अभिवादन पछि भानुभक्त उनलाई आफूसँगै राख्छन् । अरू पनि आ-आफ्नो स्थानमा बस्छन् ।)

भानु- आज मैले आफ्नो सौभाग्य उदय भएको देखें । यहाँ नै बसी बसी मैले यहाँजस्तो महाकविको दर्शन पाएँ । आफूभन्दा ९५ वर्षपछि भूतलमा अवतरण भएका तपाईजस्ता पुरुषको दर्शन पाउनु त्यो पनि यो स्वर्गलोकमै साँच्चिकै मैले पुनर्जन्म पाएकै भन्नुपर्छ ।

देवकोटा- भूतलमा दर्शन नपाएका गुरुजस्तो भाषाका सेवक, रामभक्तको यो लोकमा आएर दर्शन पाउनु भनेको कल्पनामन्दा बाहिरको कुरा हो ।

भानु- यात्रामर कष्ट त भएन ?

देवकोटा- यात्रा, भनेपछि त्यस्तै हो नि, पैसो छुरो त माया मोह जञ्जाल र घर छोड्नु नदिन परिवारको कसरत, बही माझी, कोही रोएका छन्, कोही चिच्याएका छन्, आफन्तजनको त्यहीं राख्ने प्रयास, तर त्यहाँको जीवन

व्यक्तित्वपाल आदिको भूमिका निर्वाह गर्ने भएकाले नै उनलाई पागल, दिवाना, सन्की आदि भनिएको हुनुपर्दछ भन्ने उनको स्वीकारोक्ति छ ।

२.२ अन्तर्वस्तुका आयाम

अन्तर्वस्तु कुनै पनि रचनाको गुदी हो । जीवनका अनेक पक्षलाई आफ्ना विचारका भट्टामा गलाएर रचनाकारले आफ्नो सिजनाको अन्तर्वस्तु तयार गर्दछ । देवकोटाको 'पागल' भित्र पस्ता अन्तर्वस्तुका निम्ति आयाम देखा पर्छन् । ती निम्नानुसार छन्:

२.२.१ सामाजिकता

'पागल' कविताको अन्तर्वस्तु समाजसँग सम्बन्धित छ । यसमा कविले समाजका गरीबीका विचार र दृष्टिकोण पाइने कुरा उल्लेख गरेका छन् । सबै मान्छेलाई पनि पागल ठहराउने मान्छेहरू पनि यहीं छन् भन्ने कुरा यसमा वर्णित छ । देवकोटाको भावुकता र कल्पनाशीलताको मूल्याङ्कन गर्न नसकी उनलाई पागल घोषणा गर्ने र राँचीलम्म पठाउने आयोजित काम भएको कुरा यहाँ उल्लिखित छ । वि.स. २००७ को परिवर्तनपछि पनि समाजमा परिवर्तन आउन नसकेको र आत्मकेन्द्रित एवम् छलछाम चलेकोमा कविले यहाँ आक्रोश व्यक्त गरेका छन् । मृत्युपछि मान्छेलाई जलाइने भस्मेश्वर, जीवनसँग थाकेर गुफातिर पलायन हुने तपस्वी, भूत लागको विश्वास गर्ने अन्धविश्वासी, मदिरा सेवन गर्ने नवाब, नेपालीलिमा जीवन गुजार्ने रण्डी, निर्लज्ज नेता आदि अनेक पात्रका व्यक्तिहरूसँग देवकोटा 'पागल' कवितामा साक्षी भेट गराउँछन् । उनी तिनीहरूका अनैतिक र भ्रष्ट क्रियाकलापको जानकारी दिँदै विरोधमा उभिएका छन् । समाजमा अनेक विकृतिहरू रहेकाले पागल वा सन्कीका छाँटले प्रस्तुत हुनुपरेको कुरा पनि उनले भेप सारेका छन् । उनी मान्छेहरूले बाह्य सतह र आडम्बरका पछि लागेर आफ्नजस्ता संवेदनशील व्यक्तिको मूल्याङ्कन गर्न नसकेको र दिग्भ्रमित भएको निष्कर्ष निकालछन् ।

२.२.२ द्वन्द्वात्मकता

प्रस्तुत कविताको अन्तर्वस्तुमा द्वन्द्वात्मकताले विशेष स्थान पाएको छ । यहाँ देवकोटालाई पागल ठान्नेहरू र देवकोटाका बीच ठूलो द्वन्द्व मच्चिएको छ । देवकोटाले आफूलाई हृदय पक्षधर र आफ्ना आलोचकहरूलाई मस्तिष्क पक्षधरका किसामा हेरेका छन् । उनी आफ्ना आलोचकहरूलाई अबुझ, छट्टू, बाचाल, क्रूर, मिथ्यावादी र बुद्धुका रूपमा लिन्छन् । आफ्नो वास्तविकता र संवेदनशीलताको पहिचान नगरी आफूलाई सताउने, अपमानित गर्ने, ठिँगुरा हान्ने र राँची पुऱ्याउनेहरूप्रति उनले आगो बोकेका छन् । उनले यस कवितामा ठाउँबाठाउँले सामान्य व्यक्तिलाई शोषण र ठगी गरेकोमा पनि आपत्ति प्रकट गरेका छन् । बाघले मृगलाई र ठूला माछाले साना माछालाई खान अटिको देखा उनी दर्शकिको हड्डी बनेर चट्याङ भैं पड्कन तम्सन्छन् । मानवले मानवीय व्यवहार नगरेको देखेर पनि उनले दाँत कटकटाएका छन् । दुई सालका चिन्तनको द्वन्द्व यहाँ विभिन्न पक्षहरूमा देख्न सकिन्छ । जस्तै:

तिम्रा महापण्डित, मेरा महामूर्ख
तिम्रो स्वर्ग ,मेरो नरक
तिम्रो सुख, मेरो कसम
साक्षी, तिम्रो धर्म, मेरो पाप ।

\+ + +

जब बाघले मृग खान अटिको देख्छ साथी !
या ठूलो माछाले सानो,
तब मेरा भकाएका हड्डीमा पनि
दर्शकिको आत्माको,
भयङ्कर बल पसेर जीव्न खोज्दछ साथी !

वास्तवमा देवकोटाले यहाँ आफूजस्तो भावुक व्यक्तिप्रति भएको अत्याचारको मात्र नबई लाटा, सीधा र नगण्य व्यक्तिप्रति भएको अमानवीय व्यवहारको यथार्थ अवस्था प्रस्तुत गरेका छन् । अतः यहाँ कविको मनको खलबलका साथै दुई वर्गका बीचको द्वन्द्वलाई पनि अङ्कित गरिएको छ ।

उनी पहाडको भदतालाई लाटो ठान्नेहरूप्रति शब्दको लाठो तेर्स्याउँछन् र चलाकी पहाडको पनि पहुँचमा रहेको वास्तविकता औंल्याउँछन् ।

देवकोटाका अनुसार मान्छेहरूले उनको मनको गहिराइलाई चिन्न सकेनन् । उनले माथका ताराहरूतिर दृष्टि लगाएर एक प्रकारको रापको अनुभव गरिरहेका उनलाई तरङ्गीको संज्ञा दिइयो । यसरी नै मान्छेहरूलाई जलाइने भस्मेश्वरघाट कर्केर उनी सात दिन टोलाउँदा उनलाई भूत लागको ठानियो । एक सुन्दरीको केश फुलेर बुढ्यौलीको लक्षण देखिँदा उनी प्रबुद्ध मनले तीन दिन रोए र यस निमित्त उनलाई छटाएको भनियो । जति वसन्तको पहिलो कोकिल कण्ठ सुनेर नाच्दा उनी बहुलाहा कहलाए । औंसीको सुनसान अँधेरी रातमा प्रलय उद्घोषले उफ्रँदा उनलाई ठिंगुरा ठोकियो । तुफानसंग स्वर मिलाएर गीत गाउन खोज्दा उनी वृद्धगहरूद्वारा मस्तिष्कको उपचार गर्न संघौं पठाइए । मृत्युको अनुनासिका निम्ति उनी नम्मसार परेको अवस्थामा आफ्ना साथी भनाउँदाले पागलको संज्ञा दिँदै उनलाई चिमोटे । यी अबुझ गतिविधिबाट हैरान भएका देवकोटा व्यङ्ग्यको झटारो हान्दै आफूलाई 'पागल' शब्दले सम्बोधन गर्छन् ।

अरूले उनलाई पागल भन्नुको अर्थ रहस्य पनि देवकोटाले खुलस्त पारेका छन् । उनले नवाबको मदिरालाई खून, हिमेककै रण्डीलाई लास र राजालाई गरिबको संज्ञा दिएका थिए । उनले सिकन्दरमाथि गाली बर्साएका थिए र तथाकथित महात्माको निन्दा गरेका थिए । उनका दृष्टिमा गणण्य व्यक्ति नै महान् थिए । अरूका महापण्डित उनका महामूर्ख, अरूको स्वर्ग उनको नरक, अरूको सुख उनको कलाम, अरूको धर्म उनको पाप, अरूको बाठो उनको लाटो, अरूको उन्नति उनको अवनति तथा अरूको विश्व उनको रौं हो भन्ने कुरा उनले ठानेका थिए । अरूसंग विचार नमिलेका कारण उनी चन्द्राहत वा लोप्पा खुवाइएका थिए । यति माथ नभाए उनी अन्धालाई अगुवा ठान्ने भने गुफातपस्वीलाई भगुवा र झुटो प्रपञ्चमा मञ्च उक्लनेलाई कालानदुवा देख्थे । त्यसैले उनी एकधरीको प्रगतिलाई अगति र सफलतालाई असफलताको रूपमा हेर्थे । यसरी उरूका कर्तुतहरू पहिल्याउने भएकाले नै उनलाई ऐंचाताना वा दिवानाको पगरी गुँथाइएको थियो भन्ने उनको धारणा छ ।

महाकवि देवकोटाले राष्ट्रिय राजनीतिको वेथितिको कुरा उठाउँदै त्यसको निरोध गरेवापत पनि आफूलाई पागल बनाइएको यथार्थ कवितात्मक स्वरमा प्रकट गरेका छन् । उनी निर्भय एवम् जनताको अधिकारको डँडान्नो भन्ने नेतृत्वलाई रसहीन जिब्रो देखाउँदै नाच्ने रण्डीको नाचसंग तुलना गर्दछन् । अखबारका ठूलठूला काला अक्षरले झुटो समाचार छापेको देख्ता उनको विवेक आक्रोशित हुन्छ र सल्केका गोल भैं उनका गाला राता हुन्छन् । इतियाँलाई खाली जहरूणी शब्द सुनाई अमृतका रूपमा ग्रहण गराउँदै प्रिसेली मृगलाई बघ्ना ठूला माछाले साना माछालाई खान अट्टिको देख्ता उनी आफ्ना मकाएका हाडलाई दधीचिका हाडमा परिणत गर्दै प्रहार गर्न चाहन्छन् । मान्छेले मान्छेलाई मान्छेकोजस्तो व्यवहार गरेको नदेखेर भीमसेनले झैं दाँत कटकटाउँदै आँखा लाल पार्दै उनी आगो सल्काउन चाहन्छन् । त्यस्तो स्थितिमा उनका शरीरका अङ्ग प्रत्यङ्ग खलबल गर्छन्, सास बढ्न थाल्छ, अनुहार बिकृत बन्छ र डँडेको झैं दिमाग बल्दछ । उनलाई सारा संसार नै आँधी भिलिदिउँजस्तो झोँक बल्दछ । त्यसैले उनी आफूलाई सुन्दरताको पोखरीका रूपमा चकोरसंग दाँजेर मनै असुन्दर फोरका रूपमा तराजीलाई समाप्त पार्ने विचार व्यक्त गर्दछन् । उनी एकातिर कोमल छन् भने अर्कातिर क्रूर पनि बन्न सक्छन् । उनी आफूले अवस्था अनुसार चिङ्गिया, स्वर्गाग्निचोर, तुफानपुत्र, पागल, ज्वालामुखीको उद्गार, भयङ्कर

छोड्न बाध्य भएपछि कसैको केही लाग्दोरहेनछ । छोड्नैपर्दा रोछ ।

मोती- अनि, हाम्रो क्रान्तिपुरी नगरीको अवस्था कस्तो छ ? भाषा र साहित्यको अवस्था कस्तो छ ? (भानुभक्तलिर इङ्गित गर्दै) हाम्रो गुरुका चपलाञ्चलाहरू गुलकेसरी फूल शिरमा सिउरिएर हिँड्छन् कि हिँड्दैनन् सढकमा ? अनि तपाईले त धेरै काव्य र महाकाव्य रचनुभएको छ रे । अलिकति मेरो यो जिज्ञासा शान्त गरिदिनोस्- भाषा र साहित्यको अवस्था कस्तो छ ? त्यो पनि ...।

भानु- तिमीले कति लामो जिज्ञासा राख्ँदा ? मर्छरै लामो सफरबाट आउनुभएका महाकवि थाकनुभएको होला ! एकपल पनि आराम गर्न नदिएर .....।

शम्भु- (बीचैमा) १० वर्षको उमेरदेखि नै सरस्वतीको आराधना गाननुभएका तपाईले यो उमेरसम्म आइपुग्दा धेरै ग्रन्थ तयार गर्नुभएको होला ।

देवकोटा- समय त कटाउनै पर्‍यो, अनि हाम्रोजस्तो दास मनोवृत्ति भएको समाजमा दाल, भात र ठुकुरको समाधानका लागि नोकरी गर्नु नै पर्‍यो । त्यसका लागि पढ्नै पर्‍यो । त्यही त हो नि ! मानिस कहिले पी स्वतन्त्र र आफूखुसी हुन पाएको छ र ! (चकपाणितिर देखाएर) मेरो हकिगत उहाँलाई थाहा छ । उहाँले नै पनि कम कष्ट भोग्नुपर्‍यो हो र !

चालिसे- छरि नगरौं, तर भाषा र साहित्यले भने उन्नति गरेकै मान्नुपर्‍यो, तर के भन्नु र निन्दा चर्चा र थमको शोषण अति नै ! गुणीजनको जीवन सधैं तरवारको धारमा छ । (देवकोटातिर देखाएर) उहाँजस्तो सरस्वतीका वरदपुत्र जेनतेन दुई छाक टार्न पुग्ने.....।

भानु- (बीचैमा) त्यसो त मैले पनि नभोगेको कहाँ हो र, बाघको छायामा स्यालको रजाई भनेको यस्तै हो । नयाँ नयाँ लेखक कवि पनि त निस्केका छन्, होइन त ? तपाईले त साहित्यभण्डारै भर्नुभयो भन्ने सुनेको थिएँ ।

देवकोटा- त्यस्तोचिज त केही होइन, अनेक बाधा-व्यवधान भए पनि तीन/चार महाकाव्य, त्यति नै खण्डकाव्य नाटक र निबन्धआदि लेखें नै । हो एउटा कुरा के भने कविताआदि कति लेखें त्यो आदि म आफैलाई याद छैन । अहिले त नेपालभूमिमा कवि साहित्यकारको त मेलै लागेको छ । लेखनाथ, बालकृष्ण, भीमनिधि, सिद्धिचरण आदि समेत गुवाकबिहलले चमत्कारै गरेका छन् । लेखनाथको रथयात्रा भएको छ । प्रज्ञारूको चाकरीको धसीको रूपमा प्रज्ञा-प्रतिष्ठान स्थापना भएको छ ।

चालिसे- त्यस्तै हो जुनसुकै प्रतिष्ठान बने पनि बाठा र बनफुलेकै त जय हुने हो । आफू म नै कैले राममणिको, कैले बालकृष्णको कैले गोरखाधनमा कुनै सरदारको चाकरीमै समय बित्यो । त्यस्तै हो । तपाईले पनि त अन्यमा दुःख भोग्नुपर्‍यो नि ।

देवकोटा- म त के र पागल भनिएको मान्छे । तर जे होस् मलाई सन्तोष केमा छ भने भूतलीय जीवनको अन्यसम्म पनि मैले आमा शारदा भवानीको सेवा छोडिन । (भानुभक्तसंग) तपाईले अन्यसम्म रामगीता लेखेर भाषाको ऋण तिरेजस्तै मैले पनि -

'रहेछ संसार निशा समान
आएन ज्यूँदै रहँदा नि ज्ञान
आखीर श्रीकृष्ण रहेछ एक
न भक्ति भो, ज्ञान न भो विवेक'

भन्दै भूतलको यात्रा सकेर यहाँ आइपुगें ।
भूतलको निम्ति-
म शून्यमा शून्यसरी बिलाएँ ।

(पर्दा लाग्छ)

केही अनुभूति

✍ बसन्तकुमार शर्मा 'नेपाल'

१९९४/९५ साल होला, मैले आर्नेसम्म देवकोटालाई थी ३ मोहनकी साहिंली छोरी महारानी बखरीको विवाहको प्रसङ्गमा मेरा पितामह (हजुरबा) टीकादत्त उपाध्याय, कोटराज कोणनाथ देवकोटा, सुल्या लेखनाथ देवकोटा, कवि दुर्गाप्रसाद महराई, साक्षीबाजे मीनानाथ पाण्डे (?), लक्ष्मीप्रसाद देवकोटा, सरदार राम काजा तिमल्सिनाहरू मेरा पिताजीकहाँ के कारणले हो जम्मा हुनुभएको थियो । प्रसङ्गवश मिठाई खाने कुरा उठ्यो । हुन पनि भित्र भण्डारमा मिठाइको बाढ थियो । त्यसबेला विवाहको साइपाटा कैंटीपहि राखिन्थ्यो, दुलहीपहि नै राखिन्थ्यो । ती मिठाई मनपरेका सेवकहरूलाई बाँडिन्थ्यो । सपन सपन भरेर दुई सपन/चार सपनको दरले नोकरहरू पाउँथे । त्यसरी मेरा घरमा हरेक विहामा मिठाईको बाढ लाग्दथ्यो । त्यही मिठाई खाने प्रसङ्ग चल्यो त्यसबेला ।

त्यसै दिन देवकोटा मेरा फुपूबाजु हुनुहुन्छ भन्ने थाहा भयो । अस्लेभन्दा मेरो परिचयमा उहाँले बढी खुसी हुनुभएको थियो । त्यसैले पनि म उहाँसँग सहसिएँ । अरूभन्दा खासगरी उहाँ कान्छी हुनुहुन्थ्यो जस्तो लाग्दछ । त्यसैले पनि उहाँ र मेरो तुरन्त मित्रता भयो । उहाँले इसारा गरेर लघुशङ्का गर्न निस्कनुभयो । मैले बुबाको मुखतिर हेर्दा उहाँले पनि अनुमति दिनुभयो र म पनि सँगै लागें । लघुशङ्का निहुँमात्र रहेछ । बारी-बगैंचामा बस्ने र कुरा गर्ने रहेछ । त्यसैभएर हामी त्यहीँ बसेर कुरा गर्न थाल्यौं ।

उहाँले सोध्नुभएका प्रश्नहरू र मेरा उत्तरहरू सामिल भएछन् क्यारे ! उहाँले मलाई शाब्बास भनेर खुसी प्रकट गर्नुभयो । 'फूलबिरुवाको नाम सोध्नुभयो । घर-व्यवहारका प्रश्न गर्नुभयो । र, हिन्दीबजारको घरमा भेट्न आउने आदेश पनि दिनुभयो । त्यसबेलाको बालचलन अनुसार कुनै न कुनै राणाकहाँ कुनै न कुनै कारणले जो कोही चाकरी गर्न पुग्दथ्यो । र, पनि लक्ष्मीप्रसाद देवकोटा क्लेकहाँ चाकरी गर्न जाँदा रहेनछन् । त्यसै दिन 'मान्छेले मान्छेको चाकरी गर्नुहुन्न । सहयोग गर्नुपर्छ । म चाकरीमा आएको होइन । म त मामाघर आएकी' भनेर मलाई मेरा प्रश्न "तपाई चाकरीमा आउनुहुन्न ? त्यसबेला मेटीँला" मा उत्तर दिनुभएथ्यो । त्यसदिन त्यहाँ भेला भएका सबै नै लगभग मोहनशमसेरका चाकरीबाज थिए र चाकरी गर्थे ।

त्यसै समयदेखि देवकोटासँग मेरो खास खास सम्बन्ध भएको हो । उहाँकै छिमेकी भरतप्रसाद रेग्मीकहाँ म अङ्ग्रेजी पढ्न जान्थें । गुरुले कोठाबाट उहाँको कोठा सामुने पर्दथ्यो । फुर्सद भयो कि म उहाँकहाँ पुगिहाल्थें । पछिपछि त उहाँ नै बोलाउन आउनुहुन्थ्यो । देवकोटा र कुन्दाइ (सु. लेखनाथ) साथ पासा खेल्दथे । म साहिंला देवकोटापहि हुन्थें । र, कहिलेकाहीँ जितिन्थ्यो पनि । त्यसैले पनि उहाँको र मेरो बढी मेल भयो । त्यस बेला सम्भ्रान्तताको एउटा चिनो पासा खेल्न जान्नु पनि थियो । मेरा पिताजी कुनै पनि खेल खेल्नुहुन्नथ्यो भने मचाहिँ भित्री बाहिरी धेरै साले खेल खेल्दथें ।

देवकोटाको 'पागल' कविताको विश्लेषण

✍ डा. जीवेन्द्रदेव गिरी

१. विषय प्रवेश

महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'पागल' (२०१०) कविता एक अत्यन्त प्रसिद्ध साहित्यिक रचना हो । नेपाली साहित्यका पाठकहरू बीच निकै लोकप्रिय रहेको र पाठ्यक्रमहरूमा पनि विशेष स्थान पाएको देवकोटाको कवितायात्राको उत्तरार्धकालको यो कविता सर्वप्रथम 'प्रगति' साहित्यिक पत्रिकामा छापिएको थियो । वि.सं. १९९९ मा यस ग्रन्थीमा अवतरण गरेको देवकोटाले 'मुण्डमदन' (१९९२) मा दोस्रो जन्म लिएपछि यस कविताका माध्यमबाट तेस्रो जन्म लिएका थिए भन्ने भनाइ निकै चर्चित छ । वि.सं. २०१० मा नै देवकोटाले रौमानियामा भएको चौथो अन्तर्राष्ट्रिय युवा महोत्सवमा नेपालको प्रतिनिधित्व गरेका थिए भने त्यसै वर्ष उनले रूस, चीन, हङ्गेरी, चेकोस्लोभाकिया आदि समाजवादी मुलुकको भ्रमण गरेका थिए । त्यहींबाट नै उनलाई मार्क्सवादी चिन्तनले कृतकृत्याउन थालेको कुरा प्रथित (२०४७, पृ.७०) ले व्यक्त गरेका छन् । 'पागल' कविता देवकोटाको यही महत्वपूर्ण कालसँग सम्बन्धित छ । अन्तर्वस्तु र रूप, चिन्तन र सौन्दर्य वा विचार र कलाको संयोजनका दृष्टिले देवकोटाका उत्कृष्ट कवितामध्ये यसको गणना हुन्छ ।

२. अन्तर्वस्तु

'पागल' कविताको अन्तर्वस्तुलाई यसका सारांश वा भावार्थ र यसले आत्मसात् गरेका विभिन्न विषय क्षेत्रका अवीभाज्यताबाट निर्माण सकिन्छ । देवकोटाले भोगेको जीवन, उनले अँगालेको जीवन दर्शन र सौन्दर्य चिन्तनका आलोकमा यसलाई ठम्याउन सकिन्छ ।

२.१. सारांश वा भावार्थ

कविताको आरम्भमा देवकोटाले आफूलाई पागलको रूपमा चिनाउँदै आफूलाई पागलको संज्ञा दिनेहरूको ध्यानाकर्षण गरेका छन् । सततमा बसोहरूभन्दा आफू कति भिन्न छन् भन्ने कुरा पनि उनले यहाँ व्यक्त गरेका छन् । उनी के भन्छन् भने उनी शब्दलाई देख्छन्, दृश्यलाई सुन्दछन्, वास्नालाई स्वाद लिन्छन् र आकाशभन्दा पातला कुरालाई स्पर्श गर्दछन् । उनी जल किनारका डुङ्गामा कोमलता पाउँछन् र त्यहाँ उठ्ने पानीका फोकामा स्वर्गको जादुगनी मुस्कुराएको देख्छन् । उनी प्रकृतिसँग भाषामय संवाद गर्दछन् । उनी सनितका सूक्ष्मा मात्र सीमित नरही भावका सागरमा पौडी खेल्दछन् । त्यसैले उनको सनितमा एकबाट एक भिन्नता पनि एकै बाँकी रहन्छ । उनी पाँचौं इन्द्रियको मात्र भर नपरी छैठौं इन्द्रियको पनि सहारा लिन्छन् । उनी आफ्ना आलोचकाक, चिन्तन सम्बद्ध दर्शनमा मात्र टाँसिएको र गिर्दीमा मात्र केन्द्रित रहेको तर आफू भने मुटुको उपयोग गर्दै गुलाबको फूलमा हेर्ने र पद्मिनीको सुन्दरताको अनुभूति गर्न सक्षम भएको विचार व्यक्त गरेका छन् ।

उनी कठोर ठोसमा नभई पग्लने तरलतामा प्रवाहित हुन चाहन्छन् । अस्लै आटुली पाहिर्यारूपी द्रव्यलाई पछ्याए पनि आफू स्वप्नमय सरपका पछि लागेको कुरा उनी व्यक्त गर्दछन् । उनलाई सूत र हीराको भन्दा काँडाकै बिछौना प्रिय छ ।

- तिब्बती लेखक कलाकार संघका अध्यक्ष सोनाम सिदारले पनि महाकवि देवकोटाको प्रतिमा स्थापना हुनु र त्यही ठाउँमा उहाँको शतवार्षिकी मनाउन पाउनु अत्यन्त प्रशंसनीय भएको बताएका थिए ।

देवकोटाको मुनामदन तिब्बती भाषामा अनुदित -प्रकाशित भएपछि त्यसैका आधारमा तात्कालीन महाबाणिज्यदूत शङ्कर पाण्डेको चीन सरकारसँग लेखापढी र प्रयासको फलस्वरुप बुद्ध, भृकुटी, अरनिकोपछि महाकवि देवकोटा चीन प्रवेश गर्ने पहिलो साहित्यकार हुनपुगे ।

"जहाँ पुग्न सकौंनन् रवि, त्यहाँ पनि पुग्न सक्छन् कवि" भनाइ चरितार्थ भएको उदाहरण सहित महाकविको प्रगतिवादिताबारे मोदनाथ प्रश्नितबाट व्याख्या भएको थियो । "लासाको सहर क्या लाग्दो रहर सुनको झलकमा ।"

- करिब सत्तरीवर्ष अघिको देवकोटाको लासा वर्णन उनकै शतवार्षिकीमा उनकै मूर्ति अघिल्तिर हामीहरुले सुनाउन पाउँदा गद्‌गद् भएका थियौं । नेपाल र नेपालीकै बिर उँची बनाइदिएका छन् - महाकवि देवकोटाले । विश्व -शतीमा फैलिएका छन्- देवकोटा ।

• त्यस दिन महाकविको शतवार्षिकी मनाउन साहित्यकार, कलाकार, सङ्गीतकार एवम् अन्य विशिष्ट व्यक्तित्वहरूसमेत नेपाली प्रतिनिधि त्यहाँ उपस्थित थियौं । सर्वश्री, रामबाबु सुवेदी, हरिहर खनाल, दीपक साकार, मोदनाथ प्रश्नित, श्रीधर लोहनी, निनु चापागाईं, तुलसी भट्टराई, रमेश, राधव, रामकृष्ण दुवाल, के.के. कर्माचार्य, विष्णु प्रभात, सुधा त्रिपाठी, शारदा शर्मा, घनश्याम ढकाल, हरिगोविन्द लुइटेल, घनश्याम शर्मा, रमेन्द्र कराली, मिठाइदेवी विश्वकर्मा, बद्रीनाथ खनाल, रामहरि श्रेष्ठ, कृष्णप्रसाद आचार्य, सरोमी तिमोथी, विजयकाजी डुङ्गेल, रबिन भण्डारी आदि आदि ।

समारोहपछि महावाणिज्यदूतावासका तर्फबाट राजिनीजको आयोजना गरिएको थियो । भोजका अवसरमा स्थानीय नेपाली प्रतिनिधि र नेपाली दुःख निवारण संघ लासाका पदाधिकारीसँग देवकोटाको प्रतिमा संरक्षण र समय समयमा देवकोटा विषयक कार्यक्रम गरिरहनुपर्ने विषयमा छलफल भएका थिए ।

- विशेष गरी महावाणिज्यदूतावासका पदाधिकारीहरूसँगै स्थानीय रामकुमार तुलाधर, महेशरत्न तुलाधर, युसुप मुस्लिम, दावा छिरिङ आदिले महाकवि देवकोटाका विषयमा विशेष चासो राखेका थिए ।

◇◇◇

"भुटुको भान ताल मिसेको
छिन छ एक सङ्गीत
सुन्दरीजलमा शीतल थलमा
गाइन् तिनमे हँसिया गीत ।"

(हँसिया गीत)

"भटिन् हेर कोपिला नर्फुलन् पाप लाग्दछ
नच्यात् फुल नानी हो दया र धर्म भाग्दछ ।"

(पाप लाग्छ)

"धर्म बोले फुल मन्दिरमा पूजा गर्छौं आज
मैले बोलें वीरहरुको बलिदान भएको ठाउँ ।"

(बन)

"सागर उछलन सिपिमा बोल्छ
कोयली बोल्छ बसन्त
कोही बजाउँछ हृदयतन्त्रीमा
मागल ध्वनि हि अनन्त ।"

(जीवन)

मिठाई खाने क्रममा त्यहाँ भएका सबै जनालेमन्दा बढी मिठाइ देवकोटाले खानुभयो । सबैले प्रशंसा नै गरे । त्यस्तो भोज मजाको धेरै पटक भयो र देवकोटा धेरै धेरै प्रशंसित हुनुभयो । हामीकतो त्यस्तो बेलामा को बढी खानसक्छ भन्ने सर्त राखिन्थ्यो । फुल मिठाइको परिवारमा फुल फुल निकाले र खाने भन्नेमा प्रायः देवकोटा पैठा र मुगदल नै मन पराउनुहुन्थ्यो तेस्रो नम्बरमा गोजा पर्थ्यो । वास्तवमा तीनपटै मुगदल नै मसाई पनि मीठो लाग्दथ्यो । जसलाई म अहिले पनि भुल्न सक्तिनँ । जसको स्वाद तीन प्रकारको हुन्थ्यो । त्यसैले पनि मीठो हुन्थ्यो । भुन मुगदल दुईवटा भए पाँचजनालाई पुग्दथ्यो, तर त्यो एउटा सिङ्गो देवकोटा खान सक्नुहुन्थ्यो ।

यसरी देवकोटा पुरानो घरमा बसुन्जेल मेरो उहाँसँग विशेष भेटघाट भइरहन्थे । र, यसरी नै छुन पनि गइन्थ्यो । मभन्दा उहाँ १३ वर्ष जेठो हुनुहुन्थ्यो र मलाई उहाँ साहित्यी कान्छोको रूपमा नलिएर साथीको रूपमा लिनुहुन्थ्यो । यसै गरी साहित्यकारहरूको भेलामा म पनि सहभागी हुन पाउने भएँ । यसैकारणले पनि तत्कालका साहित्यिक लेखकहरूसँग मेरो परिचय भयो ।

यसरी धुम्ने प्रसङ्गमा उहाँले आफू प्रायः घाम तापेर कविता लेख्ने ठाउँ पशुपति भण्डारखालको परिसर पाखोलाई बनाउनुभएको थियो । चार कविता देवकोटाले त्यहीं बसीबानेर सुतेर लेख्नुभएको हो । जुन ठाउँ प्राकृतिक रूपले माँको र खेतले मात्र घोबिखोला भेट्थ्यो । घोबिखोलापारी आमेश्वर मैतीदेवी छैपिथ्यो । मैतीदेवीबाट पूर्वपट्टि त्यो पाखोसम्म लगभग धेरै थिएनन् । लाख र खेतहरू फाटफुट देखिन्थे । उहाँकी दिदी लोकप्रिया देवीको घरखाल जिल्लीबजार जोशी (थिमिरे) नेपालका प्रसिद्ध व्यापारी लोकनाथसँग वैवाहिक सम्बन्ध कायम भएको थियो । उनीहरूको परिवारमा पनि देवकोटासँगै दिदीजुलाई भेट्न भनेर म पनि पुगेको छु । र, उहाँको परिवारमा लक्ष्मीप्रसाद नै सबैभन्दा प्यारा थिए भन्ने मलाई सम्झना छ । देवकोटालाई अरूलाई भन्दा बढी श्रद्धा हुन्थ्यो । म लक्ष्मीप्रसादसँग बढी हिँड्ने भएर पनि अरूका भारे बढी थाहा नभएको हुनसक्छ । अरू जो सुकैसँग पनि देवकोटाले आफूलाई एउटा मित्रको, एउटा साथीको रूपमा सम्बन्धित गराइएको थिएँ । र, साथी ठूलो धनी गरीब उनले कहिल्यै फरक गरेको मैले पाइनँ । यस कारण पनि देवकोटा सबैभन्दा प्यारा थिए । जसलाई जे सम्बोधन गर्नुपर्थ्यो, त्यो सम्झना उनी राख्ने । बाँकी व्यवहार सबैसँग समान हुन्थ्यो । तर देवकोटाको जो कसैसँग जे कुराकानी हुन्थ्यो, जे भारे चर्चा हुन्थ्यो, त्यो कुरा म अरूसँग गर्दै गर्दैनथे र थियोचर्चा पनि गर्दै गर्दैनथे ।

देवकोटाबाहिं लेखेका रचनाहरूको व्याख्या गर्न कसैले भन्यो भने त्यसको व्याख्या फरक समयमा फरक हुन्ले गर्दथे । अर्थात् आज केसै किसिमले व्याख्या गर्थे भने अर्को चोटि सोध्दा केसै प्रकारले व्याख्या गर्थे । यसरी मूलतत्वलाई लिएर व्याख्या गर्ने कवि लेखक अरू भएजस्तो मलाई लाग्दैन । एउटै चीजलाई विभिन्न व्याख्या दिनु भनेको महान् व्यक्तित्वशालीको लक्षण हो भनेर ठाउँ गर्न सक्छु । किनभने परिस्थिति, शब्दविन्यास र भावुकताअनुसार जे जुनसुकै पङ्क्ति भए पनि सच्चा साहित्यकार भिन्नैभिन्नै हुन्ले व्याख्या गर्न सक्छ । त्यो शक्ति देवकोटामा थियो ।

कुनै रचना वा पङ्क्तिलाई दार्शनिक, साहित्यिक, वैयाकरणी र मिमांसकको आँखामा भिन्नैभिन्नै भावचित्र खडा हुन सक्छ । देवकोटा मेरो दृष्टिमा छिनछिनमै वेदान्ती हुन्थे भने छिनमै साहित्यिक हुन्थे । यसैले पनि कुनै अर्थमा 'देवकोटा भनिए । किनभने उनका कविताहरू भिन्नै भिन्नै हुन्ले हामी व्याख्या गर्न सक्थौं । उनी आफूले कविताको पङ्क्तिमा पनि भिन्नाभिन्नै अर्थ गरेर अरूलाई झल्क पार्थे ।

त्यसैगरी सामान्य अर्थमा ठट्यौलीजस्तो पारामा केही व्यक्तिको उपस्थितिमा नेमाप्रसको बैठकमा उठेको 'पागल' शब्दको व्याख्याले देवकोटाजीलाई उद्दीप्तता जगायो र त्यसैदिन राती उहाँले पागल कविता रच्नुभयो २००८ जेठ ९ गते । र, भोलिपल्टै राजी पाठशाला नवसालको जन्मजयन्तीको उपलक्ष्यमा मनाइने वार्षिक उत्सवमा नन्दीकेश्वर महादेवको प्राङ्गणमा त्यो कविता सुनाउनुभयो । अर्थात् पहिलो पटक पढ्नुभयो । त्यो कविता-समारोहमा हिजोको दिन 'पागल' शब्द प्रयोग गर्ने कविहरू पनि जम्मा हुनुहुन्थ्यो ।

देवकोटाजीले आफ्नो कविताका पङ्क्तिहरू दोहोऱ्याई तेहऱ्याई पढ्नुभएको मैले जीवनमा पहिलो र अन्तिम पटक देखें/सुनें । त्यसरी पढ्दा नन्दिकेश्वर (शिव) को पेटीमा बनेको मन्दाकाट हात लम्काउँदा भेटिने बेलको हाँगा टिपेर मर्मर्याउँदै गर्नुभएको थियो । सुन्ने/देख्नेहरू अत्यन्तै शान्त थिए । अत्यन्त प्रभावशाली पागल कविता देवकोटा आफैले प्रचण्डस्वरमा दोहोऱ्याई तेहऱ्याई सुनाउँदा कुनै कविले पनि आफै पनि मसाई लाग्छ, साँसै फर्न बिर्सन्छ थिए । त्यो कविता सुनिसकेपछि बालकृष्ण समले चश्मा फुकालेर मुख पुछ्नुपर्नुएको थियो । यी कुरा र प्रसङ्ग पहिले पनि प्रकाशित भइसकेका छन् । त्यसबेला मैले हिजोको साहित्यिक गोलका सबैजसोको मुखमण्डल नियालेर हेरेको थिएँ ।

आठ वर्षपछि देवकोटाजी बिरामी भएको बेला डा. भिसरले पहिलो पटक 'आयंघाटमै लगेर राख्दा राम्रो हुन्छ भनेर "सल्लाह दिएपछि देवकोटाजीकी बज्यै (श्रीमती) लाई 'दाइलाई यहाँ नराको भएपछि दुई-चार दिनभित्रै दाइका प्रेमीहरूलाई यहाँ ल्याएर दर्शन किन नगराउने ?' भनी मैले सोध्दा उहाँले खुसीसाथ स्विकार्नुभयो । म मोटरसाइकलमा दौडेर आफ्नो विद्यालय पद्मोदयमा आइपुगें । र, आधा बिदाको समय भएकोले सबै साथीहरूलाई अवगत गराएर त्यसैदिन आर बजेपछि हामी सबै शिक्षक शान्ता-भवनमा पुग्यौं । दुःखसुखका कुरा गऱ्यौं र, सोभापछि छुट्टिए देवकोटाले 'भोलिपर्सि पनि भाइ आउनुहुन्छ होइन ?' भन्नुभयो । मैले 'मेरा विद्यार्थीहरू लिएर आउँछु' भनें ।

भोलिपल्टदेखि प्रत्येक कक्षाका विद्यार्थीहरूलाई तीन पिरिएड नपढाउने गरी मिलाएर एक/एक पङ्क्तिबद्ध गरी पद्मोदयबाट क्रमशः दश/नौ/आठ/सात/छ/पाँचका सबै विद्यार्थीलाई सात दिनसम्म लगातार मैले दर्शन गराउन लगें । यो नयाँ परम्परामा सबै प्रभावित भएछन् । पत्रपत्रिकामा लेखहरू निस्के । समाचारहरू निस्के । आठौं दिनदेखि प्रधानाध्यापक रामजीप्रसाद शर्माले जुधशोदय पब्लिक हाइस्कूलका विद्यार्थीहरूलाई पनि यसैगरी लगें । त्यसपछि कान्ति ईश्वरी विद्यालयका प्रधानाध्यापक जोशीले त्यसैगरी ठूलाठूला कक्षामा पढ्ने विद्यार्थीदेखि अरू विद्यार्थीहरूलाई समेत क्रमशः लैजानुभयो । र, विचन्द्रकलेजका विद्यार्थीहरू पनि गए । यसैगरी पाटनका केही विद्यालयहरूले पनि विद्यार्थीहरू लगेर देवकोटाको दर्शन गराए । प्रथमतः त्यो नयाँ परम्परा सुरु भएकोमा र देवकोटाजीको दर्शन गराएकोमा मैलेसमेत कमसी प्रशंसा पाएँ र ? त्यसबेला मलाई देवकोटाको पक्षधर भनेर, नातेदार भनेर कसैले पनि टिकाटिप्पणी गरेको पाइनँ । अरु त्यसरी प्रचार गरेकोमा साधुवादै पाएँ ।

२००८ सालको कुरा । पत्रपत्रिकाहरूले महाकवि त मैले मैले, उहाँलाई युगकवि, राष्ट्रकवि, युगद्रष्टाकवि, प्रखरकवि आशुकवि आदि विशेषणले पत्रपत्रिकाहरूले , बाहिर भित्रैबाले सम्मान गरेका थिए । वास्तवमा २०११ सालको कवि विरोमणिको श्रृंगारोहणलाई कवि लेखक साहित्यकारहरूको सम्मान गर्नुपर्छ भन्ने दृष्टिकोणको पराकाष्ठा मान्नेहरू छन् । तथापि प्रकारान्तरले कवि साहित्यकारहरूको सम्मानको क्रममा

ल्हासामा देवकोटाको शतवार्षिकी

डा. तुलसी भट्टराई

"आकाश छुने पहाड जस्तो सुनचुडे लामाको सुनको दाना दरबार अजङ् त्यो दले लामाको ।"

• २०५६ असार तीन गतेका दिन ल्हासाको नोर्बुलिङ्खास्थित नेपाली महावाणिज्य दूतावास परिसरमा स्थापित महाकवि देवकोटाको मूर्तिमा यही पङ्क्ति गुनगुनाउँदै माल्यार्पण गर्दैथियौं हामीहरू । देवकोटाको शतवार्षिकीका अवसरमा हाम्रो टोली त्यहाँ पुगेको थियो । अघिल्लो दिन २ गते नै हामी ४६ जनाको समूह कैलास होटलमा झरन झरन पुगेका थियौं । ३ गते बिहान पोतला दरबार भ्रमणपछि तिब्बती लेखक कलाकारहरूद्वारा आयोजित समारोहमा सहभागी भयौं । दिउँसो तीन बजे नेपाली दूतावासमा हाम्रो कार्यक्रम थियो ।

- त्यति ठूलो नेपाली प्रतिनिधि समूह सम्भवतः पहिलोपल्ट थियो । 'नेपाल-चीन जनता-जनताबीच सांस्कृतिक आदानप्रदान' नामबाट हाम्रो यो विशाल समुदाय त्यसतर्फ प्रस्थान गरेको थियो । साहित्यकार, कलाकार, सङ्गीतकार, व्यापारी, उद्योगपति समेतको संयोजन भएको यो टोली दूतावास पुग्दा महावाणिज्यदूत डङ्गन्द्रप्रसाद र अन्य पदाधिकारी-कर्मचारीहरूले हामीलाई स्वागत गरेका थिए । त्यसपछि हामीले महाकविको मूर्तिमा माल्यार्पण गऱ्यौं । माल्यार्पणपछि त्यहीको सभाकक्षमा देवकोटा शतवार्षिकी समारोह मनायौं ।

- समारोहमा हाम्रो टीसीबाहेक ल्हासास्थित नेपालीहरूको पनि उल्लेख्य उपस्थिति थियो । ल्हासाजस्तो ठाउँमा दुई सयभन्दा बढीको उपस्थितिमा महाकवि शतवार्षिकी समारोह मनाउन पाउँदा आनन्दित थियौं हामीहरू । देवकोटाको स्मृतिमा भव्य योजना थियो यो ।

- तिब्बत स्वशासित क्षेत्र साहित्य तथा कला महासंघका अध्यक्ष सोनाम सिदार, विभागका मितो ल्यु, महावाणिज्यदूत डङ्गन्दप्रसाद नेपाली प्रतिनिधिमण्डलका मोहनाथ प्रश्रित, रामबाबु सुवेदी, डा. तुलसी भट्टराईहरूले नेपाल-भोट-चीन सम्बन्धबारे चर्चा गर्दै यसैको एउटा महत्वपूर्ण कडीका रूपमा महाकवि देवकोटाको मुनामदन र ल्हासामा देवकोटाको प्रतिमा स्थापना भएको चर्चा गरेका थिए ।

"आखिर ठूलो सुनको छाना सोभामा सुतायो मैदानतिर पोतलामुनि ल्हासा नै मुस्कायो ।"

- देवकोटाको मुनामदनका पङ्क्तिहरू त्यसबेला गराइएका थिए ।

• २०५८ असार १० गतेका दिन तात्कालीन महावाणिज्यदूतको सत्प्रयासमा महाकविको मूर्ति स्थापना-अनावरण कार्यक्रम भएको थियो । तिब्बत जनसरकारका उपाध्यक्ष छिरिङ ताम्दुले त्यतिबेला नेपाल-भोट सम्बन्धको एउटा प्रमुख सेतुका रूपमा देवकोटाको मूर्ति स्थापना भएको कुरा चर्चा गरेका थिए । त्यस कार्यक्रममा पनि म सहभागी भएको थिएँ । अनि फेरि आठ वर्षपछि -२०६६ असार ३ गते महाकविको शतवार्षिकीमा पनि उक्त ठाउँमा पुगेर मनाउन पाउनु मेरो निम्ति बिधिकै संयोग थियो ।

कल्पनाको प्रति राम्रो सन्तुलन अन्यत्र दुर्लभ छ ।

यो कविता सम/विषय मात्राका योगसँ बन्ने मात्रिक छन्दमा लेखिएको छ । कतै १२१६ को अवस्था छ भने कतै आठै त्यही उन्टिएर १६१२ को अवस्था पनि रहेको पाइन्छ । उच्चार्य मात्राहाइ व्यत्यर्थिक वितरण निरूद्देश्य छैन । सोद्देश्यक छ । लयको एकतानले ल्याउने तरमाइलोपनलाई यसले रोकेको छ । कतै तीलतील पङ्क्तिका जोडीबाट बनेका छोटा अनुच्छेदसम्म विस्तारित यस कविताका पङ्क्तिपुञ्जका आदि मध्य र अन्त्यानुप्रास मिलाएर कविले रोचकतालाई सशक्त बनाएका छन् ।

अलङ्कारलाई योजनाबद्ध किसिमले देवकोटाले कविमा प्रयोग गरेनन् । भावनाको सागरमा कल्पनाका नायुपङ्खी घोडा चढेर मनोवेगमा दौड्ने देवकोटाका कवितामा अलङ्कार सहज, स्वस्फुर्त किसिमले आउने गरेको देखिन्छ । प्रथमत सिङ्गो कविताका सन्दर्भलाई हेर्दा सन्ध्या रूपक अलङ्कारमय छ । कविताभित्र पसेर त्यहाँका सम्भावना नियाल्दा उपमा, अतिसयोक्ति, समासोक्ति, रूपकातिसयोक्ति जस्ता अलङ्कार सहज, सम्वेद्य रूपले प्रकट भएका छन् । अलङ्कार भणिति भङ्गिमाका निमित्त र अर्थ चमत्कारका निमित्त सचेतशील कविहरूले उद्देश्यमूलक किसिमले आयोजना गर्दछन् । काव्यात्मक आवेग तीव्र भएका कविहरू विशेष व्यवस्थापूर्वक अलङ्कारको आयोजना आमन्त्रण र आराधना गर्न ल्याउँदैनन् ।

देवकोटाजस्ता कल्पनाको विमानमा सवार भएर विश्व ब्रह्माण्ड परिभ्रमण गर्ने कविका कवितामा अलङ्कारको आयोजित होइन, सहज प्रकटित रूप र यथाकथा त सम्मावित र अस्फुटित छुट्टमलाबस्थामा नै चित्त चुम्काउनुपर्ने हुनसक्छ । यस्तो हुनाको एउटा कारण कल्पनाबेग हो भने अर्को कारणचाहिँ भाव सङ्कलता हो । एक भावले अनेकौं हाँगा हाल्दै गएर समग्र कवितामा अभिव्यक्ति समग्रताबाट मात्र मूल भावसँग अन्वय गरी अन्य शाखा भावलाई समेत जोडेर कविता बुझ्नुपर्ने प्रवृत्ति आवेगशील कविका कवितामा पाइन्छ । देवकोटामा यसको मात्रा निकै धेरै छ र यस प्रवृत्तिबाट सन्ध्या कविता पनि मुक्त छैन ।

समष्टिमा सन्ध्या देवकोटेली प्रकृतिपरक कवितामध्येको एउटा उत्कृष्ट कविता हो । प्रकृतिलाई नै आलम्बन बनाएर कविता लेख्ने स्वच्छन्दतावादी प्रवृत्तिका कवि भएकाले यहाँ उनले बेसुरीपक्षलाई रामी सुर-सुन्दरीका रूपमा उभ्याएका छन् । यिनै सुर-सुन्दरीका काख्ना जगत सुख्ख र अनेकौं मल्का देख्छ । विहानी भएपछि यी लजालु परी सुटुक्क भाग्छिन् । प्रत्येक बेसुरीपक्ष नियमित रूपमा आएर हामीलाई सभ्यता निर्माणको सन्देश दिन्छिन् भन्ने आफ्नो मूल काव्यप्रवृत्ति अनुरूप नै मान्छेको असल गुरुका रूपमा यहाँ पनि प्रकृतिलाई नै औंल्याइएको छ । "आनु कहाँ पढ्नु के गुरुको बनाई ?" भन्ने प्रश्न गर्दै त्यसको उत्तरका रूपमा "फुल्दो गुलाबबीच ज्ञान अनेक फुल्छन्, उद्यानमा बस गई सब तत्व खुल्छन्" भनेर उत्तर दिने कविले यहाँ पनि यदि दिनदिनै सन्ध्यारूपी सुर-सुन्दरी आएर हामीलाई समसुम्याएर लखुताउने हो भने रुँदियाँ र उपियाँको दर्शनमा लागेर मान्छे आफैं सिद्धिन्थ्यो भन्ने प्रच्छन्नभाव व्यक्त गरेका छन् । ऋग्वेदको उपस्सूक्तमा उपस्सूक्तलाई यस्तै घेरगादायी विश्वधात्रीका रूपमा चित्रण गरिएको पाइन्छ । व्यतिरेकी किसिमले देवकोटामा उपस्सूक्तको प्रभाव परेको छ पनि भन्न सकिन्छ ।

❖❖❖

देवकोटाजीलाई नै युगकवि, राष्ट्रकवि, युगद्रष्टाकवि, आशुकवि र प्रखरकविका साथै महाकविको विशेषण टासिए नै राख्यो । आजसम्म पनि त्यो मान्यताले छुँदैछ । यसको श्रेय विशेषगरी तत्कालको आवाज (दैनिक समाचार) लाई छ । देवकोटालाई यस्ता विभूषणहरू कुनै सरकारले दिएको होइन । केवल हामीजस्तै साहित्यसेवीहरूले दिएका हौं ।

यस्तै क्रममा म २००३ सालमा पुग्छु । पद्मोदयका शिक्षकहरूमध्ये कतिपय उहाँसँग सम्बन्धित थिए । पद्मोदयको प्रारम्भ दिवस भव्यताकासाथ मनाइने भयो । तत्कालका महाराज पद्मशम्सेर आफैंले उद्घाटन गर्ने भए । देवकोटाजीकहाँ गएर प्रधानाध्यापक लगायतले अनुरोध गरेपछि स्वागतगान र सरस्वती वन्दना रचेर देवकोटाले दिनुभयो । त्यसैमा गुप्त सेनले लय भरेर उद्घाटनको बेला सभरा विद्यार्थीले गाएका थिए । त्यही स्वागत गान आजसम्म पनि गाइन्छ ।

त्यो 'सरस्वती वन्दना' पनि त्यसै दिनदेखि आजसम्म पद्मोदयमा पढाइ सुरु हुनुभन्दा पहिले प्रत्येक कक्षामा प्रार्थना गरिन्छ । यो परम्परा आजसम्म टुटेको छैन । यो क्रम महत्वपूर्ण कुरा होइन । पद्मोदयकै नामबाट पान्सा तानसेनमा एउटा अर्को विद्यालय स्थापना गरी काठमाडौंको पद्मोदयमा गाइएजस्तै त्यही सरस्वती-वन्दना त्यहाँ पनि गाइन्थ्यो भन्ने मलाई जानकारी प्राप्त भएको थियो । त्यो क्रम अहिले चलेको छ छैन मलाई थाह छैन ।

पद्मोदय विद्यालय खोल्ने स्वीकृति प्राप्त भइसकेपछि चालु भएपछि त अधिराज्यबाट ठूलो सङ्ख्यामा विद्यालयहरू खोल्ने अनुमति माग गरियो । त्यसपछि पद्मशम्सेरबाट २५६ वटा विद्यालयहरू खोल्नको लागि स्वीकृति प्राप्त भयो । यो क्रम आधा वर्षभित्र सम्पन्न भयो । यो शिक्षाको क्षेत्रमा अभूतपूर्व क्रान्ति हो भन्न सकिन्छ । र, यही शैक्षिक उदारता नै श्री ३ पद्मको राज्याधिकार समाप्तिको एउटा बीजारोपण हो भनिदिए हुन्छ । महाकवि देवकोटाको त्यो गीत कति लाखले गाए होलान्, कति लाखले सुने होलान् र कतिले कसरी श्रद्धा गरे होलान् ? यो त भन्ने सधिन्न ।

महाकवि देवकोटा अत्यन्त रमाइला प्रकृतिका थिए । जसले जे भने पनि नाइँनास्ती गर्ने उनको बानी थिएन । कुनैबेला विरोध गर्नुपरे बहुविषयक व्याख्या गरेर विषयवस्तु नै बेपत्ता पारिदिन्थे । मानौं कि, पशुपति जाने कुरा उठ्यो र उनलाई जाने मन छैन भने त्यसै विषयमा पशुपति कस्ता हुन् ! के हुन् ! भनेर सम्वेतान व्याख्या गरेपछि सुन्ने मानिस जिन्न पर्थे । समय गएको थाहा नै हुँदैनथ्यो । यसरी मानिसलाई कुरै कुरामा भुलाएर उसलाई पटयार नलाग्नेगरी मुलाइँदैन र अल्मलाइँदैन कला उनमा थियो । भनि भन्थें, हामी पशुपति पुगेर आइपुग्यौं ! यसो भन्दैमा उनी नास्तिक थिए भन्न खोजिएको होइन । उनी बेला बेलामा पुशपति घुम्थे र एउटा पाटीमा वा पैटीमा बसेर कविता रच्थे ।

देवकोटा पनि एक मनुष्य नै थिए । उनमा पनि भोग, तृष्णा, रिस, राग, द्वेष अवश्य हुन्थ्यो । तर त्यो सबै व्यक्त गर्ने माध्यम लेखन हुन्थ्यो र उनी लेखनद्वारा आफ्ना पीडा वेदना र उत्कण्ठाहरूलाई कलात्मक पारोले अर्कै परेर व्यक्त गर्थे । र, शान्त हुन्थे । देवकोटाले सीधै कसैलाई कहिल्यै गाली गरेनन् र मन बिझाउने काम, मन दुखाउने काम पनि गरेनन् । पीडा भए पनि मनमै राख्ने र मलाई केही भएको छैन भनी प्रतिक्रिया दिने गरे । यस प्रकार कसैलाई कसैको आँखामा नमिझाउने स्वभाव थियो देवकोटाको । र, पनि उनले धाम्नै नसकेको भन्न सकिने एकपल्टको रिसको प्रमाण नेपाली

वाङ्मयको अमरकृति 'मागल' भयो भने एकपाटको माइ मधुसूदनको कुस्ताकुस्तीको विवरण वा बयान पनि किन्दु पाठ्यशैलीबाट प्रकाशित भएकै छ।

देवकोटाले सुलोचना लेखेर नबी दिनका सके। त्यो लेखा उनले मुनी ब्राह्मण परिवारको सदस्यलाई ६८ वटा शब्दले गाली गरेका छन्। जुन सङ्केतात्मक रूपमा छ। पढ्ने मानिसले गम्भीर भएर, ध्यान दिएर पढ्यो भने थाहा पाउँछ। उनको गाली त्यस्तै हुन्थ्यो।

पशुपति गुहेश्वरी घुम्दा प्रायः गुहेश्वरी-होकको पीपलको चौतारोमा र मृगस्थलीको पीपलको चौतारोमा प्रायः दुई-चार मिनेट बस्थे। र, सम्बन्धित विषयवस्तुको व्याख्या गर्थे। यस्तो कि कहिले पीपलको पातको मात्र व्याख्या गर्थे, कहिले मन्दिरको गजुरको टुप्पोको मात्र व्याख्या गर्थे उनको बानी थियो। 'पूरै गजुरको व्याख्या गरौं न त' भन्दा 'यसरी व्याख्या गऱ्यो भने समय लाग्छ र एउटा बृहत् शास्त्र नै सुनाउनु हुन्छ। त्यसको लागि लामो समयको जरूरत पर्छ, भन्थे। ने भन्दा पनि म लेख्छु/गर्छु नभनेर गर्नुपर्छ सेल्नुपर्ने भन्ने स्वभाव थियो देवकोटाको।

देवकोटा एकछोरो प्रकृतिका पनि थिए। कुनैबेला नवनीकल धमण्ड गरिहाल्थे। उदाहरणका लागि देवकोटाको झ्याउन तयार गरिएको शाकुन्तलले मारेमा छुटफल हुँदैथियो। पण्डित सोमनाथ सिग्देलले भन्नुभयो-'महाकाव्य लेख्नेपछि महाकाव्यका लक्षणहरू पूरा गरिनुपर्छ।' उनको सङ्केत थियो- देवीदत्त पराजुलीले वि.सं. १९९८ मा कविताका ८ खण्डलाई एकीकृत गरेर नामकरण गरिएको 'कविता कस्तुभ' का बारेमा। तर देवकोटाले मेरै शाकुन्तलको बारेमा सोमनाथले नियम र लक्षण पूरा नभएको भने भनेर जोसिङ्हानें - 'न यहीं बसेर जोडले नै सस्कृत भाषामा महाकाव्य लेख्न सक्छु, महाकाव्यका सबै लक्षण पूरा गरेर।'

क्रमाङ्कको सन्दर्भमा म माष्टरी गर्ने बालेपाँचिको कुरा गर्दछु। कलैको घरमा पढ्नुउन जानुछ भने सरदर ट्युसनको आरम्भ अर्थात् एउटा व्यक्ति शिक्षकको घरमा गएर पढ्दा पचिस रुपैया माग्छ भने शिक्षक स्वयम् विद्यार्थीकोमा गएर पढ्नुउन जाँदा एकसय रुपैया नियम बनाएका थियौं देवकोटा र मैले। यस्तो नियम मैले सधैं पालना गरें र उसले पनि पालना गर्नुभयो।

देवकोटा एउटा कलेजमा मात्र पढाउनुहुन्थ्यो। अरू जम्मे ट्युसन। म दुई/तीनवटा स्कूलमा पढाउथें र ट्युसन गर्थें। बिदाको दिनमा मलाई अति आउँथे तिनीहरूलाई निःशुल्क पढाउथें। तर उहाँ जहिलेसुकै निःशुल्क पढाउनुहुन्थ्यो।

२००८/९ सालको कुरा हो। ट्युसनबाट मात्रै देवकोटा त्यसबेला पनि मासिक हजार रुपैयाभन्दा बढी कमाउनुहुन्थ्यो। म पनि पाँच सयभन्दा बढी कमाउथें। हाम्रो ट्युसन पढाउने समय एक घण्टा हो। कहिलेकाहीं म डेढघण्टा पनि पढाउथें। तर देवकोटाचाहिँ धेरैजसो तीन/चार घण्टा पढाउनुहुन्थ्यो। उहाँ कम रेगुलर हुनुहुन्थ्यो, म बढी रेगुलर हुन्थें। तर दुवैजना पहुचुएल थियौं। त्यसबेलामा तलब राजुएट अफिसरको रु. ४० देखि ६० सम्म थियो भने हामी कलिघटा राजुएटको तलब कमाउँथ्यौं त?

त्यसबेला सपा तोरीको तेल कुरुवाको सात-सुका थियो। घीउ, बिसौनी (घानीको आधा) को तीन रुपैया पथ्यो र हाँसको फुल एक मोहरको ३१ ओटा पाइन्थ्यो। आठ पैसामा एकपाउ पिठा पाइन्थ्यो र त्यसैले पनि खाम कठिन पथ्यो एकजना मानिसले। अहिलेको भन्दा तीनगुना ठूलो लालमोहन पाँच पैसामा पाइन्थ्यो भने अति खाने र घरमा सामान अति खरिद गर्ने?

कुर्सि देवुलभन्दा सुकुलको बसाई नै बढी प्रेरणादायी ठाने। धेरै पढेका कवि र ऋषिले आ-आफ्नै ज्ञान अनुशासनका उपमेयले हेरिँदै आएकी सन्ध्यालाई एउटा छुट्टै व्यक्तित्व दिएर मानप्रकृतिको यशोगान गरेका छन्। समय सुन्दर पनि हुन्छ र असुन्दर पनि हुन्छ। जसको मनोभाव जस्तो छ, प्रकृति त्यस्तै प्रतीत हुन्छ। फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार लाई बुझून देवकोटाकी सन्ध्या कविता आनन्दले पढन सक्नुपर्छ।

सन्ध्या वि.स.१९९६ को शारदामा प्रकाशित प्रकृतिपरक कविता हो। यसमा कविले सन्ध्यालाई मानवीकरण गरेका छन्। सन्ध्या साँझपक्षको समानवाचक सस्कृत तत्सम शब्द हो। सन्धि यत् टाप, वा सम् धे अङ् टाप भएर सन्ध्या शब्द व्युत्पादित हुन्छ। मिलाप, जोड, प्रभाग या विहान र बेलुकाको समय भन्ने ने यसको प्रमुख अर्थ अहिले लोकमा प्रचलित छ। ब्रह्माकी पत्नीको नाम पनि सानिन्छ। प्रातःकाल, मध्याह्नकाल र सायङ्कालमलाई पनि सन्ध्या नै भनिन्छ। अमरकोषमा "दिनन्धाभय सर्वरी" भनेर दिवास सन्ध्या जनाइएको छ। देवकोटाले सन्ध्या भनेर बेलुकिपक्षको यामको प्रायः चित्रण गरेका छन्। "रजतदिवाकर उनका करमा बने सुनौला थाली" भन्ने पदले पनि बेलुकालाई नै सङ्केत गरेको देखिन्छ। यसमा सन्ध्या बेलुकीको साँझ नै हो भन्ने जनाउन कविले "अस्ताचलतिर सन्ध्या ओलिन्" भन्ने वाक्य प्रयोग गरेका छन्। घाम डाँडामा बसेपछि साँझ पर्नुभाने नेपाली भूभागहरूको विशेषता यहाँ वर्णित छ। घाम डाँडामा बसेपछि घामका किरण पहेंलिन थालछन्। सेतो हिउँमा पहेंलिएका सूर्यको किरण पर्दा सुनौलो रंग देखा पर्दछ। यस्तो सुनौलो आभा हरेक डाँडा पाखामा परेपछिको अवस्थालाई कविले "झम्को गिरिवर चम्मयो अम्बर" भनेर सम्बोधन गरेका छन्। यो अवस्था विहानको सूर्योदयको बेला पनि देखिन्छ। परन्तु रजत रमक दिवाकर विहान हुँदैनन्। विहानका सूर्य अरुण रगका हुन्छन्। यसैले यो कविताको सन्ध्या "परी" साँझको बेला नै हो।

यो कविता देवकोटाको काव्ययात्राको प्रथम चरणका प्रकृतिपरक कविता मध्येको एक हो। यसमा सन्ध्यापरीलाई मानवीय व्यक्तित्व प्रदान गरिएको छ। सन्ध्या हलुका पैर उचाली बिलोकबाट भूलोकतिर झर्छिन्। यी अमित उज्याली छन्। जिनको वदन गुलाबी छ। जिनले सुनौलो रोशन गएको आभूषण लाएकी छन्। यिनी मस्तमौवना नेपाली तरुणीका रूपमा कवितामा चित्रित छिन्। सन्ध्याकै अनुपम उपहारस्वरूप संसारले सपना देख्दछ। सपना अनेक सम्भाव्य मानव कल्पना पनि हो र मानवले सुतेका बेला हाम्रो सुषुप्त चेतनामा आउने कार्य व्यापारयुक्त गतिविधि पनि हो। यसैले यसमा स्वास्थ्यविज्ञान र कल्पना सिद्धान्त पनि प्रयोग भएको छ भन्न सकिन्छ।

प्राकृतिक सौन्दर्य चित्रणका निमित्त उपयुक्त मानिने कोमलतर कोमलवर्ण मुग्धक (शब्द समूह) को चयनका कारण सन्ध्या कविता देवकोटाका सुन्दरतम कवितामध्येको एउटा बन्न पुगेको छ। सन्ध्याको दैनिक आगमन बिनाकारण नभई सकारण देखाइएको छ। मान्छेलाई सपना देखाएर असीम जगतको सीमा पार पुऱ्याई सुन्दरतम जीवनको चासनी चखाएर हिंसा, हत्या, आलस्य, क्रोध, पतिशोध आदिबाट उन्मुक्त बनाएपनि संसारमा पुऱ्याउन सक्ने सामर्थ्यको पनि सुन्दर वर्णनका कारणले कवितामा भावना र कल्पना दुई समान वेग र जलमाथि भएका नदी जसरी चुल्ठी परेर बगेका हुन्छन्, ठीक त्यसैगरी भावना र कल्पनाको समानान्तर चुल्ठी परेको छ। भावना र

कोमल, बालरूपको छ भने "शाकुन्तल" महाकाव्यको प्रकृति कतै कुद्ध कतै धीर गम्भीर अनि कतै बाहिँ ठाडो खँगाबाट गज्गज् भिजे जङ्घेर छहछहाएर भुई छेड्नेगरी ओइरिएको वेगवान् गङ्गाजस्तै रहेको छ भने कतै बाहिँ विशुनी नदी बहानमा चेप्टिएर भासिएर गहिरिएर सांघुरिएर त्यसको असली रूप हामीले देख्न नसक्ने बनेको जस्तै भएको छ। "मुनामदन" र "कुञ्जिनी" की प्रकृति पनि बहरङ्गी रहेको पाइन्छ। पुरुष स्थिर भएकाले उसमा रूपायन हुँदैन। ऊ गम्भीरामक हो। बीजवपक हो। प्रकृतिमा विकृति आएर नै सृष्टि हुन्छ। प्रकृति ग्रहणकर्वी हो। प्रेयसी हो र पत्नी हो। सेविका हो र जननी पनि हो। त्यसैले साङ्ख्यदर्शनमा झैं फुराको वर्णन पाइन्छ। देवकोटामा पनि साङ्ख्यदर्शनको प्रचुर प्रभाव परेको देखिन्छ। रगतका आहालमा सूर्य डुबेको देखे देवकोटाले आजको नेपाली हिंसा हत्यालाई देख सुन्न र भोग्न पाएका भए ... "यहीं पृथ्वी कांपी ..." भन्ने देवकोटाले सुनामी र यस्तै अनेकौं सामुद्री आँधीका कृत्यलाई टिभीमा हेर्न रेडियोबाट सुनेर पत्रपत्रिकामा पढेर आफ्नो कल्पना तिखार्न पाएका भए र आजको यातायातका सुविधा भोगेर भौगोलिक र जलवायुगत गौरङ्गीपनलाई साक्षात्कार गर्न पाएको भए उनका काव्य र निबन्धमा प्रकृतिको कति सजीव, सुन्दर र विशद रूप उतिन्थ्यो होला ! भन्ने मात्र कल्पना गर्न सकिन्छ। "मायाविनी सरसी" "सृजामाता" ज्वरशमना प्रकृति झन्काएप्रति जस्ता कवितामा प्रकृतिका अनेक रूपको चित्रण पाइन्छ। जसरी एउटै डाँफेचरीका शरीरमा भिन्नभिन्न नौरङ्गी रंग देख्न पाइन्छ, त्यसरी नै देवकोटाको एउटै कुनै कृतिभित्र प्रकृतिका अनेक रूपाकारको दर्शन गर्न पाइन्छ। प्रकृतिको यो विविध रूप या त संस्कृतका महाकवि कालिदासका कृतिमा पाइन्छ या त देवकोटाले नै यसलाई प्रचुर प्रयोग गरेका छन्। अङ्ग्रेजीका सेली र शिल्लीका निरालाले पनि एउटै कुनै कृतिमा प्रकृतिका यति धेरै रूपको चित्रण गर्न सकेका छैनन्। साथ अनुसार प्रकृतिको रूप आफ्नर सिर्जने देवकोटा समय, वर्षा, बतास, घाम, पहर, वृक्ष, लता, भीर, पाखा, नदी, खोला, सहर, गाउँ, सजीव, निर्जीव, क्रोध, शान्ति, बालकपन, युवापन, वृद्धपन, गम्भीर, चिन्तनयुक्त, ऋषिपनका साथै बचकाने प्रकृतिमा परिभ्रमण गर्न पुगेका छन्। यो नै देवकोटाका काबाकी पाइन हो।

छन्दका क्षेत्र नियमको अभ्यास नगरीकनै वार्णिक, वर्णमात्रिक र मात्रिक छन्दमा उनले जनगन्ती कविता पङ्क्ति सिर्जना गरेका छन्। भनिन्छ अक्सै छन्दकी साधना आराधना गरे, तर देवकोटाका पंक्तिपंक्ति छन्द आफैं कुदेर आए : क्षणक्षा गङ्गि गोपिनी सङ् परेर आएजे देवकोटाको कल्पना तरङ्ग र भावावेगका पछि अघाबस्ने छन्द बेसुरसँग कुदे। त्यसैले चतुष्पदी मानिएको वर्णमात्रिक छन्द ढाँचालाई उनले उनन्चालीस पदीसम्म बनाइदिए। देवकोटाका कविता कतै द्विपदी कतै त्रिपदी, शप्तपदी, पञ्चपदी र एकोन चत्वारिंशत्पदी बनाएर देवकोटाले लय ढाँचाको नव्यता सिर्जना गरेका छन्। परम्परित लय ढाँचामा यो नर्वापन सिर्जना गरेर उनले नेपाली साँगा छुहराको शक्तिबत्तीको पूजा गरेको मान्न सकिन्छ। नेपालका पाखा पखेरा खोँपखोल्लामा गुञ्जेर रहेको म्याउरे लयलाई काव्यमा स्थान दिएर पहिलोपल्ट उनले नै नेपाली युवायुवतीका मनलाई महिमामण्डित बनाए। पहाडी जीवनका उकालो ओरालीको गौंडागलछेडाको दुःख र दर्दको सङ्कलन र विशालताको सौन्दर्य निबन्धमा उतारेर नेपालदेशीय प्रकृति र जीवनशैलीलाई परिचय गर्न कला पनि हामीलाई उनैले सिकाएका छन्।

२००४ सालको घटना, मोहन शमसेर श्री ३ हुँदा चामल कमी भयो भनेर बाहिर (तराई) बाट मगाइएको चामल नेपालमा पहिलोपटक कोटा बिस्टमबाट एक रूपैयाको पाँचमाना वितरण गरिएको थियो। त्यसबेला पत्र-पत्रिकाले महँगो भयो भनेर आलोचना गरेका थिए। त्यसबेलाकी युगमा देवकोटाको कमाइ के तुलना गर्न सकिन्छ ? त्यति धेरै कमाइ हुन्थ्यो देवकोटाको।

यसरी हेर्दा समष्टिमा देवकोटा प्रशस्त कमाउँथे, र खर्च गर्ने ठाउँ थिएन। यदि उनी गरीब थिए भन्ने प्रमाणित गर्न खोज्दौं भने कतैं पनि ठाउँ छैन। अभाव त मेरो हिसाबमा अव्यवस्था थियो। देवकोटा उदार प्रकृतिका र उहाँकी श्रीमती मनदेवी हरेराम पाटोवी। आज भ्रान्त भएको कमाइ देवकोटाको खल्तीमा भोलिपल्ट शेष रहन्थ्यो।

उहाँको घर पाकोढँटको सीतलले थियो। मात पकाउने बाहुनी बज्यै र धन्दा गर्ने मान्छे थिए। बज्यैले कतिलै पनि भात पाकाइदिन्। उनी धेरैजसो पूजाआजामा समय बिताउँथिन्। उनी हरेकोतेगमण्डलमा सर्वोत्तमो बाँचिन्, भेटी भुलभाला अक्षतारक्षित। त्यसबेला हरिकीर्तन मण्डलमा जानेको घरबार ठीक हुँदैन थानिन्थ्यो।

देवकोटाको ओछ्यान मैलोधैलो अस्तव्यस्त भए पनि लगाउने लुगा सफा हुन्थे। उनको लुगा धन्दा गर्ने बज्यै धोइदिन्थिन्। तर देवकोटा सुते तन्ना किन छोइन्थ्यो ? त्यो सफा किन हुँदैन्थ्यो ? थाहा छैन। जब कि मनदेवीको अगली खाटमा तन्ना सधैं सफा र सेतो बिछ्याएको हुन्थ्यो। उनी निइ एक्ल किन भएर बस्थिन्/सुतिन्।

आफ्नो हुन पाउँदा कसैलाई पनि गर्व गर्न मन लाग्दो रहेछ। म देवकोटाको त्यस्तै प्रियपात्र भएको छु। स्नातकहरूको प्रतियोगितामा म प्रथम भएँ भनेर देवकोटाजी ततकालीन तालुकवाला जनरल र शिक्षाका सबै अधिकारी र प्रोफेसरहरूको बीचमा मलाई बोकेर सरस्वती सदनमा नाच्नुभएको थियो भने म पनि उहाँको मसेरा भाइ हुन पाएकोमा गर्वानुभूति गर्दै र गर्दछु पनि। त्यसैले पनि उहाँको भित्र बाहिर नै साथ दिने एउटा मान्छे बन्न पुगें। उहाँको जीवनकालमा मैले अति पनि सङ्गत गर्न पाएँ, जान्न बुझ्न पनि पाए र उहाँले खोज्नुभएका गोप्यतम कुरामा प्रकाश गर्न हुने कतिपय कुराहरू अवसर अनुसार मैले प्रकाश पारेकै छु। र, उहाँ दिवङ्गत भएपछि पनि उहाँको प्रभिमन साधकाव्यको पाण्डुलिपी अलग अलग ठाउँबाट जम्मा गरी प्रकाशनार्थ नेपाल्लाई २०२५ सालमा बुझाइदिएको हुँ। र, त्यो प्रकाशित भयो र अर्को संस्करण आउनसम्म आएको छैन।

विश्वविद्यालयको पाठ्यक्रममा परेको प्रथिमस महाकाव्य समेत २५ वर्षदेखि आजसम्म दोस्रो संस्करण किन आउन्न ? विश्वविद्यालय, साना प्रकाशन, प्रज्ञा-प्रतिष्ठान र देवकोटा मेरा हुन् भनेहरू किन प्रकाशित गर्दैनन् ? यसको अर्थ ती व्यक्तिहरू देवकोटाप्रति कम श्रद्धा राख्ता रहेछन्। जनताका छोरा हुन् भन्ने कुरा त ठाउँ-ठाउँका साहित्यकारहरूले देखिइरहेका छन्। रचना र लेखहरूले देखाइरहेका छन्। नेपाली साहित्यका बलसुद्धा देवकोटा हुन् भन्ने कुरामा त अर्को मत पनि छैन।

मलाई दुःख लाग्छ, उहाँहरूबाट लेखहरू नैजानेहरूले के कारणले अझै पनि लुकाइरहेका छन् ? कमसेकम ती पाण्डुलिपी दराजमा राखे झाडु मरे पनि छोराहरूले त्यति बिबेक प्रयोग गरेर बुझाइदिए हुने थियो। हैन र !

(व्यास-लेखक, गणेश-सम्पादक)

सुधारवादी महाकवि

✍ श्यामदास वैष्णव

विचार घुस लेजिला, हृदयमा उज्यालो भर !
अँधेर निशिमा परैं, किरण छाक्न हे सुन्दर ।

महाकवि देवकोटाको उद्गार हो यो । उहाँले देशलाई 'घर' सम्झेजस्तो लाग्छ-चिन्तन गर्दा । अँधेरोमा जन्मेकोले उज्यालताको आराधना गरेको सम्झन सकिन्छ यसलाई-अभ्यन्तरबाट कवि हृदयबाट व्यक्त । हुन त कविको जन्म नै लक्ष्मीपूजाको दिन (औंसीमा) भएको । तर मङ्गसाउँदो औंसी । सम्पन्नताकी देवी लक्ष्मीको आराधना गर्ने उत्सव । यसैले 'तीर्थमाधव घाट-'लक्ष्मीप्रसाद' पनि हुन जानुभयो देवकोटा । जसको विचार साहित्य-क्षेत्रमा झल्कन्थ्यो पनि । यद्यपि औंसीका अँधेरोमा महोदय पर्नुभएन चाहिँ भन्न नसकिने स्थिति देखियो । यसैले 'मेरो छोटा' कवितामा अवस्थाको (आफ्नो) आलोचना समेत गर्नुभएको छ -देवकोटाले । मर्मज्ञहरूले यसलाई -पढ्न र बुझ्न आवश्यक देखिन्छ ।

सिद्धान्ततः देवकोटाज्यू सुधारवादी र उदारवादी देखिनुहुन्थ्यो । "आफू मिटाई अरूलाई दिने" ध्येय दर्शाउनुभएको थियो-प्रश्नोत्तरमा देवकोटाश्रीज्यूले । यही प्रसङ्गमा-पसीना र विवेकलाई पनि जगतमा 'सबभन्दा ठूलो' मान्नुभएको छ महाकविले । जसले-भौतिक र अध्यात्मवाद दुवैलाई अँगालेको मान्न सकिन्छ । 'वन' कवितामा आफ्नो 'सेवाभाव' र 'यात्री' कवितामा ईश्वरत्वप्रतिको धारणा मुक्त सकिन्छ कविको । 'भिखारी'कवितामा युद्धत्व जागेको पाइन्छ उहाँमा । 'गरीब' कवितालै त-कसैलाई 'तपाँ आदर्शमा' ढालेछ पनि । पछि आदर्शमा ढालिने त्यस व्यक्तिले देवकोटालाई भेटी मिठाई खाई 'सत्कार' पनि गरेछ । यस घटनालाई -कविताले प्राणी 'जगाएको उदाहरण' ठान्नु अत्युक्ति हुने छैन । अरू पनि धेरै छन्-कविताको प्रभावमा ज्युतिएकाहरू । जसको विश्लेषण भावी पुस्ताले गर्नुपर्ने अझै नयाँ क्षेत्र हुनेछ (देवकोटाबाट पढ्ने) ।

अघि नै भनिसकियो-देवकोटाज्यू सुधारवादी र उदारवादी हुनुहुन्थ्यो, भनेर । यसबाट हतियारवादीहरू रिसाएको गाथा पनि छ उहाँको जीवनमा घटेको । त्यो के भने-'लाइब्रेरी काण्ड'मा उहाँ दण्डित पनि हुनुभयो-तिलकमणि आदिसित लाग्दा । त्यसैले, कसैको निम्ति अर्थात् शासकको निम्ति-विगारवादी पनि ठानियो देवकोटालाई । मूढताले रजाई गरेको बखतमा 'लाइब्रेरी' खोल्नु पनि असन्तोषको विस्तार गर्न खोजेको ठानियो । जस्तो युवकहरूलाई 'जागरूक' गराउन खोज्यो, भन्ने निर्हुमा- शकराज शर्मा मारिए भनिन्छ । स्थिति त्यस्तो थियो-देवकोटाले जागृति ल्याउन खोजेको समयको । जसलाई शासकहरू-'बढ्ता जान्ने भएको' ठान्दथे । तर अँधेर-निशिमा परेको अनुभूत गर्नेले-'उज्यालोको आराधना' भने गर्न छोड्दैन । विश्लेषकहरूले । 'भौगोलिक त्रुटि' ठान्दाठान्दै पनि-जसले चोट र भोकलाई सहेर पनि, 'पुरुषार्थको परिचय' दिई नै रह्यो ।

छोटकरीमा भन्नुपर्दा- देवकोटाले नरचेको कुनै पनि विषय देखिन्न साहित्यमा । सबै जात, वर्ग र स्थान समेटिएका छन् कृतिमा । काव्य, महाकाव्य, निबन्ध, नाटक, कथा, 'बालगीत' आदि विविध विषय

सन्ध्याका सन्दर्भमा : देवकोटाको चर्चा

✍ डा.डा.कुलप्रसाद कोइराला

महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) लाई भिनाउनु भनेको एकप्रकारले सूर्यलाई बत्ती देखाउनु जस्तै हो, तापनि प्रासङ्गिक क्षेत्रका परिधिभित्र सूर्यलाई नै पनि परिचय गराउने परम्परा लोक प्रचलित नै हो । महाकविका रूपमा देवकोटा धेरै अस्तव्यस्त, अव्यवस्थित र अतिवेगवान् कल्पना पनि तहतह परेर भावनाका खात लागेर आउने नवरङ्गी भावका खोँचखाँचमा आख्यान छुट्ने टुहुरिने र धेरैपछि सम्झेर गोही पत्ता लाएर आख्यानसूत्र समाल पाठक स्वयम् पुग्नुपर्ने अवस्थाका कविका रूपमा चिनिन्छन् । उता यसका नामका पनि अति कल्पनावेगका कारणले र भावको सघन मुलभुले मुस्काका कारण पर्याप्तबाट यही पात्र हो भन्ने कल्पना गर्नुपर्ने अवस्थाले गर्दा पाठकलाई कविलेकाहीँ त एकै पात्र हो कि अर्कै पात्र हो भन्ने खुट्याउनै मुस्किल पर्दछ ।

प्रकृति, मानवता र स्वच्छन्दतावादी अध्यात्मदर्शनका अनुशासन परिधिभित्रको देवत्वका साथै सामाजिक सन्दर्भका सङ्कुलतामा महाकाव्यमा आख्यान, पात्र र जीवनजगत् चित्रिएका परेको छिरिसो, बाक्लिदार रूप निर्माणमा कहिल्यै ध्यान नदिनाले देवकोटाका महाकाव्यलाई दशदिने तेखाइ दशमहिने पढाइका रूपमा रहेका छन् । तीनमहिने, दशदिने र आवश्यकता परे एकै दिनमा पनि एउटा महाकाव्य रचना गर्नसक्ने देवकोटेली उद्योगले उनको काव्यधेगलाई प्रष्ट्याएकै छ ।

देवकोटाको सिद्धिक्षेत्र चाहिँ कविता र निबन्ध नै हो । यद्यपि उनले प्रायः साहित्यका धेरैजसो विधा उपविधामा कलम चलाएका छन् । कथा, नाटक, समालोचना, उपन्यास आदि सबैमा हात हाले पनि कविता र निबन्धमा उनी जति पानीदार भए त्यति अन्यत्र सफलता हात पार्न सकेनन् । पोथीगढका कारणले उनका निबन्धमा समेत काव्यात्मक आस्वाद मिसिएको छ । समालोचनामा उनी प्रसङ्गात् लागे पनि उनको साधनाक्षेत्र यो कहिल्यै रहेन । सन्दर्भ विशेषका बेला उनले लेखेका समालोचना हेर्दा यस क्षेत्रलाई साधना क्षेत्र बनाएका भए सफल समालोचक हुने थिए भन्न सकिने आधार लक्ष्मी निबन्धसङ्ग्रहका भानुभक्त विषयक निबन्ध र कवि शिरोमणि लेखनाथ पौड्याल विषयक निबन्धले दिएका छन् भने "सस्टा देवकोटा द्रष्टा परिवेशमा" भिएका कतिपय सन्दर्भसँगै समेत उनको द्रष्टा व्यक्तित्व प्रभावकारी थियो भन्ने प्रष्ट्याउँछ ।

काव्य र निबन्धमा देवकोटा नवशब्द सिर्जना गर्दै भाषालाई आफ्नो युद्धक्षेत्रका रूपमा चित्रण गर्न पुगेका छन् । मानेदार भाषाले देवकोटाको भावावेगलाई शान्त नसकेकाले उनी बेलाको तार बनेर ज्याइँज्याइँ गरेदिने र चरो बनेर बेइज्जत पिरबिराएर आफ्ना समग्र भाव पोख्न पाए हुन्थ्यो भन्ने कल्पना गर्न पुगेका छन् । प्रकृतिलाई नै आलम्बन विभावका रूपमा वरण गर्दै स्वच्छन्दतावादी विश्वका धेरै कविले प्रकृतिका बहुविध रूपको चित्रण गर्न सकेका छैनन् । देवकोटाले प्रकृतिका अनेकौं रूपको चित्रण गरेका छन् । "भिखारी" कवितासङ्ग्रहको प्रकृति शान्त, सुन्दर,

आग्रहअनुसार पुस्तकालय खोल्नु त्यति अपराध नभएको कुरा अवगत गराएपछि रु १००।- जरिवानाका साथ कागज गरी छाडिदिए । वि.सं. १९९१ सालमा नेपाली भाषा प्रकाशिनी समितिको कामदारमा जागिर खान थाले" (पृष्ठ ८) जस्ता वाक्यले के जनाउँछ ?

"देवकोटा कुशल समालोचक पनि हुन् भन्ने कुरा १९९६ उनको 'स्रष्टा देवकोटा: दृष्टा परिवेशमा' र 'आत्म समीक्षा' भन्ने पुस्तकबाट अवगत हुन्छ ।" (पृष्ठ ११) । कस्तो लेखाइ ?

कमिलमा पनि आफूले लेखेपछि छापेजस्तो कुरामा होसियार हुनुपर्थ्यो -लेखाले ! सम्पादन गर्नेले पनि नाममात्र गरिने काम गर्नुभन्दा नगरिदामा नै श्रेय हुन्थ्यो ।

१) स्मरणीय छ-'साहित्यस्रोत' को सम्पादन हृदयचन्द्र सिंह प्रधानबाट भएको हो ।
२) यी निबन्धका पुस्तक हुन्- कथाका हीइनन् ।
३) प्रसिद्ध प्रबन्धसङ्ग्रहको प्रकाशन १९९८ मा भएको हो ।
४) देवकोटाको मृत्यु २०१६/५/२९ मा भएको हो ।
५) निझारीको प्रकाशन २०१० सालमा भएको हो ।
६) सम्मेलनमा ८ जनाको समूह थियो ।
७) महाकवि देवकोटाको विशेष हुलाक टिकट २०२२ साल कार्तिक ८ गते लक्ष्मीजयन्तीको दिनमा प्रकाशित भएको थियो ।
८) देवकोटाको निधन क्यान्सर रोगले भएको थियो ।

❖❖❖

"जलको छलछल रविको ढलपल
झिलमिल बादल चलमल पात
घाँस झिरीना साल भरीसा
उनका छरिता कमिला हात
काटिरहेछन् लाल फुलेका
रसिला बादल हँसिला चाँद ।"

(धसिया गीत)

"म शब्दलाई देख्छु
वास्नालाई स्वाद लिन्छु
आकाश भन्दा भातासको कुरा सुन्छु
म तुफानसँग गीत गाउँन थालेको थिएँ
मलाई बुढुकक्रले राँखी पठाइदिए ।"

(पागल)

"मनु त एक दिन अवश्य पछि परु भैं नजिउँ
मानिस हुँ भने मानिस भैं जिऊँ मानिसको झ्रक लिऊँ ।"

(पहाडी पुकार)

"बसेर गौटे मनभित्र ध्यान
गरेर सारा मनलाई तान
बदलिन्छ पोला रग मिल्छ रामो
देखिन्छ त्यो ईश्वर हेर रामो ।"

(पुतली)

"सुजना भित्र रचना रामा नजरका जुहार
ईश्वरको हाँसो पाएको फूल छोएर नमार ।"

(मुनामदन)

छन् -उहाँबाट रचिएका । 'समीक्षा' भने पाइन्न उहाँको रचनामा । एक सेरुमा बकानतीबाहिं गर्नुभएको देखिन्छ देवकोटाले-धुमपानको क्षमाप्रार्थना गर्दै । अन्य वैचारिक अभिव्यक्तिबाहिं 'निबन्ध' नै हो, भन्न सकिन्छ । 'साहित्य-सेवा' अन्तरगत अन्तर्राष्ट्रिय जगतितिर ध्यान दिनुको साथै छिमेकी भारततिरका कविहरूको भावनालाई पनि आत्मसात् गर्नुभएको पाइन्छ देवकोटाले । अङ्ग्रेजी भाषा त उहाँको 'आधार-भाषा' नै बन्यो । पढ्नुएर पनि कमाउनु भयो देवकोटाले । तर व्यवहारिकतामा निपुण हुन भने सकुभएन भन्नुपर्दछ । यस प्रसङ्गमा उहाँद्वारा रचित यो गाइने गीत सम्झिइन्छ-

"मैले भनें, छै त मलाई थप्तिकै हो खानी ?
सडिँभरि सारङ्गीमा ॐ ॐ दिने हानी ?"

भोको पेटको यस रुदनलाई गायक पात्यमानले फैलाएका पनि छन् । तर अन्तरमुखी प्रवृत्ति देवकोटाको हुनाले-सर्वसाधारण र अबुझकलको दृष्टिमा देवकोटा 'पागल' जस्तै देखिनुहुन्थ्यो । भित्र भने सचेत र स्वाभिमानी थियो-उहाँको कवि । एकपस्ट पुष्कर शमशेरले रिसमा 'बाजे' शब्द प्रयोग गर्दा-देवकोटाले 'सुलोचना' महाकाव्यमा आत्मपरिचय दिनुभएको पाइन्छ प्रत्युत्तरस्वरूप । 'बुद्ध' मारे महाकाव्य लेख्न खोज्दा उनलाई नास्तिक दर्शनका प्रतिपादक ठानी, अन्तै ध्यान आकर्षित गराइयो देवकोटाको (प्रो. गोकुलचन्द्रद्वारा) । यसको प्रतिफल-'महाराणा प्रताप' र 'पृथ्वीराज चौहान' जन्मियो । सोची हेर्दा-शून्य र सत्ताबाट दुर्वलाई अँगालेको पाइन्छ देवकोटाले । मुना-मदनमा 'स्वर्णलुब्ध' मदनभन्दा, त्यागी र उपकारी भोटेको चरित्र उठ्न गएको पाइन्छ । सच्चा कमाई गरिखानुलाई 'अमृत' भनी प्रतिपादित गर्ने देवकोटाले जीवनभर निकै दुःख झेल्न परेको देखिन आउँछ । उपकारी चरित्रले अपकारीको फन्दामा परी चोट खप्न परेको घटनालाई पनि बिर्सन सकिन्न । जसको अन्त नबिर्सने वियोगान्त बन्न गयो । कवि शिरोमणि लेखनाथज्यूको शब्दमा-"गुणको वैरी मानुष जाति" को उदाहरणमा पर्नुभयो देवकोटा । हैन भने शिक्षा, प्रज्ञा, राजनीति, र देश सुधारको अतिरिक्त ग्राहक बनाउने र पत्रिकालाई सगाउने काम पनि सम्पन्न गरेको देखिन्छ-भारतपुरुष उहाँले ।

अहिले आएर-देवकोटा बिर्सनुभएको ५० वर्षपछि शतवार्षिकी मनाइँदैछ उहाँको । हर कुराको 'जाता' हुने ठाउँमा -उहाँलाई अघि सारिनु, आश्चर्यलाग्दो कुरा त हैन । तर 'देवकोटा' भन्नु 'ज्योतिरूप' हो, जडता हैन । उहाँको आदर गुणात्मक ढङ्गबाट गरिनुपर्छ, वस्तुगत रूपमा हैन भन्ने बुझ्न आवश्यक होला ।

- ज्ञानेश्वर

"थिएनी लोचन दीर्घकाल तपमा खोलेर वासन्तिका
नाची सुन्दर लालले पवनमा देखी फुलेकी लता
बिर्से भैं 'भन को तिमी' मति भनी गौरी लजाइकन
मुस्काएर घुम्नाउँदा शिव दिऊन् कल्याणको मधुम्बन"

(शाकुन्तल महाकाव्य)

"खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?
आफू मिटाइ अलमाइ दिनु जहाँ छ ।"

(मार्ग)

"जा, तँ मान्छे बन बजनदार !
बिरब चर्कर, तारा चर्कर, पृथ्वी चर्कर,
मृत्युको जुँघा उखेल्....."

(झाङ्झाबीर)

"बोल्दछ ईश्वर हृदय घुमेको
बरबर आँगन चारी.....
माग्दछ भिक्षा-ईश्वर मेरो
आँगनमा एक भिखारी ।"

(भिखारी)

देवकोटालाई सम्झदा

✍ रामजीप्रसाद अर्याल

२००२ साल माइसिर २ गते जुद्धशमसेर दरबार खाली हिंडे । मैले भद्रकालीमा बसेर त्यो सबै दृश्य हेरिरहें । जनसमूह व्याप्त थियो हुँडिबेलभरी । सिंहदरबारबाट निस्केर भद्रकाली हुँदै सारा नगरवासीसँग बिदा भएर रविभवन (वान्छी महारानीका छोरा रविशमसेर बसेको घर) मा गइ बसें । त्यस बेला बिष्णुमती काटेपछि राजधानी खाडीको ठाणिथ्यो ।

त्यहाँबाट फर्केर म साथीहरूसहित हिल्लीबजार बाटुले घरतेर आउँदा भोटी र सुतबास लगाएका देवकोटालाई एउटा पसलमा भेटें । हामीलाई देखेर उहाँले सोध्नुभयो -कहाँ गएर आयौ ?

हामीले भन्यौं- जुद्धशमसेरको बिदाइ हेरेर आएका ।

देवकोटाले भन्नुभयो-म त त्यसैबारेमा कविता लेखेर बसें । खोजि भन्नुभयो-सुन्नौ ! सुनाउँ ?

हामीले हुन्छ भनेपछि उहाँले हात हल्लाउँदै त्यो कविता पाठ गर्नुभयो-

रुँदै रुँदै गयौ सबै पछाडि डब्बाबाउँदै
धुँधुबिकदै सुँसुकिदै चिसा मुटु समाउँदै
सरर्र सर्र छातिमा दर्गुदथे चिसा मन
पितासमान लोकका बिदा लिंदा थिए तल ।

हरे न बोल्न सक्तथ्यौं, न छाति खोल्न सक्तथ्यौं
समस्त भूक दृष्टिले हवा भिजाई देख्दथ्यौं
न पुग्दथ्यो र के कुरा कहाँ परेछ के छुरा
पितासमान लोकका बिदा लिंदा थिए तल ।

हामी ८ क्लासमा पढ्दा अङ्ग्रेजी लेख्दथ्यौं र उहाँसँग छलेकान गरिमाग्दथ्यौं । शनिवार आयो कि कसलाई फुर्सद छ त्यसकाँ गएर कलेकान गराउने हाम्रो चलन थियो । सधैंजस्म हामी देवकोटाकहाँ नै जान्थ्यौं । उहाँ खुसीसाथ कलेकान गरिदिनुहुन्थ्यो ।

मेरा पिताजी बीरगञ्ज बजार भन्सार अड्डामा हाकिम हुनुहुन्थ्यो । मेरा पिताका हाकिम थिए खड्गशमसेरका छोरा बिक्रमशमसेर । बिक्रमशमसेरको मृत्युपछि उनीको बिगाहाबाट नियुक्त भएका मेरा पिताको पनि जागिर गयो । त्यसपछि पिताजी र म काठमाडौं आयौं ।

बिक्रमशमसेरका छोरा पार्थिबशमसेर मेरा साथी थिए । उनलाई अङ्ग्रेजी पढाउने शिक्षकको आवश्यकता थियो । शिक्षक खोज्ने क्रममा मेरा पितालाई देवकोटाको सम्झना भयो । उहाँले देवकोटाकहाँ गएर ट्युसन पढाइदिन अनुरोध गरेपछि देवकोटा पार्थिबशमसेरलाई ट्युसन पढाइदिन राजी हुनुभयो ।

म पनि रेगुलर भएर भेलाभेलामा अङ्ग्रेजी सिक्न देवकोटाकहाँ जान्थें । प्रायः बिदाको दिनमा उहाँसँग ट्युसन पढिन्थ्यो । र, उहाँ त्यसरी छुट्टीको दिनमा घरैमा आएर सिक्न चाहनेलाँग शुल्क लिनुहुन्थ्यो ।

म पढ्दा पढ्दा उहाँको घरमा जाँदा सम्मटमा बेरिएर लम्पसार परेर सुत्नुभएको थियो । त्यसरी नै उहाँ कविता लेख्ने गर्नुहुन्थ्यो । बाहिर आयै निस्कनुहुन्थ्यो । देवकोटाको यो छुरा मृगेन्द्रशमसेरकाँ पुगेछ । मृगेन्द्रशमसेर शिक्षाक्षेत्रका सर्वेसर्वा थिए । उनले देवकोटाजस्ता विद्वान्लाई

महाकवि देवकोटाका सम्बन्धमा

✍ शिव रेग्मी

पूर्णप्रसाद अधिकारीद्वारा लिखित तथा विनयकुमार शर्मा नेपालबाट सम्पादन गरी प्रकाशनमा ल्याइएको "महाकवि देवकोटा केही आयाम" नामक पुस्तक मित्र सोहनबहादुर कायस्थजीको अनुग्रहबाट हिलै भए पनि अध्ययन गर्ने अवसर पाएँ । यसका निम्ति कायस्थजीलाई धन्यवाद ।

महाकवि देवकोटाजीका सम्बन्धमा लेखिएको यो पुस्तक सरल र सरस भाषामा लेखिएकोले सुरुदेखि नै तान्दै लग्यो, लगातार पढ्दै गएँ । ठाउँका ठाउँ त्रुटिहरूले मनै झोलमा हुँदा सारदै गयो । झोलमा लागेका हुँदाहरू कतैकतै अचानकै तरङ्गका छन् । कतै मने जन्दाजका भरमा "चामल" ठानेर मिलाइएका हुँदाजस्ता छन् ।

"२००३ सालमा नै उनले नेपाली साहित्य परिषद्को स्थापना र साहित्यस्रोत पत्रिकाको सम्पादनसमेत गरेका थिए ।" (पृष्ठ ८)

"कथाका रूपमा लक्ष्मी निबन्धसङ्ग्रह, दार्जिलको रुखनेर[1], मुख छन् भने परिचयी प्रसिद्ध साहित्यिक व्यक्तित्वहरूको जीवनीपरक समीक्षा २०२९ प्रसिद्ध प्रबन्धसङ्ग्रह[2], मुख्य रोजी छ" (पृष्ठ ११)

"२०१६।४।१९ गते आफ्नो महाराजा प्रताप महाकाव्यको पाण्डुलिपीमा उनले अन्तिम हस्ताक्षर गरेका थिए । यसै दिन साँझ ६.१० बजे आर्यघाटमा उनको मृत्यु भयो[3] ।" (पृष्ठ १०)

"यो कविता (बालककान्त) सर्वप्रथम १९९५ सालको जेष्ठ वर्ष ४ अङ्क २ मा प्रकाशित भएको थियो । जो पछि २०१६ सालमा प्रकाशित निसारी कविताराङ्गमा सङ्गृहित हुन पुगेछ[4] ।" (पृष्ठ ३८)

"२०१३ सालको पौषमा देवकोटाको नेतृत्वमा ५ जनाको समूह एसियाली लेखक सम्मेलनमा भाग लिन गएको थियो[5] ।" (पृष्ठ १०)

"उनको निधन पश्चात् सम्मानका लागि २०२९ सालमा हुलाक टिकटको प्रकाशन भयो[6] ।" (पृष्ठ ९,१)

"जीवनको अन्तिम प्रहर झयरोगले[7] ग्रस्त भएर शान्तभवन अस्पतालमा....." (पृष्ठ २१) आदि पढ्दा अनौठो लाग्छ ।

".....स्नातक तेस्रो वर्ष २०५ को सप्टापरक अध्ययनलाई प्राध्यापन गराउने सिलसिलामा बिभिन्न विद्वान्द्वारा लेखिएका शब्दसामग्रीको सङ्कलनमात्र हो भन्ने कुराको स्पष्टीकरणलाई म इमानदारीसाथ राख्न चाहन्छु[8] भनेर लेखकले लेखे पनि यस्ता त्रुटिहरू विद्वान्हरूद्वारा लेखिएका त थिएनन् होला । यसमाथि पनि प्राध्यापन गराउने सिलसिलामा ? यो के भन्न खोजिएको हो ?

आशा छ, आगामी संस्करणमा यी र यस्ते त्रुटिहरूलाई सच्याई परिमार्जित तथा परिष्कृत गरी प्रस्तुत गरिने छ ।

लेखकले धेरै ठाउँमा मनगढन्तेरूपमा तथ्यहरू अगाडि सारेका छन्-"पुस्तकालय प्रकरणमा साझाभागी भएवापत् भीमशमशेरले ३ वर्षको कैद सजाय सुनाएका थिए । तर पछि क्षेत्रशमशेरको

पौडयालमा केन्द्रीय जीवनीमूलक समालोचना चिन्तन प्रतिपादन गर्ने देवकोटाको कृतिपरक समालोचना चिन्तन पनि महत्वपूर्ण रहेको छ। विशुद्ध सौन्दर्य चिन्तनका दृष्टिले लेखिएका कला, कल्पना, साहित्यमा शिवत्व लगायतका रचनाका अन्तःसौन्दर्य तत्त्व र छन्द र लय, अलङ्कार र शैलीका सन्दर्भहरू जोरजाम गरिने बाह्यतत्त्वका सन्दर्भहरू पनि समायोजित गरेर काव्यको अर्थात् सृजनाको मूल्याङ्कन गर्ने काम देवकोटाले गरेका छन्।

समालोचनाका फाँटमा प्रवेश गर्दै गरेका विसङ्गति र अस्तित्ववाद, यथार्थवाद र नीति यथार्थवादका सैद्धान्तिक धारणाहरू देवकोटाका २००४ सालदेखि पछि लेखिएका रचनाहरूमा प्रकट भएका छन्। कृतिपरक र जीवनपरक समालोचनाको दिशामा निर्धारित भएको देवकोटाको लेखन पनि उल्लेख्य रहेको छ। आफ्नो रचनाको समीक्षण कार्यमा अभिमुख भएका देवकोटाको समालोचना चेत पनि पर्याप्त इमानदार देखापरेको छ। सिर्जनाको प्रबल प्रवाहले अन्य सबै पक्षका त्रुटि र अपूर्णतालाई क्षम्य ठान्न मिल्ने देवकोटाकी कार्य अत्यन्त सम्वेदनशील र ग्राह्य रहेका कुरा सिद्ध भएका छन्। यी सबै किसिमका समीक्षासन्दा पनि अतिरिक्त किसिमको समीक्षा 'छेडदिन्लगी' हो भन्ने कुरा यस अध्ययनको निष्कर्ष निकालिएको छ। यस किसिमका समालोचनामा जीवनीका पक्षलाई शब्द चित्रात्मक व्यङ्ग्यमा उतार्ने काम भएको हुन्छ। यी व्यङ्ग्य चित्रका सन्दर्भमा अभिव्यक्त हुने खेडपेच र आक्षेपका अतिरिक्त कवि-स्रष्टाहरूको सृजनात्मक प्राप्तिको पनि मूल्याङ्कन गर्ने प्रयत्न भएको छ। स्रष्टाका सृजनामा पाइने भावगत र शिल्पगत सौन्दर्यको मूल्याङ्कन गर्ने सटीक र मूल्यबोधक शब्द र पदावलीको उपयोग गर्ने देवकोटाले समुचित समीक्षा गरेका छन्। प्राविक समीक्षाको सीमाभन्दा बाहिर पर्ने पक्षकारितात्मक समीक्षामा पनि उनी देखिएका छन्। उनले उपयोग गरेका दृष्टिले व्यङ्ग्य चित्रात्मक समालोचकका पद्धतिमा देवकोटालाई लिनु वास्तवीक ठहर्छ।

अन्तमा समीक्षाभित्र नपर्ने छानिएका रचनामा देवकोटाको समीक्षा कला पहिल्याउने क्रममा तयार भएको प्रस्तुत लेखबाट समीक्षकहरूलाई नयाँ दिशा पहिल्याउन सहयोग मिल्न सक्छ भन्नेतिर पनि ध्यान दिइएको छ। समीक्षाका फाँटमा नरहेका र समीक्षा नमानिएका पक्षहरू पनि समालोचनात्मक कार्यका उदाहरण बन्नसक्न भन्ने कुरा पनि यस क्रमबाट पुष्टि हुन आउँछ। मोतीराम भट्टले सिर्जेका गरेको कविताको सरजाम जस्तो समीक्षात्मक कविता रचनाको परम्परामा देवकोटाको 'छेडदिन्लगी' लेखेर अर्को उत्कर्ष थानेको कुरा स्पष्ट हुन आउँछ।

सन्दर्भ ग्रन्थसूची

देवकोटा, लक्ष्मीप्रसाद, (२०६४ वी.सं.), मनोरञ्जन, काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन।

....., (२०४९ वी.सं. सम्पा.), दारिमको लालनेर, ललितपुर : साझा प्रकाशन।

....., (वी.सं. सम्पा.), स्रष्टा देवकोटा इष्टापरिवेशमा, ललितपुर : साझा प्रकाशन।

प्रसाई, नरेन्द्रराज, (२०६६), महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनशैली, काठमाडौं: नड प्रकाशन।

बन्धु, चूडामणि, (२०३६), देवकोटा, ललितपुर : साझा प्रकाशन।

सुवेदी, राजेन्द्र, (२०६१), नेपाली समालोचना परम्परा र प्रगति, वाराणसी : भूमिका प्रकाशन।

❖❖❖

न्याएर त्रिचन्द्र कलेजको अध्यापकमा किन नियुक्ति नगर्ने ? भनेपछि देवकोटालाई २००१ सालमा त्रिचन्द्रमा नेपाली अध्यापकको रूपमा राखियो। यसबीच पुष्करशमसेर, बालकृष्ण सम, रामरात पन्त आदि नेपालीका अध्यापक थिए। वास्तवमा त्यसबेला राणा परिवारका मुरेन्द्रशमसेर, शारदाशमसेर, ब्रह्मशमसेर र बिजयशमसेर चारजना राणा सरकारका चार आँखाकै रूपमा थिए भने पनि हुन्छ। अर्थात् यी चारजना नेपालका विद्वान्भएमा सलिन्थे। पद्मोदय स्कुलमा शिक्षक जाँगिरका लागि मुरेन्द्रशमसेरका अगाडि राम राखेर डोरीपछि माथ स्वीकृति गिरवयो। यसै पनि त्यसै गरेर जाँगिर पाएको थिए।

यद्यपि जुद्धोदय स्कुल पद्मोदय स्कुलभन्दा अघि खुलेको हो, तथापि पद्मोदयको भवन अन्दासम्म जुद्धोदयको भवन बनेको थिएन। एउटा लामो टहरामा पठाइन्थ्यो। त्यसै भएर जुद्धोदयको स्थायी भवन बनाउनका लागि मुरेन्द्रशमसेरमार्फत् पद्मशमसेरकहाँ अनुरोध गरियो र पद्मशमसेरबाट रु. २४००/- बक्सीपछि जुद्धोदयको भवन बनेको हो।

मराई सम्मना छ- पद्मोदयका लागि स्वागत गान लेखाउन जाँदा हामी शिक्षकहरू देवकोटाको लागि फुलमार चुरोट लिएर गएका थियौं। उहाँले खुसी हुँदै त्यो चुरोट लिनुभएको थियो र आउनाको कारण सोध्नुभएको थियो। त्यसपछि स्वागत गान लेखेर दिनका लागि हामीले अनुरोध गरेपछि उहाँले लेख्न मानिहाल्नुभएको थियो-

सरस्वतीका कुमार हामी सरस्वतीको पुकार गर्दछौं .....।

जुद्धोदय र पद्मोदयपछि रात्री पाठशाला खुलेको हो। रात्री पाठशाला खोल्ने प्रेरणा देवकोटाबाट गिएको। उहाँको भनाइ थियो- जोड घटाउ गुणा भाग जान्ने र नेपाली बोल्ने/लेख्ने कोही छ भने त्यो राती पाठशालामा भर्ना हुनसक्थ्यो र त्यसले तीन वर्षमा एसएलसी दिनसक्थ्यो। त्यसै भावनाले त्यो पाठशाला खोलिएको थियो। त्यसमा हेडमास्टर म थिएँ।

देवकोटा भन्नुहुन्थ्यो -

टोलटोलमा विद्यालय हुन्, पुस्तकालय बहुल रहून् शिक्षकवर्ग रहून् चरित्र उन्नति नभए छेडदा बिचित्र !

यसरी देवकोटाले शिक्षामा क्रान्ति नै ल्याउनुभएको थियो र विद्याको ज्योति बाल्नुभएको थियो। यसबाट के बुझ्न सकिन्छ भने साहित्यिक क्षेत्रका अतिरिक्त शैक्षिक र प्राज्ञिक क्षेत्रमा पनि देवकोटाको महत्वपूर्ण भूमिका थियो।

❖❖❖

"प्रथम घर जन्माको व्यासको पाठशाला
प्रथम भल यही हो आर्यहृदको उज्यालो
कुसुमहरु महाँ छन् वेदका पत्रतुल्य
सृजन-प्रलयका छन् चित्र राखा जमुन्य"।

(शाकुन्तल महाकाव्य)

"अन्याय अगाडि झुक्नु होइन मानव हो !
महाबीरता, महाबिकास ! अन्याय हटाऊ,
मूलोच्छेदन गर त्यसको, जो तिनी उपर
गर्दछ महाक्रूरताको निन्दनीय व्यवहार !
लड, लड, सङ्घर्ष गर, गर आत्मनिर्णय ....!"

(प्रमिथस महाकाव्य)

आम नेपालीस्वभावका महान् विद्रोही कवि

कृष्णचन्द्रसिंह प्रधान

सिर्जनात्मक साहित्य, कलाकृतिहरू मात्रै होइन, कतिपय शास्त्रहरू पनि मानिसमै सक्षित भई उसलाई बुझ्ने प्रयास अन्तर्गत सिर्जिएका सरचनाजस्तै लाग्छ। यसका अनेक माध्यमहरू छन्। तिनै विधिहरू प्रयोग गरेर मानिसको वास्तविक स्वरूपबाट अवगत हुन खोज्छौं। जस्तो कसैको व्यक्तिगत स्वभाव वा मानवीय चरित्रहरूको अनुशीलन गनु, उनीहरूको सिर्जनात्मक बौद्धिकताको अध्ययन मननमा लाग्नु, प्रवृत्तिगत र मनोगत विश्लेषण, छानबिन गरी कुनै निस्कर्ष निकाल्न खोज्नु आदि। अरू पनि धेरा विधिहरू होलान्। यी सबैभित्र अवस्थित मानिसलाई खोतलखातल गरी वास्तविक स्वरूपबाट परिचित हुने जिज्ञासा हिजो पनि थियो, आज पनि छ।

मलाई के लागिरहेछ भने मानिसलाई जति चिन्यौं भन्छौं त्यसभन्दा बढी ऊ भेदिनिने हुँदै गइरहेछ। जति बुझ्यौं भन्छौं झन्, झन् झन् नबुझिने पहेलीजस्तै भइदिएको छ। हेर्दा थिने चिनेजस्तो पनि लाग्ने, बुझे बुझेजस्तो पनि लाग्ने मानिस वास्तवमा खुल्ला पुस्तक र खुल्ला वातावरण नै भन्छान्यौं। तर कति अथाह, अगम्य, अशान्त र अभेद्य रहेछ। मानौं चक्रव्यूह हो। अथवा भुमालसको कुनै निरन्तर प्रश्न हो मानिस।

मानिस भन्नेबितिकै ठूलादेखि सानासम्म सबै समेटिन्छन्। सबै अभिन्छन् मेरो सम्बन्ध पनि यिनै सार्वनामिक मानिससित छ। यसैसित गाँसिएको सन्दर्भको कुरो गर्दैछु म। प्रसङ्ग भने महाकवि लक्ष्मीप्रसाद देवकोटा हो, उनीमा सक्षित।

यहाँ देवकोटालाई कुनै एउटा विशेषणले उध्यौंएर सम्बोधन गर्दा हुने भनको सिर्जनाप्रति सचेत हुन खोजेको मात्रै हुँ। दृष्टान्तका लागि उनको क्रान्तिकारीता वा विद्रोहलाई लिन्छु।

देवकोटालाई यदि मैले क्रान्तिकारी वा विद्रोही भने भने साथद अतिवादी भएंछु भन्ने अरोप लाग्न सक्छ। त्यस्तै प्रतिगामी भने भने पनि ममाथि ठूलै हमला हुनसक्छ। वास्तवमा उनी दुवै होइनन्, दुवै हो पनि लाग्न सक्छ।

यसकै छेउ लागेर दुवै किनारको बीचोबीच प्रवाहित हुने लक्ष्मीप्रसाद देवकोटालाई देख्छौं, कहिले मेल भएर, कहिले समशीतोष्ण भै शान्त, सुस्थिर, धीर, गम्भीर भएर। यसलाई परिलक्षित गर्दै जनकलाल शर्माले भनेका छन्-देवकोटाको लौकिक जीवन अध्ययन गरेर सीडपुच्छर केही हात लाग्दैन। उनी कहिले काङ्ग्रेसको विधिविधान तयार गर्ने प्रमुख व्यक्ति देखिन्छन् भने गोरखादलको मेनिफेस्टो पनि बनाउन थाल्छन्। अर्कोतिर पोखरामा के आई सिंहको पार्टीको महाधिवेशनको उद्घाट गर्न पनि उनै पुग्छन्। फेरि अगाडि पग्छन् -उनको न कुनै कुरामा आसक्ति छ न विरक्ति नै।

सन्दर्भमा अकी प्रसङ्ग जोडेर स्पष्ट गर्न चाहन्छु।

कुरा हो २००३ सालको। ९६ सालको प्रजापरिषद् काण्डमा परेर दण्डित भएका बुद्धि बन्दीहरू अवधि पुग्नुअगावै जेलमुक्त भएका थिए। त्यसैमध्येका एक हुन् केदारमान व्यथित पनि। जेलमा परेपछि कवि हुनेमा उनी पनि पर्छन्। त्यहाँ लेखेका कविताहरूको पुस्तक प्रकाशित गर्न हेतुले खनातिसम्मका छाम (लहरा)हरू (ठ/५/२) सार्वजनिक गइसकेका छन्। यिनले जनताको प्यारो हुने अवसर खोजिरहेछन्। तर देवकोटाका मतमा पाठकको प्रियता वरण गरेको सिर्जन विधामा नाटकमा तिवारीको जुन तहको उँचाइ छ, सरलता र मधुरता छ त्यो उँचाइ अन्य विधाले प्राप्त गर्न सकेका छैनन् भन्ने ठहर छ (ठ/५/२)। सर्जक तिवारी साहित्यको अनुसुकै विधामा पनि कलम चलाउन क्रियाशील छन्। गजल र कविता, निबन्ध र प्रबन्ध, कथा र उपन्यास, नाटक र एकाङ्की लगायतका सृजन प्रयासमा शक्ति खर्च गर्ने तिवारीले आफ्नो प्राप्तिको बिन्दु भने पहिल्याउन सकेका छैनन् भन्ने ठहर छ – देवकोटाको। साहित्यका जुनसुकै विधामा अनियोजित सन्तान प्रजननको निरन्तरतामा जुटिरहने तिवारी साहित्यलाई सफलताको चुलीमा जम्न आग्रह गर्दछन्। तर स्तरहीनताको प्यालबाट चुहिएर सिद्धिले मूल्यलाई टाढ्दुल गरेर रोकगाम गर्न चाहे पनि बुझ्ता तिवारीको सिर्जना कार्य टालटुले तहभन्दा माथि आउन नसकेको (ठ/५/२) निर्णय प्रस्तुत गर्दछन् - देवकोटा। यो कविता भीमनिधि तिवारीको शारीरिक चित्र र सिर्जनात्मक मूल्य एकै साथ उतार्न सफल भएको हुँदा समीक्षामूलक कविता बन्न सफल भएको छ।

सबैभन्दा सानो आकृतिको प्रस्तुत कवितात्मक समीक्षामा तिवारीलाई एकातर्फ जीवन चित्रमा उतार र अकोतर्फ रचनाका वैशिष्ट्यलाई मूल्याङ्कन गर्न देवकोटा निर्णयात्मक महत्ताका आधारमा उपस्थापन गर्न सफल भनेका छन्। निर्णयात्मक उद्घाले समीक्षा चेतनालाई उपयोग गर्ने देवकोटाको प्रस्तुत गद्य कवितामा र चित्र समीक्षमा निफटतम पङ्क्तिमै प्रकट हुने अनुप्रास र क्रमध्यत्यय भएर आउने पङ्क्तिका अन्त्यानुप्रासमा साफ-स्वाफ, बन्ध-गलेबन्ध... सुगन्धजस्तो शब्द योजनाहरू, स्वर, मुखर... भीम-असीम, छाल, सञ्चालजस्ता पद, पदावलीले अझ यस रचना स्वयलाई काव्यात्मक गरिमाको रूपविन्यासभित्र सयोजन गरेर समीक्षात्मक निर्णय दिन सफल भनेका छन् – देवकोटा। देवकोटाले हृदयचन्द्र सिंह प्रधानको 'केही नेपाली नाटक' नामक कृतिको भूमिका लेख्दा समयमा र 'नेपाली नाट्य सङ्ग्रहको उद्घाटन' लेख्दा समयमा नाटकका गुणहरूको वैशिष्ट्य पनि पहिचान गरेका छन्। त्यस सन्दर्भले भीमनिधिका नाटक सृजनाका प्रक्रियालाई पनि उपस्थापन गराउने काम समुचित ढङ्गले गर्ने प्रयत्न गरेका छन् - देवकोटाले।

३. निष्कर्ष :

देवकोटाले समालोचना पाठालोचनको सिद्धान्तको आधारमा 'प्रसिद्ध प्रबन्ध सङ्ग्रह तयार गर्दा छलौट र अनुवादको कार्य गरेका हुन्। त्यस्तै कविताका र काव्यका सन्दर्भमा कृतिका आन्तरगत र रूपगत सौन्दर्यका अनुभूतिगत एवं प्रस्तुतिगत सौन्दर्यका टिप्पणीहरू प्रस्तुत गरेका छन्। गैर समालोचनात्मक दृष्टिले लेखिएका पाठालरूमा पनि देवकोटाको समीक्षादृष्टि प्रकट भएको छ। सृजनात्मक दृष्टिले निबन्ध लेखनका सन्दर्भमा, भूमिका र टिप्पणी लेखनमा समीक्षात्मक सन्दर्भ प्रकट गर्ने कलामा पनि सफलता प्राप्त गर्ने देवकोटाको समालोचना चेत पहिल्याउने प्रयत्नमा यो लेख तयार छ।

समालोचना चेतनाभित्रका देवकोटमा रूप र सार दुवै पक्षलाई निरीक्षण गर्न क्षमता छ। प्रभाव ग्रहण गर्ने समालोचना चेत पनि छ। भनि भाव र विचार निरीक्षण गर्ने मूल्याङ्कन चेत छ। जीवनीमूलक समालोचना चेत पनि देवकोटामा राम्रो प्रकट भएको छ। भानुभक्त आचार्यको जीवनीमूलक समालोचना चिन्तन र लेखनाध

समायोजन गर्ने भिक्षुको भावचेतनाई यस समीक्षात्मक कविताले कव्य बनाएको छ। काव्य सृजनामा उडुंको भाषिक सन्देश र भाव सम्प्रेषण अति अघ्यी र हिन्दीको सम्प्रेषण धर्म, अझ नेपालीमा विस्तारित सृजना धर्मलाई कव्यिक मर्यादा मान्ने भिक्षुको आत्मप्रकाशमा काव्यसंसार प्रकाशमय देख्नका छन् - देवकोटाले। यथार्थितिबाट समाज र जीवनलाई, संस्कार र महत्वलाई प्रगतिको द्वारतिर उत्प्रेरित गर्ने, रहस्य र छायावादी करुण भाव (ठ/४/४) प्रक्षेपण गर्ने, गहन र अस्पष्ट भाव सम्वेगलाई प्रकाशमा ल्याउने कलामा सफल बनेका भिक्षुलाई जिउँदो ढङ्गले समीक्षा गरेका छन् - देवकोटाले आफ्नो यस समीक्षात्मक कवितामा। काव्य जगत्का चम्किना ताराको दर्जा दिने देवकोटाले (ठ/४/४) 'नेपाली साहित्य गगनका दुई नक्षत्र' स्पष्टा देवकोटा द्रष्टा परिवेशमा शीर्षकको समीक्षासङ्ग्रहमा प्रेमराजेश्वरी बाबा र भिक्षुलाई नेपाली साहित्याकाशका नक्षत्रहरूका पङ्क्तिमा दुई नक्षत्र ठम्याएको प्रसङ्गमध्येका भिक्षु यहाँ उल्लेख्य प्रतिभाका रूपमा समीक्षित बनेका छन्। काव्यसंसारमा भव्य महत्त्व आर्जन गर्न सफल भिक्षुको भाषिक सिपको संयोजनमा पाइने जटिलता र त्यसै जटिलता भित्र निहित ओजलदार र गम्भीर भावको प्रवाह टलपल टलपल (ठ/४/४) भएर बग्ने सोतस्वी गतिमा वेगवान् छ भन्ने निष्कर्ष देवकोटाको यस समीक्षात्मक कविताले प्रस्तुत गरेको छ।

गद्य कविताका प्रवाहमा समालोचना चेत प्रकट गर्ने देवकोटाले - पासमा, काशमा, इच्छु, भिक्षु (ठ/४/१) एक पङ्क्ति व्यत्ययका आधारमा अनुप्रास योजना, झिना, हँसिना, जुँघा-सुगा, अलर-शिंगार (ठ/४/२) ङि वा ति पंक्ति व्यत्ययका आधारमा अनुप्रास योजना गरेर समीक्षामूलक कविता प्रस्तुत गर्ने काम गरेका छन्। यहाँ देवकोटाले गद्यमा काव्यको भावधारा प्रवाहित गर्ने कवि भिक्षुलाई भिक्षुकै कवितामय गद्य लयमा समीक्षा गर्ने काम गरेका छन्। छायावादी चिन्तन र करुण सम्वेदनाका कवि भिक्षुको काव्यचिन्तन समीक्षित बनेको छ।

(५) भीमनिधि तिवारी : नामका भीमनिधि, सृजनाका ग्रन्थनिधि र प्रस्तुतिका व्यङ्ग्यनिधिको सृजना धर्म र शारीरिक आकृति तथा व्यावहारिक आचरणको समीक्षात्मक कार्य सम्पन्न भएको रचना हो - (छोटिदिन्लगी) (५)। दुईवटा मात्र पङ्क्ति समूहमा निर्मित गद्य कवितात्मक समीक्षामा भीमनिधिलाई पनि आचरणगत शब्द चित्रमा र सृजनागत मूल्य चित्रमा विभक्त गरेर समीक्षा गरेका छन्। दौरा सुरुवालमाथि कालो कोट, कोटको भित्रमा गुलाबको एक थुंगा फूल, जाडो मौसममा गलेबन्ध र गम्भीर गद्यवाचको हिँडाइ, आँखामा गगल्स र अत्तर सुगन्ध (ठ/५/१) भित्रमा तिवारी दौराका फेर तानतुल गर्दै देखा पर्दछन् साहित्य सिर्जना र शरीरको सरक्षणमा सधैं जवानी देखिने व्यवहारको शब्द पोट्टे यहाँ व्यक्त गरिएको छ। आफ्नो समकालका स्पष्टा तिवारीको शारीरिक बनावट, व्यावहारिक चालढाल र सिर्जनाको समर्पण एउटै व्यष्टि बिम्बमा समष्टीकृत चित्र बनेर यहाँ अवतारित भएको छ।

तिवारीका सिर्जनात्मक साभरीको सौन्दर्यगत पहिचान प्रस्तुत गर्ने क्रममा गुणात्मक र मात्रात्मक दुवै पक्षलाई इङ्गित गरेका छन् – देवकोटाले। नाटक, कविता, कथा, गजलसमायतका सिर्जनामा अनेकौं सङ्ख्याको खात लागिसकेको छ। असीम सङ्ख्याका सङ्ग्रहरू छेरा नाति, पनाति पुस्तासम्म पनि सङ्ख्या थाम्ने रचनाहरू प्रकाशित भएका छन् भन्ने मत देवकोटाका (ठ/५/२) कविताले पुष्टि गरेको छ। अनेकौं कथाको सागरमा जेठोदेखि कान्छोसम्मका दसौं भाइले नधानेर नाति, पनाति,

स्वीकृतिका लागि उनी नेपाली भाषा प्रकाशिनी समिति पुग्छन्। राणाहरूको शासनकालमा ने.भा.प्र.समाट स्वीकृति नलिई पुस्तक छाप्न पाइँदैनथ्यो। समितिका हाकिम (अध्यक्ष) थिए बालकृष्णशमसेर त्यसबेला सम भइसकेका थिएनन्। त्यसको कार्यालय थियो सरस्वती सदनमा घण्टाघर अगाडि। नमस्कारको आदान-प्रदानपछि बालकृष्णशमसेर धरोको अगिलिरको चारकुने टेबिल साम्नेको मेचमा बस्छन्। मेच र टेबिलहरू होचा खालका थिए। टेबिलसँगै क्रपेट ओछ्याएको भुइँमा बसेर बालकृष्णशमसेरसँग गफिँदै गरेको एकजना सज्जनलाई देख्छन्। परिचय गर्न खोज्दै व्यथितले सोध्छन् उहाँ को हुनुहुन्छ त्यार ? बालकृष्णशमसेरले परिचय गराउँदै भनेछन् ए, म त एकआपसमा चिनाजानी होला भन्ठानेको थिएँ। नेपालका प्रसिद्ध कवि लक्ष्मीप्रसाद देवकोटा।

अहो ! वहासित साक्षात्कार गर्ने अवसर पाएको थिइन। नामबाट त निकै परिचित छु। अनि उठेर नमस्कार गर्छन् देवकोटालाई र अत्यन्त आदरपूर्वक आग्रह गर्दै व्यथितले भनेछन्- त्याहाँ भुइँमा किन ? आउनुस् यहाँ भन्दै हात समातेर कुर्सीमा बसालेछन्।

घटनाको पूर्वविवरण उसैबेला सुनेको थिएँ। हुन त यो व्यवहार राणाहरूको हैपाहा प्रवृत्ति र आफूलाई मानिस ठान्ने सामान्ती चरित्रको अभिन्न अङ्ग हो। यसको आदि भइसकेकाहरूलाई सामान्य नै लाग्थ्यो होला, जस्तो देवकोटालाई लाग्यो। तर मानिसहरू मात्रको उच्च-नीच, ठूलो-सानोलाई यसले राम्रो औंल्याउँछ। तथापि राणाहरूको यही व्यवहार र नोकर-मानिसको अन्तर वा बिभेदलाई सम्भीर यहाँ सन्दर्भ जोडिएको होइन।

लक्ष्मीप्रसाद देवकोटा यसअघि नै नेपाली साहित्यमा महाकविको रूपमा प्रतिस्थापित भइसकेका थिए। उनको आफ्नै वर्चस्वीता थियो। उच्च र सम्मानजनक स्थान थियो समाजमा। मन्थर कविको रूपमा उदियमान व्यथित देवकोटाको साम्नु के हो र ? तर आफ्नै लाग्ने भाषाअनुवाद परिषद्का जागिरे कवि गतिसुकै मातन् भए पनि आधार गर्न उनीहरूको नैतिकताले नै दिँदैन। यस परिवेशमा एकछिनका लागि अमर्यादित व्यवहार पनि नभनूँ भसलाई। तर प्रश्न मेरो महाकवि देवकोटासित छ। त्यतो प्रतिभावान् स्पष्टा लोक-सम्मानीत व्यक्तित्व र महान् हस्ती भइकन पनि आफ्ना समकक्षी साहित्यकार साम्नु केही होइनजस्तो भुइँमा बसेर किन अपमानित र अमर्यादित हुनुपर्यो ? यो हीनताबोधलाई के भन्ने ? अपहेलित हुनुपरेको यस अपमानको विरुद्ध उनीमा किन विद्रोह जागेन ? त्यसि नै ठूलो साहित्यकार म पनि हुँ भन्ने आत्माभिमानीसाइँ भुइँमा बस्नुपर्ने दीनता र अपमानता कदापि साध्य हुँदैन। उनीहरू भसलाई स्वीकार गर्ने सकेनन्। क्रान्तिकारी वा विद्रोहीहरू विवशतावश तत्काल केही बोल्न सकीन भने पनि त्यस्तो स्थितिमा बस्दै नबसेर मौन प्रतिकार गर्ने होलान्।

यसर्थ लक्ष्मीप्रसाद देवकोटा व्यक्तिगत रूपमा महान् कवि हुन्, क्रान्तिकारी होइनन् भन्ने यसबाट अध्योजन नसकिने होइन। त्यस्तै विद्रोहीहरूको चरित्रमा पाइने, स्वभावमा देखिने आक्रोस, तथा आवेग सम्वेगहरू पनि उनीमा छैन। नत निर्दो भई अपमानित हुनुलाई मर्यादा सम्झेर व्यहोर्ने सकौंगेर।

देवकोटा स्वभावले विद्रोही थिएनन्। त्यसकारण व्यवहारमा पनि यो देखिँदैनौं। स्वभावले उद्दण्ड लाग्नेहरू पनि मनका कोमल हुन्छन्। कहिँ शिष्ट, नम्र, भद्र सङ्कल पनि विद्रोह सञ्चेहरू छन्। देवकोटा यसले जे भने पनि नाईनास्ती गर्ने खालका थिएनन्। साथद उनलाई साथी हो, त्यति गर्दैमा मेरी के जान्छ ? यसैले उनी काङ्ग्रेसमा लागेर पनि काङ्ग्रेसी भइरहेनन्। डा. के.आई.सिंहको

मनोनयनमा मन्त्री भएर पनि के आई सिह भएनन् । कम्युनिष्टसाई साथ दिन्छन्, कम्युनिष्ट हुँदैनन् । उनी केवल कवि थिए, कवि भएरै बाँचे । तर एउटा कुराको निर्णय गरिरहे । त्यो के भने असत्य, अन्याय, बेमानसिकता, चिर्कोमिर्को, निरङ्कुशता, पराधीनताको विरोध र उजयालोको खोजी । यसका निम्ति जे भएर हुन्छ, यहाँ भएर हुन्छ जस्तो उनलाई लाग्यो त्यो गरे, त्यो गरिरहे । यति हो । तर यसमा धेरै हने होइन भन्ने कुरामा कहिल्यै हेक्का राखेनन् ।

यसकारण महाकवि देवकोटा जता लागे पनि, जे-जसका लागि जे जे गरे पनि लाग्नैका लागि लागेका थिए होइनन्, गर्नेका लागि गरेका थिए नठानी । त्यस्तो निष्कर्ष निकाल्न साह्रै भूल हुनेछ ।

सुस्त उनी खप्टा कवि थिए । विद्रोहशील व्यक्तित्वका विश्लेषण निर्माण भएकाले यसबाट प्रभावित भई उनलाई सबै श्रद्धा गर्थे । प्रयोग गर्न पनि छाडेनन् । विभिन्न क्षेत्रका क्रियाशील व्यक्ति, नेतृत्व वर्ग, प्रगतिशील तथा प्रतिगामी सबैको पद्धतिमय सजिलैसित अङ्कित कविमा क्रमशः प्रति विकर्षण पनि थिएन । आकर्षण पनि थिएन । तर कसैको रङ्ग लाग्दैन । झस्ते पानीमा रहन परेजस्तो रहन आफै मरुङ्ग हराउँछ । देवकोटा कहुलो पानीको नदी हो, जो खाली बगिरहे । आफ्नै किसिमले प्रभावित भइरहे ।

यति सरल व्यक्ति हुन् देवकोटा, तै पनि दुर्बोध लाग्छ र चिन्ने प्रयासमा दिग्भ्रमित हुन्छौं । यहाँ दुर्बोध कवि होइन, जो लक्ष्मीप्रसाद देवकोटा हुन्, मान्छे हो जो कहन कहन बुझिनसक्नु हुँदै गइरहेछ । यस परिप्रेक्षमा देवकोटाको मान्छे पनि माथि अकमन्दा पारक नहुन सक्छन् । यसलाई अर्कोतिर भन्दिनँ ।

मलाई लाग्छ, यी गौण कुरा हुन् । व्यक्तिगत समस्या, मान्छेका कतिपय बाध्यताहरू हुन्छन्- बदलिराखे परिस्थिति, त्यस अनुकूल बाँच्नका लागि थाहेर, नथाहेर जे पनि गर्नुपर्ने, हुनुपर्ने निर्यातका मालिस रहन फेरिरहने हुँदा यति चिन्ता कठिन हुन्छ । म त्यही र त्यस्तै मान्छे भएर होइन, जो लक्ष्मीप्रसाद देवकोटा पनि हुन् । म त कविको खुरा गर्दैछु जो समयमातसे पानै प्रभावबश तरङ्गीत हुन्छन्, सम्वेदनशील उद्वेगले छिनमै पगलन्छन्, छिनमै रिसिन्छन्, छिनमै हाँस्छन् र छिनमै उद्वेलित हुन्छन् । त्यस क्षणका अभिभूत मनका मान्छेहरू नै त कवि हुन्छन् । म महाकवि देवकोटालाई यहीं भेट्छु । यहीं मुखामदन र शाखुलाल, प्रभिवस र बलकृष्णलाई भेट्छु । भानुभक्त, पहाडी पुजार, युगवाणीका गुञ्जिरहेको देश सुन्छु । प्रभुजी मलाई भेटी सन्नाक, बाबले बच्चा किन खान्छ, भोंकु कि भेरो कलम, दाल-भात-तुरुं र पागल कवितामा भीलाइरहेको देख्छु । कहिले आकोशित भई गोली हो भन्दै धम्काइरहेका हुन्छन् । यहाँ देवकोटा होइन लाग्छ, उनको स्वरमा नेपालीहरूको पीडा बोलिरहेछ । उनीहरूको क्षय, आकाङ्क्षा, मनोकामनाहरू उनीमा व्यक्तिरहेका छन् ।

एउटै मान्छेका कति अनुहार हुँदारोछन् । लक्ष्मीप्रसाद देवकोटा पनि त्यसमध्ये भिन्दै होइनन् । मैतिदेवी झैंले आम नेपालीलाई पनि उनीमा देख्छु । उनीमै असाधारण व्यक्तित्वका महाकविलाई पनि देख्छु । दुवै एउटै होइनन् ।

धुरै बाबुका सन्तानहरूजस्तै लाग्ने तीलमाधव देवकोटाका छोरा लक्ष्मीप्रसाद देवकोटा हुन्, जो स्वभावले आम नेपालीभन्दा फरक छैनन् । जो कहिल्यै कङ्ग्रेसी पनि नहुँदिन्छन्, कम्युनिष्ट पनि हुनसक्छन्, पञ्च भएर मन्त्री पनि भइदिन्छन् । अर्को हुन् अडिग प्रतिभाशाली खप्टा-व्यक्तित्व । जो स्थिर विद्रोही, क्रान्तिकारी र स्वाभिमानी महाकवि हुन् ।

२० भाद्र २०६६

प्रभावित तुम्याउनाले कृतिहरू प्रकृतिका चित्रणमा लाँघिस देखिएका (ठ/३/१) छन् । कोमल र मधुर कल्पनाको समृद्धशाली श्रेष्ठ निजी समभाव भएका र महृदयी स्वभावका धनी (ठ/३/२) खप्टा देखिन्छन् । उनलाई जनपक्षीय दृष्टिले हेरिने सन्दर्भलाई पनि देवकोटाले समीक्षणीय विषय बनाएका छन् । समाजमा निहित वर्गीय संरचना र त्यसले जन्माएका विकृतिका विरुद्ध वर्ग सङ्घर्षका पक्षहरू, समाज र जीवनमा सत्ताले जन्माएका शोषणका पक्षहरूलाई रचनाको विषय बनाएर शोषित वर्गको मुक्ति र पीडित वर्गको उत्थानका निम्ति जुटिरहेर जनपक्षीय चेतनालाई यहाँ समीक्षणीय (ठ/३/३) पक्ष बनाएको देख सकिन्छ । समाज र देशको मुक्ति सन्दर्भलाई काव्य बनाएर प्रतीक र बिम्बका काव्यात्मक समीक्षा गर्ने देवकोटा श्रेष्ठको सृजनाभेतमा साहित्य मानवधारा मुखर भएको कुरा सिद्ध गर्ने (ठ/३/४) प्रयत्नशील देखिएका छन् । तार्किक भावले निखीह बनीकाको संरक्षण र सोह्रमेल ठानेर कविताको निर्माण गर्ने प्रति श्रेष्ठ स्वान्त, सुझाव र समाज परिवर्तनजस्ता दुवै पक्षलाई सृजनाको उद्देश्य बनाउँछन् । श्रेष्ठ कोमल र मधिल भावका धनी (ठ/३/५) बनेर कवितामा प्रकट हुने सन्दर्भको समेत यस कवितामा समीक्षा भएको छ । भावका सन्दर्भहरूलाई कतिपय ठाउँमा अनर्थक र कतिपय ठाउँमा सार्थक पनि बनाएर प्रस्तुत गर्ने श्रेष्ठ नेपाली कविताका पाठकलाई (ठ/३/६) पुलकित बनाउने खालका देखिन्छन् भन्ने मत प्रकट गरेका छन् - देवकोटाले ।

स्वच्छन्दतावादी खप्टाहरूका पङ्क्तिमा पर्ने कवि श्रेष्ठ प्रगतिवादी चिन्तनबाट पनि प्रेरित थिए । भावका विभिन्न दृश्यहरूमा गृहस्थीलाई कविता निर्माण गर्ने कवि श्रेष्ठ वदयोजना, भाव संयोजन र मधुर तथ समायोजनजस्ता प्राप्तिका कारण नेपाली पाठक जगत्मा प्रिय खप्टाको रूपमा स्थापित भएका छन् । देवकोटाले आत्मप्रासिक, यमक र उपमाजस्ता आलङ्कारिक पदयोजनाद्वारा निर्मित यस कवितामाथि छन्दको दृतमिलम्बित ढाँचालाई अवलम्बन गरेर श्रेष्ठको समीक्षा गरेका छन् । अनुकरणात्मक र श्रुतिमधुर शब्द संयोजनबाट यसमा समीक्षण कला निबन्धन गर्ने देवकोटाको समीक्षा चेत यस पाठमा राम्रो प्रस्तुत भएको छ । अन्त्यानुप्रास योजनायुक्त शब्दहरू समुचित विन्यास भएका छवटा कविताका चौबिसवटा पङ्क्तिमा निहित भाव र सम्वेगका निस्सरणभित्र सिद्धिचरण श्रेष्ठको समग्र प्रति समीक्षण भएको छ ।

(४) भवानी भिक्षु : बुद्धको जन्मस्थलको समीपमा जन्मेबापत भिक्षु भनिन रुचाउने भवानी भिक्षुको शब्दचित्रमा समीक्षाधीन खोज गर्ने देवकोटाले यस समीक्षात्मक कवितामा निकै संयम निर्माण गरेका छन् । शब्दचित्रमा जीवनीपरक समालोचना र कृतिपरक (ठ/४/१) समालोचना प्रतिपादन गर्ने देवकोटाको काव्यिक समायोजन राम्रो भएको देखिन्छ । सानो उतारको निकै लोभो शारीरिक सरचना, छुस्स परेका जुँगा, सफासुथर र सटकक पोशाक भनि बत्तरको सेवन गर्ने आचरण (ठ/४/२) प्रस्तुत भएको छ । बुजोबास सिरेट ठातमा र उदुका शब्दावली मुखमा, सूचना विभागको निर्देशकको पद जिम्मेवारीमा (ठ/४/३) लिएर खुरा गर्ने सिपालु भिक्षु यस कविता चित्रमा उपस्थित भएका छन् । रास्यमय र करुणभावका धनी तर जोखिम र दुरुह भाषाका खप्टा भिक्षुको एक किसिमको शब्द चित्र (ठ/४/४) यस कवितामा समीक्षण कार्यात्मक ढङ्गले सम्पन्न भएको छ ।

काव्यिक सौन्दर्यका दृष्टिले गद्यमा भावको सम्पन्नता र शिल्पको सुन्दरताको पृष्ठपोषण गर्ने समीक्षामा भिक्षु सृजना अनेका चेतनाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् - देवकोटाले । लुम्बिनीको आत्मप्रकाशको चिन्तनलाई नाम र कामका समेत

आचरणका समको दुरुस्त चित्र व्यङ्ग्यचित्र बनाएर प्रस्तुत गरेका छन् । शाट्टुंगको आकृतिमा उतारिएका यस प्रस्तुतिले समको जीवनी र शब्दचित्रमा व्यङ्ग्यको उपस्थित सजीव बनेको छ ।

सिर्जनाको सुन्दरतालाई समीक्षाबाट रूप दिने पद्धतिलामा समको नाट्य प्राप्तिको र कलाको मूल्याङ्कन गर्ने (ठ/२/३) तह प्रकट भएको छ । नाट्य सिर्जनामा अद्भुत सफलता प्रस्तुत गर्न सक्ने समको सौन्दर्यचिन्तन नाटकमा उच्चाइ प्राप्त गर्न सफल भएको छ भन्ने मत यस समीक्षात्मक कविताले (ठ/ २/७) प्रस्तुत गरेको छ । नेपाली सष्टाहरूको सिर्जनामा नयाँ पथको निर्माण गरेर विशिष्ट र अद्भुत मूल्याङ्कन देखाएको छ । समको नाटक सिर्जन कला, चिन्तन, विषयवस्तुको संयोजन र नाट्य संरचनाको सन्तुलन एवं सन्देशसम्मको तहमा निरूपण गर्दै उनको प्राप्ति नेपाल मात्र होइन, भारतीय साहित्यिक प्राप्तिको सीमालाई अतिक्रमण गरेर विश्वसाहित्यको स्तरमा उठिसकेको निर्णय दिन तयार छन् – देवकोटा । कन्नाका दीर्घ तपस्वी र सुन्दर सृजनाका साधक बनेका समका प्राप्तिले उच्चता प्राप्त गर्ने सीमा विजय गरिसकेको देखाएका छन् । पूर्वीय दर्शनको आंशिक समर्थक र पश्चिमी दर्शनको पनि आंशिक समर्थक देखिएका बेला सम आंशिक आस्तिक र आंशिक नास्तिक दर्शनका तहाब बनेको निर्णय दिएका छन् – देवकोटाले । नेपाली भाषाका महिमा र प्राप्तिलाई, क्षमता र सौन्दर्यलाई सम्पन्न बनाउने कलामा समर्पित, सुचित र ज्ञान गहनताका अथाह सागर ठक्न्याउँदै समलाई नेम्बतीमा चमत्कार देखाउने सष्टा (ठ/२/१२) मनेर एकातिर व्यङ्ग्यचित्र र प्रशंसाचित्र पनि शब्दमै उतार्न सफल छन्– देवकोटा ।

आनुप्रासिक शब्द संयोजन र अनुभूतिगत भाव संयोजनमा सन्तुलन कायम गर्दै अनुष्टुप् छन्दको पद्यबन्धमा प्रति समको समीक्षा गरिएको प्रस्तुत कविता समीक्षा मनेर राम्रो रूपमा प्रस्तुत भएको छ । नेपाली काव्य र नाटक जगत्का सृजनात्मक प्राप्तिलाई देवकोटाले यसकै अभिव्यक्तिको साहस्यमा स्थापना गर्दै समालोचनात्मक, व्यङ्ग्यात्मक र प्रशंसात्मक टिप्पणी गरेका छन् । समालोचकको गाउने प्रस्तुत गर्ने निष्कर्ष देवकोटाका पद्य कविताले सजीव समीक्षा प्रतिपादन गरेको छ ।

(३) सिद्धिचरण श्रेष्ठ: कवि सिद्धिचरण श्रेष्ठका शब्द चित्र (कविहरू ३) उतार्ने यस कविताका पनि कविको व्यक्तिगत चित्र र सिर्जनागत विशेषता दुइ किता मनेर अलग-अलग प्रस्तुतिको स्वभाव प्रतिपादन भएको छ । यस समीक्षात्मक कविताका कवि श्रेष्ठको लटमुसे बानी अर्थात् घासेमुन्टो लगाएर घुमघाम बस्ने बानी, धीरे कुरा गर्ने (ठ/३/१) स्वभावको चित्र प्रस्तुत भएको छ । कविलेकाहीं लङ्कीजस्तो देखिने, कोसीमा धीरे मकभक भएको अनुभव हुने र अनिकर्ति घुसघुसे स्वभावमा 'जिउ जिउ' को बेगै प्रयोग गर्ने जस्तो सी सिद्धिचरणको निम्ब यस कवितामा प्रस्तुत भएको छ । अझ मन्दमा पुगेर कविता प्रस्तुत गर्नुपर्दा निकै थर्थर काम्ने र डराएजस्तो देखिने (ठ/३/४) उनको अवस्था पनि यहाँ शब्दमा चित्रित छ । निकै सीधो जस्तो देखिने, दुबो पातलो शरीर भएका श्रेष्ठ नरम स्वर र फुर्तिलो स्वभावका धनी देखिन्छन् । जीवनको नाट्य स्वभावको मूल्याङ्कन गर्ने यस कवितामा देवकोटाले श्रेष्ठको स्वभावको (ठ/३/६) सटीक चित्रण गरेका छन् ।

कवि श्रेष्ठका सौन्दर्य पक्षको समीक्षा गर्ने क्रममा पनि यो समीक्षात्मक कविता त्यति नै अब्बल दर्जाको रचना बनेको छ । कान्तिपुरका स्थायी बासिन्दा कवि श्रेष्ठलाई नेपालको प्रकृतिले

देवकोटाको प्रायश्चित्त

– हर्षनाथ भट्टराई

२००८ सालदेखि म बनारसको विद्याश्रममा शिक्षकको रूमा कार्यरत थिएँ । त्यहाँ ९/१० सालतिर नेपालीका विशिष्ट व्यक्तित्वयुक्त कविहरूलाई आमन्त्रण गरी विद्यार्थीहरूसँग परिचय गराउने कार्यक्रम पनि यदाकदा हुन्थ्यो । यही क्रममा हामीले देवकोटालाई आमन्त्रण गरी परिचय गराएका थियौं । त्यसै बेलादेखि देवकोटासँग राम्रो सम्पर्क हुन थालेको हो । जहाँ भेट भए पनि राम्रै मलाञ्जसारी हुन्थ्यो ।

यसको केही सहिनापछि भेटहुँदा मलाई के सोधेछस् भन्ने प्रश्न गर्नुभयो, मैले पाएसम्मका नेपाली पद्यसाहित्यका सूक्तिहरू सञ्चय गरेछु भनें । 'काम निकै राम्रो हो, क्रमसाध्य पनि हो, म सञ्चय गर्दै जानोस्, सकिएपछि हेरौंला', भन्नुभएको थियो । 'अं सबभन्दा धेरै कसको पाइका त, कविलेसम्मको सञ्चयमा' भन्दा मैले भनेको थिएँ 'सबभन्दा धेरै लेखनाथको, अनि बालकृष्ण समको, त्यसपछि कविज्यू त सूक्तिमूर्ति नै भएकोहुनाले धेरो, किङ्गाई, कुरा गराई आदि सब सूक्तिभण्डारजस्तै लाग्छ मलाई भनेको थिएँ । यो सुनेर हाँस्दै म हेरौंला भन्नुभएको थियो । यी कुरा भएका थिए नयाँसडक 'भारतीय पुस्तकालय' को अफिसमा ।

यसको भन्दै गर्ने दिनपछि त्यही पुस्तकालयमा भेट भएको थियो । उनै पुराना कुरा दोहोरिए । त्यहाँ बारम्बार मेरो आनाको कारण-थियो केही दिन हिन्दीका पत्रपत्रिका पनि सङ्कलन गर्ने इच्छानुसार किताब लिन गइरहन्थें, त्यसैकारण भेट भएको हो । देवकोटा भनें त्यहाँ 'इन्दौनी' पत्रिकाको प्रकाशन सम्बन्धमा आनेगरेको हुनाले भेट हुन्थ्यो । त्यसबेलाका मूर्धन्य कविहरू सबै नै त्यहाँ भेट हुन्थें ।

यसपछि फेरि केही दिनमा भेट भयो । उही पहिलेजस्तै सामान्य कुरा भयो । मैले कविजीलाई 'म एउटा प्रश्न गर्दछु नभर्किई जवाफ पाउँ है' भनें । 'हुन्छ भनु न त' । भन्नुभयो । 'कविज्यूबाट जति साहित्यिक प्रवचन हुन्छन्, सुनिन्छ ती सबमा कविबाट निम्नदर्जा नभई असल्यदर्जा हुनुहुन्छ, फेरि प्रवचन गर्दा भावप्रवाह, प्रवप्रवाह र विचारप्रवाहमा असुन्दिएर रही निजताभतुष्ट भएको पाउँछु, यो कुरा अरूले कतिको विचार गरेका छन्, म अल्प सकिन ।' यो सुन्नासाथ मुसुमुसु हाँसेर भन्नुभयो- तपाईंले असल्यदर्जा निजताभतुष्ट भनेर धेरै सुकदेवसित दाँज्नुभयो । मैले प्रवचन सदा प्रतिक्षतिमात्र निम्नभाव भयो, यिं मलाई विस्मृतिले पच्छ्याएजस्तो लाग्छ । त्यसयरण जहिले पनि प्रवचन आदिमा म उपर्युक्त त असल्यदर्जा हुन्छ, यसले गर्दा सम्बन्धित विषयको भाव धाराप्रवाह भएर नरोकिइकन स्फुरण र प्रकाशित भइरहन्छन् । घण्टौंसम्म बोल्दा पनि मलाई थप्पारो लाग्दैन र बोल्ने विषय पनि उँछाइ मछाइ गरी नगाडि आइरहन्छन् । कोहले कहीं होइन, यस्तो स्थिति प्राय: प्रवचनको बेला सधैं नै भइरहन्छ । फेरि म प्रवचन सकिएपछि अत्यन्त तुप्त हुन्छु, जुन तपाईंले भन्नुभएको वाक्य छ निजताभतुष्ट' मेरो प्रवचनको समयको दृष्टि तपाईंले विचार गर्नुभएकोमा मलाई आश्चर्य र खुसी लाग्यो, जुन अरूले याद गरेका छैनन् होला ।'

यस्ता कुरा गर्दागर्दै सकिएको थेला पनि भएछ । म छुँहिन खोज्दा 'कहाँ अडिले नै छुँहिने, चिया पिएर जाने' भन्नुभएकोमा, अब साँझ पर्नसाग्यो, सन्ध्या गर्नुपर्छ भन्दै मैले भनाँ गरें । यो सुनेर कविजीले भन्नुभयो-'हेमुंस् मेरो त साँझतिर छन-पञ्चपात्र चम्चा-आचमनी, चिया-पविकजल र दानमोट-नैवेद्य हुन्छ, साहित्यिक चिन्तन ध्यान हुन्छ । मेरो त यही नै परमार्थको चिन्तन भएको छ, यसैमा रमाउँछु, सन्तुष्ट पनि हुन्छु ।' यति भन्नुभयो र मलाई छुँहि दिनुभयो ।

यसपछि भेटघाट हुने क्रम कम भयो । तत्कालीन नेपालको राजनीतिमा डा.के.आई.सिंहको मन्त्रीमण्डलमा हाम्रा महाकवि देवकोटा शिक्षामन्त्री हुनुभयो र तराईका स्कूलहरूमा नेपाली भाषाको पठन-पाठन अनिवार्य गराउनुभएको हो । यसैको फलस्वरूप आज सम्पूर्ण तराईका करीब ४० प्रतिशत जनता राम्रोसित नेपाली बोल्न सक्दछन् ।

तत्कालीन नेपालमा यसपछि साहित्यिक चेतना भएका राजा महेन्द्रले नेपाल साहित्य अकादमी गठन गरे, जुन पछि 'नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान' नामकरण भयो । त्यसको एक सदस्यमा देवकोटाज्यू पनि हुनुहुन्थ्यो । उहाँ यही कार्यक्रममा यूरोपका विभिन्न देशको भ्रमणमा जानुभयो । उताबाट फर्केपछि आन्द्राको क्यान्सरले आक्रमण गरिसकेको रहेछ । महाँ त्यस रोगले ज्यापेपछि शान्तभवन अस्पतालमा त्यहाँका प्रमुख डा. मिनरको सान्निध्यमा उपचार भयो । तर पहिले आन्द्राको शल्यक्रिया भइसकेको हुनाले सफल भएन । मिलरले अन्तिम अवस्थामा बिदाइ गरे । घर नलगी सोझै पशुपति आर्यघाटतर्फ लगे, केवल समय पर्खने काम मात्र भयो ।

देवकोटा मृत्युशैय्यामा भएको बेला एकदिन बिहान पं.गुरु राधानाथ लोहनी देवकोटालाई हेर्न सरिकुञ्ज, आर्यघाट जानुभएछ । देखेबित्तिकै देवकोटाले ज्यादै भोगी स्वरमा-'गुरु, मलाई प्रायश्चित्तको उपाय बताउनुपर्यो, जिन्दगीमा ठैरैबाँक खाइयो, त्यसैले आज यस्तो अवस्थामा पुगें । मेरो प्रायश्चित्तको उपाय बताउनुपर्यो ।' भन्ने सुनेपछि-राधानाथ गुरु भन्नुहुन्छ 'तपाईंमा अडिले यो जुन पश्चात्तापरूपी भावनामि प्रकट भयो, त्यसले तपाईंका शरीरका सम्पूर्ण कल्मष भस्म गर्दछ । पश्चाताप पनि एक ठूलो प्रायश्चित्त मानिएको छ । फेरि तपाईं सधैं साहित्य चिन्तनमा लागिरहने हुनाले पनि तपाईंको चिन्तन मनन पनि ईश्वरीय रूप हो । यसबाट के भुमिन्छ भने तपाईंको मन-मस्तिष्क सधैं त्यही चिन्तनमा लागिरहने हुनाले तपाईंमा कुनै कल्मष छैन । त्यही वाङ्मयरूप चिन्तन नै सदा-सर्वदा जाग्रत रहिरह्यो । तपाईंको अहिलेको यस्तो अवस्थामा पनि तपाईं चिन्तनमै हुनुहुन्छ । यस्ता व्यक्ति कहिले पनि श्रेयमार्गबाट निर्भासित हुँदैन, हुन पनि सक्तैन । यी सबै गुण तपाईंमा भएको हुनाले तपाईंको अन्तिम समय आनन्दमय, कल्याणमय र ब्रह्ममय होस् भनेर राधानाथ गुरु आफ्नो उद्देश्यतिर लाग्नुभयो ।

यता देवकोटाको मुखमण्डल खुसी र उज्ज्वल देखियो । यसपछि नेपाली साहित्यका देदीप्यमान सूर्य कहिल्यै नउदाउनेगरी अनन्त ब्रह्ममा विलीन भएको दृष्टिगोचर भयो ।

❖❖❖

'देखिन्छ ईश्वर यूग मन्दिरमा पसेर ?
त्यो हाँस्छ शुद्ध मन-आसनमा बसेर !'

(मार्ग)

'धेर्यको छोरो यो पाउ छुन्छ धीनले छुँदिन,
मानिस ठूलो दिनले हुन्छ जातले हुँदैन !'

(मुनामदन)

त्यसबाट ऋषितुल्य बन्दा लेखनाथ पौड्यालको शारीरिक शब्दचित्र यस कवितामा प्रस्तुत भएको छ ।

नयाँ युग प्रवर्तनमा अग्रणी, आध्यात्मिक उत्कर्षताको प्रतिनिधि र मानवताका पुजारी बनेका लेखनाथको अवस्था यहाँ प्रस्तुत भएको छ । कलात्मक ढङ्गले उपदेश र सन्देश सम्प्रेषण गर्ने पौड्याल, ईश्वरीय आस्था र भक्तिकासमी अभीप्साका मूर्तरूप व्यक्तित्वहरूमध्ये पनि सफलताका साधक अग्रपुरुष देखेका छन् - देवकोटाले वर्तमानमा टेकेर पनि । परमार्थका साधक बनेर उपस्थित भएको ठहराएका छन् । आदर्श र सन्मार्गका अग्रगण्य, सत्यव्रताका उदाहरण, स्वदेश र स्वभाषा, स्वसंस्कृति र स्वधर्मका अनुचर लेखनाथ पौड्याललाई दैवी सत्य र अमरत्वका पूजक ठहराएका छन् – देवकोटाले । 'पण्डित लेखनाथ पौड्यालका विषयमा' शीर्षक दिएर समालोचना र जीवनीगत वैशिष्ट्यलाई एकै सूत्रमा आबद्ध गरेर मूल्याङ्कन गर्ने देवकोटाले लेखनाथलाई प्रकृतिको मानवीकरण गर्न सफल, भौतिक जीवनलाई मानवतावादी अस्तित्वतिर धकेल्न प्रयत्न गर्ने सष्टाका रूपमा स्थापित गरेका छन् । भाषामा कोमल र मधुरिण पदावली, सृजनामा शास्त्रीयता र परिष्कारको समायोजन 'तरुण तपस्वी' महाकाव्य आध्यात्मिक र परमार्थ प्रधान चिन्तनका दृष्टिले प्रधान बनेको छ । मानवीय सम्वेदनाको धनी कवि लेखनाथको सृजना चेत र मार्मिक सौन्दर्यको रूपलाई कवितात्मक स्वरूप दिने वर्णमात्रिक छन्दका सफल कवि हुन् भनेर पद्यात्मक कवितामा लघु आयतनमा गुरुद् र व्यापक समीक्षा गरेका छन् । 'कवि सम्राट् पं. लेखनाथ पौड्यालका कविताका नयाँ मौलतीलको समालीचमा' शीर्षकको समीक्षामा भने लेखनाथमा शाब्दिक तुक-बन्दीमात्र प्रबल भएको कुरा प्रस्तुत गरेका छन् । यस्ता तथ्यलाई देवकोटाका कवितामा प्रस्तुत सन्दर्भले पुष्टि गरेको छ ।

(२) बालकृष्ण सम : अनुष्टुप् छन्दको प्रवाहमा कविता, नाटक अनि काव्यसम्म पनि छरिएका र गद्य र वर्णमात्रिक सबका अरूहरू धेरै कविताका सष्टा समलाई यहाँ देवकोटाले पद्यात्मक समीक्षाद्वारा मूल्याङ्कन गरेका छन् । गद्यको प्रवाहमा समलाई मूल्याङ्कन गर्दा देवकोटाले उनलाई तिकै गहन ठहर गरेका छन् । निबन्धकी र कविताकै पनि गद्यमा पुरुष सुलभ कठोरता, दुरूहता र परुषतालाई इङ्गित गरेर भाले गद्यकार अरूहरू आउलान् म पीथी गद्यकार हुँ भन्दै आफूलाई नारीसुलभ गद्यलेखनको सबल सदस्य ठानेका छन् – देवकोटाले । यसरी पुरुष र परुष भाषाका धनी बालकृष्ण समलाई देवकोटाले यस 'छोइछिन्नगी' कविताका अनुष्टुप् छन्दकै कविताका माध्यमबाट समीक्षा गर्न प्रयत्न गरेका छन् ।

२. बालकृष्ण सम : 'कविहरू' शीर्षकअन्तर्गतको (२) कवितामा समको समीक्षा गरिएको छ । सम्मानका पदकहरू प्राप्त गरेको अबीरीझाका आङ्गमा चम्कने तारा जसरी सुन्दर देखिने समको सेवामा साइकल र छाता अभिन्न ढङ्गले जुटेको ठहर गर्ने देवकोटाले समको चारित्रिक चित्र हास्यात्मक र व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेका छन् । समको सेवा गर्न पाउँदा समका साइकल र छाता आफूलाई अझ भाग्यशाली सम्झन पुगेका छन् । सधैं दारी सफाचट राख्ने, पाउडरको उपयोगबाट सफा देखिने, सधैं कृत्रिम र प्रसाधनमा प्रकट हुने मसिनो र मिठो बोल्ने, सेर कारेर सधैंसँग बराबर अर्थात् सम बनेका, परिस्थितिको नारी छामेर मात्र पाइला साने, माकुराको जालीजस्तै कुराको सञ्जाल रच्ने, सधैं-सामो र लम्बर्दे किसिमको साँदामा सजिने, यहुदीजस्तो अनुहारका धनी सामान्यतः नास्तिक देखिने र कुरा काट्न सिपालु

आफ्नो समयका, जीवित र स्थापित पाँचजना शब्दहरूको जीवन शैली र सृजनाधर्म, कथन र आचरण, सिर्जित सामग्रीका विधा र तिनको स्तरसमेतलाई सम्बन्धित सष्टाहरूकै जीवनीको समरेखामा राखेर कवितामा समीक्षा गर्ने काम गरेका छन् - देवकोटाले । यस्ता जम्मा पाँचवटा कविता छन् । पाँचजना कविहरूमध्ये १. लेखनाथ पौड्याल, २. बालकृष्ण सम, ३ सिद्धिचरण श्रेष्ठ, ४. भवानी भिक्षु र ५. भीमनिधि तिवारी रहेका छन् । यी कविताहरूमध्ये पहिलो कविता लेखनाथ सम्बन्धी छ र वर्णमात्रिक वसन्ततिलका छन्दका पाँचवटा कवितामा तयार गरिएको छ । दोस्रो कविता बालकृष्ण समसम्बन्धी छ र यो अनुष्टुप् छन्दका चाह्रवटा पद्यमा तयार गरिएको छ । त्यसै तेस्रो कविता सिद्धिचरण श्रेष्ठमा केन्द्रित छ र यो कविता द्रुतविलम्बित छन्दका पाँचवटा पद्यमा निर्माण भएको छ । चौथो कविताको विषय बनेर भिक्षु आएका छन् । भवानी भिक्षुको सिर्जना, स्वभाव र प्राप्तिलाई निरूपण गर्ने गद्यलयका जम्मा चारवटा पङ्क्ति समूहका बीसवटा पङ्क्तिमा लेखिएका रचनाबाट मूल्याङ्कन भएको छ । अन्तिम सष्टा भीमनिधि तिवारीको निरूपण र मूल्याङ्कन गर्दै तयार गरिएको पाँचौं कविता यति गद्यलयमा तयार भएको छ । गद्यका दुईवटा मात्र पङ्क्ति समूहमा रचित यो कविता जम्मा सत्रवटा पङ्क्तिमा तयार भएको छ । यसले यति देवकोटाको समालोचना चेतलाई शब्दचित्रगत समालोचना पद्यमा प्रस्तुत गरेको छ ।

२. जीवनी चित्र र समालोचनात्मक कविता 'छन्द र लय' निबन्धका सीमाना देवकोटाले छन्दको मधुरता मोहनीको सन्दर्भलाई आँखि सारेका छन् । भाषाको मधुर पदावली विन्यासमा धेरै धेरै जुटाएर राख्न सकछन् । तिनलाई ठूलो समस्याको विषय बनाइनु हुन्न भने मत शाकुन्तल महाकाव्यको प्रथम सर्गमै देवकोटाले प्रस्तुत गरेका छन् । कल्पना, 'कला र जीवन', 'श्री गणेशाय नमः', 'साहित्यमा शिवाल', 'हामीलाई कविताका के चाहिन्छ ?', 'कवि हुने धूनमा', 'बेलामा', 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' जस्ता कला र सौन्दर्यका सैद्धान्तिक रचनाका माध्यमबाट देवकोटाले कलिका सौन्दर्यबाट समीक्षात्मक दृष्टिले प्रस्तुत गर्न प्रयत्न गरेका छन् । यसरी निरूपण गर्दा देवकोटाको समालोचना चेत निकै सबल र स्पष्टवादी भएर पाठक समक्ष प्रस्तुत भएको देखिन्छ ।

(१) **लेखनाथ पौड्याल** : लेखनाथ पौड्यालाई देवकोटाले विभिन्न सन्दर्भमा समीक्षा गर्दा सौन्दर्यका साधक मानेका छन् । तैपनि लेखनाथको छन्दविधानलाई मूल्य र मान्यतासत परम्परामा अतुलनीय महत्ता देखेर होला यहाँ अन्त नयाँ ढङ्गले प्रस्तुत गरेका छन् । पद-पदावलीका पत्रपत्रहरूमा छन्द र त्यसको लयात्मक राग अङ्कन गर्नसक्ने लेखनाथका रचनाकौशललाई आँखि सारेर समीक्षा गरेका छन् । यसमा कीर्तिगाथा पथ तय गरिसकेका अर्थात् यश आर्जन गर्दागर्दै बुद्धौसीमा पुगिसकेका (ठ/१/१) सैनी फुलेको चाँपी तन्तुजस्ता कपालका रौंहरूले उमेरको प्रवाह घेरै बगाइसकेका (ठ/१/२) लेखनाथमा गालाको कोठीले अझै सुहाउँदो शोभा दिएको स्थिति प्रतिपादनको अवस्था छ । लड्दी टेकेर हिंड्नुपर्ने मिठा र उपदेशपूर्ण वाक्य बोल्ने लेखनाथ बातैपिछे 'त्यै' ता भन्ना बुइन् भेन' जस्ता बेगोको उच्चारण गराउने भाषिक स्वभावको पनि टिपोट गर्ने (ठ/१/२) भाषिक टिप्पणी यहाँ उल्लेख छ । मोहेश अर्थात् देवघाटतिरको आकर्षणमा सामेल र मुक्तिकामी स्वभावका कवि लेखनाथको स्वभावलाई (ठ/१/४) पनि अनुकूल गरिएको छ । जाडो र घिसीबाट डराउने, बाह्रमा मगन मस्त बनिसकेका र निधारमा सधैं चन्दन लगाउने शान्त

महाकवि लक्ष्मीप्रसाद देवकोटा : एउटा संस्मरण

डा. रामहरि जोशी

महाकवि लक्ष्मीप्रसाद देवकोटासित मेरो पहिलो परिचय सन् १९४९ को जनवरीमा कलकत्तामा भएको थियो । त्यतिबेला म कलकत्ता विश्वविद्यालयमा पढ्ने नेपाली विद्यार्थीहरूको हिमाञ्चल छात्रसंघको साहित्यमन्त्री थिएँ । त्यतिबेला देवकोटाजी राणा सरकारको कोपभाजन हुनुबाट बच्नका लागि बनारसमा स्वनिर्वासित जीवन बिताइरहनुभएको थियो । उहाँ महाकविबन्धुले प्रकाशित गरेको 'युगवाणी' साप्ताहिकको सम्पादक मण्डलमा हुनुहुन्थ्यो । हामीले हिमाञ्चल छात्रसंघका तर्फबाट उहाँलाई अभिनन्दन गर्नका लागि कलकत्ता आमन्त्रित गऱ्यौं । उहाँ हाम्रो निमन्त्रणा स्वीकार गरेर कलकत्ता आउनुभयो । उहाँका साथमा बनारस विश्वविद्यालयमा अध्यापनरत ईश्वर बराल र युगवाणीका सम्पादक सम्पादक नारायणप्रसाद भट्टराई पनि आउनुभएको थियो । उहाँहरू सबैलाई हामीले म र जयनारायण गिरीबस्ने पार्कसर्कसको तीनतल्ले कोठामा राख्यौं ।

राति एउटा भयानक घटना हुँदाहुँदा बचियो । आधीरातमा कोठाभित्र कोही आवाज भएकोले म र जयनारायण गिरी बिउँझ्यौं । र, के देख्यौं भने देवकोटाजी झ्यालबाट हामफाल्ने प्रयासमा हुनुहुन्थ्यो । बल्ल हामी सबैले मिलेर देवकोटाजीलाई पलङ्गमा बसाल्यौं । एक सेकेन्डको पनि बिलम्ब भएको भए त्यस रातमा के हुन्थ्यो भन्न सकिन्न ।

पलङ्गमा बसिसकेपछि देवकोटाजीले अस्पष्ट र मसिनो स्वरमा के-के बड़बड़ाउनुभयो राम्रो बुझिएन । तर सामी सुस्केरा हालेर अङ्ग्रेजी भन्नुभएको मतिचाहिँ बुझियो-

"I want to die, I want to see God"

यो मुटु छेड्ने एउटा अत्यन्त नै मार्मिक दृश्य थियो । त्यो देखेर मलाई लाग्यो, फूलै ठूलो पीरले गर्दा देवकोटाजी जीवनबाट निराशहुँदै निर्भिनै टुट्न थालनुभएको छ ।

तर यसको ठीक दुई दिनपछि महाबोधी सोसाइटीको हलमा आफ्नो अभिनन्दन समारोहमा उहाँले-

"मन्मा चढेको वीर सत्य मान्छे
आँधीको ए हनुमान..... "
मनैर गर्जनुभएको र फेरि-
"किन रुन्छेस् रुवाइयौ
बाय हुन्छ एक फेरा छाहीं रुवाइया न रुवाइयौ ?"

जस्ता पौरुष र ओजपूर्ण कविता पाठ गर्नुभएको देखा म छक्क परें । सोच्न थालें -छाहीं छ यस कविको स्वरमा नैराश्यको कुनै भाव ?

देवकोटाजी आफ्नु जीवनको गरलपान गरेर विश्वलाई साहित्यको अमृतपान गराइरहनुभएको थियो । कवि हुनु पनि कति कठिन कर्म रहेछ ? भन्ने कुरो मैले त्यस दिन अनुभव गरें ।

कलकत्तामा देवकोटाजी लगभग एक महिना जति हामीहरूसँगै बस्नुभयो । गणेशमानजी पनि

त्यतिबेला हामीहरूसँगै पार्क सर्कसको घरमा बस्नुहुन्थ्यो । कलकत्ता बस्दा देवकोटाजी सधैं एउटा मानसिक तनावको स्थितिमा रहनुहुन्थ्यो । कहिलेकाहीं उहाँलाई आफ्नो सुद्धिसमेत रहँदैनथ्यो । पहिलो नेटमै मलाई के लागेको थियो भने देवकोटाजीको अन्तर्मनमा कहीं कुनो हरी चलिरहेछ ।

उहाँको सम्मानार्थ र केही दिनअघि मात्रै आफ्नो माईलो छोराको मृत्यु भएको हुनाले शोकविह्वल भएर देवकोटाजी झण्डै अर्द्धविक्षिप्तावस्थामा पुग्नुभएको थियो । यति हँदाहुँदै पनि उहाँनिजको कवि भने एकदम जाग्रत र अत्यन्त सक्रिय थियो । यस्तै अवस्थामा उहाँले गान्धीजीका बारेमा अङ्ग्रेजीमा साठी पदको "BAPU" भन्ने कविता लेख्नुभयो । जसलाई कलकत्ताका अङ्ग्रेजी भाषाका विद्वानहरूले समेत मुक्तकण्ठले प्रशंसा गरेका थिए ।

त्यसैगरी एकदिन देवकोटाजीले धाराप्रवाह शैलीमा मलाई कविता लेखाउनुभएकै थियो । पछि लगभग नब्बेदशक तीर कविताहरूको संगालोलाई "आँसु" शीर्षक दिएर दार्जिलिङबाट भारती पत्रिकाले प्रकाशित गरिएको थियो ।

यसरी देवकोटाजीको जीवन दुईवटा सम्झनाबाट गुडिएको थियो-एउटा लौकिक तथा अर्को भावनात्मक ।

नेपाली समाजको सबभन्दा ठूलो दुर्भाग्य के भने साहित्यिक फाँटका यी कविसम्राट्को जीवन सधैं आर्थिक कठिनाइमै गुज्यो । सरस्वती र लक्ष्मीको मेल हुँदैन भनेको ठीकै रहेछ । क्यान्सरबाट उहाँको निधन भयो । निधन भएपछि उहाँको सम्झनामा प्रतिमा स्थापना गरियो । हलको नाउँ पनि उहाँकै नाममा राखियो । तर उहाँलाई जीवनकालमा हामीले सम्मान गर्न जानेनौं ।

❖❖❖

देवकोटा, मुनामदन र आजका युवा

✍ कृष्णप्रसाद अस्थाल

तिरस्की रै मृत्युशैय्यामा तिम्रो हृदयको छाँटि
मुनामदन राखेर योगिदिन् सबै भनी
छिल मान्थ्यौं अहो ! हामी यति सकल पुत्रहरूँ
'मुनामदन' पर्कै हो सर्वश्रेष्ठ सकारहरूँ
॥१॥

तिम्रा मदन लागेर भोट तिम्रात देशमा
साधना धन आर्जेर गरौं केही स्वदेशमा
पत्नीका हातमा बाला, आमाको तिर्सना पनि
पुऱ्याई धरको योगो छानी फेर्नुपर्यो भनी
॥२॥

घाटीमा फर्केदा धन्ने पुगेथें परलोकमा
बिरामी हालमा छोडी लागे साथी स्वदेशमा
आइबाले बनमा भेटी गऱ्यो ओझो नगी घर
प्रश्न मानवताको हो जातले को ठुलो छ र ?
॥३॥

आफ्नै यो देश उस्तै छ, उस्तै छ गरिबीपन
रोजगारी नपाएर भौंतारिन्छन् युवा जन
लान्छन् युवक जापान, अमेरिका र कोरिया
खाडीका देश पुग्दैछन्, कोही पुग्छन् मलेसिया
॥४॥

विदेशिन्छ युवाशक्ति, ज्ञान, प्रतिभा जो धन
युवा विहीन भै देश आज सन्देह निर्जन
तिम्रा मदनको मृत्यु भयो पाकी स्वदेशमा
आज, मर्छन् युवा किन्तु दराकादि विदेशमा ।
॥५॥

कविताका स्रष्टाहरू : देवकोटाको समीक्षात्मक व्यङ्ग्य कविताको कोणबाट निरूपण

✍ प्रा. राजेन्द्र सुवेदी

१. परिचय सन्दर्भ

देवकोटा व्यङ्ग्यबाट पनि सबल सर्जक हुन् । साहित्यका अन्तर्विधाको प्रस्तुतिको शैलीविशेष बनेको हास्य र कथ्यविशेष बनेको व्यङ्ग्यलाई एकैसाथ प्रस्तुत गर्ने सबले व्यक्तित्व हुन् । उनले लेखेका कविता काव्य, निबन्ध कथामा मात्र होइन, समालोचनामा समेत हास्य व्यङ्ग्य चेतना प्रशस्त मुखरित भएको छन् । जीवनको पछिल्लो चरणमा लेखिएका रचनाहरूको एउटा सङ्ग्रह 'मनोरञ्जन' शीर्षकमा प्रकाशित भएको छ । २०१५ सालको जेठमा लेखिएको भूमिकाले यसको रचनाकाल २०१४/०१५ जनाउँछ र यस अवधिमा लेखिएका कविताको संगालो २०२४ सालमा आएर प्रकाशित भयो । यस कृतिमा एकाइसवटा कविता छन् । सबै हास्यप्रधान कविता छन् र सबैमा व्यङ्ग्य प्रस्तुति रहको छ । केही लामो कविताको स्तरमा आख्यान प्रबन्धसमेत जोडिएका रचना छन् र केही लघु आकारका स्फुट पद्यहरू छन् । नेपाली साहित्यका पद्य रचनामा पाइने सब ढाँचाहरूमध्ये सबै खाले ढाँचाका सबै प्रकारलाई प्राथमिक विषय बनाएर कविता सिर्जना गर्ने देवकोटाको शब्दमा तयार भएका व्यथित चित्रहरूको समुदायका रूपमा 'कविहरू' । छोडिदिन्लगी' शीर्षकको कवितालाई मात्र यस लेखको मूल विषय बनाएर विश्लेषण र विवेचन गर्ने काम भएको छ ।

प्रस्तुत सङ्ग्रहको १२ औं कविता 'कविहरू' शीर्षकमा लेखिएको छ । यस शीर्षकलाई स्पष्ट गर्न छोटकरीमा 'छोडिदिन्लगी' अन्य व्युत्पादित शब्द पनि राखिएको हो । कविताको आशय स्पष्ट गर्न छोडिदिन्लगी शब्दले कविताका विषय बनाइएका जस्मा पाँचजना कविहरूका व्यक्तिगत तर समाजमा सार्वजनिक रूपमा प्रस्तुत हुने स्वभाव र उनीहरूका सिर्जनागत पहिचान र तिनको विशेषतासमेतलाई उधाङ्गो ढङ्गले तयार गरिएको चित्रका रूपमा कविका निजी सहिचानहरूलाई काव्यगत सन्दर्भमा अङ्कन गर्न प्रयत्न गरिएको छ । जस्मा पाँचजना कविहरूका रचनाकौशल र व्यक्तिगत आनिबानी, लेखनका विषयगत आधार र प्रस्तुतिगत स्वभाव, विद्या र प्रवृत्ति, लोकप्रियता र प्राप्ति, क्रममा वैयक्तिक ढाँचा र बेगोजस्ता नितान्त व्यक्तिगत स्वभावका चित्रहरूको प्रस्तुतीकरण व्यङ्ग्यात्मक शब्दचित्र (Satirical Portet) मा गर्न सफल भनेका देवकोटाको कविताका माध्यमबाट समालोचना गर्ने कलाको विवेचना भएको छ - यस लेखमा । समालोचना गद्यमा लेख्ने परम्परा स्थापित रहेका सन्दर्भमा देवकोटाले कविताका समालोचना गरेमन्दा निकै अघ्ठ्यारो लाग्न सक्छ । कविताका समालोचना (Poetic Criticism) जस्तो लेखन नेपालीमा वर्तमान सन्दर्भमा नितान्त अभाव छ । साहित्य शास्त्रको निर्माण गर्ने क्रममा पूर्वीय आचार्यहरूले भने पद्यमा साहित्यका सूत्रहरू, लक्षण र सौन्दर्यका सन्दर्भहरू निकै राम्रो प्रस्तुत गरेका छन् । त्यसको छनकबाटै देवकोटाका 'छोडिदिन्लगी' कवितामा पाउन सकिन्छ ।

किरण-

बिन सौ ! पगली निर्मोलाई ए उषा ! म तिम्रो किरण ।
आऊ सैलमा ! यो मयना तोडन ! मदेर तौ म छुछु चरण ।
बनौलक कसोरी बस्यौ ! निजंनको मुटुको गह्वरमा ?
केस्हाँ कठे ए पगली कसो भोग्यौ कष्ट ? लाइ ! बनपरमा ।
(कृषिबाला ५५ / २)

किरणले श्रीप्रसाद ठालुसँग बढमा लिएको सुनाउँछ र साँझमा किसानहरूको रजाई भएको जानकारी दिन्छ

किरण-

ठालुको इज्जत नो चूर । गिराई चटाएँ पैतला ।
साम्राज्य किसानको छ, त्यसका छन् मुटुमा भुईमाला ।

मन खबरले उषा तिर्के खुसी हुन्छे । दुवै लावण्य गाउँमा जान्छन् । किसानहरूमा खुसीयाली छाउँछ । धानका हरिया झुप्पा तालमा लिएर किसानहरू किरण र उषाका साथ नाचगान गर्छन् । गीतको भाका छ-

रिमझिम पानी बरर ! आकाश सरर
मोती लढी झरर ! असार रमाइलो ।

+++

धानको बाला झुले है दसैं रमाइलो
झुप्पा लागे दानासुन बोट समाई त ।

यसरी सुखद मिलनमा किरण र उषा पुनः पाएकले साँझ भेलका किसान तिर्के खुसी हुन्छन् । सुखान्त स्थितिमा नाटक टुङ्गिएको छ । कृषिबाला गीतिनाटक सुखान्त भए पनि यसको सयोजनमा मार्मिक पीडा र छटपटी छ । उषाको अपहरण, निरक्षिप्तता र तीन वर्षजति गुफाको बासलाई कम दुःखदायी भन्न मिल्दैन । पाषाण हृदयलाई पनि उषाको कष्टकर जीवनले पगालेको हुन्छ । 'उत्तर रामचरित' नाटकमा सुखान्त भए पनि यो पूरै कारुणिक नाटक हो । यस्तै कृषिबाला नाटक सुखान्त भए पनि कारुणिक नाटकमा तिनुपर्ने हुन्छ । यस्तो नाटकसाई पाश्चात्य साहित्यमा दुःख-सुखान्त नाटक (ट्रेजीकमेडी ल्य) पनि भन्ने गरिएको छ ।

'कृषिबाला' नाटक गीतिलयमा संरचित गीतिनाटक हो । यो वर्गद्वन्द्वलाई प्रस्तुत गर्ने प्रगतिशील नाटकवृत्ति हो । यहाँ शोषक वर्ग र शोषित वर्गको द्वन्द्व छ, सङ्घर्ष छ र पछ्यराफ्छार छ । खेती किसानी गरेर पनि हातमुख जोर्न र परिवारको भरणपोषण गर्न नसक्ने गरीब निमुखा किसानहरूको जमात एकातर्फ छ भने गाउँघरमा नै किसानको शोषण गरेर, ऋण दिई मौकामा तिर्न नसर्केको भन्दै जग्गा समेत हडप गरेर मोटाउने शोषक फटाहाहरू पनि आफ्नो हैकम कायम गरेकै देखिन्छन् । यसरी शोषक र शोषितको वर्गद्वन्द्वलाई किसान र ठालुको सङ्घर्षद्वारा प्रष्ट स्पष्टयाउने काम भएको छ । शोषक फटाहा ठालुहरूले धेरै समय गरीबहरूलाई सताएका हुन्छन् । तर स्थिति एकनास रहँदैन । अन्तमा किसानहरू एक हिम्मत भएर शोषक ठालुको हुमत तिन्छन्, बेइज्जत गर्छन्, लछारपछार गर्छन् र त्यस्ता फटाहाहरूलाई गाउँ निकाला समेत गर्छन् । कृषिबाला महाकवि लक्ष्मीप्रसाद देवकोटाले शोषक, सामन्त, ठालुहरूको हार देखाएर फाँसिका न्यायको साहित्यिक मान्यतालाई आत्मसात् गरेका छन् । यहाँ पुजार पछि आएको प्रगतिशील चिन्तन यहाँ प्रोतिबिम्बित भएको छ र यसबाट लक्ष्मीप्रसाद देवकोटा प्रगतिवादी कविका रूपमा समेत देखा परेका छन् ।

आलङ्कारिक भाषाशैली छ । विभिन्न लोकलयको प्रयोग भएको छ । कथानक सोझो नहिँडेर ठेडोमेडो गरी हिँडेको देखिन्छ । अब त समस्या सुल्झेला भन्दाभन्दै कथामा थप समस्या आउँछन् । जटिल कथानक रूपमा नाटकले कथ्यको ग्रहण गरेको छ । अन्तिम दृश्य गराखी किरण बजारसमै आल्मिएको र उषा कालदेवीकै रूपमा अङ्गगलितिबासी भएको स्थितिमा टुङ्गयाइएको भए यो कृति अझ कारुणिक बन्थ्यो । जे होस्, नाटक सुखान्त भनेको छ । अलङ्कार र ध्वनिको प्रयोग पनि भएको छ । पहेलपाठे हिँडेद, लालगाढे बिहानी जस्ता पद्यावली छन् । प्रकृतिको बहुविध प्रयोग छ । कृषिबाला गीतिनाट्य यथार्थमा प्रस्तुति, कथाविन्यास प्रगतिचेतना र प्रकृति प्रयोगका दृष्टिले कालजयी नाट्यकृति हो ।

❖❖❖

देवकोटा मन्त्रीहुँदा

माधवलाल कर्माचार्य

मचिन्द्र कलेजमा पढ्दा देवकोटासँग चिनजान भएको हो । त्यसबेलाका सबै अध्यापकहरूको नाम त म भन्न सक्दिनँ, तर बासकृष्ण सम, पुष्करशमसेर, देवकोटा र यदुनाथ खनाल्लका बाजु हरिनाथ खनालसरगामतर्फ पढाएको मलाई सम्झना छ । नेपाली भाषा प्रकाशिनी समितिसँग सम्बद्ध धुरै लेखक साहित्यकारहरूसँग पनि मैले चिनापर्ची गर्ने अवसर पाएको छु ।

देवकोटाको मुनामदन (पुरानो सस्करण) म लय हालेर पढ्थें । त्यो जस्तो राम्रो पछिल्ला परिमार्जित सस्करणहरू लागेनन् । परिमार्जनको नाममा त्यसलाई कृत्रिम बनाइएको भन्ने मेरो मान्यता छ । लक्ष्मीप्रसाद कविता पनि मलाई अत्यन्त राम्रो लाग्थे तर उहाँसँग मेरो सत्सङ्गत हुन सकेन । सम्भवतः मेरो बसाउँठी धेरै छोटो भएको छ ।

त्यसबेला म प्रायः देवकोटाको घरमा गइरहन्थें । उहाँ घरको दोस्रो तलामा बस्नुहुन्थ्यो । उहाँको ओहदाप्रति भुईमा सुकुलमाथि लगाइएको हुन्थ्यो । जसको घरमा जाँदा जसलाई जे मन पर्छ, त्यही लिएर आऊ भनेजस्तो म पनि कहिलेकाहीँ देवकोटालाई मन पर्ने फुलमार चुरोट लिएर जान्थें । नएसम्म उहाँले सिङ्गो चुरोट नै सल्काएर खानुहुन्थ्यो, भएन र ज्यादै तलतल लाग्यो भने ओछ्यानको सुकुल उन्टाएर त्यहाँ थुपारिएका ठुटामध्ये लामो चुरोट छानेर निकालनुहुन्थ्यो र सल्काउनुहुन्थ्यो । चुरोट तान्ने शैली पनि अनोठो थियो उहाँको । लामो सर्की तान्ने, सुखनित धुवाँ एकछिन राखिरहने र फरररर धुवाँको मुस्लो छाड्ने । यसरी देवकोटाले अत्यधिक चुरोट खानुमा उहाँको पारिवारिक टेन्सन पनि हो कि जस्तो लाग्छ मलाई ।

त्यस बेला मेरो राजनीतिक र साहित्यिक दुवै क्षेत्रका प्रख्यात व्यक्तित्वहरूसँग चिनाजानी भएको थियो । राजनीतिक क्षेत्रसँग आबद्ध व्यक्तित्वहरूमा महेन्द्रविक्रम शाह, गणेशमान सिंह, भुवनलाल प्रधान, प्रदीपमान प्रधान र गोपालदास श्रेष्ठ आदि थिए भने साहित्यिक क्षेत्रसँग सम्बद्ध व्यक्तित्वहरूमा हृदयचन्द्रसिंह प्रधान, सिद्धिचरण, विजय मल्ल, दुर्गालाल श्रेष्ठ र छेदारमान व्यथित आदि थिए ।

००३ / ४ सालतिर हामीले बिहान पशुपतिमा र बेलुका शोभा भगवतीमा गोपाल रिमालका कवितालगायत क्रान्तिकारी कवितात्मक पाठ गर्थौं । यसै सन्दर्भमा धुरै राजनीतिक एवम् साहित्यिक व्यक्तित्वहरू पकाउमा परे । व्यथित र देवकोटा बजारसँतिर लाग्नुभयो । म जनकपुर गएर बसें र पछि दरभङ्गातिर लागें । म त्यहीँ छँदा देवकोटाको 'पराजी पुकार' पढ्न पाएको थिएँ । सम्पूर्ण दृष्टिले उभाइ छोएको त्यस कवितासँग त्यस बेला अत्यन्त साथ पाएको थियो ।

२००७ सालपछि म शिक्षा, स्वास्थ्य तथा स्वायत्तशासन मन्त्रालयमा जोगिएर भएँ । त्यसपछि त मेरो साहित्यसेवा र साहित्यकारहरूसँगको भेटघाट सबै हरायो । म आफ्नो मन्त्रालयको कामका निकै व्यस्त रहन्थें र राष्ट्रिय बजेट तयार पार्ने काममा पनि लागेको थिएँ । मलाई सम्झना छ,

त्यसबेला राष्ट्रिय बजेट ३ करोड थियो, जब कि अहिले झण्डै ३ खर्ब पुगिसकेको छ।

त्यसपछि देवकोटासँग मेरो भेटघाट उहाँ शिक्षा तथा स्वायत्तशासन मन्त्री भएपछि भयो। मन्त्रीहुँदा उहाँ सल्यानी राजा जितेन्द्रबहादुर शाहको घर बागबजारमा बस्नुहुन्थ्यो। उहाँले बोलाउनु भएरै म उहाँको क्वार्टरमा गएको थिएँ। त्यसबेला देवकोटाका भाइहरू-भिमनाथ, मधुसूदन र निजी सचिवको रूपमा कल्याण रेग्मी हुनुहुन्थ्यो।

देवकोटाले त्यस दिन बालाजु घुम्न जाने प्रस्ताव राख्नुभयो। बालाजु पार्क हालको जस्तो थिएन। यद्यपि साना ठूला सातवटा उत्लाउ थिए। चौर थियो। धाराहरू थिए। पार्क थियो। सुरम्य प्रकृति थियो। तर आजको जस्तो व्यवस्थित थिएन। बालाजु घुम्न गएपछि त देवकोटाले रमाइलो गर्नुहोला, ठट्टा गरेर हँसाउनु होला, के के भाने प्रस्ताव राख्नुहोला र मनोरञ्जन गरेर समय बिताउनुहोला भनेको त के हुन्थ्यो ! पार्कभित्र पस्नेबित्तिकै संगै गएका हामी सबैलाई बिसंनुभयो र प्रकृतिमा मुग्ध हुनुभयो- वा ! भानुभक्तको प्रिय बालाजु ! धन्य तिम्रो सुन्दरता ! धन्य तिम्रो मोहकता र मादकता !

उहाँ एकोहोरो हेरेको हेरै हुनुभयो। उभिएको उभिनै हुनुभयो। हात फैलाउनुभयो र प्रकृतिलाई छातीमा लगाउनुभयो। लामो समयसम्म उहाँ प्रकृतिमा नै डुबिरहनुभयो। अरू कुनै चीजको होस नएन। न उहाँ हामीसँग बोल्नुभयो, न हामीलाई वास्ता नै गर्नुभयो। उहाँको गाह, उहाँको मोटरको ड्राइभर, हामी सबै मित्रजन र आफन्तजनहरू उहाँको फर्कने समयको प्रतीक्षा गरिरह्यौं र घण्टौंपछि मात्र फर्किएौं।

यस्तै यस्तै स्वभाव थियो सिद्धिचरणको पनि। उहाँसँग म कति पटक लुम्, धानकोट र मातातीर्थको सेरोफेरो घुमेको छु। सिद्धिचरण पनि प्रकृतिसँग मुग्ध हुनुहुन्थ्यो तर देवकोटाजस्तो अलमलाई बिसेर एक्लै हराउनेचाहिँ होइन। उहाँले लुम्को एउटा ढुङ्गेधारामा माथि बस्नुहुन्थ्यो र पानी भेल गएकी पुङ्गीबाट प्रभावित भएर 'लुम्' खण्डकाव्य लेख्नुभएको छ। यस्तै देवकोटाले पनि त्यस प्रकृतिको स्पन्दनबाट केही न केही कविता अवश्य जन्माउनुभयो होला !

देवकोटा मन्त्री भएकै बेलाको एउटा घण कुरा म भेट्याउन चाहन्छु। पाण्डाली अयोध्याप्रसाद प्रधान शिक्षा तथा स्वायत्तशासन मन्त्रालयको असिस्टेण्ट सेक्रेटरीको रूपमा कार्यरत थिए। जसले पाली भाषामा एमए गरेका थिए भने मगर कुराकी किताब र बुद्धवानको विषयमा पनि किताब प्रकाशित गरेका थिए। ती योगीजस्ता थिए, जसले मसानघाटमा बसेर पनि योगसिद्धि गरेका थिए। जुन व्यक्तिसँग देवकोटाको पटनामा मित्रता भएको थियो र सँगै पढेका पनि थिए।

ती व्यक्तिलाई शिक्षा तथा स्वायत्तशासन मन्त्री देवकोटाले जागिरबाट निलम्बन गरिदिए। देशले र सुन्ने सबैलाई आश्चर्य लाग्यो। प्रश्न उठ्यो- देवकोटाजस्तो मान्छेले कुनै समयकी सहपाठी मित्रलाई मन्त्रीको पावर प्रयोग गरेर निलम्बन गऱ्यो ! यो ठीक भएन। कुरा सनसनी फैलियो, घटनाले ठूलै रूप लियो। कारण नजान्नेले देवकोटालाई दोष पनि दिए।

आखिर देवकोटा नबोली सुधै पाएनन्। बोल्न बाध्य भए। भने-भित्राको पनि कान हुन्छ भनेको यही हो। त्यसैको परिणाम हो यो !' तर वास्तवमा भएको के थियो ? त्यो न देवकोटाले भने, न अयोध्याप्रसादले। धेरै पछि कुरा प्रकाशमा आयो- अयोध्याप्रसादले प्रधानमन्त्री डा. के.आई सिंहलाई आक्षेप लाग्ने खालको शब्द कुनै ठाउँमा प्रयोग गरेछन् र त्यो कुरा प्रधानमन्त्रीको कानमा पुगेछ।

किरणलाई पनि एउटा दयालु पालेले सङ्ग सँजाबाट आफूले सहने गरी किरणलाई भगाउँछ। किरण तीन वर्षसम्म बनारस गएर उतै बस्छ र केही अध्ययन पनि गर्छ।

जङ्गल गएर उधाले एक्लै गीत गाएकी हुन्छे। उ श्रीप्रसादको बदला लिन चाहन्छे। उद्घोषकले पाप फलीफाप भएको तीतोसत्य यसरी उजागर गर्छ

उद्घोषक:-

निर्धनकमा श्रीप्रसाद छन्, राम्रो फलीफाप
भान् भान् मीठो फल लाग्छ, होंग्यो जहाँ पाप।
कृषिबाला उधाको कसै आज खबर छैन
उनको मुहार सम्झी अझ, किसान मर्छन् नैन
ठालुले त्यो किसिसम्मो, अत्याचारको चरम।
(कृषिबाला ४५/२)

तीन वर्ष बनारसमा बिताई किरण लावण्य गाउँमा फर्केर आउँछ। किसानहरू खुसी हुन्छन्। शिवालयमा गाउँलेहरू भेला भएर गाला गाउँछन्। शोषकको चर्चा हुन्छ। धरतीको अमृत दुहुने किसान, तर त्यसमाथि रजाई गर्ने अरू शोषक ? यो कस्तो विडम्बना ? गाउँलेसँगै किरणले भन्छ-

किरण:-

१. किसान हो ! जाऊँ ठानू घर, माग हाम्रो अहेर पुऱ्याउँला
२. धानी पिउनसम्म हामलाई झनुपर्ने कोस,
धरतीको यो मालिकलाई ठानूबाट खोस
एक आवाज गर किसान ! एक ढल्ने भनी
हजार गरीब एकातिर, अर्कोतिर धनी।
(कृषिबाला ४७/छप)

उद्घोषकले श्रीप्रसाद अशालिएको जानकारी दिन्छन्। उद्घोषक भन्छन् -"श्रीप्रसाद बरबर छ, चतुरे झाकी सुष्टकृष्णा।" यसरी ब्रजारी किसान श्रीप्रसादको घर धेर्न आएकाले त्यस घरमा कोलाहल मचिएको छ। वैदार नौरा पनि घरबरी कर्मेको हुन्छ। श्रीप्रसादको घर आँगनमा किरण र किसानप्रतिनिधि हुन्छन्। किरणले श्रीप्रसादलाई कमुन्याउँछ

रण:-

१. कबूल गर्ने भए गर रे किसानका पच्चीस भाग !
आजैदेखि गर्छौं सर यस साँखुली गाउँको भाग !
२. किसानलाई ऋण दी ब्याजले चुसिस् तैंले धन र मान
खेत बाटो मै तैंले खोसिस् तैंले पिजाइस् लाखौं जान।

यता किसानहरू धरतीपुत्र जिन्दाबाद भन्दै नारा लगाएका हुन्छन्। निकै केरकार गरेपछि श्रीप्रसादले आफूलाई "साँखुको जानी फटाहा ढोंके हुँ र उधाचोर पनि हुँ" भनेर स्वीकार गरेको हुन्छ। श्रीप्रसादले "बाहुनको छोरी हुँ माफी देऊ" भन्छ। किसानहरूले बरको बोटमा झुन्डाएर गलफाँसी दिनुपर्ने राय दिन्छन्। उता श्रीप्रसाद आफ्नो घरबाट उधा पहिले नै भागेकिले अहिले पाता छैन" भन्छ। पुना माफी माग्छ। अन्तमा किरणले ज्यानमाफी दिन्छ। श्रीप्रसादले पनि बैदारद्वारा नोटको बिटो न्याएर किरणलाई सुम्पन्छ र श्रीप्रसाद भाग्छ। 'धरतीपुत्र जिन्दाबाद' भन्दै किसानहरू फर्कन्छन्। यसरी पाप धुरीबाट फुल्नन्छ भने भौं श्रीप्रसाद नाङ्गो भएर घर छाड्छ। यहाँ काव्यिक न्यायको निर्वाह भएको छ।

श्रीप्रसाद र अगुरे झाकी दुबै थना जङ्गलमा देवीको मन्दिरमा पुजार गर्न जान्छन्। दुबैले हात जोडेर देवीमूर्तिको आराधना गर्छन्। छिउँकेशी मूर्ति भल्याकभ्रुलुम देखिन्छ। आधा रातमा त्यही मूर्तिले कुहुरा बर्साउँछ। उनीहरूको खप्परमा लाग्छ। दुवैजना 'अत्या हे माता, क्षमा हे देवी !' भन्दै मन्दिरबाट निस्कन्छन्। मूर्ति अस्पन्छ। यता लावण्य गाउँमा आगलागी हुन्छ। मानबीरको स्वप्नी सुदिया त्यसैमा परेर मर्छे।

किरण बाक्तो वनमा दर्वीमन्दिर नजिकै लखमुनि बसेर केही सोचिरहेको हुन्छ। मन्दिरमा मौनछायाँ भल्याकभ्रुलुम देखिन्छ। त्यस छायाँमा उधाको झल्को आउँछ। गुफाभित्र टर्च बाल्दै किरण पस्छ। भित्रबाट म झाली हुँ, ए मान्छे हट् भन्ने आवाज आउँछ। किरण भित्र गएर आफ्नो पहिचान खुल्ने जन्य देखाउँछ। उधा भस्किन्छे। किरण भन्छ

नृत्य हुन्छ। उता श्रीप्रसादको घरमा मानीझान्छी पुग्छे र उषाले आउन नमानेको र उन्दै सतीसराप गरेको बोल्ता सुन्दछिन्। पछि विरपसँग उषाको बनविवाह भएको पनि जनाउँछे। श्रीप्रसाद रिसले आगो हुन्छ र मानीझान्छी तथा चतुरे ककी सामु जसरी भए पनि उषालाई मुन्ट्याएर ल्याउने प्रतिज्ञा गर्छ

श्रीप्रसाद:-

आजका साता भित्रमा तँलाई भित्र्याइ छोडुला।
खोरी जुँघा नत्र ता! घरबाट मुसी मोडुला।

(कृषिबाला २७/५)

एक दिन, किरणलाई आफ्ना काका सिकिस्त बिरामी भएकाले बीरगञ्ज जानुपर्ने हुन्छ। किरणले मानवीरको घरबारीमा उषासँग एक साताको बिदा माग्छ। उषाका मनमा शङ्का उब्जन्छ। केही हुने हो कि? उषासँ झैं किरणलाई बिदा गर्छे।

अँधेरी रात, थकमन्न स्थिति, उषाले एकै गीतापाठ गरिरहेकी हुन्छे। नेपाली भाषामा "जसरी पोसाक त्यजी पुराना, पहिराई मान्छे नववस्त्र नाना" भन्दै ज्ञानका कुरा पढ्दै रहन्छे। टुकी पिलपिल बालिरहेको हुन्छ। काला छाँया, मकुन्डो लगाएका मानछेरू श्रीप्रसादले खटाएका गुन्डाहरू उषाको कोठामा आइपुग्छन् र खरदार रोए बुजो कोचिदिन्छु भन्दै उषालाई झण्डैकुटी पारेर बाहिर निकाल्दछन्। आधी रातमा उषाको अपहरण हुन्छ। उषा मूर्छा पर्छे, एक छिनमा ब्युँझन्छे। उषालाई श्रीप्रसादको घरको कोठामा पुऱ्याएको हुन्छ। उसका साथि हेरविचार गर्न सुसारे मुनिया खटिएकी हुन्छे। श्रीप्रसादले "श्रीप्रसादको देखी शक्ति ?" भन्दै उषालाई यहीं बन्दी बनाउने र किरणसँग भेटन नभाउने उर्दी दिन्छ। मूर्च्छाबाट बिउँझेकी उषा रन्कदै भन्छे-

उषा-

काटछु! काटछु! माछु! माछु! म हूँ बनी काली
बोका खाँ छ! मेरो बलि! शिव्याई न्याइदेऊ जाली!

(कृषिबाला ३०/४)

लावण्य गाउँमा खलबली हुन्छ। किसानहरू उषालाई श्रीप्रसादले अपहरण गरेको शङ्का गर्छन्। किरण पनि आइपुग्छ। उसले किसानसँग मेरी उषा कहाँ गइन् भनेर प्रश्न गर्छ। सबै भएर उषालाई खोज्न श्रीप्रसादको घर पुग्छन्। श्रीप्रसाद अलमिल्छ। अनि चतुरेले उषालाई बेहोस तुल्याएर लुकाउने सल्लाह दिन्छ

चतुरे-

सुँघाइदिउँ बोक्सती तिन्लाई सन्दुक प्वालपारी
नमने गरी लुगाले बेहूँ छोपेर सहयारी।

(कृषिबाला ३२/२)

त्यसै गरेर उषालाई लुकाइन्छ। किरण र किसानहरू घरभित्र पसेर खानतलासी लिन्छन्। उषा भेटिन्न। किसानहरू लाचार भएर फर्कन्छन्। उषाको होस सुन्छ। उ आफूलाई कालीकङ्कालीको ज्वालामुखी ठान्छे। यता किरणले बनमा गएर समाधिस्थ तपस्वीको पाउ पर्छ र उषाबारे जान्न चाहन्छ। तपस्वीले पनि तेरी उषा ठानु श्रीप्रसादकै घरमा बन्दी भएकी बताउँछन्। उता मानवीर हाली मृत्युशय्यामा हुन्छ। औखतीमूली लाग्दैन। उसकी मृत्यु हुन्छ।

उषा र सुसारे मुनिया श्रीप्रसादको बन्दीखानामा हुन्छन्। किरण केही साथी लिएर श्रीप्रसाद रहेको घर बरीचामा प्रवेश गर्छ। चोर भन्दै हल्ला हुन्छ। प्रहरी आउँछन्। किरणलाई पाता कसेर बाँधिन्छ। किरणले आफूलाई पागलप्रेमी सम्झन्छ। श्रीप्रसाद डाँकू भन्दै किरणको मुखमा ध्वाँसी दल्न चतुरेलाई जढाउँछ। यसपछि किरण कठमाडौंको जेलखानामा बन्दी हुन्छ। किरण झोकेर बसेको देखिन्छ। आठ/नौ कैदीले उसको अवस्था हेर्छन्। किरण प्रेमबिराको गाना गाउँछ।

यता बन्दीखानामा रहेकी उषाले सुसारे मुनियाको सल्लाह लिएर भाग्ने योजना बनाउँछे। उषा मान्छे पनि। तर उषा उनमै विश्वास चाहन्छे, माइलीले दाँती भन्दान् र अलमै पनि अछुत नारी सम्झलान् भन्ने ठानेर माइत जान्ने। अर्कोतर्फ

उनले विभागीय मन्त्रीको हैसियतले देवकोटालाई कारवाही गर्ने धम्काएछन् र देवकोटाले निलम्बन गरेका।

कर्नेल चन्द्रबहादुरसँग डा. के आई सिंहको खटपट परेपछि के आई सिंहले राजासमक्ष राजीनामा पेश गरे। संगसँगै देवकोटा पनि मन्त्रीपदबाट स्वतः हटे। त्यसपछि देवकोटाको आवद्धता एकैबमीतर्फ हुनपुग्यो।

२०१७ सालमा पद्मुक्त भएपछि म पनि फेरि साहित्यसेवामा झर्दै। संगसँगै मैले प्रिन्टिङ्ग र पब्लिकेसनको काम पनि सुरु गरें। साथै धुपै कृति र लेखकहरू अङ्ग्रेजीमा उल्था गर्दै। यसै भएर मलाई व्यथितजीले आफ्ना कविताहरू अङ्ग्रेजीमा अनुवाद गर्न सहयोग माग्नुभयो। तर देवकोटा भने आफै अङ्ग्रेजीमा कविता लेख्नसक्ने भएकोले मेरो सहयोग आवश्यक परेन।

व्यथितजी धेरै पढ्ने-लेख्नेको मानिस नभएकोले संस्कृतको ज्ञान पनि थिएन। तर कविताभा अन्धाधुन्द संस्कृत शब्द घुसाउनुहुन्थ्यो। ती शब्दहरू (संस्कृतमा दिए गरेको) मलाई पनि बुझ्न कठिन हुन्थ्यो। अर्थात् ती शब्दहरू संस्कृत भाषाको नाममा जथाभावी प्रयोग गरिएका हुन्थे। मैले केही उपाय निस्कन्छ कि भनेर अयोध्याजीसँग पनि सहयोग दिएं। उहाँले सकेको सहयोग गर्नुभयो। यसरी मैले व्यथितजीका कविताको पनि अङ्ग्रेजीमा अनुवाद गरिदिएको छु। र, धुपै किताबहरू पैले अङ्ग्रेजीमा लेखेको छु। अहिले गन्ने हो भने आधा सय पुगेका हुनसक्छन्। तर देवकोटाजस्ती बहुभाषाको ज्ञाता र प्रतिभाशाली व्यक्तिचाहिँ म हुन सकिन।

मेरो एउटा 'तीन कविका केही कविता' नाम कृति पनि प्रकाशित भएको छ। त्यस किताबमा लेखनाथको लालित्य, व्यथितको गुनासो, पथभ्रान्त पथिक र विराटको रात अनि देवकोटाको सुलोचना परेको छ। त्यसमा मैले काव्य सिद्धान्तका कुराहरू र ती कविहरूले दिन खोजेका काव्यात्मक दर्शनलाई सङ्क्षेपमा गहिराइमा पुगेर अध्ययन गर्ने कोसिस गरेको छु। देवकोटाको सुलोचनाको पनि व्यापक समालोचना र गहन विश्लेषण भएको छ त्यस किताबमा। यिनै शब्दहरू उहाँप्रतिका श्रद्धाञ्जली हुन् भन्ने ठानेको छु।

◇◇◇

'जीवनको ध्वनि जीवनमा
मधुर प्रतिध्वनि गर्छ,
हृदय डुलाउँछ हृदयलाई
गुञ्जन बहुविध गर्छ।'

(जीवन)

'जिन्दगी न त मासु हो न आत्मा हो दुवै कुरा
विरोध नै जीवन हो मिसोट सब छ्यासमिसे।'

(सुलोचना)

छन् दिव्यदर्शन अनेक सुना सुनामा
सर्‍हान छन् प्रकृतिका हरिया कुनामा।'

(किसान)

'भित्र छ ईश्वर बाहिर आँखा
खोजी हिँड्छौ कुन पुर?
ईश्वर अस्पष्ट गहिराइमा
सतह नहन्छौ कति दूर?

(यात्री)

बनारसका ती दिनहरू

केवलपुरे किसान

देवकोटालाई अहिले जति नै सम्झे पनि, देवकोटाको बारेमा जति नै लेखे पनि देवकोटाले आफ्नो जीवनमा धेरै दुःख पाए। देवकोटाले बनारसमा बिताएका ती दिनहरू सम्झेरा अहिले पनि मेरा आँखा रसाएर आउँछन्। निकै कष्टकर दिन बिताएका थिए देवकोटाले।

कुरा थियो-२००४ सालको। त्यसबेला दीनधारा पाठशालामा पढ्ने विद्यार्थीहरूमाँच पनि राणाविरोधी क्रियाकलापहरू हुन थालेका थिए। यही सुईको पाएर हामी ३२ जनालाई त्यहाँबाट निकालियो। यद्यपि म राजनीतिमा त्यसरी सक्रिय भएर लागेको थिइनँ, तथापि हुलहालमा परेर म पनि निकालिएँ। र, अरू साथीहरूसँगै बनारस पुगें। त्यसैबेला हण्डेभवन दुर्गाघाटमा मेरो देवकोटासँग पहिलो पटक भेट भएको थियो। तर त्यसबेला मलाई लेखे कुरा त परै जाओस्, साहित्यको 'स' पनि थाहा थिएन। र, देवीप्रसाद पौडेलबाट केवलपुरे किसान पनि भइसकेको थिइनँ।

मजस्तै देवकोटा पनि काठ्रेसी हुलहालमा परेर बनारस पुगेका थिए। मलाई जस्तै देवकोटालाई पनि राजनीतिमा त्यति चासो थिएन। तर काठ्रेसीहरूले 'नेपालका सर्वेसर्वा ठूला कवि पनि राणा विरोधी आन्दोलनमा लागे' भन्ने देखाउन देवकोटालाई प्रयोग गरेका थिए। तर प्रयोग गरेअनुसार सुविधाचाहिँ दिएका थिएनन्।

युगवाणी मार्फत् देवकोटालाई क्रान्तिकारी धारमा उभ्याइयो र सम्पादकको हैसियतले देवकोटाले पुनि क्रान्तिकारी कविताहरू पनि सँधैं प्रकाशित गरे। जसलाई म खुब ध्यान दिएर पढ्थें। तीमध्ये कोही कविता मलाई अझ पनि सम्झना छ -

ली ली ली चिर हातमा लिई सबै हुङ्कार गर्दै यहाँ
टिक्ला के अघुरो पुराणो सबहर साम्राज्यवादी गढ
लम्बे को पुतिन्छ सबै दुःखमयी हो वीर भोग्यस्थिति
मने के भन वीर कातर भई किया भयाने स्थिति।

+ + +

आज देशको हीनको दशा
अन्धकार के व्याप्त छन् दिशा
जाग वीर हो जाग रे सब
राख देशको अमिट गौरव ।

यस्तै कविताहरूबाट प्रभावित भएर मैले पनि पछि 'डङ्कडी लान्नुपर्छ' जस्ता विद्रोही कविताहरू लेखें। त्यसैगरी म काशीप्रसाद श्रेष्ठको सम्पादकत्वमा निस्कने उदय पत्रिका पनि पढ्थें। त्यसबाट पनि मलाई लेख्ने धेरै उर्जा मिल्थ्यो। तर म त्यसबेलासम्म कवि भइसकेको थिइनँ। पाठ्यमात्र थिएँ।

साहित्यको पाठक हूँ म पाएजति पढ्छु
पढ्दापढ्दै कोहिले म त खुब्बकै पी लड्छु।

त्यसबेला देवकोटा ब्रह्मघाटमा बस्नुहुन्थ्यो। म कार्तीनाथ गौतम, राजेश्वर देवकोटा, श्रीभद्र शर्मा, रुद्रप्रसाद बान्धकोटा, क्रमलराज रेग्मीको साथमा एउटै भान्सा गरेर दुर्गाघाटमा बस्थें। साथीहरू कोही वि.पी. गुप्तमा र कोही टिल्लीरमण गुप्तमा आबद्धहुँदै थिए भने कोही 'जयतु संस्कृतम्' लाई नै महत्व दिएर त्यसैको आडमा राजनीति गर्दै थिए। त्यहाँ भारतको स्वतन्त्रता संग्रामसँग लागेका भएको ठाउँमा आन्छे। त्यहाँ घटेरीले गीत गाइरहेको छ। एक छेउमा किरण देखिन्छ। उषाको पुरानी बालसंगाती हो किरण। यता घटेरीले गुन्ने पड्लाई आफ्नो जीवन सम्झेको छ। उसको विचारमा यहाँचाहिँ पृथ्वीको पहिलो क्रान्ति हो। यसैमा किरणले फाँकिदो बेलामी उषालाई देख्छ र घटेरीसँग यो मेरो बालकालको संगी हुन् भन्छ। उषा आफैले बेसाले भलभलाल नदेखून् भनेर नजिक हुन चाहन्छ। उषाले पनि धेरै समयसम्म भेट नभएकोले भान्छे बिस्केको भन्दै आफैले माथ चिन्न सकें भनेर आत्मीय भाव जनाउँछे।

उषा पीछो लिएर घर आन्छे। सिप्लिकाल टिपेर लैजान्छे। भाइ-बहिनीलाई सबै-भात खुवाउँछे। यता बूढो मानबीरले बुढीसँग "गरीबको धन आँखा खाएन सक्छ, उषाको लागि पठ्ठो खोजेर दिऊँ भिने गराइदे" भनेर सम्झाउँछ। उता उषाको मने किरणसँग मायाप्रीति बस्न थाल्छ। खानी नदीको किनारमा घास काट्दै गर्दिया गीत गाउँदै गरेकी उषालाई किरणले भेट्छ। रात परेको हुन्छ। साथा हुरी चल्छ। बुढीआमा टुकीको उज्यालोमा डोका बाहिर हेर्दिन्। किरणले उषालाई घरमा पुऱ्याएर फर्कन्छ। किरण उपकारी पनि छ। उषाको बाबु मानबीर हली बिरामी पर्दा भैंसी बेचेर पनि पैसा दिएर बोचोमुनो गने किरण त्यस परिवारसँग आत्मीय हुँदै रहन्छ।

साँझुमा शीपन, किसानचुसुवा फटाहा पनि छन्। यिनले सीधा किसानलाई हुनसम्म शोषण गरेका हुन्छन्। श्रीप्रसाद यस्तै खालको शोषक हो। उसले आफ्नो घरमा काम गर्न राखेकी ब्राह्मणकन्याको सतीत्व लुटेर नोकरको हात लगाउँदै निकालेको हुन्छ। यसैगरी बाली तिर्न नसकेको भुरे किसान, उसकी स्त्री र बाल-बच्चालाई लठ्ठरपठ्ठर पारेको छ। श्रीप्रसाद आफूले चतुर काकोलाई साथमा लिए चतुरदाग नै किसानमाथि कोर्ट लगाउँछ। किसानीलाई असह्य हुन्छ। कोही सहारा हुँदैन। अनि हात जोड्दै श्रीप्रसादसँग पुक्कर गर्छ-

किसानी-

नागर बाज्या। बिन्ति छ आको सालमा तिर्दिला।
सन्ध्या। सन्ध्या। धरोसमें। बेकी जति नदेला।
नन्ट्याइ, भुन्डुइ घरभर छ। नाकुलाई माग्या मलेला।
(कृषिवाला १८/४)

किरणले मानबीरको परिवारको हेरचाह गर्छ। उषाको माइ रतनलाई टोपी लगाइदिन्छ। घरमा सन्चो-बिसन्चो ख्याल गर्छ। एक दिनको कुरा हो, कृषिवाला उषा जङ्गलमा ऐंसेलु टिप्दैगरेकी हुन्छे। उसको सुमधुर गीतको आवाजले जङ्गल नै सङ्गीतमय बन्छ। यसैमा मीठो स्वर लहरी सुनेर दुष्ट श्रीप्रसाद उषा भए ठाउँ आइपुग्छ। उसलाई उषाको गीतले मोहित तुल्याएको हुन्छ। रोलिएर त्यो गीत गाउने किशोरी उषालाई देखासाथ श्रीप्रसाद पानी पानी हुन्छ। ऊ सुन्दरताको अग्निज्वालामा पुतानी भै होमिन चाहन्छ। नजिक देखा पर्छ र उषालाई फकाउन थाल्छ। उषा झोक्किन्छे र तथानाम गाली गर्छे। उषाले किरणलाई बोलाउँछे। मौकाले किरण पनि आइपुग्छ। किरण अब श्रीप्रसादमाथि आइलाग्छ। श्रीप्रसादलाई अपमानबोध हुन्छ। उसको कोही जोड पर्दैन। यसैमा श्रीप्रसादसँग दगा धर्दै भन्छ-" एउटीको चुन्टो हातमा लिउँला/ अर्कोको मासु फिलाया।" यसरी श्रीप्रसादले अपमानित हुनुपर्छ। घरमा गएर श्रीप्रसादले आफ्नो सहयोगी गुन्डा चतुरे काकोसँग सल्लाह गरेर षड्यन्त्रको योजना गराउन थाल्छ। नानी कन्छीलाई हात लिएर उसैद्वारा उषालाई फकाउँछ। 'भुनामदन काममा नैनीले भुनालाई फकाएजस्ते यहाँ पनि नानीकान्छीले धेरै कुरा देखाएर उषालाई श्रीप्रसादको घर लैजान चाहन्छे। उषालाई नानीकान्छीको चाल मन पर्दैन। अति भएपछि उषाले नानीकान्छीलाई हकारेर पठाउँछे। यसरी श्रीप्रसादको पहिलो योजना सफल हुँदैन। ऊ अरू झन् पुन्म थाल्छ।

उषा र किरणले बनविवाह गर्छन्। चारैतिर खुसीयाली छाउँछ। नरमटी नृत्य गर्छन्, दम्पती

उषा र उसका प्रेमी किरण गरीब वर्गका प्रतिनिधि हुन् भने श्रीप्रसाद ठालु र चतुरे धनीवर्ग अन्तर्गतका प्रतिनिधि हुन् । यिनै एउटै परिवारकी इन्द्र छ । यहाँ इन्द्रको केन्द्रबिन्दु धाँसि कृषिवाला उषा बनेकी छ ।

प्रकृतिको मकिमाथान गरेर नाटकको थालनी गरिएको छ । सूत्रधारजस्तै आरम्भमा तीन उद्घोषकले पात्रैपात्री गरेर नाटकको पृष्ठभूमि बताएका छन् । नाटकका बिसौनी बीच पनि कतिपय स्थानमा उद्घोषकले कथाप्रवाहलाई गति दिने काम गरेका छन् । काठमाडौंको पूर्वी भेग सांखुमा पलिलेडैंखैले उषा र किरणको प्रेमकहानी मान्छेका मुखमुखबाट सुनिंदै आएको पनि हो । धसी र भावप्रसादै त्यहाँका नाम चलेका अमीहरू हुन् । मानी नदीको तीरमा रहेको लावण्य गाउँले कृषिवाला उषाको मार्मिक र दुखपूर्ण कथा-व्यथालाई स्थानीय बासिन्दाले आँखे पनि सम्झँदै गरेका छन् । त्यही वेदनामय कथालाई नाटकको गीतिमय भाकामा गाउँने सन्दर्भलाई लिएर कृष्णमानको रचना भएको छ ।

तब त साली उषा- किरणको प्यारको कहानी
जसमा मोहन राम र छायाँ मोन्दछन् हिमानी ।

शान्तीनदी तीरमा लावण्य गाउँमा गरीब किसान परिवारको बस्ती छ । किसानहरू दुखजिलो गरेर जीविका चलाएका छन् । खेती गर्ने, उब्जानी सबै तसलिङलाई बुझाउनुपर्दछ । उनीहरूले पीठो, सिस्नो र च्याकुर आदि खाएर दिन गुजारुँपरेको छ । यस ठाउँमा मानबीर हर्तीको पाँचजनाको परिवार छ । परालेछाने भएको झुपडीमा उनीहरू बस्छन् । मानबीर ६० वर्षको वृद्ध र रोगी छ । उसकी श्रीमतीले काम गरेर जहान पालेकी छ । उनीहरूका तीन सन्तान हुन् दुई छोरी र एक छोरा । जेठी छोरी उषा कलकलाउँदो बैलमा चढ्दै गरेकी किशोरी हो । त्यस परिवारमा सेनो भैंसी साहुलाई र अन्नजाति तसलिङलाई दिनुपरेपछि थढ्याट पीठो र बनमाट सिस्नो, च्याएर हातमुख जाने गरेको गर्नुपरेको छ । कुँडी आमाले छोरी उषालाई घरमा पीठो लिन पठाएका बखत भनिएका यी पङ्क्तिहरू निकै मार्मिक छन् । यिनमा गरीबीको यथार्थ चित्रण पनि गरेका छन्

(उषाकी झोपडीको कोठा-उनकी आमाको प्रवेश)

आमा-

१. ए उषा ! घरमा आऊ न, पीठो सिद्धिएछ
नानी ! माइ मोकाइरे छ ।
२. सेनु भैंसी साहुलाई बाली तसलिङ घर
नानी ! कर्म बस्ती रैछ ।
खेती मन्नु वर्षभर पसीनाले तर
नानी ! चोली हिस रैछ ।
पीठोलाई रमेलेर दुधको भनी तर
नानी ! बच्चा धकाइने छ ।
३. तीनबीराका बाबु तिमा कुकुलकुकमा परे
नानी ! आफ्नो को पो रैछ
चालले ढुन्नी आफ् धाँसि मुतुकी पो मरे
नानी ! बाँकिनी बसिरे छ ।
परान सहछ छानामाथि बतास भारी भरे
नानी ! दया गर्नै लौ छ ?
गरीबले धतीलाई जलले रिन तिरे
नानी ! जीवन बस्ती रैछ

उषा-

४. हिँडे हिँडे मेरी आमा ! मिहानकी तारा
आमा ! भक्कार बिलाइरो छ ।
सिलिफान र सिस्नो च्याउँछु पीठो घढ्दारा
आमा ! एक मुठी हर्नै छ ।
रगेन्द्रनोस् कान्छुलाई ! पीरले छुट्टी सारा !
आमा ! पीरले मिल्ने जो छ ?
ऐंसेनु र बाफल पाए, च्याउँला पोल्टी धारा
आमा ! भोका कहीं भने छ ?

यसरी गरीबीले गर्दा बच्चालाई पानीमा पीठो मोलेर सेतो बनाई झुलुवाउँदै दुधको नाममा भुलाउनुपरेको छ । उषा सखारै पीठो लिन घर

राममनोहर लोहिया र जयप्रकाशनारायण नगायतका नेताहरू बि.पी., मातृका, बिल्लीरमण, कृष्णप्रसाद आदि नेताहरूलाई भेट्न आउँथे । र, क्रान्ति कसरी सफल पार्ने ? बारे परिचर्चा गर्थे । तर मलाई के लाग्थ्यो भने सर्वसाधारण नागरिक भद्रकालीबाट सिंहदरबार जान लगाउने अवस्थामा यिनीहरूले विदेशमा बसेर क्रान्तिका कुरा गरेर के पार पाउलान् ?

त्यसपछि देवकोटालाई बढ्दैसीहरूले गर्नुपर्ने सोधपुछ गरे । संगठन प्रमुख भएको नाताले कृष्णप्रसाद भट्टराईलाई केही आर्थिक अधिकार प्राप्त थियो तैपनि देवकोटालाई सम्झौता । देवकोटा अत्यन्त सरल मानिस । जसले जे भने पनि नाई भन्न नसक्ने । त्यसै भएर उनले बजारमा निकै दुःखदायी दिनहरू बिताए । उनी एउटा सस्तीको भिरपट्टि साँघुरो कोठामा बस्थे । नजिकै नाली बग्थ्यो । कोठामा नालीको गन्ध आउँथ्यो । उनले मुस्किलले जिवन चलाकाको गुजारा गर्थे । चुरोट खाने पैसा पनि उनीसँग थिएन । आफैले भुइँमा फालेका चुरोट थिँडीका ठुटाहरू बटुलेर सल्काउँथे र तान्थे ।

बेलुकापख हामी घुम्न निस्कन्थ्यौं गइगातटतिर, जो घाटदेखि ऊ घाटसम्म । प्रायः हामीसँग देवकोटा हुन्थे । उनी मसँग धेरै प्यारपूर्वक प्राय गर्थे र मेरो प्रेरणा दिन्थे । घर परिवार छाडेर त्यसरी बस्नु परेकोमा गम्भीर पनि हुन्थे झुमै जैसा । तर त्यो परिस्थिति सिर्जना हुनुमा अरू कसैलाई दोष दिन्नथे ।

म बजारमा अरू जस्तो लामो समय बसिन । मध्यमाको फारम भरेको थिएँ, तर आँख पनि नदिई फर्के । छ/सात महिनापछि मैं नेपाल फर्केर म सीधै केवलपुर गएँ र उतै बस्न थालें । मौका मिलाएर फाट्फुट्ट काठमाडौं आउँथें । आएको बेला हृदयचन्द्रसिंह प्रधानले किसानतामा खीतीको माइकेरीमा पत्रपत्रिका पढ्न आउँथे र खासगरी आगरण खाने पत्रिका पढ्थें । यसरी नियमित भएमा काठमाडौंमा नबसेकोले देवकोटासँग पहिलाका दिनहरूमा झैं बसाउठ हुन सकेन/भेटघाट हुन सकेन । म २०४४ सालपछि मात्र काठमाडौंमा नियमित रूपमा बस्न थालेको हुँ । र, त्यसपछि मात्र मेरो साहित्यमा अलिबढी संलग्नता रहनेगरेको हो ।

कमिला खेती मसंग खैन धोरिन्छु कहिलेकाहीँ
केवलपुर छोडी सहर पर्सें केवले म गर्न दाई ।

म एक/दुईपटक अवश्य गएको छु देवकोटाको घर मैतीदेवीमा । मेरो विचारमा यो २००८/९ सालतिरको कुरा हुनुपर्छ । मेरो साथमा शङ्कर लामिछाने थिए । उनी देवकोटासँग अन्तर्वार्ता लिन गएका थिए । र, त्यही बसाइमा उनले अन्तर्वार्ता लिएका थिए । त्यो कहीं प्रकाशित भयो या भएन मलाई जानकारी छैन । अर्कोचोटि पूर्णप्रसाद ब्राह्मणको पछि लागेर पुगेको सम्झना छ ।

त्यसबेला मैले देखेको थिएँ देवकोटाको घरको दयनीय स्थिति । उनी मैलो धोती र भ्रातिएको मन्जी लगाएर अस्तव्यस्त कोठामा बसेका थिए । घर पनि कतै ढकिएको, कति भत्किएको, रङ्गरोगन नगरिएको लभ्यालिङ्ग थियो । त्यसबेला उनकी बर्मे श्रीमती शरमा थिइन् । जानकारी मिलेको थियो- कविप्रसाद गौतमको हरेकृष्ण मण्डलमा गएको ।

यी सबै देखा र आज शतवार्षिकी मनाउने काम अलिहरूको सुन्दा मन्न मन लाग्छ-हासीमा मानिस थिम्न सकने क्षमता छैन । समयलाई सदुपयोग गर्ने पाण्डित्य छैन । हामी पछिमात्र बुझ्छौं र पछिमात्र थिन्छौं । देवकोटालाई समयमै चिन्न सकेको भए तिनले त्यतिविधि दुःख पाउने थिएनन् र देशले उनीबाट धेरै पाउन सक्थ्यो ।

अन्तिम अन्तिम घडी छ अब यो मै पनि जान सक्छु
आपत्कालै यदि परिएर मिष पनि खान सक्छु ।

+ + +

सिगारे बीको सम्झैं फोको लाठीले छेकीला
नमरी बाँचे झसमे साँचे म फेरि भेटौंला ।

(आत्मा आधारित-सम्पादक)

महाकवि लक्ष्मीप्रसाद देवकोटा : एक नेपाली महात्मा

✍ वासुदेव उपाध्याय द्वकाल 'औपमन्यव'

नेपाली साहित्याकाशमा महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्तै नचिन्ने प्रो होला । उहाँले नेपाली भाषा-साहित्यका साथै संस्कृत, अङ्ग्रेजी, हिन्दी, बंगाली लगायत २ भाषामा कविता लेख्नु तत्कालीन प्रधानमन्त्री श्री ३ जुद्धशमसेरले राज्य खर्चमा तीर्थयात्रा जाने क्रममा सबैलाई आश्चर्यचकित बनाउनुभएकोमा थियो । महाकवि लक्ष्मीप्रसाद देवकोटाको अङ्ग्रेजी भाषामा विशेष प्रभाव थियो । धाराप्रवाह रूपमा उहाँ बोल्नुहुन्थ्यो । लेख्नुहुन्थ्यो । दस दिनमा सुलोचना महाकाव्य, तीन महिनामा शाकुन्तल महाकाव्य र पुतलीजस्ता स-साना खण्डकाव्य त एकै दिनमा लेखिसक्नु हुन्थ्यो । उहाँ आशुकवि पनि हुनुहुन्थ्यो । उहाँ तत्कालै तुरुन्तै कवितामा कुरा गर्न सक्नुहुन्थ्यो । नेपाली भाषाउरे खण्डकाव्य मुनामदन त उहाँको सर्वश्रेष्ठ साहित्यिक कृति हो, नेपाली कवितारत्न हो । उहाँले रचेको 'बाबी' कविता त ब्रम्हज्ञान प्राप्त गर्ने सूत्र हो/ग्रन्थ हो ।

२००४ सालतिरको कुरा हो । मेरा बुबा पं.माधवप्रसाद द्वकाल (माधवगुरु) र महाकवि लक्ष्मीप्रसाद देवकोटा छिमेकीजस्तैको मिठाई पसल अगाडि सडकमा सागसागै आइरहनुभएको रहेछ । म त्यहीं बेलामा टुसुक्क त्यहाँ पुगेँछु । मेरा बुबाले मेरा हात समातेर महाकविसमक्ष यसरी परिचय गराउनुभयो 'यो मेरो जेठो छोरा हो । यसलाई पनि नेपाली भाषा-साहित्यमा निकै रुचि छ । साथै यसपालि यो एसएलसीको जाँच पनि दिँदैछ । आज ठूलो सन्जोगले यसरी महाँसँग भेट भयो । अहिले यसरी महाँसँग परिचय गराउन पाउँदा मलाई ज्यादै खुसी लाग्यो । जब यो सुअवसरमा मलाई यहाँको जिम्मामा सुम्पिदिन्छु ।' यति भन्दै उहाँले मेरो हात देवकोटाज्यूको हातमा सुम्पिदिनुभयो । एक छिन दुवैजना हाँसी चल्यो ।

त्यसबखत देवकोटाज्यू र मेरा बुबा शनीपोखरी घण्टाघर सरस्वती सदनस्थित नेपाली भाषानुवाद परिषद्मा मे.ज. पुष्कर शमशेर ज.ब.रा. को अध्यक्षतामा नेपाली भाषानुवाद सम्बन्धी काम गर्नुहुन्थ्यो । त्यसैले अफिसको काम सकेर उहाँहरू संगसँगै आइरहनुभएकी रहेछ । त्यही दिन उहाँहरूले अफिसबाट तलब पनि प्राप्त गर्नुभएकोले महाकवि देवकोटाज्यूले एक पोका मिठाई पनि त्यहीं पसलमा किन्नुभएको रहेछ ।

मैले देवकोटाज्यूलाई सविनय नमस्कार गरें । उहाँ ज्यादै खुसी हुनुभयो र प्रसन्न मुद्रामा भन्नुभयो- 'मैले आज एउटा नयाँ साथी पाएँ, मित्र पाएँ । मित्रको छोरा पनि मित्रै हुन्छ ।' देवकोटाज्यूले मलाई औंल्याउँदै मेरो बुबासँग भन्नुभयो- 'म त उहाँलाई आफ्नो चेली माथ लीइन मित्र नै मनाउछु । अब अहिले हामी तीनैजना मेरो घरमा जाऔं, चेली बेर गफसफ गरौं ।' यति भनी उहाँले हामी दुवैलाई मैतीदेवी कविकुञ्जस्थित आफ्नो घरमा लैजानुभयो । प्रेमले गद्गद हुँदै हामी दुवैजनालाई उहाँले न्याउनुभएको मिठाई खाँदुनुभयो । खाफुले पनि खानुभयो । त्यसबखत मिठाई खादै कुराकानीको सन्दर्भमा उहाँले मलाई यो पनि भन्नुभयो-'भोलिदेखि तपाई विद्वान् सबैरी मकहाँ आउने गर्नोस् । म

वर्गद्वन्द्व र प्रगतिशीलताको गीतिनाट्य 'कृषिबाला'

प्रा.गोपीकृष्ण शर्मा

प्रतिभासम्पन्न लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) नेपाली साहित्यका एक युग हुन् । आधा शताब्दी माथिका लक्ष्मीप्रसाद देवकोटाको उत्तरार्द्ध चौथाइशताब्दी सक्रिय साहित्यिक लेखनकाल रह्यो । १९९१ सालमा प्रकाशित 'पूर्णिमाको जलधि' र 'गरीब' कवितापछि देवकोटाको सार्वजनिक काव्यक्षेत्रमा आगमन भएको हो । देवकोटाको भाग्यदेखि लगभग रचित प्रसिद्ध खण्डकाव्य 'मुनामदन' (१९९२) नेपाली साहित्यमा सबभन्दा बढी पढिने र बिक्री हुने कृतिका रूपमा चर्चित छ । लक्ष्मीप्रसाद देवकोटाले कविता-काव्य, निबन्ध, कथा, नाटक, समालोचना, उपन्यास इत्यादि सबैजसो विधामा कलम चलाएका छन् । यिनी मूलतः कवि हुन्, महाकवि हुन्, र्‍याँ मात्र निबन्धकार, व्याख्यानकार र नाटककार हुन् । यिनले नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधाराको प्रवर्तन र सवर्द्धन गरेका हुन् । १९९१ सालमा लक्ष्मीप्रसाद देवकोटाको साहित्यमा आगमनसँगै स्वच्छन्दतावादी काव्यधाराको थालनी भयो, यिनैबाट सवर्द्धन भयो र देवकोटासँगै २०१६ सालमा अवसान पनि भयो । वास्तवमा लक्ष्मीप्रसाद देवकोटाले नेपाली कविताहरू समूह तुल्याए, निजात्मक नेपाली निबन्धको लेखन आरम्भ गरे, उच्चस्तरीय महाकाव्य र खण्डकाव्यहरू दिए, साथै नाटक र आख्यान क्षेत्रमा पनि कलम चलाए । महाकवि देवकोटा अङ्ग्रेजी विषयका प्राध्यापक बने, नेपाल एकेडमीका सम्थापक सदस्य भए, केही महिना विद्यामन्त्री भए र अन्तर्राष्ट्रिय गाष्ठी-सेमिनारहरूमा पौष्टिक प्रवचन दिएर नेपालको शिर उँचो पारे । मानवतावादी कवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका गौरव हुन्, विशिष्ट विद्वान् हुन् र बहुभाषामा कविता लेख्ने महान् साहित्यकार हुन् । देवकोटाले नाटकतर्फ 'सावित्री सत्यवान्' र 'कृषिबाला' दुई कृतिको रचना गरेका छन् । 'कृषिबाला' गीतिनाटक हो र यसको प्रथम प्रकाशन २०२१ सालमा महाकवि देवकोटा स्मारक समिति, नेपाल सांस्कृति संघ, हिल्लीबजारबाट भएको थियो । यसपछि सानोबाट यसका धेर सस्करणहरू छापिएका छन् ।

'कृषिबाला' गीतिनाटकमा बढ्ता विभाजन छैन । जम्मा ५६ परिच्छेदहरू दृश्यात्मक रूपमा रहेका छन् । धेरैजसो परिच्छेदमा विवरण भुल्ने शीर्षकीय अभिव्यक्ति दिएका छन् । कतिपय परिच्छेदहरूमा मात्र शीर्षक छैनन् र कथाप्रवाहलाई नयाँ मोड दिने उद्देश्यले मात्र परिच्छेदगत परिवर्तन गरिएका छन् । प्रत्येक परिच्छेदमा पात्रहरूका संवादहरू गीतिमय कविता-गुच्छामा प्रस्तुत भएका छन् । 'कृषिबाला' लाई गीतिनाटक भनिए पनि यसमा खण्डकाव्यको भावनाको आउँछ । पात्रहरूको विस्तृत संवाद, दृश्य कथावस्तुको न्यूनता र संवादमा पनि कविसुलभ भावुकताको प्रदर्शन अधिक हुनाले पनि 'कृषिबाला' लाई खण्डकाव्यमा पुऱ्याउन सकिन्छ कि भनेर अहकाल आएकोमा हो । देवकोटाको मुनामदन गीतिनाटकका रूपमा प्रदर्शित भएकै छ । यस स्थितिमा 'कृषिबाला' लाई गीतिनाटकको रूपमा लिइनु उपयुक्त हुन्छ ।

'कृषिबाला'मा वर्गद्वन्द्वलाई प्रस्तुत गरिएको छ । झोपडी र महलको सङ्घर्ष छ । धनीले गरीबलाई विभिन्न बहाना गरेर सताएको र गरीबले पनि धनीवर्गका विरुद्ध क्रान्ति गरेर आफ्नो हक अधिकार लिएको सामाजिक सन्देश पनि छ । यसै 'कृषिबाला

देवकोटा र उहाँको 'सुन्दरीजल' काव्य

रवीन्द्रनाथ पौडेल 'रबि'

महाकवि देवकोटा मेरा साहिंला मामा। म उहाँकी दिदी देवकुमारीकी कान्छी छोरा। मेरा पिता जनकमनाथ उपाध्याय पीङ्यालको मैजुबहाल (हाल पाटन खरेलको घर भएको परिसर) मा जन्म/छ रोपनी जग्गा थियो। त्यहाँ बेचेर पछि हामी तीनैभाइ (कोमलनाथ, माधवनाथ र म रवीन्द्रनाथ) चावहिल आएर बस बालेका हौं।

मैजुबहाल छोडा साहिंला मामा हाम्रो घरमा आइरहनुहुन्थ्यो। हामी भान्जा-भान्जीलाई अत्यन्त माया गर्नुहुन्थ्यो। २०१०/११ सालतिर उहाँ म/१० दिन बस्नेगरी हाम्रो घरमा आउनुभएको थियो। त्यसबेला हामीले देख्यौं- एकसो भयो कि नेख्न थालिहाल्नुहुन्थ्यो। उहाँ सोचेर, विचार गरेर, रोकिएर लेखेको मलाई थाहा छैन। एकनास लेख्नेको लेख्ने गर्नुहुन्थ्यो। अक्षर मसिना, तर राम्रा हुन्थे। खाममा लेख्दा उहाँले कतै खाली छाड्नुहुन्नथ्यो।

मलाई स्पष्ट याद छ, उहाँले त्यहाँ बसेर लेखेको पाण्डुलिपिको चुम्बोलाई 'सुन्दरीजल' नामकरण गर्नुभएको थियो। तर त्यो शण्डकाव्य हो कि महाकाव्य थाहा भएन। जुन काव्य उहाँले साते दिनमा तयार गर्नुभएको हो। त्यस पाण्डुलिपिको अतीपत्ती छैन। घर जोडा सिएर जानुभयो कि, त्यही छाड्नु भयो, कि वा कसैलाई पो दिनुभयो कि त्यो हराएको हराये छ। कहाँ छ वा कतै मिलिकयो वा नाश भयो थाहा छैन।

मलाई सम्झना छ, मामालाई कसैले कुनै पनि विषयमा (रुवा, बिरुवा, कुङ्गा, माटो, फूल, प्रकृति आदि) कविता लेख्न भन्यो भने तुरुन्त सोही विषयमा पानाभरी कविता लेख्नेर दिनुहुन्थ्यो। अनि आफू चुरोट तान्दै बीचमा बसेर हामी केटाकेटीहरूलाई वरिपरि राखेर कविता लेख्न लगाउनुहुन्थ्यो। यति मात्रै होइन, उहाँ अङ्ग्रेजी लेख्न पढ्न पनि सिकाउनुहुन्थ्यो। अङ्ग्रेजी सिक्नुले उहाँको कला बेगले थियो। अङ्ग्रेजीलाई नेपालीमा उल्था गर्न लगाउने र मूलकपी नहेरीकन पुनः अङ्ग्रेजीमा भाषान्तर गर्न लगाउने उहाँको बानी थियो।

मामा (महाकवि देवकोटा) लाई खाने कुरामा अत्यन्त रुचि थियो। तारेको, भानेको, भुटेको, मरमसाला राखेको, तैरिनेगरी लपक्क घिऱ्यो भएको खाने कुरा बढी प्रेमपूर्वक खानुहुन्थ्यो। खरीको टाउकाको मासु त सधैंभन्दा प्रियवस्तु नै थियो।

उहाँ राँसिक पनि हुनुहुन्थ्यो। गीत गाएर हामीजस्ता साना केटाकेटीहरूसँग पनि विभिन्न खेल खेल्नुहुन्थ्यो भने, हामीनिम्ति बजाएर वा कविता सुनाएर वातावरण रङ्गीन बनाइदिनुहुन्थ्यो। उहाँ पासा खेलका पनि सौखिन हुनुहुन्थ्यो। तर पासा खेल्दा गाह्रो मानुहुन्थ्यो। उहाँसँग खेल्ने चट्टु-बट्टुहरूले छक्काइदिन्थे। उहाँको दाउ बरेको भए पनि छक्याएर 'मारा' भन्दै पैसा सोरिहाल्ने।

साहिंला मामा यति सरल र सीधासादा हुनुहुन्थ्यो कि उहाँको स्वभाव देखेर सधैं अचम्म पर्थे। मैले अरूबाट सुनेको थिएँ -कतै स्कूल कलेज जानु छ भने उहाँ भान्छामा चिया उनुहुन्थ्यो रे! कोही पाहुना छ भने मागुहुन्थ्यो र खानुहुन्थ्यो। छैन भने चुपचाप निस्कनुहुन्थ्यो।

(वार्तामा आधारित-सम्पादक)

चिहान सबैं उठून सक्तिन। तपाई आएर मलाई उठाउनुपर्छ। त्यसबखत अरू साथीहरू पनि यहीं आएका हुन्छन्।'

मजस्तो एउटा सामान्य विद्यार्थीप्रति यस्तो प्रेम र यस्तो आत्मीयता देखेर म त छक्क परें। झोटी लज्जित पनि भएँ। केही बेरपछि हाम्रो कुराकानी सकियो। हामीले विदा लियौं।

महाकवि लक्ष्मीप्रसाद देवकोटासाथ चुरोट ज्यादै मनपर्छ भन्ने सुनेको थिएँ। त्यसबखत ज्यादै चुरोटीमा आएको 'फुलमार' चुरोट किनी खुर्तीमा हालें। त्यतिबेला म आफैं पनि खुब चुरोट खान्थें।

भोलिपल्ट विहान सबैरै महाकवि देवकोटाको घरमा गएं। ढोकाभित्र पर्दा/देखें। कोठाका सीता निवासक ठाउँ ठाउँमा कोरिएका, दाग लागेका, मसीका काला टाटाहरू कोठामा ओछ्याइएको सफेदीमा/सुकुलमा ठाउँ ठाउँमा देखिन्थे। कुर्सी लगाएजस्तो देखिंदैन थियो। कविज्यू पातलो मैलो डसनामा लम्पसार घरेर सुतिराहनुभएको रहेछ।

कविज्यूलाई निद्राबाट उठाउने आँट मभा आएन। बसिरहें। पर्खिरहें। केही लागेन। उहाँ उठ्नुभएन। आखिर एउटा चुरोट झिकें। निद्रामा कविजीको ओठ बिस्तारै फट्याएर चुरोट ओठको बीचमा राखें। आश्चर्य! कविजीले चुरोट च्यापुभयो। मैले सलाई कोरी चुरोटमा लगाइदिएं। वश काम खतम। कविजीले निद्रैमा चुरोट तान्नुभयो। यसरी कविजीलाई निद्राबाट जागा गराउने काम सजिलैसँग सुसम्पन्न भयो। अनि साहित्यिक चर्चा र पठनपाठनको काम सुरु भयो।

केही बेरपछि लोकबहादुर श्रेष्ठ (जो दरबार स्कूलमा रहँदा मेरा सहपाठी पनि हुन्) कोठाभित्र पसे। त्यसबखत देवकोटाज्यूले मलाई पढाइरहेको देख्दा उनी छक्क परे। श्रेष्ठजीले भने पनि -'झोटी हकसजी! तपाईले उहाँलाई कसरी व्युँझाउनुभयो? हामीले उहाँलाई यति धाँडो कहिले पनि व्युँझाउन सकेका थिएनौं।' अनि मैले उहाँलाई सबै बेलिविस्तार बताएं।

एक रीतमा चार महिना चल्यो। पढाइभन्दा पनि उहाँको धाराप्रवाह प्रवचन बढी हुन्थ्यो। आफ्नै मुडमा, आफ्नै धुनमा।

महाकवि देवकोटाज्यूले आफ्नी श्रीमतीलाई बजै भनेर बोलाउनुहुन्थ्यो। उहाँ आफ्नो फुर्सतको समयमा हरिकीर्तनमा व्यस्त हुनुहुन्थ्यो भन्ने सुनिन्थ्यो। त्यसबखत कविज्यूलाई कसैले नास्तिक भन्दथे त कसैले आस्तिक। उहाँकी अन्तिम कविता यस्तो छ-

रहेछ संसार निशा समान
आएन ज्योति रहँदा नि ज्ञान
आखीर भीछुम्म रहेछ एक
न भक्ति भो ज्ञान न भो विवेक।

एक दिनको कुरा हो। मनोवैज्ञानिक सिग्मण्ड फ्रायडको स्वप्न विश्लेषणको अङ्ग्रेजी-नेपाली अनुवाद उहाँले भन्ने मैले सेल्फो गर्दा मलाई भ्याइ नभ्याइ भएको थियो। तर गणेश र व्यासको जस्तो लाम्चो छुने शर्तचाहिं थिएन।

कविज्यूको आहार अति ठूलो थियो। चुरोट, मासु र मिठाईमा उहाँको विशेष रुची थियो। उहाँको स्वभाव सन्तोषी थियो। उहाँको साथमा पैसा अट्दैनथ्यो। पैसाको सञ्चय गर्न बानी उहाँको थिएन। उहाँको साथमा पैसा हुने दिन र छैन एउटै थियो, त्यो थियो-रलन वा पारिश्रमिक पाएको दिन र छैन।

कविज्यू ट्युसन गर्नुहुन्थ्यो। उहाँको ट्युसन अति चल्ने पनि, ट्युसनबाट अति पैसा कमाए पनि, उहाँलाई पैसाको सधैं अभाव नै हुन्थ्यो। उहाँलाई पैसाको आवश्यकता परेको बेलामा उहाँ आफ्ना खातामध्ये कसैलाई 'मोसि यति पैसा ल्याउनु' भनेर कागतको चिटमा लेखी उसलाई दिनुहुन्थ्यो। कहिले

वाहीं कुनै छात्रलाई यसो भन्नुहुन्थ्यो-'माथि बुढ्यालमा गएर चुल्लो हेरेर आऊ, आगो बलेको छ कि छैन भलाई बताऊ।'

प्रष्ट भन्नुपर्दा महाकवि लक्ष्मीप्रसाद देवकोटा राजनीतिमा त्यति खासो राख्ने मान्छे नभए पनि त्यतिबेलाको अहमिया निरङ्कुश राणा शासनसँ गर्दा अबजेस्ती उहाँलाई यसमा लगाइयो। उहाँलाई भगाएर बनारस लगियो अनेक हण्डर खप्नुपर्‍यो उहाँले। 'युगवाणी' जस्ता भत्रिकमा लेख लेखेर येनकेन जीवन यापन गर्नसम्म सक्नुभयो।

डा.के.आई. सिंहको तीनमहीने प्रधानमन्त्री कालमा महाकवि देवकोटा शिक्षामन्त्री हुनुभयो। रुस भ्रमण गर्ने मौका पनि पाउनुभयो।

अब प्रसङ्ग आफैंले लिऊँ। महाकवि लक्ष्मीप्रसाद देवकोटाको त्यतिन्जेलको सत्सङ्गले मेरो साहित्यिक प्रतिभा पनि मौलाउँदै गयो।

२००४ सालमा हृदयचन्द्रसिंह प्रधानको संयोजकत्वमा सरस्वती सदनमा भएको प्रथम विराट् साहित्य सम्मेलनमा मैंले पनि भाग लिने मौका पाएँ। महाकवि देवकोटाज्यूको मुनामदनले मलाई विशेष प्रेरणा दियो। मैंले पनि मुनामदनजस्तै भ्याउरे खण्डकाव्य 'शशिकला' लेखें। कविज्यूलाई देखाएँ। उहाँ साह्रै खुसी हुनुभयो र तुरन्तै समीक्षा पनि गरिदिनुभयो। २००७ सालमा प्रकाशित 'परिचय' शीर्षक सो उहाँको समीक्षा यस प्रकार छ-

'नेपाली भ्याउरे कवि भन्ने नाम मैले पनि एकबार कमाएको थिएँ। धेरै वर्षजाडि। तर त्यसबेला मलाई थाहा थिएन' अरू कुनै कविजीले पनि भ्याउरे प्रदेशमा पदार्पण गरिसक्नुभएको थियो। नवीन आविष्कार नौं मलाई लाग्यो। गीतिकलाको थुमा थिएँ। जे भए पनि आफ्नै खोज तथा परिश्रमले निकिएको 'मुनामदन' एउटी प्यारी जेठी छोरीको रूपमा रहेकी थिई। अरूलाई पनि यही रास्तो लाग्यो सबभन्दा-शाकुन्तल नामक मेरो महाकाव्यभन्दा, राणाप्रताप नामक शब्द प्रदर्शन भन्दा, अरू सब चीजभन्दा।

नेपालीले खास नेपाली ढङ्ग या छन्द मनाउन् स्वाभाविक कुरा हो। भ्याउरे नेपालीको हृदयजीत खास गर्छ, नेपाली ओठमा मीठोसँग मिल्दछ र त्यसबाट मीठोसँग भादेछ। मैले लेखेको थिएँ अघि, 'नेपाली गाना, नेपाली दाना, नेपाली रसको र मैले त्यहाँ यो भ्याउरे छन्द खोला, नाला, पहाडमा टकराएको या सुन्नपाऊँ भन्ने इच्छा प्रकट गरेको थिएँ।

असल इच्छाको असलै नतिजा हुन्छ। मेरो इच्छा फलीभूत हुँदै गइरहेछ। म बराबर कविहरू भेट्दछु, जो त्यस इच्छाको पूर्ति गरिरहेछन्, आफ्ना आफ्ना तवरले, अचेत या सचेत ढङ्गाससँग।

'कवि वासुदेव उपाध्यले लेख्नुभएको 'शशी-कला' नाम नेपाली भ्याउरे गीतिकाव्य पनि यसै पङ्क्तिमा आउँदछ। यो पनि नेपाली साहित्योद्यानको एक मीठो वसन्त पुष्प हो। उहाँको शैलीलाई मधुर भन्न सकिन्छ। संस्कृतसँग नेपाली मिसिएर मीठो पाना बीच उठ्ता भएको शैली छ। पारम्परिक चित्र, शब्द, केही पुराना आलीबाली बिनकुनै छैन भन्न त सकिन्ल, तर त्रिजेला र नवीनताको अंश पनि कम देखिएको छैन। संस्कृतले धेरै माठामा सरसला छन्छ जरूर, तर हामी संस्कृतविरोधी कट्टर पनि त हुन सक्तैनौं। शिक्षित वर्गलाई बिनकुनै अरुल नेपाली छ, तर साधारण जनता (जसतरफ भ्याउरेको सच्चा झुकाव हुनुपर्छ) अलि देखैमा भालको टिपिकालिने पाना कम हुन गएको छ। अरू दृष्टिकोणले शब्दविन्यास, माधुर्य, अन्त्यानुप्रास, अलङ्कार इत्यादिमा, आजका फल्ना भ्याउरे कविताहरूको मध्यमा पर्दिता दर्जामा चढ्न योग्यता राख्तैन भन्न सकिन्छैन। ठाउँठाउँमा मीठा टुक्रा छन्। तिनमा कविले प्रतिभा जरुर राम्रो लेखिन्छ। प्रकृति वर्णन मिठासिलो छ, यद्यपि अति सूक्ष्म,बोलीको -नाहोस्। यसले शायद त्यतिको उत्तममा निएको छैनजस्तो लाग्यो, तैपनि आदर्श प्रदर्शन र भावुकतामा

मुसेका पक्षाका रातो अचानक ज्वरो आएर भाडापखाला लागेर दिवाङ्गत भइहाले। त्यस्तो प्रतिभाशाली छोराको असामायिक निधनले देवकोटाको मनमा गहिरो चोट पर्‍यो।

कसैले देवकोटालाई गरीब थिए भन्ने गर्छन् तर मेरो दृष्टिमा उनी गरीब छैंदै थिएनन्। उनको तीनतले घर थियो। तीन/चार रोपनी जग्गा थियो। कनेक पढ्दथे। ट्युसन पढाएर प्रशस्त पैसा कमाउँथे। सफा सुथर लुगा लगाएर हिंड्थे। उनले अति नै सम्पति निएर छुट्टिभिन्न भएका अरू दाजुभाइहरू कोही पनि गरीब थिएनन् भने पहेलेकोका, अरूले भन्दा बढी पैसा कमाउने र शिक्षामन्त्रीसमेत भएका देवकोटा कसरी गरीब हुनसकऊन्?

यद्यपि देवकोटा मेसा भीकमा पासा खेल्थे, घुरोट र मासुका सौखिन थिए, तथापि उनको कमाइ यति थियो कि खर्चिमा र दुई/चार पैसा फुरमास गर्दैमा सिद्धिइहाले सम्पति थिएन। यति अवश्य हो कि उनको घर र आयव्यय व्यवस्थित थिएन।

त्यसबेला जग्गा जमिनको त कुनै भाउ नै थिएन। मैतीदेवी एरियाको धुपै जग्गा राजेन्द्रप्रसाद शाह (सुन्दरप्रसाद शाह दुःखीका बाबु) को बिर्ता थियो। कुत बुझाएको भरमा पनि जग्गा दर्ता गराउन सकिन्थ्यो। कतिले कुत तिर्नुपर्छ भनेर आफ्नो नाममा दर्ता गराउन पनि चाहँदैनथे।

२००४ सालमा देवकोटा एक्लाकोटी हराउनुभयो। मान्छेले विभिन्न अड्कल काटे। राणा विरोधी क्रान्तिमा लागेर बनारस गए भन्ने हल्ला पनि चलाए। नेमाइ समितिमा छेंदा लागेको ऋण तिर्न नसकेर भागेको पनि कसैले भने। यद्यपि त्यसबेला देवकोटाको पारिवारिक अवस्था केही अस्तव्यस्त भएको थियो, तर त्यसैको कारण बेपत्ते हुनुपर्ने स्थितिचाहिँ थिएन। र, देवकोटा क्रान्तिमै हाम फालेर हिंडेका पनि थिएनन्। उनलाई काङ्ग्रेसीहरूले प्रयोग गरेर बनारस पुऱ्याएका थिए।

देवकोटा बनारस गएपछि मलाई एउटा रमाइलो फाइदा के भयो भने उहाँलाई खोज्न जाँदा उहाँका भाइ मधुसूदन देवकोटाले आफ्नो नयाँ साइकल हाम्रो घरमा राख्न दिएर गएका थिए। त्यही साइकलबाट मैंले साइकल चढ्न सिखें र चलाउन सक्ने भएँ। तर देवकोटाको मृत्युहुँदा २०१६ सालतिर भने म बनारसमा भएको हुँदा देख्ने अवसर मिलेन। यसमा मलाई दुःख छ।

(वार्तामा आधारित-सम्पादक)

"गरीब भन्छौ सुखको म भौं धनी
मिल्दैन संसार भरी छतै पनि,
बिनासको लालस दास छैन म
मीठो छ मेरो रसिलो परिश्रम।"

(भिखारी)

"यस्तो रहस्यमय जीवन बुझ्नलाई
जानु कहाँ पढ्नु के गुरुको बनाई,
खुल्दो गुलाब बीच ज्ञान अनेक फुल्छन्
उद्यानमा बस गई सब तत्व खुल्छन्।"

(प्रश्नोत्तर)

परे पनि ती कीराहरू मासुकै उपज हुन् भनेर उनीहरू खान्थे । पछिल्ला दिनहरूमा भने दिनदिनै बोका नकाटेर घिरौंला काट्न थालिएको थियो । यो कुरा भने रामेछाप मन्थलीको हो ।

यसरी नै देवकोटाका लागि चुरोट आवश्यक पर्यो भने काकाले मलाई अड्डाउनुहुन्थ्यो । म सौडेर पीपलबोट जान्थें र बाबुलालको नाइलो पसलबाट मोटरमार या फुलमार चुरोट किनेर ल्याउंथें । साहिला बाजेका लागि भनेपछि नाइलो पसलेले ती दुई चुरोट मध्ये एउटा दिन्थ्यो । यसको अर्थ थियो कि देवकोटा मोटरमार र फुलमार चुरोटबाहेक अरू खानुहुन्नथ्यो । ४४५ तथा ९९९ चुरोट र क्यामेल, पनामा चुरोटहरू पनि खानुहुन्थ्यो तर ती प्रतिखिल्ली पाँच पैसा पर्ने महँगा चुरोट भएकोले आफूले किनेर खाँदा दुई पैसामा पाँचवटा खिल्ली आउने फुलमार र मोटरमार चुरोट नै बढी खानुहुन्थ्यो ।

सानो छँदा यसरी देवकोटासँग भ्याम्मिएकै कारण पछि शिक्षामन्त्रीहुँदा पनि साथीहरूले केही काम गराउनु पर्यो भने मलाई सिफारिस गरिदिन भन्थे । बिचन्द्र कलेजमा भर्ना हुन नपाएका विद्यार्थीहरूले भर्नाका लागि सिफारिस गरिदिन मलाई भन्थे । मैतीदेवीको घरमा मोटर नजाने भएको र गाई बस्ने ठाउँ पनि नभएको कारण देवकोटा क्वार्टर भिएर बस्नुभएको थियो। म त्यहाँ गएर साथीहरूको भर्नाका लागि कुराकानी गरेको थिएँ र उहाँले भर्नासम्बन्धी काम गरिदिनुभएको थियो ।

देवकोटाको छोरा कृष्ण (माइलो) र छोरीहरू अम्बिका (माइली) र मीरा (साहिली) मेरा खेल्ने साथीहरू थिए । उनीहरू देवकोटासँग मेरो घरमा आएजस्तै म पनि काका हृदयराज शर्माका साथ उहाँको घरमा जान्थें र खेल्थें । त्यसबेला बिल्लीबजारको सडक खुल्ला हुन्थ्यो । मुस्किलले आधा घण्टामा एउटा मोटर आउँथ्यो । हामी केटाकेटीहरू सडकमै विभिन्न खेलहरू खेल्थ्यौं । तर कृष्णको सातैमा टाइफाइड रोगले मृत्यु भयो ।

महाकविका भाइ मधुसूदन देवकोटा त्यसबेला कम्पाउण्डरको काम पनि गर्थे । कलेरा र टाइफाइडको सुई दिन्थे । औषधी बाँड्थे । नाडी हेरेर रोगको निदान गर्थे । तर पछि उनी संचार क्षेत्रतिर लागे र अङ्ग्रेजीका समाचार वाचक बने । उनले पनि कृष्णलाई बचाउन सकेनन् । आफ्नो छेले साथीको मृत्युले मलाई पनि धेरै समयसम्म नरमाइलो लागिराख्यो ।

देवकोटाको बानी पनि अचम्मको थियो । उहाँ हामीजस्ता स-साना केटाकेटीहरूसित पनि खेल्नुहुन्थ्यो । हामीलाई कचान खेलाउनुहुन्थ्यो । उहाँको शरीर विशाल थियो । उहाँ प्रायः कुर्ता या कमिज र धोती लगाउनुहुन्थ्यो । कहिले गन्जी र धोतीमाथि लगाएर पनि आउनुहुन्थ्यो । हामीले धोती तान्थ्यौं । कहिला चढ्थ्यौं । कपाल लुछ्थ्यौं । तैपनि उहाँ रिसाउनुहुन्नथ्यो । साँच्चै नै आँखामा ताले पनि नलिभाउने हुनुहुन्थ्यो देवकोटा ।

देवकोटाका जेठा छोरा प्रकाशको उमेर हामीहरूको भन्दा बढी थियो । उनी म जन्मा आठ/दशवर्ष जेठा थिए होलान् । तर उनी प्रतिभाशाली व्यक्ति थिए । यो कुरा धेरैलाई थाहा छैन । त्यसैले पनि उनको प्रतिभाको कदर कसैले पनि मौखिक या लिखित रूपमा गरेको छैन । अर्थात् देवकोटाको घरको कोठाको भित्तामा, भन्याङ्मा जताततै श्रीकृष्णका राम्रा राम्रा चित्रहरू कोरिएका हुन्थे । ती सबै प्रकाशले कोरेका चित्रहरू थिए । तर तिनको मृत्यु किशोरावस्थामै भयो । यस्तो विस्मयपूर्ण तरिकाले मृत्यु भयो कि बेलुका केही नभइकन

हाम्रा कविजी अरूभन्दा कम भएजस्तो लागेन । भावुक हृदय नै उहाँको सच्चा कविगुण छ र यस क्षणको वियोगलाइ सार्थक मानीयोस प्रशस्त धार्मिक अक्षर भावनाको सङ्केत राम्रो निस्केकोले म कविजीलाई हार्दिक धन्यवाद दिन्छु ।

– लक्ष्मीप्रसाद, कविकुञ्ज मैतीदेवी ।

मनिन्द्र, महाकवि लक्ष्मीप्रसाद देवकोटा लक्ष्मीपूजाको दिन जन्मनुभएकोले उहाँको नाम लक्ष्मीप्रसाद राखिए तापनि स्पष्टरूपमा भन्नुपर्दा उहाँ सरस्वतीको वरदपुत्र हुनुहुन्थ्यो । उहाँको प्रतिभा अलौकिक थियो/बहु आयामिक थियो । कहिले उहाँ संस्कृत महाकवि कालिदासजस्तै हुनुहुन्थ्यो भने कहिले अङ्ग्रेजीकवि वर्डस्वर्थजस्तो, किटसजस्तो पनि देखिनुहुन्थ्यो । उहाँ सादा जीवन उच्च विचारको व्यक्तित्व हुनुहुन्थ्यो उहाँमा निहित उदारता, निस्वार्थता, सरलता र राष्ट्रियता प्रशंसनीय थियो । उहाँ तत्वज्ञान, आत्मज्ञान र ब्रह्मज्ञान समेतको उपासक हुनुहुन्थ्यो । उहाँ 'वसुधैव कुटुम्बम्' को पक्षपाती पनि हुनुहुन्थ्यो । वास्तवमा उहाँ महामानव हुनुहुन्थ्यो ।

अन्तमा महाकवि लक्ष्मीप्रसाद देवकोटा एक नेपाली साहित्यकारमात्र नभएर नेपाली सन्त हुनुहुन्थ्यो, दार्शनिक हुनुहुन्थ्यो र नेपाली महात्मा हुनुहुन्थ्यो । सबकलै रूपमा उहाँ यस्तै हुनुहुन्थ्यो ।

❖❖❖

महाकवि लक्ष्मीप्रति

✍ बुनु लामिछाने

अकण्ठ गला छ खुर्नु कसरी ?
असमर्थ कला छ भुर्नु कसरी ?
महिमामय सुन्दर शान्तिर
शिखराकृतिको मृदुगानतिर
॥१॥

दिनसम्म दियो जसले घरको
नव सिर्जनको सुकिला भकिता
गहिरा गहना सहभाव घना
कसरी म भनूँ उसको सुषमा ?
॥२॥

गुण रत्नहरु भण्डार भिकी
धनधान्य धनाउन नित्य हटी
रसिला फसिला हसिला गह दी
हुन् नै प्रतिभारसपूर्ण नदी
॥३॥

जसको कविकण्ठ अजस्र हुंदा
बहुमूल्य बने जड वस्तु छुंदा
"सुन बादल भो, सुन सूर्य भए
धरती-नभमण्डल धन्य रहे
॥४॥

जुन चिन्तनले नव चन्द्र चुम्यो
धरती सुत मै पनि स्वर्ग घुम्यो
छ स्वयं जुन सिर्जन कल्पतरु
कुन सुन्दरता उसमा म भरूँ ?
॥५॥

दुखा हर्षहरसित धीर बन्यो
म गरीब भने त अमीर बन्यो
बुझिनो पन त्यो मनको धन हो
जनको शुभचिन्तक जीवन हो
॥६॥

उस पारसमा कुन शब्द चुमूँ
कुन अर्पण दी कुन मार्ग घुमूँ
कुन स्वागत मर्म चुमूँ अहिले
असमर्थ छु भन्दु म यै पहिले
॥७॥

अनि बालक भाव छ मौ कविजी !
अब भक्ति बुझें यति भन्न पुगी
शुभ जन्म पलासित भाइकृत मै
रसपूर्ण छु यो पल सी उनमै
॥८॥

लक्ष्मीप्रसाद देवकोटासम्बन्धी केही सम्झना

✍ कमलराज रेग्मी

२००२ सालमितिर्फ कुरो हो, कुलमणि देवकोटा र म माधव घिमिरे र पूर्णप्रसाद ब्राह्मणलाई भेट्न भनेर नेपाली भाषा प्रकाशिनी समितिको त्रि-चन्द्र कलेजको ठूलोबरण्डा (बार्दली बैठक) मा गइरहन्थौं । त्यहाँ लेखक, साहित्यकार, कविहरू र अनुरागी जिज्ञासु श्रोताहरू पनि जम्मा भइरहन्थे । विशेष गरेर लक्ष्मीप्रसाद देवकोटालाई रचना सुनाउन आग्रह गर्दथे । त्यो दिन हाम्रा निम्ति पनि बड्डो सौभाग्यको सन्जोग बन्यो । माधव घिमिरे आदि सबै मन्त्रमुग्ध भएर लक्ष्मीप्रसाद देवकोटालाई छन्दोमय काव्यावतारको रूपमा सुनिरहेका थिए । सांझै त्यहाँ सबै, लक्ष्मीप्रसादसमेत समुपस्थित थिए । त्यहाँ त एउटा साक्षात् काव्यपुरुष अवतीर्ण भएको थियो । त्यहाँ त केवल लयको लहरिमात्र थियो, त्यसैमा सबै तन्मय तल्लय थिए । म पनि त्यहीं हराएँ । ललितकाव्य कथासागरमा निमग्न भएँ । त्यो बेला सुनेका मध्ये यो पद्यचाहिँ अहिलेसम्म बिसिएको छैन, जीवनभर बिसन्नः-

> "कट्ट टाप कड्किया पट्ट रज्जु पड्किया
> शिला पट्ट चड्किया गड्डड्ड यान गड्किया
> धरं यान धुन्दछन् निसिलन्त अग्नि निस्किया
> सवेग अश्व चन्दछन् तथापि मिर्ग अस्पिया ।"

त्यो दिन महाकवि देवकोटाले नेपाली भाषा प्रकाशिनी समितिका निमित्त रचित प्रकाशोन्मुख शाकुन्तल महाकाव्यको पाण्डुलिपिको केही अंश सस्किहरू बीच सुनाउँदै हुनुहुन्थ्यो । एक सुरसँग सुनाउँदा सुनाउँदै उहाँ पसिना पसिना बन्नुहुन्थ्यो, मुख सुख्खा हुन्थ्यो । अनि 'पानी खाउँ' भन्दै बिराम लिनुहुन्थ्यो । ब्रह्मलाई गिलास वा अम्खोराको पानीले काम चल्दैनथ्यो । त्यहीं छिलमा राखिएको माटोको गाग्रो ढल्काउन लगाउनुहुन्थ्यो र दुवै हातको अञ्जुली बनाएर मुखमा जोड्नुहुन्थ्यो । र, पानी खन्याउन लगाउनुहुन्थ्यो । छोट र दौराका बाहुलाहरू निजाउँदै बाहिरी घाँटीमा समेत पानीका धसाँहरू बगाउँदै 'घट घट कण्ठ कण्ठ' गर्दै कविजीले भनगो पानी खानुहुन्थ्यो । यसरी पानी खाँदा सामान्य मानिसले भन्दा निकै धेरै पानी पेटमा पुऱ्याउनुहुन्थ्यो, चेहराभरी लडाबडा मुख धोए झैं हुन्थ्यो । बाहुलाहरू भिजेर कुर्तिबाट चुहिन्थ्यो, मुईमा पनि पोखिन्थ्यो । अनि लामो सास फेरेर 'अल्ल शीतल भयो, तिखा मट्या' भन्नुहुँदै दौराको फेरले हातमुख पुछ्नुहुन्थ्यो । अनि एउटा चुरोट छ कि ?'भन्दै माग्नुहुन्थ्यो । कसैले सलाई झोरिदिन्थ्यो, सल्काउँबाखेरी एकै सासमा तामेर आधा पारेर कुइरीमण्डल र चक्रा बनाउँदै लामो धुवाँको लर्को निकाल्नुहुन्थ्यो । उहाँले चुरोट र पानी यति प्रेमसँग ग्रहण गर्नुहुन्थ्यो -त्यो एउटा अनौठो पवित्र कलामय साध्यथ्यो । उहाँले पानी र चुरोट खाएको दृश्य पनि अति मनमोहक र दर्शनीय हुन्थ्यो । फेरि अर्को सर्कोमा चुरोट सल्काय हुन्थ्यो । उहाँका औंलाका कापमा चुरोटका ठुटाले डामेका काला दाग हुन्थे । यसरी फेरि काव्यवाचन अगाडि बढ्थ्यो । यस्तो सुवर्ण संयोगको सौभाग्य मिलनको कुरा पनि जीवनमा कहिल्यै बिसिएको छैन ।

२००४ साल ज्येष्ठ महिनाको मध्यतिर सरस्वती सदनमा ऐतिहासिक साहित्य सम्मेलन भएको थियो । यो सम्मेलन अभूतपूर्व थियो । कवि शिरोमणि लेखनाथदेखि देशका सम्पूर्ण दिग्गज महारथि, कवि,

म सानो छँदा देखेका देवकोटा

✍ नगेन्द्रराज शर्मा

देवकोटाको घर पनि मैतीदेवी, मेरो बुढो घर पनि मैतीदेवी । मेरो घर बाटोबारी, देवकोटाको घर बाटोपारी । मेरा काका/बाबुहरू छुट्टिएर भएपछि म हेराको बासहुँदै चाबहिल आई बस्न थालें ।

वि.स. २००० सालतिरको कुरा । म छ वर्षको मात्र थिएँ तर मलाई त्यसबेलाका धेरै कुराहरूको सम्झना छ । हामी त्यसबेला सगोलमा बसौं काका हृदयराज शर्मासहित । उहाँ क्रम साहित्यिक, बढी राजनीतिक कार्यकर्ता । उहाँले अन्य विषयवस्तुमा केन्द्रित भएर धुपै लेखहरू लेख्नुभएको छ । काका साहित्यकर्मी भएकै कारण हामो घरमा साहित्यकारहरूमा महाकवि देवकोटालगायत भरतराज घिमिरे 'मन्थसीम', हरिहरनाथ रेग्मी, सम्बभक्त सुवेदी, पं.सीमनाथ घिमिरे 'व्याल' र अन्य प्रतिष्ठित व्यक्तिहरूमा नरसिंहबहादुर श्रेष्ठ, प्रकाशबहादुर के.सी., कल्याण रेग्मी आदि आउँथे । त्यहाँ कविता सुन्ने सुनाउँने काम पनि हुन्थ्यो । प्रायः काका भरतराज 'मन्थसीम' र सम्बभक्त सुवेदीले कविता सुनाउँथे ।

मेरो पैतृकथलो रामेछाप भएकी हुँदा रामेछापबाट काठमाडौं आउनेहरू धेरैको बास हामी घरमा हुन्थ्यो । जसमध्ये नवराज सुवेदीका बाबु हामो घरमा धेरै पटक आएर बसेको मलाई सम्झना छ । उनले नवराजलाई बाहिर जस्तो घरमा डेरामा राखेर पढाएका थिए ।

त्यसबेला म केटीकेटी नै थिएँ । हामो घरमा आएका पाहुनाहरूलाई खाजा खुवाउनका लागि काकाले मलाई अड्याउनुहुन्थ्यो । खासगरी देवकोटा घरमा आएकोमा मजस्ता केटाकेटीहरू पनि खुसी हुन्थ्यौं । किनभने देवकोटासाँग मासु असाध्यै मन पर्थ्यो र काकाले "ल साहिँला बाजे आउनुभयो, मासु किनेर ल्याऊ" भनेर पैसा दिनुहुन्थ्यो । म खुसीहुँदै मासु किन्न जान्थें । देवकोटालाई खुवाउन मानिस किन उत्साहित हुन्थे भने उहाँ बडो खुल्ला दिलले खानुहुन्थ्यो र भोजनको प्रशंसा गरिदिनुहुन्थ्यो ।

मासु किन्ने ठाउँ थियो -ढिल्लीबजार उकालोमा घोरपाको पसल । देवकोटाले प्रायः मासु किन्ने ठाउँ नै त्यही थियो । त्यसैले साहिँला बाजेले पठाएको भनेपछि घोरपाले राम्रो मासु छानेर दिन्थ्यो । उधारो पनि दिन्थ्यो । साँझै भन्ने ही भने देवकोटाको नाम लिएर हामीले ल्याएर खाए पनि हुन्थ्यो । देवकोटाले तलब बुझेपछि भनेजति पैसा दिनुहुन्थ्यो । सोधखोज गर्ने चलन थिएन । यस्तो खाट के स्पष्ट हुन्छ भने देवकोटा कति सरल, सहृदयी र निष्कपट भावका हुनुहुन्थ्यो त !

गौरवाको समयमा त यति मासु खाइन्थ्यो कि दिनै खाली हुँदैनथ्यो । नबैदिन जमारामा बीका लाटिन्थे । टाउकाहरू सुम्पाएर राखिन्थ्यो र नजमीको दिन बाँडिन्थ्यो । गर्धन छामीका लागि र पुच्छर दमाइका लागि छुट्याइएको हुन्थ्यो । नौ दिनसम्म मासु बिक्रिन पनि सक्थ्यो । तर बिक्रिए पनि, धेरै

महाकवि देवकोटा: साङ्गीतिक दृष्टिमा

रामशरण दनाल

महाकवि देवकोटाले कामिदासलाई अमरगीतको गीताङ्गे बनाउनुभएको छ। कृषिप्रधान देश नेपालमा रोपाईको लागि असार पन्ध्र महत्वपूर्ण दिन मानिन्छ। यस दिन खेतमा बाजागाजा सहित रोपाई र बाउसे नसाई बेठी साउने चलन छ। रोपाईको प्रारम्भदेखि नै जुहारी गीतका सहर छुटन थाल्छन्। खेतका बिल डिलमा र आलि आलिमा बसेर जुहारी खेल्ने गीताङ्गे र रीसेहरू कम हुँदैनन्। यस बेला नेपालका लोकगायक र गायिका जंगल गीताङ्गे मात्र नभई धाराप्रवाह सवाल जवाफ गरी आशुकवि नै अन्तर्युगेका हुन्छन्। नेपाली धरतीमा यस्ता धेरै आशुकवि छन् जसको थिनारी हासीले पाइसकेका छैनौं।

घाँस-पात र जल-पाखा गर्दा पारि रम्काउने गरी स्वरलहरी प्रकट गर्ने लोक कलाकारलाई महाकविले हैसेन कलरसंग डाम्नुभएको छ। अवसर पाएमा हाम्रा लोकगायिकाहरू पनि कम छैनन् भन्ने भावना प्रतिध्वनित हुन्छन्।

यसरी नै 'के नेपाल सानो छ ?' निबन्धमा महाकविले साहित्य, सङ्गीत र संस्कृतिमा हामी पनि कम छैनौं भन्ने भावना व्यक्त गर्नुभएको छ।

'.....यहाँ बाग्मर कोदाली खुनीरहेका सीतान्' महाकविले नेपाली सङ्गीतबारे आफ्नो व्यापक दृष्टिकोण प्रस्तुत गर्नुभएको छ। मातृभूमि नेपाललाई सङ्गीतमय धरती ठान्ने देवकोटा यहाँका जन-जनका कण्ठमा सङ्गीत गुञ्जिरहेको पाउनुहुन्थ्यो। यसले विश्वविख्यात जर्मन सङ्गीतकार बिथोवेन सरिका नेपाली प्रतिभाले पनि यहाँ कोदाली चलाउनुपरेको अनुभूति देवकोटामा भएको अनुमान गर्न सकिन्छ। नेपाली धरतीमा जन्म लिनुपरेको नए उनले (बाग्मर) पनि कृषक बन्नुपर्थ्यो होला।

यसै त महाकवि देवकोटाका सबै रचना सङ्गीतमय छन्। उहाँको 'मुना-मदन' यसको ज्वलन्त उदाहरण हो। त्यो बाहेक सीकछन्दमा रचिएका शृङ्गिनी, कृषिवाला, मेन्दु, लुनी र अनेकौं गीतहरू छन् जसमा सङ्गीत प्रस्फुटित हुन्छ -

'रोपाईको मेला बिजुली चम्क्यो, झरीले गीत गायो,
बाउलको तस सोला है उज्यो दिल मेरो नचायो।'

पितृजी संस्कृतका विद्वान् हुनुभएकाले उहाँलाई शास्त्रीय सङ्गीतका राग-रागिनीका लक्षणहरू पूरा थाहा थियो। प तिलमाधवलाई राग मलमल्लार र भैरवी सुन्न मन लाग्थ्यो। यसरी महाकवि देवकोटालाई पिता तिलमाधव देवकोटाबाटै सङ्गीतकलामा प्रेरणा मिलेको थाहा हुन्छ।

महाकवि देवकोटालाई मनपर्ने राग भैरव र रागिनी भैरवी थियो। स्वरसाधना गर्ने क्रममा उहाँले भाइ मधुसूदन देवकोटाका साथ उस्ताद उजीर तम्बुकार, उस्ताद रामबहादुर तम्बुकार, सङ्गीतशिरोमणि यज्ञराज शर्मा र उस्ताद चेतनाथ शर्मासंग स्वराभ्यास गर्नुभएको कुरा स्वर्गीय मधुसूदन देवकोटाबाट थाहा पाइयो। शास्त्रीय सङ्गीतका गायक विष्णुलाल जोशी पनि कविज्ञानमा आसेरहेका थिए। महाकविलाई मन पर्ने ताल (थिताल) थियो। पछि उस्तादसंग देवकोटा दाजु भाइले नै सितारवादनमा अभ्यास गर्नुभएको थियो। महाकविलाई प श्रीमकारनाथ ठाकुरको शास्त्रीय गायन मन पर्थ्यो।

नेपाली साहित्य मात्र होइन, नेपाली सङ्गीत जगत्लाई नै महाकवि देवकोटाले निकै ठूलो प्रेरणा दिनुभएको छ। अनेकौं गीत, गीतिनाट्य र काव्यहरू प्रदान गरी नेपाली सङ्गीतलाई उहाँले ठूलो गुन लाउनुभएको छ। के शास्त्रीय सङ्गीत, के लोकसङ्गीत, के आधुनिक सङ्गीत सबै विधामा उहाँको योगदानलाई बिर्सन सकिँदैन।

❖❖❖

साहित्यकार र साहित्यप्रेमीहरूको जमघट थियो। भित्रको हल ठनाठन भरिएर बाहिर चहर र सडकका पेटीहरूमा पनि साहित्यप्रेमीहरू खचाखच थिए। महाकवि लक्ष्मीप्रसाद देवकोटाको सभापतित्व र केदारमान व्यथितको व्यवस्थापनमा तीन दिन (१५, १६, १७) सम्म नेपाली साहित्य परिषद्को आयोजनामा कवि सम्मेलन चलेको थियो। यो सम्मेलनको म पनि श्रोता/द्रष्टा थिएँ। हुन त कुलमणि र मैले पनि आफ्नै कविता आयोजक समक्ष प्रस्तुत गरेका थियौं तर कवितावाचन निमित्त मेरो नाउन, कुलमणिको भने आयो। केदारमान व्यथितले 'परालको त्यान्दो' भन्ने कविता सुनाएको सम्झना छ। एक सिसिमले त्यहाँ सबैमा लेख कवितामा आ-आफ्ना बजन थिए। कुलमणिको 'गुठेली' भन्ने चारखण्डको कविताले पनि सानोतिनो ताली पाएको थियो, तर.....तर.....त्यहाँको तीन दिनको सम्मेलनमा जम्मा दुईवटा अविस्मरणीय उल्लेखनीय प्रस्तुति थिए। एउटा थियो-माधव घिमिरेको 'राष्ट्रिय झण्डा' शीर्षकको कविता वाचन, त्योभन्दा पनि धेरै माथिल्लो कोटीको युगान्तकारी अमर प्रस्तुति थियो -लक्ष्मीप्रसाद देवकोटाको। मधुर कवितामन्दा मीठो भावनामय मनमुग्धकारी लामो भाषण। त्यहाँ सबैका दृष्टिमा देवकोटा महामहनीय देखिए। देवकोटाको भाषणको कृष्णचन्द्रसिंह प्रधानले यसरी गुणगान गरेका छन् -

"एक ज्ञातमा भाषणको कापी छ, जो ज्ञातको बानमा हल्लिरहन्थ्यो। कोहीलेकाहीँ हेर्ने पनि गर्थे, तर कापीमै अँझा जोतेर एकोटीरिरहोजन्। एकछिन हेर्थे, एक घण्टा त्यसै दौडन्थे। यसरी प्रवाहित थियो, मानौं पहाडी स्रोत्ता हो। यति सुन्दर भनाइ लाग्थ्यो गद्यमा कविता पाठ गर्दैछन्। काव्यमय भाषा, निबन्धको शैली र उपन्यासको रोमाञ्च, साहित्यको सौन्दर्य, नागरिकको कर्तव्य र लक्ष्यको दायित्व सबै समाहित भएको उनको समापन भाषण लिखित भएर पनि अलिखित थियो। के सेखेर त्याएका थिए,, के बोल्दै छन्, सबै बिस्मत् बिसमर्पित थिए।"

त्यहाँ तुलना गर्ने हो भने लक्ष्मीप्रसाद देवकोटा पूर्णचन्द्रमा जस्तै प्रकाशमान देखिए। भाषण सुन्दा मन्त्रमुग्ध रहेका श्रोताहरूले भाषणको अन्त्यमा यति धेरै लामो ताली बजाए कि त्यो अविस्मरणीय, अवर्णनीय र अतुलनीय साम्यछ आजसम्मको। लक्ष्मीप्रसाद देवकोटा त्यो बेलासम्मका नै अमर कृति 'मुनामदन, शाकुन्तल महाकाव्य, सुलोचना' आदि अनेकानेक कृतिरत्न दिएर स्थापित शिखरपुरुष महाकवि भइसकेका थिए। उनले यहाँ आफ्नो वर्चस्वमा अरू उच्चतम भव्यता थपे।

"क्रान्ति ! हो, क्रान्ति सन्देशलाई, क्रान्तिको गतिलाई, क्रान्तिको आगमनलाई कसैले रोक्न सक्दैन, कुनै तानाशाहले रोक्न सक्दैन। गोल र हत्कडीले रोक्न सक्दैन। जेल र जेलको पर्खाल गढी र गौंडाले रोक्न सक्दैन। कोरा, माठी, गोली, फाँसी केहिले पनि रोक्न सक्दैन। क्रान्ति शीतबिन्दुबाट तप्तकुण्ड, चम्किला तारारूबाट सर्पकुण्ड। क्रान्ति बतासमा बसेर आउँछ, क्रान्ति आँधी, हुरी र वर्षा भएर आउँछ। क्रान्ति चन्द्रमाको चाँदनीमा चढेर आउँछ अनि सूर्यको प्रकाशजस्तै भएर व्याप्त हुन्छ।"

यो कवितामय भाषणको अंश महाकवि लक्ष्मीप्रसाद देवकोटाले राजनीतिक निर्वासनमा बनारसमा रहेका हो। राणा शासनसंग असन्तुष्ट र आँधीहुँदै गएका नेपालीहरू गुप्ता राजनीति गर्ने उद्देश्य लिएर भारत (कलकत्ता, पटना, बनारस) तिर जाने चलनजस्तै भइसकेको थियो।

२००१ सालमा जेलको पर्खाल नाघेर फरार भएका गणेशमानसिंह कलकत्ता पुगेपछि त स्वाभिमानी एवम् राजनीतिक महत्वाकाङ्क्षा राख्ने व्यक्तिहरू भारत पलायन हुने क्रम झन् झन् बढेर गएको थियो। चिन्द कलेजमा प्राध्यापन गर्दागर्दै छाडेर अत्याचारी राणाशासन उखेली देशमा प्रजातन्त्र ल्याउने लक्ष लिएर २००४ सालमा नै

केदारमान व्यथितको साथमा लक्ष्मीप्रसाद देवकोटा नेपाली राष्ट्रिय काङ्ग्रेसमा सम्मिलित हुन बनारस पुगेका थिए। बनारसको प्रसिद्ध नागरी प्रचारिणी सभा भवनको निकटको त्यसैको प्रसिद्ध 'टाउनहल' मा नेपाली राष्ट्रिय काङ्ग्रेसको एउटा ठूलो भेला भएको थियो। त्यो भेलाको दर्शक सहभागी म पनि थिएँ। त्यहाँ मातृका, विश्वेश्वर कोइराला लगायत भारतका सोसलिष्ट नेताहरूले पनि भाषण गरेका थिए। अरूहरूले जे कस्ता भाषण गरेका थिए, मलाई सम्झना छैन, तर लक्ष्मीप्रसाद देवकोटाको भावनामय उपयुक्त त्यो भाषणलाई भने मैले कहिल्यै विसर्न सकेको छैन। देवकोटाले राणा शासनलाई 'किसकिसे अड्याउने' शासन पनि भनेका थिए। त्यो भनेको "बोल्न नदिने, बोलिहालेमा गोली हान्ने, कि त फाँसीमा झुन्ड्याउने शासन हो" भनेर व्याख्या गरेका थिए। त्यो भेला राणाशासनको विरोधमा जाने प्रचलित ठाउँ थियो भारतको कलकत्ता र बनारस। त्यहाँ गएर सम्पर्क नगरिनहुने संस्था थियो- 'नेपाली राष्ट्रिय काङ्ग्रेस'। त्यसबेला मार्क्स-एङ्गेल्सद्वारा प्रतिपादित 'कम्युनिष्ट मेनिफेस्टो' को प्रथम नेपाली अनुवाद गर्ने स्वयम् पुष्पलाल नेपाली राष्ट्रिय काङ्ग्रेसको कार्यालयसचिव भएर काम गर्दथे। प्रकटरूपमा कम्युनिष्ट भइनसकेका तर नेपाली राष्ट्रिय काङ्ग्रेसबाट विभाजनबाट वितृष्णा भएर नेपाल कम्युनिष्ट पार्टीको सङ्गठन उद्योगमा मिसिँदै लाग्नेको अवस्थामा रहा हिल्लीरमण रेग्मीको पक्षको नेपाली राष्ट्रिय काङ्ग्रेसको पार्टी कार्यालयमा अन्तिम बिदाइ लिँदै गर्दा पुष्पलालसाँ मैले पहिलो पटक भेटेको थिएँ।

महाकवि लक्ष्मीप्रसाद देवकोटालाई भने 'जयतु संस्कृतम्' आन्दोलनबाट निर्वासित भई बनारस पुगेका कुलमणि देवकोटा र मैले बराबर भेट्दै रह्यौं। देवकोटाले बनारस पुगेपछि दुवा विनायक नरेन्द्र ब्रह्मालय भएको घरमा रहको नेपाली राष्ट्रिय काङ्ग्रेसको एउटा कोठामा डेरा जमाउनुभएको थियो। कुनै विशिष्टता बोकेको व्यक्ति र ठाउँलाई पछ्याउँदै हिँड्ने बानी भने कुलमणि र ममा छँदै थियो। हामीले लक्ष्मीप्रसाद देवकोटा बिरामी हुनुहुन्छ भन्ने सुन्यौं र दुवैजना दुईवटा मौसम लिएर भेट्न गयौं। एउटा साधारण कोठा, भुइँमा सामान्य ओछ्यान, मैलो खोल भएको सिरकभित्र एउटा धोतीमात्र बेरिएको साङ्गो शरीर भनि जीउमा सुकेनुलो कन्याइरहेका हात जराश शरीर र विरक्त संवेदनायुक्त चेहरा भेला सुश्रूषाको विशेष व्यवस्थाको अभाव, द्वारका भिँडी निभाएको एप्टे, सिङ्गो भिँडी नहँदा, त्यही निभेको भिँडीको ठुटोमा सन्काइनाँदै धुँवाको लत्तलत भेटिरहेका, यस्तो अकल्पनीय अवस्थामा महाकवि हुनुहुन्थ्यो। बहाँको माइलो स्वेरा कृष्णप्रसादको टाइफाइड भएर बिनाउपचार निधन भएको खबर आएको धेरै दिन भएको रहेनछ। हामीसँगको भेटमा सबभन्दा पहिलो बहाँको बोली थियो- "जन्म दिने पिताले माया ममता दिन सकेन भनेर स्नेहसागर परमपिताकहाँ गयो मेरो कृष्ण!" पुत्रको शोक सन्ताप वियोग। विदग्ध विह्वल हृदयका बिरही उद्गारहरू कवितामय भएर झरिरहे निर्के बेर। बहाँको मुख सुक्यो। पानी खाने इच्छा गर्नुभयो। हामीले लगेका मौसम बोका फालेर केहा छुट्याउँदै दिन खोज्यौं, तर प्राविजीले सिङ्गै मौसमलाई हाम्रा हातबाट लिएर हतार हतार चुरुटै पनि खाँदै पनि गर्नुभयो। त्यही पाराले दोस्रो मौसम पनि खानुभयो। अल्झन निम्ति अस्वाभाविक लाग्ने यस्तो आचरण भावनामय कल्पनामा घाइते गरिरहने महाकवि देवकोटामा सन्चालित हुँदा सौम्य शालीनता थियो। अस्वस्थ अवस्था भरी हामीले बहाँले बोलेको छिटेसनमा कविता लेखिदिने वाचा गरी त्यो दिन हामी हिँड्यौं।

हामी बराबर बहाँका कविता लेख्न गइरहन्थ्यौं। कुलमणिको लेखन मेरोभन्दा छिटो र राम्रो भएको हुँदा यहाँ नै धेरैजसो अगाडि सर्नुहुन्थ्यो। त्यहीँका नेपाली प्रकाशकले कविजीलाई कविता लेखिदिए

पौटा सारै मार्मिक र हृदयविदारक दृश्य पनि मेरा आँखा अगाडि बारम्बार झुमिरहेको छ।

निर्के वर्षपछिको कुरा हो-एकदिन, साँझपख, ढिल्लीबजारबाट कमलपोखरीतिर आइरहँदा मलाई कसैले बोलाएझैंजस्तो लाग्यो। चारैतिर नजर दौडाएर हेर्दा, सडकको एक कुनामा एकजना परिचितजस्तो व्यक्ति एक अर्को व्यक्तिलाई सहारा दिएर उभिइरहेको देखिए। तो दुवैको नजिक पुगेपछि मात्र थाहा भयो-तो मेरा मित्रको कोठामा हात राखेर सहारा लिइरहेको अर्को व्यक्ति त महाकवि देवकोटा पो हुनुहुँदोरहेछ। यहाँले त मलाई चिनिहाल्नुभयो, तर मैले भने त्यस्तो अप्रत्याशित भेट र बहाँको त्यो दयनीय अवस्थाको कारण बहाँलाई तत्कालै चिन्न सकिन। चिन्नु पनि कसरी? अघिअघि मैले देखेको कुनै रोमनयोद्धाको पूर्णकदको मूर्तिजस्तो लाग्ने त्यो विशाल, बलवो, सुगठित र भव्य व्यक्तित्व, अहिले पिन्ने नसोकेने गरी हाडछालामात्र बाँकी रहेको, आँखा भित्र गडेको, दुबैतिर च्याउरिएर गालाहरू सुकेको, कपास झर्दै गएको र नाउमतीले गर्दा बोली पनि मन्द भैसकेको एक जुँदो काङ्काल पो भइसकेछ। उहाँलाई प्राणघातक क्यान्सर रोगले ग्रस्त्यो लगेको खबर त पाएको थिएँ तर त्यस्तो भयङ्कर अवस्थाको भने मैले कल्पना नै गरेको थिइनँ। त्यसदिन एकै बाटोमा देखेको भए पनि मैले बहाँलाई चिन्न सकेन सम्भावना थिएनजस्तो लाग्यो।

त्यो दृश्यबाट एकैछिन स्तब्ध र अवाक् भएपछि मैले सोधें- देवकोटाज्यू कमरी यस्तो भयो? किन यस्तो भयो? त्यसको जवाफमा बिस्तारै बोल्दै देवकोटाले भर्खर पेटको अप्रेशन गरेपछि आधाभन्दा बढी आन्द्राको काटेर फर्काइएरहेको धेरै मात भात खान हुने, कड़ा ओखतीको सेवन गरिरहनुपर्ने, आदि आदि कारणहरूले त्यसरी दुबलाएको र बिस्तारै क्रमशः स्वास्थ्यलाभ हुनसक्ने आशा रहेको अवस्था बताउनुभएको थियो। एकछिन त्यहीँ उभिएर भसाङ्गुसारी गरेपछि बहाँलाई त्यसरी बाटोमा उभ्याइरहनु कष्ट हुन थालेको बुझेर छिट्टै स्वास्थ्यलाभ होस् तपाईको दीर्घायु होस्, म फेरि भेट्न आउनेछु भन्ने शुभकामनाहरू प्रकट गर्दै गहाँ मन लएर म त्यहाँबाट छुट्टिएको थिएँ। देवकोटा पनि प्रसन्न मुद्रामा देखिनुहुन्थ्यो र 'म घरैमा हुन्छु, कुनै दिन आउनोस् न! बसेर कुरा गरौंला' भन्दै र मेरो नमस्कार फर्काउँदै बहाँ बिदा हुनुभएको थियो।

घर फर्केदा बोटोमरी बहाँको त्यो दसा सम्झेर नरमाइलो लागिरह्यो। कताकता मेरो अन्तर्मनले बहाँ अब यस धरतीमा धेरै दिन रहनुहुनजस्तो छ भनेर मलाई बारम्बार झल्काइरहेको थियो।

त्यसको केही दिनपछि नै छायवृत्तिको खबर पाएर हतार-हतार तयारी गर्दै उच्चअध्ययनका लागि मलाई भारततर्फ लिँडिहाल्नुपरेको थियो। त्यहीँ मैले अतिशय कष्टपूर्ण अवस्था र अशान्तिकाबीच आँखा मिम्मेर अन्तिम साँस लिनुभएको दुखद समाचार सुनेको थिएँ।

त्यसको झण्डै एक वर्षपछि छुट्टीमा म काठमाडौं फर्कें। तर यसपल्टको बिदा अघि अघिको जस्तो रमाइलो र सार्थक थिएन। देवकोटाको अनुपस्थितिमा काठमाडौं सहर बिरानो र शून्य भएको थियो। देवकोटा नभएको नेपाली साहित्य पनि ठुहुरो हुनपुगेको थियो। मेरा लेखक कवि मित्रहरू पनि उत्साहहीन र उदास देखिन्थे। कोही प्रियजन यस दुनियाँमा हुनु र नहुनुमा कमी अन्तर हुँदोरहेछ। बाँचुञ्जेल सर्वत्र छाएका देवकोटा मृत्युपछि पनि आफ्नो अनुस्थितिबाटै सर्वत्र आफ्नो अस्तित्वको अनुभूति गराइरहेका थिए। त्यस्तो अन्तर्वेदना र तनावपूर्ण परिवेशका बीच ती प्रिय महाकविप्रति श्रद्धाञ्जली व्यक्त गर्दै यौटा शोककविताको जन्म भएको थियो। मेरो त्यस शोक श्रद्धाञ्जलीमा एकाग्रता र सहभागिता प्रकट गर्दै त्यस कवितालाई केही समकालीन पत्रपत्रिकाहरूले प्रकाशित गरिदिएका थिए।

- साजिम्पाट, सोर्सनीटार-२

तथा कविताको वास्तविक प्रकृतिबारे जनसामान्यमा रहेको अनभिज्ञताका कारण नै उत्पन्न हुने गरेका छन् । तर त्यसका साथै "कविहरूले कुनै आचार-विचार अनुशासन, बन्धन वा नीति नियम मानिरहनु पर्दैन भन्ने घोर व्यक्तिवादी दर्शनबाट उत्प्रेरित केही सयम निम्नमध्यमवर्गीय कविहरूका अराजक र स्वच्छन्द आचरण, अस्तव्यस्त जीनवशैली, समाज र परिवारप्रतिको अनुत्तरदायी बेपर्वाह व्यवहार आदि देखेर पनि समाजमा तिनका बारे यस्ता नकारात्मक टिप्पणीहरू आउने गरेका हुन् भन्ने कुरा पनि उतिकै विचारणीय रहेको छ । यथार्थमा कविहरू समाजका अत्यन्त संवेदनशील र सचेत अङ्ग भएकाले उनीहरूबाट अन्य नागरिकहरूले सभ्य र शिष्ट व्यवहारको आशा गर्नु स्वाभाविक कुरा नै हो ।

महाकवि देवकोटा पागल भए भन्ने हल्ला फिजाउनमा उनकै केही ईर्ष्यालु प्रतिद्वन्द्वीहरू पनि लागेका थिए र उनको प्रचण्ड प्रतिभा, स्वाभिमानी चरित्र र बढ्दो लोकप्रियताबाट लजाइकित र त्रस्त भएका शासक प्रशासकहरू पनि त्यसमा गोप्यरूपले मतियार बनेका थिए भन्ने केही विद्वानहरूको अनुमान रहेको छ । केही दिन त उनीहरूले देवकोटा र पागल, दी दुवैलाई पर्यायवाचीका रूपमा फिजाउने दुष्प्रयास पनि नगरेका होइनन्, तर त्यो यथार्थका सामु सफल हुनसकेन । मैले निकै पटकको आफ्नै भेटघाट र कुराकानीहरूबाट तथा वहाँका निकटस्थ र परिचितहरूका वस्तुगत रिपोर्टहरूबाट बुझेको छु भने वहाँमा त्यस्तो कुनै बहुलठ्ठीपना वा खुस्केको मगजको लक्षण थिएन । मैले वहाँकै साहज र शान्त गम्भीर स्वरमा एकपटक 'पागल' भन्ने वहाँको सुप्रसिद्ध कविता सुन्ने सौभाग्य पाएको थिएँ र त्यस्तो कविता लेख्ने व्यक्ति कुनै हालतमा पनि पागल हुन सक्दैन । वहाँले त्यस कवितामा आफ्नो चरित्रहत्याको दुष्प्रयासका विरुद्ध निकै संयमित, शिष्ट र साहज स्वाभाविक शैलीमा आफ्नो वेदना आक्रोश र विद्रोहका अभिव्यक्तिहरू प्रकट गर्नुभएकी छ ।

दुःखको कुरा इच्छा हुँदाहुँदै पनि साहित्यका सैद्धान्तिक पक्ष नेपाली साहित्यका समस्याहरू र तिनको समाधान आदि आदि विषयहरूबारे महाकविसित बसेर राम्रो छलफल र विचारविमर्श गर्ने अवसर मलाई कहिल्यै मिल्न सकेन । केही सहमति र केही असहमतिका पक्षहरू सहित ती विषयहरूमा हामी आ-आफ्नै दृष्टिकोणहरू लिए भन्ने कुरामा कुनै अस्पष्टता थिएन । वहाँका आफ्नै सीमाहरू वैचारिक अन्तर्द्वन्द्व र साहित्यिक रचनाहरूमा पाइने विरोधाभासबारे परिचित गइसकेकोले मैले हतारमा त्यस्ता प्रश्नहरू उठाउनु अनावश्यक नै ठानें । अघि कुरा के भने मैले वहाँका समग्र कृतिहरूको क्रमबद्ध र वस्तुगत पद्धतिबाट अध्ययन गर्न पनि पाएको थिइनँ । पछि गएर मेरा आफ्ना स्वतन्त्र दृष्टिकोण र मान्यताहरू पनि विकसित भइसकेका थिए र त्यस आधारमा मलाई वहाँका केही कृतिहरूमात्र उल्लेखनीय वा उपयोगीजस्ता लागे । आफ्नो जीवनको पछिल्लो चरणमा वहाँ पनि क्रमशः वैचारिक सैद्धान्तिक दृष्टिबाट परिष्कृत पुर्गीन र यथार्थवादी हुने दिशामा अघि बढिरहनुभएको देखिन्थ्यो र यो हामी सबैका लागि अत्यन्त सुखद र सन्तोषजनक विषय हुन गएको थियो ।

महाकवि देवकोटाका साहित्यिक कृतिहरूका आफ्नै ऐतिहासिक महत्व रहेको र तिनले नेपाली साहित्यलाई अझै समृद्ध पारेको कुरामा कुनै द्विविधा वा विवाद रहेको छैन । तर आजको सन्दर्भमा तिनको पुनर्मूल्याङ्कन गर्नु पनि उतिकै आवश्यक भएको छ । वहाँका कृतिहरूबारे बेलाबखत मेरो दृष्टिकोण र विचारहरूमा परिवर्तनहरू हुँदै आए पनि वहाँको निष्कपट उदार स्वाभिमानी र पारदर्शी चरित्र, सहृदय मानवीय व्यक्तित्व, साहित्यप्रतिको पूर्णनिष्ठा र निस्वार्थ सेवा, उत्कट देशभक्तिको भावना तथा सरल सादा जीवनप्रतिको मेरो सम्मान र श्रद्धामा भने कहिल्यै तलमाथि भएन र अहिलेसम्म पनि त्यो यथावत् कायमै रहेको छ ।

बिगतको सम्झनामा रहेका यी सबै घटना र विचारहरूको सिंहावलोकन गरिरहेका बेला अन्यमा

आपत सन्तोषजनक रोयल्टी दिने अफर गरेका रहेछन् । कविताको एउटा राम्रो कृति तयार गरेर दिएपछि पनि महाकवि देवकोटालाई निज प्रकाशकले खास सहयोग नगरेको पछि हामीले थाहा पायौं । कविता सादा भने हामी आतिन्थ्यौं । उहाँका मुखारबिन्दबाट कविताधारा छहराजस्तै बग्दथ्यो । त्यो सृजनाशक्ति देखेर हामी त्यसै त्यसै चकित भएका थियौं ।

मेरो सम्झनामा लक्ष्मीप्रसाद देवकोटालाई पछ्याउन छोडेन । २०१० सालमा रुमानियामा भएको चतुर्थ विश्व युवामहोत्सवमा भाग लिन जाने क्रममा हङ्गेरी , रुस, पोलिङ आदि देशको पनि भ्रमण गर्नुभएको थियो देवकोटाले । रुसको भ्रमणमा रहेका मास्कोमा लेनिनको सालिकलाई सम्बोधन गर्दै मास्कोवासीलाई समेत चकित पार्दै गरेको कवितामय भाषणको बयान धेरै धेरैले गरिरहेका छन् । त्यो बेला मास्कोवासीका निमित्त समेत देवकोटा अद्भुत प्रतिभाशाली व्यक्तिका रूपमा प्रतिष्ठित हुनुभएको थियो । मास्कोवासीले देवकोटालाई काव्यसाहित्यका कार्यक्रममा समेत सहभागी गराएर वहाँका रसमय काव्यवाचन र भाषण प्रवचनको आस्वाद लिएका थिए ।

त्यही क्रममा देवकोटा पेकिङ पनि पुग्नुभयो । चीनको सरकारले वहाँको चीन भ्रमणलाई विविध कार्यक्रम सहित भव्य बनाएको थियो । माओत्से तुङसँग समेत छोटो भेटको प्रबन्ध गरिएको थियो । पेकिङ भ्रमणमा वहाँमा देखिएको एउटा दुर्लभ चमत्कारयुक्त सन्दर्भ गाँसिएको घटना मेरो सम्झनामा पनि छ । वहाँलाई एकदिन मनोरञ्जन कार्यक्रम अन्तर्गत एउटा सिनेमा देखाइएको थियो । त्यो चलचित्रको नाम थियो 'हुवाङ्ग हेयरगर्ल' । त्यसको कथानक यसरी भुनिएको थियो-"पुरानो सामन्ती समाजको कलङ्कको रूपमा रहेको दासप्रथा (हामी नेपालको बाँधा, कमरी, कमैयाजस्तै) रहेको बेला एउटी किशोरी पनि नभइसकेकी उमेरकी केटीलाई एउटा क्रूर सामन्त जमिनदार घरमा काम गराइएको हुन्छ । त्यो केटीलाई मालिक मालिकनीले कठिन परिश्रममा जोतथे । पेटभरी खान दिँदैनथे । पर्याप्त निद्रादन पाउने गरी सुत्न पनि दिँदैनथे । क्रममा ठड्ग नपुगेर र सानो कुरा बिसाउँदा बिगाडा पनि चरम यातना दिन्थे । त्यो केटी कहिलेकाहीं सहनै नसकेर भाग्ने गर्थी । तर मालिकले प्रहरीहरू लगाई फेरि खोजेर समाएर ल्याउँथे र झन् यातनासाथ कुटपिट गर्दथे । केटीको उमेर बढ्दै जाँदा गराबर भाग्दै जाँदा टाढा जाँदै गर्थी । फेरि पक्राएर ल्याइन्थी । अति उमेर बढ्दै गएपछि असमयमै मालिकबुढो बलात्कारमा पनि परी र पीडामय रगताम्य भएर ज्यादै रोइ । तैपनि उसमाथिको उत्पीडन दलन टुटेन । अति एकपटक मसक्क मन कलियो गराएर त्यहाँबाट देखिने निकै टाढाको जङ्गललाई पछ्याएर मालिकका सीपालीहरूले समात्न नसक्नेगरी भागी । त्यो साँच्चै नै जङ्गलमा पुगी र मीठो लाग्ने कमला स्वच्छ पातहरू खाँदै क्षुधा शान्ती । जङ्गलमा खोज्दै हिँड्दा एउटा गुफा भेटी र त्यहीं आश्रय लिई । मालिकको क्रूर यातना र परिश्रमहरू सम्झदा डर पनी जङ्गलको गुफामा जीवन बिताउने अठोट गरी ।

लिकै वर्षपछि माओत्से तुङको नेतृत्वको कम्युनिष्ट पार्टीको अदम्य क्रान्ति र सङ्घर्षले चीनमा नयाँ जनवादको स्थापना भयो । अनेकन परिवर्तन सुधारहरू गरिए । विविध क्षेत्रमा खोज अनुसन्धानहरू थालिए । यही अनुसन्धानको क्रममा परोपकारी देशभक्तहरू जङ्गलको बाटोहुँदै जाँदा-जाँदै चीन भेटे । नाङ्गैनुङ्गै सेते कपास फलेको मानिसजस्तै लाग्ने एउटा मूर्ति तिनीहरूलाई देखेबित्तिकै गुफाभित्र भागेर लुक्न खोज्यो त्यो मूर्तिलाई 'पिनीहरू मलाई पकड़न आएका हुन्' भन्ने कुराले पिरेको थियो । त्यो खोजी मण्डलका गाथुले मानिसको रूप भएको यो प्राणीमा अवश्यै मानव जीवनको केही न केही रहस्य भएको ठाने ।

र, जसरी भए पनि मनोवैज्ञानिक दृढ़ताबाट स्नेहपूर्ण व्यवहारको माध्यम अपनाई त्यो मूर्तिलाई बाहिर ल्याएर सम्काउन सुझाउन खोजे। उसले भाषा विसिसकेकी थिई। यद्यपि सस्कार कायमै थियो। त्यही सस्कारवश उनीहरूसँगको सम्पर्कपछि केही समकक्षीरामा आई र उनीहरूको सहयोगमा पालित पोषित हुँदै सहर पुगी। र, उसलाई फेरि कम्युनिष्ट सरकारले सम्मानीत मानवीय जीवनमा फर्कंदियो।"

कथाको मैले सुनेअनुसारको सारांशको नुनोट मैले यस्तै गरें। यही सिनेमा हेरेर सिद्धाएपछि लक्ष्मीप्रसाद देवकोटाले त्यही सिनेमा हलभित्र उभिएर चिच्याउँदै 'आइ आम अ कम्युनिष्ट' माओत्से तुङ् जिन्दाबाद' भन्दै उद्गार पोखुभएको थियो।

नेपाल आएपछि चीनको व्यवस्थाको बारेमा धेरै सकारात्मक कुराहरू बोलिरहनुभयो र बहसलाई कतिले यी त कम्युनिष्ट भएछ भन्ने सम्मका कुरा पनि गरेका थिए।

२०१५ मा महाकविको पेटमा क्यान्सर भएको पत्ता लाग्यो। नेपाल एकेडेमीका सदस्य रहेका देवकोटा मास्कोमा क्यान्सरको उपचार समेत गराउने उद्देश्य साथ २०१५ मा तासकन्दमा भएको अफ्रोएसियाली लेखक सम्मेलनमा भाग लिन जानुभयो। तर अनुमति नलिइकन कम्युनिष्ट मुलुकमा गएको भनी यहाँको सरकारले भिसी आपत्तीसमेत गरेको हुँदा मास्कोमा लामो समय बसेर उपचार गराउने कुरा पनि हरायो। उल्टै एकेडेमीबाट पाउने भारिश्रमिक सुविधा सबै रोक्का भयो। मास्कोपछि अर्थाभाव र उचित पथ्यको अभावमा क्यान्सरले कविलाई कराउँदै लग्यो। उपचार असाध्य हुँदै गएपछि भन्न जीर्णकायाका लक्ष्मीप्रसाद देवकोटाप्रति मान्छेहरूको ध्यान आकर्षित हुँदै गयो। त्यो बेलाको जननिर्वाचित रहेको सरकार, आम विद्यार्थीहरू, कवि साहित्यकारहरू महाकविको उपचारार्थमा अगसर देखिए। तर यी सबैका प्रयास किन्दीयो उखान "तब आई चेत, जब चिडिया चुग गई सारा खेत" भनेजस्तै भयो। क्यान्सरको असह्य वेदना सहन नसकी आफूलाई शान्ताभवन र त्यसपछि आर्यघाटको अन्तिम आश्रयासम्म पनि बहाँसि आफूलाई सहयोग गर्न आउनेजतिलाई भन्नुभयो-"मलाई साँच्चैको सहयोग गर्ने भए पोटासियम साइनाइड दिनुहोस्।" देवकोटाले अस्पतालको बेडबाट लेखाएको अन्तिम कविताको अन्तिम अंश "म शून्यमा शून्यसरी बिलाएँ" भन्ने थियो।

आनन्ददेव भट्ट र म २०१६ साल भाद्र २९ गते बिहान पशुपति आर्यघाटको बिरामी ओठामा बसेको अन्तिम दर्शन गर्न पुगेका थियौं। असह्य पीडामा छटपटाइरहनुभएका महाकविलाई त्यहाँ कविशिरोमणि लेखनाथले रुँदै देवकोटाको अस्पतालको छातीलाई शीतल पार्ने बरफका स-साना टुक्रा मुखमा हालिदिँदै मुसारै रहेका थिए। त्यही दिन त्यो भव्य विभूति "यो माशशून्यमा शून्यसरी' बिलायो।

+ + +

फेरि एकदिन धेरै वर्षपछि पञ्चायती व्यवस्थाको दिनमा 'सुस्केरा' पत्रिकाका सम्पादक रामचन्द्र महराई र साहित्यकार मोहनाथ प्रश्रित मिसेर "लक्ष्मीप्रसाद देवकोटा विशेषाङ्क" सुस्केरा निकाल्ने सन्दर्भमा परिमार्जन निम्ति मलाई प्राप्त गराइएको थियो। र, मैले अत्यन्त मनोयोगपूर्वक सामग्रीको अध्ययन र त्यसमाथि योगदान गरेको सम्झन्छु।

आँहले देवकोटा जन्मशताब्दी अवसरमा पत्रिका सम्कनालाई पुनर्निर्माण गर्ने सौभाग्य पाउँदा आफूलाई सौभाग्यशाली सम्झेको छु।

❖❖❖

विषयमा कुरा हुँदा देवकोटाको गाउँ नै अग्रपङ्क्तिमा पर्दथ्यो। रेडियो पेचिङको नेपाली विभागमा पढाउन भनेर केही वर्षसम्म चीनमा बस्दा त्यहाँको भाषामा अनुदित देवकोटाका कविताहरू पढिसेकेका तिनै सम्पर्क कविहरू भेटिएका थिए र हामी दिनुभन्न, विश्वविद्यालयबाट नेपाली भाषा र साहित्यको उच्चडिग्री लिएर फर्केका थिनियाँ विद्यार्थीहरू त देवकोटाका विषयमा व्याख्यान पनि दिन सक्थे। त्यसैगरी आफ्नो अध्ययनका लागि भारतमा रहेका बेला पनि हिन्दी साहित्यका नयाँ पुराना लेखक कविहरू मुख्यतः भानुभक्त र देवकोटाकै विषयमा धारा लिएर बढी सोधपुछ गर्दथे र भारत तथा नेपालका बीच रहेआएको लामो सास्कृतिक सम्बन्धलाई अझै प्रगाढ तुल्याउनमा यी दुई कविहरूबाट भएका अमूल्य योगदानहरूलाई विशेष महत्व दिन्थे।

धनी सिरसिलामा विदेशमै हुँदा अरबी भाषामा लेखेर एक प्रसिद्ध सिरियाली मुवा कवियित्री मेरो मित्रता बढ्न गएको थियो। एकदिन कुरैकुरामा भाइ भयो- उनी आफ्ना सबै काव्यरचनाहरू पहिले सरर धाराप्रवाहमा बोल्दै टेपरेकर्डमित्र भरिदिन्थे र पछि फुर्सदमा त्यससाई कागजमा सारेर राख्ने गर्नुहोस्। मैले किन त्यसो गरेको ? भनेर सोधदा उनको जवाफ थियो-"मनमा एकाएकी उठेर आउने भावनाका छालहरूको गति अत्यन्त बेगवान् हुन्छ, तर त्यसमित आएका विचार र बिम्बहरूलाई तत्काल समातेर लिपिबद्ध गर्ने गतिचाहिँ अपेक्षाकृत ढीलो हुनसक्छ र त्यसैबीच अचेतन रूपबाटै धेरै कुराहरू छिप्पिएर, परिपक्वताका हुन्छन्। विचारको शृङ्खला पनि भङ्ग हुनसक्छ। त्यसले गर्दा आफूले लेख्न खोजेको कविता असलको त्यसले प्रतिबिम्बित हुन नपाएर बीचमै खण्डित वा अपूर्ण रहनजाने खतरा पनि रहन्छ।"

उनले भाँचिए मै केही दिनपछि मलाई आफ्नो ओठामा लगेर टेपरेकर्ड खोली आफ्ना पुराना अरबी कविताहरू र त्यसको अङ्ग्रेजी अनुवाद पनि सुनाए। त्यो सबै देखे सुनेपछि मैले उनलाई हाम्रा स्वच्छन्दतावादी-स्वच्छन्दवादी आशुकवि देवकोटाको वृत्तान्त दिँदै "तिमी त सिरियाका नयाँ देवकोटा यो रहछौ" भनेर उनको प्रशंसा गरेको थिएँ। उनले आफूलाई नेपालका महाकविसित जोडेको र दोजेकोमा अत्यन्त खुसीहुँदै बारम्बार धन्यवाद दिएर भविष्यमा देवकोटाका कृतिहरू खोजी खोजी पढ्ने इच्छा पनि प्रकट गरेको थिए।

एकताका "महाकवि देवकोटा बौखाए, अब उनी सद्दे हुँदैनन्" भन्ने हल्ला चारैतिर सुनिन्थ्यो र त्यो हाम्रो गाउँसम्म पुगेको थियो। दुख र मजाको कुरो त के भने त्यसै अन्तहरामै त्यस्तो हल्लाले म पनि केही दिन असजिलो स्थितिमा पर्न गएको थिए। देवकोटाका प्रशंसक हुँदाहुँदै पनि मेरा परिवारकै केही सदस्यहरू अज्ञानवश देवकोटा विरोधी त्यस्तो कुप्रचारको शिकार हुनपुगेको देखिन्थे। जिनताक केही कविताहरू लेखेर म आफ्नो साहबजारको सानो क्षेत्रभित्र एउटा कविको रूपमा परिचित भइसकेको थिएँ। त्यसैले होला मेरा अभिभावकहरू 'यो पनि पछि गएर देवकोटा जी बहुलाउने त होइन" भन्ने डरबासले भित्रैभित्रै गिरोलिएकाजस्ता देखिन्थे। छाहरूस्म भने रामकृष्ण आचार्य नामका मेरा एकजना ठूलाठू त मचाइ एकान्तमा लगेर 'यी कविता-सविताम्रा साम्ने उभेर ठैन। पढाइ बिगन्छ, पोइ जागेर पनि पाइन्न र मगज खुस्काने डर पनि हुन्छ। लगेलै बाबु ! अब यस्तो नकामका लाम छोडिदे" भन्नुभयो। गाउँ साहरका केही गुणहरू पनि "ओ कविजु ओ कविजु" भनेर ठट्टा गर्दै र जिस्क्याउँदै हैरान पार्ने गर्दथे। यसरी, अप्रत्यक्षरूपमा देवकोटाको कसी छायाँबाट मेरो आत्मालाई जोगाउने/मुक्त पार्ने प्रयास पारिएको थियो।

तर हाम्रो सास्कृतिक क्षेत्रमा पाइने यस्ता निराधार र हास्यास्पद धारणाहरू, हामीकहाँ अँधअँधेरीले प्रचलित, कविहरू आफ्नै मनको संसारमा रमाइबस्ने अर्कै जातका प्राणी हुन्" भन्ने परम्परागत अध्यात्मवादी मान्यताबाट पनि कवि

महाकविको भेटा हो। नेपालको महाकवि एक सामान्य ट्युसनजीवी भएर पेट पालिरहेको थियो।

तर त्यहाँ महाकविको सौम्य उपस्थितिले होला एकैसाथ शिक्षा प्राप्त गर्न भनेर जम्मा भएका अनेकौं विद्यार्थीहरूले भरिएको त्यस तल्लोतल्लाको कोठामा एकाएक शान्तिको वातावरण रह्यो। तीं छात्रहरू एकाग्रता साथ लेखिबढिरहेका हुन्थे र आपसमा केही कुरा गर्नुपर्दा पनि इशारा गरेर वा सानो स्वरमा आफ्ना भाव प्रकट गर्दथे। देवकोटाले पढाइरहेका बेला ध्यान दिएर सुन्दथे र यहाँप्रति भिरैदेखि आदर सम्मान गर्दथे। देवकोटा पनि उनीहरूलाई निकै माया गर्नुहुन्थ्यो। कहिले रिसाउनु हुन्थ्यो। र, धैर्यपूर्वक एकएक गरी उनका सबै सवालहरूको जवाफ दिनुहुन्थ्यो। त्यस्तो देख्दा मलाई अधिअघि, परालका छाप्तामुनि वा रुखका छहारीमा आफ्ना शिष्यहरूका बीच बसेर मधुरस्वरमा शिक्षा प्रदान गर्ने गुरुकुल र आश्रमका हाक्ने ऋषि महर्षि अथवा प्राचीन पुनालका ग्राइभेट एकेडमीहरूमा छात्रहरू जम्मा पारेर दर्शन, साहित्य, गणित आदिबारे प्रवचन दिने चिन्तक मनीषीहरूका बीच आफू पुगकोजस्तो लाग्दथ्यो।

त्यसैगरी मलाई कैयन्पटक काठमाडौंका कवि सम्मेलनहरूमा कविता पाठ गरिरहेका देवकोटालाई नजिकै बसेर देख्ने-सुन्ने मौका मिलेको छ। त्यहाँ महाकवि पनि आउने भनेपछि, निकै उत्सुक इच्छुक काव्यप्रेमीहरू अघिदेखि नै जम्मा हुन थाल्ने र यहाँले छाप्यपाठ गरिरहेका बखत सयौं श्रोताहरू बसेको सभाकक्ष पनि एकाएक शान्त र सुव्यवस्थित हुन पुग्थ्यो। कविता पढ्दा वहाँ कहिलेकाहीं आवश्यता अनुसार हात उठाउने वा मन्दो घुमाउने पनि गर्नुहुन्थ्यो। वहाँको वाणीमा आफ्नै किसिमको मीठो गुञ्जन र प्रतिध्वनि पाइन्थ्यो। प्रति प्रत्येक पङ्क्ति वा शब्दमा पनि आफ्नै गहनता र गुढता लुकेको हुन्थ्यो। बिताबमा पढ्दा भै वहाँबाट सुन्दा पनि अधिकांश रचनाहरू सहजै बुझ्न सकिने रहस्यमय लाग्दथे। तर देवकोटाको मुखबाट कविता सुन्न सुखद् अवसर पाएका कारण, श्रोताहरू आफूलाई सौभाग्यशाली ठानेर खुशी र सन्तुष्ट हुँदै त्यहाँबाट फर्कन्थे। कहिलेकाहीं त देवकोटालाई मात्र हेर्ने र सुन्न आएका केही श्रोताहरू वहाँले कविता पढिसकासाथ सभाकक्षबाट बाहिर निस्कन थाल्दथे र कहिलेकाहीं स्वयम् देवकोटा नै कुनै जरुरी काम परेका कराण एकछिन बसेर हिंड्नुहुँदा, वहाँको अनुपस्थितिमा त्यहाँ रहेका अन्य कविहरू र श्रोतागण, दुवै नै केही खल्लोपना र शून्यताको अनुभव गर्दथे। त्यस्तो जादुगरी प्रभाव थियो महाकविको। मैले सुनेअनुसार त वठमाडौं आएर गएका समयमा पनि वहाँले प्रवचन दिने वा कविता पढ्ने खबर सुनेर मानिसहरू चोतिरबाट भेला हुन थाल्दथे र पछिसम्म पनि "महाकवि देवकोटा यहाँ आउनुभएको थियो" भनेर गौरवसाथ अरूलाई सुनाउने गर्थे।

वर्षौंअघिको कुरा हो, नेपालको एक सुप्रसिद्ध सहर बीरगञ्जमा, त्यहाँको हाइस्कूलको सभाहलमा बृहद् कवि सम्मेलनको आयोजना गरिएको थियो र म पनि एक श्रोताका रूपमा त्यहाँ पुग्न भएको थिएँ। निकै सङ्ख्यामा नेपाल र सीमापारिको भारतको बिहार राज्यबाट समेत त्यहाँ नयाँ पुराना कविहरू आमन्त्रित भएर आएका रहेछन्। देवकोटा पनि आमन्त्रितहरूमा हुनुहुन्छ भन्ने प्रचार गरिएको थियो। त्यो सभाकक्ष पूरै भरिएको देखिन्थ्यो र कविता सुन्ने प्रतीक्षामा सबैजना व्यग्रतासाथ बसिरहेका थिए। त्यसैबीच अचानक त देवकोटा आइपुग्न भयो, देवकोटा हवलीमा पुग्नुभयो भनेर हल्ला हुनथाल्यो र सबैको दृष्टि मञ्चतर्फ मोडियो। उनीहरूले माथि मञ्चमा प्रवेश गरिरहेका, लामो कपाल र दाढी भएका ऋषिमुनीजस्ता एकजना मोटाघाटा व्यक्तिलाई नै देवकोटा ठानेर पगली बजाउन थाले। तर पछि थाहा भयो त्यो व्यक्ति त नेपाल भाषाका अर्का कुशल कवि चित्रधर 'हृदय' पो रहेछन्। मलाई त्यसबेला थाहा भयो-देवकोटाको छवि कुनै सिनेमाको हीरो वा राजनेताको भन्दा कम आकर्षक वा कमनीयप्रिय रहेनछ।

देश बाहिर रहेका बेला पनि विदेशी साहित्यकारहरूसित आधुनिक नेपाली साहित्यका

लक्ष्मीप्रसादको सम्झना

✍ श्यामप्रसाद

लक्ष्मीप्रसाद देवकोटालाई मैले देख्न थालेको २००२-२००३ सालतिर हो। त्यस बेला उहाँ नेपाली भाषा प्रकाशिनी समितिका जागिरदार लेखक हुनुहुन्थ्यो। म त्यहाँ आफ्ना पुस्तिकाहरू स्वीकृत गराउन बेला-बेलामा जाने गरेको थिएँ। तर, उहाँसँग मेरो चिनजान भने २००५-०६ तिर मात्र भएको हुनुपर्छ। उहाँसित परिचय गराउन भनी सम्भवतः श्यामदास वैष्णवले मैतीदेवी टोलमा रहेको महाकविको घरमा मलाई लिएर जानुभएको थियो। त्यसबेलादेखि नै म उहाँसँग भन्याम्मिन थालें। उहाँले पनि सप्रति निकै स्नेह-सद्भावनापूर्ण व्यवहार गर्ने गर्नुभयो। तिनताका उहाँकहाँ जाँदा म प्रायः एक बट्टा फुलमार चुरोट कोसेली लिएर जाने गर्थें।

चाखीलिनबाट २००८ तिर फणीन्द्रराज खेताला र रमेश विकल आदि साथीहरू समेत भएर 'सन्देश' नाउँको हस्तलिखित मासिक पत्रिका निकाल्ने गरिएको थियो। यसलाई निकै राम्रो भनी देवकोटाले पटक-पटक तारिफ गर्नुभएको हो। साथीहरूले मलाई नै पत्रिकाको सम्पादक बनाउनुभएको थियो। त्यसो हुँदा देवकोटाकहाँ जाँदा मैले 'सन्देश' को निमित्त उहाँका रचना पनि माग्ने गरेको थिएँ। 'सन्देश' को एउटा अङ्कमा मेरो 'यो बङ्गुरी जनसङ्ख्या' भन्ने लेख प्रकाशित भयो। त्यसको शीर्षक पढ्नेबित्तिकै उहाँले भन्नुभयो-"मालथसको सिद्धान्त प्रचार गर्न खोजुभएको जस्तो छ नि!" (हिंडीबाट प्रकाशित हुने 'दीपशिखा' साहित्यिक त्रैमासिकले मसँगको भेटघाटामा 'जीवनको कुनै अविस्मरणीय घटना बताइदिनुहुन्छ कि?' भन्ने प्रश्न पनि गरेको थियो। त्यसको उत्तरमा मैले 'सन्देश' को कला-अङ्कको निमित्त रचना मागन लक्ष्मीप्रसादकहाँ गएको बेलाको एउटा चाखलाग्दो घटना बताएको थिएँ। त्यो कुरा २०५३ मा प्रकाशित पहिलो अङ्कमा नै परेको छ।) देवकोटा आफ्ना रचनाहरू मलाई सुनाएर मेरो राय सोध्ने पनि गर्नुहुन्थ्यो।

महाकविका जेठा छोरा प्रकाशको सप्तिको व्यवहार पनि आत्मीयतापूर्ण थियो। उहाँ पनि कविताहरू रच्ने गर्नुहुन्थ्यो। म गएका बेलामा आफ्ना रचनाहरू सुनाउने गर्नुभएको थियो। मलाई 'श्यामदाइ' भन्नुहुन्थ्यो। उहाँको एउटा कविताको आरम्भ यसरी भएको थियो-

रोयो बालक बीच सडकमा
दिन्न नजर किन हे दुनियाँ?

यो कविता 'सन्देश' मा प्रकाशित पनि भएको हो। तर प्यारो भाइ प्रकाश कलिले उमेरमा बित्नुभयो।

म कारागारमा परेको अवधिमा होस् अथवा काठमाडौंदेखि बाहिर बसेका समयमा होस् देवकोटाले मलाई बेला-बेलामा सम्झने गर्नुभएको थियो। म पनि उहाँलाई बराबर सम्झिरहन्थें। मेरा डायरीका अनेक पानाहरूमा पनि उहाँको विषयमा उल्लेख परेका छन्। दैनिकीका ती अंशहरू 'मलाई बेला-बेलामा सम्झने गर्नुभएको' शीर्षकबाट २०४९ मा कलैया (बारा) को देवकोटा

स्मृति सभाले प्रकाशित गरेको स्मारिकामा सङ्कलित छन् ।

२००७ फागुनमा नेपाल नाटक सङ्घको उद्घाटन भयो । सो समारोहबारे देवकोटाले तयार पार्नुभएको विवरण चैतमा 'भारती' मासिकमा प्रकाशित भएको छ । त्यस लेखमा मेरो विषयमा पनि उल्लेख परेको छ । कान्तिमोहितिरको कुनै पत्रिकामा प्रकाशित देवकोटासम्बन्धी लेखमा "कसै-कसैले पितनाई पागल पनि भन्छन्" भनेर लेखिएको रोछ । मैले त्यो लेख देवकोटालाई देखाएँ । उहाँले पढ्नेबेलामा उक्त अंश आइपुगेपछि अभिनय गर्दै मसँग सोध्नुभयो-"भन्नोस् त श्यामजी, मेरो हात पागल ? कि गोडा पागल ? के पागल ?" मैले भनें-"यस लेखका लेखकले तपाईलाई पागल ठानेका हैनन् । कसैकसैले तपाईलाई त्यसो मन्छ भनेर लेखेको प्रतै छ नि ! कसैकसैले त कसलाई पो भन्न बाकी रोखका छन् र ? तपाईलाई मात्र हो र ?" अनि उहाँ उत्तेजित हुन नखोजी साम्य भएर अलि अलि हाँस्नुभयो र पत्रिकाका अरू सामग्रीहरू पनि पढ्न थाल्नुभयो ।

२००८ मा वीरगञ्जबाट 'सेवा' मासिक प्रकाशित गर्दा मैले देवकोटाका कविताहरू पनि पार्ने गरेको थिएँ । २००९ मा वीरगञ्जमा नेपाल राष्ट्रिय विद्यापीठको तर्फबाट साहित्य सम्मेलनको आयोजना गरिएको थियो । सो समारोहमा लक्ष्मीप्रसादका साथै चित्तधर हृदय र श्रमरत्न थमी आदि अरू साहित्यकारले पनि प्रवचन दिनुभएको थियो । देवकोटाले आफू थोरै थालेपछि भतिर फर्केर अलिअलि हाँस्दै सबैको अगाडि "हामी राम्री होस गरेर बोल्नौं । श्यामजीले हामी गल्ती पेला पार्नुहोला है !" भन्नुभयो । उहाँ अरूको अगाडि समेत यसरी मेरो प्रशंसा नै गर्नेगर्नुहुन्थ्यो । एकपल्ट उहाँकहाँ भेट्न आउने आफन्तलाई मेरो परिचय दिँदै भन्नुभयो- "यहाँ सारै सूचनाहरू राख्न सक्ने इन्फर्मेटिभ व्यक्ति हुनुहुन्छ ।"

गौर (रौतहट) को शारदा पुस्तकालयले साहित्यिक समारोहको आयोजना गरेको थियो । त्यहाँ लक्ष्मीप्रसाद पनि पुगुभएको थियो । समारोहमा भेला भएका केही युवकहरूले 'परोपकार' पत्रिकामा प्रकाशित देवकोटाले एउटा कविताको अर्थ राम्रो बुझिएन भनी मसँग त्यसको अर्थ सोध्नुभयो । मैले भनें- "आज राम्रो मौका छ । कविजीसँग नै सोध्नुहोस् न !" साहित्यप्रेमी युवकहरूले महाकविसँग सोध्नुभयो । उहाँले "यस्तो होला" भन्नुभयो । यसले वास्तविक अर्थ यही हो भनी किटान भएन । मैले थाहा नपाएजस्तो गरी सबै कुरा सुनिरहेको थिएँ ।

समारोह सकिएपछि देवकोटालाई वीरगञ्ज लैजाने र त्यहाँबाट काठमाडौं पठाउने जिम्मा आयोजकहरूले मलाई दिनुभयो । पूर्व-पश्चिम राजमार्ग चालू नहुँदाकोले थिएन । भारतको बाटो गरी रेलमा चढेर आउनु-जानु गर्नुपर्थ्यो । महाकवि र म सँगै लागौं । बाटामा मैले उहाँसँग भनें-"हिजो तपाईले आफ्नै कविताको अर्थ प्रस्टसँग बताउन सक्नुभएन । रचनाहरू पहिले राम्रो नजोडी प्रकाशनार्थ दिनें बानी सही हो त ? हुन त दोहोऱ्याई-तेहऱ्याई हेर्दा समय बढी खर्च हुन्छ । तपाईजस्ता आशुकविले त्यति समयमा अरू रचना तयार पार्न पनि सक्नुहुन्छ । राहुल सांकृत्यायनजस्ता आफ्ना रचना दोहोऱ्याएर नहेर्ने लेखकहरू अरू मुलुकमा पनि नभएका होइनन् । तर, हामीले कस्तो बानी लिनुपर्ला ?" उहाँले भन्नुभयो-"तपाईको औंल्याउनुभएको कुरा चित्त बुझ्यो । अबदेखि आफ्ना रचना जाँचेर र त्रुटि देखिएमा सच्याएर मात्र अलग्याई दिने गर्छु ।" यसपछि देवकोटा वीरगञ्जमा पुगेको भोलिपल्ट बिहान कसैको जिम्मा लगाएर नेपाली रेलमा पठाई उहाँलाई काठमाडौं पठाएको थिएँ ।

२०१६ मा नेपाल-रुस मैत्री सङ्घबाट लेनिन-जयन्ती समारोह गरिएको थियो । सभा सकिएपछि

गाईको घरमा बहाँले नेत्रेको मुनामदनको एकपति रहेको, मेरा पिताजाई त्यो असाध्यै मन परेको र मेरी आमा र हजुरआमालाई बहाँले त्यो पुस्तक कहिलेकाहीँ पढेर सुनाउँदा बहाँहरू खूबै भावमग्न हुनुपुगको घटना बताएको थिएँ । पहिलो भेटमै मजस्तो सामान्य केटाप्रति देखाइएको आत्यन्त स्नेहानु त्यवहारबाट म गद्गद् भएको थिएँ र त्यसी कालको प्रतीक्षापछि मेरो इच्छा साकार भएकोमा हर्षितहुँदै आफ्नो काव्यधारामा म निरन्तर अगाडि बढिरहन सकूँ भनेर बहाँको आशीर्वाद माँगेको थिएँ । त्यस दिन, केही वरसम्म त्यहाँ कुनै साहित्यिक संस्थाको गठन र अन्य सम्बन्धित समस्याहरूबारे घिमिरे र देवकोटामाझ गम्भीर छलफल पनि भएको थियो । घिमिरे नी समस्याहरूको समाधानका लागि देवकोटाको सल्लाह र सहयोग माँगिरहनुभएको देखिन्थ्यो भने देवकोटा केही विषयहरूबारे अझै स्पष्ट हुन खोजेँ बीचबीचमा गम्भीरताभूर्वक प्रतिप्रश्नहरू पनि गर्दै सम्भावित परिणामहरूतर्फ औंल्याइरहनुभएको थियो । मलाई बहाँहरू बीचको छलफल बुझ्न गाह्रो भए पनि मैले त्यहाँ नेपाली साहित्यका ती दुई व्यक्तित्वहरू बीचको सम्बन्ध हामी साहित्यका केही विवादास्पद पक्ष र ती बारे बहाँहरूका मान्यता र दृष्टिकोणहरू देख्ने सुन्ने सुअवसर पाएको थिएँ । यसबाट मलाई के लाग्यो भने घिमिरे आफ्ना कुराहरूमा बढी व्यावहारिक र यथार्थवादी हुनुहुन्थ्यो भने देवकोटा बढी आदर्शवादी र सैद्धान्तिक ।

त्यसपछि त काठमाडौं आएका बखत म आफैं पनि बहाँको घर जान थालें । त्यस्तै एक अवसरमा मैले सङ्कोचसाथ आफ्नो प्रकाशोन्मुख कवितासङ्ग्रहमा दुई शब्द लेखिदिन मिल्छ कि भनेर अनुरोध गर्दा, बहाँले त्यसलाई सहजतासाथ स्वीकार गर्दै त्यो हस्तलिखित पुस्तिका त्यहीँ छाडेर जाने र एकसप्ताहपछि आएर लैजाने जवाफ दिनुभएको थियो । भनेकै निर्धारित समयभित्रै बहाँले त्यो पढिसकेर केही शब्दहरू लेखिदिनुभएको रोछ्ग । मैले त्यसका लागि अरूहरूकाहाँ झैं बारम्बार धाइरहनु परेन । तर दुर्भाग्यवश, अर्थाभावले गर्दा त्यो पुस्तक छाप्न सकिएन । बहाँको हस्ताक्षरमा रहेका ती प्रेरणादायी अभिव्यक्तिहरू मसित सुरक्षित रहिरहेका छन् । अत्यन्त व्यस्तताका बावजुद फुर्सद निकेर अनि आफूले एकपल्ट दिएको वचन नबिसेर नबोलिएका शब्दहरूका छतिहरू गाडिँदैने र त्यसमा उत्साहवर्धक टिप्पणीहरू पनि जोडिँदै बहाँको त्यो सद्गुण अरूका लागि पनि अनुकरणीय भएको छ । यहाँनिर श्री देवकोटाको त्यस्तो उदारता र सहृदयताका साथ हिजोआज नयाँ पुस्तकलाई आलाकाँचा ठानेर बेवास्ता गर्दै फुर्सद नभएको निहुँमा पन्छाइदिने तर ठूलाबडा कहलिएकाहरूका कृतिमा भने भूमिका वा दुई/चार शब्द लेख्न पाउनका लागि सधैं उत्सुक रहने वा त्यसबाट आफू पनि ठूलाबडामा गनिएको ठान्ने हाम्रा केही दिग्गज समालोचक, प्राध्यापक वा वरिष्ठ साहित्यकारहरूको खोको पाखण्ड र अहङ्कार कति हास्यास्पद लाग्दछ !

म बहाँकाहाँ पुग्दा कहिले देवकोटा ट्युसन पढ्न आएका विद्यार्थीहरूबाट घेरिएर तिनका अङ्ग्रेजी, गणित र नेपाली आदि विषयहरूका कापी जाँचिरहनुभएको देख्थें भने कहिलेकाहीँ वहाँ उनीहरूले सोधेका प्रश्नहरूको जवाफ दिन वा कुनै पाठांशको अर्थ खुलाउन भनेर अनेकौं दृष्टान्तहरूसहित मन्द मसिनोस्वरमा सम्काइ-बुझाइरहेको पाउँथें । एकदिन मिहानै त्यहाँ पुग्दा महाँ हार्मोनियम बजाएर उच्चस्वरमा केही संस्कृतका श्लोक र भजनहरू गाइरहनुभएको थियो । अर्को दिन बहाँ तल भुइँमा लम्पसार परेर दुवै आँखा चिम्मी आराम गरिरहेको दृश्य देखें । गएको राती राम्री निद्रा परेनजस्तो लाग्यो । जहिले पनि जाँदा कोठामा चारैतिर किताब, कापी, पत्रपत्रिका छरिएका हुन्थे । त्यहाँ औंल्याइएका चकटी, राडी र गलैंचाहरू पनि धोया र पुराना भइसकेका थिए । विद्यार्थीहरू पाठ थोक्न वा गणितका सवालहरू मिलाउन लागेको मौका छोपी बहाँ कागजका टुक्रामा केही लेखिरहनुहुन्थ्यो । यत्रतत्र मसीका दाग र चुरोटका ठुटाहरू, प्लास्टर उक्लेका भित्ता, पुरानो घरको सँगुरो कोठा । छाएसे पत्याउला त्यो एक

हजुरआमाका 'देउकोटा कवि' र मैले चिनेका महाकवि

✍ गोविन्द भट्ट

महाकवि लक्ष्मीप्रसाद देवकोटाको नाउँ र चर्चा प्रायः आठ/नौ वर्षको हुँदा सर्वप्रथम आफ्नै घरमा अजुरआमाको मुखबाट सुनेको हुँ। वहाँका अनुसार शाण्डिल्यको जीवनपुरतिरका गौतमहरूसित हाम्रो नजिकैको साइनो सम्बन्ध थियो। पछि बनारसमा पढ्न बस्दा त्यहाँ काशीवास गरिरहनुभएका पण्डित कुलचन्द्र गौतमले म विद्यामा नेपाल फर्कनलाग्दा हजुरआमाका लागि मेरा हात धोती, पछ्यौरा आदि पठाउने गर्नुभएको सम्झन्छु। काठमाडौंबासी देवकोटा परिवार र धाडिङबासी गौतम परिवारका बीचको पारिवारिक सम्बन्धका क्रममा कताकता हाम्रो मइ परिवार पनि यसरी एकापसमा गाँसिनपुगेको रहेछ। त्यसै सन्दर्भमा हजुरआमाले पनि काठमाडौंमा चाडबाडताका हुने पारिवारिक भेटघाट र जमघटहरूताका लक्ष्मीप्रसाद देवकोटालाई देख्नुभएको र "उसी दिनभरी सिलोक लेखिरहन्छन् र सिलोकमै कुरा पनि गर्न सक्छन्" भन्ने खालका चर्चाहरू सुन्नुभएको थियो। वहाँ क, ख, ग सम्म चिन्नानसक्ने पहाडकी अशिक्षित महिला भए पनि अघि अघिका ती घटना र चर्चा त्यहाँ सम्कदै हामीलाई सुनाउनुहुन्थ्यो- अस्सी बलियो जिउडाल ठूलो निधार र घुम्बिएका कपाल, बिनम्र, गम्भीर र शान्त स्वभाव देवकोटा कवि त्यस्ता थिए। मानिसहरू कुरा गर्थे-देवकोटा एकान्तमा बसेर साँचि कि पढिरहन्छन् कि लेखिरहन्छन्, देवकोटा कवीको जिभ्रोमा सरस्वतीको बास छ रे! आदिआदि। यसरी मधेशको पौटा सुदूर गाउँमा भर्खर स्कूल जाने उमेरमै मैले सुनेको र जाने बुझेका देवकोटा अरू मानिसहरू भन्दा अलिक बेग्लै खालका लाग्थे। अनि उनलाई आफ्नै आँखाले हेर्ने इच्छा पनि मनमा जाग्ने गर्थ्यो।

त्यसको निकै वर्षपछि एसएलसी पास गरेर जागिर खोज्ने क्रममा म काठमाडौं आएँ। स्कुलमा पढ्दादेखि नै आफूले फाटफुट लेख्दै गरेका केही कविताहरूको पौटा सङ्ग्रह पनि त्यसबेला मेरो झोलामा रहेको थियो। एकदिन, काठमाडौं बसेर अध्ययन गरिरहेका एकजना परिचित गाउँले मित्रले विद्याका दिन मलाई कवि माधव घिमिरेकहाँ लगिदिएका र एक नवोदित कविका रूपमा त्यहाँ मेरो परिचय गराइदिएका थिए। पहिलो भेटमै श्री घिमिरेले अत्यन्त हार्दिकतापूर्वक मेरो स्वागत गर्दै खुसीसाथ मेरो त्यो अप्रकाशित सङ्ग्रह पन्छाएर हेर्दै अनि "लेख्दै जानुहोस्, तपाईंमा कवि-प्रतिभा रहेछ" भन्दै मलाई निकै उत्साहित पार्नुभएको थियो। त्यसपछि वहाँबाट "कुनै दिन फुर्सद मिलाएर म तपाईंलाई लेखनाथ, देवकोटा, बालकृष्ण सम र सिद्धिचरणसित पनि भेट गराइदिन्छु" भन्ने आश्वासन पाएर म आफ्नो डेरामा फर्केको थिएँ।

त्यसको एकसातापछि नै साँझी नै कवि घिमिरेले मलाई आफैंले छोऱ्याएर एक-एक गरी ती नेपाली साहित्यका सबै महारथिहरूसित भेट गराइदिनुभएको थियो। सौभाग्यवश त्यस्तो भेटघाटको पहिलो कार्यक्रम महाकवि देवकोटाकै घर कविकुञ्ज मैतीदेवीमा हुनपुगेको थियो।

त्यसदिन देवकोटाले मेरी घरपरिवार, शिक्षादीक्षा, रुचि-अभिरुचि आदिबारे निकै चासो लिएर केही प्रश्नहरू सोध्नुभयो र मैले पनि हाम्रो अलिअलि गरेर मानिसहरू बारेर निस्फल भाले। यसरी निस्फलहरूमा लक्ष्मीप्रसाद पनि हुनुहुन्थ्यो। एकछिन उहाँलाई एकटै देखेर मैले मौका छोपी उहाँको अवस्थाबारे सोधें। उहाँले भन्नुभयो-" अभेल असलको थाइले साँई भएको छु। दुइनेहरूले ठुँगिरहेकै छन।" उहाँ यसरी भलेंग मनको वह पीडाले हुनुहुन्थ्यो। अरू मानिसहरू पनि त्यहाँ आइपुग्न थाले। हामीले आफ्नो कुरा बन्द गऱ्यौं।

लक्ष्मीप्रसादको गलत मूल्याङ्कन गर्नेहरूको मैले धेरैपटक र सेलेर पनि आलोचना गरिआएको छु। यस्तो एउटा आलोचना 'जन-सङ्घर्षबाट लेखकहरूलाई पन्छाउन खोज्नु प्रतिक्रियावादी दाउ' शीर्षक मेरो लेखमा छ। त्यो २०२१ मा 'साहित्य' पत्रिकामा प्रकाशित भएको थियो। उक्त लेख २०२२ मा प्रकाशित मेरो 'साहित्यसम्बन्धी दुई-चार कुरा' भन्ने सङ्ग्रहमा पनि परेको छ। आफूले लेखेका देवकोटासम्बन्धी लेखहरूको सङ्कलन प्रकाशित गर्न पाए झैं होला भन्ने मलाई लागिरहेछ।

२०४६ मा त्रिभुवन विश्वविद्यालयको अङ्ग्रेजी विभागका प्रमुख अनि सुवेदीले मेरो निबन्धको अरू नेपाली निबन्धकारहरूसँग तुलना गरेर लेख्दा देवकोटाका निबन्धहरूसँग पनि जोड्नुभएको थियो।

चुरोटको हानी थाहा भएपछि महाकविलाई अघिअघि आफूले त्यस्तो कुरा खेसेली लगिदिने गरेकोमा भने मलाई सारै दुःख लाग्यो। तर, अब मैले निकै समयदेखि धूमपानविरोधी विचार फिजाउनैगरेको छु। हामीले जसैलाई पनि यस्ता हानिकारक कुराले स्वागत गर्ने गर्नुहुन्न। यस्ता चीज उपहार पनि दिने गर्नुहुन्न।

महाकविको विषयमा सम्मरण लेख्न मन लागेको धेरै वर्ष भित्रा पनि मैले आजसम्म लेख सकेको छैन। अहिले जे-जति कुरा सम्झन सकें तिनको मात्र उनेर उहाँप्रति श्रद्धाञ्जलीस्वरूप प्रस्तुत गरेको छु।

अन्तमा मेरो दैनिकीबाट

लक्ष्मीप्रसाद देवकोटाकहाँ गएँ। 'सन्देश' हस्तलिखित पत्रिकाको तारिफ गर्नुभयो। आफ्ना रचनाहरू सुनाउनुभयो र 'सन्देश' मा प्रकाशनार्थ दिनुभयो। मलाई बेला-बेलामा सम्झने गर्नुभएको रहेछ।

२००७ पुस-माघ

लक्ष्मीप्रसाद देवकोटाको 'सुलोचना' महाकाव्य पढें। क्लिष्ट भाषा। विषयवस्तुको दृष्टिबाट पनि प्रगतिशील होइन। हुन त आफूसुसी बिहे गर्न नपाइने बन्धनको दुष्परिणाम देखाइएकोछ, तैपनि नीतिकताबाट आत्मपट्टि पलायन।

२०११ माघ १९, बीरगन्ज

लक्ष्मीप्रसाद देवकोटाकहाँ भेट गर्न गएको थिएँ। हाबापानी पोर्न सँखुतिर जानुभएकोले भेट हुन पाएन। उहाँले पारिश्रमिक भत्ता एकेडेमीले रोकेकोमा आलोचना गरेर 'नयाँ समाज' दैनिकमा सम्पादकीय लेखें।

२०१६ जेठ-असार

लक्ष्मीप्रसाद देवकोटा मोचुन्जेल वास्ता नगरिएकोले उहाँको देहान्तपछि देखाइएको श्रद्धाले हाम्रो हृदय तान्न सकेन।

२०१६ असोज-कार्तिक

❖❖❖

नेपाल हाम्रो सभ्यता हाम्रो संस्कृति पवित्र,
लुकेको स्वर्ग समुन्नत जाति यस्मा छन् विचित्र।
(मुनामदन)

खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ?
आफू मिटाइ अरूलाई दिनु जहाँ छ।
(मार्स)

देवकोटाको राजनीतिक भकुण्डो

✍ भवानी घिमिरे

मैले देवकोटालाई पहिलो पटक कहाँ भेटें, कस्तो अवस्था वा कुनचाहिँ कार्यक्रममा भेटें सम्झना छैन। तर बनारसमा उहाँसँग राम्रै बसाउठी भयो, त्यो मैले भुल्न सक्ने कुरा होइन। उहाँले युगवाणीको सम्पादन गर्दा मेरो उहाँसँगको सङ्गत अझ प्रगाढ भयो। त्यसअघि साहित्यमा त्यति चासो नभएको ममाथि देवकोटाले साहित्यप्रेम जगाइदिनुभएको थियो र म भित्रबाट साहित्यिक उर्जा मौलाउने मौका पाएको थियो।

म त्यसबेला बनारसमा पढ्दै थिएँ। स्कूलतहमा पढ्दादेखि नै देवकोटाको प्रेरणाबाट मैले कथा, कविता, निबन्धहरू लेख्न थालें। मेरो निबन्ध सर्वप्रथम युगवाणीमा २००८ सालमा छापियो। हिन्दीभाषामा लेखिएको एउटा कथामा त म पुरस्कृत पनि भएँ।

नेपालमा राजनीतिक परिवर्तन भएपछि देवकोटा नेपाल फर्कनुभयो। म अध्ययनकै क्रममा बनारसमै बसें। लामो समयसम्म मेरो देवकोटासँग भेटघाट भएन।

बनारसमा बस्दा सुरुमा मेरो बि.पी. कोइरालासँग सम्पर्क भएको थियो। मेरो पढाइ पनि उहाँ पढेकै कलेजमा भएको थियो। म बि.पी.को व्यक्तित्व र राजनीतिक विचारबाट प्रभावित भएको थिएँ। तर पछि पुष्पलाल र मनमोहन अधिकारीसँग घनिष्टता बढ्दै गएपछि मेरो विचारमा पनि परिवर्तन आयो। उनीहरूसँगको सङ्गत र राहुल साङ्कृत्यायनका त्यसतरकको प्रभाव एवम् श्यामप्रसादजस्ता साहित्यिक व्यक्तित्वहरूको प्रेरणाले पनि म वामविचार एवम् प्रगतिशील साहित्यतर्फ उन्मुख भएँ।

२०१४ सालमा महाकवि देवकोटा शिक्षामन्त्री हुँदा पनि म बनारसमै थिएँ। काठमाडौं आएको बेला म मैतीदेवीस्थित उहाँको निवासमा बढाइ दिन पुगें। सुरुका दिनहरूमा उहाँ त्यही पुरानी निवासमा झण्डा फरफराएर बस्नुभएको थियो।

म आएको खबर भित्र जानेबित्तिकै उहाँले तुरुन्त मलाई बोलाउनुभयो। भन्नुभयो- ए! भान्जाबाबु पो आउनुभएछ, न बस्नुस्।'

उहाँ र म बीच सिधै मामा-भान्जाको नातासम्बन्ध त थिएन तर गोपालप्रसाद भट्टराई र कृष्णप्रसाद भट्टराईले भन्जा भनेको सुनेर उहाँले पनि मलाई 'भान्जा' भन्नुहुन्थ्यो।

मेरो नेपालको शिक्षामन्त्री हुनुभएकोमा 'बधाई' भनेपछि उहाँले मुसुक्क हाँसेर भन्नुभयो- हो अहिले राजनीतिको भकुण्डो खेल्न थालेकी छु। जति खेल्न सकिन्छ खेलौं। खेल्दाखेल्दै भाकुण्डो फुट्न पनि सक्छ, म घायल पनि सक्छु। त्यसपछि लामो समयदेखि रोकिएको साहित्य सिर्जनाको यात्रा फेरि थाल्नी गरौंला।

(भवानी घिमिरेलाई मैले देवकोटाको बारेमा आफ्नो संस्मरण लेखिदिन आग्रह गरेको थिएँ र उहाँले लेख्ने वचन पनि दिनुभएको थियो। दिवङ्गत हुँदाके दिन दिउँसो फोनमा कुराकानी हुँदा उहाँले भन्नुभएको थियो 'म लेख्छु, टुङ्ग्याउन बाँकी छ। तर राति ११ बजे (२०६६ भाद्र ४) उहाँको निधन भयो। उहाँको क्रियाकिया पश्चात् मैले घर परिवारसँग त्यस लेखको अवस्था बारे बुझ्ने प्रयास गरें, तर पत्तो लागेन। उहाँले जुन विषयमा लेख्छु भन्नुभएको थियो, त्यसको संक्षिप्त प्रसङ्ग त्यसबीच नै सुनाउनुभएको थियो। सोही प्रसङ्गको सारसंक्षेप हो यो।)

(वार्तामा आधारित -सम्पादक)

कोही भन्छन् - देवकोटा रोमान्टिक कवि हुन्। कोही भन्छन् - देवकोटा मूर्तिविरोधी कवि हुन्। कोही भन्छन् -देवकोटा प्रगतिवादी, प्रकृतिवादी कवि हुन्। म भन्छु - देवकोटा ईश्वरवादी, अध्यात्मवादी, आत्मवादी र ब्रह्मवादी कवि हुन्।

सङ्गमी निबन्धसङ्ग्रहको पहिलो निबन्ध 'श्रीगणेशाय नमः' को पहिलो वाक्यमा निबन्धकार देवकोटा भन्दछन् - 'आरम्भ गर्दा अन्त्यको बारेमा बारा रहनु स्वाभाविक भएको हुनाले हामी हिन्दूहरू गणेशजीको शुभनाममा हृदयलाई आधार दिन्छौं।'

देवकोटा परम्परावादी पनि हुन्। यो कुनै दूषण होइन भूषणै हो। सबै परम्परा सराप्ता र मिलाइहालुपर्ने हुँदैनन्, कतै सुधारको आवश्यकता पर्ला त्यो बेग्लै कुरा हो। आधुनिक सबै राम्रा पनि त हुँदैनन् नि! त्यसकारण देवकोटा समन्वयवादी चिन्तक हुन्। परम्पराका आधारमा नवीनताको सिर्जना गर्न उनी रुचाउँछन्। -

'मीठो लाग्छ मलाई ता प्रियकथा प्राचीन संसारको'

देवकोटा प्राचीन परम्परामा रमाउँछन्, यो स्वाभाविक पनि हो। हामी परम्पराकै आडमा वर्तमानमा आइपुगेका हौं। जतिसुकै आधुनिक, प्रगतिशील भने तापनि कसैले पनि परम्परा छोडेका छैनन् छोड्न हुन्न पनि। आजको वर्तमान र आधुनिक वा नवीन पनि भोलि इतिहास भूत हुन्छ, अनि प्राचीन पनि। अतः देवकोटाले प्राचीन संसार मन पराउन, उनलाई प्राचीन कथा मीठो लाग्न सम्भीचीन देखिन्छ।

'के नेपाल सानो छ?' निबन्ध एउटा ऐतिहासिक राष्ट्रवादी अमर मनिसिन्छ हो। यसका माध्यमबाट देवकोटाले आफ्नो निबन्धकारितामा असाधारण चिन्तन र राष्ट्रियताको चरम उत्कर्षको नमूना प्रस्तुत गरेका छन्। साथै आध्यात्मिक चिन्तनको पनि ज्वलन्त दृष्टान्त प्रस्तुत गरेका छन्। कोरा नीतिकथाबाटै मात्र राष्ट्रप्रतिको उच्च मूल्याङ्कन गर्न सकौंला। राष्ट्र भनेको माटो र माटाकै सीमाङ्कन मात्र होइन। यसभित्र भावनात्मक एकता छ, आध्यात्मिक उच्चता छ, धार्मिक सहिष्णुता छ। नैतिक चारित्रिक शुद्धता छ। यी सबै कुराको प्रेम, श्रद्धा र विश्वासको मूर्तरूप हो। जन्मभूमि नेपाल देवकोटाले आफ्नो निबन्धमा यी नै विचार, चिन्तन र भावना एवम् प्रेमलाई उजागर गरेका छन्। 'पाँचौटा थाहिने कुराहरू' मा उनी थाहिने कुराका क्रममा भन्दछन्-ईश्वर, आत्मा, स्वर्ग, नरक र धर्म।

यी पाँचै कुरा आध्यात्मिक विषयवस्तु हुन्, आध्यात्मिक व्यक्तिका सर्वस्व हुन्। वैदिक सनातन धर्मले देखाएको महान् लक्ष्य मोक्षप्राप्तिका लागि यी पाँचै कुरा नितान्त आवश्यक छन्।

ईश्वरको अस्तित्व र ईश्वरप्रतिको आस्थालाई झन् दृढ बनाउन देवकोटा भन्छन्-

१. "ईश्वरविना संसार नै शून्य छ। कारण नभई कार्य हुँदैन। हामी 'उनी छन् भो विश्वासमा जीवन धारण गर्दछौं।"
२. "जडबाट चैतन्य आउँदैन भने यो चैतन्यको मूलान कतौं हुनुपर्छ। त्यो विराट् चैतन्यलाई परब्रह्म भन्दछन् ....।"
३. "ईश्वरीय चेत नभई मानवमत प्रकृतिबिकास पाउन सक्तैन, गड्बडिन्छ।"
४. "परमेश्वरमा विश्वास नगरी कुनै आत्माले संसार छोड्न सक्तैन....।"

जसरी ईश्वरका विषयमा व्यापक दृष्टिकोण राख्नेर देवकोटा स्पष्टसँग आस्थावादी, आस्तिक एवम् आध्यात्मपरायण चिन्तनधारामा ऊर्ध्वमुखी भनेका छन्, त्यसरी नै आत्माको अमरता, व्यापकता र पूर्णतामा गीताको र उपनिषद्हरूको दर्शनलाई आत्मसात् गरेका देवकोटाको दृष्टिकोण स्पष्ट र फराकिलो रूपमा पाइएको छ।

त्यस्तै धर्म र स्वर्ग एवम् नरकका विषयमा पनि झन् वैदिक साहित्यले र शास्त्रले जे जसरी प्रकाश पारेका छन्, त्यसरी नै देवकोटाले पनि आफ्ना विचार प्रस्तुत गरेका हुनाले कवि एवम् निबन्धकार देवकोटा पूर्णतः अध्यात्मवादी अध्यात्मपरायण एवम् अध्यात्मनिष्ठ देखिन्छन्।

'आखिर श्रीकृष्ण रहेछ एक,
तर मक्ति भो ज्ञान, न भो विवेक।'

सरस्वतीका वरदपुत्र महाकवि देवकोटाको अध्यात्मनिष्ठाका लागि यसभन्दा उपन्तो अर्को दृष्टान्त चाहिएला र? चाहिँदैन। उनी अध्यात्मनिष्ठ मुक्तात्मा थिए।

शान्तिकुञ्ज, सप्तरीपुर-५

महाकवि देवकोटाको आध्यात्मिक निष्ठा

✍ प्रा. शिवगोपाल रिसाल

देवकोटा आस्तिक थिए, नास्तिक थिएनन् । आध्यात्मिक थिए, भौतिकमात्र थिएनन् । धर्ममा निष्ठावान् थिए, धर्मनिरपेक्ष थिएनन् । वैदिक सनातन थिए, जनास्थावादी थिएनन् । र, संक्षेपमा भन्नुपर्दा देवकोटा ईश्वरप्रति अनन्य श्रद्धा राख्ने, श्रीकृष्णजस्तै परमभक्त, आफ्नो धर्म, संस्कृति र परम्परामा विश्वास गर्ने अत्यन्त प्रतिभाशाली कवि थिए ।

भिन्न छ ईश्वर साहिर ओझा कोनी हिंड्छौ भुल पुर ?
ईश्वर बस्ताछ गहिराइमा सतह भटन्छौ किति दूर ?

कति गहिरो चिन्तन छ देवकोटाको ईश्वरका विषयमा ? वेदान्तका कुलाठूला ग्रन्थले भन्ने कुरा पनि यही नै हो - ईश्वर भिन्न छ, आफूभित्रै छ । भगवान् श्रीकृष्ण गीतामा भन्दछन्-

"ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया" । (गीता)

हे अर्जुन ! ईश्वर यन्त्रमा राखिएको कठपुतलीलाई झैंझाडीले घुमाएर्झैं शरीररूप यन्त्रमा बसेका सम्पूर्ण प्राणीलाई उनीहरूकै कर्मानुसार मायाद्वारा लोकलोकान्तरको भ्रमण गराउँदै प्राणीहरूकै हृदयदेशमा रहनुहुन्छ ।

ईश्वर आत्मामा नजिकै हुनुहुन्छ, आफ्नै हृदयभित्र हुनुहुन्छ । अनि ईश्वर र आफूमा पटकै भेद नभएमले ईश्वर त तपाईंमै हुनुहुन्छ, मभै हुनुहुन्छ । यो वेदान्तको निचोड कुरा हो ।

देवकोटाको दर्शन आस्तिक दर्शन हो, वेदान्त दर्शन हो । अध्यात्म दर्शन हो । देवकोटा आधुनिक भौतिक युगका रामै ज्ञाता थिए, भौतिक विज्ञानको राम्रो अध्ययन गरेका थिए । त्यति भए पनि आफ्नो अध्ययन दर्शनमा राम्रो निष्ठा थियो । 'पाँचकोटा चाहिने कुराहरू' निबन्धमा देवकोटाको अध्यात्म दर्शनप्रतिको ज्ञान, रुचि, निष्ठा, आदि छलङ्ग हुन्छ । त्यसो त 'मार्ग' 'यात्री' कविताका अतिरिक्त सुसोचना महाकाव्यमा पनि ईश्वरप्रतिको श्रद्धा, भक्ति व्यापक रूपमा प्रतिबिम्बित भएको पाइन्छ ।

आत्मा, ईश्वर यीटै हो नरै हो परमेश्वर ।
(सुसोचना महाकाव्य)

जीवात्मा र परमात्माको एकता प्रतिपादनमा सम्पूर्ण उपनिषदहरू साक्षिरहेका छन् । आद्य जगद्गुरु शङ्कराचार्यलगायत सम्पूर्ण वेदान्तीहरू, खासा पुस्तकहरू आफूलाई आत्मा, ईश्वर या ब्रह्मदेखि अभिन्न मानेर भन्दछन्, मान्नकै लागि जीवनभर प्रयत्नशील बनेका छन् । आद्य जगद्गुरु शङ्कराचार्य भन्दछन् ।

श्लोकार्द्धेन प्रवक्ष्यामि यदुक्तं ग्रन्थकोटिभिः
ब्रह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः ।

कोटिवटी ग्रन्थले बताएका कुराहरूको सार सर्वस्व म आधा श्लोकमा बताउँछु । त्यो के हो त भने- ब्रह्म सत्य हो, जगत् मिथ्या हो, जीव नै ब्रह्म हो । अकी तोइन । देवकोटाको दर्शन यही सिद्धान्त र दर्शनबाट पूर्णतः प्रभावित, प्रेरित र प्रतिष्ठित छ ।

चार वेदका चार महाकाव्यले जीव र जीवलाई शिवरूपमा प्रतिपादन गरेका छन् । उपदेशात्मक वाक्यले 'तत्त्वमसि' (त्यो ब्रह्म तिमी नै हो) भनेको छ भने अनुभवात्मक वाक्यले 'अहं ब्रह्मास्मि' (म नै ब्रह्म हुँ) भनेर आफूलाई ब्रह्म नै भनी स्वीकार गरेको छ । यसरी 'प्रज्ञान ब्रह्म' ले पनि आफूलाई ब्रह्म हुँ भनी निर्णय गरेका छन् । सम्पूर्ण वेदका सार यी महाकाव्यले जे कुराको प्रतिपादन गरेका छन, तिनलाई आत्मसात गरी, आत्मसात् गरी महाकवि देवकोटाले आत्मा ईश्वर हो र त्यो नै परमेश्वर हो भनेका हुन् ।

त्यर देवकोटालाई हेर्ने मानिसका आँखा फरक छन्- 'आत्मा ईश्वर यीटै हो नरै हो परमेश्वर ।' कोही भन्छन् - देवकोटा मानतावादी कवि हुन् । कोही भन्छन् - देवकोटा मार्क्सवादी कवि हुन् ।

महाकवि देवकोटा तानसेनमा

✍ विशारद

सरस्वतीका वरदपुत्र महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रथम पाल्पा आगमन आजभन्दा सत्ताउन्न वर्षअघि २००९ चैत ६ गतेका दिन भएको हो । नगर प्रवेशस्थल टुँडिखेलमा उहाँलाई देख्नासाथ स्वागतार्थ उपस्थित मेलासे प्रसन्नतापूर्वक करतल ध्वनिले स्वागत गऱ्यो । पं. माधवप्रसाद देवकोटाकसाथ उपस्थित साहित्यकारको समूहले महाकवि देवकोटालाई पुष्पगुच्छ अर्पण गऱ्यो । स्वागतस्थलमा शिक्षक, छात्र-छात्रा र गुवाबरुको जाकलो उपस्थिति थियो । स्वागत कार्यक्रमपछि महाकविलाई कविवर माधवप्रसाद देवकोटासहित साहित्यकारको समूहले नगर परिक्रमा गरी 'लावसैत-निवास' पुऱ्याएपछि, जहाँ उहाँको लागि आवासको व्यवस्था तय गरिएको रहेछ ।

कार्यक्रमको अर्को दिन, ध्वज-पुस्तकालय तानसेनले आफ्नै भवन सभाकक्षमा महाकविलाई स्वागत सत्कार गरेर पुस्तकालयको बारेमा यसको इतिहास, वर्तमानस्थितिको जानकारी गराइयो । आफ्नै भवन, विविध भाषा विधामा दशौं हजार सङ्ख्याका पुस्ताकहरू, पर्याप्त सङ्ख्यामा रहेका नेपाली, हिन्दी, अङ्ग्रेजीका दैनिक, साप्ताहिक, मासिक पत्रपत्रिकाहरू देखेर अनि अझै ऐतिहासिक पक्ष, वि.सं. १९८३ सालमा स्थापित 'पुस्तक पढ्ने दलान' नै यसको जन्म र वैशव भएको महत्वपूर्ण कुराको जानकारी पाएपछि महाकवि पुस्तकालयबाट निकै प्रभावित हुनुभयो ।

ध्वज पुस्तकालयको अवलोकन पश्चात् टकुमाइएको आगन्तुक पुस्तिकामा महाकविले आफ्नो सुललित शब्द हस्ताक्षरमा मन्तव्य लेख्नुभयो ।

महाकवि देवकोटाको पाल्पा भ्रमणको तेस्रो दिन चैत ८ गते, तानसेन टुँडिखेलमुनि अमरगल्लामा स्थापित पाल्पाको पहिलो हाइस्कूल, 'पशोदय पाल्पा पब्लिक हाइस्कूल' प्राङ्गणमा महाकविको प्रमुख अतिथ्यमा बृहत् कवि सम्मेलनको आयोजना सुसम्पन्न भयो । कवि सम्मेलनको अध्यक्षता पाल्पाली देवकोटा कविवर माधवप्रसाद देवकोटाले ग्रहण गर्नुभएको थियो । साहित्यानुरागी नवयुवा वर्गको ठूलो उपस्थिति हुनुपर्नको त्यो कवि सम्मेलनमा , अन्य कविहरूको नामसा उभिएर मैले पनि एक गद्य कविता वाचन गरें । वाचित कविताको शीर्षक थियो 'स्टालिन' । कविता के थियो भाव स्टालिनप्रतिको निष्ठा प्रकट प्रस्तुति थियो । वाम राजनीतिले गाजिएको ऊ वेलाको अस्सारे वयको त्यो प्रस्तुति नभै वाम शब्दावलीले मण्डित थियो । कविता वाचनमा कविताले महाकवि देवकोटाबाट 'राम्रो राम्रो !' को स्याबासी र ताली को हल्का ध्वनि प्राप्त भयो ।

उपस्थित कविहरूको कविता वाचन पूरा भएपछि सम्मेलनको अन्त्य अन्तर्तिर प्रमुख अतिथि महाकवि देवकोटाले नेपाली साहित्यको भूत तथा वर्तमानक्रमको सामो धाराप्रवाह विवेचना गर्नुभयो र त्यसपछि उठाइएका प्रश्नहरूको सन्तोषजनक उत्तर दिनुभयो । मूल आकर्षण रहेका कविका कविताहरू सुन्न आफूहरू व्यग्र भएको आवाज श्रोता मानकबाट उठेपछि तालीको बीच आफ्ना केही प्रसिद्ध कविताहरू सुनाएर श्रोताहरूलाई सन्तोष पान्नुभयो ।

कवि सम्मेलन समाप्तिको घोषणा गर्ने क्रममा सभापतिको आसनबाट कविवर माधवप्रसाद देवकोटाले आफ्नो छन्दबद्ध कविता पाठ गर्दै बीच बीचमा कवितामय भाषामा आफ्ना कुलबन्धु महाकवि देवकोटाको प्रशंसाको पुल बाँध्नुभयो । त्यस समय महाकवि निकै भावुक मुद्रामा देखिनुभयो भने कविवर माधवप्रसाद देवकोटा प्रसन्न हुनुभयो ।

कवि सम्मेलन पाल्पालीका लागि ऐतिहासिक, न भूतो न भविष्यति हुन पुग्यो । त्यसपछि दुर्भाग्य भनौं महाकविको दोस्रो पाल्पा यात्रा हामी पाल्पालीहरूलाई जुन सकेन ।

महाकविको पाल्पा-आगमन-भ्रमण कार्यक्रमको चौथो दिन विहान उहाँ काठमाडौं प्रस्थान गर्ने यात्रा पाएर विदाइ कार्यक्रममा सामेल हुन म लाकौलस-निवास पुगें । त्यहाँ साना ठूला सबै छविहरू, शिक्षक साहित्यप्रेमीहरू सबै उपस्थित भइसकेकाथे रहेछ । पाल्पाका नाटककार तथा संस्कृतिविद् अम्बिकाप्रसाद लाकौलले आफ्ना आवास-अतिथि देवकोटालाई तानसेनको ऐतिहासिक विशेषताको जानकारी गराइरहनुभएको थियो । हिजो नगरथी श्रीनगरको प्रभाती भ्रमणको सम्झना गर्दै महाकविले भन्नुभयो, 'श्रीनगर वनस्पतीको दृश्य मनमोहकता, त्यहाँबाट दृष्टिगोचर हुँदो हरेमाली जस्तो लाग्ने लामो प्रबल हिमशृङ्खलाबाट पाएको दृष्टि सुखद्वीप, फर्किंदा माथि उचाईबाट देखिने नगरको मुग्धकारी अवस्थितिबाट यति प्रसन्न भएँ, मैले कविन्दी तानसेनलाई बिरान सक्तिनँ, जब सबै तानसेन गइरहूँ भइरहन्छ ।' महाकविले यसरी श्रीनगरको दृश्य सौन्दर्यको वर्णन गर्नुभयो ।

म भने लाउबेला 'पुस्तक पढ्ने दलान' को सम्झनाले रोमान्चित भएँ । त्यहाँ केन्द्रीय पात्र रहनुभएका महाकवि देवकोटा भन्दा, अन्यथा नसोच्नियोस्, पुस्तकालय सन्दर्भले निगाल्दा अभिव्यक्तिपछाडि लाकौलले नै पो उचाइमा रहेको ठहर गर्न पुगें । जसले अधिराज्यभर छरी पनि सार्वजनिक पुस्तकालय खुल्न नसकेको त्यो अवस्था, श्री ३ चन्द्रशम्शेरकै शासनकाल वि.सं. १९८३ मा सार्वजनिक पुस्तकालयको मान्यता बोकेको 'पुस्तक पढ्ने दलान' (पुस्तकालय) तानसेनमा स्थापना गरे । स्थापनाको हिसाबले पछि खुलेका पुस्तकालयहरूका संस्थापकहरूमा पहिलो संस्थापक हुने गौरव प्राप्त गरे । यसको तीन वर्षपछि माव न हौं 'लाइब्रेरी धर्म' भएको । श्री ३ भीमशम्शेरको शासन काल १९८६ मा । जुन पर्वतपन्चमा पुस्तकालय खोल्न सहभागी हुन पुगेको भनेर महाकवि देवकोटा पकाउ परे ।

त्यो विदाइको भेला बैठकीमा तपाईंले किनो सुनाउनुभएको कविता राम्रो थियो, लेखनलाई निरन्तरता दिएँ जानुहोस् तर्जुमनुहोस् भन्दै सलाह प्रोत्साहित गर्नुभयो महाकविले । मैले आफ्ना शिरोपर भनें । मेरो अङ्ग्रेजी विद्यार्थीको जिज्ञासामा, त्यसतर्फ आफू प्राथमिक तहमै भएको बताउँदा भन्नुभयो 'लेखनलाई माझ्न, योग्यता अभ्यासको वृद्धि गर्ने आफ्नो भाषाको अतिरिक्त अङ्ग्रेजी होस् या अर्को कुनै एक समृद्ध भाषाको पनि रचनाकारले ज्ञान राख्नुपर्छ । केदारमान 'व्यथित' को नाम त तपाईंले सुन्नुभएकै होला, तिनले पनि अङ्ग्रेजी पढेका रहेनछन् हिन्दीमा भने पोख्त छन् त्यसमा राम्रो पकड राख्छन् । व्यथितजी नेपालीमा जस्तै हिन्दीमा पनि बढो सुन्दर कविता रचना गर्छन् । तो आजे कुला कविमा गणिएका छन् । एक अर्को भाषा सम्पादन तपाईं पनि हिन्दी भाषा-साहित्यको अध्ययनतिर लाग्नु राम्रो हुन्छ ।'

महाकविको अमूल्य सुझाव र निर्देशन पछि गएर मेरो गरुमन्त्र नै बनेदियो । ज्ञान-मन्दिर मानिने तानसेनको ग्रन्थ-पुस्तकालयमा २००८ सालदेखि नै संसर्ग छुटेभएं । पुस्तकालयको सामीप्य पाएर हिन्दीका पुस्तक, पत्र-पत्रिका पढ्ने बानी बसाल्दै थिएँ, पछिल्ला दिनहरूमा मेरो ध्यान हिन्दी भाषा-साहित्यका विविध विधाको अध्ययन तथा हिन्दी कविता लेखन अभ्यासतिर नै लाग्दै गयो । त्यसको प्रतिफल आज आएर कविता विधातर्फ हिन्दी रचना लेखनमा नाम प्रस्तुत गर्न समर्थ भएको छु ।

महाकविको यो पाल्पा आगमनआदि २००८ साल फागुनतिर उहालाई पहिली पटक काठमाडौं उहाँकै निवास मैतीदेवी पुगेर भेट गरिसकेको सम्झना दिलाउँछु । त्यसबेला फर्केर पहाडका लागि काठमाडौं शहरै आएका दुई साथी भाइसँग हिल्लीबजार डेराबाट मैतीदेवी 'कविकुञ्ज' पुग्दा, माथि कोठामा कविजीले हार्मोनियममा राग अलापिरहनुभएको थियो । मिलनको समय हुनाले राग भैरवी हो भन्ने लाग्यो । खाएर पुऱ्याइदिन खोजी गर्नेहरूपछि मूलढोका यसो थपथपाए । भित्रमै कविपत्नी देखिनुभयो । महाकविलाई भेटन आएको

तर यसै अवधिमा देवकोटामा २००४-२००६ सालको बीचको अवधिमा देखापरेको निरङ्कुशता विरुद्धको ज्वारभाटाभन्दा पनि झन ठूलो तर अत्यन्त सूक्ष्म र दूरगामी प्रभाव पार्ने एउटा क्रान्तिकारी रूपान्तरण समेत देखा पाऱ्यो । त्यो थो भनौं उनले २०१० सालमा युरोपको रुमानियाको राजधानी बुखारेष्टमा चौथो विश्वयुवा महोत्सवमा नेपाली प्रतिनिधि मण्डलको एक अत्यन्त आदरणीय गौरवशाली सदस्यको हैसियतले भाग लिने मौका पाए । अनि त्यहाँबाट उनले चेकोस्लोभाकियाको राजधानी प्राग, सोभियत संघ र चीनको समेत भ्रमण गर्ने मौका पाए । उनले पश्चिमा पूँजीवादी संसार र त्यो भन्दा फरक आदर्श र दृष्टिकोणका समतावादी कम्युनिस्ट राज्य व्यवस्था र त्यहाँका सर्वसाधारण जनताको जनजीवनको थोरै भए पनि तुलनात्मक प्रत्यक्ष अध्ययन गर्ने मौका पाए । यसले देवकोटाको मन, मस्तिष्क र हृदयमा ठूलो क्रान्ति उत्पन्न गरिदियो । अनि उनले नेपाल फर्केर ती कम्युनिस्ट मुलुकबारे जुन बयान सुनाए नेपालका सम्पूर्ण स्वदेशी, शोषित, पीडित जनता साँरै खुसी भए । तिनले पश्चिमपन्ट संसारका नव्रजात कम्युनिस्ट मुलुकहरूबारे 'अन्धो आँखाले देखेको बयान' सुन्न पाए ।

तर ती कम्युनिस्ट मुलुकको यो देवकोटेको बयान सुनेर नेपालका सत्ताधारी, अति सम्पन्न र जुगौंजुगदेखि सम्पूर्ण गरिब दुखीलाई दलेर आएका सामन्त, पूँजीपति र आफूलाई संसारकै ज्ञानको ठेक्का पाएको ठान्ने बुद्धिजीवीहरू भने अत्यन्त क्रुद्ध भए । उनलाई त्यो बयान ठ्याम्मै मन परेन । उनीहरू मनमनै अत्यन्त क्रुद्ध भए र देवकोटाको ज्ञानमाथि नै दागा धरेर बसे । तर कतिले त सहीनसक्नु भएर बोलेर र लेखेरै पनि देवकोटालाई सतिघ्नट र पथघ्नट भएको आरोप समेत लगाए ।

२०१५ सालमा फेरि देवकोटालाई सोभियत सङ्घको ताशकन्द सहरमा आफ्नो एशियाली लेखक सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नै गरी जाने सुअवसर प्राप्त भयो । त्यसबेला त उनको मानवतावादी, प्रगतिउन्मुख, आणविक युद्धविरोधी अत्यन्त ओजस्वी र गरिमामय सम्बोधनले सम्पूर्ण प्रतिनिधिहरूको ध्यान आकर्षित हुनपुग्यो । उनको कीर्ति मानौं एकैपल्ट विश्वव्यापी बन्यो र नेपालले कस्तो असाधारण प्रतिभाशाली एवं विद्वत्ताले भरिएको व्यक्तित्वलाई जन्माएको रहेछ भनी सम्पूर्ण प्रतिनिधिहरूले आश्चर्यचकित भएर नेपालको सगरमाथातिर दृष्टि दिन थाले ।

तर हाम्रो नेपालका बुद्धिफ्रक शासकहरू र कैयन् प्रकाण्ड विद्वानहरूलाई भने देवकोटाको त्यस्तो कम्युनिस्ट प्रशंसा पटक्कै मन परेन । उनले देवकोटालाई तत्कालीन रोयल नेपाल एकेडेमीको सदस्य भएर पनि विद्वा नै स्वीकृत नगराई ताशकन्दबाट मस्को पुगेको दोष देखाई उनको पार्कको तलब समेत र सोभियतसम्म रोक्ने दण्ड दिए । किरामी देवकोटा र उनको परिवारलाई भोकभोकै छट्पटाउन बाध्य हुनुपऱ्यो । तर देवकोटाको तपस्या मानौं अब अन्तिम परीक्षाको घडीमा आइपुगिसकेको थियो, उनलाई क्यान्सर रोगले समात्यो । तब उनलाई उपचारार्थ त्यसबेलाका संसारका कुनै पनि प्रसिद्ध अस्पतालसम्म लगिएन । त्यसबेला एकेडेमीका चान्सलर राजाहेलि नेपालको श्री ५ को सरकारका प्रधानमन्त्रीसमेतले पनि अग्रसरतासम्म लिएनन् । अनि त अन्तमा देवकोटाले अति सजिलोसित भन्न पाउन आफूलाई अन्तिम घडीमा हेर्न आउने श्रद्धालुजनसित 'विष' दिन हात थापे । त्यो त नेपाली जनता किन दिन्थे र । अनि मनै बेलामा देवकोटाले सबै नसकी भने 'नेपालको प्रजातन्त्र नमरोस् र नेपालका गरिब जनताको सधैं कल्याण होस् ।'

हो महाकवि देवकोटाले आफ्नो जीवनमा एक स्वतन्त्र र सार्वभौम चिन्तक एवं साहित्य महारथीको हैसियतले जुनजुन बेला जे जे ठीक लाग्यो सो भन्दै र लेख्दै गए । त्यसैले उनको चिन्तनमा अनेक उतार चढाव र आपसी ठोक्काठाक्की पनि पाइन्छन् । तर उनले नेपाल आमालाई, नेपालका महान् जनता र विशेषगरी ती भोका नाङ्गा गरिब जनताका पक्षमा सकेसम्म हृदय छुने गीत गाए र नेपाली सभ्यता र सौंदिकतालाई सगरमाथा भै पुऱ्याउने आकाङ्क्षा राखे । उनको त्यही प्रयास हाम्रो सर्वस्व हो । आज उनका जतवार्षिकी वर्षका उपलक्ष्यमा हार्दिक श्रद्धाञ्जली ।

२०६६/५/२६/६ २००९-९-११

देवकोटालाई जुन जुन बेला जस्तो जस्तो देश, काल, परिस्थितिको बाध्यताले ज्यादै ज्यादै ज्यादै लग्यो उनी त्यसै अनुकूल लहरिन हुनाले, दार्शनिक रूपले उनलाई अध्यात्मवाद वा ईश्वरवाद र भौतिकवाद वा यथार्थवादको बीचमा स्पष्ट सीमारेखा कोर्न बराबर निकै गाह्रो परेको वा अलमल भएको हुनसक्छ। त्यसैले उनलाई जुनबेला जुन कुरो ठीक लाग्यो त्यसैको वकालत गर्न बानी बस्दैगएको हुन सक्छ। यसरी उनी मानौं इश्वरवाद-अध्यात्मवाद वा ईश्वरवाद र भौतिकवाद वा यथार्थवाद-संगसंगै डल्कंको वा डल्कनखोजेको पाइन्छ।

तर उनले दार्शनिक रूपले यी दुई चिन्तनको भिन्नता वा द्वन्द्वलाई राम्री केलाउनतिर नलागे पनि वा त्यसलाई उनले केलाउने कोसिस गर्दागर्दै पनि त्यति छ्याङ्ग भई उनले निर्णय लिन नसके पनि सामान्यतया समाजमा कुनै पनि लोककल्याणकारी मानिसले अपेक्षा गर्ने सत्य र न्यायको पक्षमा र भोक, नाङ्गा, दुःखी आहत जनताको पक्षमा उनी कहिल्यै गएनन्। मानौं उनले जीवनका यी दुवै दार्शनिक आधारलाई आफ्नो चिन्तन वा विश्वासको समदूरीमा राखी संसारभरिका मानिस मात्रले कामना गर्ने आधारभूत स्वतन्त्रता, आत्मसम्मान, समानता र न्यायको पक्षमा अहोरात्र आन्तरिक अभ्यर्थना गर्दै रहे।

अकीतिर मानौं उनको अति व्यक्तिगत परिवारिक जीवनले पनि उनीमाथि त्यस्तै परीक्षण र परीक्षा गर्दै लग्यो। कैयन् समयमा उनले १२ देखि १८ घण्टासम्म पनि टयूसन गरेर आफ्नो जीवन र परिवार धान्नुपर्थ्यो। फेरि त्यस्तै उनको इमानदार, सत्य र न्यायप्रेमी स्वभावले गर्दा उनलाई निरङ्कुश राणाशासनविरुद्ध बागी भनी २००४-२००५ सालसम्म भारतमा अनायसै आत्मनिर्वासनमा बस्ने अनिवार्य आवश्यकताको बोधसमेत भयो। त्यस प्रवासकालमा उनले सम्पूर्ण शोषित, पीडित नेपाली जनताको निम्ति चौबीसै घण्टा अहोरात्र धुंडा घसेर लागिरहे, सङ्घर्ष र विद्रोहका अग्निज्वाला बर्षाउँदै रहे। उनी त्यहाँ बस्दैगर्दा बेलाबेलामा कैयन् दिन भोको, प्यासो नै पनि रहे। तर २००३ सालदेखि नेपाली राष्ट्रिय कांग्रेस पार्टी खोली राणाशासनविरुद्ध लड्दै आएका नेतारूहरूसमेत उनका न्यूनतम आवश्यकता पूर्तिका क्षेत्रमा सम्पूर्णतः उपेक्षाशील भनी उनी असाधारण रूपले बिरामी परी बेहोस हुँदा पनि खोज खबर समेत हुन छोडेपछि एकदिन मानौं उनले एक्लासी आफ्नी श्रीमती र भाइलाई आफ्नी प्राणरक्षाका निम्ति हाजिर भएको देखे। तिनका अगाध करुणा र मायाका कोमल हातहरू र अश्रुपूर्ण वचनले मुसारेपछि उनलाई दीव्यज्ञान खुल्यो। मानव चोला एकदिन सर्दैका निम्ति भित्राउने मैं हो तापनि उनले अहिल्यै, यति चाँडै यो संसारबाट बिदा हुने बेला भएको छैन। यस जीवनको निम्न सागेको बतीलाई फेरि नेपाली फर्कोएर भए पनि आफ्नी प्यारी नेपाल आमा र उनका गरिब सन्तानको मैले पाउ भन्नु त बाँकी नै छ। यस्ती सोचका साथ उनी एक अबोध दुधमुखे बालक झैं परिवारका साथ लागी भारतबाट नेपाल फर्के। उनले नेपालको हावापानीमा पुनः सास फेर्न पाएपछि साँच्चै फेरि बौरिँदै गए। अनि फेरि धुँडाधसी पोलिले झैं टयूसन गर्न थाले र साहित्य साधनामा पनि झन् बढी तल्लीन बने।

जब २००७ सालको नेपाली क्रान्तिले राणाशासनलाई धुँडा टेकायो र फागुन ७ गतेका दिन 'प्रजातन्त्र' घोषणा भयो, मानौं देवकोटाको स्वातन्त्र र स्वस्फूर्त चेतनाको पनि पुनर्जागरण भयो। उनले त्यस दिनदेखि यस धर्तीबाट बिदा नहोउन्जेल आफ्नो मन, वचन र कर्मले सम्पूर्णतः नेपाली समाजको उत्थान, प्रगति र समानताका निम्ति अटूट रूपमा काम गर्दै रहे। उनले नेपालको साहित्यिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक क्षेत्रमा समेत समयले गरेको आह्वान अनुसार आफ्नो अधिकतम सेवा अर्पण गर्दै रहे र उनले दिएको सानो नन्दासानी मौकादेखि ठूलोभन्दा ठूलो मौकाको पनि उचितै सदुपयोग गरे। यसले गर्दा उनको योगदान असाधारण रह्यो। उनको त्यो पवित्रता र समर्पण भावबाट अत्यन्त हर्षित र गर्वित भई सम्पूर्ण नेपाली जनताले पनि उनलाई आफ्नो सर्वमान्य लोकप्रिय महाकविको रूपमा हृदयमा बसाए।

बुकेर माथि झानुभयो र भन्नुभयो-'खाने समय हुन लागेको छ, भेट भने छिटो टुङ्गयाउनु पर्ला'।

कविकोठामा पुगेर सम्मानपूर्वक नमस्कार गर्दागर्दै भने: 'महाकविसंग भेट्ने ठूलो इच्छा थियो, त्यो इच्छा आज पूरा भयो' भन्दा महाकवि मुस्कुराउनुभयो। सिगरेटको चाहना राख्दै 'आबुरुसित सिगरेट होला ?' सोध्नुहुँदा हामी अप्ठ्यारोमा पर्यौं, टकुयाउन सकौंनौं। छिमभने सिगरेटको अभ्यासी हामी कोही परेनछौं। तलतल लागेकैले होला आफू अभिरोको बिद्वयीमा, चकटी, सतरञ्जाका पर्सा पस्टाएर खोजेँ गर्दा, सम्झना भएकै गरी सिरानीतिरको झ्यालको एक खापा हटाउनु हुँदा भिजाइएको आधी सिगरेट फेला पार्नुभयो। त्यो आधा टुटो सिगरेट सल्काउँदै, 'कहांबाट आउनुभएको' भन्ने उहाँको जिज्ञासामा 'हामी पाल्पा-तानसेनका हौं, महाकविको प्रत्यक्ष दर्शनकालिर आएका' भैसे भनें। त्यसपछि रमाइलो पारामा 'तानसेन रमाइलो ठाँउ, राम्रोसाइत.....' भन्दै मुस्कुराउनुभयो। यही मौका छोपेर मैले 'त्यही तानसेन रमाइलो ठाँउमा महाकविको स्वागतार्थ हामी नगरवासीहरू आतुर छौं', भनें।

त्यसपछि उहाँले मित्रसेनले महिमा गाएको त्यो सुन्दर नगर पुग्ने इच्छा धेरै पहिले देखिकै हो, समय जुत सकेको बिएन भो आज तपाइले पनि 'स्वागतलाई आतुर छौं' भन्नुभयो झुसी लाग्यो वचन दिएँ अब छिटै तानसेन आने सोच बनाउँछु। समय मिलिछो पूर्वसूचना माधवप्रसाद देवकोटाजीलाई पठाउँला।'

महाकविको यस्तो वचन पाएर हामी साह्रै हर्षित भयौं।

भेटको समय छोटो पार्न बाध्यताले बिदा हुन खोज्दा 'बाबुहरू साथ गरेर यहाँ घरसम्म आउनुभयो बडो प्रसन्न भएँ। मलाई माया गर्नु भनेको साहित्यप्रति तपाईहरूको अनुराग हो। बिदा गर्नुपर्दासे एउटा कविता सुनाउँ है।' भनी मधुर कण्ठले केही कविताहरूमा विशेष मेरो मनपर्ने कविता थियो 'यात्री'।

अन्तमा : प्रस्तुत छ, महाकवि देवकोटाले 'बबल पुस्तकालय' तानसेनको अवलोकन पश्चात् लेख्नुभएको मन्तव्य:



पाल्पा, तानसेन मेहलारा

अवर्णनीय व्यक्तित्व देवकोटा

✍ अनन्तपाणी श्रीधर खनाल

महाकवि लक्ष्मीप्रसाद देवकोटाको अनन्त आयामिक व्यक्तित्व वर्णन गर्न कसैसे पनि यस जुनीमा भ्याउँदैन । मैले यहाँ प्रस्तुत गरेका छरा पनि प्रशान्त महासागरका असङ्ख्य छालबाट उछिट्टिएका दुई/चार बाँछिटा मात्र हुन् । त्यो पनि उहाँ हप्तामा एकपटक मेरो काकाकोठा नेटम सकिएपछि मैतीदेवीदेखि त्रिपुरेश्वरसम्म हाँस्दै आउने भएर मैले उहाँको सामीप्य पाउने लाखमैल मिलेको हो । धोती, फुतो, चप्पल मात्र लगाएर अक्सर आउनुहुने महाकवि हाम्रो पुरानो शैलीको घर अगाडि चोकमा आइपुग्नासाथ 'मेरा राजजी' भनेर कराइहाल्नुहुन्थ्यो ।

उहाँको त्यो रोमाञ्चक पुकार तेस्रो तलाको बुइगलमा बसेर काम गरिरहेका सबैले सुन्थे र "लौ देवकोटाजी आउनुभयो" भन्दै उहाँका लागि खानेकुरा तयार पार्न तरखरमा लाग्थे । बस पहिलो तलाको कोठामा बस्ने काकाको कानमा त्यो आवाज पर्दैनथ्यो, किनभने काम निकै कम सुन्नुहुन्थ्यो । देवकोटा सरासर भन्याङ उक्लेर माथि आउनुहुन्थ्यो र काकाको कोठामा पस्नुहुन्थ्यो । त्यो बेला काका मलाई पढाइरहनुभएको हुनुहुन्थ्यो ।

महाकविलाई देख्नासाथ काका हर्सेर "ओहो देवकोटाजी बस्नोस्, बस्नोस्" भन्दै मलाई अहाउनुहुन्थ्यो- "जा तँ माथि गएर देवकोटाजीलाई पनि खाना मलाउनु भन् ।"

म जुरुक्क उठेर लुसुक्क कोठाबाट बाहिरिन्थें । माथि बुइगलामा पुगेर काकाले भनेका कुरा सुनाउँथें । आमा र काकीले "देवकोटाजीलाई त रोटी बढी नै चाहिन्छ, चारओटासे पुग्दैन" भन्दै पीठो मुछ्न र तरकारी काट्न थाल्नुहुन्थ्यो । र, मलाई भन्नुहुन्थ्यो "जा, जा भन्नुपर्दैन तैले । हामीले देवकोटाजीको स्वर अघिनै सुनिसक्येका छौं ।"

म हिस्स परेर पोरि कोठामा फर्किन्थें ।

मेरा काका बेलुका भात खानुहुन्थ्यो । महाकवि आएको साँझ दुवै मित्रहरू भेटी बसेर खाने परम्परा नै थियो । महाकविलाई चारओटा रोटीले नपुग्ने थाहा पाएर नै काकीले आठओटा रोटी पकाउनुभएको थियो त्यो दिन ।

काकासँग गफगर्दै खाँदैजाँदा उहाँले रोटी सबै मजाले बुझाउनुभयो र अरू छोरी चाहिन्छ कि भनेर सोधिंदा मिठाई पाए हुन्थ्यो भन्नुभयो । तर मिठाई बाँकी नभएकोले काकीले मलाई पैसा दिएर मिठाइ किन्न पठाउनुभयो ।

मैले ठानेँथें भन्ने हलवाइको पसलबाट दुई थाक मिठाई दुई मिनेटमा ल्याएँ । त्यो खाएपछि उहाँले भन्नुभयो "खान त मलाई अझै मन थियो, तर श्रीधरजीलाई फेरि दगुरउन मन लागेन, मैंगा अब चुरोट मात्र खाने काम गर्छु ।"

मेरा काका चुरोट खानुहुन्थ्यो तर बस माकोको चुरोट किकाएर बेच्ने कामबाहिं गर्नुहुन्थ्यो । त्यसैले महाकविको अगाडि तीन चारवटा चुरोट पहिले नै राखिंदिने चलन थियो । महाकविले गफ गर्दागर्दै एकबट्टा (दशबटा) चुरोट सकेर अर्को सम्झाउन

चिन्तनको आलोकमा महाकवि देवकोटा

✍ आनन्ददेव भट्ट

महाकवि देवकोटा चिन्तनको क्षेत्रमा बराबर बादविवादको विषय नभि हो । त्यसको मुख्य कारण के हो जस्तो लाग्छ भने उनले आफ्नो जीवनमा विचारलाई स्थीर पार्ने, प्रष्ट पार्ने र त्यसको कुनै एक पक्ष वा विषयलाई सर्वोपरि सत्य ठान्ने न उद्योग नै गरे न उनको विषय कामका त्यसको सम्भावना नै रह्यो । जस्तो, उनको जन्म संवत् १९५६ साल कार्तिक लक्ष्मीपूजाको दिन निरङ्कुश एकतन्त्री सामन्ती राणा जहानिया शासन व्यवस्था अन्तरगत ब्राह्मण कुलमा भयो । त्यो ब्राह्मण कुल हिन्दू समाजमा विचारका क्षेत्रमा बढी मान हासिल गर्ने वा गर्न पाउने सम्भावना भएको कुल हो । अर्कोतिर आर्थिक रूपले देवकोटाको परिवार अत्यन्त गरिब हैसियतको नभई नेपालको राजधानी काठमाडौंको धरानिया, प्रतिष्ठित देवकोटा परिवार भएकोले उनलाई शिक्षा हासिल गर्न पनि विशेष कठिनाई भएन । उनी तत्कालीन परम्परावादी संस्कृत शिक्षाको माध्यमबाटै अघि बढ्ने अवस्थामा थिए । तर पनि त्यति बेला काठमाडौंका अङ्ग्रेजी शिक्षा पाउनेहरूले आर्थिक रूपले अति बढी आय आर्जन गर्ने सम्भावना भएकाले उनी संस्कृत पद्धतिको सट्टा अङ्ग्रेजी माध्यमको शिक्षा दिइने दरबार स्कूलमा भर्ना गरिए । उनी सानैदेखि तीखो दिमागका, परिश्रमी, अत्यन्त मन लगाएर पढ्ने र उत्साही स्वभावका भएकाले उनले १४ वर्षको उमेरमै म्याट्रिक पास गरे । त्यसपछि उनले आइ.ए. र बि.ए. पनि पास गरी बि.एल. समेत उत्तीर्ण गरे । पछाडि उनलाई न्यायसेनाको सरकारी जागिर खाने ठौका खुल्यो तापनि उनको चाख र प्रवृत्ति त्यता नभएकाले उनी न्याय सेवातिर लागेनन् ।

उनी आफ्नै पिताको प्रेरणा र मार्गदर्शनमा आठ वर्षको कलिलो उमेर देखिनै कविता लेख्न अग्रसर भैसकेका थिए । उनले औपचारिक अध्ययन र साहित्य साधनातिर त्यतिकै प्रतिभा देखाउँदै लगे । उनी अध्ययनमा ज्यादै तेज थिए र जुनसुकै कामकुरा गर्दा पनि अत्यन्त मनोयोगका साथ गर्न गर्दथे । उनी साथै आफ्नो भावुकता, कल्पना र भावनाको बेगमा आनन्दित भई अघि बढ्ने स्वभावका भएकाले उनले आफ्नो अध्ययनलाई अत्यन्त विस्तृत बनाउँदै लगे । उनको प्रतिभाले साहित्यको क्षेत्रमा विशेष प्रतिभा देखाउँदै लग्यो । उनी अति भावुक र एकसुरे भएकाले उनी जेमा लाग्थे त्यसैमा भिजोभिजसम्म पाल्लाग्थे र हुन्न पनि सक्थे । यसले गर्दा उनले अङ्ग्रेजी साहित्यका माध्यमबाट विभिन्न कवि र चिन्तकहरूका विचार ग्रहण गर्दै गए । उनलाई संस्कृत साहित्य र अङ्ग्रेजी साहित्यको दोहोरो ज्ञान हासिल गर्न सजिलो भयो । त्यति बेलाको नेपालको नेपाली ब्राह्मण समाज ईश्वर र हिन्दूधर्मप्रति गहिरो आस्था राख्ने र त्यसैको परम्परालाई अघि बढाउने खालको भएकाले देवकोटाभित्र पूर्वीय आध्यात्मिक दर्शन र जीवनपद्धतिको धेरै गहिरो प्रभाव छोडि थियो । त्यसमाथि यप उनले अङ्ग्रेजीका माध्यमबाट पश्चिमी साहित्य र चिन्तनको सम्पर्कमा आएर नेपाली समाजको अति सङ्कीर्ण, कट्टरपन्थी चिन्तन र सामान्य व्यवहारप्रति पनि आलोचक हुँदै गए । जर्को कुरा, उनको भावुक स्वभावले पनि उनको चिन्तनमा ज्यादै ठूलो प्रभाव परेको हुनुपर्छ । कारण भावुकताको प्रभावमा छिटै र गहिरो गरी पर्ने कुनै पनि व्यक्तित्वाई सामान्यतया जीवनका विविध कोणबाट निष्कै यथार्थवादी र वस्तुवादी ढङ्गले चिन्तन मनन गर्ने सम्भावना कम रहन्छ । त्यसैले

वास्तवमा नेपाल भूमि प्रकृतिमय छ र यहाँका जनताका सम्पूर्ण सुख दुःख, किसानलाप एवम् बाह्यान्तरका भावना चेतनाहरूमा प्रकृति प्राणत्व लहराइरहेका छन् । यहाँका अन्य शरीर र मन प्रकृतिमय छन् तथा विशाल प्रकृति भण्डार हिमालय पर्वत शृङ्खला रहनजेल यहाँको प्रकृति उद्योधन भई पवित्र र प्रवाहमान रहनेछ ।

'यात्री' कवितामा झल्कने दर्शन:

हाम्रो नेपाली जीवनमा एउटा कुराले प्रायः सबैको हृदयमा छाप बसाएको हुन्छ । त्यो हो- धर्म कार्य गरेर ईश्वर चिन्नु, अथवा सरल तरीकाबाट पुण्य कमाउनु, धर्म आर्जन गर्नु । यसको निम्ति अरू पनि विकल्प छन्- तीर्थयात्रा । साक्षर ईश्वरको प्रार्थना ध्यान र निरूपण पछि निराकार सत्यस्वरूपको परमात्माको साक्षात्कार । परन्तु महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'यात्री' शीर्षकको आफ्नो कवितामा प्रथम कोटिका अवस्था पार गरेपछि यात्रीमा मन्दिर र मूर्तिपूजाको स्पष्टतः विरोधजस्तो गरेको पाइन्छ । उनले माथ मानवलाई ईश्वरको रूपमा पूर्ण रूपले प्रतिष्ठा दिएका छन् । उनले यस कवितामा आफ्नो आध्यात्मिक विश्वास तथा धार्मिक आस्था बारे सूक्ष्म अनि स्पष्ट सङ्केत दिई आफ्नो जीवनदर्शनको अभिव्यक्ति दिएका छन् । उनको यस किसिमको दार्शनिकता अभिव्यक्ति उनीद्वारा रचित 'पञ्चवटी' बाहिने कुरामा पनि दिएको पाइन्छ । जसमा ईश्वर, आत्मा, धर्म, स्वर्ग र नर्कको विश्लेषण गरी बड्डो सुन्दर किसिमबाट विवेचना गरेका छन् । उनी त्यसको अस्तित्व तार्किक आधार तथा सामाजिक अनुशासन र मर्यादाको निम्ति आवश्यकता प्रदर्शित गरेका छन् ।

तर महाकविले आफ्नो दार्शनिक विचार व्यक्त गर्दा पाठकको हृदयमा त्रास विभाले किसिमसँ गरेका छैनन् । उनले बड्डो सुन्दर ढङ्गले ईश्वर र मानवमा ऐक्य एवम् अन्तः साम्यको स्थापना गर्ने लक्ष्यलाई पनि प्रष्ट्याएका छन् । उनले मन्दिरबद्ध प्रतिमामा ईश्वरको आरोप जस्तै गरेर मूर्तिमय ईश्वरको दर्शन निम्ति छटपटाएको मानवलाई आफ्नो अवयव र मूर्ति स्थापित मन्दिरको परिवेशसँग तुलना गरेका छन् ।

मनको सुन्दर सिंहासनमा जगदीश्वरको राज
हाडहरूको सुन्दर खम्भा मास पिण्डको विचार ।

ईश्वर धारणा, ध्यान र समाधिद्वारा अनुभूत हुने परमज्योति अज्ञानको आवरण हेरेपछि प्राप्त हुन्छ । आवरण शास्त्रको अध्ययन सारसङ्गत र ध्यान तथा एकाग्र चिन्तन मननबाट मात्र हट्ने हुन्छ । मन्दिर र मूर्तिमा ईश्वरलाई खोज्नु जनेको सताहमा पौडी खेल्ने कुराजस्तै हो । मीनी फेला पार्न भित्रै डुबुल्की मार्नुपर्छ, सताहमा अवश्य त्यो पाइँदैन । यसकारण बाह्य रङ्गीचङ्गीमा अल्मिएर आत्माको साक्षात्कार गर्ने वा जाने मार्ग बनाउन खोज्नेलाई महाकवि देवकोटा असफल यात्री ठान्दै भन्दछन्-

भित्र छ ईश्वर, बाहिर आँखा खोजी हिँड्छौ कुन पुर ?
ईश्वर बस्दछ गहिराइमा सताह बाल्छौ कोत दूर ?

महाकवि देवकोटाको हृदय अरूको दुःख पीडा देख्न मैन भै पग्लन्छ । उनी त्यसबाट प्रभावित र द्रवित हुन्छन् । त्यसो हुँदा उनी सत्कार्यको लागि दलित, वंचित, पीडित मानवमात्रको उद्धारको निम्ति कर्म गर्नु र ईश्वरको सेवा गर्नुमा अभेदको आरोप गर्दै आफ्ना पाठक बर्गलाई तल्लीन गुल्याउँछन् । बोल्दछ ईश्वर मानिसहरूको पीडा, दुःखको नालामा, दर्शन किन्नु कहीं दिँदैन धर्मचक्षुले कानामा ।

महाकवि देवकोटा धर्मचक्षु सद्दै भएका मानिसलाई अज्ञानी अशक्त एवं विभान्तलाई आफूले जाने/बुझेर सकभर मार्ग निर्देशन गर्नु र सेवा गरी पीडित मानवताको उद्धार गर्नु ईश्वरलाई प्राप्त गर्ने एउटै मात्र उपाय हो भन्ठान्छन्:-

कुन मन्दिरमा जाने यात्री
कुन नवदेश बिराना ?

यसरी महाकवि देवकोटालाई हामी दार्शनिक रूपमा पनि पाउँछौं ।

◇◇◇

साग्दा काकाले ठटेलुपाराले भन्नुभयो "होइन ए देवकोटाजी, तपाई दमको रोगी भन्ने रहरले त्यसरी चुरोट खानुहुन्छ कि के हो ?"

उहाँले चुरोटको धुवाँ नाकका दुवै प्वालबाट निकाल्दै भन्नुभयो, "होइन भेषराजजी, धर्म कमाउने रहरले । चुरोटको धुवाँ मुखमा भरेर एक दुई सेकेण्ड राख्दा त्यसले मेरो ओठ र गालामा रमरम, रमरम हुन्छ, अनि मेरो मन स्वतः राम राम राम राम गर्न थाल्छ । त्यसैले चुरोट जति धेरै खायो उति धेरै पुण्य कमाइन्छ । त्यो सुनेर काका तिघ्रा ठटाएर हाँस्नुभयो ।

त्यसै दिन दिउँसो विश्वन्द कलेजमा आइ.ए द्वितीय वर्षमा नेपाली पढाउँदा ताराप्रसाद जोशीले सुनामदनको एक पङ्क्ति अर्थ्याउन धक मान्दै अर्को दिन मात्र त्यसको अर्थ लगाउन सक्छु भन्नुभएको थियो । मैले मौका छोपेर महाकविलाई त्यो कुरो भनिदिएँ र त्यसको अर्थ बताउन अनुरोध गरें ।

उहाँ खित्का छाडेर हाँस्नुभयो र तिघ्रा ठटाउँदै भन्नुभयो "श्रीधरजी के सोधेको यस्तो हुने नसक्ने कुरो ? कति बर्ष अगाडि, कुन स्थितिमा यो पङ्क्ति लेख्दा मेरो के मूड थियो र कस्तो सोचाइ थियो भन्ने कुरो अहिले कसरी सम्भव छ ! मोति जोशीजीले जे अर्थ्याउनुहुन्छ त्यसैलाई मान्यता दिएर काम चलाउनुहोस् ।"

महाकविको त्यो कुरा सुनेर मलाई देवकोटाजस्तो इमानदार अर्को कवि नेपालमा छैदैछैन भन्ने निश्चय भयो । किनभने अरू कुनै पनि कविलाई यसरी सोधेको भए उनले आफ्नो कल्पित इज्जत जोगाउन भए पनि एउटा न एउटा अर्थ बताइहाल्थ्यो । यस्ता अरू सयौं कुराहरू छन् जसले विश्वकै महाकवि लक्ष्मीप्रसाद देवकोटाको निर्मल चारित्रिक व्यक्तित्वमा केही न केही प्रकाश छाडेन् ।

◇◇◇

"स्वतन्त्रता स्वधर्म हो स्वतन्त्रता स्वकर्म हो ।
अधीनमा अधर्म हो अधीनता विकर्म हो
स्वतन्त्र देश मर्म हो अधीन बन्नु धर्म हो
स्वतन्त्र बन्नु धर्म हो अधीन बन्नु शर्म हो ।"

(महाराणाप्रताप)

"छ भोक मीठो रसिलो छ प्यास
छ अन्तरमा व्यञ्जनको सुवास
छ थोर आवश्यकता पुगेपछि
म बस्छु संसार नयाँ नयाँ रची ।"

(भिखारी)

"जरुर साथी म पागल
यस्तै छ मेरो हाल
तिमी चतुर छौ बाचाल
तिमी पाँच इन्द्रियले काम गर्छौ
म छैठौंले
तिम्रो गिर्दो छ साथी
मेरो मुटु ।"

(पागल)

"फर्क फर्क हो । जाऊ समाऊ मानिसहरूको पाउ
मलम लगाऊ आतंहरूको चहन्याइरोगले घाउ ।"

(बाटो)

समष्टिरूपमा देवकोटा

✍ नित्यराज पाण्डे

पृथ्वी, अप, तेज, वायु, आकाश महाभूत पञ्चतत्व हो। यही पञ्चतत्वबाट संसार चलिरहेको छ। यही तत्वको रूप हो प्राकृतिक ज्योति। यही ज्योतिले धरातल झलमल पार्दछ। यही आधारबाट मानसिक, शारीरिक भौतिक आदि शक्ति विकसित हुन्छ। यसैभित्र खाँगा-छाडा, नदी-नाला, रुख-बिरुवा, चन्द्र-सूर्य, शक्ति आदि छ। आकाशबाट व्यापकता छाएको छ। सबैको छाना भएर रहेको आकाशमुनि सबै श्रेष्ठता विभिन्न वर्ग, जात-जातिका सबै व्यक्तिहरू अटाउँछन्। यही प्राकृतिक आधारबाट मानिसहरू एक हुने प्रेरणा पाएर सबैको भलाइको निमित्त कार्य गर्न मानिएको छ। मानिसलाई 'वसुधैव कुटुम्बकम्' गाँठो जोड्ने शक्ति पनि यसमा छ।

यही ज्योतिभित्र पुनः प्रयत्न गर्ने महाकवि देवकोटा हुन्। १९६६ साल कार्तिक २७ गते शुक्रवार गाइँतिहारे औंसी, चित्रा नक्षत्र, तुला राशीका दिन झिलीमिली लक्ष्मीपूजा गरेपछि रातमा काठमाडौं धोबीधारामा जन्मेका महाकवि देवकोटाको जन्मस्रोत यही प्रकृति बीजभित्र छ। पञ्चमहाभूतका प्रकृतितत्वहरू राष्ट्रीसँग लटपटिएर ती अवयवहरूलाई प्रति सारेर प्रकृतिलाई चिनेमा उनको पहिली प्रकाशित खण्डकाव्य मुनामदनमा मुनाको विरह राखे चन्द्रमासँग मिलेको देखाइएको छ। त्यसमा -

चन्द्रमाले चन्द्रमा हेर्छिन् कौसी र आकाश
स्वर्गको अटाली हाँस्यछिन् चौटी चौटी छन् उदास।

भनिएर कविको उदात्त भवना स्पष्ट भएकिएको छ। प्रकृतिलाई चिनेका देवकोटाकी नायिका मुना पनि चन्द्रमा हुन्। प्रकृति र पात्रभित्र समानता पिँजाइएको छ। कौसीकी मुना र आकाशको चन्द्रमाबीच अवस्थाले स्थान नेदमात्र छ। देवकोटा आफैले एकफेर रातभरि आँखा निमिमिक्क नगरी चन्द्रज्योति हेरिरहे। त्यसमा गीढा सुम्निएर भएको पीडाको केही बास्ता पिएन। मुग्ध भएर आनन्दसाथ प्रफुल्लितमय भएका थिए। अकोतिर यही चन्द्ररूपी मुना प्रियतम मदन तपसाबाट बाधा गरेको समयमा फर्केन नसकेपछि मुना ज्वालाको विरहमा परेकी थिइन्। दार्शनिक आधार देखाउँदै पञ्चतत्व मिलेर बनेको शरीर पञ्चतत्वमा मिलेको देखाइएको छ। पञ्चतत्वको रूप माटो अघि सारेर यस्तो भनिएको छ-

सबैको बाटो यही हो रानी! अमीर फकिरको
यो माटो गई माटोमा मिल्छ दुःखको बगरको।

प्रकृति र देवकोटा एउटै हुन्। एकपटक उनी सुत्ने कोठामा गौंथलीले गुँड बनायो। 'गौंथली र देवकोटा' कवितामा एउटै घरमा बस्ने दुईवटा प्राणीको क्रियाकलापको उल्लेख छ। यस कवितामा-

यही हो हाम्रो घरको साधन
यस्तो ईंट र यस्तो माटो नेपालभर छ
पृथ्वीभर छ।

यस्तो घर नेपालमा मात्र होइन संसारभर छ। माटोले मानिस जोडिएका छन्। प्रकृति र मानिसको एउटै गुँड छ। एउटै घास छ। प्रकृतिको छायामा मानिस रहिरहेको छ। सूक्ष्मदृष्टिले हेर्दा विभिन्नता छैन। त्यसैले भनिएको छ -

'गौंथली र देवकोटाको
एउटै गुँड छ। एउटै गुण छ।

महाकविको प्रकृति वर्णन र 'यात्री' कविताको दर्शन

✍ भैरबनाथ रिमाल 'कदम'

अनुपम प्रकृति वर्णन:

हाम्रो देश नेपालको पाखा पर्वत, वनजङ्गल, छहराहरूले भरिएको पर्वतीय प्रदेश तथा शस्य श्यामला तराईका मैदान भएको यस पवित्र पावन भूमिलाई दुई शब्दमा प्राकृतिक छटाको देश भन्न सकिन्छ। कृत्रिमताको यस कुरामा पनि त्यहाँ कस्तो सम्पूर्ण स्वाभाविकता सन्निहित छ, यो त कुनै हृदयको आँखा भएको दर्शन पर्यटकले नै भन्न सक्ने कुरा हो। परन्तु यस प्रकृति साम्राज्यमा प्रकृति र नेपाली जनजीवनमा कहाँसम्म एकाकार हुन गएका छन् भन्ने कुराको कल्पना, नेपाली साहित्यको अध्ययन गरेर पनि राम्रो गर्न सकिन्छ। काव्यमा कुनै पनि घात, प्रतिघात सुख, दुःख, हर्ष उत्फुल्लताको प्रकृति प्रेमाले मुक्त हुन सकेको देखिन्न। यसै परिप्रेक्ष्यमा हाम्रो केही कविहरूका काव्यरेखा र काव्य प्राणप्रति दृष्टि पुऱ्याउनु जरुरी हुन्छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा आफ्नो कवितामा के आह्वान गर्दै भन्छन् भने -विचार र घुस तेजिला हृदयमा उज्यालो भर अझै निशामा परे किरण देउ हे सुन्दर। दिनोदय समानको मधुर दृश्य देखाउन तथा मृदुल भावनाहरूको सुन्दर कलकल बोली बिउँझाउनका लागि आफ्ना सुन्दर किरणहरू पिँजाइदेऊ।

महाकविले यसरी प्रभातको प्रथम रश्मिहरूको अत्यन्त समन्वय गरेका छन्। त्यसपछि त्यसै सिलसिलामा उनी अगाडि बढ्छन्।

उठोस् सिरिसरी गरी पवन प्रातको शीतल
समान शुभकामना प्रिय सुवासले मञ्जुल
उठाऊ खग कल्पना गगन दिव्य पूर्वको
जहाँ उदय मोहिनी, सुख छ सत्य सौन्दर्यको।

यी भावनाहरू बिस्तारै बिस्तारै मन्दगतिमा डुल्न थालून् पूर्वका दिव्य गगनमा कल्पना खडा त्यहाँको लाग उडेर आउन जहाँ हृदयमोहिनी सत्य सौन्दर्यको सुख भैं अवस्थित। जवाकुसुम फूलको प्रदेशमा परेको सुगरेल समय तुहिने बिन्दुकै निर्मल मेरा खुला हृदयपटको जल होस् जसल बिर्सीत बादलहरूको मौन, फिसका लघु विचारहरू जस्तो कोमल, सुनौला किरणहरूको रङ्ग झलकन लागोस्।

महाकवि देवकोटाले यसरी आफ्नो उदास भाषामा काव्य आराधना क्षेत्र नै प्रकृति मन्दिरलाई घोषित गर्छन् र त्यसमा आफ्नो ध्यान समाधि लगाई साधनारत हुन्छन्।

प्रकृतिको आँचलमा एउटा गरीब नेपालीले आफ्नो निधी गरीबलाई पनि कहिले सम्पन्न र कुन उपकरणको माध्यमबाट समृद्ध बनाउन चाहेका छन् महाकविले यी पङ्क्तिहरूमा -

गरीब भन्छौ ? सुखको म हैं धनी,
मिल्दैन संसार भरी छाँटे पनि
प्रयासका पत्थरका नदी सरी
बहन्छु हाँसी म तरङ्ग भरी।

प्रकृति विकासको साथसाथै अन्तर स्थित रसहरूको यो प्रस्फुटन तथा विकास चेतना कविको प्रकृति प्लावित छ र कस्तो प्रकृति स्पन्दनले स्पन्दित यी दार्शनीय र अनुभव गर्ने कुरा हो।

नेपाली साहित्यमा यताका कैयौं रचनाकार नवयुवकहरूका कैयन् रचना छन् जसमा प्रकृतिसित आत्मीयताको अनेक रूप दर्शन सजाइएको छ।

शिरोमणि लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, भवानी मिश्र, सिद्धिचरण श्रेष्ठ, केदारमान 'व्यथित', माधव घिमिरे, महेन्द्र वीर विक्रम शाह, जनार्दन सम र भीमदर्शन रोकासमेत जम्मा एघार कविहरूका तीसवटा कविताहरू प्रकाशित छन् ।

यी तीस कविता मध्ये 'सघन तिमिस्राप्रति' 'एक सुन्दरी वेश्याप्रति', 'भागन', 'गोली हो', 'एक तिमी' समेत जम्मा पाँच कविताहरू देवकोटाबाट रचिएका हुन् । यी सबै कविता तथा यसै अङ्कका अन्य सबै कविताहरू सबैको पछामा नै अङ्ग्रेजी अनुवाद भएको छ । 'इन्देनी' को यस अङ्कको नाम 'एशियाली' लेखक सम्मेलनाङ्क भनेर राखिएको छ । यस अङ्कको अन्तिम भागमा प्रदत्त 'सम्पादकीय' को शीर्षक एशियाली लेखक सम्मेलन' भएबाट सम्मेलन सम्बन्धी तथ्यहरूको जानकारी हुन्छ । यी हुन् -

(क) २०१३।९।९ मा भारतको नयाँ दिल्लीमा 'एशियाली लेखक सम्मेलन' हुने भएको छ ।

(ख) 'इन्देनी' को यी अङ्क यसै एशियाली लेखक सम्मेलनलाई ध्यानमा राखेर निकालिएको हो । काव्य प्रतिष्ठानका अधिकांश सदस्यहरूले यस सम्मेलनमा भाग लिए ।

(ग) यसमा छापिएका सबै कविताहरू अङ्ग्रेजीमा अनुदित कवितासाहित्य छापिएका छन् । अङ्ग्रेजी भाषाको भारत (खास गरेर दक्षिणमा) तथा एशियाका विभिन्न भागमा विस्तृत प्रयोग हुन्छ । यसै कारणले अङ्ग्रेजीको अनुवाद साथ नेपाली भाषामा छापिएको हो ।

(घ) जम्मैजसो अङ्ग्रेजी अनुवाद महाकवि देवकोटाले कवि भीमदर्शन रोकाको सहायताले गर्नुभएको हो ।

"इन्देनी" को यस अङ्कमा देवकोटाका उच्चस्तरीय कविताको रसपान गर्न सकिन्छ । उहाँमा रहेको अकी चम्किलो प्रतिभा यस अङ्कमा समाहित छ । नेपाली कविताको मौलिकता तथा छन्दबद्धतामा कति असर र फरक पर्नेगरी हूबहू अङ्ग्रेजी भाषामा अनुवाद गर्नुभएको छ ।

२००७ सालको क्रान्तिपछि प्राप्त प्रजातन्त्र कालका प्रतिष्ठित कविहरूले एशियाका अन्य मुलुकका लेखक तथा कविहरूसँगको अपूर्व भेटघाट, तिनीहरू समान प्रतिनिधित्व गर्न पाउने अवसर तथा नेपाली गौरवलाई उच्च पार्ने मौका समेतको पूर्वानुमान भएको देखिन्छ । काव्य प्रतिष्ठानका अधिकांश सदस्यले यस सम्मेलनमा भाग लिनु नै महत्वपूर्ण थियो । यी सबैको झाँजीपाँजीलाई सफल रूपमा मिलाउने श्रेय देवकोटालाई जान्छ र किञ्चित् अरूलाई ।

देवकोटाले विश्वन विश्वविद्यालयको स्थापनार्थ नेपालका तत्कालीन शिक्षाविद् तथा शिक्षाप्रेमीवर्गसाथ भारतमा गई विभिन्न ठाउँहरूको निरीक्षणपछि स्थिति बुझेर नेपाल फिर्ता आई प्रतिवेदन पेश गर्नुभयो । नेपाल एकेडमीको स्थापनार्थ उहाँले अथक प्रयास गर्नुभयो । हा के आई सिहको मन्त्रिमण्डलमा उहाँ शिक्षा तथा स्वायत्तमन्त्री हुनुभयो र देश सेवामरी कीर्तिमान स्थापित गर्नुभयो । यस प्रकार उहाँ बाँचुन्जेल विभिन्न सेवा गरेर चनौटामा पोटिएको चन्दनको काठ सरह पोटिइरहनुभयो ।

कि.वि. सोलिनुअघि २०१४ सालतिर भारतको पटना युनिभर्सिटीको कोर्स अनुसार विश्वन्द्र कलेजमा एमए (अङ्ग्रेजी)का कक्षाको सञ्चालन भयो । मैले त्यसमा प्रवेश गरें । तर त्यहाँ कुनै राम्रो शैक्षिक व्यवस्था तथा वातावरण नभएकोले सबै छोडेर भारतको लखनउ विश्वविद्यालयमा पढ्न जानेको बेला २०१६ सालमा महाकविको असामयिक निधन भएको खबर उहीं लखनउ विश्वविद्यालयमा पाएँ । यसले नेपाली विद्यार्थीहरू शोक सन्तप्त भए । त्यस समय त्यहाँ कार्यरत नेपाली छात्रसंघले एक शोकसभाको आयोजना गऱ्यो । यस सभामा लखनउ विश्वविद्यालयमा पढ्ने, लखनउ मेडिकल कलेजमा पढ्ने, लखनउ सहरका अन्य ठाउँका कलेजमा पढ्ने नेपाली छात्रछात्राहरूले भाग लिए । यस सभाका अधिकांश वक्ताहरू रोए, श्रोताहरूले गह रसाएर सुने । म त्यसबेला भावविभोर भएको थिएँ र आज पचास वर्षपछि त्यो समय सम्झेर पुनः भावविभोर भएको छु ।

-विराटनगर- ९ मोरङ

घिरूवा, स्वाथात, पासुवा, पशुपंछी, खोप्नाखाला, धान, आवल, पानी, वर्षा आदि सबलाई उनले घिसेका छन् । यही वरपरले उनले फोइलीका विभिन्न भाका सुनेका छन् । त्यसैमा मोहित भएर नै पशुपति बनखर्सीमा लठठ भएर वसन्तको कोइली देखेपछि, फोइली जुन जुन रुखमा गएर बस्छन् उनी पनि त्यही रुखको फोटमा घुम्छन् । उनी प्रकृतिसँग नाच्छन्, गाँइछन्, घुम्छन् । अनि प्रकृति पनि त्यस्तै भएको देख्छन् । पात हस्दा गाना सुन्छन् । प्रकृतिसँग कुरा गरेको 'बुझ' कवितामा स्पष्ट देखाइएको छ । गुलाफ फूलमा सौन्दर्यमय आनन्द पाउँछन् । यो भएन, के भएन भन्ने सांसारिक पीडा मनमा नराखी उनी काव्यमा तल्लीन हुन्छन् ।

दुःख देवता आर्थिक सङ्कट सागर उनी महाकवि, जनकवि, आशुकवि, युगकवि, शक्ति, निबन्धकार, नाटककार भएका छन् भने यीं खण्डकाव्य पनि दिएका छन् । यस धर्तीलाई रसाउने गरी ढोकाढोका भरिने भाव र कल्पना प्रसस्त भएको गम्भीर कृतिसमेत दिनसक्नु देवकोटाको खूबी हो । देवकोटाको उपन्यास 'चम्पा' नाम दिएर छापिएको छ । देवकोटाले समितिमा लेखेका यीं पुस्तक दिंदा यो नामोकरण पनि दिएका थिए । न उनले यसमा चम्पा नाम राखेका थिए, न यसलाई उपन्यास भनेका थिए । अरू पनि यस पुस्तकमा औपन्यासिक कुशलता तत्कालीन आधार आम पाठकवृन्दमा राखिन्छ भने नेपाली भाषा-साहित्यमा स्नातकोत्तर गर्ने अध्ययनशील जानकार्जन निवासी लेखक वासु रिमाल 'बाबी' बाट २०२५ फागुनको भानु पत्रिकाको विशेषाङ्कको २१० पृष्ठमा "उनको उपन्यास लामो गल्पनेकथा मात्र हो, औपन्यासिक कुशलता र सफलता नभएको" भनी लेखिएको पनि स्मरणीय छ ।

देवकोटा दरिद्रनारायण थिए । देवकोटा गरीब थिएनन् । घर परिवारले जथाभावी उडाएर, निकेर उनी त्यस हालतमा पुगेको पनि चर्चा चलाइएको छ । हो, देवकोटाले पुस्तक लेखेर, १२/१४ घण्टा टुथुसल गरेर, मन्नी भएर, प्रज्ञा-प्रतिष्ठानमा सदस्य भएर, सल्लाहकार सभामा विरोधी दलको नेता भएर धन नकमाएका होइनन् । जस्तो आम्दानी भयो त्यस्तै खर्च गर्ने बानी भएका बेलामा पाएसम्म मासु र भोज खाने, खुवाउने, अर्कालाई दुःख परेको बखतमा सहयोग गर्ने र घरका अरू मानिसले खर्च गर्दा बेफिक्री हुने बानीले नै धेरै पैसा सकिन्थ्यो । हो, उनकी श्रीमती मनदेवी देवकोटाले फोहोरलेखाहीं पैसा नएको बेलामा, सामूहिक हरिकीर्तन हुने स्थलमा केही खर्च गर्थिन् । यो उनको एक इच्छा हो । देवकोटाले फोहोरी पनि श्रीमतीलाई केही पनि भनेको थाहा छैन । उनको घरको कोठामा परिवारबाट राखिएको कृष्णमूर्ति थियो । देवकोटा भगवान् र मानवरूपी भगवान्लाई पनि सम्झन्थे । अन्तमतिर 'आखिर श्रीकृष्ण रहेछ एक' भन्ने पुगेका र श्रीमतीलाई कति पैसा छ भनी सोध्दा १००/२०० छ भन्ने उत्तर सुनेपछि 'धेरै दिन बाँचें भने तिमीसे खान दिन सक्तिनी, यति भए अन्तिम संस्कार पुगिहाल्छ ।' भन्ने उनको कुराबाट उनको गति थाहा हुन्छ । पैसाको कुरा गर्दा देवकोटाले 'पैसा' कवितामा भने-

हुन्छन् यसैकन भजी सब काटमार
हुन्छन् नजिक रसका सब धर्म सार ।
पैसा हुँदा पुग्छदिन् दुःख आँसु दाना
गर्नू सके भर भलाइ नठान्नू साना ।

देवकोटा पैसामा दौडिएका छैनन् । पैसा हातको मयल हो भनी सुरुदेखि नै आफ्नो पालो खण्डकाव्य भुनामदनमा मदन स्वदेश छोडी धन कमाउन तिब्बत जानखाडा भनेका छन्-

हातको मैला सुनको पैसा के गर्नु धनले
साग र सिस्नु खाएको बेस आनन्दी मनले ।

मुनाको मुखबाट निस्केको यो अमर वाणीबाट उनको धन सम्पत्तिसम्बन्धी भाव प्रकट हुन्छ ।

पौराणिक, ऐतिहासिक, सामाजिक आदि विषयमा महाकाव्य लेख्ने देवकोटा पीडाप्रधाना पनि आकर्षित भएर 'प्रमिथस' महाकाव्य पनि लेख्ने । यसमा सांसारिक गतिबाट नायकले यातना र पीडा भोगेसरह उनको आखिरी अवस्थामा पेटको क्यान्सरले असाध्य पीडा हुँदा अङ्ग्रेजीमा प्रमिथसको जस्तो यातना आँसुमा आँसु बुझाएर सहन्छ भन्ने आखिरी कविता २०१८ साल भाद्र २९ गते साँझ ६ बजे हा मिलरलाई पाटन अस्पतालमा दिएर २०१६ साल भाद्र २९ गते सोमवार साँझ ६।१० बजे यस संसारबाट बिदा लिए ।

धेरै वर्षअगाडि उनले 'मार्ग' कवितामा 'उद्देश्य के लिनु उडी छुनु चन्द एक' अनुसार रुसले छाडेको झटारो (रफेट) चन्द्रलोकमा पुगेपछि उनले पनि संसार छाडेका थिए ।

जीवनमा जहिल्ये आफ्ना कुरामा वास्ता नगर्ने स्वभाव देवकोटाको पहिलेदेखि देखिएको हो । उनले नुरुन्त जुत्ता नभेटाए खाली गोडाले पनि हिँड्थे । एकतमासले कपाल जिङ्गिङ्ग, झुत्रो मैली कपडा लगाएर आफ्नो धुनमा एकतमासले दायाँबायाँ वास्ता नगरी ढिल्लीबजारमा हिँड्दा ठिटाठिटीहरू बेलाइत आयो भनि भनेका हुन् । उनलाई पटक पटक दाल भातको समस्या पर्दथ्यो । त्यसैले दाल-भात- टुकु नै जीवनको आधार हो भनी 'दाल भात- टुकु' कवितामा लेखेका छन्-

जीवनको प्रथम स्पन्दन
लहलहाउने सृष्टि नन्दन
सकल रसको एक गायक
सबै कलाको प्रथम विनायक ।

\+ + +

ओ ! ओ प्रभु, ओ ओ प्रभु !
दाल-भात-टुकु, दाल-भात-टुकु ।

कहिले बारीको साग सुलाले पेट भरे, झुत्रो ओढ्यानमा कति दिन काटे, कहिले धोती माथि लगाएर पनि बसे । कल्पनाको धुनमा विभिन्न भावका कविता काव्यहरू रच्दै भावहरू पोखिरहे । एक छोरी दुई/दुई योग्य कुमार छोराहरू दारुण अवस्थामा संसार छोड्दा विरहमा परेर साहित्यिक धुनमा हिँडिरहे । एकपटक नेपाल सम्मिलन पार्टी परेको जखमले छाता लिई पुग्दा दिग्गजहरूले 'यही छाताबारे भन' भन्दा घण्टौंसम्म छाताको बयान गरेपछि मोनी अड्डा उठ्ने बखत भयो भनेपछि उनी रोकिए । यस्ती कल्पनाबाट आकाश पाताल छोएर काव्यशक्तिमा दौड़ने उनको गतिबाट प्रभावित भएर उनीभन्दा जेठा कवि बालकृष्ण र लेखनाथ भए पनि २००४ साल श्रावण १५ देखि १७ सम्म सरस्वती सदनमा भएको पहिलो व्यापक कवि सम्मेलनमा देवकोटा नै सभापति तोकिए । बचाखुच भरिएको त्यस सभाको अन्तिम दिनमा सभापतिको आसनबाट हृदय छुने मार्मिक भाषण दिए । श्रोताहरू मन्त्रमुग्ध भई साहित्यिक रसपान गरे । यस्तै गरेर २००९ साल माघ १८ गते जयबागेश्वरी पुस्तकालयद्वारा पशुपति क्षेत्रमा विराट् साहित्य सम्मेलन आयोजना गरेको थियो । मध्य माघको जाडोको बदली भएको दिनमा देवकोटाले भागीले सुनिएकोले पुगेको थिए । बुझा आकाशमुनि भएको त्यस सभामा नेपाली लुगाटोपी र गलबन्दीसमेत लगाएका देवकोटाले सभापतित्व गरेका थिए । त्यस बखतमा उनको लवाइ खोसाइबाट पल्लित तीलमाधवका छोरा उनी पण्डितजस्तो देखिन्थे । हात हल्लाएर बेवका बुझा पाठ गरेजस्तो अङ्ग्रेजी कविता पाठ गर्दा अङ्ग्रेजी र संस्कृतको साझीप्यता प्रकट भएको थियो । विभिन्न धारामा उनका कविता धारा सुनेपछि दर्शकहरू प्रभावित भएका थिए ।

२०१५ असोजमा अफ्रो एसियाली लेखक सम्मेलनमा भाग लिन हवाई हवारमा सम्मेलन सुरु भएपछि नेपाली समूह ताशकन्द (रूस) पुगेको थियो । महाकविको स्वास्थ्य कमजोरहुँदै गएको थियो त्यसबखत । तैपनि तासकन्द क्रीटसमा रातारात रातीराती रगत शरीरमा लिएर पनि अङ्ग्रेजीमा भाषण लेखिएको थियो । पूर्वदेखि पश्चिमसम्मका

भएन । चरम गरीबीले आफ्नो सारा परिवारले सास्ती खाएको बेलामा पनि आफ्ना रचनाहरू कि सस्तोमा बेच्छन् कि सिर्तैमा दिन्छन् । त्यसैले मेरो विचारमा यी बौद्धिक विचारमा निकै माथि तर आर्थिक समझमा तल ।"

यस घटनाले मलाई आफूसे प्राप्त गर्न सकेका 'शारदा' का पुराना अङ्कहरू खोजेर हेर्न लगायो । सम्वत् १९९५ साल भाद्र/आश्विनका अङ्कमा देवकोटाको 'बाँसी' नामक कविता छापिएको पाएँ । यस कविताले आदिकवि भानुभक्तको आरम्भिक जीवनबारे केही नयाँ जानकारी पाएँ । यस्तै १९९७ साल भाद्रमा 'वन' नामक कविता छापिएको देखें । २००४ को अङ्क चारमा 'जुनकीरी' अङ्क आठमा 'शीतबिन्दु' तथा 'स्वरूप' समेत दुईवटा कविता, अङ्क नौमा 'सङ्कट' 'स्नेह' र 'घण्टाघर' समेत तीन सानाठूला कविता प्रकाशित गराएर नेपाल कार्यलाई निरन्तरता दिएको पनि देखियो । साथै, सानो-ठूलो, जीव-निर्जीवजस्तो विषयमा पनि कविता कल्पन सक्ने उदेकलाग्दो क्षमता देवकोटाको देखियो ।

जुद्ध हाइस्कूलमा पढ्दापढ्दै 'नेपाली पद्यसङ्ग्रह' पढ्ने र अध्ययन गर्ने सीमा पाएँ । यसमा 'सुन्दरीजल' कविता पनि थियो । यसमा पानीको प्रवाहको वर्णनमा वास्तविकता ल्याउन कवि देवकोटाले नयाँ नयाँ शब्दको निर्माण गर्नुभएको थियो । यी शब्द साथ बनेका केही हरफहरू यहाँ उल्लेख गर्न प्रासङ्गिक नै होला, जस्तै:-

दड्दड् छरछर, छड्छड् हरहर
सिस्सिम् सरसर, घनघन थरथर
छसछस छमछम, खलखल झमझम,
घलघल झागझाग, बरबर झारझार ।

यी नयाँ शब्दमार्फत् कविबाट अनुप्रास तथा अन्त्यानुप्रासको पनि राम्रो उदाहरण पेश भएको छ । यस किसिमले त्यस बखत बिराटनगरमा देवकोटाबारे धेरैको चर्चा हुने गरेका थिए ।

सम्वत् २००५-०६ सलाताक बिराटनगर र वासपास तत्कालीन राणाशासन विरुद्धको राजनीति चर्किंदै गयो । बिस्तारै बिस्तारै, जुद्ध हाइ

म पुनः भाव विभोर भएको छु

✍ विश्वराज पाण्डे

विक्रम सम्वत् १९९३।२।२६।५ मा मेरो जन्म भयो र १९९६ सालमा लक्ष्मीप्रसादको प्रथम प्रकाशित पुस्तकाकार कृतिको रूपमा 'मुनामदन' आयो । त्यस बखत काठमाडौंको फर्सिकेव टोलमा (हाल रञ्जना सिनेमा हल भएको पूर्वतर्फ छेवैमा) एउटा पुरानो ठूलो घरमा आफ्ना पितापुर्खाको साथमा मेरो बसोबास थियो । त्यस बेला मैले ग्रेस र डेक्का पार्टदै गएपछि तीन किसिमका गीत र सङ्गीत मेरा कानमा पर्न थाले । मी मध्ये, पहिलो थियो-विहान सबेरै मेरो घरमा गरिने नित्य पूजासाथ गाइने भजनहरू तथा पाठ गरिने स्तोत्र र मन्त्रहरूको आवाज । दोस्रो थियो-भऱ्याङ्गुरे तथा अन्य लयमा भट्याइने गीतहरू । तेस्रो थियो-ग्रामोफोनमा बजाइने रेकर्डहरूमा पुरुष तथा महिलाहरूले गाएका प्रायः नेपाली भाषाका गीतहरू । भऱ्याङ्गुरे लयमा गाइने र भट्याइने गीतमा 'मुनामदन' बाट उद्धरण गरिएका हरफहरू पनि हुन्थे । जिननले यी पुस्ताका सम्पूर्ण नै भऱ्याङ्गुरेका विभिन्न लयमा रचिएको छ । यस प्रकारले सानो कलिलो उमेरदेखि नै मैले देवकोटाका कृति सुन्ने र आनन्दित हुने अवसर पाएँ ।

विक्रम सम्वत् २००१ सालको वैशाख महिनामा बराह नगरान्तको नराह क्षेत्रमा मेरो जन्म भयो । यसपछि विराटनगरमा म आफ्ना मातापिताका साथ बसोबास गर्न थालें । काठमाडौंमा मैले आरम्भ गरेको मेरो पढाइलाई जारी राख्न विराटनगरस्थित आदर्श विद्यालयको पूर्व नाम श्री बुद्ध हाइ इङ्गलिसस्कूलमा भर्ना भएँ । त्यहाँ शिक्षा प्राप्त गर्दा पाठ्य भयो, देवकोटा पद्यलेखनमा भाव होइन गद्यलेखनमा पनि सिद्धहस्त हुनुहुँदो रहेछ ।

मेरा पिताजी मीनराज पाण्डेको पासा खेल्ने साथी रोलका आचार्यका पिता डा.विश्वप्रसाद आचार्य हुनुहुन्थ्यो । उहाँसँ कलकत्तामा डाक्टरीको अध्ययन गर्दा र पछि पनि देवकोटाको सङ्गत पाउनुभएको थियो । यो सङ्गत घनिष्ठतामा बढेको थियो । डा आचार्य आफू पनि कवित्वशक्तिका भएको र लेखनाथ पौडेलको 'बुद्धिविनोद' भित्रका प्रश्नका उत्तर सर्वप्रथम दिनुभएको थियो ।

जिनताका मेरा पिताजीले काठमाण्डूबाट भगाएर 'शारदा' पत्रिका पढ्नुहुन्थ्यो । एक अपराह्न म स्कूलबाट घर फर्केपछि देखें, डा आचार्यले देवकोटाको विषयमा फुरा गरिराखेको र 'शारदा' का केही प्रतिहरू सामुन्ने खोलेर राखिएका । त्यस बखतको सम्झनालाई पछि मिलाउँदा मलाई प्रष्ट भयो कि सम्वत् १९९५ को 'शारदा' मा देवकोटाको 'निद्रा' नामक निबन्ध प्रकाशित भएबाट, सम्वत् १९९६ सालमा 'प्रसिद्ध प्रवन्ध' को प्रकाशनपछि निबन्ध र प्रबन्ध विधामा प्रगति गरेबाट र २००२ सालमा 'लक्ष्मी निबन्धसङ्ग्रह' छापिएर निस्केपछि ती निबन्धप्रकारको उच्चस्थानमा उठानाई राखिएको थियो । त्यसबेलाको छलफल र सम्वादबाट भर्को एक जानकारी पाएँ कि उहाँ धारावाहिक रूपमा कवितामा कुराकानी गर्न सक्नुहुन्थ्यो र स्वयम् डा. आचार्यले देख्नु/सुन्नुभएको थियो । 'पाटलीपुत्र' नामक उपन्यासका लेखक शोभाचन्द्र खनालसँग पासा खेल्ने लहर चलेको बेला मेरो घरमा आइरहनुहुन्थ्यो । सयोगले त्यस दिन उहाँ पनि त्यहीं हुनुभएकोले उहाँको विचार पनि सुन्न पाएँ, कि 'यी देवकोटाको नाम लक्ष्मीप्रसाद राखेकै मिलेन । लक्ष्मीपूजाको दिन जन्मेकै यो नाम राख्नेको ठीक

साहित्यका कुरा, नेपाली साहित्यको गतिविधि, नेपाली क्रान्तिको कुरा, स्वच्छन्दतावादी भावना बढ्दै गएको आकर्षक भाषण सम्मेलनमा दिंदा तालीं पिटेर सबैले स्वागत गरे । पत्रकारले देवकोटालाई नेपाल र नेपाली साहित्यबारे प्रश्न सोध्दा देवकोटाले यथार्थ नताए । मस्कोमा पुगेपछि पनि नेपाली साहित्यबारे सोधिंदा देवकोटाले प्रशस्त प्रकाश पारे ।

धेरै वर्षअघिदेखि चन्द्रमा छुने यथार्थ कल्पना गर्ने देवकोटालाई चिनेर वर्तमान समयमा नेपाली साहित्य विभाग पनि रुसमा खोलिएको छ । नेपाली साहित्य र देवकोटाबारे यहाँ अनुसन्धान भइरहेको छ । काठमाडौं फर्केपछि उनका सहपाठीले कम्युनिष्टसँग साठगाँठ गरेको भनेपछि देवकोटा कम्युनिष्ट भएको आरोप लाग्यो । उनको प्रजा-प्रतिष्ठानबाट पाउने पारिश्रमिक समेत रोकियो । रसिलो पिउनुपर्ने पेटको क्यान्सरको रापमा शरीर सुकाएर चाहिने औषधीसम्म गर्न नसकी अन्तिम सास छाडेका थिए ।

साहित्यका नवैरस घुसाएर स्वच्छन्दतावादी भावसमेत पोखेर पौराणिक वस्तुमा पनि प्रशस्त नवीनता समेत राखी सामयिक कविता, सामाजिक कविता, व्यङ्ग्य कविता, बालकविता, क्रान्तिकारी कविता आदिबाट काव्यमा देवकोटाले ओजकोपना चन्द्रजस्तो प्रकाशकिरण छरेका छन् । पढ्नेहरू आफ्नै भाव, आफ्नै सुख्दुखका कुराहरू छन् भनी सम्झन्छन् । यसमाथि कल्पनाले भाव बर्षाउँदा छातिहरू पढेपछि मानिस कहाँ कहाँ पुग्छन् । देवकोटाका धेरैजसो कृतिहरू रसमय छन् । बालकृष्ण समको शब्दमा उनी जन्मे-मुनामदन, शाकुन्तल महाकाव्य र पागल कवितामा । मुनामदनबारे केही कुरा माथि नै उल्लेख भएको छ भने शाकुन्तल महाकाव्यबारे यस कलमले २०१६ सालमा 'महाकवि देवकोटा' ग्रन्थ लेख्दा 'सौन्दर्यमय प्राकृतिक कल्पना,' प्राचीनताबाट सामाजिक चेतना दिइएको महाकाव्य नेपालीमा देखिएको छैन र भविष्यमा पनि यस्ता सुन्दर गुणहरू अँगालिएका भावपूर्ण महाकाव्य प्रतिभावान् व्यक्तिले सुन्दर महत्त्वपूर्ण अनुभूति भएमात्र निरूपण सम्भव होला' भनी पृष्ठ २१६ मा लेखिसकिएको छ ।

सामाजिक चेतनाको माथि 'बढ्दा देउता जल्छन् अलिकति हाम्रा उदयले' भन्दै धर्तीपुत्र किसानमा कवि आकर्षित छन् । नम्र वचन र अतिथि सत्कारमा किसानको बनावटी नभई, महाकाव्यमा तुरन्त गाई दुहेर दुध र मकैको सात् खुवाउँछ । साथै पानीको गाग्रीबाट सारेर पानीको घुट्को पनि खुवाउँछ । मकै भुट्ने ढाँडीको बयान राखिएको छ भने किसानको पाठो उफ्री उफ्री स्वच्छ र प्रकृतिमा रमाएको नेपाली धर्ती लिखिएको छ । 'शिव सत् सुन्दरता निनादिनी' देवकोटाको भिखीभाग पोखे यो महाकाव्य हाम्रो समाजको अपूर्व सम्पत्ति हो । समाजका कुरा माथि सौन्दर्यले हराभरा भई पूर्णिय दर्शनबाट नवीनता छाइएको यस काव्यको रस, ध्वनी ध्वनीमा टपिएको छ । गृहस्थको कुरा करुणामा ढालेर स्वीले आफ्नो दर्द पोखेको भाव हृदयस्पर्शी छ । त्यसमाथि पुरुषले विरह व्यथामा पार्ने महिलाको भाव भएका शाकुन्तलका श्लोकहरू चित्रन्द्र कलेजको पूर्वभागमा पन्टेर लेखेका श्लोकहरू मध्ये 'कसोरी चिसेको' आकर्षक छ । त्यसमध्ये एक-

> कसोरी चिसेको भलमल छ मेरो नजरमा
> भिजाको त्यो बल्ली कुसुमित मुनाको रहरमा
> बन्यौ मेरो भन्दै मुसुमुसु गरी चारु नयन
> सिंदुरे रेखाले अरुणमरी चारु नयन ।

यस्तो सुन्दर भावना भएको शाकुन्तलको पहिलो श्लोकदेखि शृङ्गारमय वातावरण लिखिएको छ । धेरै अर्थ लाग्ने यस श्लोकमा पूर्वीय आदर्शको बोका काव्यबाट खोलिएर कल्याणको माथि धरातलबाट छोएर कल्पनाले रसाइएको छ । प्राकृतिक रसको माथमा हाथले सहराइरू हल्लाएर लास दिंदै शृङ्गारमा डुबेको वसन्त ऋतुको रमितामा ध्यान गर्न पनि आँखा खोलेर आकर्षित हुन्छन् ।

शिव पार्वतीको लीला देखाइएको साधा अर्थको यी श्लोक-

चिम्री लोचन दीर्घकाल तपमा खोलेर गम्भीरका
माथ्दी सुन्दर ताँसिने पवनमा देखी फुलेकी लता
किसी भी 'मन यो तिमी' यति भनी गौरी रुमाइकन
मुस्काएर फुल्याउँदा शिव दिऊन् कल्याणको चुम्बन ।

शिवबाट कल्याणको आशीर्वचन कामना गरिएको छ। यस्तो कल्याणकारी सुरम्य विषय बहुमुखी प्रतिभाबाट माथि निस्कन सक्छ। धरातलसाँई छोएर कल्पनाले विभिन्न अर्थ आउने गरी रमाइएको छ।

देवकोटाको आफ्नै जीवनशैली भरिएर लेखिएको अपूर्व कविता हो- पागल। उनले आफ्ना भावना बिचारसाथ संसार पनि यसभित्र चित्राइरहेका छन्। आफ्नै क्रममबाट आफ्ना मर्मका कुरा छताछुल्ल पारेका छन्। कविताको शैली स्पष्ट छ। यो घटिले २०५० सालमा प्रगति पत्रिकामा छापिएको थियो। त्यसलाई अलिअलि शब्दमात्र मिलाएर 'इन्द्रेणी' पत्रिकामा फेरि २०१३ सालमा छापिएको थियो।

रातभरि चन्द्रमा हेर्ने र एकनासे धुनमा झिँड्ने उनलाई देखेर डाक्टराइले औषधी गर्न १९९५ सालमा राँची पुऱ्याएका थिए। राँचीको डाक्टर बर्मले हिलबर्ग चार महीना उपचार गराइएको थियो। अरूका पाँच इन्द्रियले काम गर्नेमा उनका मुटुबमेत छ इन्द्रियले काम गर्दछे। डाक्टरले भने - देवकोटा पागल होइनन्। जन्मको, धरातलको कारणले मात्र उनी यस्ता देखिएका हुन्। देवकोटा आफैले आर्थिक कारणले गर्दा यस्तो भएको स्वीकारेका छन्। आफ्नो आत्मा र अरूको आत्मा चिनी असमानताको कठिन समाजलाई पवित्र पार्न देवकोटाले मानवतावादको ठूलो अघि सारेका हुन्। स्वार्थी राजाको चरित्रनन्दा गरीब निमुखा साना व्यक्तिको चरित्र राखी देखाइएको छ। राजाको शक्तिलाई उनले केही पनि ठानेका छैनन्। धेरै मानिसलाई सारेर विश्वविजेता हुने सिकन्दरलाई गाली गरेका छन्। साधारण संसार र देवकोटाको संसार फरक छ। यस आत्मपरक कवितामा मानवताई हेर्पर स्वार्थपूर्ति गर्दा उनी भन्छन्-

जब मानवले मानवलाई
मानव ठान्दैन् साथी !
तब कड्कड्याउँछन् मेरा बत्तीसदन्ते कङ्गारा
दुवै
जस्तो भीमसेनका दाँत !
अनि प्रलयपने सालसाल आँखाका डल्ला
फरक्क घुमाएर एकड्बलले म
यी अमानवको मानवजगतलाई
एक आगाको लप्काले हेर्दछु साथी !

यस सशक्त कवितामा बनावटी र आडम्बरी समाजबाट देवकोटा अतालिएका छन्। समानतावाद र समाजवादको निगुल फुकेका छन्। रसिलो व्यङ्ग्य पनि ठाउँ ठाउँमा राखिएको छ। चेतनावादी फरासीको संसार देखाएर बाटो देखाउन खोजिएको छ।

यस्ता देवकोटालाई यस व्यक्तिले २०१५ सालमा डुबुल्की मार्दा सागर मानिसकेको छ। सागरभित्र खोजी गर्नेले आफ्नो क्षमता अनुसार वस्तु पाउँछन्। महाकवि देवकोटा रन्थको पहिलो पातामा हिमोमैयो पोखरीमा प्रफुल्ल कमल फुलेको सानो तस्विर राखेर संसारमा सुगन्धित पार्ने। देवकोटाले गरेको परिश्रम देखाउन खोजिएको हो। भ्रष्टाचार, दुराचार, लोभ, मोहको हिलोभित्र रहेर पनि उनको चौडा निधारसँग गासिएको अजस्र भावना र कल्पना भरिएको मथिङ्गले अग्रगामी बाटो देखाइरहेको छ। मानिस मानिसमा पाकिलो मित्रता छाउन गन्धेनारलाई उखेलेर सुगन्धित फूल फुलाइएको छ। यस्तो व्यक्ति देवकोटा समष्टिमा मिसेर धरातललाई प्रकाश गरिरहेका छन्।

❖❖❖

अमृतपान बन्छ। त्यहाँ न छल छ, न त कपट नै। छलकपटविनाको जीवन भविष्य। नेपालको भविष्य हामै माथा भविष्य। हामै कर्मठता हामी पसिना। पसिना पसिनेन्छ कर्मठतामा। हामी कर्मठता हामी सृजना। हामी सृजना हामै सम्पदा। हामै सम्पदामा हामी हाँसी। हामै मुसुक फुकेको आठमा नेपाली क्षितिज सबारे स्वर्ग किरणसाथ मुस्काउँछ। कविता शब्द शब्दका छापचाट रमाइरहन्छ। देवकोटाका कविता मर्मस्पर्शी बन्छन्। परन्तु, उनको मर्मसम्म छोइदिनु पर्छ हामीले। कविताको गहिराइसम्म चुम्बिनु पर्छ। कविताको पँदसम्म चुम्बिन्दाको आनन्द आनन्दै हुन्छ। त्यो आनन्द अनुपम रहन्छ। आनन्दको स्रोत पसिनाको मुहान रैछ। जहाँ पसिनाको स्रोत छ, त्यहाँ मच्चा कमाइ छ। मच्चा कमाइ त्यहाँ, जहाँ आत्मानिभरताको आत्मज्ञान छ। आत्मज्ञान जहाँ ज्योतिर्मय उजेलिन्छ, त्यहीँ सत् चित् आनन्द साकार तिन्छ। भनिन्छ।

"पाउन्भ शान्ति किन हो ? कुन ठाउँ मिल्छ ?
तर्किन्छ त्यो रुखमुनी, जुन साँच मिल्छ।"

शान्ति मानिसको अनवरत अन्वेषण बिन्दु बनेको बन्दै छ। मानिस युगौंयुग शान्तिको खोजमा भौंतारिएको भौंतारिएकै छ। तर, शान्ति खोजिनितीकै पाइलाहरूबाटै भागिरहेको हुन्छ। शान्ति प्राप्तीय बनेनन्। अप्राप्य रहे शान्ति। शान्ति दूरगामी हुन्छ। शान्ति बहिर्गमनमा पाइन्न। शान्ति बहिर्मुखी पनि छैन। शान्ति शान्तिपूर्ण भ्रमणमुखी पनि हुन्न। अन्तर्मुखी छ शान्ति। अन्तर्भ्रमण चाहिन्छ शान्तिको लागि। अन्तर्यात्रा आफूभित्रको यात्रा। अन्तर्दृष्टिको उपयोग। निजीतहको भावबस्तु जे अमूर्त रहन्छ आफूबाहिर त्यो झल्कनाकार बन्छ आफूभित्र आफैमा। अन्तस्करणको दिशा बन्नुपर्दछ आत्मप्रकाशको लागि। हामी जे बोल्छौं अन्तस्करण बोल्छौं। अन्तस्करण आफूमा आफै अन्मूल्य बन्दौरै'छ। हात बहिरङ्ग। बाहिर छ हात। बाहिरी हातले भित्री भावबस्तु छुइन्छ नै कसरी ? अन्तस्करणको हात त भित्रै रहन्छ। अन्तस्करणको हातको हत्केला हुन्न। न अन्तस्करणको हातको औंला नि हुन्छन्। नङ्ग्राहरू नि हुन। केवल स्पर्श हुन्छ। नरम नरम। कोमल कोमल। शान्ति नितान्त भावनात्मक तरङ्ग। त्यसलाई छुन मुगावम अन्तरस्पर्शहरू चाहिएको हुन्छ। अन्तरस्पर्शहरू जो आफूले अन्तरालबाट निसृत रहन्छ। भावनात्मक सम्वेदनालाई भावनात्मक सचेतनाले स्पर्श गरिदिनुपर्दौरै'छ। भावना आफ्नै हुन्। आफ्नै भावनामा आफूलोलागि आफैभित्रबाट उब्जने शान्ति सुलह गर्न सम्नुपर्दा रैछ। देवकोटामा यिनै भाव तरङ्गमा गाइरहेको स्वरगुञ्जन गुञ्जिन नै रहेछन् निरन्तर मनभरी, ज्ञानभरी, आफैंसित, आफैभरी।

गोरेटा भानुका, पाइला देवकोटाका। भानुले प्रश्नोत्तरमाला गुँथे। देवकोटाले मार्ग प्रशस्त पारे। भानुको प्रश्नोत्तर शैली भानुमै सीमाबद्ध रहेन। देवकोटाका पाइलैपाइला यस शैलीका पथगामी बने। एक पटक आफ्नु, ओकनु साच्छ फेरि

ठूलो नरक कुन् छ भनेर जान्नू ?
यही शरीर छ भनेर मान्नू।

+ + +

सारा जगत् जित्छ अवश्य कस्ले ?
अभ्यास् सरी मनुकन जित्छ जस्ले।

-भनुभक्त आचार्य

देखिन्छ ईश कुन मन्दिरमा पसेर ?
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर।

+ + +

के हो ठूलो जगतमा ? पसिना, विवेक !
उद्देश्य के सिनु ? उडी छुनु चन्द्र एक।

- लक्ष्मीप्रसाद देवकोटा

गोरेटा भानुका, पाइला देवकोटाका। चलि नै रहन्छन् निरन्तर। आनुशरण हामी पाइलाहरू गरिरहेछन्। नयामिने गतिका यी पाइलाहरू पाइलै पाइलाका पाइलाहरू बनून्। देवकोटा प्रत्येक पिढीगत बाँचिरहून्-नव्य जीवनहरू।

-त्रिपाडोल-१, भक्तपुर

साँझको रहेनछ । अघिल्ले मुनिल मैले यी कानहरूबाट मौनताहरू । मौनताको ध्वनिगुञ्जन हुँदैनिन्छ । जसको ध्वनिगुञ्जन हुन्न, सुन्ने पै कसरी र ? यी छुनाका कानहरू पञ्चमानिसका श्रवण इन्द्रिय मात्र । जे जडिएछन्, त्यही गरेर त्यसले । मौनताए सुन्न सेल इन्द्रिय खुम्पपर्दोरहेछ । त्यो चेत इन्द्रिय त मन पो रहेछ । भानुभक्त कस्तो गोरेटोमाथि रहेछ ? आइक नि कठिन ! लाग्छ, अचेलभरीका जगत् जिले जिताइ जितालुहरूलाई भानुका मन जिले मन्त्र उच्चारण गर्न लगाउनुपर्दो हो ।

बाहिर जे जितेरै के हुन्छ ? जब भित्र मनै हारिएको हुन्छ । मननन्दा जितिराख्नुपर्ने अरू कसै रहन्न । मन सर्वव्यापि शृङ्खला । मन सदाकालीन बहार । मात्र मनैमन भइदिन्छ एक साल जिन्दगी । मात्र मनैमन रहिरहन्छ । बाँच्नुको अवशेष । बाँच्नुको अवशेष । निशेष पछिको शेष मन । हावामन्दा चञ्चल मन । अरूको वशमा वशिभूत बन्न मन । मनको साधक मनको मालिक । मनको मालिक आफ्नै मन । मनलाई छुन आफूलाई छोइदिनुपर्छ । आफूलाई छुन मनलाई मनाउनुपर्छ । मनलाई मनाउन अलिअलि छुने दर्शन सँगाल्नुपर्ने हुन्छ । दर्शन, अन्तरदर्शन । अन्तरदर्शन आत्मदर्शन । आत्मदर्शन मनदर्शन । मनदर्शन सत्यदर्शन । सत्यदर्शन भन्दा ठूलो दर्शन के दर्शन अरू ? मनदर्शन गर्दागर्दै एउटा यस्तो अनुभूतिले घुम्न लाग्छ कि आत्मदर्शनको अस्तित्व बेगवान् यात्रा बोध भइदिन्छ । आफैंभित्र एक यात्रा चलिदिन्छ, जिन्दगी जिउने जीवन्त जीवनयात्रा । जहाँ अस्तित्व हिँड्छ, आफैंसित आफै । न छेकेरे छेकिन्छ । न धकेलेरै धकेलिन्छ ।

रोक्न आए प्रवाह बनेर बगिदिन्छ । सस्काउन आए हुरी बनेर निभाइदिन्छ । तान्न आए पहाड बनेर निर्यंकका अडिग भइदिन्छ । मन त यस्तो मनको मोह रैछ, न यसलाई शस्त्रले छेदन गर्नसक्छ न आगोले डढाउन सक्छ । अन्तरालदेखि अन्तरालसम्म अन्तस्करणीय यात्रा भरिदिन्छ । अनवरत यात्राका अन्तरयात्रीलाई धूसपेठको जरूरत नै पर्छ ठाउँ ? भानुको गोरेटो त अन्तरमनको यात्रा-मार्ग भइदिन्छ । अन्तरमनको मनयात्रा आत्मयात्रा बनिदिन्छ । आत्मयात्रा आफूलाई आफैंसित डिढाउन डुलाउने अपत्यारिलो गोरेटो हो, भन्दै भानुको गोरेटो जस्तो । गोरेटो, जसको यात्रारम्भ मोतीराम भट्टले गरेको । त्यही गोरेटोको शिलान्यासमा मोतीले भानुको परिचयात्मक गाथा गाएको । त्यही गाथा आस्थापाठ बन्यो । त्यही आस्था गोरेटोमा महाकवि देवकोटाको पाइला पऱ्यो । गोरेटोमा पाइला टेक्दै देवकोटाले मार्ग प्रशस्त पारे । लेखे

"के हो अहो ! अमृत त्यो सुरदेव पान ।
सच्चा कमाइ गरिखानु मनेर जान ।"

उच्च मनोबल र व्यवहारमूलक चिन्तनपुञ्जहरूलाई महात्मा, महादेव भनिएको छ । त्यस्ता सुरदेवले उपभोग गर्ने पदार्थ अमृत ठानिँदो रहेछ । सबै सबैलाई अमृतपान गर्ने इच्छा लहर चल्दोरैछ । लहरका लहर चल्दाचल्दै पनि त्यो सुरदेव पानको ठम्माई भइनसकेको अनुभूति देवकोटाका कविताई भइदिन्छ । कवि हुन् भाव विह्वल हुन्छन् । अनुभूतिगम्य बन्छन् कवि । विचारवान् कवि दार्शनिकतामा उल्लिन्छन् । चेतनाका पङ्ख उभाली सगरभरी विचरण गर्छन् माथिमाथि । माथिबाट जीवन-जगत् निर्याल्छन् । मानौं उड्डान गर्नु भनेकै जीवन-जगत् निर्याल्नुको पर्याय बनिदिन्छ । उडेर आफै पर्यावलोकन गर्नैपर्छ विहङ्गम दृश्य । विहङ्गम दृश्य आफू उडेर माथिमाथि आकाशिँदै धरातल माथि । जहाँबाट धराबासीहरूलाई हेर्नै रहर मेट्न सकिने हुन्छ । आकाशबाट उच्चात अवलोकन । मात्र परिदृश्यको नभएर यथार्थको । यथार्थ सच्चाइको । यथार्थ कमाइको । कमाइ पसिनाको । पसिना श्रमको, मजदुरीको । पसिना किसानीको । किसानी सङ्घर्षमय लगनशील जीवनको ।

किसानले गीत बन्छ, माटो गोड्छ । कविले भावना बन्छ, विचार गोड्छ । कल्पना सिञ्चन गर्छ, जीवन रहन्छ, भविष्य उमाइ । सच्चा कमाइ

महाकवि देवकोटाः केही संस्मरण

✍ महेश्वर शर्मा

साहित्यकार कुनै पनि राष्ट्रका साझा बौद्धिक सम्पत्ति हुन्छन् । उनीहरू सानुरो घेराभा नभएर सबै जात-जाति, धर्म-सम्प्रदाय र वर्गका साझा निधि र प्रतिनिधि हुन्छन् । उनीहरूलाई भौगोलिक सीमाले छेक्दैन, सीमारहित हुन्छन् । हामे कुरा गर्नौं-हामीसे हामै सम्पत्ति चिनेनौं । भानुभक्तलाई नाजिलिइले चिनाथे । उनको रामायण पनि सर्वप्रथम दार्जिलिङले नै छापएर नेपालीको जातीय अस्मितालाई विश्वका छनाफनामा पुऱ्याथो । बल्लतः त्यही नै नेपाली सांस्कृतिक एकताको प्रतीक हुनगयो ।

यो वर्ष नेपाल र नेपाल बाहिरसमेत महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी मनाइदैछ । देवकोटालाई हामीले बेलैमा चिन्नसकेका भए, उनले दुःख पाएर मनुपरेजेसा हामी आज जति दुःखमनाउ गरेरका छौं, त्यो शोच रहने थिएन । आज राजनीतिक क्षेत्रमा 'समावेशी' शब्द बहुप्रचलित छ । पृथ्वीनारायण शाहले त दूरदर्शी सोचाइ गरेर उतिबेलै नेपाललाई उपत्यकामा तत्कालै प्रचलित छत्तीस जात र चार वर्णको साझा फुलवारी भनेर विभिन्न जातजाति र भाषाभाषीको समावेशी स्वरूपबाट बिच उद्घोष गरेकै थिए । त्यस्तै देवकोटाले पनि 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्दै भेदभावको घेराबाट माथि उठेर समानता र मानवतावादी धारणा अघि सारेकै हुन् । द्विवै भए पनि आज शतवार्षिकी मनाएर उनको मर्यादा राख्नु राष्ट्रकै मर्यादा सम्मानुपर्छ ।

जुनसुकै कवि-लेखक-साहित्यकारले पनि आफ्नो समयको रिक्तता पूर्ति गरेको हुन्छ । सुवानन्द, शक्तिबल्लभ, उदयानन्द, भानुभक्त, मोतीरामहरू भन्दा आज धेरै राम्रो लेख्ने मान्छे छन् भनैमा तो पूर्वजहरूको देन र महान त यहाँदैन नि । साहित्यकारले आफू बाँचेकै समाज र आफूले भोगेकै कुरालाई विषयवस्तु बनाएर लेखेको हुन्छ । भानुभक्तले तात्कालिक समाज-व्यवस्थाका बिम्ब उतारिदिएकोलाई अनुदार लेखन र अप्रगतिशील विचार भन्न मिल्दैन । सामाजिकस्तर तल छोइएदै उच्चस्तरको साहित्यलेखन भयो भने त्यो शैक्षल आदर्श हुन्छ र त्यस्तो साहित्यले सामाजिक यथार्थको प्रतिनिधित्व गर्दैन ।

एउटै लेखक-साहित्यकारले विभिन्न कालखण्डमा लेखेका रचना केसाउने हो भने तत् तत् कालको प्रतिबिम्ब पाइन्छ, अर्थात् जुनबेला जस्तो शासन र समानव्यवस्था थियो, त्यसकै प्रतिच्छाया ती रचनामा पाइन्छ । यसरी एउटै लेखक समय अनुसार उदार-अनुदार भएको पाइनुलाई अवसरवादी लेखन भन्न सकिए पनि लेखकको इज्जत राखिदिन विचार परिवर्तन भएको भन्ने चलन पनि छ । नगण्य अपवाद बाहेक कुनै पनि साहित्यकारका रचनामा राणाकाल, प्रजातन्त्रकाल, पञ्चायतकाल र त्यसपछिका विभिन्न चरणका शासनका पक्ष प्रतिबिम्बित भएको पाइन्छ । अरूको कुरै छोडौं, सूक्ष्म अध्ययन गर्ने हो भने देवकोटासमेत अपवाद छैनन् । तर त्यसो भनैमा देवकोटाको महिमा घट्दैन । देवकोटा आज पनि नेपाली साहित्य मन्दिरका गजुर नै छन् र रहिरहनेछन् । उनको शतवार्षिकी मनाउने त्यापछा कार्यक्रमले नै त्यसको पुष्टि गरिरहेका छन् । यसै क्रममा श्रद्धाञ्जलीस्वरूप

यहाँ उनका सारमा केही कोट्याउन खोजिएको छ ।

महाकविको उचाई र गहिराई नाप्ने सामर्थ्य भएर होइन, 'दायित्व' का प्रधानसम्पादक रामप्रसाद पन्तजीको आग्रह टार्न नसकेर मात्रै म अघि सरेको छु । नडाँटी भन्नुपर्दा देवकोटाका शेरेजसी कृति मैले पढ्न भ्याएको छैन, बुझ्न त परै छ । महापण्डित राहुल सांकृत्यायनले हिन्दी साहित्यका तीन प्रख्यात कविरत्न पन्त, प्रसाद र निरालाको एकैरूप हो देवकोटा भनेर उच्चमूल्याङ्कन गरे उनैले 'महाकवि' को पगरीसमेत गुताइदिएका हुन् । यथार्थमा शेली, शेक्सपियर र कालिदासको पनि संयुक्तरूप देवकोटामा देख्न सकिन्छ भन्ने पनि विद्वहरूको भनाइछ ।

त्यस महान् विभूतिले नेपाली साहित्यभण्डारलाई भरेको मात्रै होइन, नेपाली साहित्यको साइनो विश्वसित पनि जोडेर गएको छ । हामीले समयछेदै चिन्न नसक्दा आज हामीसित पछ्यारी मात्रै छ । शब्दलाई ठीकठीक प्रयोग गर्ने हो भने लक्ष्मीप्रसाद देवकोटा असाधारण हो, महान् हो । सबै त्यसै असाधारण र महान् हुँदैनन्, कामले गर्दा विरलैमात्र ती शब्दका हकदार हुन्छन् । अब म उनका अनेकौं महाकाव्य, खण्डकाव्य, गीतिकाव्य, निबन्ध, प्रबन्ध, उपन्यास, कथा तथा अनगन्ती फुटकर रचनालाई लिएर होइन, बनारसको बसाइमा म आफैंले खोटे बेहोरेका महाकविसँग सम्बन्धित दुईवटा संस्मरण प्रस्तुत गर्न चाहन्छु ।

संस्मरण -१

बनारस ब्रह्मघाटनेरको एउटा सामान्य घर । सिरानको तला । तीन कोठामध्ये एउटा भित्री कोठा । त्यो कविकी सहधर्मिणी गजेको भुसे चम्बो-बिस्तरा आदि के के थियो-थाहा भएन । बाहिरी दुई कोठामा पनि भित्रपट्टिकी खुला सानी कोठामा लेखेर/फाल्दै गरेका कागजका डङ्गुर । त्यस बाहिर महाकविले लेख्ने, बाहिरका मान्छे आएर बस्ने सार्वजनिकजस्तो कोठामा एउटा अर्धनग्न सतरञ्जा, त्यसमाथि बीचमा एउटा लम्बोदरको मैलो लम्पट र त्यस्तै एउटा तकिया हुन्थ्यो । प्रचण्ड गर्मीले छुत तातेर खपिनसक्नु त्यो कोठामा एउटा मैसे स्वान्ठो गञ्जी र धोतीमा बोइएर लम्पटमाथि थोप्टो परेर, तकियालाई छातीमा च्यापेर कापी कागज पाए तिनैमा तब जुनसुकै कागज अखबार या चुरोटको बट्टा भए पनि छुटे शिशाकलम दाहिने हातमा र देबे हातका औंलामा चुरोट या बिंडी च्यापेर केही न केही लेखिरहनुहुन्थ्यो । अनेर लेखेको मैले कहिल्यै देखिन ।

शिशाकलम छोडिएर, किएर जतरै लपने हुँदासम्म पनि यहाँ चाहा पाउनुहुन्थ्यो । 'ए गुरु ! यो त किएर नसेले भएछ' भनेर कसैले (आगन्तुकले) भनेपछि लौत, बसलाई तिखानौंत भन्नुहुन्थ्यो । कागज नपाए सिमेन्टको भुइँ अथवा भित्तैमा पनि लेख्नुहुन्थ्यो । वहाँको सेवनको दौड चुरोट बिंडीको धुवाँसँगै हुन्थ्यो । चुरोट-बिंडी नभए तलतलसे रन्थनाउने र सेल्ले छोडेर बिंडी चुरोटका ठुटा खोज्न थाल्नुहुन्थ्यो । बिंडी चुरोटका ठुटा भने छोटामा असरल्लै हुन्थे । लेख्दा धुनमा निभेको थाहा नपाए पनि तानिरहनुहुन्थ्यो । कसैले निभेछ गुरु ! भनेसम्म ठुटो हातमै हुन्थ्यो । चुरोट बिंडीले दुवै हातमा औंला पहेंले थिए ।

बज्यैले सकेसम्म चुरोट बिंडी अड्कलेर दिनुहुन्थ्यो र तलतलसे ज्यादै आलिएको चुर्कोपछि आफै दिनुहुन्थ्यो । भेट्न जानेहरूलाई बज्यैले ढेर चुरोट बिंडी नदिनोस् है बाबु ! भन्नुहुन्थ्यो । बिंडी चुरोट सकिएपछि बिस्तरैमा पटेका बसले घरेर लम्पट या सतरञ्जामुनि बिंडीका ठुटा खोजुञ्जेल गर्नुहुन्थ्यो । तर बज्यैले सलाई पनि परै राखिदिन हुनाले अरू छोही गएपछि मात्रै सल्काइन्थ्यो । मान्छे आउने जाने कम भने खासै हुन्थ्यो । बिंडी नपाएर छट्पटिएका बेला जो गए पनि बिंडी छ ? भन्नुहुन्थ्यो ।

बन्छ । जहाँ पारखी भेटाई त्यहाँ स्वाद बन्छ । पारखीहरूका पारखमै स्वादको स्वाद निरक्न्छ । स्वादका स्वादर स्वाद पारखमै स्वादिएछ । पारखी पारखदारहरू बन्दा । पारखको पौरख निस्कन्छ । पौरखविनाको जिखो के जिखो ? जिखोको जुनिमा पारख गर्ने अवसर हुनु जीवनदायी बन्छ । पारखी जिखोको जुनी मान्छे बन्छ । पारखी जिखोको जुनी जिउने मान्छेको पौरख बन्छ । पौरख मान्छेको बिम्बमा उतिन्छ अब । मान्छे बिम्ब बन्न पुग्छ । बिम्ब मान्छे बन्छ । मान्छे र बिम्ब । बिम्ब र मान्छे । आपसमा घोलिन्छ । मसाई धाउ धाउ, हम्मे हम्मे पर्न थाल्छ । म बिम्ब पनि बनिदिन्छु । बिम्बसितको म मान्छे पनि भइदिन्छु । द्वैध चरित्रधारी भस्त्रान्नुस् । के पो फरक पर्दो हो ? लाग्न थाल्छ उलिने सेर मान्छे विविध बिम्बहरूसी बनिदिन्छ । मान्छेको बुझआयामिक व्यक्तित्व छति स्वादिन्छ । सापेक्ष मान्छे र उसको त्यागितत्व । सदा र्फै सर्वकालिक । सर्वकालिक सापेक्ष नै रहन्छ । विश्वरूप दर्शनसितको सापेक्षबाट यही सापेक्ष बन्छ । कुन बालकसित बालकै बन्न सक्नु उसको सापेक्षित सन्दर्भ बन्छ । सापेक्षित माथी, बुझामुझासित मन्तति । सासु ससुरासित बुहारी/जुवाई ।

सापेक्ष चरित्र साधना गर्नु स्वर्णिम साँझ-बिहान आफ्नै जीवन आगनमा अवतरण गराउनु हो । त्यहाँ नारकीयपन बिलाएको हुन्छ । स्वर्णिम साँझ-बिहानी अवसान र उदयको बिम्ब बन्छ । विकृति जब जीवनमा देखापर्न थाल्छ, स्वीकृतिहरूका रूप बदलिन्छ । बदलिएपछि शाश्वत् स्वीकृतिमा विकृति बन्छ । विकृतिसूचक चरित्र । व्यवहार सबै सबै नै नारकीय बन्छ । मान्छेको चेतको सार्थकता ऐतिक जीवनमा रहन्छ । चेत हराएको ऐतिक जीवन देशव । शङ्कास्थानाई कसरी स्वर्ग मान्ने होला ? बिकृत चेत धारण गरेको शरीर नरक समान रैछ । भनहन् भानुभक्त आचार्य-शताब्दी उँभो लागेर अझै, दुइ शताब्दी पुग्न लागेको यो बेला । भानु त उनकै गोरेटाका अमर साथी बनेछन् । शरीरै नरक । शरीरै स्वर्ग । स्वर्णिम किरण छर्ने असल काम गर्दा शरीरमै स्वर्ग उतारेछ । अँधारी छुकमा गर्ने कुत्सित जीवन शरीरसित नरक नारकिन्छ । स्वर्ग र नरकको चेत/अवधारणा शुद्धतौफिक बन्छ । जीवन सापेक्ष रहन्छ । यो भ्रम तोड्न रैछ । यो कार्यहरूको सार्थक / निसार्थक फल रैछ । "पाप गरिकन नर्क नजाओ, धर्म गरेरै स्वर्ग सकारौं ।"गीत गाइरहूँ र्फै लाग्छ । मानुको प्रवन उत्तर छति सारगर्भित लाग्न थाल्छ । कविता केवल शब्दमा होइन, भाव र अर्थविन्यासहरूमा विभोर बन्न थाल्छ । यतिखेर औंशीलाई ओकल्न मन लाग्न थाल्छ । "कविता शब्दका कापकापबाट रसाइरहन्छ ।" शब्दका कापहरू मनौं नेपाली पर्वतमालाका चिरा हुन् । झर्नाबाट निरन्तर रस चालेजिता चुहिएर नदीको आकृति बनिरहेको हुन्छ ।

'सारा जगत् जिल्ह अक्षरम कसले ?
अभ्यास गरी मनुजान जिल्ह जसले ।'

आध्यात्मिक परामर्श मै चारमार्गिक दर्शनबोध गर्नु मानुभक्तीय परम्परा बन्नु युगबोध बन्यो लामो निरन्तरतासित । यस्ले जस्किने सार्थकता त्यही नै जोड्यो । मसित युगले बोल्ने बोल्यो । मैले सोचेको सोचहरू युगको चकेटो बन्यो । पैमा गुहुयो । गुहिरहेछ निरन्तर । मानौं मेरा पाइलाहरू अब हिँडाइबाट गुडाइको युगसम्म गुहून थामिरहेछन् बिना विश्राम । मसित हिँडेका पाइलाहरूमा म सम्मिलेछु । मेरै पाइलाहरूमा सम्झिदा मेरो क्षितिज मैदेखि कलिदिन्छन् । क्षितिज दूरीबाट दूरदूर प्रदेशसम्म परदेसिन्छ । थाहै हुन्न कि म परदेशी हुँ या परदेशी मेरो मेरै म ! म भने जगत जित्न आएर मन जित्न सबनुपर्ने आग्रहमा अघोषित घोषणाको मौनवाद कुकिरहेछु । अघोषित घोषणा कस्तो घोषणा होला ? मौन नाद । कस्तो नाद होला ? मौनता र नाद । ९० डिग्रीको अन्तर । मौनता केको नाद होला ? नाद कस्तो मौनता होला । हुनै तसर्ने । नबोंदा रहेछन् असम्भवहरू सबै सम्भवै सम्भवहरू । मौनताभित्रका नाद सबै उकुसमुकुसहरू पो बन्दारैछन् । मौननादहरू छालाका कानहरूले सुन्न

गोरेटा भानुका, पाइला देवकोटाका

✍ तेजेश्वरबाबु श्रेष्ठ

जहाँ गोरेटो त्यहाँ पाइला । गोरेटो बन्नुपर्छ । पाइलाहरू पाइलिन्छन्, छिडिन्छन् । गोरेटो पाइलाकै निशान हुन् । पाइला टेकेरै गोरेटो गेरेटिन्छन्, गोरेटो बन्छन् । हामी गोरेटोका पाइला पनि । हामी नै पाइलाका गोरेटा पनि । कहिले म पाइला भइदिन्छु । कहिले गोरेटा । पाइला र गोरेटाको सम्बन्ध यति परिपोषक छ कि यी मध्ये र मासुजस्तै छन् । एकअर्का परिपूरक छन् यी दुवै आपसमा । परिपोषक र परिपूरक समन्वयका विशेषण बन्छन् । एकाले अर्कोलाई समृद्धिमा योग पुऱ्याउनु पाइलो र गोरेटोको सम्बन्ध भइदिन्छ । समन्वय भइदिन्छ ।

भानुभक्त आचार्यले यो भाषालाई वर्तमान दिन गोरेटो बनाए । गोरेटो उनकै पाइलाका पदचाप रहे । गोरेटो उनकी । पाइला देवकोटाकै पनि । पाइला सबै संबैका । अनि भानुको गोरेटो, गोरेटो मात्र रहेन । पाइलाहरू पदार्पण भएरै गोरेटा लम्बिँदै गए । विद्यागत पाइलाका अनुष्ठानले गोरेटा चाम्लिए । फराकिए । लम्बिँदै चाम्लिँदै गरेको यसले ब्राह्मयको अवतार पायो । नेपाली ब्राह्मय अवतार भानुदेखि देवकोटासम्म माथ सटेन, मैसम्म नि सटिन आए । मैसम्म सटिनुको पर्याय भानुका गोरेटाहुँदै भरिएका यात्रामय पाइलाकै सार्थकता सेलिएर ।

भानुको गोरेटोलाई फराकको चाहना थियो । देवकोटाले फराकिलो पारिदिए गोरेटोलाई । गोरेटा फराकिए देवकोटाका पाइलाले । देवकोटाका पाइला कर्यौले पछ्याए । अलग्गिन सकें कहाँ म ? कविकुन्जदेखिका गुरुकुलघरान । मम्म छन् कवि देवकोटा । आओ गुरुकुलका घरानाहरू ! आओ, कृतज्ञतालाई जीवन दर्शाऔं ! कृतघ्नता अवसरवादीता । कृतज्ञता जीवनवादीता । मलाई कृतज्ञतापूर्ण जिन्दगी मोह चाहिएको छ । जिन्दगी मोहसार कृतघ्नताबाट उद्भव हुन्न । कृतघ्नता नारकीय प्रवृति मात्र । नारकीय प्रवृत्ति मनुष्यवृत्ति कसरी होओस् ? यो आसुरी प्रवृत्ति । आत्मश्लाघाबाट प्रजनन हुँदोरहेछ । आत्मश्लाघा । सबै ठीक आफै । अक्र तृणवत् । धारणा यो आत्मदम्भको ।

सायद मेरा अग्रजहरूले उत्सर्ग र आत्मदम्भ एकै कसीमा छोटेका भए भानुका गोरेटामा देवकोटाका पाइला धर्ने थिएनन् होला । देवकोटा ब्रह्मकारको पोको थिएन । भानुका गोरेटामा पाइला हाल्नु उनका उनीपन थियो र अन्यो । उनकै आफ्नोपनमा अस्तित्व जगेर्ना भयो । भानुको गोरेटोमा चालिएका उनका पाइलाहरूका छोबमा देवकोटाका अस्तित्वको आधार बन्यो । अस्तित्वको अर्थ खुल्छ जहाँ आफ्नोपन अड्केको हुन्छ । आफ्नोपन हिंगो भइनु अस्तित्व बन्छ । अस्तित्व क्षणिक हुन्न । कालजयी हुन्छ अस्तित्व । विचरण गर्दै थिएँ, भानुका प्रश्नोत्तर माला । आफ्नै प्रश्न, आफ्नै उत्तर । सहज नहुँदा छन् प्रश्नोत्तरमाला, यदि भानुले आफ्नै प्रश्नमा आफै जिज्ञासु नबनेको भए । आफ्नो आफैंसित प्रश्नको पैंठारो गुप्त जिज्ञासु रहनुको प्रत्यक्ष प्रमाण । गोरेटो भानुको बस्ती गस्ती रह्यो । देवकोटाका त्यस्ती त्यस्ती बने । हामी भिनका क्रिमाशी/पक्षधर, क्रिमाली/ क्रिमाली ।

'हुलो नरक छन् छ भनेर जान्नु ?
यही शरीरै छ भनेर मान्नु ।'

प्रश्नोत्तर माला भित्रको अनेक भित्रको एक यो स्वाद । स्वाद खाँदै मात्र रहन्न । स्वाद एक चखाई

चुरोटका लागि पैसा नभएपछि भिँडीतिर लाग्नुभएको हो र त्यतिबेला इङ्गलिश खानकै समस्या थियो । औषधि उपचारबेगर त्यतिबेलै बहाँले छोरोसमेत गुमाउनुपरेको थियो । बहाँ भिँडी चुरोटबाहेक अरू केही माग्नुहुन्नथ्यो, त्यो पनि ज्यादै तलतल लागेको बेला मात्रै ।

'कहिल्ले बेलुं छैन, काहुनु छैन । दाढी/जुंगा र कपाल जिप्रिइन । यह पनि लामा छन् । यो त भएन गुरु ! जाऊँ आज गहगाजी गुहाउन, कपाल पनि काट्नुपर्यो' भनेपछि 'सौ त सौ जाऊँ' भनेर हिँड्नुहुन्थ्यो । घाटमा गएर दाढी, कपाल काटेर नुहाइ धुवाइ गरिन्थ्यो । बहाँलाई पैसा तिर्नसित पनि चासो थिएन । सबै व्यवस्था संगी साथीहरूले मिलाउँथे । महाकविको अवस्था त पूरै स्थितप्रज्ञकोजस्तै थियो । डेरामा केही छ कि छैन, बल्यैले भान्सा कस्सरी चलाएकी छन्, भरे दाल, रोटी पाक्छ कि पाक्तैन ? इत्यादिको पीर त मनमा अवश्य हुँदो हो, तर प्रकट गर्नुहुन्नथ्यो । त्यो अवस्था बुझेकाहरूले सबैतो सहयोग गर्थे, तर त्यहाँ धेरैजसो लिनजाने नै हुन्थे, दिने होइन ।

एउटा जान्छ र गुरु ! मलाई यस्तो कविता चाहियो भन्छ, अर्को जान्छ त्यसै भन्छ । त्यस्ताको कमी थिएन, तर उनको मर्म बुझ्ने कमै हुन्थे । जो गएर जस्तो भन्छ त्यस्तै सेखेर तुरुन्तै दिइहाल्नुहुन्थ्यो अथवा तत्काल फुरुंद नभए भोलि आउनोस् भन्नुहुन्थ्यो । लेख्नेलेखामा चुरोट या भिँडी चाहिने हुनाले भिँडी स्याउनुभाछ ? भन्नाबाहिँ चुक्नुहुन्थ्यो । एकपटक सत्याएपछि मने निभेको भट्टी बाहा नपाउने हुनाले रित्तै तानिरहनुहुन्थ्यो । हातले भेट्टाउने ठाउँमा सलाई नहुनाले पनि त्यस्तो हुन्थ्यो । खुराक छैन भाँचे होइन, त्यो सुख्खा पनि नपुग्ने अवस्थामा वास्तवमा बहाँलाई चुरोटले नै खाएको हो ।

अपिपछि कविजी नेपाली ब्राह्मेसका पर्चा पम्प्लेट वक्तव्य र औंशिला गीतसमेत लेख्नुहुन्थ्यो । त्यसबाहेक बहाँकै सम्पादकत्वमा निस्कने 'युगवाणी' का लागि लेख्नुहुन्थ्यो । क्रान्तिकारीहरूका लागि बहाँले लेखेको क्रान्तिकारीको एक अंश नमूनाको लागि प्रस्तुत छ -

अघि बढ्दै जा हे वीर नेपाली सन्तान ।
साने क्रति हामीले यो घोर अपमान/घोर अपमान ॥

गीतको अरू अंश औंशिले सम्झना भएन । साथ सामका क्रान्तिकारीहरूले यस्तै जोशिला गीत गाउँथे ।

संस्मरण-२

भानुजयन्तीको दिन । बनारस महगलागीरीको नेपाली धर्मशालाको ठूलो हल । देवकोटा आउने सुनेर अरू आमन्त्रित भन्दा पनि विद्यार्थी खचाखच थिए । देवकोटाजीलाई सभापति चुनियो । आफूलाई सभापति चुनेकमा धन्यवाद दिन भनेर बहाँ बोल्न थाल्नुभयो । बहाँको भाषण भनौं या प्रवचनको नेपाली साहित्य-विश्वसाहित्य सबै दिइयोस्दै राणाकाल, प्रजापरिषद्को जन्म, ९६ सालको शहीदकाण्ड र त्यसपछिको राजनीतिक घटनाक्रम इत्यादि व्याख्या गर्दागर्दै झमक्क साँझ पारिदिनुभयो । त्यति हुँदा पनि बोल्न छोड्ने सुरमा नदेखिएपछि एकजनाले बीचमा के लेखेर दिए कुन्नि ! कविजीले पढ्नुभयो र भन्नुभन्न भएजस्तोगरी 'ए साँझ पऱ्यो, सोत म सभा विसर्जन गर्छु' भनिदिनुभयो । श्रोताहरू भने बहाँको वक्तव्य सुनेर अघाएका थिएनन्, मन्त्रमुग्धजस्ता भएका थिए ।

बोल्न मन हुनेले पनि बोल्न पाएनन् । म सभापति हुँ, अरूलाई पनि बोल्न दिनुपर्छ भन्ने नै बहाँले बिसंनुभयो । बोल्न पाए पनि त्यस्तै, लेख्न साए पनि त्यस्तै अर्काले बीचमा व्यवधान नपारेसम्म नरोकिने त्यस्तो अचम्मको स्वभाव थियो । लक्ष्मीप्रसाद देवकोटा नामको त्यस स्थितप्रज्ञ महामुनीलाई सम्झनाका यिनै शब्दसुमन चढाएर श्रद्धाञ्जली अर्पण गर्दछु ।

- चिलाउनेघास-७ स्याङ्जा

एउटा अविस्मरणीय संस्मरण

✍ डा. तारानाथ शर्मा

२००९ सालमा म दसौं श्रेणीमा पढ्दै थिएं, नेपालका विभूतिं दार्जिलिङ आए भन्ने खबर पाएं। कतां बर्सन छन् त भनी खबर गर्न मान्छेलाई सोध्दा धीरधाम मन्दिरको दामोदर सदनमा बसेका छन् भन्ने थाहा पाएं। अलि फर्सैको नभए पनि महाकविको दर्शन गर्ने उत्कट इच्छा प्रकट भयो। मैले उनको कुन मन्दिरमा जान्छौ वाजी कुन मन्दिरमा जाने हो, कुन साम्रो पूजा गर्ने साध कसरी लाने हो भन्ने कविता पढेको थिएं र यस्ता महान् काव्यस्रष्टाको दर्शन गर्नु ठूलो सौभाग्य ठान्दै म पढ्दै गरेको बसांढबाट बिहानै रेल चढेर दार्जिलिङ स्टेशनमा पुगें।

स्टेशनै मन्दिर झैंझामा धीरधाम मन्दिर छ। दगुर्दै म त्यहां पुगें। र, यसो तलतिर हेरेको दामोदर सदनले पनि मलाई नै पछिरोजस्तो लाग्यो। म त्यतै लागें। अगनमा पुगें, यताउति हेरें, केही चालचुल थिएन। यसो माथिल्लो तलातिर दृष्टिपात गर्दा कोही बसेको छ कि जस्तो आभास भयो। म भन्याङको छेउतिर लागें। ठूलो ठूलो स्वरमा विरोध प्रकट गर्दै एकजना मान्छे भन्याङबाट तल ओर्लिए। खाम्म गुम्म परेका ती व्यक्ति अरू कोही नभई भीम बुढा थिए। यी बुढा दार्जिलिङमरि बिख्यात थिए। अर्थात् रिक्सा र गाडीका अवतारी थिए।

दार्जिलिङ सरकारी विद्यालयका प्रधानाध्यापक यी बुढालाई उनको व्यवहार र बोलीले गर्दा सबै विद्यार्थीहरू भीम बुढा भन्थे। मैले भीम बुढा अर्थात् सुर्यविक्रम श्रेष्ठलाई नमस्कार गरें। र सोधें-'महाकवि माथि हुनुहुन्छ, होइन ? म एकपटक उहांको दर्शन गर्न चाहन्छु।'

'महाकविलाई त्यसै जोडेले पायो तैले भेटन चाहन्छ ? अब हामी छिन्चेल पोखरीतिर जांदैछौं।'

'म उहां बाहिर निस्केको बेलामा दर्शन गर्न मात्र चाहन्छु। कुनै विशेष समय चाहन्न। के मैले मेरा देवताको दर्शन गर्न पनि नपाउनु ?' मैले नम्रतासाथ निवेदन गरें।

'कुनै सर्तमा, कुनै अवस्थामा पनि हुंदैन।'

म आंखाभरी आंसु लिएर उभिइरहेकै बेला आकाशवाणी भयो -'कसले मलाई खोजेको ?'

दन्तमञ्जनले दांत माझ्दै एकहातमा एक लोटा पानी र अर्को हातमा तौलिया लिएका महाकवि हठात् तल ओर्लनुभयो।

'सिन्चेल पोखरी जान हतार भइसक्यो, जीप पर्खिरहेको छ, सब तयार भइसके। तपाईंचाहिं अझै दांत माझ्दै हुनुहुन्छ ? छिटो गर्नुस्, छिटो गर्नुस्।' आवाज आउंदै थियो।

मैले निवेदन गरें-'मैले कविजीको दर्शन गर्न खोजेको। म बाधा दिन चाहन्न।'

'बाबु ! तिमी यहांको त होइन, नेपालको कुन ठाउंबाट आएकी बाबु ?'

'म इलामबाट आएकी।'

'यहां यसरी गफ गर्ने धाल्नुभयो भने तपाईं छुटनुहुन्छ। छिटो गर्नुस् कविजी। यस्ता केटाकेटीहरूसंग गफ गरेर पनि समय बिताउन तपाईलाई सुहाउंछ ?' भीम बुढा गर्जे।

'अकस्मात् महाकविको स्नेहशील सौम्य मुद्राकृति शिवले ताण्डव नृत्य गर्ने सेलाफोजस्तो उज्यालो र आकर्षक देखियो। 'तपाईहरूलाई हतार भए जानुस्। सिन्चेलैमात्र होइन, कञ्चनजङ्घा नै शिवको दर्शन गर्न जाने भए पनि जानुस्, म भोलिको नेपालसंग मेरा विचारहरू साटासाट गर्न चाहन्छु। भोलिको हाम्री आशालाई पटक्क त्यागेर म बुढाहरूसंग राम रमिता मच्याउन चाहन्न।'

भीम बुढा फटफटाउंदै माथि लागे। देवतातुल्य मेरा प्रेरणा देवकोटाले मेरो छेउमा आएर भन्नुभयो-'बाबुको कोटको खल्तीमा कापी पनि देख्नु नि ! के तपाईं पनि कविता लेख्नुहुन्छ ?'

'लेख्न सिक्छु, लेख्छु।'

'बाबु ! के पढ्दै हुनुहुन्छ ?'

'म आठले दशम श्रेणीमा छु।'

'विज्ञान पढ्नु होला। इन्जिनियर बन्नुपर्छ। नेपालमा धेरै नदीहरू छन्, खोलानालाहरू छन्, तिनमा पुल बांध्नुपर्छ। हाम्रा जिल्ला जिल्लामा मोटर बाटा बनाउनुपर्छ। पाठशालाहरू र महाविद्यालयहरू बनाउनुपर्छ। हामीले अस्पतालहरू बनाउनुपर्छ। तपाईंजस्तो होनहार युवकले इन्जिनियरिङ पढेर देशलाई प्रगतिको मार्गमा लैजानुपर्छ भने हामीले त मरे पनि भयो। हेर्नुस् न, म कविता लेखेर मिठामिठै वेदनाको आगोमा जलिरहेको छु। मैले देशको लागि केही गर्न सकिनं। तपाईंले गर्नुपर्छ। होइ बाबु, तपाईंको कापी ल्याउनुस् त ! के लेख्नुभएको रहेछ हेरौं।'

मैले झोली कापी लगेको थिएं। भीमा परेख भने महाकविका आशीर्वाद स्वरूप दुई शब्द लेखिमागे मेरो महत्वाकांक्षा थियो।

'कविता लेख्छु भनेको होइन ? बाबु ! कविता गलेकू। मजस्तै ज्वालामा जलिने छ। ठूलो पीडामा छट्पटाइनेछ।'

अनि उहांले मेरो कलम मागेर त्यस कापीमा आफ्नै हस्ताक्षरमा लेख्नुभयो-

'कविता सविता मेरी सविता सविता' भनें,

त्यसैको प्रेममा जल्दै आगो आंसु दुवै बनें।'

त्यसपछि उहांले लक्ष्मीप्रसाद देवकोटा, १२ अगस्त १९५२ लेख्नुभयो। र, मलाई सो कापी फर्काइदिनुभयो।

म अति प्रसन्न भएं। उहांले भन्नुभयो-'ल बाबु, इन्जिनियर बन्नुपर्छ है !'

'म त गजाले पनि कविता लेख्छु।' मैले भनें।

उहांले मेरा शिरमा हात राखेर आशीर्वाद दिनुभयो।

उहांका मुखभरी दन्तमञ्जन छुंदै थियो। हातमा ब्रस छुंदै थियो। लोटा मैले हातमा लिइदिएको थिएं। माथिबाट ज्वाली कुर्लिरहेका थिए। हे.....हे.....जाउं है बाबु ! भनेर देवकोटा लम्कन लाग्दा मैले उहांलाई मुख कुल्ला गर्न बोलाएं। लोटाको पानी उहांलाई हालिदिएं। उहांले कुल्ला गर्नुभयो। तौलियाले मुख पुछ्नुभयो। उहां माथिल्लो तलातिर लाग्दा मेरा आफ्नै पिता कुनै झामसा बिदा भएर छुट्टिन लागेजस्तो अनुभूतिले म आंसु आंसु भएं।

(व्यास-लेखक, गणेश-सम्पादक)